CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वेदान्त विश्वकोश

बासु रिमाल 'यात्री'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



त्वं वैष्णवी शक्तिरनन्तवीर्या
विश्वस्य बीजं परमासि माया ।
सम्मोहितं देवि समस्तमेतत्
त्वं वै प्रसन्ना भुवि मुक्तिहेतुः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोष - २४६

ॐ

वेदान्त विश्वकोश-२

(व्यञ्जन वर्ण क-च वर्ग)

बासु रिमाल 'यात्री'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक : श्रीमती शारदा रिमाल (संयोजक)
विश्वकोश प्रकाशन
जाउलाखेल, ललितपुर
फोन नं. : ५५२१८०२, ५५२६४४०

प्रकाशन मिति : २०६४ दशै/तिहार शुभकामना सहित

प्रकाशित संख्या : ५०० प्रति

प्रकाशन अधिकार : लेखकमा सुरक्षित

मूल्य : रु. ४००।-

आवरण चित्र : आनन्दराज शाक्य

कम्प्युटर टाइप : रामहरि कार्की
बागडोल, ललितपुर
फोन : ९८५१०८७९६६

Acc. 28284

मुद्रक : त्रिवेणी छापाखाना
बागडोल, ललितपुर
फोन नं. ५५२०४६२

Encyclopedia of Vedanta-2
by Basu Rimal 'Yatree'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोप-२४०

पुस्तक-समर्पण

शुभ-विवाहको केही वर्षमै पुत्र हरिप्रसाद र
पत्नी पूर्णकुमारीलाई छाडेर अनन्तको यात्रामा
जानु भएका पितामह दयासागर रिमाल, विवाह पूर्वमै
पूर्ण होसमा, ॐकारको उच्चारणका साथ सबैसँग
बिदा हुनु भएका भ्राता मुकुन्दनाथ
अनि दीर्घकालसम्म सत्संग पछि चार बीस नपुग्दै
अनन्त-यात्री हुनु भएका जेष्ठ भ्राता मदनप्रसाद र
जेठी भाउजू सुशीलामा समर्पित !

–लेखक यात्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

विषय	पृष्ठ
भूमिका फेरि पनि -प्रा.शिवगोपाल रिसाल	क/१-२३
वेदान्त विश्वकोश-२ (वेदान्तको पुनर्जागरण समेत) -लेखक स्वयं	क/२४-४४

प्रवृष्टि

क- कचदेखि क्षेत्रपालसम्म	१-१७८
ख- खपुष्पदेखि ख्यातिसम्म	१७९-१८९
ग- गङ्गादेखि ग्राह्यदृष्टिसम्म	१८९-२९८
घ- घटाकाशदेखि घोषासम्म	२९९-३०१
च- चतुर्मासदेखि च्यवनसम्म	३०२-३५९
छ- छाया चैतन्यदेखि छान्दोग्य उपनिषद्सम्म	३६०-३६६
ज- जगत्देखि ज्योतिर्लिङ्गसम्म	३६७-४४२
झ- झ र झुँसी	४४२

प्रकाशनका सहयोगीहरू	अ/१-७
परिशिष्ट	अ/८-१३
संकेत चिन्ह	अ/१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भूमिका–फेरि पनि

–प्रा.शिवगोपाल रिसाल

वेदान्त ब्रह्मविद्या हो, आत्मविद्या हो, आध्यात्मविद्या हो, मधुविद्या हो, दहरविद्या हो, श्रेयविद्या हो, भार्गवी विद्या हो, वारुणी विद्या हो । पढ्ने मात्र, भन्ने मात्र नभएर यो त बुझेर हुने विद्या हो । त्यसैले वेदान्त ज्ञान मात्र नभएर विज्ञान हो– विशेष ज्ञान अर्थात् अनुभवजन्य ज्ञान । वेदान्त पढेपछि ज्ञानी हुनुपर्छ, नभए वेदान्त सफल भएन । ज्ञानी नै बन्न नसके पनि तीव्र मुमुक्षु त हुनैपर्छ- वेदान्त पढ्ने, वेदान्त सुन्ने, वेदान्त लेख्ने मान्छे । यो हो ब्रह्मविद्या (वेदान्त)को मर्यादा, सम्मान र यसभित्रको पारमार्थिक अनुशासन । 'अर्काको लागि वेदान्त आफ्नो लागि मरणान्त' भयो भने न त वेदान्त पढेको काम लाग्यो, न त वेदान्त पढाएको वा वेदान्तका लेख, पुस्तक आदि लेखेको । यसर्थ वेदान्त जीवनपरक, व्यवहारपरक हुनुपर्छ- सिद्धान्तपरक, दर्शनपरक मात्र भएर हुँदैन । वेदान्तको उद्देश्य शास्त्रार्थ गर्नु, तर्क गर्नु, विद्वता देखाउनु मात्र कदापि होइन । व्यवहारबाट, जीवन बाँच्ने शैलीबाट, क्रियाकलापबाट यी सज्जन वेदान्ती हुन्, मुमुक्षु हुन्, ज्ञानी हुन्, मुक्तात्मा हुन् भन्ने थाहा पाइयोस् । फेरि अर्कालाई देखाउनका लागि वेदान्त पढ्ने, वेदान्ती बन्ने पनि त होइन नि । आफू बन्नु पर्‍यो । आफू बने देश बन्दछ, विश्व बन्दछ । दुःखको सर्वथा अभाव र अखण्ड आनन्दको नित्य अनुभूति नै वेदान्तको लक्ष्य हो । वेदान्त न त मागी खाने भाँडो हो, न त पैसा कमाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पेशा नै । वेदान्तमा जीवनलाई उत्सर्ग गर्न सक्नुपर्छ । वेदान्त नै जीवन बनोस् अनि जीवन नै वेदान्त बनोस् । वेदान्त रौँचिरा दर्शन मात्र होइन, यो त मानव जीवन बाँच्ने यौटा असाधारण एवं पवित्र पद्धति हो ।

ब्रह्मसत्यं जगन्मिथ्या, जीवो ब्रह्मैव नापर ।

(ब्रह्म सत्य हो । जगत् मिथ्या हो । जीव नै ब्रह्म हो- यसदेखि भिन्न केही छैन, यसदेखि पर अरू केही, कोही छैन ।)

सर्वं खल्विदं ब्रह्म नेह नानास्ति किञ्चन ।

(यो सम्पूर्ण ब्रह्म हो, निश्चय नै सारा ब्रह्म मात्र हो । यसदेखि भिन्न यी नाना केही पनि होइनन्, छैनन् ।)

यही हो वेदान्तको निचोड सिद्धान्त, मार्मिक दर्शन । यसरी स्थूल, सूक्ष्म र कारण शरीरदेखि भिन्न, जाग्रत्, स्वप्न र सुषुप्तिदेखि पर, अन्नमयादि पाँच कोशदेखि पारि, त्रिपुटीदेखि भिन्न, जन्म-मृत्युभन्दा पृथक् अखण्ड परिपूर्ण, शुद्ध सच्चिदानन्दस्वरूप ब्रह्म नै आफू हो भनी अद्वैतात्मज्ञान गरी जीवन्मुक्तिको सुखानुभूति गर्नु नै मानव जीवनको परम पुरुषार्थ हो । वेदान्तले चित् र जडको गाँठो फुकाउन सिकाइदिन्छ र जीव र ब्रह्मको ऐक्यज्ञान गरी मुक्त बन, सदासर्वदा आनन्दी बन, तीनै प्रकारका तापबाट नछोइने होऊ भन्दछ । आफू अज्ञानी थिएन तर अज्ञानले, भूलले, अविद्याले मानेको, ठानेको प्रमाता, कर्ता, भोक्ता, विज्ञाता भाव छोडेर आफूलाई शुद्ध, निर्विकार, ब्रह्म स्वीकार गर्नु नै वेदान्तको मर्यादा हो, उपदेश र सन्देश हो ।

वेदान्तको मुख्य प्रतिपाद्य विषय हो– जीवले कल्पना गरेको अविद्या, अज्ञान, माया, भ्रम आदिलाई हटाएर अद्वैतात्मज्ञानद्वारा ब्रह्मानुभव गराएर स्वतः सिद्ध मोक्षस्थितिमा पुर्‍याउनु । संक्षेपमा भन्नुपर्दा जीवलाई ब्रह्म बनाउनु । जीव वास्तवमा ब्रह्म नै थियो । अनादि कालदेखि आफू ब्रह्म हुँदाहुँदै पनि आफ्नो (ब्राह्मी स्थितिलाई बिर्सेर जीवभावमा आएर नाना भाँतीका दुःख, यातना भोगिरहेको कल्पित जीव(चिदाभास)लाई श्रुतिमाताका आधारमा आफ्नो वास्तविक, पारमार्थिक स्वरूप सम्झाएर ब्रह्मलाई ब्रह्म बनाउनु नै वेदान्तको सार सर्वस्व हो । यसर्थ कल्पित अब्रह्मभाव, जीवभाव, सुखीदुःखीभाव, जन्मने-मर्नेभावलाई पूर्णतया हटाएर, पन्छाएर वास्तविक, पारमार्थिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मभावमा संस्थापित गर्नका लागि वेदादि, उपनिषदादि, पुराणादि हाम्रा मोक्षपरक शास्त्रहरूले विविध प्रकारका मार्गहरू अबलम्बन गरेका छन् । ती मध्ये अत्यन्त प्रसिद्ध तीन प्रस्थान छन् । ती हुन्–

१.श्रुतिप्रस्थान– उपनिषद्

२.स्मृतिप्रस्थान– श्रीमद्भगवद्गीता

३.न्यायप्रस्थान– ब्रह्मसूत्र

यी तीन मार्ग भिन्नझैं देखिए तापनि यी सबैको गन्तव्य एकै हो– ब्रह्मप्राप्ति, प्रतिपाद्य विषय एकै हो– अद्वैतात्मबोध ।

यी मोक्षपरक शास्त्र हुन् । यिनको पद्धति, विधि र शैली, भाषा भिन्न भए तापनि यी सबै शब्द हुन्, यिनले अनादिकालदेखि पछि लागेकी मायालाई पूर्णता नष्ट गराएर ज्ञानमा, ब्रह्मज्ञानमा, अपरोक्ष ब्रह्मसाक्षात्कारमा सम्यक् रूपेण स्थित गराउँछन् । अतः शब्दब्रह्मका विषयमा अलिकति, कल्पित र अपारमार्थिक, मिथ्या, कल्पित मायाका विषयमा अलिकति र स्वरूपज्ञान, पारमार्थिकज्ञान, अद्वैतात्मज्ञान विषयमा अलिकति प्रकाश पार्नु प्रस्तुत प्रसंगमा समीचीन देखिएकाले र **वेदान्त विश्वकोश**जस्तो महान् ग्रन्थको अग्र भागमा यसको उपस्थितिले ग्रन्थको शोभा बढ्छ नै भन्ने धारणाले उपर्युक्त तीन विषयमा संक्षेपमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

मनुष्यले परमात्माका कृपाले पाएको ठूलो वरदान हो शब्द । वेद शब्द हो, सम्पूर्ण शास्त्र शब्द नै हुन् र चारओटा प्रसिद्ध महावाक्य पनि शब्द नै हुन् । सम्पूर्ण वाङ्मय जगत् शब्दै-शब्द मात्र हुन्– सार्थक शब्द, ब्रह्ममय शब्द ।

शब्दको यथार्थ मर्म बुझ्न नदिने माया हो । मायाले ढाकिएको जीव, चिदाभासले शब्दले देखाएको, लखाएको, औंल्याएको ब्रह्म, आत्मालाई बुझ्न सक्तैन र जन्म-मृत्युको चक्करमा परिरहेको छ । अतः माया बुझ्नु पऱ्यो, छोड्नका लागि ।

शब्द र मायाको, जीव र ब्रह्मको स्वरूप बुझिन्छ ज्ञानद्वारा । ज्ञानबिना मानव जीवन निरर्थक हुने हुनाले ज्ञान के हो, कसरी गर्ने विषयमा यथार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोध हुनु नितान्त आवश्यक छ । त्यसैले यहाँ यिनैका विषयमा संक्षिप्त प्रकाश पारिन्छ ।

शब्द

शब्द ब्रह्म हो । वाक् ब्रह्मको चतुर्थ पाद हो–

'वागेव ब्रह्मणश्चतुर्थः पादः'

(छन्दोग्योपनिषद् ३।१८।३)

वाणीद्वारा नै मनले वक्तव्य विषयलाई प्रकाशित गर्ने हुनाले मन पनि ब्रह्म नै हो । त्यसैले अगाडि भनिएको छ–

मनो ब्रह्मेत्युपासीतेत्सह्यात्म....

(छान्दोग्योपनिषद् ३।१८।१

(मन नै ब्रह्म हो । यसरी उपासना गर्नुपर्छ । यो अध्यात्मदृष्टि हो) । अक्षर ब्रह्म हो । ॐ(प्रणव)ब्रह्मकै वाचक हो । तर ब्रह्म शब्दद्वारा लेखाइने, देखाइने वस्तु विशेष नभएकाले यो त शब्दातीत हो । पदार्थ हुनलाई जाति, द्रव्य, गुण र क्रिया चाहिन्छ । तर ब्रह्ममा जाति छैन, द्रव्यत्व छैन, गुण छैन र क्रिया त झन् छैन । अतः ब्रह्मलाई कुनै शब्दले निर्देश गर्न नसकिने हुनाले अनिर्देश्य भनेको छ । निर्गुण ब्रह्मलाई कसरी ? कुन साधन वा उपकरणले निर्देश गर्ने ? अभिव्यक्त गर्ने ? त्यसैकारण शब्दात्मक श्रुतिले शब्दातीत ब्रह्मलाई औंल्याउन सक्तैन । ब्रह्म असंग छ, कुनै पनि धर्मदेखि रहित छ, कुनै शब्दद्वारा निर्देश गर्न नसकिने छ ।

सत्यंज्ञानमनन्तं ब्रह्म ।

(ब्रह्म सत्, चित्, आनन्द र अनन्तस्वरूप छ ।) यस्तो छ, यस्तो छैन भनेर पनि शब्दकै माध्यमले भन्नुपर्ने हुनाले यो नै गजव छ, आश्चर्य छ ! हामीलाई चाहिएको हो– वस्तु, तत्त्व, ब्रह्म, स्वरूप । तर ब्रह्म वाचक अक्षर, शब्द, ध्वनि आदिदेखि पर छ । जहाँ पुगेर यी सारा समाप्त हुन्छन् विश्रान्ति लिन्छन्, उपसम हुन्छन्, फर्कन्छन्, चूप लाग्छन् अनि मात्र ब्रह्म स्वतःप्रकाशित हुन्छ । यति हुंदाहुंदै पनि शब्दले नै, अक्षरले नै अखण्ड ब्रह्मात्मिका बुद्धिले नै ब्रह्मवस्तुलाई लखाइदिने, देखाइदिने, औंल्याइदिने भएकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाङ्मय जगत्मा अक्षर, शब्द आदिको महान् महिमा छ । ब्रह्मको बोध भएपछि भने ब्रह्मवाचक शब्द पनि किन चाहियो र ?

पानीको असाध्य तिर्खा लागेको छ भने 'पानी' भनेर हुन्छ वा 'वाटर', 'ल', वा 'डा', 'आप', 'जल' आदि जुन भाषाको जुन शब्द प्रयोग गरेर भए पनि अथवा सान गरेर हुन्छ वा धारो देखाएर अथवा पानीको गाग्रो वा पानीको ट्याङ्की देखाएर अथवा अभिनय गरेर– जसरी हुन्छ पानीको माग गर्नुपऱ्यो । पानी पाएपछि तिर्खा मर्ने गरी खाएपछि पानी सम्बन्धी कुनै शब्द, भाषा, अभिव्यक्तिको आवश्यकता पटक्कै पर्दैन । ठीक त्यस्तै हामीलाई ब्रह्मको यथार्थ बोध चाहिएको छ, शब्दको बोध होइन । ब्रह्मको अनुभव चाहिएको छ– ब्रह्मविषयक प्रवचन होइन ।

'अ' ब्रह्म 'उ' ब्रह्म, 'म' ब्रह्म ' ँ '(अर्धमात्रा) ब्रह्म, 'कं' ब्रह्म, 'खं'ब्रह्म । यसरी विश्लेषण गर्दै जाँदा सारा अक्षर, शब्द, भाषा, मन, प्राण साराका सारा ब्रह्मभित्रै पर्दछन् ।

अक्षराणामकारोऽस्मि... *(गीता १०।३३)*
(अक्षरहरूमा म अकार हुँ ।)
'ओमित्येकाक्षरं ब्रह्म ...' *(गीता ८।१३)*
(ओम (ॐ) यो एकाक्षर ब्रह्म हो)

'सोहं', 'हंस' आदि पनि अक्षरात्मक ब्रह्मलाई नै लखाउने मन्त्र हुन् । श्रीमद्भागवत महापुराणलाई श्रीकृष्णको वाङ्मय मूर्ति भनिएको छ । त्यस्तै वेदलाई वेदपुरुष भगवान्कै स्वरूप माने हाम्रा आचार्यहरूले ।

परमात्मालाई वर्ण(स्वर वर्ण वा व्यञ्जन वर्ण)आदिले वर्णन गर्न नसकिने हुनाले अवर्ण भनिएको छ । फेरि अवर्णको अर्थ ब्राह्मणादि वर्ण रहित पनि हो भनिएको छ–*(श्वेताश्वतरोपनिषद् ४।१)*

प्रणवो धनुः शरोह्यात्मा ब्रह्म तल्लक्ष्यमुच्यते ।
अप्रमत्तेन वेद्धव्यं शरवत्तन्मयो भवेत् ॥
(मुण्डकोपनिषद् २।२।४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(परमेश्वर-वाचक ॐकार (प्रणव)नै धनु हो, यो जीवात्मा नै वाण हो, र परब्रह्म परमात्मा परमेश्वर नै उसको लक्ष्य हो । त्यस ॐकाररूप ब्रह्मको उपासना गर्ने साधक प्रमादरहित भएर लागिपऱ्यो भने त्यो ब्रह्मरूप लक्ष्य भेदन गर्न समर्थ हुन्छ ।

*माण्डूक्योपनिषद्*का सम्पूर्ण मन्त्रहरूले प्रत्यक्ष वा परोक्षरूपमा ॐकाररूप ब्रह्मकै प्रतिपादन गरेका छन् ।

श्रोत्रिय ब्रह्मनिष्ठ गुरुदेवद्वारा उपदिष्ट महावाक्यादि शब्दले पनि उही ब्रह्मात्मैक्य ज्ञानलाई देखाउने हो र वेदादि शास्त्रका शब्दादिले पनि त्यही ब्रह्मलाई नै देखाउँछन् भने मानव जगत्मा शब्दादिको, अक्षरादिको महान् महिमा छ । त्यसैले अक्षर, शब्द, शब्दार्थ र शब्दकोशको, **वेदान्त विश्वकोश**को समेत आफ्ना ठाउँमा ठूलो भूमिका छ ।

माया

'या' 'मा' = जो छैन, त्यही माया हो । ईश्वर मायाविशिष्ट हो भने ब्रह्म मायाविनिर्मुक्त हो । ईश्वर पनि मायाको अधीनमा छैन, परन्तु मायालाई साथमा लिएर सृष्टि, पालन, संहार गर्ने हुनाले ईश्वरसँग माया छ भनिन्छ । तर ब्रह्म त अखण्ड, पूर्ण, निर्विकार, एकरस भएकाले त्यहाँ मायाको गुञ्जायस नै छैन ।

माया कल्पित सत्ता हो । नभएको वस्तुमा भएको प्रतीति नै मायाको कार्य हो । पुराणहरूमा मायाका विषयमा थुप्रै कथा पाइन्छन्– कहिले विष्णुलाई मायाले मोहित पार्छे भने कहिले भगवान् शंकरलाई । नारदले माया हेर्न खोज्दा वानरको अनुहारको बन्नुपरेको र नाना भाँतीका दुःख, यातना भोग्नुपरेका घटना पुराणहरूमा पाइन्छन् । वास्तवमा यो सारा सृष्टि प्रपञ्च मायाकै कार्य हो । वस्तुतः यसमा अलिकति पनि सत्यता छैन ।

मायाको धेरै नाम छन्, रूप छन्, लीला छन्, नाटक छन् । माया नै अज्ञान हो, अविद्या हो, अध्यास हो, भ्रम वा भ्रमज्ञान हो । माया देखिन्न तर मायाको परिणाम देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माया किंवा अज्ञान अनादि हो तर ज्ञानद्वारा शान्त हुने हुनाले अनन्तचाहिँ होइन । माया अभावरूप भए तापनि भावको प्रतीति भएको छ । मायाको परिणामले भएकै जस्तो मानिन्छ । त्यसैले यो मिथ्या हो । कारण यो नित्य, शाश्वत, अविनाशी, सत्य होइन; ज्ञानद्वारा, ब्रह्मविद्याद्वारा नष्ट हुन्छ । सूर्यको प्रकाश आउँदासाथ अन्धकार नष्ट भएझैं ज्ञान हुँदासाथ माया समाप्त हुन्छ । अभावरूप भए पनि भावजस्तो देखिने हुनाले मायालाई भावरूप, अभावरूप, उभयरूप केही भन्न नमिल्ने हुनाले वेदान्त दर्शनमा यसलाई अनिर्वचनीय भनिएको छ ।

मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् ।
तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत् ॥

(श्वेताश्वतरोपनिषद् ४।१०)

(प्रकृतिलाई माया भनेर जान्नुपर्छ, महेश्वरलाई मायावी । यिनको अवयवभूत कार्य-कारणसंघातद्वारा नै यो सम्पूर्ण जगत् व्याप्त छ ।)

सृष्टिका प्रसंगमा मायाको कुरा आउँछ, ल्याउनु पनि पर्छ । ब्रह्मका, ज्ञानका, मोक्षका प्रसंगमा मायाको नाम-निसाना नै छैन । जबसम्म माया छ, तबसम्म ज्ञानको सम्भावना नै छैन । माया त ब्रह्म र जीवको बीचको आवरण हो, पर्दा हो, ढकनी हो, उपाधि हो, मिथ्या आरोपित भ्रमज्ञान हो । नभएको मायालाई नभएकै हो भनी स्पष्टसँग बुझे जीव नै ब्रह्म हुन्छ । जीवलाई ब्रह्म हुन नदिने नै माया हो । यसैको नाम अज्ञान हो, मिथ्याज्ञान पनि हो । यसैलाई अध्यास पनि भन्दछन् । सम्पूर्ण वेदान्त विद्याको प्रतिपाद्य विषय हो– नभएको मायालाई हटाउनु र भएको ब्रह्मवस्तुलाई आफू हो भनी स्वीकार गराउनु ।

ब्रह्म मात्र सत्तावान् हो । ब्रह्मसत्तादेखि भिन्न अरू कसैको, कुनै सत्ता छँदैछैन । त्यसकारण भनिएको हो– **नास्तिमाया च वस्तुतः**

योगिनामात्मनिष्ठानां माया स्वात्मनि कल्पिता ।
साक्षिरूपतया भाति ब्रह्मज्ञानेन वाधिता ॥

(पाशुपतब्रह्मोपनिषद् ४४-४५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(योगीहरूले आत्मनिष्ठामा अड्नका लागि, दृढ हुनका लागि अध्यारोप गरेर आफ्नै आत्मामा मायाको कल्पनासम्म गरेका हुन् । यो साक्षी स्वरूपमा साक्षीद्वारा नै प्रतिभात हुन्छ, भासित हुन्छ तर ब्रह्मज्ञान भएपछि भने माया वाधित हुन्छ– मायाको अध्यारोप गरेको अपवाद गर्नका लागि हो ।

मायाका दुई शक्ति छन्– १.विक्षेपशक्ति र २. आवरणशक्ति । चित्तको चाञ्चल्य विक्षेपशक्तिको परिणाम हो भने स्वरूपको बोध नहुनु आवरणशक्तिको परिणाम हो । यसमा विक्षेपको प्राधान्यलाई लिएर माया भनिन्छ भने आवरणशक्तिको प्रधानतालाई लिएर अविद्या भनिन्छ ।

मायामात्रमिदंद्वैतमद्वैतं परमार्थतः ।
इति ब्रूते श्रुतिः साक्षात्सुषुप्तावनुभूयते ॥

(आद्यजगद्गुरु शंकर-विवेकचूडामणि-४०६)

(यो सारा द्वैत प्रपंच माया मात्र हो, मायाको विलास हो । परमार्थमा अद्वैत ब्रह्म आफू मात्र छ । यो नै सारा श्रुतिको सिद्धान्त हो । यस कुराको साक्षात् अनुभव सुषुप्ति अवस्थामा हुन्छ ।)

ज्ञान

परोक्ष शास्त्रजं ज्ञानं विज्ञानं चात्मदर्शनम् ।

(आद्यजगद्गुरु शंकराचार्य- सदाचारानुसन्धानम्-४५)

(शास्त्रादि पढेर जानिएको ज्ञान परोक्ष ज्ञान हो भने आत्मसाक्षात्कारपूर्वक भएको ज्ञानचाहिँ अनुभवजन्य विज्ञान हो ।)

हामीलाई चाहिएको शास्त्रको ज्ञान होइन, आत्माको, ब्रह्मको ज्ञान हो । ब्रह्मज्ञानबाट मोक्ष पाइन्छ, शास्त्रबाट भएको ज्ञानले संसारी भोग पाइएला, त्यत्ति हो । ज्ञानको खास अर्थ हो जान्नु– आफूलाई, आफूले, आफूद्वारा, आफूभित्र आफूरूपमा छर्लङ्ग जान्नु- अपरोक्षरूपमा जान्नु । यसैलाई अनुभवात्मक ज्ञान भन्दछन् । अर्को शैलीमा भन्ने हो भने जीवात्मा र परमात्माको एकतापरक ज्ञान, ब्रह्मात्मैक्यबोध, आत्मसाक्षात्कार, ब्रह्मसाक्षात्कार, अपरायत्तबोध, तत्त्वबोध आदि अनेक शब्दद्वारा आत्मज्ञानलाई जनाएको, लखाएको, देखाएको पाइन्छ- हाम्रा उपनिषद्, **ब्रह्मसूत्र**, **गीता**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि मोक्षपरक शास्त्रहरूमा ।

अस्ति ब्रह्मेति चेद्वेद परोक्षज्ञानमेव तत् ।
अहं ब्रह्मेति चेद्वेद साक्षात्कार स उच्यते ॥

(वराहोपनिषद् २।४१)

('ब्रह्म छ' भनेर राम्ररी जान्नु ब्रह्मको परोक्ष ज्ञान भयो । 'म ब्रह्म हुँ' भनेर स्पष्ट बोध हुनुलाई साक्षात्कार भनिन्छ ।)

सामान्य ज्ञान त सबैलाई छ । तर त्यस्तो ज्ञानले अज्ञानलाई नाश गर्न सक्तैन । त्यसैले अज्ञान, अविद्या, भ्रमज्ञान आदिलाई नष्ट गर्नका लागि विशेषज्ञानको आवश्यकता पर्दछ । सामान्यज्ञान त अज्ञानको अविरोधी हो ।

ज्ञानमस्ति समस्तस्य जन्तोर्विषयगोचरे ।

(सप्तशतीचण्डी १।४७)

(मेधा ऋषि सुरथराजाका प्रश्नको उत्तरमा भन्नुहुन्छ– हे महाभाग ! विषयमार्गको ज्ञान त सम्पूर्ण जीवलाई भएको छ, त्यो त तिनमा धेरै,थोरै हुन्छ, हुन्छ ।) यस्तो ज्ञानले आत्मकल्याण हुँदैन ।

भगवान् विष्णुका हजार नाममध्ये ज्ञानसँग सम्बन्धित धेरै नाम छन् । तिनीहरूमा पनि न ज्ञानकै रूपमा आएको नाम छ–

सर्वज्ञो ज्ञानमुत्तमम् ।

(विष्णुसहस्रनामस्तोत्रम्-६१)

(जो सर्व छ, त्यही नै ज्ञाता पनि । सबै थोक जान्ने सर्वज्ञ । उही परमात्मा । सर्वोत्तम, नित्यसिद्ध, देश, काल, वस्तुको सीमादेखि परको, ज्ञानस्वरूप परमात्मा ।)

ज्ञान सबैको इष्ट हो, इप्सित हो । सबैलाई आवश्यक पनि हो । कारण के त भने ज्ञान त आफ्नै स्वरूप हो । त्यसैले मोक्षका लागि ज्ञानभन्दा अर्को बाटो नै छैन । त्यसैले श्रुतिको घोषणा छ–

ज्ञानेनैव हि संसारविनाशो नैव कर्मणा ।

(रुद्रहृदयोपनिषद्-३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(संसार वासनाको, भोग र भेदभावनाको समूल नष्ट गर्ने एक मात्र उपाय हो, साधन हो ज्ञान, कर्म होइन ।)

म शरीरादि, इन्द्रियादि, बुद्धिआदिको संघात कदापि होइन । म सूक्ष्म शरीर र कारण शरीर पनि होइन भन्ने पक्कापक्की निर्णय हुनु एकातिर र म त शुद्ध, बुद्ध, निर्विकार, अपरिणामी, नित्य, सच्चिदानन्द अद्वय ब्रह्मस्वरूप हुँ भनी ढुक्क हुनु नै वास्तवमा ज्ञान हो । मैले आफूलाई जीव भनेर मानेको त गलत रहेछ म त शिवस्वरूप रहेछु भनी बुझ्नु र हुनु नै ज्ञान हो । जीवात्मा र पारमात्मामा परमार्थिक भिन्नता र भेद पटक्कै रहेनछ भनी ब्रह्मात्मैक्य बोध हुनु नै वेदान्त दर्शनले लखाएको, देखाएको, बताएको ज्ञान हो । श्रुति, युक्ति र अनुभूतिले पनि यसैलाई ज्ञान भनेको छ र यस्तै ज्ञान भए मोक्षलाभ हुन्छ ।

मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः ।
बन्धाय विषयासक्तं मुक्तयै निर्विषयं स्मृतम् ॥

(शाट्यायनीयोपनिषद्-१)

(मनुष्यहरूको बन्धन र मोक्षको एक मात्र कारण हो मन । विषयमा आसक्ति भयो कि बन्धनमा परियो, विषयबाट अनासक्त भइयो भने मुक्त पदमा पुगियो ।)

यसरी वेदान्त-दर्शनले अत्यन्त स्पष्टसँग बन्धन र मोक्षको स्वरूप, उपाय र परिणाम बताएको छ । वेदान्तमा गर्नुको, क्रियाको महत्व छैन, बुझ्नुको र हुनुको महानता छ ।

चित्ते चलति संसारो निश्चलं मोक्ष उच्यते ।
तस्माच्चित्तं स्थिरीकुर्यात्प्रज्ञया परयाविधे ॥

(योगशिखोपनिषद्-५८)

(चित्त चल्यो कि संसारको पसारो ओइरियो । चित्त अचल भयो, त्यही हो मोक्ष भनेको । त्यसकारण बोधपूर्वक (हठपूर्वक होइन) चित्तलाई अचल बनाउनु नै हाम्रो पुरुषार्थ हो । चित्त राम्रै स्थिर भयो कि ज्ञान भयो अनि परमपद मोक्ष प्राप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मद्वारा चित्त शुद्ध हुन्छ तर ज्ञान हुँदैन । त्यसो भए कर्म-भक्ति गरे चित्तको मल र विक्षेप दोष जाने अनि विचारद्वारा, ज्ञानद्वारा चिन्त चैतन्य-रूप नै हुने भएकाले हाम्रा उपनिषद् जस्ता मोक्षपरक शास्त्रहरूले ज्ञानलाई नै ज्यादा जोड दिएका छन्– मोक्षका सन्दर्भमा । यही क्रममा भनिएको छ–

आत्मनः परमामुक्तिर्ज्ञानादेव न कर्मणा ।
ज्ञानं वेदान्तवाक्यानां महातात्पर्यनिर्णायात् ॥

(सूतसंहिता ३।३।२)

(आत्माको परममुक्ति त ज्ञानद्वारामात्र सम्भव छ, कर्मद्वारा होइन । ज्ञान भनेको वेदान्तमा बताइएको महावाक्यले तात्पर्य निर्णय गरिएको जीवात्मा र परमात्माको ऐक्यबोध नै हो ।)

यसरी शास्त्रको राम्ररी तात्पर्य निर्णय गर्ने हो भने शिव नै भूलले, अज्ञानले जीवभावमा झरेको हो । त्यो भ्रम हट्यो, भूल गयो, अज्ञान नष्ट भयो कि शिव नै शिव बनेर मुक्त हुन्छ ।

ज्ञान भनेको जान्नु हो । संसार त के, निखिल ब्रह्माण्डकै ज्ञान भए पनि न त दुःखको सर्वथा अभाव हुन्छ, न त अखण्डशान्ति र निरतिशय आनन्द नै । अतः यहाँ जान्नु भनेको आफूले आफूलाई आफूरूपमा, ईश्वररूपमा, आत्मरूपमा, ब्रह्मरूपमा जान्नु हो । जीवात्मा र परमात्माको ऐक्यज्ञानलाई नै यहाँ ज्ञान भनिएको हो । चारौँ पुरुषार्थरूप मोक्ष प्राप्तिका लागि यही ज्ञान चाहिन्छ । **तत्त्वमसि** आदि महावाक्यले देखाएको, लखाएको, औँल्याएको, निर्देश गरेको पनि यही ज्ञानलाई हो । ब्रह्मज्ञान भए पछि अब जान्नका लागि बाँकी केही रहँदैन । वेदादि, उपनिषद् आदि **ब्रह्मसूत्र, गीता** आदि सम्पूर्ण शास्त्रले देखाउन र गराउन खोजेको पनि यही ब्रह्मज्ञान हो, जीव र ब्रह्मको एकताबोधक ज्ञान हो । वास्तवमा जीवात्मा र परमात्मामा भिन्नता, भेद कहिल्यै थिएन, छैन तापनि अज्ञानले गर्दा, जन्मजन्मान्तरको वासनाले गर्दा, मायाले गर्दा, अविद्याले गर्दा, भ्रमज्ञानले गर्दा भिन्नताको, भेदको भान भयो, कल्पना गरियो । त्यही अज्ञान, भेद भावना, विपरीत ज्ञान आदिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हटाएर यथार्थ बोध गराउनु नै सम्पूर्ण शास्त्रहरूको र ज्ञानवान्, जीवन्मुक्त महात्माहरूको उद्देश्य हो । वैदिक सनातन धर्मले, वेदान्त-दर्शनले निचोडमा पुगेर अद्वैतात्मज्ञानकै प्रतिपादन गरेका छन् । श्रीरामले **रामगीता**मा, श्रीकृष्णले **श्रीमद्भगवद्गीता**मा, श्रीशुकदेव स्वामीले **श्रीमद्भागवत**मा र अरू पुराणादिमा कारक पुरुषहरूले, ज्ञानीहरूले, अवतारी महापुरुषहरूले आफ्-आफ्ना शिष्य, भक्तहरूलाई सिकाएको पनि यही आत्मा र परमात्माको एकताबोधक ज्ञान नै हो । यस्तो ज्ञान प्राप्त गरे पछि फेरि जन्म र मृत्युको चक्करमा, चौरासी लाख योनिको फन्फनीमा पर्नु पर्दैन, तीनै प्रकारका तापबाट शान्ति पाइन्छ, दुःखको सर्वथा अभाव हुन्छ र अखण्ड, निरतिशय आनन्दको प्राप्ति हुन्छ । ब्रह्मात्मैक्य ज्ञानबाट नै मोक्षरूप परमपद प्राप्त हुन्छ । मानवजीवनको सर्वोच्च लाभ, अन्तिम गति, परम शान्तिदायक मुक्ति यही नै हो ।

ब्रह्मप्राप्ति कसरी हुन्छ त भन्दा कर्म, उपासनाद्वारा चित्त विशुद्ध भएको उपासकले, भक्तले, साधकले, मुमुक्षुले मेरो जीवनको एकमात्र लक्ष्य ब्रह्म प्राप्ति हो भन्ने पूर्णमात्रामा, शतप्रतिशत निर्णय गरेर ब्रह्मविचार, ब्रह्मचिन्तनमा लाग्नुपर्छ– कर्मादिमा होइन । त्यसैले हाम्रा पूर्वाचार्यहरू भन्नुहुन्छ–

वस्तुसिद्धिर्विचारेण न किञ्चित्कर्मकोटिभिः ।

(विवेकचूडामणि-११)

(करोडौं प्रकारका कर्म गरे तापनि ब्रह्म प्राप्ति हुँदैन, त्यो त ब्रह्मविचारबाट मात्र प्राप्त हुन्छ ।) त्यसैकारण आचार्य शंकर भन्नुहुन्छ–

अतो विचारः कर्तव्यो...

(विवेकचूडामणि-१५)

(त्यसकारण गर्नु पर्ने एकमात्र कर्तव्य हो ब्रह्मविचार, आत्मविचार ।) उहाँ यसैलाई दृढ गर्नका लागि भन्नुहुन्छ–

वेदान्तार्थ-विचारेण जायते ज्ञानमुत्तमम् ।
तेनात्यान्तिक-संसारदुःखनाशो भवत्यनु ॥

(विवेकचूडामणि-४७)

(वेदान्तशास्त्रको अन्यन्त गम्भीर अर्थको अनुसन्धान गर्दा-गर्दा उत्तम ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् ब्रह्मज्ञान उत्पन्न हुन्छ । त्यसैको परिणामले संसारका सबै प्रकारका दु:खहरूको आत्यन्तिक निवृत्ति हुन्छ ।)

ब्रह्मविचारकै सन्दर्भमा याज्ञवल्क्य ऋषि आफ्नी पत्नी मैत्रेयीलाई भन्नुहुन्छ–

आत्मा वा अरे द्रष्टव्य:श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यो...।

(हे मैत्रेयी ! आत्मा नै दर्शनीय, श्रवणीय, मननीय र निदिध्यासन (ध्यान)गर्न योग्य छ ।)

यसरी आत्माकै मात्र दर्शन, श्रवण, मनन र त्यसपछि आत्माकै मात्र अनुभव भयो भने सम्पूर्ण कुरा ज्ञात हुन्छन्, जान्न बाँकी केही रहँदैन । किनभने यो सारा आत्मा हो, ब्रह्म हो, ब्रह्मदेखि भिन्न कुनै वस्तुको पनि अस्तित्व नै छैन–

सर्वं खल्विदं ब्रह्म नेह नानास्ति किञ्चन ।

यही सिद्धान्त र दर्शनलाई, वेदादि सम्पूर्ण शास्त्रको सार र निचोडलाई अझ स्पष्ट र सरल भाषामा भगवान् श्रीकृष्ण आफ्ना परमप्रिय शिष्य एवं साथी अर्जुनलाई उपदेश दिँदै भन्नु हुन्छ–

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ।

(श्रीमद्भगवद्गीता १५/२०)

(हे निष्पाप अर्जुन ! यसरी यो अत्यन्त रहस्यमय, अत्यन्त गोपनीय जीव र ब्रह्मको एकता प्रतिपादन गर्ने महान् शास्त्र मैले तिमीलाई सविस्तार वर्णन गरें, सम्झाएँ । यसलाई मार्मिक र तात्त्विक रूपले छर्लङ्ग बुझेर तीव्र मुमुक्षु पुरुष पहिले ज्ञानवान् बन्दछन् अनि कृतकृत्य र कृतार्थ हुन्छन् । तिमी पनि ज्ञानी बन, कृतार्थ बन ।)

आद्य जगद्गुरु शंकराचार्य अत्यन्त सरल एवं मार्मिक रूपमा अन्यत्र भन्नुहुन्छ-

यल्लाभान्न परो लाभो यत्सुखान्नपरं सुखम् ।
यज्ज्ञानान्न परं ज्ञानं तद् ब्रह्मेत्यवधारयेत् ।।

(आत्मबोध-५३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ब्रह्मात्मैक्यबोधरूपी लाभभन्दा ठूलो अर्को कुनै लाभ नै छैन। सांसारिक, स्वर्गीय, पारमार्थिक आदि इत्यादि जति लाभहरू छन्, ती साराका सारा यसैभित्र अन्तर्भूत हुन्छन्। ब्रह्मसाक्षात्कार भएपछि जुन आनन्द हुन्छ, अखण्ड आनन्द, निरतिशय आनन्द, त्यो भन्दा माथिको अर्को आनन्द वा सुख नै छैन। ब्रह्मज्ञानभन्दा माथिको, उच्चकोटीको अर्को कुनै ज्ञान नै छैन। ब्रह्म भनेको त्यति माथिको, त्यति दुर्लभ, त्यति महान् भनेर बुझ्नुपर्छ र हुने प्रयास गर्नुपर्छ।)

अहा ! ब्रह्मवार्ता, ब्रह्मचर्चा, ब्रह्मका विषयमा गरिएको चिन्तन, अध्ययन-अनुसन्धान त यति मीठो र महान् छ भने ब्रह्मको अपरोक्ष साक्षात्कारै भए कस्तो होला ! यस्तै होला जुन हाम्रा मोक्षपरक शास्त्रहरूले मुक्तात्मा, अमलात्मा, विमलात्मा, शुद्धात्मा ज्ञानवान् महात्माहरूले बताए। गाँठी कुरा हो– ब्रह्मसाक्षात्कार भएपछि फेरि आमाको गर्भमा बास खोज्दै जानुपर्दैन– अहिले मर्नु पर्दैन, मरेपछि जन्मनु पर्दैन। कारण के त भन्ने शरीरमा म र मेरो बुद्धि पटक्कै हुँदैन। त्यसैले त श्रुतिको घोषणा छ–

न च पुनरावर्तते न च पुनरावर्तते।

(छान्दोग्योपनिषद् ८।१५।१)

*छान्दोग्यपनिषद्*को अन्तिम मन्त्रका अन्तिम शब्दावली हुन् यी। यही ब्रह्मज्ञानको परम्परा हो, मर्यादा र महत्ता हो, ब्रह्मज्ञान फल हो यो। यसैलाई समर्थन र पुष्टि गर्दै भगवान् आज्ञाहुन्छ–

मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते।

(श्रीमद्भगवद्गीता ८।१६)

(ब्रह्मादिका लोक पनि पुनरावर्ती नै हुन्छन् तर परब्रह्म परमात्मालाई प्राप्त गरिसकेपछि अर्थात् ब्रह्मज्ञान भइसकेपछि भने फेरि फर्कनु पर्दैन, जन्मनु पर्दैन)

जन्म-मृत्युको जञ्जलबाट पार लाग्ने, चौरासीलाखको चक्करबाट उम्कने एकमात्र उपाय हो ब्रह्मज्ञान। ब्रह्मज्ञानविना जन्म-मृत्यु किंवा जगत्को आवागमनको क्रम टुङ्गिदैन, लगत् कट्टा हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी सदासर्वदा मुक्त थियौं, मुक्त नै छौं, मुक्त नै रहनेछौं । यसलाई राम्ररी बुझ्नु अनि भइहाल्नु नै मोक्ष हो । तर न त राम्ररी, अपरोक्ष रूपमा बुझियो, न त भइयो ! यसको कारण के हो त भने हामीमा जन्म-जन्मान्तरका, लोक-लोकान्तरका, कल्प-कल्पान्तरका नाना प्रकारका व्यक्त वा अव्यक्त वासनाहरू छन्, त्यसैले हामीले आफ्नो नैसर्गिक, शाश्वत, स्वभाविक सनातन, बनिबनाउ मोक्षस्वरूपको साक्षात्कार गर्न सकेनौं । सम्पूर्ण प्रकारका वासनालाई भुट्नु नै हाम्रो परमपुरुषार्थ हो । वासना भुटिए कि हामी मुक्त थियौं, फेरि मुक्त भइहाल्छौं । यसै क्रममा श्रुतिको उद्घोष छ–

न मोक्षो नभसः पृष्ठे न पाताले न भूतले ।
सर्वाशासंक्षये चैतः क्षयो मोक्ष इतीष्यतो ॥

(अन्नपूर्णोपनिषद् २।२३)

(मोक्ष न आकाशमा छ, न स्वर्गमा छ, न त पातालमा नै छ, त्यस्तै यो पृथिवीतलमा पनि छैन । सम्पूर्ण प्रकारका आशा, इच्छा, कामना, वासना आदिलाई पूर्णरूपमा निमिट्यान्न पारेर नष्ट गर्नु, मनोनाश वासना क्षम गर्नु, आशारहित हुनुबाट नै मोक्ष प्राप्त हुन्छ ।)

अर्को दृष्टिकोणबाट विचार-विमर्श गर्ने हो भने आफूलाई मुक्त भनी स्वीकार गर्नु नै मोक्ष हो । यसै प्रसंगमा अष्टावक्र महामुनि विदेह जनक राजालाई आज्ञा हुन्छ–

मुक्ताभिमानी मुक्तो हि बद्धो बद्धाभिमान्यपि ।
किंवदन्तीह सत्येयं या मतिः सा गतिर्भवेत् ॥

(अष्टावक्रगीता १।११)

(जसले आफूलाई मुक्त छु भनी निर्णय गरेको छ त्यो मुक्त नै हो । जसले आफूलाई बन्धनमा परेको छु भनी पक्कापक्की गरेको छ त्यो बाँधिएकै छ । यस लोकमा चलेको 'जस्तो मति हुन्छ, उस्तै गति हुन्छ' भन्ने जुन लोकोक्ति छ त्यो त साँचै रहेछ ।)

ब्रह्मज्ञान, ब्रह्मलोक प्राप्त भइसकेपछि ब्रह्मज्ञानीले फेरि फर्केर आउनु पर्दैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि फर्केर आउँदैन । भगवान् शिव रामलाई उपदेश दिने क्रममा आज्ञा हुन्छ–

मोक्षस्य नहि वासोऽस्ति न ग्रामान्तरमेव वा ।
अज्ञानहृदयग्रन्थिनाशो मोक्ष इति स्मृतः ॥

(शिवगीता-१३।३२)

(जसरी कैलास, वैकुण्ठ, स्वर्ग आदि लोकलोकान्तर छन् त्यस्तै मोक्ष नामको कुनै दिव्य लोकविशेष छैन । मुक्त पुरुष कुनै ग्रामान्तरमा बस्ने पुरुष विशेष पनि होइन । हृदयमा रहेको अज्ञानको गाँठो अर्थात् जीवात्मा र परमात्माका बीच आफैँले कल्पना गरेको भेद-दर्शन नष्ट भयो कि मुक्तिलाभ भयो । त्यसैलाई मोक्ष भन्दछन् ।)

त्यस्ता अज्ञानग्रन्थि नष्ट भइसकेपछि ज्ञानवान्को शरीर कहाँ छुट्छ, कसरी छुट्छ र त्यसको परिणाम के हुन्छ त भन्ने जिज्ञासाका समाधानका क्रममा पुनः श्रीभगवान् शिव श्रीरामलाई आज्ञाहुन्छ–

तीर्थे चण्डालगेहे वा यदि वा नष्टचेतनः ।
परित्यजन्देहमिमं ज्ञानादेव विमुच्यते ॥

(शिवगीता-१३।३४)

(ज्ञानवान् जीवन्मुक्त महापुरुषको यो पार्थिव शरीर चाहे प्रयागराज, काशी, आर्यघाट आदि कुनै पनि तीर्थमा वा चण्डालका घरमा छुटोस् अथवा बेहोस भएर प्राण निक्लियोस् वा होसमा त्यसले ज्ञानीलाई कुनै प्रकारको प्रभाव वा असर पर्दैन–पार्दैन । कारण के त भने ज्ञानका बलले गर्दा शरीर छँदादेखि नै ऊ मुक्त थियो, शरीरपात अनन्तर पनि ऊ मुक्त नै हुन्छ ।)

मुक्तात्माको कुनै प्रकारको वासनाशेष रहँदैन, निर्वासनिक हुन्छन् भन्ने प्रसंगमा शास्त्रको घोषणा छ–

लोकवासनया जन्तोः शास्त्रवासनयापि च ।
देहवासनया ज्ञानं यथावन्नैव जायते ॥

(योगवाशिष्ठ महारामायण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अज्ञानीहरूलाई तीन प्रकारका वासनाले सताइरहेका हुन्छन् । संसारमा मान-सम्मान पाउने, अनेक प्रकारका लौकिक सुखभोग गर्ने वासना (लोकवासना), विद्वान्, पठित शिक्षित बन्ने, शास्त्रहरू पढ्ने-पढाउने, पुस्तकहरू लेख्ने आदि वासना (शास्त्रवासना) र सबभन्दा डरलाग्दो वासना– शरीरमा म हुँ र शरीरले बनाएका नाता-गोता, सम्बन्धी आदि वासना(देहवासना)- यी बाट वासित हुनु अज्ञानीको लक्षण हो भने यी तीनै प्रकारका वासनाबाट मुक्त हुनु ज्ञानवान्को लक्षण हो । ज्ञानी वासनाविनिर्मुक्त हुनुहुन्छ ।)

ज्ञानवान् गुरु वसिष्ठ श्रीरामलाई उपदेश दिने क्रममा आज्ञाहुन्छ–

बन्धो हि वासनाबन्धो मोक्षः स्याद्वासनाक्षयः ।
वासनास्त्वं परित्यज्य मोक्षार्थित्वमपि त्यज ॥

(योगवासिष्ठ)

(बन्धन भनेको वासना हो, वासना निर्मूल भएर नष्ट भयो कि मनुष्य मुक्त भयो । अर्को महत्वपूर्ण कुरा हो वासनालाई त छोड, छोड, मोक्षको इच्छा पनि छोड ।)

हो, वास्तवमा पारमार्थिक रूपमा मुक्त पुरुष त्यही हो– जसले मोक्षको पनि इच्छा गरेको हुँदैन । आफू सदाकाल मुक्त नै भएकाले मोक्षको इच्छा किन गर्ने ? नभएको वस्तु- इच्छा गरेर पनि पाइँदैन, भएको वस्तुका लागि इच्छा नै गर्नुपर्दैन । परब्रह्म परमात्माको अपरोक्ष साक्षात्कार नभईकन मोक्ष प्राप्त हुँदैन भने त्यसलाई कसरी प्राप्त गर्ने त भन्दा फेरि श्रुतिले राम्रो मार्ग निर्देश गरेको पाइन्छ–

एष सर्वेषुभूतेषु गूढोत्मा न प्रकाशते ।
दृश्यते त्वग्र्य बुद्धया सूक्ष्मया सूक्ष्मदर्शिभिः ॥

(कठोपनिषद् १।३।१२)

(यो परमपुरुष, परब्रह्म, परमात्मा ब्रह्मदेखि लिएर स्तम्बपर्यन्त सम्पूर्ण प्राणीहरूमा मायाले ढाकिएर रहेको हुनाले सबैका लागि प्रकाशमान हुँदैन । सजिलैसँग सबैका अनुभवमा आउँदैन । जसले कठोर साधनाद्वारा, तपस्याद्वारा, त्यही परमात्माको सर्वात्मभावले आश्रय लिएको छ र उसको कृपा प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको छ उसैले आफ्नो अखण्डाकार बुद्धिद्वारा परमात्माको साक्षात्कार गर्न सक्नेछ ।)

ज्ञानको साधन

यसबाट के कुरो स्पष्ट भयो भने सामान्य संसारी, भोगवासनाले आक्रान्त व्यक्तिका लागि आत्मज्ञान, मोक्ष आदि अत्यन्त कठिन र दूर छ भने जसले वेदादि शास्त्रले बताएका निष्काम कर्मको विधिपूर्वक अनुष्ठान गरी आफ्नो चित्त शुद्ध बताएको छ र परमात्माको भक्तिद्वारा चित्तलाई विशुद्ध बनाएको छ र ब्रह्म विचार किंवा आत्मानुसन्धानद्वारा चित्तलाई अत्यन्त सूक्ष्म, कुशाग्र बनाएको छ उसले आफ्नो अखण्डाकार बुद्धिमा परमात्माको साक्षात्कार गरी मोक्षलाभ गर्न सक्छ । यसरी ब्रह्मज्ञानका लागि, यसबाट हुने अखण्ड शान्ति, परमपद मोक्ष प्राप्तिका लागि वेदादि शास्त्रमा र ब्रह्मज्ञानी गुरुका वचनमा अत्यन्त श्रद्धा चाहिन्छ । श्रद्धाको महान् र असाधारण भूमिका छ अध्यात्ममार्गका पथिकका लागि । त्यसकारण श्रद्धाका प्रसंगमा अष्टावक्र महामुनि आफ्ना अत्यन्त प्रिय शिष्य विदेहराज जनकलाई उपदेश दिँदै भन्नुहुन्छ–

श्रद्धत्स्व तात श्रद्धत्स्व नात्र मोहं कुरुष्वभोः ।
ज्ञानस्वरूपो भगवानात्मा त्वं प्रकृतेः परः ॥

(अष्टावक्रगीता १५।८)

(हे सौम्य ! हे प्रिय जनक ! तिमी वेदमा, वेदान्तमा, शास्त्रमा श्रद्धा गर, ज्ञानवान् गुरुका वाणीमा, उपदेशमा, हितकारक वचनमा निष्कपट भावले श्रद्धा गर । कहीँ, कहिल्यै मोहित न होऊ अर्थात् शंका गर्दै नगर किनभने तिमी नै ज्ञानस्वरूप हौ, तिमी नै भगवान् हौ, तिमी नै आत्मा हौ, तिमी ता प्रकृतिभन्दा धेरै पर पो छौ त ।)

आत्मवस्तु आफूदेखि अभिन्न हो । **तत्त्वमसि** आदि महावाक्यको मूल मर्म हो– जीवात्मा र परमात्माको ऐक्यज्ञान । आत्माको सत्‌रूपता, चिद्रूपता, आनन्दरूपता एवं अद्वयरूपतामा कदापि शंका गर्नु भएन । असंभावना र विपरीत भावनारूपी मोहमा फस्नु भएन । आफू (आत्मा) र ब्रह्म(परमात्मा)-मा तात्त्विक अन्तर छँदैछैन भनी अभेद-दर्शन गर्नु नै ज्ञान हो । उपनिषद्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोषणा छ–

अभेद-दर्शनं ज्ञानं

(स्कन्दोपनिषद् ११)

(ज्ञानप्राप्तिका दुई उपाय शास्त्रमा वर्णित छन् । एउटा हो विधिमुखले, अर्को हो निषेधमुखले । **सारा ब्रह्म हो** भनेर बुझे पनि भएकै छ, ब्रह्मदेखि भिन्न **नाना भन्ने केही पनि छैन, छैन (नेति नेति)** भनेर बुझे पनि भएकै छ । कुराको चुरो एउटै हो । 'सारा हो ब्रह्म भनी सम्झ, अथवा ब्रह्मदेखि अतिरिक्त सारा कुरा बिर्स' वस्तु एकै हो । **स्मृति** एउटा योग हो भनी **विस्मृति** पनि एउटा योग हो । ब्रह्मलाई बुझे ब्रह्ममा बस्ने, मिल्ने, समात्ने, हुने । मायालाई बुझे मायालाई छोड्ने, पन्छाउने, बिर्सने, नष्ट गरिदिने । यसै क्रममा ज्ञानवान् अष्टावक्र ऋषि राजा जनकलाई भन्नुहुन्छ–

आचक्ष्व श्रृणु वा तात नानाशास्त्राण्यनेकशः ।
तथापि न तव स्वास्थ्यं सर्वविस्मरणादृते ॥

(अष्टावक्रगीता १६।१)

हरो यद्युपदेष्टा ते हरिः कमलजोऽपिवा ।
तथापि न तव स्वास्थ्यं सर्वविस्मरणादृते ॥

(अष्टावक्रगीता १६।११)

(हे प्रिय शिष्य जनक ! अनेक प्रकारका शैली र ढंगले, विधि र भाषाले धेरै प्रकारका शास्त्रहरू पढ-पढाऊ, सुन-सुनाऊ, भन-भनाऊ, जान-सिकाऊ, लेख-लेखाऊ तर तिमीले पछि आर्जन गरेका सिकेका, थपेका, झिकेका सम्पूर्ण कुराहरू राम्रैसँग बोधपूर्वक नबिर्सिकन तिमी आफ्नो स्वरूपमा स्थित हुँदैनौ, तिमीलाई अखण्ड, शाश्वत शान्ति मिल्दैन अर्थात् तिमीलाई ब्रह्मप्राप्ति हुँदैन । त्यस्तै तिमीलाई साक्षात् देवाधिदेव महादेव, भोलेबाबा, शिव, शंकरले नै उपदेश दिए पनि अथवा भगवान् श्रीहरि, नारायण वा सम्पूर्ण श्रृष्टिकर्ता ब्रह्मले नै ब्रह्मोपदेश दिए तापनि जबसम्म तिमीले जानेका, भोगेका, मानेका र ठानेका सम्पूर्ण विषयको त्याग गर्दैनौ, बिर्सदैनौ भने ब्रह्म वा शान्ति प्राप्त गर्न सक्तैनौ ।)

हुन त **सर्वविस्मृतियोगमा** नपुगीकन स्वरूपसाक्षात्कार हुँदैन । अबोधपूर्वकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्मृति त सुषुप्तिमा र लागु पदार्थ-सेवनकालमा पनि हुन्छ होला तर यहाँको वर्तमान प्रसंग हो-बोधपूर्वकको विस्मृति । आफू जागा छ स्वरूपमा तर चित्त भने कुनै पनि विषयमा आकारित भएको छैन– यही त हो निर्विकलप समाधि; यही हो **सर्वविस्मृतियोग** । भगवान् श्रीकृष्णले अर्जुनलाई उपदेश दिने क्रममा परमात्मामा एकाकार भएको बुद्धिलाई 'बुद्धियोग' भन्नुभएको छ–

ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ।

(श्रीमद्भगवद्गीता १०।१०)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– जो ममा चित्तवृत्ति लगाएर सर्वात्मभावले समर्पित छन्, मेरो अत्यन्त प्यारा छन्, मदेखि भिन्न वस्तुमा उनको चित्त नै जाँदैन त्यस्ता प्रिय भक्तलाई म बुद्धियोग दिन्छु अर्थात् तिनका बुद्धिमा म गएर बसिदिन्छु अथवा म तिनका बुद्धिलाई अखण्ड, अविचलित बनाइदिन्छु, अनि त्यस्तो बुद्धियोगका बलले ती भक्तले मलाई प्राप्त गर्नेछन्, मेरो साक्षात्कार गर्नेछन् ।

अर्जुन सम्पूर्ण **गीता** सुनिसकेपछि आफ्ना अनुभव, आफ्नो ज्ञानानुभूतिको अभिव्यक्ति दिने क्रममा अन्तिम उद्गार व्यक्त गर्दछन्–

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥

(श्रीमद्भगवद्गीता १८।७३)

(हे अच्युत परमात्मा कृष्ण ! तपाईंको कृपाले, प्रसादले मेरो मोह नष्ट भयो, मलाई आत्मसाक्षात्कार भयो, सारा शंका समाधान भए म आफ्नो स्वरूपमा स्थित भएँ । अब तपाईंको आज्ञानुसार जे गर्नु उचित छ त्यही गर्दछु ।)

यहाँ **नष्टो मोहः,गत सन्देहः** विस्मृतियोग हो भने **स्मृतिर्लब्धा** स्मृतियोग हो । सम्झनुपर्ने परब्रह्म परमात्मा कस्तो हुनुहुन्छ, उहाँको लक्षण के कस्तो छ र त्यस्ता परमात्माको बोध भएपछि के कस्तो उपलब्धि, लाभ हुन्छ भन्ने प्रसंगमा उपनिषद्का मन्त्र यसरी मुखरित हुन्छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशब्दमस्पर्शमरूपमव्ययं तथारसं नित्यमगन्धवच्च यत् ।
अनाद्यनन्तं महतः परं ध्रुवं निचाय्य तन्मृत्युमुखात् प्रमुच्यते ॥
(कठोपनिषद् १।३।१५)

(जो परब्रह्म परमात्मा शब्द, स्पर्श, रूप, रस र गन्धरहित छ, अविनाशी, नित्य, अनादि, अनन्त, जीवात्माभन्दा श्रेष्ठ र सर्वथा सत्य छ त्यस्ता परमात्मालाई मुमुक्षु पुरुषले जान्नुपर्छ, जान्ने भने त्यस्ता मनुष्यले सदासर्वदाका लागि जन्म-मरणबाट छुटकारा पाउँछन् ।)

वेद-वेदान्तादि शास्त्रको निचोड, सार, रहस्यपूर्ण तत्त्व यही नै हो । यसैलाई श्रुति, स्मृति, पुराण आदिले विभिन्न भाषा, भावले, शब्द र शैलीले बताएका छन् । शास्त्रको मर्मलाई ज्ञानवान् गुरुका मुखारविन्दबाट सुनेर मनन, निदिध्यासन गरी आत्मसाक्षात्कार गर्नु, दृढ अपरोक्षबोध गर्नु हाम्रो परमपुरुषार्थ हो ।

परमात्मप्राप्तिका लागि शरीर लगाउने, मन लगाउने, बुद्धि लगाउने हो कि त्यसभन्दा अरू कुनै उपाय छ त भन्ने जिज्ञासाका समाधानका सन्दर्भमा उपनिषद्हरूले स्पष्ट भनेका छन्– कानको पनि कान, मनको पनि मन, वाणीको पनि वाणी, प्राणको पनि प्राण, आँखाको पनि आँखा हुनुहुन्छ परब्रह्म पुरुषोत्तम । त्यसो भए साराको प्रेरक तत्त्व त परमात्मा हुनुहुन्छ भने हाम्रो, साधकको, भक्तको, चिन्तकको भूमिका के त ? पुरुषार्थ के त ? यही साराको प्रेरक परमात्मा हुनुहुन्छ भनी रातदिन ती नै परमात्मामा चित्तवृत्ति लगाइरहनु हाम्रो पुरुषार्थ हो, हाम्रो भूमिका त्यत्ति हो ।

यन्मनसा न मनुते येनाहुर्मनो मतम् ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥
(केनोपनिषद् १।१।५)

(जसलाई मनले मनन गर्न सकिँदैन, परन्तु जसद्वारा मनले मनन गरिन्छ भनिन्छ त्यसैलाई तिमी ब्रह्म भनेर जान । जुन देश र कालले परिच्छिन्न वस्तुको लोकले उपासना गर्दछन् त्यो चाहिं ब्रह्म होइन ।)

मनमा मनन गर्ने शक्ति जहाँबाट आयो, बुद्धिमा निर्णय गर्ने शक्ति जहाँबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयो हो त्यही हो ब्रह्म भनेको । यसैलाई अर्को रूपले स्पष्ट पारिन्छ–

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।
आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चनेति ॥

(तैत्तिरीयोपनिषद् ब्रह्मानन्दवल्ली ९।१)

(मन-बुद्धि आदि सहित सम्पूर्ण इन्द्रियहरू त्यस ब्रह्मवस्तुलाई प्राप्त गर्न नसकेर फर्कन्छन् त्यस्तो ब्रह्मको आनन्दलाई (ब्रह्मसहित आनन्द वा ब्रह्मानन्दलाई) जान्ने ब्रह्मज्ञानी विद्वान् कोहीदेखि पनि डराउँदैनन् ।)

उपनिषद्हरू यसैगरी आत्माको, ब्रह्मको विवेचना गर्छन् र ब्रह्मज्ञानको महिमा बताउँछन् ।

वेदान्त विश्वकोश

'वेदान्त विश्वकोश' पनि वेदान्त नै हो । यसले वेदान्त बुझ्नका लागि ठूलो भूमिका निर्वाह गरेको छ । वेदान्तमा प्रयुक्त दार्शनिक एवं परिभाषिक शब्दहरूको यसले शास्त्रीय ढंगले, शास्त्रीय आधार र प्रमाणलाई प्रस्तुत गर्दै राम्रो व्याख्या गरेको छ, यथासम्भव, यथाशक्य छर्लङ्ग पारेको छ । 'वेदान्त विश्वकोश'-ले वेदान्त पढ्ने र पढाउने सबैका लागि सहयोग प्रदान गरेको हुनाले र नेपाली आध्यात्मिक साहित्यका इतिहासमा नौलो एवं मौलिक ढंगको योगदान दिएको छ ।

स्वरवर्णका मात्र प्रविष्टिले पूर्णभएको पहिलो खण्ड प्रकाशित भएको थियो **वेदान्त विश्वकोश** (वि.सं. २०६१) त्यसपछिको व्यञ्जन वर्णमा पनि कवर्ग र चवर्गका अक्षरहरूमात्रको प्रविष्टिले भरिएको यो दोस्रो खण्डको प्रकाशनले वेदान्त दर्शनका जिज्ञासुहरूका लागि थप सहयोग प्रदान गरेको छ ।

वेदान्तसँग सोझै सम्बन्ध राख्ने शब्दहरू मात्रले होइन वेदान्तसँग परोक्ष-रूपमा सम्बन्धित शब्दका साथै उपत्यकाका वेदान्तीहरूले समेत यहाँ प्रविष्टि पाएकाले प्रस्तुत कोशले निकै उदारता र व्यापकतालाई अंगालेको अनुभव हुन्छ । यो शब्दकोश नभएर विश्वकोश भएकाले यसरी परोक्ष एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपरोक्ष दुवै प्रकारबाट वेदान्तलाई समेट्न खोज्नु समीचीन नै देखिन्छ ।

श्रीबासु रिमाल'यात्री'को यो प्रयास अत्यन्त सफल सिद्ध भइसकेको छ । 'यात्री'ज्यू साहित्यकार, कथाकार, कवि, समालोचक एवं पत्रकार मात्र नभएर अब एक प्रतिष्ठित कोशकार बनिसकेका छन्, अझ विश्वकोशकार । यात्रीज्यूलाई अझ नजिकबाट चिन्ने हो, चिनाउने हो भने भन्नैपर्छ- यी त वेदान्ती हुन्, व्यवहारपरक वेदान्ती अर्थात् जसले वेदान्तलाई जीवनमा उतार्न खोजेका छन् । यो कुरा उनले लेखेका लेखहरू र **वेदान्त विश्वकोश** पढेर मात्र थाहा पाइँदैन उनीसँग संगत गर्नुपर्छ, सत्संग गर्नुपर्छ । अनि मात्र उनलाई यथार्थरूपमा चिन्न सकिन्छ ।

वेदान्त विश्वकोशको यो दोस्रो खण्ड हो । अब यथाशक्य चाँडो बाँकी प्रविष्टिहरूले भरिएका अरू खण्डहरू पनि प्रकाशमा आऊन् र यस पवित्र अभियानले, अनुष्ठानले पूर्णरूपमा पूर्णता प्राप्त गरोस् भनी श्रीपरमात्मा पशुपतिनाथका पाउमा प्रार्थना गर्दै यात्रीज्यूको वेदान्तप्रतिको निष्ठा अझ प्रबल बन्दै जाओस् र स्वास्थ्यमा राम्रो सुधार भई पूर्ण स्वास्थ्यलाभ होओस् ! यही शुभकामना व्यक्त गर्दछु ।

वेदान्त विश्वकोशको पहिलो खण्ड र त्यसको भूमिका समेत पढ्नुहुन पाठक वर्गमा सविनय अनुरोध गर्दै यात्रीज्यूले मलाई समेत आफ्नो कोशमा यसरी प्रवेश गराएकोमा उनीप्रति आन्तर साधुवाद एवं आशीर्वाद प्रदान गर्दछु !

-शिवमस्तु-

'शिव-मन्दिर'
शान्तिकुना, ललितपुर-५
२०६४।५।१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त विश्वकोश-२

–बासु रिमाल 'यात्री'

वेदान्त विश्वकोश-१ को प्रकाशन(२०६१ जेठ)को तीन वर्षपछि सो पुस्तकको दोस्रो भाग प्रकाशनको अवसर मिलेकोमा हर्ष लाग्नु स्वाभाविक छ । यस विश्वकोशमा सनातन चिन्तन, वैदिक संस्कृति-सभ्यता, अद्वैत ज्ञान, सगुण-निर्गुण-निराकार परमात्मा, वेदान्तका साथै पौराणिक, धार्मिक विषयहरूमा प्रकाश परिएकाले धर्म-अध्यात्म, अद्वैतवाद, सृष्टिदृष्टिवाददेखि अजातवादसम्म, सरलदेखि गहन विषयहरूसम्म सबै समेटिएकाले सनातन धर्म-संस्कृतिमा रुचि लिने सबैका लागि उपयोगी भएको र हुँदै जाने विश्वास लिएको छु । सागरलाई सरल-सुगम्य भन्न पनि सकिन्छ- किनारामा केटाकेटीहरूले समेत नुहाउन सक्छन् । सागरलाई अथाह, कठोर, अगम्य पनि भन्न सकिन्छ– किनारा छाडेर गहिराइ नाप्नेहरूका लागि । जिज्ञासुहरू, मुमुक्षुहरू, आफ्नो धर्म-संस्कृतिका अन्वेषकहरूका लागि यो पुस्तक कामलाग्दो नै होला । तर पुस्तक पढ्न अल्छी गर्नेहरू, स्वनामधन्य पण्डितहरू, आफैँ भित्र रहेको सत्चित् आनन्दको चिन्तन गर्दै अड्न नसकी ज्ञानको खोजीमा भौँतारिनेहरूले यस पुस्तकको उपयोगिता बुझ्न नसके मेरो के लाग्छ !

वेदान्त विश्वकोशको भाग-३ छापे पछि यो योजना पूरा हुने विश्वास लिएको छु । तेस्रो भाग लेखेपछि नै भाग-४ जन्मने-नजन्मने थाहा हुनेछ । यस कार्यमा कालेश्वरको कृपा पनि त चाहियो (**कालो हि परमेश्वर-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागवत ११।२४।१९) । संकल्प लिनु हुन्न, त्यसले दु:खमा फसाउँछ भनेर उपदेश दिनेहरू पनि छन् तर म सम्झाउँछु- **तन्मे मनः शिव संकल्पमस्तु** वेदले नै भनेको छ । शिव-शुभ संकल्प अनुसारका निष्काम कार्यहरू त परमात्माकै आराधना हो नि । द्रष्टा, स्रष्टाले यसरी नै पूजा गर्छन् । ती द्रष्टाहरू जसले वेद, उपनिषद् पढ्न पाएनन्, तर रातदिन सत्-चित्-आनन्द स्वरूपको चिन्तन गर्दै लेखे, बोले, कार्य गरे ती आर्यावर्तभन्दा बाहिरका हुन् या भित्रका, उनीहरू प्रति मैले श्रद्धा व्यक्त गर्दै विश्वकोशमा समावेश गरेको छु, गर्नेछु । जस्तो चीनका कन्फ्यूसियस, ग्रीसका डायोजेनिस, सोक्रेटिज (सुकरात) आदि । उदारवादी दृष्टिले गर्दा यस पुस्तकमा गौतम बुद्ध, कवीर, गान्धी आदि समेत प्रविष्ट छन् ।

वेदान्तको पुनर्जागरण

बीसौं शताब्दी वेदान्तको पुनर्जागरण(रेनासाँ)को युग हो । श्रुति प्रस्थानबाट थालनी भएको वेदान्तलाई आद्यजगद्गुरु शंकराचार्यले १२ औं शताब्दी अघि नयाँ आयामका साथ प्रचार, प्रसार र बिस्तार गरिदिए । यो भारत, नेपाल लगायत मुलुकहरूमा फैलिंदै गयो । मध्ययुगमा यसको गति केही मन्द भयो । सगुण भक्तिले प्रचार पायो, तर आधुनिक युगका वेदान्ती चिन्तनको पुनरुत्थान भएको छ । आधुनिक युगमा वेदान्तलाई अन्तरराष्ट्रिय आयामका साथ प्रवेश गराउने श्रेय स्वामी विवेकानन्दलाई छ । एक शताब्दी अघि उनले अमेरिकाको सिकागोमा विश्व धर्म-सम्मेलनलाई सम्बोधन गर्दै वेदान्तका गहन कुराहरूलाई आत्मविश्वासका साथ विश्व सामु राखिदिए- यो वेदान्ती चिन्तन परम्परामा बेजोड घटना थियो । विवेकानन्द पछि स्वामी रामतीर्थ, योगानन्द आदिले वेदान्तलाई पाश्चात्य जगत्मा मौलाउन, झाङ्गिन मल, जल हाले । बीसौं शताब्दीमा वेदान्त आन्दोलनका अगुवाहरूमा जे.कृष्णमूर्ति अविस्मरणीय छन् । *(यसै लेखकको प्रकाशित लेख- भेद दर्शन- एक चिन्तन- कान्तिपुर २३ असोज २०५६ । अभेद दर्शन–वेदान्त विषयक लेखहरूको संग्रह हो जुन वेदान्त विश्वकोशका भूमिका लेखक प्रा.शिवगोपाल रिसालकृत हो ।)*

जे.कृष्णमूर्तिले देहत्याग अघि सन् १९८५मा वासिङ्गटनमा दिएको प्रवचनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद र उपनिषद्‌ले बताएको सर्वोच्च, अप्रकट सत्ताप्रति आस्था व्यक्त गरेका छन् । उनी भन्छन्– धर्मको सतही रूपमा होइन, बरु गहन रूपमा अन्वेषण गर्नका लागि समग्र-मुक्तिको आवश्यकता छ । पुस्तकमा आधारित धर्मको कारणले गर्दा मानिसहरूमा कट्टरता, संकीर्णता र असहिष्णुता पाइन्छ । कृष्णमूर्तिको विचारमा समग्र-मुक्ति भनेको स्वतन्त्रता हो- एक असीम अवकाशको उपलब्धि । हाम्रो मस्तिष्कमा जानकारीहरू कोचिएर रहेका छन् भने अवकाशको अभाव छ त्यहाँ । हाम्रो मस्तिष्क असाधारण रूपमा समर्थ छ, असीम क्षमतायुक्त छ तर हामीले त्यसलाई क्षुद्र बनाएका छौं । जब त्यहाँ अवकाश एवं शून्यता हुन्छ त असीम ऊर्जा-उत्कटता, प्रेम, करुणा तथा प्रज्ञा उत्पन्न हुन्छ । यसले गर्दा सत्यसँगै साक्षात्कार हुन्छ । सत्यको खोजी मानिसले अनादि कालदेखि गर्दै आएको छ । सत्य अति नै पवित्र छ ।

विवेकानन्दले वेदान्तको प्रभाव अमेरिकामा पारेपछि रामकृष्ण मिसन स्थापना गरे । स्वामी प्रभवानन्दले हलिउड शाखा स्थापना गरी वेदान्तको राम्रो प्रचार गरे । उनका शिष्यहरू मध्ये जेराल्ड हर्ड र एल्डुअस हक्सले प्रभावशाली वेदान्ती निस्के । सन् १९४२ मा हर्डले **मानिस गुरु** (Man the Master) पुस्तक लेखेर विज्ञान र राजनीतिको विनाशक ताण्डव नृत्यद्वारा सन्त्रस्त मानव समुदायलाई मार्ग-दर्शन गर्ने कार्य गरे । उनले भने– आजको संकट मनोवैज्ञानिक हो र चित्तको विशेष स्थितिले गर्दा संकट आइलागेको हो । ...मार्क्सवाद अपूरो सावित भएको छ । डारविनको विकासवादको पनि परीक्षा गर्नु पर्ने भएको छ । उनले आफ्नो अर्को पुस्तक (Pain, Sex and Time) मा 'आध्यात्मिकता' नअँगाली कल्याण नहुने कुरा लेखे । उनले वेदान्तलाई 'नवीन क्रान्ति'को नाउँ दिए र यसैद्वारा नयाँ व्यवस्था कायम हुनसक्छ भन्ने विश्वास लिए । उनले प्राचीन पूर्वेली गुरु-प्रथा ठीक थियो, त्यसलाई पुनर्जीवन दिनुपर्छ पनि भने ।

एल्डुअस हक्स्लेले वेदान्त सम्बन्धी पुस्तक लेखे–**समय रोकिनुपर्छ** (Time must have a stop)। हक्स्ले शुरुमा अनिश्वरवादी थिए, बौद्ध बने पछि वेदान्ती बन्न पुगे । हक्स्लेका अनुसार सम्पूर्ण जनसमाजमा आध्यात्मिक क्रान्ति सम्भव छैन । केही विवेकी व्यक्तिहरूको समूहले नै सामाजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनलाई प्रभावित पार्नु सम्भव छ । उनले **तृतीय नैतिकता** (The Third Morality) शीर्षक पुस्तक पनि प्रकाशित गरे जसमा उनी लेख्छन्– पश्चिमको आधुनिक समाजले मेसिनहरूलाई सामु राखेर मनुष्यको चेतनालाई तिरस्कृत गर्ने व्यापक कार्यक्रम संचालन गरेको छ । पाश्चात्य सभ्यतामा मनुष्यत्वको कुनै सम्मान रहेन । उसको सम्मान आध्यात्मिकतामा नै छ । हर्ड र हक्स्लेले सन् १९३९ तिर ९ वटा प्रेरक पुस्तकहरू छपाए । यी दुई वेदान्तीहरू कृष्णमूर्तिबाट पनि प्रभावित थिए ।

पश्चिममा पुनर्जागरणकै क्रममा हामी पश्चिमका ठूला वेदान्ती इमर्सनलाई बिर्सन सक्तैनौं । उनले सन् १८४५ मा सर्वप्रथम **गीता**को अध्ययन गरेपछि अति प्रभावित भए । उनले **गीता**को आफूमाथि प्रभावका सम्बन्धमा थोरोलाई पत्र लेखे । इमर्सनले आफूलाई परिवर्तन गर्न थाले र कुखुरा बास्नु अगि नै उठेर नित्य कर्म गर्ने, **गीता**को अध्ययन गर्ने गर्न थाले । **गीता** पहिलोपल्ट पढेपछि थोरोलाई रातभर निद्रा लागेन । इमर्सनले विश्वको नश्वरता र आत्माको अमरताका सम्बन्धमा पूरा विश्वास गरे । पूर्वेली दर्शनका पुस्तकहरू उनले आफूले मात्र पढेनन्, आफ्नो पुस्तकालयका ती पुस्तकहरू भावी शिष्य थोरोलाई समेत पढ्न दिए । इमर्सनले लेखेको 'ब्रह्म' शीर्षक कविता मैले पढेको छु ।

हक्स्लेसँगको सत्संगले गर्दा बेलायती कवि क्रिष्टोफर इशरवुड वेदान्त अभियानमा लागे र यिनले **गोस्पेल्स** शीर्षक पुस्तक छपाए । ओवरायले त **पश्चिमी जगत्का लागि वेदान्त** (Vedanta for Western World) शीर्षक पुस्तक नै लेखे । यस क्षेत्रमा शोपेनहावर उज्ज्वल तारा हुन् जो उपनिषद्हरू पढेर अति नै प्रभावित भए । वेदान्तको क्षेत्रमा पश्चिमी विद्वान्को देनको यो छोटकरी चर्चा मात्र हो (स्थानाभावले गर्दा यो प्रसंग यही रोक्छु) ।

नेपालमा वेदान्त अभियान

नेपालमा वेदान्तीहरू नभएका होइनन् । नीलदेव पन्त, शिवराम पन्त, धरणीधर पन्त आदि अद्वितीय वेदान्तीहरू भए भने कैलाशपर्वत जस्ता प्रभावशाली र वेदान्तका प्रतिमूर्ति नेपाली आमाका पुत्रहरू थिए । वासुकी ब्रह्मचारीले पनि पशुपति दर्शन गर्न आउने भक्तजनहरूलाई वेदान्त सुनाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपालानन्द ब्रह्मचारी तथा क्षितीशचन्द्र चक्रवर्तीलाई वेदान्तको नशा लाग्यो। यसै नशामा लट्ठिएका क्षितीशचन्द्रले नेपालको कुना-कुनामा अद्वैत वेदान्तको प्रचार गर्ने प्रयास गरे। **अद्वैत संस्था** खोलेर पीठहरू स्थापना गरेर सरस्वतीनामा एउटा सम्प्रदाय नै खडा गरेर क्षितीशचन्द्र चक्रवर्तीले नेपाललाई सार्थक कर्मभूमि बनाए *(स्वामी डा.प्रपन्नाचार्य-मिल्केका झिल्का)*।

क.संन्यासी वेदान्तीहरू:

वासुकी गुफाको परिसरमा वि.सं. १९८६ देखि सत्संग संचालन भएको थियो। वासुकीबाबा पछि श्यामचेतन बाबाकै रेखदेखमा सत्संग चल्दथ्यो– यो क्रम धेरै लामो समयसम्म चल्यो। यस सत्संगमा काठमाडौंका नाम चलेका वेदान्तीहरू भैरवप्रसाद बास्ताकोटी (भैरव वेदान्ती), वटुक सापकोटा, कविराज शंशेरबहादुर मिश्र, पं.कृष्णकान्त अधिकारी आदि सम्मिलित हुन्थे। श्यामचेतन बाबा आफ्नै कक्षमा बसेर वेदान्त श्रवण एवं साधना गर्नुहुन्थ्यो। वेदान्तीहरू एकपछि अर्काको निधन हुँदै जाँदा वेदान्त सत्संग सुचारु रूपमा चल्न सकेन। प्रा.डा.दीर्घराज घिमिरेको **गीता**माथि शास्त्रीय एवं व्याख्यात्मक प्रवचनको परम्परा बस्यो वि.सं.२०५३ देखि। **गीता**को पहिलो र दोस्रो अध्यायमाथिको प्रवचनहरूको क्यासेट उतारेर **राजर्षिजनकस्मृतिकोष** र **जनक शिक्षा सामग्री केन्द्रद्वारा** मोटो पुस्तक **श्रीमद्‌भगवद्‌गीता तत्त्वप्रकाश** (२०५६ साल) प्रकाशित गर्नुका साथै विद्वान् प्रवक्तालाई **जनक पुरस्कारद्वारा** विभूषित गरियो।

श्यामचेतन बाबाले समाधि लिएपछि उहाँकै शिष्य गौरव पुरीद्वारा **गीता**, **ब्रह्मसूत्र**, **पञ्चदशी**को स्वाध्याय र प्रवचन संचालन गरियो। उहाँले आफ्नो आश्रम गौरीघाट नजिक बनाएपछि सोही आश्रममा वेदान्त स्वाध्याय र प्रवचन गर्दै आउनुभएको छ। वेदान्ती महात्माहरू मध्ये कतिपयको जन्मभूमि भारत भए पनि कर्मभूमि, तपोभूमि नेपाल नै रह्यो। जस्तो शिवपुरीबाबा, खप्तडबाबा, त्रिवेणी पुरी महाराज आदि।

दक्षिण भारतमा जन्मनु भएका दीर्घजीवी जीवन्मुक्त शिवपुरीबाबा ११२ वर्षको उमेरमा शिवरात्री पर्वमा नेपाल आउनुभएको थियो। शिवपुरी डाँडामा धेरै कालसम्म तपस्या गरेर बस्नुभएको कारणले गर्दा गोविन्दानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारती नाउँ भए पनि नेपाली भक्तजनले उहाँलाई शिवपुरीबाबा भन्न थाले । भारतका दार्शनिक राष्ट्रपति राधाकृष्णनले नेपाल भ्रमणमा आउँदा राजकीय कार्यक्रम नभए पनि ध्रुवस्थलीस्थित बाबाको आश्रममा दर्शन गर्न गएथे । बाबाको भनाइ थियो–सत्यको अनुसन्धान गरिरहू । गृहस्थीले सत्य दर्शनका लागि स्वधर्मको पालन गर्नू । स्वधर्म-पालन नगरी भगवान् पाउन सकिन्न । बाबाले संन्यासीहरू र गृहस्थहरू पतित अवस्थामा देख्नु भयो । त्यसैले उहाँले भन्नु भयो–आसक्ति त्याग, कर्तव्य गरेर घरमैं रहू । सत्यको खोज गर । शिवपुरीबाबाको १३७ वर्षको उमेरमा निधन भएको थियो । *(हेर्नू गोविन्दानन्द भारती)* ।

खप्तडबाबाले आफ्नो उपदेश र पुस्तकहरू लेखनद्वारा नेपाली जनमानसमा वेदान्त ज्ञानको संचार गराउनु भयो । भारतको काश्मिरी ब्राह्मण कुलमा जन्मनु भएका र संन्यास नाउँ सच्चिदानन्द सरस्वती भएका बाबाले करीब आधा शताब्दी त ६ महिनासम्म हिउँले ढाक्ने खप्तडमा दीर्घकाल रहनु भएकाले खप्तडबाबा भन्न थाले मानिसहरूले । उहाँ बेजोड वेदान्ती हुनुहुन्थ्यो । उहाँको **धर्म विज्ञान, वेदान्त विज्ञान** जस्ता पुस्तकहरूबाट वेदान्तको व्यापक प्रचार भएको छ । *(हेर्नू खप्तडबाबा)*

भारतको हृषीकेशमा गङ्गाकिनारको गुफा(**मस्तरामबाबाको गुफा**)मा एकवस्त्रधारी रूपमा रहेर वेदान्त-ज्ञान आफ्ना भक्तहरूका माझ प्रसाद रूपमा बाँढ्नु हुने मस्तराम बाबाबाट पनि नेपाली भक्तजन, मुमुक्षुहरू लाभान्वित भएका छन् । उहाँका **नैवनाशो निवासो, गीतागूह्यम** आदि पुस्तक प्रकाशित छन् । उहाँ पनि जीवन्मुक्त हुनुहुन्थ्यो ।

प्रकाशसंन्यास आश्रमका संस्थापक प्रकाशानन्द पुरी उल्लेखनीय हुनुहुन्छ । उहाँको जन्म पूर्व ३ नं. ओखलढुङ्गा चिसंखु सेर्ना बेसीमा भएथ्यो भट्टराई ब्राह्मण कुलमा । उहाँ भारतको बनारस, हरिद्वार आदि स्थानमा रहेर पढ्दै शाङ्कर वेदान्तका ज्ञाता हुनुभयो । २६ वर्षको उमेर वि.सं. २००७ सालमा उहाँ काठमाडौं फर्केर आउनु भयो । शंकराचार्य मठको दुईपटक र जनकपुर कपिलेश्वर मठमा महन्त हुनुभयो । वि.सं. २०१० सालमा स्वामीजीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिनामङ्गलमा **प्रकाशसंन्यास आश्रम**को जग हाल्नु भयो । यो आश्रम वेद-वेदान्तको अध्ययन, अध्यापन र संरक्षणको केन्द्र रह्यो । सो आश्रममा वि.सं. २०३१ मा उहाँको निधन ८० वर्षको उमेरमा भयो ।

प्रकाशानन्दले त्रिवेणी पुरी जस्ता सुयोग्य शिष्य पाउनु भयो । उहाँ न्याय वेदान्ताचार्य हुनुहुन्थ्यो । सो आश्रमको वर्तमान भौतिक स्वरूप खडा गर्नमा त्रिवेणी महाराजको देन छ । जन्म हिमाचल प्रदेश चम्बा जिल्लामा वि.सं. १९६० मा भयो । उहाँ सरस्वतीका वरद पुत्र पद्मप्रसाद भट्टराईका शिष्य पनि हुनुहुन्थ्यो । नव्यन्याय पढेर प्रथम श्रेणीमा उत्तीर्ण हुनुभयो । उहाँको प्रवचन सुन्ने नेपाल र भारतका श्रोताहरू उहाँको प्रशंसा गर्थे । उहाँ कुशल लेखक पनि हुनुहुन्थ्यो । **छान्दोग्य उपनिषद्को भूमा र दहर** विद्यामा ठूल-ठूला पुस्तक लेख्नुभयो । **ऐतरेयो उपनिषद्**मा आधारित **प्रवचन सार** पुस्तक प्रकाशित छ । गुजरातमा वेदान्त-आश्रम खोल्नुभयो । शिष्य महेश्वरानन्द भए । त्रिवेणी पुरीको सन् २००२ मा हरिद्वारको आफ्नै आश्रममा ९९ वर्षमा निधन भयो ।

भारतमा जन्मेर नेपाललाई तपोभूमि, कर्मभूमि बनाए खप्तडबाबा, शिवपुरी बाबाले । यसको विपरित नेपालमा जन्मेर भारतका ७७ अखाडा, आश्रमका पीठाधीश, महामण्डलेश्वरको प्रतिष्ठित पदमा आसीन हुनु भएका पुण्यानन्द गिरिले काठमाडौंको चण्डोल र चित्तौनको शिवनगरमा क्रमशः आश्रम विद्यालय स्थापना गर्नुभएको छ । *भागवत* स्वामीजीको अत्यन्त प्रिय विषय हो । भक्तिको चास्नी बिना वेदान्त ज्ञान नीरस हुन्छ भन्ने उपदेश पुण्यानन्दको प्रवचनबाट हामी पाउँछौं । यसै वर्ष जेठमा काठमाडौंमा उहाँको नौदिवसीय *भागवत* अनुष्ठानबाट हजारौं जिज्ञासु भक्तजन लाभान्वित भए । उहाँले वेदान्तव्यसनी प्रा.शिवगोपाल रिसाल(यसै पुस्तकका भूमिका लेखक)लाई कार्यक्रमको उद्घोष गर्न र भागवती ज्ञानलाई स्पष्ट गरी श्रोतागणलाई बुझाउने कार्यभार समेत सुम्पिनु भएथ्यो ।

वेदान्तका प्रखर प्रवक्ता स्वामी डा.रामानन्द गिरि पनि स्वामी पुण्यानन्द गिरि झैं भारतका सुविख्यात स्वामी महेशानन्द गिरिका शिष्य हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनक-दर्शनमा विद्यावारिधि गर्नुभएका स्वामीजीले आफ्नो शोध ग्रन्थलाई **जनक-दर्शन** पुस्तकको रूप दिंदै प्रकाशित गर्नु भएको छ । उहाँका **रामगीता र माण्डुक्यकारिका टीका** समेत प्रकाशित छन् । **महेश संन्यास आश्रम, देवघाट** गुरुकुल संचालन गर्दै वर्षको धेरै समय काठमाडौंमा वेदान्त प्रवचनमा बिताउन स्वामीजी रुचाउनु हुन्छ ।

यस्तै स्वामी चन्द्रेशले पनि **बूढानीलकण्ठ आश्रम** खोलेर (सन् १९८९ मा) वेदान्त प्रचार गराइरहनु भएको छ । उहाँ योग, कलाको माध्यमबाट ब्रह्म-चिन्तन गर्नु हुन्छ । उहाँ **वैश्वानरवार्ता** प्रकाशनका प्रतिष्ठाता हुनुहुन्छ ।

ख.गृहस्थ वेदान्तीहरू:

वि.सं. २००७ को परिवर्तन पछि काठमाडौंमा **नेपाल दार्शनिक संघ** नामक संस्था स्थापना भयो । यस संस्थाले वेदान्त ज्ञानको प्रचार-परम्परालाई अगाडि बढायो । संस्थाको सत्संगमा सरदार हंसमान सिंह, डा.क्षितीशचन्द्र चक्रवर्ती, गोपालनिधि तिवारी, उहाँका दाजु लोचननिधि तिवारी, भैरव वेदान्ती, वटुकप्रसाद सापकोटा, केशवराज पौडेल, कृष्णकान्त अधिकारीहरू सम्मिलित हुन्थे । भारतका तात्कालीन उपराष्ट्रपतिको रूपमा स्वयं वेदान्ती डा.राधाकृष्णन नेपाल भ्रमणमा आउनु हुँदा राजा महेन्द्र समेत सम्मिलित भै दार्शनिक सत्संगीहरू बीच सहभागी भएको बुझिएको छ । गोपालनिधि तिवारीको कलम पनि चलेकोले उहाँका **शंकराचार्यको जीवनी, योगवाशिष्ट सार** जस्ता पुस्तकहरू प्रकाशित भए । लोचननिधि तिवारीले **गीताको** वेदान्तपरक व्याख्यामा नाउँ कमाउनु भयो । रेडियो नेपालले कैयौं वर्षसम्म उहाँको प्रवचन प्रसारित गऱ्यो । यसै समयतिर गोपालनिधि तिवारीबाट कालमोचनघाटमा २२ दिने **योगवाशिष्ठ** अनुष्ठान शुरु भयो । सोही अनुष्ठानमा गोपालनिधि पक्षघात भै बिरामी पर्नु भयो ।

ती सत्संगीहरूमा प्रखरवक्ताको रूपमा भैरव वेदान्तीको नाउँ चलेको थियो । उहाँको र मार्क्सवादी चिन्तक डा.गोविन्दप्रसाद लोहनीका बीच केही दिनसम्म शास्त्रार्थ चल्यो जसलाई स्वयं राजा महेन्द्रले श्रवण गर्नु भयो । भैरवद्वारा गोविन्द लोहनी पराजित भएपछि राजाबाट ती वेदान्तीलाई **वेदान्त वागीश**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलंकार मिलेको थियो । सत्संग परिवार जाउलाखेलमा केही वर्ष अघि भैरवजी प्रवचन दिन आउनु हुँदा यी पंक्तिका लेखकले शास्त्रार्थ बारे सोद्धा सो कुरा सही भएको र अलंकार समेत मिलेको पुष्टि गर्नु भएको यहाँ स्मरणीय छ । वि.सं. २०१७ सालमा प्रजातन्त्रमाथि प्रहार भएपछि कठोर परिस्थितिका कारणले सो दार्शनिक संघका गतिविधिहरू रोकिन गएको बुझिएको छ ।

वि.सं. २०११ सालमा काठमाडौंमा जनकराज गुरुज्यूको घरमा पं.सोमनाथ सिग्देलको सभापतित्वमा एक दार्शनिक समारोह भएको थियो । समारोहमा राजा महेन्द्र(तत्कालीन युवराज)प्रधान अतिथि हुनुहुन्थ्यो । डा.क्षितीशचन्द्रबाट श्रुतिमा उल्लेखित दुई चरा–पीपलको फल खाने र नखाने विषय(प्रमाता, भोक्ता र साक्षी)मा आफ्नो धारणा राख्नु भएको थियो ।

अद्वैत वेदान्तको काठमाडौंका साथै राजधानी बाहिर पनि प्रचार-प्रसार होस् भन्ने चाहना भएका डा.क्षितीशचन्द्रसँग बन्दीपुर, नारायणगढ, लमजुङका जिज्ञासुहरूको सम्पर्क भै नारायणगढ र डिल्लीजङ गुरुङको निवासस्थान लमजुङमा सत्संगका कार्यक्रमहरू संचालन हुन थाले । २०१७ साल पछिका समयमा २०१८, २०२१, २०२२ सालमा नारायणगढमा यी कार्यक्रमहरू भए । यी सत्संगीहरू गुरुदेव कलकत्ता रहनु हुँदा उहीं गएर सत्संग पनि गर्दथे । यसै क्रममा त्यहाँ भैरव वेदान्ती, गोविन्दराम श्रेष्ठ आदिले **गीता**को सुवोध टीका लेख्न आग्रह गरे र **गीतामृत** (२०१९) लेखियो । यसमा शांकर, वाशिष्ठ र गौडपादीय सिद्धान्तको समन्वय गरिएको पाइन्छ । २०२२ साल वैशाख १९ गतेदेखि दस दिने वेदान्त सम्मेलन सम्पन्न भयो, जसमा नेपालका १२ जिल्लाका जिज्ञासु, मुमुक्षुहरूका साथै भारतका प्रतिनिधिहरूले पनि भाग लिएका थिए । काठमाडौं र बाहिरका सत्संगमा पं.कृष्णकान्त पनि सम्मिलित हुनुहुन्थ्यो ।

वि.सं.२०२३ साल असार २६ गते कलकत्ता, गुरुदेवको निवासस्थान नजिक पार्कमा संध्याकालीन सत्संगको समयमा **अद्वैत संस्था नेपाल**को गठन भयो । **साक्षात्कार** पत्रिका प्रकाशन हुने यस संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रही बन्दीपुर, खुदी, चुँदी आदि ७ ठाउँमा शाखा रहने घोषणा भयो। *(गंगाराम श्रेष्ठ-श्रीगुरु जीवनी)* अद्वैत संस्था नेपालव्यापी भएको छ र त्यो वर्तमान समयमा पनि सक्रिय रूपमा अद्वैत वेदान्तको प्रचार प्रसारमा दत्तचित्त छ ।*(हेर्नू क्षितीशचन्द्र चक्रवर्ती)*

डा.क्षितीश एकातिर संस्था खोलेर वेदान्तको आकाशमा चम्कनु भयो भने अनेकौं स्थानमा सत्संग संचालन गराउँदै जयदेव पौडेल पूर्णचन्द्र झैं नेपाली मुमुक्षुहरू, सतसंगीहरू बीच शोभायमान हुँदै जानुभयो। जयदेवले **हनुमानढोका, सत्संग परिवार** जाउलाखेल आदि स्थानहरूमा प्रवचन, सत्संग संचालन गर्नुभयो।

तात्कालीन बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीले क्षितीशबाबु र जयदेव पौडेलका बीच वेदान्त शास्त्रार्थ गराई श्रवण गर्ने इच्छा गर्नु भएथ्यो तर पछि त्यसमा क्षितीशले आफैं नगई आफ्ना चेला देवेश्वर सरस्वतीलाई पठाएपछि शास्त्रार्थ जम्न सकेन। जयदेवको शांकर वेदान्तमा विशेष दख्खल थियो। **तत्त्वबोध, आत्मबोध** पुस्तकहरूको आधारमा उहाँ प्रवचन दिनुहुन्थ्यो। उहाँका चेलाचेलीहरू काठमाडौंमा थुप्रै छन्। ती जयदेवको सत्संगमा सहभागी भएकोमा गर्व गर्छन्।

श्यामप्रसाद पौडैल(श्यामगुरु) अद्वैत वेदान्त अभियानमा महत्वपूर्ण नाम हो। तन्नेरी उमेरमा क्षयरोग, पत्नीसँग वियोगले गर्दा उहाँ विरक्त हुनुभयो। वेदान्त ज्ञान प्रति उहाँको तीब्र अभिरुचि पहिलेदेखि थियो। सानो ठिमी चिया पसलमा उहाँसँग मेरो पहिलो परिचय भएको थियो। यो वि.सं. २०२७/२८ सालतिरको कुरा हो, जुन बेलामा म **अद्वैत संस्थासँग** सम्बन्धित थिएँ। उहाँसँग दिन-दिनै जसो चिया-पसलमा भेट भै वेदान्त विषयमा छलफल हुन्थ्यो। श्यामगुरुका काका फणीन्द्रप्रसाद पौडेल वेदान्ती हुनुहुन्थ्यो। उहाँ दमैटारमा सोमबहादुर थापाको घरमा जिज्ञासुहरूको भेला गराई सत्संग संचालन गर्नु हुन्थ्यो। यस विषयमा राम्रा कविताहरू पनि लेख्नु हुन्थ्यो। श्यामगुरुले काकाबाट पैतृक गुणको रूपमा वेदान्त प्राप्त गर्नु भयो। उहाँ आफैं राम्रा कविता लेख्नु हुन्छ र काठमाडौ उपत्यकाका धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानमा मासिक-पाक्षिक रूपमा वेदान्त अभियान संचालन गर्दै आउनु भएको छ । **सत्संग परिवार**मा प्रतिमहिना पहिलो शनिवार पछिको सोमबार उहाँबाट डेढ-दुईघण्टा वेदान्त विषयमा सारगर्भित प्रवचन दिने क्रम चलिरहेछ । श्यामगुरुको फटकशिला, सिन्धुपाल्चोकमा भएको दुईदिने सत्संगमा प्रा.शिवगोपालसँग म पनि सम्मिलित भएको थिएँ । उहाँले सानागाउँ, सुन्ताखान(गोकर्णडाँडा), गोकर्णथली, खरीपाटीमा सत्संग संचालन गराउँदै आउनु भएको छ । सुन्ताखानमा स्वामी डा.रामानन्द पनि जानुहुन्थ्यो । तुलसी भण्डारी पनि सहभागी हुन्थे । श्यामगुरुका एक शिष्यको नाम चम्केको थियो कुमाले वेदान्ती जसले शिवपुरी डाँडामा गएर तपस्या गरेथे केही काल ।

पं.केशवराज पौडेल*(हेर्नू केशवराज पौडेल)* वेदान्त अभियानको अर्को उल्लेखनीय नाम हो । उहाँ पनि श्यामगुरु झैं गृहस्थ वेदान्ती हुनुहुन्थ्यो । विदूषीलाई दिइने पुरस्कार उहाँकी छोरी प्रमिला रिसालले पिता पौडेलको नाममा स्थापना गर्नुभएको केही वर्ष भएको छ । वेदान्ती केशवराज एकातिर **नेपाल दार्शनिक संघ**को सत्संग कार्यक्रममा सहभागी हुनुहुन्थ्यो भने लुभु बजारमा २०१९ साल अघि हुने सत्संगमा रामप्रसाद घिमिरेका साथ जानुहुन्थ्यो र अद्वैत वेदान्त ज्ञानोपदेश गर्नुहुन्थ्यो । वेदान्त अभियान संचालनमा अभिरुचि प्रकट गर्ने पवित्र स्थानमा सल्यानस्थान(कीर्तिपुर)पनि पर्छ । त्यहाँको सत्संगमा तात्कालीन महामण्डलेश्वर(दक्षिणामूर्ति आश्रम, बनारस) स्वामी कृष्णानन्द पनि जानुहुन्थ्यो ।

यसैगरी २०१७ सालपछि बनेपा बजार, धुलीखेल, पनौती, खोपासी, चापागाउँ, टीकाभैरव स्थानहरूमा **अद्वैत संस्था**को आयोजना भएका सत्संगहरूमा शिवगुरुका साथ सम्मिलित भएको यस लेखकलाई स्मरण छ । वेदान्त अभियानमा पं.वदरीनाथ भट्टराईको महत्वपूर्ण देन भएको मानिन्छ । मस्तरामबाबा, खप्तडबाबाकासाथै क्षितीशबाबुको सत्संगमा अक्सर देखिनु हुने बदरीनाथ गुरुले **योगवाशिष्ठ**को सारसंक्षेप काव्यात्मक अनुवाद, **रामगीता, विद्यागीता, देवीगीता, गजेन्द्रमोक्ष, हरिस्तुति र दशश्लोकी** (शंकराचार्यकृत) पुस्तकहरूको अनुवाद, टीका, व्याख्या गरेर हामीलाई गुन लाउनु भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। त्यसै गरी शम्भुनाथ प्याकुरेलले **गीता** शांकरभाष्यको अनुवाद, **विवेकचूडामणि**को अनुवाद गर्नु भएको पाइन्छ।

ग.सत्संग परिवारः
वि.सं. २०३५ सालदेखि **सत्संग परिवार** जाउलाखेलले धार्मिक कार्यक्रम खासगरी वेदान्त सत्संग संचालन गर्दै आएको छ। स्व.चक्रबहादुर विष्ट, स्व.हरिप्रसाद पौडेल, विष्णुगोपाल रिसाल आदिको सक्रियतामा यस संस्थाले आधुनिक सत्संग भवन निर्माणका साथै राममन्दिर, शिवमन्दिर, सरस्वती, गणेश मन्दिरहरूका स्थापना (संस्थाको भवन परिसरमा) गरेको छ। पं.सीताराम शर्माद्वारा नित्य पौराणिक प्रवचन र जाडोको २।३ महिना छाडी अन्य समय बिहान र बेलुका वेदान्तपरक प्रवचन कार्यक्रमहरू संचालन गर्नु यस संस्थाको विशेषता हो। प्रति वर्ष कार्यक्रम तालिका अनुसार स्वामी रामानन्द, स्वामी ज्ञानानन्द, स्वामी कृष्णानन्द, स्वामी रमेश भारती, वेदान्ताचार्य भवानीप्रसाद खतिवडा पं.विष्णुप्रसाद न्यौपाने आदिद्वारा यहाँ बिहान स्वाध्याय र साँझ प्रवचन हुने परम्परा नै बसेको छ। यस संस्थाले भक्ति र वेदान्त सम्बन्धी केही पुस्तक, **सत्संग** पत्रिका समेत प्रकाशित गरेको पाइन्छ। केही वर्ष अघि स्वामी आत्मानन्द, भैरव वेदान्ती, स्वामी गौरव पुरी र यसै वर्ष वेदान्ती वटुक सापकोटाहरूबाट भएका प्रवचनबाट यहाँका सत्संगीहरू लाभान्वित भैसकेका छन्। **उपनिषद्हरू, पञ्चदशी, योगवाशिष्ठ, भागवत, भगवद्गीता, सूतसंहिता, माण्डुक्यकारिका** जस्ता ग्रन्थहरूमा आधारित प्रवचनहरू अनुभवी महात्माहरू, वेदान्तीहरूबाट संचालन गर्दै आएको **सत्संग परिवार**ले वेदान्तमा राम्रो दख्खल भएका कप्तान्नी आमा, गंगा कार्की लगायत माताजीहरू *(हेर्नू वेदान्ती माताहरू)* प्रकट गर्न सकेको छ। प्रत्येक आइतवार माताजीहरू मध्यान्हमा भेला भएर वेदान्त सत्संग कार्यक्रम आफैंले संचालन गर्दै आएका छन्। सत्संग परिवारले विदूषीहरूलाई बोलाएर वेदान्त प्रवचन गराउने परम्परा पनि विगत केही वर्षदेखि शुरु गरेको छ। विदूषीहरू अंगूरबाबा जोशी, पन्नादेवी भट्ट, अम्बिका पाण्डे र रेणुका रेग्मी केशवराज पौडेल पुस्कारबाट विभूषित भइसक्नुभएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ.स्वाध्याय परिवार

पुण्यको प्रभावले सत्संगमा अभिरूचि हुन्छ । वि.सं.२०५५ मा नित्य वेदान्त सत्संग कार्यक्रम संचालन गर्ने उद्देश्यले **स्वाध्याय परिवार**, भैरवस्थान, जाउलाखेल स्थापना भयो । प्रा.शिवगोपाल रिसाल(शिवगुरु)♦को नेतृत्वमा स्थापित यस संस्थाले शुरु-शुरुमा सत्संगीहरूको घरघरपिच्छे सत्संग संचालन गर्दै आएकोमा जाउलाखेल रिमाल वंशका थकाली किरणराज रिमालको सदिच्छाबाट उहाँकै जग्गामा सत्संग कक्ष निर्माण भै विगत ४/५ वर्षदेखि सोही स्थानमा(जहाँ **गीता समुदय प्रकाशन**को धार्मिक पुस्तकालय पनि छ) स्वाध्याय संचालित छ । **स्वाध्याय परिवार**को दैनिक प्रात:कालीन सत्संग कार्यक्रममा अहिलेसम्म ३ दर्जनभन्दा बढी श्रुति, स्मृति र न्यायप्रस्थान लगायतका पुस्तकहरू, शंकराचार्यका पुस्तकहरू, **पञ्चदशी, भागवत**को एकादश स्कन्ध जस्ता वेदान्त-ज्ञान र भक्तिपरक ग्रन्थहरूको स्वाध्यायबाट सत्संगीहरू लाभान्वित भएका छन् । **स्वाध्याय परिवारले केही प्रश्न : केही समाधान** पुस्तिका समेत प्रकाशित गरिसकेको छ । यही स्थानमा केही समय स्वामी रमेश भारतीले शंकराचार्यको अन्तिम ग्रन्थ **विवेकचूडामणि** र **श्रीमद्भगवद्गीता** माथि सत्संग संचालन गर्नु भएको थियो ।

ङ.अन्य आध्यात्मिक संस्थाहरू

वि.सं.२०५२ देखि स्थापना भएको **नेपाल पूजा प्रतिष्ठान**ले धार्मिक र सामाजिक कार्य गर्ने लक्ष्य लिए पनि नेपाल एवं भारतका वेदान्ती विद्वान्हरूद्वारा प्रवचन गराउने परम्पराको थालनी गरेको छ । यस संस्थाले २०६१ सालदेखि **सत्य-दर्पण** आध्यात्मिक पत्रिका प्रकाशित गर्दै आएको छ ।

आफ्नो जीवनलाई आध्यात्मिक क्षेत्रमा रूपान्तरित गर्नु भएका श्रीकुलशेखर शर्माको नेतृत्वमा डेढ दशक अघि **गीता समुदय प्रकाशन** स्थापना भई २०५१ सालमा **समुदय** दर्ता भै प्रकाशित हुँदै आएको छ । वेदान्तको अभियानमा यस प्रकाशन संस्था र **समुदय** त्रैमासिक पत्रिकाको योगदान

♦जसको म को हुँ ?, ब्रह्मजिज्ञासा, सुख कहाँ छ ?, अभेददर्शन, ईश्वरको अनुग्रह, अखण्डआनन्द, श्रीखप्तडबाबा, विष्णुसहस्रनामस्तोत्रम् लगायत वेदान्तपरक बीसौं पुस्तकहरू प्रकाशित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष उल्लेखनीय हुन गएको छ । **समुदय**मा वेदान्तपरक लेखहरू, जीवनी, कविता आदिको बाहुल्य पाइन्छ । यस संस्थाले वेदान्तपरक पुस्तकहरू पनि छापेको छ ।

यसैगरी सानेपाको **दुङ्गेधारा सत्संग भवन संरक्षण समितिले अनन्तधारा** त्रैमासिक पत्रिका विगत दुई वर्षदेखि प्रकाशित गर्दै आएको छ । यसमा वेदान्तपरक लेखहरू प्रकाशित हुँदै आएका छन् । यस संस्थाले प्रवचन पनि गराउँछ ।

श्रीराजर्षिजनकस्मृतिकोष (अध्यक्ष शरत्कुमार भट्टराई) २०५५ सालमा स्थापना भएको संस्था हो । यसले आफ्नो घोषणा-पत्रमा 'अद्वैत वेदान्त दर्शनको श्रीवृद्धिका लागि केही योगदान पुऱ्याउने उद्देश्यबाट स्थापना भएको' जनाएको छ । वेदान्त दर्शनका विद्वान्हरू स्वामी डा.रामानन्द गिरि, डा.दीर्घराज घिमिरे, प्रा.शिवगोपाल रिसाललाई यस कोषले सम्मानित गरिसकेको छ । यसले **ब्रह्मजिज्ञासा**(प्रा.शिवगोपाल रिसालद्वारा लिखित)प्रकाशनका साथै **जनक** पत्रिका प्रकाशित गर्दै आएको छ, जसमा गहन वेदान्त दर्शनपरक लेखहरू छापिन्छन् ।

कालिकास्थान स्वाध्यायनलाई पनि यहाँ उल्लेख गर्नु आवश्यक छ । कालिकास्थानमा त्रैलोक्यनाथ उप्रेतीको नेतृत्वमा रिमाल, भट्ट, लोहनी, उप्रेती, श्रेष्ठ थरका स्थानीय सत्संग प्रेमीहरूले नेपाल सांस्कृतिक संघमा भेला भै साप्ताहिक रूपमा वेदान्त विषयमा सत्संग गर्ने परम्परा बसालेको निकै वर्ष भयो । यी सत्संगीहरूले **पञ्चदशी, योगवाशिष्ठ** सम्बन्धमा चर्चा गर्ने गरेको बुझिएको छ । हाल यहाँको सत्संग कार्यक्रममा वेदान्ती पं.विष्णुप्रसाद न्यौपानेले व्यासासनबाट प्रवचन दिने र जिज्ञासाहरू समाधान गर्ने गर्नु भएको छ । यसैगरी घट्टेकुलामा पनि सत्संगीहरू मिलेर सत्संग गर्ने परम्परा बसालेका छन् ।

वेदान्त अभियानमा सघाउ पुऱ्याउने, गृहस्थ सत्संगीहरूले खोलेका कतिपय संस्थाहरू संचालन हुँदै आएका होलान् तिनका बारेमा जानकारी भए यसै पुस्तकको तेस्रो भागको भूमिकामा प्रकाशित गरिनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्ती माताहरू

वेदान्ती जयदेव पौडेलले हनुमानढोकामा आध्यात्मिक प्रवचन कार्यक्रम संचालनको जुन परम्परा शुरु गर्नुभयो त्यसबाट पुरुष वर्गका साथै धेरै माताजीहरू लाभान्वित भएको पाइएको छ । वेदान्त ज्ञानबाट उपलब्धि हासिल गर्ने उहाँका शिष्याहरूमा माता पन्नादेवी भट्ट अग्रणी हुनुहुन्छ । भट्टजी स्वयं **केशवराज-विदूषी महिला पुरस्कारबाट** सम्मानित पनि हुनुभएको छ । **सत्संग परिवारमा** उहाँले गत वर्ष वेदान्त ज्ञान सम्बन्धी अनुभवपरक प्रवचन दिनु भएको थियो । भट्टजीका धेरै शिष्याहरू काठमाडौं उपत्यकामा छन् । जयदेवकै अर्का शिष्या रेणुकादेवी रेग्मी पनि यस वर्ष सो पुरस्कारबाट सम्मानित हुनुभयो । दीर्घकालतक वेदान्त प्रवचनहरूको श्रवण, मनन र निदिध्यासन गर्नु भएका श्रीमती रेग्मीको घरमा साधुहरू, महात्माहरूको स्वागत-सम्मान तथा सत्संगयुक्त आध्यात्मिक वातावरण पाइन्छ ।

जयदेवकै अर्की शिष्या कप्तान्नी आमा हुनुहुन्छ । उहाँ पनि सद्गुरुकी असल शिष्या बनेकोले वर्तमानमा आफैं गुरुको आसनमा आरुढ भैसक्नु भएको छ । जावलाखेलमा उहाँका अनेक शिष्याहरू छन् र माताजीहरूको भेला गराई उहाँ आफूले जानेको, अनुभव गरेको वेदान्त विषय अरूमा संचार गराउँदै आउनु भएको छ ।

यहाँ मैले एक माताको उल्लेख गर्नु आवश्यक ठानेको छु जसले आफ्ना पाँचजना छोरीहरूलाई सानैदेखि शिष्या मानेर गुरुले झैं भक्ति र ज्ञानका उपदेशहरू दिने मात्र होइन, आफ्नै हातले आध्यात्मिक कुराहरू कापीमा लेखेर प्रत्येक छोरीलाई प्रदान गर्ने काम गर्नुभयो । नन्दादेवी पौडेल (भक्त पं.रामलालकी पत्नी)ले आफ्ना सन्तानलाई **'शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि'** भनेर कोक्रामा हल्लाउँदै हुर्केपछि वेदान्त ज्ञान प्रदान गरी ज्ञानी बनाउने माता मदालसाको स्मरण गराउनु भएको छ । उहाँका छोरीहरू देवी, इन्दिरा, मधु, वैदेही, शिवा आमाकै प्रेरणाले गर्दा वेदान्त सत्संगमा डुबेका देखिन्छन् । नन्दादेवीलाई **गीता** कण्ठ थियो र **गीता, भागवत**का श्लोकहरू सुनाउँदै छोरीहरूलाई अध्यात्ममा शिक्षित गराउने कार्य गर्नुहुन्थ्यो । उहाँ शंकराचार्य मठका मठाधीश महात्मालाई सिसौट निवास(रौतहट) लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गई उही शंकराचार्य जयन्ती मनाउने तथा सत्संगका कार्यक्रमहरू संचालन गर्ने गर्नुहुन्थ्यो । केही वर्ष भयो उहाँको शरीर छुटेको ।

मस्तराम बाबाकी शिष्या तेजमाई अद्वैत वेदान्त रसमा डुबेको देखिनु हुन्छ । उहाँ भारतको प्रसिद्ध तीर्थ हृषीकेशमा रहनुहुन्छ । गत वर्ष उत्तराञ्चलका चारधाम तीर्थाटनका बखत लेखक सहित **स्वाध्याय परिवार**का केही सत्संगीहरू मस्तरामबाबाको गुफा र आश्रमका साथै तेजमाईको दर्शन गर्न गएका थियौं । त्यस बखत उहाँले हामीहरूलाई ज्ञानोपदेश दिँदै भन्नुभएथ्यो– पति-पत्नी, छोरा नाति भनेर आसक्त नहुनु, उनीहरूमा सुख खोज्नु मृगतृष्णा झैं हो । नाता-कुटुम्ब भनेको ऋण अनुबन्ध सम्बन्ध मात्र हो । पूर्वजन्मको ऋण चुक्ता गर्न सम्बन्ध जोडिएको । रातदिन आत्माकै विचार गर्नुपर्छ । आत्मा नै सुखको खानी हो, सांसारिक विषयवस्तुले दुःख दिन्छन् । हामीहरू मुग्ध भएर उहाँको वेदान्त-अनुभव आफूमा संचारित गरिरहेका थियौं । ८३ वर्षको वृद्ध शरीरको पर्वाह नगरी उहाँले हामीलाई मस्तराम बाबाको आश्रम घुमाउनु भएथ्यो ।

मस्तराम बाबाकी अर्की शिष्या अम्बिका पाण्डे वेदान्त अभियानमा निकै समर्पित भएर लाग्नु भएको छ । ब्रह्मज्ञानी बाबाका उपदेशलाई उहाँले जीवनमा उतार्नु भएको छ । उहाँका पुस्तकहरू **कामना, आप्त वाक्य, सांग्रिला घाँटीको केही तथ्य र गुरुदेखि सद्‌गुरुसम्म** प्रकाशित छन् ।

वेदान्ती गुरु अम्बिकाप्रसाद अधिकारीकी सुपुत्री एवं केशवराजकी नातिनी इन्दिरा पन्तले सत्संग परिवारमा विदूषीको रूपमा वेदान्त विषयमा अनुभवपरक प्रवचन दिनु भएको सुनेको छु। पिताजी र मातामहबाट उहाँले पैतृक सम्पत्तिको रूपमा वेदान्त ज्ञान पाउनु भएको छ । अंगूरबाबा जोशी पनि वेदान्त सत्संगमा रमाउनु हुन्छ र यसै सम्बन्धमा प्रवचन गर्नु हुन्छ ।

देवघाटमा वेदान्त

भारतको बनारस झैं गुरुकुल शिक्षाको केन्द्र बनेको छ– देवघाटधाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिहर संन्यास आश्रम, गलेश्वर आश्रम, महेश संन्यास आश्रम, अभयानन्द अद्वैत आश्रम लगायत धार्मिक, आध्यात्मिक आश्रमहरू, संस्थाहरू यहाँ कार्यरत छन्। माथि नामोल्लेखित आश्रमका पीठाधीश क्रमश: स्वामी ज्ञानानन्द, स्वामी आत्मानन्द, स्वामी डा.रामानन्द, स्वामी कृष्णानन्द अद्वैत वेदान्तका आचार्यहरू हुनुहुन्छ। उहाँहरूबाट वेद उपनिषद्का साथै वेदान्त दर्शन सम्बन्धी ज्ञान प्रचार हुनुको साथै पुस्तकहरूको स्वाध्याय तथा ती पुस्तकमा आधारित प्रवचन कार्यक्रमहरू संचालन हुँदै आएका छन्। यस लेखक आफैंले रामानन्द, ज्ञानानन्दहरूबाट त्यहाँ दिनु भएको वेदान्त प्रवचन सुन्ने अवसर पाएको छ। **हरिहर संन्यास आश्रम**ले त केही वर्ष अघि शिव गुरुको ९ दिने प्रवचन कार्यक्रमकै आयोजना गरेको थियो। उहाँले **अष्टावक्रगीता** र **गीता**माथि प्रवचन दिनु भएको थियो। देवघाटधामको वारिपट्टिको क्षेत्र कर्म, भक्तिका अनुष्ठानमा जोड दिन्छ भने पारिपट्टिका चतुर्थ आश्रमद्वारा संचालित गुरुकुलहरू र आश्रमहरूले वेदान्तमा जोड दिएको पाइएको छ।

काठमाडौ उपत्यकामा

काठमाडौ उपत्यकामा चतुर्थ आश्रमको योगदानमा अगाडि बढिरहेको वेदान्त अभियान आशाप्रद छ। वि.सं. २०१७ साल अगाडिको समयमा **गीता अध्ययन मण्डल**का अध्यक्ष स्वामी ईश्वरानन्दले वेदान्त अभियानमा महत्वपूर्ण कार्य गर्नु भयो। स्वामीजीले पाटन कोतमा आमजनताका माझ **गीता-प्रवचन** कार्यक्रमको आयोजना गरेर, **गीता**को वेदान्तपरक व्याख्या गरेर जनतामा **गीता**प्रति प्रेमको लहर उठाउनु भयो र हजारौं जनता झैं लेखक निकै प्रभावित भएको थियो। **गीता-प्रवचन** कैयौं हप्तासम्म चलेको थियो। स्वामीजीले वीरगञ्ज, धरानमा **गीता-भवन** बनाएर **गीता प्रचार** कार्यक्रम संचालन गर्नुका साथै **गीता-तात्पर्य** शीर्षक टीकाका साथै **भक्ति तत्त्व मीमांसा, वेदान्तवार्ता** आदि पुस्तक प्रकाशित गराउनु भयो। अद्वैत वेदान्तको अध्ययनको क्रममा **गीता-तात्पर्य** महत्वपूर्ण मानिन्छ।

शंकराचार्य आश्रम, पशुपतिका पीठाधीश स्वामी डा.रामानन्दले धेरै वर्ष अघिदेखि वेदान्त प्रवचन दिदै आउनु भएको छ र जिज्ञासु, मुमुक्षुहरू उहाँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवचनबाट प्रेरित र लाभान्वित भएका छन्। उहाँले गृहस्थका घरघरमा **रामगीता** माथि अंग्रेजीमा प्रवचन पनि केही वर्ष अघि दिनु भएथ्यो।

गलेश्वर आश्रमका पीठाधीश आत्मानन्द गिरिले ललितपुर, चक्रपथ(बागडोल) नजिक **आत्मालोक संन्यास आश्रम** स्थापना गरी **योगवाशिष्ठ** जस्ता ग्रन्थमा प्रवचन दिदै आउनु भएको छ। सत्संगीहरूको चित्तशुद्धि भए पछि नै वेदान्त ज्ञान अड्ने हुनाले स्वामीजीले सत्संगीहरूलाई बेलाबेलामा तीर्थाटनमा लिएर जाने गर्नुहुन्छ।

स्वामी पुण्यानन्द गिरि भारतका ६/७ आश्रम एवं पीठहरूका पीठाधीश हुनुका साथै बनारसको **दक्षिणामूर्ति संन्यास आश्रम**का महामण्डलेश्वर हुनुहुन्छ। उहाँले स्वदेशमा वेदवेदान्तको पठन-पाठनलाई अगाडि बढाउन योगदान गर्नु भएको छ। उहाँले चितवनको शिवघाटमा एक आश्रम स्थापना गर्नु भएको छ भने काठमाडौं, चण्डोलमा **दक्षिणामूर्ति संन्यास आश्रम** खोलेर गुरुकुल संचालन गर्दै आउनु भएको छ। **भागवत** प्रवचनमा दक्षताप्राप्त स्वामीजी **भागवत**का ज्ञानपरक विषयवस्तुहरूमाथि वेदान्तपरक प्रवचनद्वारा सत्संगीहरूलाई लाभान्वित गर्दै आउनु भएको छ। केही वर्ष अघि (२०५८ सालमा) **सत्संग परिवार**को आयोजनामा जाउलाखेल खेलकूद मैदानमा भएको **भागवत** अनुष्ठानद्वारा हजारौं श्रोताहरूलाई उहाँले वेदान्तज्ञानलाई भक्तिको चास्नीमा डुबाएर खुवाउनु भएथ्यो। यसै वर्ष जेठ महिनामा अग्रवाल भवनमा **भागवत** अनुष्ठान भएथ्यो जुन भक्ति एवं ज्ञानको दृष्टिले बेजोड भयो।

स्वामी डा.प्रपन्नाचार्यले सन्त-महात्माहरू, साधु-संन्यासी, गृहस्थ वेदान्ती आदिका जीवनीहरू लेखेर **मिल्लेका झिल्का** मोटो पुस्तक प्रकाशित गर्नु भएको छ। प्रवचन र लेखन दुवैमा उहाँ पोख्त हुनुहुन्छ। यसै क्रममा कैलाशानन्दलाई पनि हामी स्मरण गर्न सक्छौं, जसले सत्संग परिवार लगायत स्थानहरूमा वेदान्त प्रवचनहरू दिनुभयो र दिदै हुनुहुन्छ।

यस क्षेत्रमा संन्यासीहरूको योगदानको क्रममा शंखमूलमा स्वामी हरिहरानन्दले आफ्नो आश्रम(शंखमूल आश्रम)स्थापना गरी वेदान्तमा आधारित प्रवचनद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रोताहरूलाई लाभान्वित तुल्याउँदै आउनुभएको छ । सोही आश्रममा रहनु हुने स्वामी रमेश भारती अद्वैत वेदान्तमा गहिरो रुचि राख्नु हुन्छ र उहाँले आफ्नो ज्ञान नेपाल र भारतका विभिन्न स्थानमा वेदान्त प्रवचनको क्रममा बाँड्दै आउनु भएको छ । यसै क्रममा गंगानन्द सरस्वतीलाई बिर्सन सकिन्न । भारतमा स्वामी चिन्मयानन्दले स्थापना गर्नु भएको **चिन्मय मिशन**को ललितपुर सानेपामा शाखा स्थापना भएको छ, जसले वेदान्त अभियानमा राम्रो काम गर्दै आएको छ ।

व्याकरण र गल्ती : विश्वकोश सन्दर्भ

यो ग्रन्थ लेखन कार्य एकल प्रयास भएकाले व्याकरण सम्बन्धी या अन्य त्रुटीहरू भए होलान्, त्यसका लागि क्षमाप्रार्थी छु । पाठक वर्गको ध्यान विषयवस्तु तर्फ जाओस् । धार्मिक ग्रन्थमा त्रुटीकै खोज गर्नेहरू पनि हुन्छन्, त्यस्ता पाठकहरू विषयवस्तुबाट कम लाभान्वित हुन्छन्, यसमा शंका छैन । **भागवत** *(१।५।११)* मा भनिएको छ– भगवान्‌को चर्चा, गुणानुवाद गरिएको रचना पढ्दा पाप नाश हुन्छ । यस्ता भक्तिपरक कृतिमा व्याकरण सम्बन्धी त्रुटी भए पनि या सुन्दर अलंकृत भाव नभए पनि केही छैन । सत्पुरुष भक्तिरस भएको वाणीकै श्रवण, गान र कीर्तन मन पराउँछन् । व्याकरणका सम्बन्धमा भन्नुपर्दा के प्रष्ट पार्न चाहन्छु भने नेपाली व्याकरण संश्लेषणात्मकतामा भन्दा विश्लेषणात्मकतामा विश्वास गर्छ । त्यसैले शब्दहरूलाई जोडेर होइन अलग्याएर, विभक्ति मात्र जोडेर वाक्यहरू लेखिएका छन् । प्रति, अनुसार, मुताविक, गर्दा, गरेर आदि पदहरू छुट्याइएका छन् । संस्कृत भाषा श्लिष्ट योगात्मक मानिन्छ । यसका शब्दहरूमा अनेक व्यञ्जनहरू जोडिएर रहन सक्छन् (जस्तो समासमा), प्राकृत र नेपालीमा यो नियम लागु हुँदैन । 'भूमिका-फेरि पनि' भूमिका-लेखककै व्याकरण अनुसार छापिएको छ ।

प्रविष्टि र अन्य कुरा

वेदान्त विश्वकोश-१ मा स्वर वर्णबाट उठेका शब्दहरूयुक्त प्रविष्टि ३५० परेका छन् । यस **विश्वकोश-२** मा क-वर्ग र च-वर्ग (व्यञ्जन वर्ण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् क, ख, ग, घ, च, छ, ज र झ वर्णबाट उठेका वेदान्त एवं धर्मपरक शब्दहरू(प्रविष्टि)को संग्रह गरेको छु । यस पुस्तकमा प्रविष्टिहरूको संख्या २६७ पुगेको छ । प्रविष्टिको संख्या कम भए पनि पुस्तकको पृष्ठसंख्या कम भएको छैन, बरु बढेकै छ । कुन वर्णमा कति प्रविष्टि छन् तलको तालिकाबाट प्रष्ट हुन्छ–

क.१२९	ख.९
ग.५४	घ.४
च.३०	छ.३
ज.३६	झ.२

प्रविष्टिहरूको संकलन र लेखनमा उदारवादी दृष्टिकोण अपनाइएको छ । मेरो लक्ष्य वेदान्त ज्ञानको अहंकार बोकेका व्यक्तितत्त्वहरू नभई वेदान्तमा रुचि राख्ने, वेदान्त प्रवचनहरूमा अभिरुचि देखाउने जिज्ञासुहरू तथा सांसारिक दुःख, चिन्ता, टण्टाबाट कसरी मुक्ति पाएर स्थायी सुख पाउने भन्ने विषयमा चिन्तन गर्ने भक्तजन, मुमुक्षुगण नै हुन् । आफ्नो लक्षित समूहलाई वेदान्तज्ञान-सागरसम्म पुऱ्याउन, आकर्षित गर्न तीर्थहरू घुमाउने, पौराणिक कथाहरू सुनाउने, महात्माहरूको जीवनी बताउने कार्य गर्नै पऱ्यो । वेदान्तका पारिभाषिक शब्दहरू मात्रै चयन गर्दा विश्वकोश नीरस, सुख्खा, कठिन हुने हुनाले म उदार भएको हुँ । उपनिषद्मा **अन्नं ब्रह्म** भनेर साधकलाई उठाउँदै लगिएको छ । अन्न नखाए ब्रह्म चिन्तन हुन सक्तैन । ब्रह्म चिन्तनको साधन हो अन्न । ब्रह्म चिन्तन सम्बन्धी गहन कुराहरूलाई पुराणहरूले कथामा, उपमा-रूपक-प्रतीक प्रसंगहरूमा चोपेर सरल र सरस बनाएको पाइन्छन् । कालिय दमन यसको उदाहरण हो ।

जीवनी प्रविष्टिका सम्बन्धमा एउटा नीति-नियम अपनाएको छु । जीवित वेदान्ती महात्मा, साधु, स्वामीहरूका बारेमा लेखिएको छैन । जीवन रहेसम्म कार्य-कृति पूर्ण भएको हुँदैन । फेरि विश्वकोशको तेस्रो भाग पनि त निकाल्नु नै छ । सकभर तेस्रो भागमा नै विश्वकोश प्रकाशनलाई पूर्णविराम लगाउने विचार गरेको छु तर अहिले नै दृढताकासाथ भन्न सकिन्न किनकि म त वेदान्त अन्वेषणको पथमा हिँडेको यात्री हुँ । गन्तव्य कति टाढा छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले नै भन्न सकिन्न, तीर्थको कोश, माइल निर्धारण झैं । फेरि 'यात्री'को आयु कति लामो छ सो पनि थाहा हुन्न । दोस्रो भागको प्रकाशन पछि अलमल नगरीकन तेस्रो भागका लागि संकलन, लेखन कार्य शुरु गरिनेछ ।

हौसला, प्रेरणा, प्रोत्साहन नपाएको होइन तर कमी चाहिं खट्किरहेछ । केहीको घरैमा गएर पुस्तक छोडेर आएँ तर ती विद्वान् न पुस्तक पाएँ भन्छन्, न पुस्तकका बारेमा केही कुरा गर्छन्, न रकम पठाउँछन् । यस्ता घटनाहरू घटेका छन् । **गीतामा** यस्तै व्यक्तिलाई 'कृपण' भनेको होला । सहयोगीहरूको सहयोगको थुप्रोले कृपणलाई दवाइ दिएको छ, त्यसैले नैराश्यले छुन सकेको छैन ।

धन्यवाद

फेरि भूमिका लेखेर हौसला दिनु हुने प्रा.शिवगोपाल रिसाल (शिवगुरु) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । विश्वकोशको तेस्रो खण्ड(सम्भवत: अन्तिम हुनेछ त्यो)का लागि प्रेरणा र आशीर्वाद पनि दिनु भएको छ । **गौरी** पत्रिकाका सम्पादक/प्रकाशक श्रीदिलिप पौडेलबाट शुरुमा पुस्तकको केही अंशका कम्प्युटर टाइपको व्यवस्था भएको थियो । उहाँको छापाखाना समस्याग्रस्त भएपछि त्रिवेणी छापाखानाका संचालक श्रीरामहरि कार्कीले पुस्तक प्रकाशनको अभिभारा लिएर द्रूत गतिमा काम गरिदिनु भएको हो । उहाँ साधुवादका पात्र हुनुहुन्छ । **गौरीले** पहिलो खण्ड(भाग)को प्रचार, प्रसार (साभारजनाई) गरेकोमा त्यो गुन बिर्सन सक्दिन ।

यस पुस्तकका लागि सहयोग बिस्तार गर्ने काम केही भएको छ । नयाँ सहयोगीहरूलाई धन्यवाद । पुराना सहयोगी एवं मित्र कृष्णमान श्रेष्ठ, मेरा आफ्नै जेठा दाजु/भाउजू मदनप्रसाद/सुशीला रिमाल, उहाँका भाइ कमल अर्याल स्थूल देहत्यागी अनन्तको यात्रामा हिंड्नु भएको छ । उहाँहरूको आत्मालाई शान्ति मिलोस् ।

पुस्तकको आवरणकलाको कम्प्युटर डिजाइन गर्ने श्रीआनन्दराज शाक्यलाई समेत धन्यवाद दिन्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क

क : व्यञ्जन वर्णमा क-वर्गको प्रथम अक्षर । *कामधेनुतन्त्र*मा क- अक्षरको महत्त्व बताइएको छ–

ककाराज्जायते सर्वं कामं कैवल्यमेव च ।
अर्थश्च जायते देवि तथा धर्मश्च नान्यथा ॥

क- को अर्थ सुख पनि बताइएको छ– **कमिति सुखनाम** । कः भन्नाले कर्ता, प्रभु बोध हुन्छ– **करोति इति कः**। यसको अर्थ ब्रह्मा, विष्णु, कामदेव, अग्नि, वायु, यम, सूर्य, आत्मा *(यी मंगलाचरणका नामहरू पनि हुन्)* आदि समेत हुन्छ । *(आप्टे-सं-हि. कोश)*

कच : देवगुरु बृहस्पतिका पुत्र । देवताहरूले कचलाई मृतसञ्जिवनी विद्या प्राप्त गर्न असुरगुरु शुक्राचार्यको आश्रममा पठाए । असुरहरूले कचले मृतसञ्जिवनी विद्या सिकेर देवताहरूलाई अमर बनाउन नसकून् भनेर कचलाई तीन पल्टसम्म मारे तर छोरी देवयानीको आग्रह टाल्न नसकी शुक्रचार्यले प्रत्येकपल्ट शिष्यलाई बचाए । देवयानीले विवाह प्रस्ताव राख्दा कचले 'गुरुपुत्री तिमी मेरी बहिनी हौ, विवाह गर्न मिल्दैन' भने । रिसाएकी देवयानीले श्राप दिइन्- जुन विद्या तिमीले सिकेका छौ त्यो शक्तिहीन हुनेछ ।

कचमा प्रवृत्ति मार्गमा रुचि थिएन । तन्नेरी अवस्थामा पुगेपछि उनले पिता बृहस्पतिसँग सोधे- संसाररूपी पिंजराको सुगा भएका छन् संसारी जीवहरू, उनीहरूको पिंजराबाट मुक्त हुने उपाय के हो ? बृहस्पतिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'सर्वत्याग'को महिमा बारे उपदेश दिए- तिमी पनि सर्वत्याग गर र मुक्त बन ।

कचले सर्वत्याग भनेको गृहत्याग हो भन्ने ठाने र घरबार त्यागेर जंगलको गुफामा गई तपस्या गर्न लागे । आठ वर्षसम्म तपस्या गर्दा पनि कचलाई शान्ति मिलेन । बृहस्पति पुत्र सामु पुगे र सम्झाए- सर्वत्याग भएन तिम्रो, बुझेर सर्वत्याग गर- यही हो मुक्तिको उपाय । कचले आसन र मृगचर्म फालिदिए र तीन वर्षसम्म फेरि तपस्या गरे । तर शान्ति भएन । बृहस्पतिले पुत्रलाई भेटेर पुनः संझाए- सर्वत्याग भनेको चित्तत्याग हो । 'सर्व'को अर्थ चित्त हो, त्यही त्याग । केही कालसम्म चित्तका बारेमा कचले चिन्तन गर्दैरहे । पछि पितासँग 'चित्त के हो' ? भनेर सोधे । बृहस्पतिले मुमुक्षु पुत्रलाई बताए- अहंकार नै हो चित्त । अहंकार त्याग । आत्माको अज्ञानबाटै अहंकार पैदा हुन्छ । अहंकार त्यागेर स्वरूपमा रहू । कचले पुनः सोधे- अहंकार कसरी त्यागिन्छ ? बृहस्पति- फूल मिच्न, आँखा खोल्न र चिम्लन पनि यत्न चाहिन्छ तर अहंकार त्याग्न कुनै यत्न चाहिन्न किनकि यो भएको वस्तु होइन, भ्रमले उत्पन्न भएको हो- डोरीमा सर्प झैं, मरुस्थलमा जलको भ्रम झैं । तिमी आत्मा हौ, तिमीमा अहंकार छैन । चित्त नष्ट भएपछि आत्मा प्रकाशित हुन्छ ।

पिताको उपदेशलाई दृढताका साथ ग्रहण गरे कचले अनि उनमा मनोनाश, वासनाक्षय र तत्त्वबोध भयो । उनी जीवन्मुक्त भएर विचरण गर्न थाले ।*(योगवाशिष्ठ- नि.प्रकरण/पूर्वार्ध)*

*योगवाशिष्ठ*को स्थिति प्रकरणमा पनि कच सुमेरु पर्वतमा बसेर साधना गर्दा-गर्दै अद्वैत-दृष्टि सम्पन्न भएको, 'म आदि र अन्तरहित अनन्त आत्मा हुँ' भन्ने बोध भएको प्रसंग पाइन्छ ।

कठरुद्रोपनिषद् :उत्तरकालीन यो उपनिषद् कठ शाखा एवं रुद्र देवतासँग सम्बन्धित छ । यो १०८ उपनिषद् मध्येको हो । देवताहरूले जिज्ञासा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेपछि ब्रह्माजीले जुन ब्रह्मविद्याको उपदेश गर्नुभयो सोही विषय यसमा समावेश गरिएको छ ।

कुनै पनि कर्म, प्रयत्न या सन्तानद्वारा ब्रह्मको प्राप्ति हुन्न । ब्रह्म स्वयंप्रकाश वस्तु हो । यो अवर्णनीय छ । सत्य, ज्ञान एवं आनन्दस्वरूप छ । संसारको नाउँ अज्ञान या माया हो । डोरीबाट सर्पको प्रतीति भए झैं ब्रह्मबाट शब्द, स्पर्शादि विषय उत्पन्न भएका हुन् । मनुष्य त्यस ब्रह्मलाई जानेपछि सुखी हुन्छ जो सबैको आत्मा भएर विद्यमान छ । यो बिना कोही जीवित रहन सक्तैन । निर्द्वन्द्व-निर्गुण ब्रह्मलाई जान्ने व्यक्ति भयमुक्त हुन्छ । गुरुजनको उपदेशबाट ब्रह्मज्ञान गर्ने साधक शुभ र अशुभ कर्महरूबाट मुक्त भै चम्किलो सूर्य जस्तो ब्रह्मलाई जान्दछ । वेदान्तमा आत्मालाई नै ब्रह्म, ईश्वर, जीव, प्रमाता आदि भनेर बताइन्छ । यो भेद अनेकतामा एकता बुझाउनका लागि हो । ब्रह्म या शुद्ध चैतन्य मायारहित हो । ब्रह्म मायासहित भए ईश्वर र अज्ञानसहित भए जीव कहलाउँछ । अन्त:करणको कारण उही प्रमाता, तद्वृत्तिले गर्दा प्रमाण बन्छ । आफूलाई उपाधि(अज्ञान)रहित मानेपछि ब्रह्मज्ञान हुन्छ । यसरी ब्रह्माजीले ब्रह्मज्ञानको उपदेश दिएर देवताहरूको जिज्ञासा शान्त गर्नुभयो ।

कठिनत्रयी : नवौं शताब्दीका वाचस्पति मिश्रको *भामती*, बाऱ्हौं शताब्दीका श्रीहर्षको *खण्डन खण्डनखाद्य* र मधुसूदन सरस्वतीको *अद्वैतसिद्धि* यी तीन ग्रन्थ कठिनत्रयी कहलाउँछन् ।▲

यी तीन पुस्तकहरू यस्ता ग्रन्थ हुन् जसले अद्वैत विरोधी मतहरूको तार्किक खण्डन प्रस्तुत गर्छन् । वेदान्तका सामान्य जिज्ञासुका लागि यी ग्रन्थ 'बुझ्न कठिन' भएकाले कठिनत्रयी भनिएको हो । अद्वैत वेदान्तका धुरन्धर पण्डित वाचस्पति मिश्रको *भामती* व्यासकृत *ब्रह्मसूत्र*माथि शंकराचार्यद्वारा लिखित *ब्रह्मसूत्रभाष्य* (शारीरक भाष्य) माथिको

▲ *डा.जगदीश-अ.वेदान्तकी तार्किक भूमिका*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टीका हो ।

उपनिषद्, *गीता* र *ब्रह्मसूत्र*लाई प्रस्थानत्रयी भन्ने चलन चलेको देखिन्छ । यहाँ प्रस्थानको अर्थ हो- जसमा ब्रह्मविद्या आधारित छ (**प्रतितिष्ठति ब्रह्मविद्या येषु तत् प्रस्थानम्**) । प्रस्थानत्रयीमा शंकराचार्यले भाष्यहरू लेखेका छन् । एकातिर शंकराचार्य अद्वैत वेदान्तको पक्षमा उभिएका देखिन्छन् भने रामानुज, निम्बार्क, मध्वाचार्य र बल्लभाचार्यहरूका क्रमशः विशिष्टाद्वैत, द्वैताद्वैत, द्वैतवाद र शुद्धाद्वैत सम्प्रदायहरू पनि चलेका छन् । यी सम्प्रदाय वैष्णव वेदान्तको नामले प्रसिद्ध छन् । वेदान्तका सबै सम्प्रदायले प्रस्थानत्रयीको आश्रय लिएका छन् ।

कठोपनिषद् : *कृष्णयजुर्वेद*को कठशाखा अन्तर्गतको कठोपनिषद् अति प्रसिद्ध उपनिषद् हो । यस कठश्रुतिमा दुई अध्याय छन् । प्रत्येक अध्यायमा तीन-तीन वल्लीहरू छन् । वाजश्रवस ऋषि उद्दालकको विश्वजीत यज्ञको प्रसङ्गबाट यो उपनिषद् शुरु हुन्छ । वाजश्रवस पुत्र नचिकेता र यमराजको भेट, नचिकेताको ब्रह्मजिज्ञासाबाट यमराज प्रभावित हुनु, उनले वर दिनु, मुख्य वरको रूपमा ब्रह्मज्ञान प्राप्त गरी नचिकेता फर्कनु- यी यस उपनिषद्का विषय हुन् ।

आफ्ना पिताजीले विश्वजीत यज्ञका अवसरमा रोगी, दुर्बल र बूढी गाईहरू दान दिएको देखेर असन्तुष्ट बालक नचिकेताको मुखबाट यस्तो वाणी निस्क्यो– पिताजी मलाई कसलाई दान दिनुहुन्छ ? ऋषि पिता बोलेनन् । बालक पुत्रले पटक-पटक सोही प्रश्न दोहोर्‍याइरह्यो । दिक्क भएर पिताले जवाफ दिए– तँलाई म यमराजलाई दिन्छु । नचिकेता पिताको अप्रत्याशित अशुभ जवाफ सुनेर निराश भएनन् । उनले मनमनै पिताको वाणीलाई साँचो तुल्याउने अठोट गरे । तर वाजश्रवस ऋषिलाई आफूले बोलेको अशुभ वचन प्रति पछुताउ भइरहेथ्यो । नचिकेताले 'म यमराजकहाँ जान्छु, बिदा दिनोस्' भन्न थाले । बालहठ टार्न कठिन छ । उनी यमलोक पुगे । यमराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहिर गएका थिए । यमराजको दरबारमा नचिकेता तीन दिनसम्म भोको, प्यासो अवस्थामा रहे । यमराज फर्केपछि ब्राह्मण-पुत्र तीन दिनसम्म आफ्नो दरबारमा भोकै रहेको बुझेर उनी दुःखी भए र 'तीन वटा वर माग' भने ।

नचिकेताले आफू फर्कंदा पिताले क्रोधरहित, शान्तचित्त र सन्तुष्ट भएर स्नेहका साथ व्यवहार गरुन् भन्ने पहिलो वर मागे । दोश्रो वरको रूपमा स्वर्गलोक पुऱ्याउने अग्निविद्याको उपदेश पाऊँ भनेर जनकल्याणको कामना व्यक्त गरे । उनको तीक्ष्ण बुद्धि देखेर यमराज खुशी भए र अतिरिक्त वर पनि दिए– अग्निको नचिकेताग्नि नामाकरण । तेश्रो वरको रूपमा नचिकेताले अति महत्त्वपूर्ण कुरा मागे ब्रह्मज्ञानी यमराजसँग । उनले भने- देहावसान पछि कोही भन्छन्- आत्मा रहन्छ, कोही भन्छन्– आत्मा समेत रहँदैन । यसबारे म सही कुरा जान्न चाहन्छु । आत्मज्ञान नै मेरो तेश्रो वर हो । बालकले आत्मज्ञानोपदेशको वर मागेपछि यमराजलाई आश्चर्य लाग्यो । उनले भने– आत्मज्ञान अर्थात् वेदान्तविद्या सूक्ष्म छ, सुविज्ञेय छैन, त्यसैले यो वर त्यागेर अरू नै वर माग । उनले फकाउन थाले– नचिकेता ! आफ्नो दीर्घायु, छोरा, नाति, पनाति सहितको ठूलो सुखी परिवारको वर माग । गोधन, हात्ती, सुवर्णादि, भूमण्डलको महान् साम्राज्य, स्वर्गका सुन्दरीहरू आदि माग्न सक्छौ तर आत्मतत्त्व विषयक वर चाहिँ नमाग । यमराजले नचिकेताको परीक्षा लिँदै गए, ब्रह्मविद्याका लागि पात्र हो कि होइन जाँच गर्दै गए । नचिकेतामा वैराग्य, तीव्र जिज्ञासा, तीव्र बुद्धि पाएर उनी खुशी भए । उनले षट्विकार रहित आत्माका सम्बन्धमा उपदेश गरे–

अजो नित्यःशाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥ *(१।२।१८)*

शास्त्रहरू पढेर, प्रवचन दिन सिपालु भएर आत्मलाभ हुन्न । न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धिको विकास, श्रवणादिबाट नै आत्मज्ञान हुन्छ । आत्मा-परमात्माको कृपा पाउने साधकका सामु योगमायाको पर्दा हटाएर परमात्मा प्रकट भैदिनुहुन्छ भनी यमराजले बताए –

नायमात्मा प्रवचनेन लभ्यो
न मेधया न बहुधा श्रुतेन ।
यमेवैष वृणुते तेन लभ्य-
स्तस्यैष आत्मा विवृणुते तनूं स्वाम् ॥

(ऐजन- २३)

शरीररूपी रथमा आत्मा रथीको रूपमा रहेको छ । उनका सारथी भनेको बुद्धि हो, इन्द्रियहरू घोडा हुन् र मन नै लगाम हो ।

(ऐजन १।३।४३)

आत्मा, परमात्माको स्वरूप, बुद्धि, विवेक, लय-योग, अखण्डाकार वृत्ति, ज्ञानचक्षु, तुरीय स्थिति, ज्ञानीको अभय-स्थिति, अभेद-दर्शन, रूपज्ञान आदि विषयमा प्रकाश पार्दै यमराज शिष्य नचिकेतालाई सचेत तुल्याउँदै भन्छन्–

उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत
क्षुरस्य धारा निशिता दुरत्यया,-
दुर्गं पथस्तत्कवयो वदन्ति । *(१।३।१४)*

उठ, जाग, श्रेष्ठ एवं ज्ञानी पुरुषसँग सत्संग गरेर तिनबाट ज्ञान प्राप्त गर । ज्ञानी पुरुषहरूको भनाइ छ– ज्ञानको पथ तरबारको धारमा हिँड्नु झैं कठिन छ । त्यसैले सतत् जागा रहेर साक्षात्कारका लागि कठोर साधना गर । आत्मचिन्तनबाट परमात्मालाई भेट्न खोज किनकि उहाँ अन्तरात्मारूपबाट हृदयमा विराजमान हुनुहुन्छ । अन्त्यमा नचिकेता आत्मज्ञान प्राप्त गरी पृथ्वीमा फर्केर आए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कणाद महर्षि : वैशेषिक दर्शनका प्रणेता । *वैशेषिकसूत्र* यिनको ग्रन्थ हो । कश्यप गोत्रका ऋषि कणादले शिलोञ्छ खोजेर अर्थात् बाली भित्र्याएपछि खेतमा छरिएका अनाज आदि खोजेर जीविका गर्ने गर्दथे । त्यसैले यिनको नाम कणाद (गेडा, दाना खोजेर खाने) रह्यो । कण अर्थात् अणुको सिद्धान्त प्रवर्तक भएकाले कणाद नाउँ रहेको पनि भनिन्छ । कणादले आफ्नो ग्रन्थमा प्रमेय (प्रमाणद्वारा बताइने) आत्मा र अनात्माको विवेचना गरेका छन् । वैशेषिक दर्शनलाई परमाणु सृष्टिवादी दर्शन पनि भनिन्छ । ईश्वरको इच्छाले जड परमाणुमा गति पैदा हुन्छ र सृष्टि हुन्छ भन्ने सिद्धान्त यसको छ ।

कणादले समस्त जगत्को रचना परमाणुबाट बनेको छ भन्ने सिद्धान्त प्रतिपादन गरे । सृष्टिका लागि छ प्रकारका पदार्थ चाहिन्छ क.द्रव्य, ख.गुण ग.कर्म घ.सामान्य (पदार्थ) ङ.विशेष च.समवाय । द्रव्य अन्तर्गत पञ्च महाभूत, काल, दिशा, आत्मा र मन पर्छन् ।

वैशेषिक दर्शनले प्रत्येक शरीरमा एकै आत्मा रहेको मानेन । सबै शरीरमा एकै आत्मा रहने हो भने सबैको जन्म र मरण एकैसाथ हुने थियो । आत्मा अनन्त छ । जुन आत्मा मुक्त हुन्छ त्यो पनि प्रलयपछि नवीन सृष्टिको समयमा फर्केर आउँछ । आत्मा नित्य द्रव्य हो । वैशेषिक दर्शनको एक सूत्र यस्तो छ- **आत्मन्यात्ममनसो संयोगविशेषादात्मप्रत्यक्षम्** *(९/११)* । जीवात्माले प्रयत्नपूर्वक आत्मा र मनको योग गराउन सकेमा आत्माको प्रत्यक्ष ज्ञान हुन्छ । वैशेषिक दर्शनको पहिलो सूत्र हो- **अथातो धर्म व्याख्यास्यामः** । अब धर्मको व्याख्या गर्नेछु । 'अथ'को अर्थ हो क.मांगलिक कामना र ख.ग्रन्थ आरम्भको सूचक । चार पुरुषार्थमध्ये धर्म पहिलो हो । धार्मिक नभै कोही मोक्ष मार्गको यात्री बन्न सक्दैन । त्यसैले कणाद महर्षिले शुरुमा धर्मकै व्याख्या गरे । उनले धर्मको परिभाषा दोश्रो सूत्रमा दिएका छन्- **यतोऽभ्युदयनिःश्रेयससिद्धिस्स धर्मः** । जसबाट यथार्थ ज्ञान (तत्त्वज्ञान) र मोक्षको सिद्धि हुन्छ त्यही धर्म हो । कणादले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारको महत्त्व बताए–**संस्काराभावे गुरुत्वात् पतनम्** *(ऐ १८)* संस्कार भएन भने वाण भारको कारणले भुईंमा खस्छ । धनुमा चढाएको वाण छाड्नुबाट बेगको संस्कार बन्छ । त्यस्तै वर्ण, जाति अनुरूप कर्मको संस्कार भएन भने संस्कारहीन व्यक्तिको पतन हुन्छ, पुरुषार्थको लक्ष्य भेदन गर्न सक्दैन उसले ।

कणादले 'अदृष्ट'को प्रसंग निकालेका छन्- **तद्विशेषणाऽदृष्टकारितम्** *(५।२।२)* अर्थ- अघिल्लो सूत्र अनुसार पृथ्वीको क्रिया विशेष हुन् भासिनु, भूईंचालो जानु आदि जुन **(अदृष्ट कारितम्)**-ईश्वरको प्रेरणाबाट हुन्छ ।

कन्फ्यूशियस : चीनका महान् गुरु। चीनमा कन्फ्यूशियसको जन्म नेपालमा बुद्ध जन्मेको १२ वर्षपछि ५५१ ई.पू.मा भएको थियो । यिनको निधन ४७९ ई.पू.मा भयो । यिनी भन्दथे– विश्वको चरम तत्त्व उर्ध्वशक्ति हो । मानिस त्यही शक्तिको अंश भएकाले स्वभावतः ऊ खराब होइन । खराब वातावरणले उसलाई बिगार्छ, कुसंगतले पतन गराउँछ । आत्मसंयम जस्तो गुणका साथ उर्ध्वशक्ति तर्फ बढ, तिम्रो कल्याण हुनेछ ।

उच्च नैतिक आदर्श भएका यी चिन्तकले मानिसहरूलाई असल आचरण सिकाउँथे– अरूबाट जस्तो व्यवहारको चाहना गर्छौ, त्यस्तै व्यवहार तिमीहरूले अरूहरूसँग गर्नुपर्छ । कन्फ्यूशियसले आफूलाई अलौकिक र देवदूत मानेनन् तर पछि उनका अनुयायीहरूले उनको मन्दिर बनाएर पूजा गरे । विश्वमा कन्फ्यूशियस मत मान्नेहरूको संख्या साढे छत्तीस करोड मानिन्छ ।[Ω] तीन वर्षमा यी पिताहीन बने । माताको लालनपालनमा हुर्के र चौध वर्षको उमेरमा त्यस समयको शिक्षकल्ले पढाउने विद्या सबै पढे। चौबीस वर्षको उमेरमा आमाको निधनपछि यी एकान्तचिन्तक बने। सत्ताइस वर्षमा पत्नीसँग खटपट परेको कारणले पत्नीलाई त्यागिदिए र दार्शनिक जीवन बिताउन थाले ।

Ω *-डा.रा.पाण्डेय-हि.धर्मकोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लू राज्यका राजाले आफ्नो राज्यको सुधार र उन्नतिका लागि कन्फ्यूशियसलाई मन्त्री बनाए। मन्त्रीले न्यायाधीशको काम पनि गर्नपर्दथ्यो । यिनको मन्त्रीत्त्व कालमा त्यस राज्यको ठूलो प्रगति भयो र छिमेकी राज्यको राजा इर्ष्यालु भयो । त्यस राज्यको राजाले प्रशिक्षित सुन्दरीहरूको एक दल उपहार स्वरूप लू राज्यलाई भ्रष्ट-नष्ट पार्न पठायो । कन्फ्यूशियसले राजालाई सजग बनाउन खोजे तर राजा विषयलम्पट बन्दै गएको देखेर मन्त्रीपद त्यागेर आफ्नो घर फर्के । एक वर्षपछि पुत्र-वियोग समेत सहन पऱ्यो । एक दार्शनिकले जसरी आफूमाथि आइपरेका विपत्तिहरूलाई स्वप्नका घटना झैं ठानेर पर्वाह गर्दैन, त्यही प्रकारले कन्फ्यूशियसले दुःखद घटनाहरूलाई अविचलित भै सहे । उनले आफ्ना शिष्यहरूका साथ एक राज्यबाट अर्को राज्यमा आफ्नो मतको प्रचार गर्दै भ्रमण गरे ।

महात्मा लाओत्से उनका समकालीन थिए, जो बेइजिङ नगरको नजिक एक वनमा तपस्या गरिरहेका थिए। कन्फ्यूशियस लाओत्सेसँग भेट गर्न गए । एकान्तवासी तत्त्वचिन्तकसँग जनताका माझ ज्ञानको ज्योति बाल्दै हिंड्ने सन्तको भेट सुखद् रहेन । लाओत्सेले कन्फ्यूशियसलाई साधारण कोटिको व्यक्ति माने । शुरुमै उनले सोधे– उता(ब्रह्म)का बारेमा तिमीले के जानेका छौ ? कन्फ्यूशियसले जवाफ दिए– ब्रह्मज्ञान प्राप्त भएको छैन तर ब्रह्मचिन्तन गरिरहेको छु ।

एक तपस्वी महात्माले आफू प्रति अप्रिय व्यवहार गरे पनि कन्फ्यूशियसले पर्वाह गरेनन् किनकि उनी उदारहृदयी र सहिष्णु थिए। आफूलाई परमात्माको अंश सम्झेर, परमात्मा प्रति समर्पित भएर लोकसंग्रहमा लागेको दार्शनिकलाई एक गुफावासी तपस्वीले गरेको अप्रिय व्यवहार बाहिरी व्यक्तित्वका लागि हो, साक्षी चैतन्यलाई त्यसले छुँदैन भन्ने लाग्नु स्वाभाविक छ ।

कन्फ्यूशियसका उपदेश यस्ता छन् :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. मनुष्यको सर्वोच्च धर्म आत्माको पूर्णत्त्व प्राप्ति हो ।
२. आत्मज्ञान गर, तिमी पूर्णकाम बन्नेछौ ।
३. धर्म भनेको ज्ञान हो र अधर्म हो अज्ञान ।
४. ज्ञानको प्रभावले गर्दा नै आफ्नो अज्ञान जानिन्छ (साक्षीबोध हुन्छ) ।
५. आत्मा अमर छ । अज्ञानले गर्दा उसको (जीवको) पुनर्जन्म हुन्छ र जन्म-जन्मान्तरसम्म कर्मफल भोग भैरहन्छ ।

कपिलगीता : विष्णु भगवान्का चौबीस अवतारहरू मध्ये पाँचौं अवतारको रूपमा सिद्धहरूका स्वामी कपिलदेवको देवहूतीको गर्भबाट जन्म भयो । पिता कर्दम ऋषिले विष्णुको अवतरण भएको जानेर भगवान्को स्मरण गर्दा उहाँ आफ्नै स्वरूपमा प्रकट हुनुभयो । ऋषिले 'गृहस्थ जीवनबाट मुक्त भै तपाईंकै भक्तिमा शेष जीवन बिताउन चाहन्छु' भन्दा विष्णु भगवान्ले भन्नुभयो– लुप्त भएको ज्ञानमार्गको प्रकाश-प्रचारका लागि कपिलको रूपमा मेरो अवतरण भएको छ । मेरो भक्तिले तिमीले परम पद पाउने छौ । माता देवहूती पनि मैले दिएको साङ्ख्यशास्त्रको ज्ञानले मुक्त हुनेछिन् । *(भाग.३।२४)*

भागवत तृतीय स्कन्ध पच्चीसौं अध्यायदेखि तेत्तीसौं अध्यायसम्म मुमुक्षु देवहूतीलाई कपिलले ज्ञानमार्गको उपदेश दिएका छन् । यही ज्ञानोपदेश *कपिलगीता* कहलाउँछ । यसमा प्रकृति (प्रधान) र प्रकृतिका कार्य चौबीस तत्त्वहरूको उत्पत्तिको वर्णन, प्रकृति-पुरुषको विवेकबाट मोक्ष-प्राप्ति, अष्टाङ्ग योगको विधि, भक्तिको मर्म, कालको महिमा, देह-गेहमा आसक्त पुरुषहरूको अधोगति, गर्भस्थ जीवको दु:ख-पुकाराको वर्णन, धूम-मार्ग र अर्चिरादि मार्गबाट जानेको गति एवं भक्तियोगको उत्कृष्टताको महिमा अनि देवहूतीको तत्त्वज्ञान र मोक्ष पदको प्राप्ति विषयहरू समावेश गरिएका छन् ।

पञ्च महाभूत, पञ्च तन्मात्रा, दश इन्द्रियहरू, मन, बुद्धि, चित्त र अहंकार– यी चौबीस तत्त्व मायाका कार्य हुन् । माया पच्चीसौं तत्त्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो। यी सब मिलाएर विराट पुरुषको उत्पत्ति गरियो। इन्द्रियका देवताहरू, मन, बुद्धि र अहङ्कारका देवताहरू विराट पुरुषका अवयवहरूमा प्रवेश भए– सुतेका पुरुषलाई उठाउन तर यी प्रयास व्यर्थ सावित भए। चित्तको अधिष्ठाता क्षेत्रज्ञ (वासुदेव) चित्तसहित हृदयमा प्रवेश गर्ने वित्तिकै (प्राण हालेको मान्छे उठे झैं) विराट पुरुषको उत्थान भयो।

कपिल तत्त्वज्ञानका जिज्ञासु आफ्नी आमालाई भन्छन्– जलमा देखिएको प्रतिबिम्बबाट आकाशको सूर्यको ज्ञान हुन्छ, त्यसैगरी परमात्माको प्रतिबिम्बयुक्त अहंद्वारा सत्यज्ञानस्वरूप परमात्माको दर्शन हुन्छ। जाग्रतमा आत्मा(परमात्मा)द्रष्टा तथा साक्षी रूपमा अनुभूत हुन्छ भने सुषुप्तिमा मन, बुद्धि, अहंकार सहित सबै कुरा अज्ञानमा लीन भै आफू चैतन्य मात्र बाँकी रहन्छ।

भक्तिको र ज्ञानको आश्रयमा रही, सांसारिक मोह-त्याग (वैराग्य), ध्यानाभ्यास, चित्तको प्रगाढ एकाग्रता– यी साधनहरू अपनाएपछि अविद्या क्षीण हुँदै जान्छ। धैर्यवान् भक्त प्रति भगवान्को महती कृपा भै ऊ आत्मानुभवपूर्वक तत्त्वज्ञान गरी सम्पूर्ण संशयबाट मुक्त हुन्छ, उसले कैवल्य पाउँछ–

मद्भक्तः प्रतिबुद्धार्थो मत्प्रसादेन भूयसा।
निःश्रेयसं स्वसंस्थानं कैवल्याख्यं मदाश्रयम्॥

(भाग. ३।२७।२८)

केवल कर्मले कल्याण हुँदैन। देवताहरूको आराधनाले पुण्य सञ्चय हुन्छ। पुण्यले उत्तम लोकहरूको भोग गराउँछ। पुण्यक्षय भएपछि पुनः मर्त्यलोकमा फर्कन्छ मानिस। त्यसैले कर्मफलको इच्छा नराखी भगवान्को भक्ति गर्नुपर्छ। यस्तो भक्तिले वैराग्य र ज्ञान उत्पन्न हुन्छ। ब्रह्म एक छ, निर्गुण छ, ज्ञानस्वरूप छ। जीवको शरीररूप ब्रह्मांण्ड पनि ब्रह्म नै हो किनकि यसको उत्पत्ति ब्रह्मबाटै भएको छ। यो रहस्य उही योगीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानेको हुन्छ जसमा श्रद्धा, भक्ति र वैराग्य छ अनि योगाभ्यासद्वारा जसको चित्त एकाग्र भएको छ र जसको बुद्धि असङ्ग छ। *(ऐजन-३।३२।३०)*

भगवान्‌को अवतार कपिलको यस्तो उपदेशलाई आत्मसात् गरेकी देवहूतीले आफ्नो आश्रम त्याग गरेर सरस्वती नदीको किनारमा गई तपस्यामा लीन भइन् र अन्त्यमा भगवद्‌रूपमा प्राप्त भइन्। *(ऐजन-अध्याय-३३)*

कपिल मुनि : सांख्यदर्शनका प्रवर्तक। यिनको दर्शनयुक्त *सांख्यसूत्र* ६ अध्यायहरूमा विभक्त छ। यिनको जन्मस्थल गुजरातको सिद्धपुर तथा तपोभूमि नेपालको कपिलवस्तु मानिन्छ। बौद्ध परम्परा (दिग्घ निकाय) अनुसार पिपरहवामा अयोध्याबाट निष्काशित इच्छाकु वंशका राजकुमारहरूले यहाँ शाक वनको बीचमा शाक्य जनपदको निर्माण गरे। संभवत: कपिलको अनीश्वरवादी सांख्यको प्रभाव शाक्यहरूमा खास गरी गौतम बुद्धमा परेको थियो।

कपिल सबै वेदका ज्ञाता थिए, त्यसैले उनलाई **महर्षि कपिलाचार्य'** भनिएको छ *(विष्णुसहस्रनाममा ७०।५३१)*। विष्णुका चौबीस अवतारहरू मध्ये यिनी पाँचौं अवतार हुन्। *गीता*मा श्रीकृष्ण 'सिद्धहरूमा म कपिल मुनि हुँ' भन्नुहुन्छ–

सिद्धानां कपिलो मुनिः। *(१०।२६)*

स्मृतिले मात्र होइन श्रुतिले पनि यिनको नाम श्रद्धाका साथ लिएको पाइन्छ– **ऋषिं प्रसूतं कपिलम्** *(श्वेता उप. ५।२)* अर्थात् ऋषि रूपमा उनी उत्पन्न भए। श्रुतिमा उल्लेखित 'कपिल' ब्रह्माजीका पर्याय हुन् किनभने परमात्माले सबभन्दा पहिले कपिल ऋषिलाई देखेर उनैलाई ज्ञान दिनुभएको प्रसंग यस मन्त्रमा पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*भागवत*को सगर चरित्र *(९।८)* मा शुकदेव स्वामीले राजा सगरका पुत्रहरूले अश्वमेध यज्ञको घोडा लुकाएको मिथ्या आरोप लगाएपछि उनीहरूलाई भष्म पारेको भन्ने दोषको सफाई दिँदै भनेका छन्– इन्द्रले राजकुमारहरूको बुद्धि भ्रष्ट पारेका थिए त्यसैले उनीहरूले कपिल मुनि जस्ता महापुरुषहरूको तिरस्कार गरे । यही पापको कारणले गर्दा उनीहरूको शरीरमा आगो लाग्यो र ती भष्म भए । मुनिकै कोपले उनीहरू भष्म भए भन्नुहुन्न । उनी त शुद्ध सत्त्व गुणको परम आश्रय हुन् । क्रोधरूपी तमोगुण उनमा हुन सक्तैन । उनी जगत्लाई पवित्र पार्छन् । पृथ्वीको धूलोको आकाशसँग सम्बन्ध रहन्छ र ? संसार-सागर मृत्युमय पथ हो जसको पार जान कठिन छ । तर कपिल मुनिले सांख्य-शास्त्रको बलियो डुङ्गा बनाएकाले मुमुक्षु यसको सहाराबाट पार तर्न सक्छ । कपिल स्वयं परमात्मा भएकाले उनमा भेदबुद्धि थिएन–

यस्येरिता सांख्यमयी दृढेह नौ-
र्यया मुमुक्षुस्तरते दुरत्ययम् ।
भवार्णवं मृत्युपथं विपश्चितः
परात्मभूतस्य कथं पृथङ्मति ॥

(भाग. ९।८।१४)

कपिलको सांख्यशास्त्रले प्राचीन कालमा ठूलो प्रसिद्धि पाएको थियो *(हेर्नू कापिल सांख्य)* । कौटिल्यले *(हेर्नू कौटिल्य)* ३०० ईशापूर्व समयमै आशिक्षन्वकी विद्यामा पहिलो सांख्यलाई मानेका थिए ।[७] सांख्यपछिका अन्य विद्या हुन् योग र लोकायत । लोकायत भनेको चार्वाक दर्शन हो *(हेर्नू चार्वाक दर्शन)* । याज्ञवल्क्यले आफ्नो चिन्तनको विषय उपनिषद्, त्यसको परिशिष्ट भाग, मोक्षप्रद अन्विक्षकी (सांख्य) भएको बताई कपिल मुनिको प्रशंसा गरेका छन् ।[८] ब्रह्मज्ञानी याज्ञवल्क्य राजा

७ कौटलीय अर्थशास्त्रम् १।१।६
८ महा. शान्ति ३१८।३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनकलाई कपिल-दर्शन बारे ज्ञान गराउँदै भन्छन्– अष्ट प्रकृति र षोडस विकृति गरी चौबीस तत्त्व मान्ने सांख्यशास्त्रले पच्चीसौं तत्त्व पुरुषलाई प्रकृतिदेखि भिन्न जान्दछ। पुरुष प्रकृतिदेखि भिन्न र नित्य छ। प्रकृति जड र अनित्य छ। हिलो पानीमा रहे पनि कमल पानीदेखि भिन्न छ। जसले प्रकृति र पुरुषको विवेक गर्न सक्तैन त्यो व्यक्ति बारम्बार घोर नर्कमा पर्छ। सांख्यका विद्वान्ले प्रकृति र पुरुषको विवेचना र विवेक गरी कैवल्य *(हेर्नू कैवल्य)* प्राप्त गरे।[m]

कबीरदास : निर्गुण-निराकारवादी दर्शन (उपनिषदको ज्ञानसँग सम्बन्धित) कबीरपन्थका प्रवर्तक। कबीर विरक्त साधु थिए। यिनको जन्म वि.सं. १४५६ र निधन वि.सं. १५७५ मा भएको बताइन्छ। यिनी भारतको बनारसको लहरतारा नजिक रहन्थे। अवतार, मूर्ति, मन्दिर आदि केही नमान्ने कबीरदास धार्मिक रुढीवादितामाथि प्रहार गर्दथे। जातिपाति नमान्ने, गुरुलाई सर्वोपरि ठान्ने कबीरका अनुयायीहरू (कबीरपन्थी) आज पनि भारतमा आठ-नौ लाख रहेको अनुमान छ।

वि.सं. १४५६ जेठ पूर्णिमाका दिन काशीको लहरतारा तलाउ किनारमा नवजात शिशु फेला पऱ्यो। मुसलमान जुलाहा दम्पति निरु-नीमले बालकको पालनपोषण गरे र नाउँ राखे– कबीर। कबीरको अर्थ हुन्छ– महान्, बुजुर्ग। ठूलो भएपछि कबीर महान् बने– ठूला कवि, दार्शनिक, धर्मनेता, युगद्रष्टा, निर्भीक प्रवक्ता, सन्त र सद्गुरु। यी सद्गुरु सांसारिक माया- मोहमा फसेका दुःखी मानिसहरूलाई सम्बोधन गर्दै भन्छन्–

कबीर खडा बजारमे लिए लुआठा हाथ।
जो घर जारे अपना चले हमारे साथ॥

उनी भन्छन्– म मशाल लिएर बजारमा उभिएर भनिरहेछु– जो आफ्नो घर जलाउन सक्छन् (आसक्तिरहित भै गृह त्यागन तत्पर) ती

m. *ऐजन ग्रन्थ*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा साथमा हिंडून् ।

हिन्दु र मुसलमानका बीच भेद, उच्च जात र निम्न जातका बीच विवाद, हिन्दु धर्मको आडम्बर, कुसंस्कारको अन्त्यका लागि उनले ज्ञानको मशाल बोके र विद्रोह गरे । अहल्या *(हेर्नू वे.विश्वकोश-१)*, द्रौपदी आदि पञ्चकन्याको आलोचना गर्दै उनीहरू 'महापातकनाशिनी' होइनन् भन्नु, देवताहरूको पूजाको विरोध गर्नु जस्ता विद्रोही विचारहरू उनका *बीजक* (कविताका पुस्तक)मा पाइन्छन् । कबीरको विचार छ– देवता रूपक मात्र हुन् भने तिनको पूजाको कुनै अर्थ छैन । यदि ती व्यक्ति हुन् भने तिनको मलिन आचरणले गर्दा ती पूजायोग्य छैनन् । देवदेवीको पछि नलाग । बरु निर्मल, साधु-सन्त-सद्गुरुको चरणमा परेर आफ्नो उद्धार गरिहाल, ज्ञान प्राप्त गर । कबीरको क्रान्तिकारी चिन्तन तथा धर्म-निरपेक्ष धारणाले गर्दा हिन्दु-मुसलमान सबै उनका भक्त र शिष्य बने । यसले साम्प्रदायिक कट्टरता र धार्मिक विद्वेषको भावना हटाउन योगदान गऱ्यो । तर शुरुमा कबीरले काशीका ब्राह्मण, सन्यासी र कट्टरपन्थीहरूको विरोध सहनुपऱ्यो । हिन्दु र मुसलमान दुवै धर्मका मान्यता र सिद्धान्तको कबीर विरोधी हुन् र यिनलाई दण्ड दिइनुपर्छ भनेर उनका विरोधीहरूले तात्कालीन वादशाह सिकन्दर लोदी समक्ष उजूर गरे । भनिन्छ– कबीरलाई मार्न अनेक उपाय गरियो तर उनी बचे । 'सत्यमेव जयते' भने झैं सत्यरूपी भगवान्‌ले उनलाई बचाए । पछि वादशाहले उनी ज्ञानी रहेछन् भन्ने जाने र धन, जागीर, गाउँ दान दिन खोजे जसलाई कबीरले अस्वीकार गरे । यसबाट कबीरको कीर्ति मुलुकभर फैलियो ।

कबीरपन्थीहरू गुरुलाई सर्वोपरि मान्छन् । कबीरका गुरु स्वामी रामानन्द मानिन्छन् । जात, कुलको ठेगान नभएको आफूलाई स्वामीजीले शिष्य बनाउँदैनन् भन्ने जानेर कबीर बिहान अँध्यारो छँदै मन्दिर गएका रामानन्द फर्किने बाटोमा (मन्दिरको सिंढीमा) सुते र स्वामीजीको पाउले उनको शरीर कुल्चियो । झस्केर उनले भने- 'राम बोल, राम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोल'। गुरुले यसरी अप्रत्याशित रूपमा उत्तम अधिकारी (शिष्य) कबीरलाई मन्त्र दिए 'राम'। कबीरले गुरु मन्त्र पाए। रामानन्दलाई सगुण उपासनाबाट ज्ञान भएको थियो भने उनका शिष्यहरू कबीर, रविदास, गोरा कुमाले निर्गुण उपासक बने। गुरु र आफ्नो उपासनामा सगुण र निर्गुणको भेद रहेको कुरा कबीर बताउँछन्– **रामानन्द रामरस माते, कहहिं कबीर हम कहि-कहि थाके** *(बीजक,शब्द-७७)*। तात्पर्य– गुरु रामानन्द दाशरथी राममा मस्त रहे, म चाहिँ उनलाई आत्माराम प्रतिको आस्था बताउँदा बताउँदा थाकेँ।

कबीर विरक्त सन्त थिए। आफ्नो विवेक तथा ज्ञानाग्निद्वारा सांसारिक भोगविलासलाई उनले डढाइसकेका थिए–

माया के झक जग जरे कनककामिनी लाग।
कहहिं कबीर कस बाँचिहो, रुई लपेटी आग॥

कबीर उपनिषद्को निर्गुण ब्रह्मलाई मान्दथे र सगुण साकार ईश्वर, परमात्मालाई जान्दैनथे। यिनका भजनमा 'रामनाम' र 'सत्यनाम' दुवै पाइन्छन्। अवतारवादलाई यिनी त्याज्य बताउँथे। यिनी आफैंले ग्रन्थ लेखेको पाइन्न तर यिनका भजन र उपदेशलाई शिष्यहरूले लिपिबद्ध गरेका छन्। *ब्रह्मनिरूपण, ईसमुक्तावली, आनन्दरामसागर, बीजक, आगम, रामसार, निर्भयज्ञान, ज्ञानसागर* आदि थुप्रै ग्रन्थहरूमा कबीरका उपदेश, सिद्धान्त र भजनहरू संकलित छन्।

कबीरका धर्मपिता जुलाहा थिए, त्यसैले कबीरले सो पेशालाई ज्ञानप्राप्त भएपछि पनि त्यागेनन्। भक्तिवादी आन्दोलनका नेता स्वामी रामानन्दका शिष्यहरू उच्च कुलका मात्र भएनन्, जुलाहा (कबीर), कुमाले, चमार, जाट, सुजिकार, कसाई आदि समेत ज्ञानोपदेश पाएर कृतार्थ देखिन्छन्। ज्ञानी रविदास चमार थिए भने अर्का शिष्य गोरा कुमाले। कबीर ईश्वरभन्दा गुरुलाई महान् मान्दै सद्गुरुलाई सर्वोच्च स्थानमा राख्छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरि रुठे ठौर है, गुरु रुठे नहीं ठौर ।
यह तन विष की बेलरी, गुरु अमृत की खान ।
सीस दिए जो गुरु मिले तो भी सस्ता जान ॥

सन्त कबीर गुरुलाई धोबी झैं मान्छन्, जसले ज्ञान-साबुन लगाएर शिष्यको अज्ञान-मैलो धोइदिन्छन् । त्यसैगरी उनी गुरुलाई कुमाले झैं जान्दछन्–

गुरु कुम्हार सिष कुंभ है, गढि गढि काढै खोट ।
अन्तर हाथ सहार दै, बाहर बाहै चोट ॥

कबीर नामजपलाई अति महत्त्व दिन्छन् । नामलाई अमर बनाउन सक्यो भने शिष्यको जीवनको रूपान्तर हुन्छ भन्ने उपदेश उदाहरण सहित उनी दिन्छन्–

अजामिल-गज-गनिका पतित करम कीन्हां ।
तेउ उतरी पार गये राम-नाम लीन्हां ॥

कबीर धन-दौलत तथा पति-पुत्र-पत्नीको मोहमा भुलेका सांसारिक मानिसहरूलाई मायाको पासोमा परेर दुःखी भइरहेको मान्छन् । सांसारिक नाता-गोता, भोग्य वस्तुलाई त्यागेर ज्ञानतिर लाग, सत्यलाई चिन, स्वरूप-बोध गर अनि मात्र अपार शान्ति, सुख पाउनेछौ– उनी भन्छन् । उपनिषद्को निर्गुण सत्यको साक्षात्कारमा सन्त कबीर विशेष जोड दिन्छन् । बालक जन्मँदा रुन्छ, जगत् खुशी भै हाँस्छ तर जीवनमा मानिसले यस्तो पुरुषार्थ गर्नुपर्छ कि देहत्याग गर्दा चाहे जगत् रोओस्, आफू हाँसेर प्राण छाड्न सकियोस् । कबीरको यो भनाइ मननीय छ ।

कमलज : ब्रह्माको उपाधि । ब्रह्माजी विष्णुको नाभिबाट आकाशमा उठेको विश्वकमलमा प्रकट हुनुभएकोले उहाँ कमलज कहलाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको हो । ब्रह्माजीलाई 'कमल-संभव' या 'कमलासन' पनि भनिन्छ ।

योगवाशिष्ठ(स्थिति प्रकरण)मा 'कमलज व्यवहार' शीर्षक परिच्छेदमा भनिएको छ- ब्रह्माजीले उत्पन्न हुने बित्तिकै 'ब्रह्म', 'ब्रह्म' भन्नुभयो त्यसैले उहाँको नाम ब्रह्मा रहन गयो । ब्रह्मालाई पनि वासनाको कारण कल्पसम्म शरीर धारण गर्नुपर्छ । उहाँ जगत्-सृष्टिको कर्ता भएकोले आदि प्रजापति *(हेर्नू वे.विश्वकोश-१)* पनि कहलाउनुभयो । ब्रह्माजीमा मन उब्जेकोले त्यसमा सृष्टिको संकल्प खडा भयो । संकल्पबाट मायाको उत्पत्ति भयो । कमलजले जे-जे संकल्प गर्नुभयो त्यही त्यही वस्तुको सृष्टि हुँदै गयो- नक्षत्र, देवता, दैत्य, मनुष्य, नदी, समुद्र, पर्वत आदि ।

सृष्टिको आदिमा शुद्ध ब्रह्ममा उत्पन्न भएको चित्त नै ब्रह्मा हो । जीवहरूको बन्धन देखेर उहाँले वेद, उपनिषद्, वेदान्त आदि प्रकट गर्नु भयो । ब्रह्माको सृष्टिमा तृष्णाद्वारा बाँधिएको जीव जन्म-मृत्यु चक्रमा फस्छ तर मुमुक्षु चाहिं पुरुषार्थ गरी मुक्त हुन्छ ।

कमला : वैष्णवी शक्ति लक्ष्मी । दश महाविद्यामा कमला दशौं हुनुहुन्छ । उहाँ धन र ऐश्वर्यकी देवी हुनुहुन्छ । पानीमा कमलको सुन्दर आसनमा बसेको, सुवर्ण समान कान्तियुक्त रूप, चार हातमध्ये दुई वर र अभय मुद्रामा रहेको, माथिल्ला दुई हातले कमल-पुष्प ग्रहण गरेको, चारवटा श्वेत हात्तीले सुवर्ण कलशद्वारा उहाँको स्नान गराइरहेको—यस्तो स्वरूप उहाँको ध्यानमा बताइन्छ । उहाँकै नामबाट भगवान् विष्णुको नाम कमलाकान्त या कमलेश रहेको छ । भार्गवहरूद्वारा पुजित हुनुभएको कारणले उहाँको अर्को नाम भार्गवी पनि रहेको छ । *(दशमहाविद्या– गीता प्रेस, गोरखपुर)*

कमला महाविद्याको उत्पत्तिका सम्बन्धमा *भागवत*मा बताइएको छ– अमृत प्राप्तिका लागि देवताहरू र असुरहरू बीच समुद्र मन्थन हुँदा कमला उत्पन्न हुनुभयो । उहाँलाई विष्णुले पत्नी बनाउनुभयो । यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहाँ वैष्णवी शक्ति हुनुभयो । देवता, राक्षस, मनुष्य, सिद्ध, गन्धर्व आदि सबैले यी श्रीसम्पत्तिकी देवीको उपासना गर्छन् । श्रीदेवी शुद्ध सत्त्वमयी हुनुहुन्छ । उहाँको उपासना गरिएको ऋग्वेदीय *श्रीसूक्त* प्रसिद्ध छ ।

करण : कार्य गर्नका लागि चाहिने साधन । मनुष्यले जुन कर्म गर्छ त्यसका लागि अन्त:करण तथा इन्द्रियहरूको आवश्यकता पर्छ । यी करणहरूलाई यिनका अधिष्ठातृ देवताहरूले सञ्चालन गर्छन् । कर्मका वाह्य करण हुन्- स्थूल देह र इन्द्रियहरू तर भित्री करण अर्थात् अन्त:करण नभै वाह्यकरणले मात्र कार्य हुन सक्तैन । अन्त:करण भनेको मन, बुद्धि, चित्त, अहंकारको समष्टिगत नाम हो ।

जीवले कार्य गर्दा यी दुवै करणहरूको आवश्यकता पर्दछ । तर परमात्माले जगत्को सृष्टि गर्दा शरीर र इन्द्रियहरू तथा अन्त:करणको आवश्यकता पर्दैन । त्यसैले श्रुति भन्छ–

न तस्य कार्यं करणं च विद्यते
न तत्समश्चाभ्यधिकश्च दृश्यते । *(श्वेता उप. ६।८)*

अर्थात् परमात्माको शरीर, रूप, कार्य र इन्द्रिय एवं अन्त:करण छैन । उहाँभन्दा ठूलो तथा उहाँ समान कोही छैन, देखिन्न । यति मात्र होइन, उहाँ सबैका परम कारण तथा समस्त करणहरूका अधिष्ठातृ देवताहरूको पनि अधिपति हुनुहुन्छ–

स कारणं करणाधिपाधिपो
न चास्य कश्चिज्जनिता न चाधिपः । *(ऐजन ६।९)*

उहाँको जनक कोही छैन, न त कोही स्वामी नै छ । परमात्मा अजन्मा, सर्वथा स्वतन्त्र र सर्वशक्तिमान् हुनुहुन्छ ।

जसबाट कार्यहरू हुन्छन् ती इन्द्रियहरू हुन् र जसले कार्य गराउँछन् र इन्द्रियहरूमाथि शासन गर्छन् ती अन्त:करण हुन् । करणरूप चित्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्त:करण डुङ्गा जस्तो छ । जसले डुङ्गा खियाउन जान्दछ उसलाई त्यसले पारी पुऱ्याउँछ । शास्त्रमा बताइएको छ-

समाधिर्धूतमलस्य चेतसो
निवेशितस्यात्मनि यत्सुखं भवेत् ।
नशक्यते वर्णयितुं तदा गिरा
स्वयं तदन्तःकरणेन गृह्यते ।

(मैत्रा.१।४ भव सं.३।३१)

अर्थात् समाधिद्वारा निर्मल, विमल भएको अन्त:करणमा जुन आत्मानन्दको अनुभूति भइरहन्छ त्यसको शब्दद्वारा वर्णन गर्न सकिन्न, आफैंले अनुभव गर्ने कुरा हो ।

करपात्री महाराजः अनन्तश्री स्वामी करपात्रीजी महाराज । वेद र वेदान्त सम्बन्धी यिनका विचारहरू, लेखनी बेजोड मानिन्छ । करपात्रीले धार्मिक, दार्शनिक, सामाजिक , पौराणिक, तान्त्रिक आदि विषयमा सद्ग्रन्थहरू लेखेका छन् । विलक्षण विवेचन-शक्ति भएका यी स्वामीले *वेदार्थपारिजात* शीर्षक ग्रन्थ(खण्ड १ र २ प्रकाशित)मा वेद, वेदान्तका सम्बन्धमा मनोमानी विचार व्यक्त गर्ने पूर्वीय र पाश्चात्य विद्वान्हरू जस्तो म्याक्समूलर, बेबर, म्याक्डोनल्ड आदिका मत विचारहरूलाई खण्डन गरेका छन् र वेदको प्रामाणिकता, वेदको अपौरुषेयता बारे विशद चर्चा गरेका छन् ।

स्वामी करपात्रीले धर्म-रक्षार्थ आन्दोलन गरे, लोकसभामा निर्वाचित पनि भए अनि जेल-यात्राको दु:ख पनि भोगे ।

करफोक स्वामी : स्वामी सोमेश्वरानन्द । वदरीनाथधाम स्थित जिल्ला पौडीको क्रान्तिनगर श्रीनगरमा वि.सं.१८६९मा आत्मदेव र कान्तिमतीबाट जन्मेका एक मात्र सन्तान भीष्म नै स्वामी सोमेश्वरानन्द भए चौथो आश्रममा प्रवेश गरेर । शङ्कर भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तेश्वरको पूजा-आराधना पछि ईश्वरकृपाबाट जन्मेको छोरा होनहार थियो । ७८ वर्षमा उनको व्रतवन्ध भयो । पिताले वेदाध्यायन गराए । शास्त्रको अध्ययनका लागि उनी मुक्तेश्वर तर्फ लागे । त्यहाँ ठूल-ठूला साधु-सन्त, संन्यासी, विद्वान्हरूसँग सत्संग गर्ने मौका पाए । उनीहरूबाट उनले काव्य, व्याकरण, धर्मशास्त्र, मीमांसादि पढ्ने अवसर पाए । त्यसपछि उनी काशी गएर १८ वर्षको उमेरमा नै मेधावी छात्र भै 'भीष्मशास्त्री' उपाधि पाए । उनको विद्वताको प्रकाश बनारसमा फैलिएको थियो ।

नेपाल नरेश राजेन्द्रवीरविक्रम बनारसबाट स्वदेश फर्कंदा भीष्म शास्त्रीलाई राजधानी काठमाडौं लिएर आए र राजकीय सम्मान प्रदान गरे । पाशुपत क्षेत्रमा पदार्पण, पशुपतिको दर्शन र उपत्यकामा हिन्दु, बौद्ध तीर्थस्थलहरूको भ्रमणबाट प्रसन्न भएका भीष्म आफ्नो गृहनगर क्रान्तिनगर श्रीनगर फर्के । प्रकाण्ड विद्वान एवं स्वदेश, विदेशमा प्रसिद्धि पाएका सुपुत्रको आगमनमा अत्यन्त हर्षित मातापिताले पुत्रलाई गृहस्थ बनाउन खोजे तर भीष्मले मनमनै भीष्मप्रतिज्ञा गरिसकेका थिए– गृहस्थी बनेर प्रपञ्चमा नफस्ने, बरु संन्यास ग्रहण गर्ने । उनी प्रयागतर्फ लागे । तीर्थराज प्रयागमा उनको इच्छा पूरा भयो । उनी भीष्मबाट सोमेश्वरानन्द गिरि बने । उनलाई विद्वत् समाज एवं साधु समाजले महामण्डलेश्वर बनाउन खोजे तर नेपालको पूर्वाञ्चलमा ठूलो सेवा, वेदान्तको प्रचार-प्रसार गर्ने प्रारब्धले गर्दा उनी महामण्डलेश्वर पदलाई त्यागेर नेपाल पसे । खप्तडबाबा *(हेर्नू खप्तडबाबा)*, शिवपुरी बाबाले झैं सोमेश्वरानन्दले पनि भारत जन्मभूमि भए पनि नेपाललाई कर्मभूमि बनाए ।

सोमेश्वरानन्दले नेपालमा आएर जनकपुर, मुक्तिनाथ आदि तीर्थयात्रा सम्पन्न गरी राजालाई आशीर्वाद दिएर मेची तर्फ लागे । पूर्वी नेपालका तीर्थहरू वराहक्षेत्र, चतरा, रामधुनी, पिण्डेश्वर आदिको यात्रा गर्दै तपस्याका लागि चुलाचुलीको जंगल पसे । त्यसपछि उनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इलाम पुगे । त्यहाँ संस्कृत शिक्षाको ज्योति फैलाउन उनले संस्कृत विद्यालयहरूको स्थापना गर्दै विद्यार्थीहरूलाई वेदादि शास्त्र पढाउन थाले । बडाहाकिम जस्ता उच्च कर्माचारीहरू समेत विद्यार्थी बनेर स्वामीजीसँग ज्ञान सिक्न आउँथे । इलाममा नारायणस्थान र संस्कृत विद्यालयको स्थापना गरे । गण्यमान्य व्यक्तिहरू र स्थानीय जनताको अनुरोधलाई स्वीकार गर्दै उनले करफोकमा संस्कृत महाविद्यालय स्थापना गरे । छात्रवास, साधु-सन्त-महन्त आश्रम, गौशाला, फूलबारी आदि स्थापना गरे उनले । महाविद्यालयमा न्याय, व्याकरण, वेदान्तादिको पढाइ हुन्थ्यो । सोमेश्वरानन्दलाई नेपाली जनताले करफोक स्वामी भनेर सम्बोधन गर्न थाले । इलामका अन्य स्थानहरूमा पनि उनले यस किसिमका धार्मिक कार्यहरू गर्दै रहे । बीच बीचमा तीर्थाटनमा निस्कन्थे । करफोक स्वामीलाई आसाम बोलाइयो । उनी गोहाटी तर्फ लागे । ब्रह्मपुत्रको स्नान र कामाख्यादेवीको दर्शन गरे । त्यहाँबाट उनी नागालाण्ड, त्रिपुरा आदि स्थानको पनि भ्रमण गरी करफोक नै फर्के । त्यहाँबाट उनले फिक्कलमा वि.सं. १९७७ मा चन्द्र संस्कृत विद्यालय स्थापना गरे जुन काशी झैं चम्क्यो । टाढा टाढाका विद्यार्थीहरू न्याय, व्याकरण, साहित्य, ज्योतिष, कर्मकाण्ड, मीमांसा र वेद-वेदान्त दर्शन आदिको भरपूर पढाइ गर्न आउँथे ।*

कर्णः कुन्तीले विवाह अघि सूर्यबाट पाएको पुत्र । धनुर्विद्यामा अर्जुनसँग प्रतिस्पर्धा गर्न सक्ने शुरवीर ।

कुन्तीले ऋषि दुर्वासाको दत्तचित्तले सेवा गरेको फलस्वरूप उनले एक मन्त्र सिकाएर भने- तिमीले जुन देवतालाई संझेर यो मन्त्र जप्ने छौ, उनै देवता तिम्रो सामु आउनेछन् । कुन्तीले मन्त्रको प्रभाव जाँच्न एकान्त कोठामा रहेर एवं आकाशको सूर्यलाई हेरेर त्यही मन्त्र जपिन् । सूर्य देवताको रूपमा उनको सामु आए । शुरुमा कुन्ती डराइन् तर

* *स्वामी डा.प्रपन्नाचार्य- मिल्केका झिल्का*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्यले पुत्र दिने तर कुमारीत्व नष्ट नहुने कुरा संझाईबुझाई मनाए। यसरी कर्णको जन्म भयो अभेद कुण्डल र कवचका साथ। लाजले गर्दा कुन्तीले नवजात शिशुलाई नदीमा बगाइदिइन्। स्नान गर्न लागेको सारथी अधिरतले धनसम्पत्ति सहित सुन्दर काठको बाकसमा शिशुलाई देखेर घरमा लिएर गए र आफ्नी पत्नी राधालाई पालनपोषण गर्न दिए।

वेदान्त चर्चाको क्रममा कर्णको राधेय भाव असत्य र कौन्तेय ज्ञान सत्य हो भन्ने उपमाका साथ असत् जीवभाव त्यागेर आफ्नो सही रूप-ब्रह्मस्वरूप बोध गर्नुपर्ने बताइन्छ। महाभारतको युद्ध हुनुभन्दा अगाडि कुन्तीले 'तिमी मेरा पुत्र हौ, लोक लज्जाको कारणले गर्दा त्यागेकी थिएँ' भनेर रोइन्। यो कुरा सुनेर दुःखित भए पनि कर्णले आफूलाई 'कौन्तेय' स्वीकार गरिहाले। तर उनले भने– दुर्योधनबाट राज्यप्राप्तिको सम्मान मिलेकोले उनलाई छाड्न सक्तिन। मेरो लक्ष्य केवल अर्जुन हुनेछन्। पञ्चपाण्डवमा अरूलाई मार्ने छैन। कि अर्जुन मारिने छन् कि म मारिने छु, तपाईंको पाँच पुत्रको सन्तुलन बिग्रने छैन।

कर्ण वीर हुनाका साथै दानवीर पनि थिए। उनले चिताका लागि श्रीखण्डको काठ माग्न आएको व्यक्तिलाई अर्जुनले झैं निराश पारेर पठाएनन्। आफ्नो महलमा सजाइएको श्रीख़ण्डको स्तम्भ भत्काएर सो व्यक्तिलाई दिइपठाए। माग्नेको भेषमा आएका इन्द्रलाई जन्मजात कवच र कुण्डल भिक्षामा दिइ पठाए। ती वस्तु उनको शरीरमा रहेसम्म उनलाई कसैले मार्न सक्दैनथ्यो। यसरी कर्णले देहरक्षालाई भन्दा दानलाई महत्व दिए।

ब्रह्मास्त्र शिक्षा सिक्नका लागि परशुरामको सामु कर्ण ब्राह्मणको भेषमा गए किनकि उनलाई थाहा भयो- विष्णुका अवतार परशुराम ब्राह्मण बाहेक अरु जातिलाई ब्रह्मास्त्र विद्या सिकाउँदैनन्। ब्रह्मास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान प्राप्त गरेपछिको एक घटनाबाट उनको गुप्त भेषको रहस्य खुल्यो । गुरुजी शिष्यको काखमा शिरानी गरेर सुते । त्यही समयमा एक कीराले कर्णको तिघ्रामा टोकिदियो र भलभल रगत आयो । रगत बगेर परशुरामको शरीरमा पर्दा उनी बिउँझे । कर्णले त्यत्रो पीडा शान्त भएर सहिरहेको पाएर सोधे- हे शिष्य ! नढाँटिकन भन, तिमी को हौ ? ब्राह्मणमा यस्तो सहनशीलता हुँदैन, तिमी क्षत्रिय कुलका हुनुपर्छ । कर्णले सबै कुरा बताइदिए । गुरुले भने- छलपूर्वक विद्या हासिल गरेकाले अरू वेला काम दिए पनि अन्त्यकालमा यो विद्या तिमीले बिर्सने छौ । नभन्दै युद्धको समयमा अर्जुनसँग लडाइँ भैरहँदा यिनको रथ भूईंमा धस्यो । ब्रह्मास्त्र विद्या पनि बिर्से अनि रथ उचाल्न लाग्दा अर्जुनले कर्णको हत्या गरिदिए ।

कर्तव्यः नियत कर्म, शास्त्र विहित कर्म । वर्ण अनुसार गर्नु पर्ने कार्यहरू गर्नु कर्तव्यपरायणता हो । ब्राह्मणले वेदादि शास्त्र पढ्नु-पढाउनु, आफूले जानेको ज्ञानको प्रचार गर्नु, दया, धर्म उपकारका कार्यहरू गर्दै लोकलाई सन्मार्ग, श्रेयमार्गमा लगाउनु उसको कर्तव्य हो । प्रकृतिले मानिसहरूलाई प्रेयमार्ग तर्फ खिचिरहेको हुन्छ । इन्द्रियहरू बाहिरतिर दौडन चाहन्छन् र मानिसलाई क्षणिक सुखको लालसा देखाएर संसारमा फसाँउन प्रेरित गर्छन् । विवेकशील पुरुष विषयानन्दमा फस्न चाँहदैन, ऊ त श्रेय मार्गमा हिंड्नु नै या ज्ञानका खोज नै आफ्नो कर्तव्य मान्छ । सत्संग, सत्शास्त्र श्रवण, गुरु शरण र भगवान्मा शरणागतिलाई आफ्नो कर्तव्य मान्छ । आफ्नो उद्धार गर्नु, सांसारिक दु:ख, अशान्तिबाट मुक्ति प्राप्त गर्नकालागि साधु-सन्त, महात्माहरूले घर व्यवहारादि त्यागेका छन् । यसो गर्दा उनीहरू कर्तव्यहीन भएनन् । परम पुरुषार्थ मोक्ष हो र त्यो पुरुषार्थ प्राप्त गर्नका लागि गरिने कर्म, प्रयत्नहरू उसका कर्तव्य हुन् भन्ने वेदान्त सिद्धान्त छ । ब्रह्मज्ञानी र परमात्माका लागि केही कर्तव्य बाँकी रहदैन । श्रीकृष्ण यस सम्बन्धमा भन्नुहुन्छ- आत्मामा नै प्रेम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको, आत्मतृप्त एवं आत्मसन्तुष्टका लागि कर्तव्य बाँकी रहँदैन *(गीता ३।१८)* । कुनै ज्ञानी पुरुषले कर्तव्यवोधको भावनाले होइन लोकसंग्रहका लागि कर्म गरेको पनि देखिन्छ *(ऐजन ३।२०)* । भगवान् अर्जुनलाई बताउनु हुन्छ-

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन ।
नानावाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥ (ऐ. ३।२२)

मेरो तीनै लोकमा केही कर्तव्य बाँकी रहेको छैन, न मैले नपाएको वस्तु पाउन बाँकी छ । तापनि कर्म गरिरहेकै छु ।

कर्तृत्व आदि भावहरू : म कर्ता हुँ, म नभै केही हुन्न र म नरहे घर, आश्रम चल्दैन भन्ने भाव जुन मनमा बसेको हुन्छ सोही बन्धनकारक कर्तृत्वभाव हो । अर्को भाव हो भोक्तृत्वभाव । आफू अभोक्ता आत्मा हुँदा हुँदै मानिस आफूलाई भोक्ता संझन्छ र दुःख-सुख भोग्छ । तेश्रो प्रमातृभाव हो- म जान्दछु भन्ने अहंकार । यी कर्तृत्व, भोक्तृत्व आदि भाव बन्धनकारक हुन् ।

जीवात्मा प्रकृतिमा स्थित छ । प्रकृति भनेको अविद्या हो । सोही अविद्याको कारणले गर्दा मोहित पुरुषमा कर्ता, भोक्ता भन्ने भाव खडा हुन्छ–

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् । *(गीता १३।२१)*

म आत्मा हुँ भन्ने जसले जान्यो उसमा कर्तृत्व, भोक्तृत्व भाव रहन सक्तैन किनकि आत्मा अनादि छ, निर्गुण छ, अव्यय छ ।

कर्दम ऋषि : स्वायम्भूव मनु (आदिपुरुष) र शतरूपा(आदिनारी)की छोरी देवहूतीको विवाह कर्दम ऋषिसँग भएको थियो । उनीहरूबाट कला, अनसूया *(हेर्नू वे.विश्वकोश-१)* लगायत नौवटी छोरीहरू भए र एक पुत्रको जन्म भयो– कपिल *(हेर्नू कपिल)* । कपिल विष्णुका अवतार हुन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने कुरा कर्दमलाई थाहा थियो । कपिल मुनिले सर्वप्रथम आफ्ना पिता कर्दमलाई तत्त्वको उपदेश गरे । सो उपदेशपछि ऋषि विरक्त भै जंगलमा गएर कठोर तपस्या गर्न थाले । पछि उनले ब्रह्मज्ञान प्राप्त गरे ।

तपस्वी जीवन बिताइरहेको बखतमा उनको देवहूतीसँग बिहे भएको थियो । उनी अधिकांश समय समाधिमा रहन्थे । कैयौँ काल बित्यो, आफ्नी पत्नी प्रति उनको ध्यानै गएन । एक दिन उनले जीउ हाडछाला भएकी, फाटेको धोती पहिरेकी नारीलाई आफ्नो सामु पाए समाधि खुल्दा । तिमी को हौ ? भनेर उनले सोधे । आफ्नी धर्मपत्नीलाई समेत उनले चिन्न सकेनन् । देवहूतीले आत्मसंयम, सेवा, प्रेम, पवित्रताका साथ उनको सेवा गरेकी थिइन् । कर्दम पत्नीको सेवापरायणता र उनले षड्रिपुमाथि विजय पाएको देखेर अति प्रसन्न भए । उनले पत्नीलाई आश्रमको नजिकको तलाउमा लगे । देवहूती तलाउमा स्नान गर्ने बित्तिकै चमत्कार भयो– उनको शरीर सुन्दर हृष्टपुष्ट भयो । हजारौं दासीहरू गहना, राम्रा लुगाहरूका साथ त्यहाँ उपस्थित भए । सरोवरमा स्नानपछि कर्दम ऋषि आफैं यौवन र सौन्दर्यसम्पन्न तरुण तपस्वीमा परिणत भए । यो सब चमत्कार उनको तपोवलले गर्दा एवं देवहूतीको मनको चाहना अनुसार भएको थियो । अनेकौं भोगविलासका सामग्रीहरूले परिपूर्ण तथा इच्छाले चल्ने दिव्य विमान पनि खडा गरे कर्दमले । उनीहरू सोही दिव्य विमानमा सवार भै मनले चाहेका स्थानहरूको बिहार गर्न थाले । हजारौं वर्षसम्म उनीहरूले गृहस्थाश्रममा जीवनयापन गरेपछि तथा नौ छोरीहरूको जन्म भएपछि कर्दममा वैराग्यको उदय भयो । उनले गृहत्याग गरी जंगलमा तपस्या गर्न जाने इच्छा प्रकट गर्दा देवहूतीले 'दिव्यपुत्रको जन्म भएपछि जानुहोला' भनेर रोकिन् । कपिलको जन्म भएपछि कर्दम वनवासमा गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MJDF

कर्म: धर्म, आश्रम अनुसारको काम, कर्तव्य जसलाई शास्त्रले अनुमोदन गरेको छ कर्म हो । कर्मको अर्थ व्यापक छ किनकि गर्नुपर्ने कार्य, गरिसकेको कार्यको फल, गरिरहेको कार्य सबै कर्म अन्तर्गत पर्छन् । प्रसंगवश कर्मले धार्मिक कर्म, भाग्य, चरित्र, परिणाम आदिको पनि अर्थबोध गराउँछ । धार्मिक कार्य कर्म हो र अधार्मिक, शास्त्रविरोधी कार्य कूकर्म हो, यसलाई विकर्म पनि भनिन्छ । प्रारब्ध कर्मले भाग्य अर्थात् पूर्वजन्ममा गरिएको असल वा खराब कर्मको फल (जुन यस जन्ममा भोग्छ मानिसले) बुझाउँछ । मानिसले कस्तो कर्म गरिरहेछ, त्यसबाट उसको चरित्र-बोध हुन्छ । शुक्ल कर्म गरेको छ भने कर्तालाई पुण्यात्मा र कृष्ण कर्म गरेको छ भने पापी भनिन्छ । जीवात्माले आफ्नो कर्म अनुसार जन्म लिन्छ र मर्छ- यस अर्थमा कर्मले परिणाम बुझाउँछ ।

सबभन्दा प्राचीन उपनिषद् मानिएको *ईशावास्योपनिषद्* अनुसार मानिसले यस जगत्मा सय वर्षसम्म बाँच्ने इच्छा राखेर, त्याग भावले एवं ईश्वरलाई सम्झेर कर्महरू गर्नुपर्छ । कर्मले बन्धनमा नपारोस् भनेर सतर्क पनि हुनुपर्छ अर्थात् भोगवासना नराखी परमेश्वरको पूजा भावले कर्म गर्नुपर्छ–

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतंसमाः ।
एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ॥ *(मन्त्र-२)*

कर्म अन्तर्गत जे-जे पर्छन् ती कार्यहरूको बोधबाट कर्म प्रकाशित हुन्छ । धर्म र आश्रम अनुसार नित्य गरिने कर्महरू हुन्- पूजा-पाठ, जप, सन्ध्यावन्दनादि । सुत्ने, खाने, उठ्ने, बस्ने, हिंड्ने इत्यादि कार्यहरू पनि नित्य गरिन्छन् तर तिनीहरूलाई 'कर्म' भनेर शास्त्रले निर्देशित गरेका छैनन् *(डा.दी.घिमिरे- गीता त.प्रकाश)* ।

नित्य कर्म गर्दा पुण्य हुन्न तर नगर्दा पाप लाग्छ । भात पकाउँदा, सफाई गर्दा, पानी भर्दा, तरकारी काट्दा, पखाल्दा आदि कार्य गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीव-हिंसा हुन्छ, त्यसैले पाप मोचनका लागि नित्य कर्म गर्नुपर्छ। यस्ता कार्यहरू पनि छन् जुन नगर्दा पाप लाग्दैन तर गर्दा पुण्यफल प्राप्ति हुन्छ- तीर्थाटन, गंगास्नान, देवस्थलमा पूजा-पाठ, सत्संग, खाद्य सामग्री प्रदान, दान-पुण्य कर्मादि । यी हुन् नैमित्तिक कर्म *(डा.पाण्डेय-हि.धर्मकोश)* ।

विशेष कामना सहित गरिने कर्म चाहिं काम्य हो । जस्तो पर्व-पर्वमा गरिने धार्मिक अनुष्ठानहरू, व्रतहरू, रुद्री, *भागवत* सप्ताह, नवाह, अमंगल टार्न गरिने भाकल-पूजा आदि यसै अन्तर्गत पर्दछन् । पुण्यको कामनाका साथ ब्राह्मण, साधु-सन्तलाई बोलाएर भोजन गराउनु पनि यसै अन्तर्गत पर्छ । यो कर्ममा कर्ताको स्वार्थ रहन्छ । विशेष कामना राखेर गरिएको तीर्थाटन पनि काम्य हो तर विना कामना तीर्थदर्शन गर्न गएको हो भने नैमित्तिक कर्म हुन्छ ।

गीतोपनिषद् अनुसार शास्त्रविहित, शुद्ध भावनापूर्वक गरिएका उत्तम क्रिया कर्म हो । फलको इच्छा राखेर खराब नियतले गरिएको यज्ञ, तप, दान, सेवाहरू तामस र त्याज्य छन् । यी कर्म-विरुद्ध भएकाले विकर्म हुन् । शास्त्रनिषिद्ध कर्म- विकर्म हो । *गीता*ले सर्वोत्कृष्ट कर्म चाहिं अकर्म हो भन्ने ठहर गरेको छ–

ब्रह्मण्याधाय कर्माणि सङ्गंत्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥ *(५।१०)*

अर्थात् जुन योगीले कर्महरूलाई ब्रह्ममा समर्पण गर्दै आसक्ति त्यागेर गर्छ, ऊ जलले नभिजाइएको कमलपत्र झैं पापरहित हुन्छ । कर्मको गति गहन भएकोले 'कर्म, विकर्म र अकर्म के हो बुझ र संसार-चक्रमा नफस्ने गरी कर्म गर' भनेर श्रीकृष्णले प्यारा शिष्य अर्जुनलाई उपदेश गर्नुभएको छ । *(गीता ४।१७)* ।

*गीता*को भाष्यमा आचार्य शङ्करले बताएका छन्- सबै कर्म अविद्या र कामनामूलक छन् । अज्ञानीको विषय कर्म हो र ज्ञानीको विषय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वकर्म सन्यासपूर्वक ज्ञाननिष्ठा हो । शास्त्रको उपसंहारका प्रकरणमा शङ्कराचार्यले अज्ञानीको कर्ममा अभिमान तथा आफूलाई आत्मा र अकर्ता मान्नेको कर्मबन्धनबाट मुक्तिका सम्बन्धमा लामो चर्चा र बहस गर्दै भनेका छन्- परम कल्याणका साधन न त कर्म हो, न त ज्ञान र कर्मको समुच्चय नै हो । कैवल्य फल भएको ज्ञानका लागि कर्मको सहायताको अपेक्षा छैन किनकि ज्ञान अविद्याको नाशक छ, त्यसैले त्यसको कर्मसँग विरोध छ ।

सकाम कर्म गर्नेहरू कर्म अनुसार फल भोग्छन्, कर्मफल क्षय भएपछि, अल्प सुख भोगेपछि पुनः दुःख पाउँछन् । *शिवगीता*मा त्यस्ता कर्मठेलाई 'नराधम' भनिएको छ । शिवजी श्रीरामको जिज्ञासा शान्त गर्दै भन्नुहुन्छ- निष्काम कर्मको रहस्य नबुझेर कर्मठेहरू कर्म गर्दै रहन्छन् र ती माताको गर्भबाट उत्पन्न भएर बारम्बार मृत्युको मुखमा परिरहन्छन्–

तद्विज्ञाय कर्माणि ये कुर्वन्ति नराधमात् ।
मातुः पतन्तिते गर्भे मृत्युर्वक्त्रे पुनः पुनः ॥ *(१४।३७)*

मनुष्य जन्मको सार त कर्म (निष्काम कर्म) गरी चित्तशुद्धिपूर्वक भक्तिबाट भगवान्‌को कृपा पाएर ज्ञान हासिल गर्नुमा छ । वेदमा ८० हजार मन्त्रले कर्मको महिमा बताएका छन् भने १६ हजार उपासनापरक र ४ हजार ज्ञानपरक मन्त्रहरू छन् । ज्ञानपरक मन्त्रयुक्त उपनिषद्‌को भनाइ छ- **'ऋते ज्ञानान्नमुक्ति'** ज्ञान विना मुक्ति हुन्न । मनुष्य जन्मको उद्देश्य मुक्ति नै हो, कर्ममा फस्नु होइन ।

कर्मफल : पूर्वजन्मको संचित कर्मको फल यस जन्ममा भोगाइ कर्मफल हो । कर्मफल तीन प्रकारको छ- इष्ट, अनिष्ट र मिश्र । इष्ट कर्मफल देवयोनि हो । अनिष्ट चाहिं नरकभोग या पशुपक्षी योनि हो । अनि मिश्र कर्मफल चाहिं मनुष्ययोनि हो । कर्मनिष्ठहरू, अज्ञानी जनले नै कर्म गर्छन् र कर्मफल भोग्छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपणाःफलहेतवः। *(२।४९ गीता)*

ज्ञाननिष्ठहरूले कर्मको वीज ज्ञान-अग्निद्वारा भुटिसकेका हुन्छन् त्यसैले त्यस्ता परमहंस, परिव्राजकहरूले कर्मको फल (उपरोक्त) भोग्न पर्दैन । *गीता*मा कर्मफलका बारेमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ–

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ॥

(गीता- १८।१२)

कर्मकाण्डीहरू पुण्यकर्म गर्दै त्यसको इष्टफल स्वर्ग र देवयोनि प्राप्त गर्न चाहन्छन् तर पुण्यकर्मको फल क्षीण भएपछि मर्त्यलोकमा नै खस्नुपर्छ– **क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति** *(९।२१)* । 'कर्मफलमा' जुन 'फल' पद छ त्यसको परिभाषाको क्रममा शङ्कराचार्य भन्छन्– **अविद्याकृतम् इन्द्रजालमायोपमं महामोहकरं** *(शांकर भाष्य)* । *गीता*मा (अठारौँ अध्यायमा) कसले कर्मफल भोग्छ, कसले कर्मफल भोग्दैन त्यस सम्बन्धमा राम्ररी प्रकाश पारिएको छ । जसमा 'दुर्बुद्धि' छ उसले मन, वाणी र शरीरले गरेको कर्ममा 'मैले गरेको' भनेर दावी गर्छ र सुख-दुःख(पुण्य-पाप)रूपी फल भोग्छ । तर 'सुबुद्धि'युक्त मनुष्य चाहिं कर्मफलबाट मुक्त हुन्छ किनकि उसमा 'म कर्ता हुँ' भन्ने भावना छैन । उसले त अधिष्ठान (शरीर), कर्ता(भोक्ताजीव), करण (इन्द्रियादि), चेष्टाहरू(वायुसम्बन्धी क्रिया) र दैव(इन्द्रियादिका देवता) यी पाँच हेतु नै समस्त कर्महरूका कर्ता हुन्, म कर्ता होइन, म त तिनका व्यापारहरूका साक्षी मात्र हुँ एवं म अक्रिय आत्मस्वरूप हुँ भन्ने निश्चय गर्छ र कर्मफलबाट मुक्त हुन्छ । शङ्कराचार्यले *गीताभाष्य*मा लेखेका छन्- विद्वान्मा देहधारीपनको अभिमान नभएकोले 'अविद्याकर्तृक' समस्त कर्महरूको सन्यास हुनसक्छ त्यसैले त्यस्ताले अनिष्ट आदि तीन प्रकारको कर्मफल भोग्न पर्दैन । तर अरू (कर्माधिकारी) यसको विपरित हुन्छन् । त्यसकारण तिनलाई तीन प्रकारको कर्मफल अवश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिल्छ । *(गीता,१८।१७ श्लोकको भाष्य)*

कर्मयोगी : जसमा कर्तापनको आग्रह, अहंकार छैन । कर्तृत्व बुद्धिरहित भएर जसले कर्म गर्छ उही कर्मयोगी हो । यस्तो कर्मयोगीले फलको चिन्ता गर्दैन । महर्षि रमण भन्छन्- कर्मलाई प्रभुमा समर्पित गर- यही कौशल हो र यही उनलाई प्राप्त गर्ने माग हो ।

कर्ममा आसक्ति र लालसा छ भने त्यहाँ पापको संभावना छ । आसक्तिहीन काम पापले कलङ्कित हुदैन । विवेकानन्द कर्मयोगको रहस्यका सम्बन्धमा भन्छन्- प्रत्येक सामाजिक कार्यहरू स्वत: दैहिक मात्र ठहर्छ । स्वभावजनित, आसक्तिहीन र पाप-पुण्यविहीन दैहिक कार्यले गर्दा व्यासको जन्म भएको हो । यस्तै भरत, शकुन्तला, कार्तिकेयको जन्मका निमित्त दुष्यन्त, विश्वामित्र र शंकरका शरीरमा कामको क्षणिक भाव पैदा भएथ्यो ।

*गीता*मा भगवान् श्रीकृष्णले जसले आसक्ति त्यागेर अन्त:करण शुद्धिका लागि कर्म गर्छ त्यसैलाई योगी अर्थात् कर्मयोगी भन्नु भएको छ–

योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥ *(गीता ५।११)*

कर्मयोगी फलासक्तिपूर्वक कर्म गर्दैन चाहे त्यो यथार्थ कर्म नै किन नहोस् । वैदिक कर्मकाण्डमा फलको अपेक्षा रहन्छ, त्यो अशुभ फलदायी छैन तापनि कर्मयोगी कर्मफल त्यागेर असक्तिरहित भै ईश्वरार्थ कर्म गर्छ । भगवान्को अर्जुनलाई निर्देश पनि यही छ । *(ऐजन ३।९, शांकर भाष्य)* कर्मयोगीले फलासक्तिलाई त्यागेर कर्म गरेको हुनाले उसले गरेको कर्म पनि अकर्म *(हेर्नू वेदान्त विश्वकोश-१)* बन्छ । उसले नै मिथ्या ज्ञानीद्वारा कर्म नगर्ने भनिए पनि मनले संकल्प-विकल्प उठाएको कारणले कर्म गरिरहेको देख्छ । मूढ व्यक्तिहरू चाहिं ज्ञानीको या कर्मयोगीको अकर्मलाई पनि कर्म देख्छन् । भाष्यकार शंकर **कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः** । *(गीता ४।१८)* को टीकाका क्रममा लेख्छन्– नदी किनारमा रहेको दृश्यलाई डुङ्गा चढ्नेले विपरित दिशातिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिंडेको देख्छ । आत्माको कर्म छैन । जसले कर्मको रहस्य बुझेको छ त्यस्तो योगीले पनि कर्ममा अकर्म देख्छ । कर्ममा अकर्म र अकर्ममा कर्मको भ्रमले मूढहरू मात्र ग्रस्त हुन्छन् ।

कर्मबाट अहंकार, फलाकांक्षा नै बढ्छ- त्यसबाट चित्तको निरोध हुन सक्दैन । वास्तवमा कर्म वासनाबाट प्रेरित हुन्छ । त्यसैले कर्मको रहस्य कर्मयोगीले नै बुझेको हुन्छ, कर्मठ या कर्मठेहरूले होइन । ज्ञानी पनि कर्म गर्छ स्वाभाविक रूपमा । उसका कर्मबाट लोकसंग्रह हुन्छ तर अज्ञानीले लोक हितार्थ कर्म गर्न चाहन्छ तापनि उसको मनमा अर्थ, यश, स्वर्गको कामना रहेको हुन्छ । यस्तो कामना बन्धनकारक हुन्छ ।

कर्मयोनि : जुन योनिमा कर्म हुन्छ अर्थात् मनुष्य योनि । यो हो कर्म योनि । स्वर्गादि भोगभूमि हो अर्थात् देवयोनि । पहिले गरेका यज्ञ, दान आदि शुभ-कर्मको फल भोग्नका लागि हो देवयोनि । सुखभोगमा लिप्त रहेको कारण उनीहरू (देवताहरू) नयाँ कर्म गर्न सक्तैनन् । नारकीय जीवले पनि दु:ख, यातना भोग्छ त्यो पनि भोगभूमि हो । मनुष्य बाहेक अरू कुनै पनि योनि नयाँ कर्म गर्नका लागि होइन ।
(स्वामी रामसुख- गीता सा.संजीवनी) ।

कर्म-विभाजन : कर्मका विविध प्रकार । कर्मको प्रकारको चर्चा विभिन्न दृष्टिबाट गर्न सकिन्छ । मुख्यरूपमा कर्मलाई सकाम र निष्काम भनेर दुई भागमा विभाजन गरिएको पाइन्छ ।

१.सकाम कर्म– फलको आशा राखेर कर्म गर्नु । मानिस एउटा कर्म गर्छ अनेक फलको आशा गर्छ । आशा र इच्छा असीमित भएकाले मानिस कहिल्यै सुखी हुन सक्तैन । एउटा इच्छा पूरा भयो, अनेक इच्छा, कामनाहरू पैदा हुन्छन् । यहाँ सकाम भनेको फलको कामना हो । सकामकर्मी मोटामोटी रूपमा पुण्य (धर्म), अर्थ (धन-सम्पत्ति आदि), कीर्ति, सुखभोग(काम)को कामना गर्छ । सामान्य धार्मिक जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकामकर्मी हुन् । इच्छित या अनुकुल फल प्राप्त हुँदा ती प्रसन्न हुन्छन्, इष्टदेव प्रति कृतज्ञता प्रकट गर्छन् । स्वर्ग-प्राप्तिको कामना राखेर वैदिक कर्म गर्ने, यज्ञ, यज्ञादि सबै सकाम कर्ममा पर्छन् । सकाम कर्म गर्नेहरूमा कर्ताभाव रहन्छ, ती फलमा आसक्त हुन्छन् । भगवान्‌ले योगक्षेम अर्थात् नभएको वस्तु जुटाइदिने र भएको रक्षा गर्ने काम गर्नुहुन्छ भनेर कर्म गर्नेहरू सकामकर्मी हुन् । यस्ता व्यक्तिहरू पुण्यकर्मले गर्दा अर्को जन्ममा कुलीन या धनी परिवारमा जन्मन्छन् । मनुष्यहरू आ-आफ्ना स्वभाव अनुसार कर्म गर्छन् । कर्म गर्न ती स्वतन्त्र छन्- चाहे सकाम होस् या निष्काम । भगवान्‌को आग्रह नभएकाले ती मनुष्यले आफ्नो कामना-ममता-आसक्तिबाट वशीभूत भएर पुण्य र पाप गर्छन् । तिनको फल भोग्नका लागि स्वर्गादि लोक वा नरकका तथा नीच योनिहरू छन् । *(स्व. रामसुख- गीता सा. संजीवनी)*

२.निष्काम कर्म– कामना-ममता-आसक्तिरहित कर्म । विवेकी पुरुषले कर्मलाई नित्य मान्दैन, न त्यसको फललाई नै नित्य ठान्छ । त्यसैले उसले नि:स्वार्थ रूपबाट भगवान्‌लाई खुशी पार्न कर्म गर्छ । फलत: उसको 'कर्म'मा 'योग' जोडिन्छ र कर्म-फल हेतु नबनेकोले उसले निष्काम कर्म गर्छ । भगवान् श्रीकृष्णले अर्जुनलाई माध्यम बनाएर मुक्तिको कामना गर्नेहरूलाई निष्काम कर्मको मार्ग देखाउनु भएको छ–

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥ *(गीता २।४७)*

अर्थात् कर्तव्य कर्म गर्नु नै तिम्रो अधिकार हो, फलमा तिम्रो अधिकार छैन । कर्मफलको हेतु (निमित्त) तिमी नबन । अकर्ममा पनि तिम्रो आसक्ति हुनुहुन्न ।

भगवान्‌लाई प्राप्त गर्ने कामनाले कर्म गर्नु कर्तव्य हो भन्ने मानिसहरू पनि छन्- यो पनि फलेच्छा या फलासक्ति हो । यस बारेमा शंकराचार्यले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*गीताभाष्य*को अन्त्यमा स्पष्ट लेखेका छन्- सकाम अज्ञानी मानिस आवागमन प्राप्त गर्छन् तर अनन्य भक्त नित्ययुक्त भएर चिन्तन गर्दै आत्मस्वरूप, आकाश झैं निष्पाप परमात्मालाई प्राप्त गर्छन् भनेर भगवान्‌ले भन्नुभएकै छ । *(शास्त्रको उपसंहार प्रकरण)*

कर्मलाई तीन प्रकारले पनि विभाजन गरिन्छ-

१.प्रारब्ध कर्म– पूर्वजन्मको कर्मको फल जसलाई मनुष्यले यस जन्ममा भोग्छ त्यसलाई प्रारब्ध भनिन्छ । यस अन्तर्गत भोग्य धन, सम्पत्ति आदि वस्तुहरू, योग्यता, सामर्थ्य, कीर्ति आदि पर्छन् । साथै, दु:ख-सुखको अनुभूति पनि । प्रारब्धवशात् प्राप्त वस्तुहरूको सदुपयोग गर्नु, अरूको सेवामा लगाउनु आदि कार्य 'पुरुषार्थ' कहलाउँछ ।

पूर्वजन्मको कर्मको भोग प्रारब्ध भएको र ज्ञानीले परम पुरुषार्थरूप मुक्ति पद पाएकोले अब उसको कर्मको प्रारब्ध बन्दैन तर पूर्वजन्मको कर्मको फल चाहिं उसले भोगेको देखिन्छ । जीवन्मुक्त पुरुषमा देहाध्यास नभएकोले मनोशारीरिक रूपमा भोगेको दु:ख-सुखले उसलाई छुँदैन जसरी दुस्वप्नबाट जागेको व्यक्तिले स्वप्नको घटनाको पर्वाह गर्दैन ।

२.सञ्चित कर्म– वर्तमानभन्दा पहिले भूतकालमा या पहिलेका अनेकौं मनुष्य जन्ममा गरिएका कर्म सञ्चित भएर सञ्चित कर्म बन्छ । सञ्चितमध्ये फलोन्मुख कर्म नै प्रारब्ध बनेर यस जन्ममा प्रस्तुत हुन्छ ।

३.आगामी कर्म (क्रियमाण)– यसै जन्ममा गरिएको कर्मको फल आगामी काल या जन्ममा भोगिने भएकोले 'आगामी' भनिएको हो *(हेर्नू वे.विश्वकोश-१)* । ज्ञानोत्तर कालमा ज्ञानीको सञ्चित कर्म सबै नष्ट हुन्छन् र आगामी कर्म पनि उसले (जीवन्मुक्तले) भोग्न पर्दैन किनभने उसले गरेको पुण्यकर्मको फल प्रशंसक, सेवक या शिष्यले भोग्छ अनि अज्ञात रूपमा भएको पापकर्मको फल निन्दकले भोग्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी कर्मसँग ज्ञानीको सम्बन्ध बारे *मुण्डक* श्रुतिको वचन छ–

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ॥ *(२।२।८)*

अर्थात् परात्पर परब्रह्म साक्षात्कार गरेपछि हृदयग्रन्थि फुक्छ, सबै शंकाहरू नष्ट हुन्छन् अनि सबै कर्महरूको पनि नाश हुन्छ ।

शास्त्रसम्मत कर्महरूलाई विहित कर्म अन्तर्गत राखिएको छ । शास्त्रले बताएका सबै कर्महरू गर्न सकिन्न । त्यसैले वर्ण, आश्रम, देश, काल परिस्थिति अनुसार कर्म तोकिएको हुन्छ जसलाई नियत कर्म भनिन्छ । ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्णमा वर्णको लागि जीविका तथा शरीर निर्वाहका लागि तोकिएका नियत कर्म हुन् ।

यसैगरी श्रुतिले बताएको कर्मलाई (क) श्रौत र स्मृतिले बताएका कर्महरुलाई (ख) स्मार्त कर्म भनेर वर्गीकरण गरिएको पनि पाइन्छ ।

कर्मेन्द्रिय : कर्मेन्द्रिय पांच प्रकारका छन्- वाणी, पाणि, पाद, उपस्थ र पायु । वाक्इन्द्रिय (वाणी इन्द्रिय) शब्दसँग सम्बन्धित छ । वाक्इन्द्रियमा हानी भयो भने मानिस लाटो हुन्छ, उसले बोल्न सक्तैन । पाणी अर्थात् हस्तेन्द्रियको स्पर्श तन्मात्रासँग सम्बन्धित छ । हातले स्पर्श गरेर मानिसले सुख लिन खोज्छ । हातले काम गरेर धन आर्जन गर्छ, कलम चलाएर साहित्य, दर्शनका पुस्तकहरू लेख्छ । हस्तेन्द्रिय विकृत छ भने ऊ अपाङ्ग बन्छ, हातको काम खुट्टाद्वारा गर्नु पर्छ । पाद अर्थात् खुट्टा-गोडालाई चलाउने इन्द्रियको सम्बन्ध तेज (रूप) सँग छ । बिरामीको खुट्टा चिसो हुँदै गयो भने प्राण जाने खतरा बोध हुन्छ । मगजलाई ठण्डा राख्नु पर्छ र पाउलाई तातो राख्नु पर्छ । हाम्रा शास्त्रहरूले गुरु, परमात्माका पाऊको ठूलो माहात्म्य बताएका छन् । विष्णुले तीन पाउ जमिन मागेर दानको अहंकारी वलिलाई पाताल पुर्‍याइ दिनुभयो उहाँको एक पाऊले पृथ्वी ढाक्यो, दोस्रो पाऊले आकाश, अर्को पाऊ बराबर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थान कहाँ दिन्छौ भनी बलिसँग भन्दा विष्णु-भक्त वलिले शिरमा राख्नोस् भनेर शिर निहुराए। भगवान्ले पाऊले थिचेर पाताल पुऱ्याइ दिनु भयो। देव, देवीको पाऊलाई कमलसँग दाजिएको पाइन्छ (पादाम्वुज)। यो इन्द्रियले गमन गर्छ– तीर्थ-यात्रा गर्छ, हिमाल चढ्छ, गुरुको आश्रममा ज्ञान गर्न धाउँछ।

उपस्थ इन्द्रिय सन्तानोत्पत्तिका लागि हो, विन्दुवंश अगाडि बढाउनका लागि। यसले मूत्र विसर्जन पनि गर्छ। पायु (गुदा) मल विसर्जनका लागि हो। कर्मेन्द्रिय र तिनका देवता यस प्रकार छन् -

वाणी	-	अग्नि
पाणी	-	इन्द्र
पाद	-	विष्णु
उपस्थ	-	प्रजापति (ब्रह्मा)
पायु	-	यम

कर्मेन्द्रियको पञ्चमहाभूतसँग सम्बन्ध यस्तो छ–

वाणी	-	आकाश
पाणी	-	वायु
पाद	-	तेज
उपस्थ	-	जल
पायु	-	पृथ्वी *(हेर्नू वे.विश्वकोश-१)*

कर्मेन्द्रियको तुलनामा ज्ञानेन्द्रिय सूक्ष्म र महत्वपूर्ण छ। कुनै आध्यात्मिक साधकले कर्मेन्द्रियलाई रोकेर मनले ज्ञानेन्द्रियका विषय शब्द, स्पर्श रूप, रस र गन्धका विषय चिन्तन गरिरहन्छ भने त्यो खतरापूर्ण कार्य हो। त्यस्तो साधक मिथ्याचारी हो भनेर श्रीकृष्णले अर्जुनलाई बताउनु भएको छ-

कर्मेन्द्रियाणी संयम्य य आस्ते मनसा स्मरन्।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्चते॥

(गीता ३।६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बरु त्यो साधक उत्तम हो जो मनले इन्द्रियलाई संयमित तुल्याउन सक्छ र कर्मेन्द्रियद्वारा कर्मयोग गर्छ *(ऐजन ३।७)* ।

करुणाः दया । सत्त्व गुण मध्ये एक । भगवान् करुणामयी हुनुहुन्छ । साधु, सन्तहरू करुणाका सागर हुन् । करुणानिधि भगवान् आर्त भक्तहरूलाई दु:ख, आपत्तिबाट मुक्त तुल्याउन तुरुन्त आउनु हुन्छ । द्रौपदीले हृदयदेखि भगवान्को पुकार गरिन्, उहाँले मद्दत गरी लाज बचाउनु भयो । गजेन्द्रले गोहीबाट ज्यान बचाउन भगवान् पुकार्दा विष्णु भगवान्ले तुरुन्त आएर उसको उद्धार गरिदिनुभयो । *महाभारत, भागवत*मा पाइने यी कथाहरूबाट भगवान्को करुणाको महिमा प्रष्ट हुन्छ । आधुनिक कालमा पनि आपत पर्दा हृदयैदेखि भगवान्को मद्दत खोज्ने भक्तलाई सर्वव्यापक परमात्माले कुनै न कुनै रूपमा आएर मद्दत गर्नुहुन्छ- यस्ता सत्य घटनाहरू *कल्याण* पत्रिकामा हामी पाउँछौं ।

करुणाका खानी भगवान् आफ्नो निन्दा सहन सक्नुहुन्छ तर भक्तको अपमान, निन्दा सहन सक्नुहुन्न । यस सम्बन्धमा एक प्रसंग यहाँ उल्लेखनीय छ । एकजना धार्मिक सेठ थिए । उनको घरमा धार्मिक जन, साधु-सन्तहरू, महात्माहरू आइरहन्थे र तिनको राम्ररी स्वागत-सत्कार गरिन्थ्यो । एक दिन एक जोगी आए । सेठले उनीसँग भगवद्-चर्चा गर्न खोजे । जोगीले भने– मैले ईश्वरको पूजा-पाठ, जप-तीर्थ सब गरें तर उनले दर्शन दिएनन् त्यसैले मैले उनलाई मान्न छाडें । अहिले म अनास्थावादी भएको छु । त्यही समयमा सेठका सेवकहरूले जोगीका लागि खाने कुरा ल्याएर उनको सामु राख्दा सेठले भने- म भगवान्लाई नमान्ने व्यक्तिलाई भोजन गराउन्न । जोगीजी जानोस् ।

त्यसै बखत आकाशवाणी भयो- मैले नास्तिक, आस्तिक, आस्थावादी, अनास्थावादी सबैको भोजनको व्यवस्था गरिरहेको छु भने तिमी किन जोगीलाई भोजनबाट वञ्चित गर्छौ ? सबैको आत्मा बनेर म नै बसेको छु । आकाशवाणीले सेठको ज्ञान-नेत्र खोल्यो । उनले जोगीसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षमायाचना गरेर उनलाई राम्ररी खुवाएर पठाए ।

क्रोधको विपरित जुन वृत्ति हो त्यो हो करुणा । जोगी प्रति सेठमा क्रोधको भावना उठ्यो तर भगवान्मा करुणा जाग्यो- क्रोधको विपरीत । करुणा-पात्रमा दुःख देखापर्नु आवश्यक छ । सेठले क्रोधवश गरेको अपमानबाट जोगी दुःखी भएर जान लाग्दा उसको दुःख देखेर भगवान्को करुणाले आकाशवाणी बनी सेठलाई सतर्क तुल्यायो । मनुष्यको अन्तःकरणमा सात्त्विकताको ज्योति जगाउने कारण करुणा हो ।

मा निषाध प्रतिष्ठात्वमगः शाश्वती समाः ।
यद् क्रौञ्च मिथुनादेकमवधि काममोहितम्ः ।[१०]

कला : तेज, ज्योति । पाशुपत दर्शन अनुसार शरीरको अंश कला हो । *छान्दोग्य उपनिषद्*मा प्रकृति भन्दा परको जुन पुरुष हो ऊ सोह्र कलायुक्त छ भनिएको छ–**षोडशकलः सौम्य पुरुषः** *(६।७।१)* । परमात्माको अवतार पूर्ण हो कि आंशिक हो खुट्याउन कला विभाजनले मद्दत गर्छ । सोन्ह कलायुक्त पूर्णावतार हो जस्तो श्रीकृष्ण, राम । पन्ध्र कलासम्मको विकास अंशावतारमा हुन्छ । नौ कलादेखि चौध कलासम्मको ईश्वरावतार हो । नौ कलादेखिको विकास मनुष्यमा भएमा ऊ अतिमानव हुन्छ । साधारण मनुष्यमा पाँच कला भेटिन्छ भने दैवीगुण सम्पन्न प्रभावशाली व्यक्तिमा छदेखि आठ कलासम्मको विकास भएको हुन्छ । साधारण मानिसमा पाँच कला, पशु आदि योनिमा चार कला, अण्डबाट पैदा हुने पक्षीमा तीन कला, पृथ्वीको वाप र पसिनाबाट पैदा हुने क्षुद्र जन्तुहरूमा दुई कला र वृक्ष-वनस्पतिमा एक कला हुन्छ ।

प्रश्नोपनिषद् (६।२) अनुसार सोन्ह कलायुक्त जगद्रूप विराट शरीर

---

१० करुणाको भावले वाल्मीकिमा काव्यात्मक प्रस्फुटन गरायो र उनले आफूमा कविताशक्ति रहेछ भन्ने जाने । आदिकवि वाल्मीकिको आदि काव्यात्मक प्रस्फुटन हो यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्माले उत्पन्न गरेर हाम्रो शरीरभित्र प्रवेश गनुभयो । उहाँलाई खोज्न बाहिर जानुपर्दैन, हृदयमा नै खोज्नुपर्छ । त्यसपछि सोऱ्ह कलाको उल्लेख गरिएको छ– प्राण, श्रद्धा, पञ्चमहाभूत, अन्त:करण, इन्द्रिय समुदाय, अन्न, वीर्य, तप, मन्त्र, कर्म, लोकहरू र नाम । यसरी सोऱ्ह कलायुक्त ब्रह्माण्डको रचना गरेर परमात्मा आफैं सोऱ्हकला सम्पन्न कहलाउनुभयो । सोऱ्ह कलायुक्त सृष्टिका सम्बन्धमा *प्रश्नोपनिषद्*को मन्त्र छ–

स प्राणमसृजत प्राणाच्छ्रद्धां खं वायुर्ज्योतिरापः पृथिवन्द्रियं
मनोऽन्नमन्नाद्वीर्यं तपो मन्त्राः कर्म लोका लोकेषु च नाम च ।

(६।४)

परमात्मा सोऱ्ह कलायुक्त ब्रह्ममाण्डमा प्रवेश गरी पूर्ण कलायुक्त पुरुष हुनुभयो । मनुष्य परमात्माकै अंश भएकोले ऊ पनि कलायुक्त हो । परमात्मा हाम्रै हृदयमा रहनुहुन्छ । प्रलयकालमा सोऱ्ह कलायुक्त ब्रह्माण्ड उहाँमा नै लीन हुन्छ । परमात्मा संकल्पहीन भएपछि षोडश कलाहीन बन्नुहुन्छ, त्यस बखत अकल र अमृत बन्नुहुन्छ । परमात्माको यो रहस्य जसले जान्दछ ऊ पनि अकल र अमृत बन्छ । महर्षि भरद्वाजका छोरा सुकेशाले सोधेको प्रश्नको जवाफमा पिप्पदादले उक्त ज्ञानोपदेश दिएका हुन् ।

कलियुग : एक कल्पका चार युग मध्ये अन्तिम कलि हो । धर्मका चार पाऊ सत्य, दया, तपस्या र दान मानिएको छ । कृतयुग *(हेर्नू कृतयुग)* अर्थात् सत्ययुगमा यी चार पाऊ बलिया र शक्तिशाली थिए । प्रत्येक युगमा यिनमा ह्रास हुँदै गयो र कलिमा आएर प्रत्येक गुणको चार खण्डमा एक खण्ड मात्र बाँकी रह्यो । यस युगमा सत्य बोल्ने मानिस विरलै भेटिन्छन् । दयालु, तपस्वी र दानी पनि विरलाकोटि भेटिन्छन् ।

कलिमा वेद प्रमाण नमान्ने मनोमानी ढंगका पन्थ, सिद्धान्त, सम्प्रदाय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचलित हुने, धर्मध्वजीहरूको बोलवाला हुने, ब्राह्मणहरू शिश्नोदरपरायण (काम र मामका पुजारी), हुने कुरा *भागवत* द्वादशस्कन्धका शुरुका अध्यायहरूमा बताइएको छ । पाखण्डीहरूले वेदको मनोमानी अर्थ गर्नेछन् । उनीहरूको कारण मानिसहरूको चित्त भाँडिने छ । जनता कर्म र भगवान्‌को पूजा आदिबाट विमुख हुनेछन् । धर्मका चार चरण भने झैं अधर्मका चार चरण असत्य, हिंसा, असन्तोष र कलह ज्यादै प्रवल देखिनेछ । कामवासना र अर्थोपार्जनमा लम्पट भएका कलियुगीन मानिसहरूले आमा-बाको उपेक्षा गर्नेछन्, वैवाहिक सम्बन्धलाई जोड दिनेछन् अनि साला, सालीको सल्लाह लिनेछन् भनेर कलिको वर्णन पनि गरिएको छ ।

गुण-वृद्धि अनुसार सत्य र कलियुगको (व्यष्टि रूपमा) उदय र अस्त हुने गर्छ । मानिसमा सत्त्वगुणको वृद्धि भएको छ, उसका मन-बुद्धि र इन्द्रियले सत्त्वगुणी कार्यहरू गरिरहेका छन् भने उसका लागि त्यो समय सत्ययुग हो । यसको विपरित मानिस लोभ, असन्तोष, अभिमान, इर्ष्यादि दोषको शिकार भएको र सकाम कर्ममा प्रवृत्त भएको समय द्वापर युग हो । झुठ-कपट, हिंसा-विषाद, शोक-मोह, भय र दीनता, निन्द्रा-तन्द्रादि अधोगुण(तमोगुण) वृद्धि भएको समयलाई कलियुग ठान्नुपर्छ । स्त्रीहरू दुष्टता र कुलटा भएको समय र देशमा कलिव्याप्त भएको हुन्छ ।

कल्प– ब्रह्माजीको एक दिनलाई एक कल्प भनिन्छ । चार युग सत्य, त्रेता, द्वापर र कलिको पूर्ण समयावधि ४३ लाख २० हजार मानव वर्ष हुन्छ । हिन्दु पञ्चाङ्ग अनुसार चार युग बितेपछि चौघडी पूरा हुन्छ । एक हजार चौघडी (४ अर्ब ३२ करोड मानववर्ष)को अवधिमा १४ मन्वन्तर पूरा हुन्छ । यस अवधिलाई एक कल्प पनि भनिन्छ । कल्प ३० बताइएको छ । ती हुन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. श्वेतवाराह	२. नीललोहित	३. वामदेव
४. रथन्तर	५. रौरव	६. प्राण
७. बृहत्कल्प	८. कन्दर्प	९. सत्य
१०. ईशान	११. व्यान	१२. सारस्वत
१३. उदान	१४. गारूड	१५. कौर्म
१६. नारसिंह	१७. समान	१८. आग्नेय
१९. सोम	२०. मानव	२१. पुमान
२२. वैकुण्ठ	२३. लक्ष्मी	२४. सावित्री
२५. घोर	२६. वाराह	२७. वैराज
२८. गौरी	२९. माहेश्वर	३०. पितृ

कवि– सर्वद्रष्टा,. सर्वज्ञ, विचारवान् पुरुष । असुरहरूका आचार्य शुक्रको उपाधि । *गीता*मा भनिएको छ– **कविनामुशना कविः** *(१०।३७)* । कविहरूमा उशना (शुक्राचार्य) म हुँ । संस्कृत कविहरूमा आदिकवि वाल्मीकि हुन् जसले *रामायण, योगवाशिष्ठ* जस्ता उच्च आध्यात्मिक ग्रन्थ लेखे । वाल्मीकि द्रष्टा मात्र होइनन् स्रष्टा पनि थिए त्यसैले उनले *रामायण*को उत्तरार्धमा जे लेखे सोही अनुरूप श्रीरामले लीला गर्नुभयो । उनलाई कवि जेष्ठ पनि भनिन्छ ।

*ईशावास्योपनिषद्*मा मन्त्र छ– **कविर्मनीषी परिभूः स्वयम्भू** *(मन्त्र-८)* । यहाँ आत्मा(परमात्मा)को प्रसंगमा भनिएको छ- यो सर्वद्रष्टा, सर्वज्ञ, सर्वोत्कृष्ट र स्वयम्भू हो । भाष्यकार शंकराचार्यले कविलाई क्रान्तदर्शी अर्थात् सर्वद्रष्टा मानेका छन्– **कविःक्रान्तदर्शी सर्वदृक** । 'क्रान्त'को अर्थ अतीत हो तर यहाँ तीनै कालको उपलक्षण मानेर क्रान्तदर्शीको सर्वद्रष्टा अर्थ लगाइएको छ । काव्यकारको सम्मानमा भन्ने गरिएको पनि छ- जहाँ पुग्दैनन् रवि उहाँ पुग्न सक्छन् कवि । 'कवि'मा 'राज' पद जोडिएपछि बन्ने कविराजको अर्थ महाकवि हुन्छ । महाकवि शब्द सामान्यतया महाकाव्य रचना गर्ने कविका लागि प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । तर नेपालमा सम्मानको रूपमा यो उपाधि लक्ष्मीप्रसाद देवकोटाले प्राप्त गरे । उनी *शाकुन्तल, सुलोचना* जस्ता महाकाव्य रचनाले गर्दा महाकविको सम्मानित पदमा आसीन हुन पुगे । संस्कृत साहित्यमा महाकविहरू हुन्- कालिदास*(रघुवंश, कुमारसंभव)* भारवि*(किरातार्जुनीय)* श्रीहर्ष *(नैषधचरित)* आदि ।

कविहरूका शिरोमणिलाई कविशिरोमणि भनिन्छ । यो उपाधि लेखनाथ पौडयालले प्राप्त गरे । महाकवि देवकोटा र कवि शिरोमणि लेखनाथ दुवैमा वेदान्त दर्शनमा रुचिरहेको कुरा तिनका काव्य रचनाबाट बोध हुन्छ । देवकोटा लेख्छन्-

देखिन्छ ईश कुन मन्दिरमा पसेर ?
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर । *(मार्ग)*

लेखनाथले वेदान्तकै पृष्ठभूमिमा *बुद्धिविनोद, तरूणतपसी* आदि काव्यहरू लेखे । वि.सं. १९७३ मा लेखेको *बुद्धिविनोद*को गहन दार्शनिक प्रश्नहरूको धेरै कवि, विद्वान्हरूले काव्यात्मक उत्तर लेखी छपाए, छपाउँदैछन् । उनको गहन प्रश्न यस्ता छन्–

कहाँ थियो वास अघि म को थिएँ
कसो हुँदा यो पिंजडा लिंदो भएँ
कहाँ छ जानू कुन साथ लीकन
तँलाई मालुम छ कि यो कुरा मन ॥१॥

\+ \+ \+

असत्य संसार असत्य देह यो
असत्यको योग असत्य नै भयो ।
म सत्य आत्मा फिर जन्मने किन
तँलाई मालुम छ कि यो कुरा मन ॥२३॥

कश्यप : कश्यप(शरीर)को पालन गर्ने भएकाले कश्यप । ब्रह्माका मानस पुत्र मरीचि हुन् र मरीचिका पुत्र कश्यप हुन् । यिनी देवता र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राक्षस दुवैका पिता हुन् । अदितिबाट बाह्र आदित्यहरूको *(हेर्नू वे.विश्वकोश-१)* जन्म भयो । विष्णुको वामन अवतारमा वामन कश्यपकै पुत्रको रूपमा जन्मेको पाइन्छ । दितिबाट राक्षसहरूको जन्म भयो । यिनले अदितिका साथै अन्य बाह्र दक्षपुत्रीहरूसँग विवाह गरेको र उनीहरूबाट सरीसृप, पंक्षी, पशु, परीहरू र नक्षत्रपुञ्जको सृष्टि भएको प्रसंग *महाभारत* तथा पुराणहरूमा पाइन्छ । त्यसैले कश्यपलाई बहुधा प्रजापति भनिएको छ । *महाभारत*मा यिनको परिचय दिइएको छ–

मरीचेः कश्यपः पुत्रः कश्यपात्तु इमाः प्रजाः ।
प्रजज्ञिरे महाभागा दक्षकन्यास्त्रयोदश ॥ *(आ.प.६५।११)*

भगवान्‌को नाम पनि कश्यप रहेको छ किनकि उहां प्रत्येक कुल(शरीर)मा अन्तर्यामी रूपले प्रवेश गरेर त्यसको रक्षा गर्नुहुन्छ ।

कषाय आदि बाधा : जुन खाद्य या रसले घाँटीमा टर्रोपनले प्रभावित पार्छ त्यो कषाय हो– **कषति कण्ठम्** । 'कष्' धातुको अर्थ रगड्नु हो । कसौटी शब्द यसैबाट बनेको छ । कषायलाई योग-दर्शनमा समाधिको बाधा बताइएको छ । कषायका साथै समाधिका अन्य बाधा हुन्- लय, विक्षेप र रसास्वाद । क्रोध आदि विकारलाई पनि कषाय भनिन्छ । यस्ता विकारले गर्दा समाधि लाग्न दिंदैन । जब यस्ता विकारबाट चित्त मुक्त हुन्छ, लय (निद्रा) र विक्षेप (मनको चञ्चलता) पनि हट्छ त समाधि लाभ हुन्छ । चित्त शान्त भएपछि मिल्ने प्रतिबिम्ब आनन्द रसास्वाद हो । यो आनन्दमा भुलेर साधक अगाडि बढ्न सक्तैन र स्वरूपानन्दको अनुभूति गर्न सक्तैन । रसास्वाद गर्नेले जुन क्षणिक आनन्द पाउँछ त्यसलाई ब्रह्मानन्द सम्झनु नै भूल हो, यही हो बाधा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का

काकभुशुण्डि : सुमेरु पर्वतको कल्पवृक्षमा रहने ज्ञानी, चिरञ्जीवी काक (कौवा)भुशुण्डि । उनी कल्पकल्पजीवी मात्र होइनन्, ब्रह्मज्ञानी पनि हुन् भनेर *योगवाशिष्ठ* (निर्वाण प्रकरण, पूर्वार्धमा) बताइएको छ । वशिष्ठले श्रीरामलाई आफू भुशुण्डिसँग सत्संग गर्न गएको अनुभव बताउँछन् । ब्रह्मर्षि भन्छन्– उनलाई शुद्ध वाणी भएका, निरहंकारी, सबैका मित्र, परम ज्ञानी, उत्तम व्यवहार गर्ने, प्रसन्न, गम्भीर, शान्तरूप भएको मैले पाएँ ।

भुशुण्डिका पिता चन्द्र कौवा हुन् जो अलम्बुषादेवीका वाहन थिए । उनले ब्रह्माणीका वाहन हंसिनीसँग रमण गरेपछि भुशुण्डिको जन्म भएको बताइन्छ । हंसिनीले ब्रह्माणीको दर्शन गराउन भुशुण्डिलाई लगिन् । सरस्वतीदेवीले आशीर्वाद दिनुभयो जसले गर्दा अविद्या नष्ट भयो । भुशुण्डिलाई ब्रह्माजीको पनि आशीर्वाद प्राप्त भयो । पिता चन्द्र कौवाले 'मायामा नफस्नू' भनेर उपदेश दिए र सुमेरु पर्वतमा पठाए ।

वशिष्ठले दीर्घ जीवन र अविनाशी स्वरूपको बोधका सम्बन्धमा जिज्ञासा राख्दा भुशुण्डिले भने- तपाईंको ८ जन्म, रामको ११ जन्म, कृष्णको १६ र नरसिंहको ३ अवतारहरूको मलाई ज्ञान छ । समुद्रमथनको पनि मलाई स्मरण छ । यतिका सृष्टि भए पनि जब म आत्मा तर्फ ध्यान दिन्छु त कुनै सृष्टि भएकै छैन भन्ने बोध हुन्छ । आत्मामा मनको स्पन्दनबाट सृष्टि देखापर्छ र त्यसैमा लय हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत् संकल्प मात्र हो। यो सत्य, असत्य केही होइन, केवल भ्रम हो। जसको मन ब्रह्ममा स्थित छ, जसमा काम, क्रोध, लोभ, मोह, मद, भय, चिन्ता आदि छैनन् ऊ मृत्युबाट मुक्त हो। ममा कुनै बन्धन छैन। प्राणसमाधि नै मेरो दीर्घ जीवनको रहस्य हो।

गुरु वशिष्ठले मुमुक्षु शिष्य श्रीरामलाई अन्त्यमा भने- भुशुण्डि पनि कल्पवृक्षमा रहन्छन्। मैले उनलाई सत्ययुगको २०० वर्ष बित्दा भेटेको हुँ। उनको यो इतिहास परम पवित्र छ। यस उपर विचार गर्दा संसारभ्रम हट्छ र भवसागरबाट मुक्ति मिल्छ।

रामचरितमानस अनुसार काकभुशुण्डि नील पर्वत(नेपाल)मा रहन्छन्। हिमआच्छादित, एकान्त एवं प्राकृतिक यो स्थल उनलाई खूब मन पर्छ। *मानस*को उत्तरकाण्डमा भुशुण्डिको बाल्यकाल, गरुडको मोह-भंग गर्न भगवान्ले भुशुण्डिको समीप ज्ञानोपदेशका लागि पठाउनुभएको, शिव भगवान् आफैंले कागको रूपमा रहिरहन चाहने ती ब्रह्मज्ञानीले आफ्ना इष्टदेव रामको लीलाकथा गरुड लगायत अनेकौं चराहरूलाई सुनाइरहेको पाएको र आफू समेत हंसको रूपमा श्रोता बनेको आदि प्रसंगहरू पाइन्छन्। पहिले उनले लोमस ऋषिको निर्गुण उपदेशको खण्डन पटक-पटक गर्दा ऋषिले 'काग भएस्' भनेर श्राप दिएको कथा पनि प्रचलित छ। कागका योनि पाएर पनि प्रसन्न भएको र समतायोग सम्पन्न भएको देखेर ऋषिले पछुताउ गर्दै 'राम' मन्त्रको उपदेश दिए। उनले रामको बालक रूपको ध्यान कसरी गर्ने सो बताएर रामका गुप्त लीलाहरूको वर्णन समेत गरे। लोमसले आशीर्वाद दिए- तिमी ज्ञान-वैराग्यको खानी बन्नेछौ। तिमी रहेको स्थानको एक योजन वरपर अज्ञान, काल र मायाको प्रभाव हुनेछैन। आकाशवाणीले पनि लोमशको वरको समर्थन गऱ्यो।[५]

काकभुशुण्डिमा ज्ञान र भक्तिको समन्वय पाइन्छ। विष्णु भगवान् जब-जब रामको अवतार लिनुहुन्छ भुशुण्डि अयोध्या जान्छन् र

[५] *सान्तनु-लेख, कल्याण-सन्त अङ्क*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाललीला हेरेर गद्गद् हुन्छन् । उनी बालक रामसँगै खेल्ने, उहाँको जूठो खाने आदि भक्तिभावमा रमाउँछन् । एकपटक रामको बाललीला हेर्दै गर्दा उहाँको पुरी खोस्न पुगेछन् भुशुण्डिले । रामले गरुडको सम्झना गर्नुभयो । गरुड आएको देखेर भुशुण्डि भागे, गरुडले पिछा गरे । त्रिलोकमा कहिं पनि शरण नमिल्दा काग फर्केर रामकै शरणमा परे र प्रभुले दयावश क्षमा गरिदिनु भयो । उनै रामले इन्द्रजीतको नागपाशद्वारा बाँधिएको लीला गर्नुभयो (रावणसँगको युद्धमा) । गरुडले नाग-पासोलाई टुक्रा-टुक्रा पारेर बन्धनमुक्त पारे । यो घटनाले गर्दा गरुडमा अहंकार बढ्यो । श्रीरामले उनलाई काकभुशुण्डिसँग ज्ञान लिन पठाउनुभयो । गरुडले शुरुमा त बाल्यकालको भुशुण्डिको करतूत सम्झे, अभिमान झन् बढ्यो तर जब उनले ज्ञानी कागसँग नीलगिरि पर्वतमा गई सत्संग गरे त उनको अभिमान चूर्ण भयो, मोहभंग भयो । भुशुण्डिले याज्ञवल्क्यलाई समेत *रामचरितमानस* सुनाएका थिए ।

भुशुण्डि कस्ता रहेछन् तुलसीदासका यी वाणीबाट बोध हुन्छ–

रामभक्तिपथ परम प्रवीना । ज्ञानी गुणगृह बहु कालीना ॥
रामकथा सोइ कहै निरन्तर । सादर सुनहिं विचित्रविहंगवर ॥

(उत्तरकाण्ड, भुशुण्डि-प्रसंग)

कात्यायनी : कात्यायनी नवदुर्गा मध्येको छैठौं नाम हो । *दुर्गाकवच*मा भनिएको छ– **पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।**

वर र अभय मुद्रायुक्त कात्यायनी माताले चतुर्भुजामा खड्ग (तरवार) र कमलपुष्प पनि लिनुभएको छ, उहाँको सवार सिंह हो । *महाथर्वण-संहिता* अनुसार दस बाहु भएकी दुर्गा नै कात्यायनी हुनुहुन्छ–

दशभिर्बाहुभिर्युक्ता सैव कात्यायनी स्मृता ।

(सं.ने.बृ.शब्दकोश)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहाँ अमोघफलदायिनी हुनुहुन्छ–

चन्द्रहासोज्ज्वलकरा शार्दुलवरवाहना ।
कात्यायनी शुभंदद्यादेवी दानवघातिनी ॥

कात्य गोत्रका प्रसिद्ध ऋषि कात्यायनले भगवती पराम्बाको उपासना गर्दै धेरै वर्ष बिताए । उनले पृथ्वीमा दानवको अत्याचार रोक्न देवीमातालाई प्रकट गराएकाले देवीको नाम कात्यायनी रहन गयो भन्ने कुरा पुराणमा पाइन्छ । *दुर्गासप्तशती* अनुसार जगज्जननी देवीलाई देवताहरूले आ-आफ्नो तेजको अंश दिएर शक्तिशाली बनाई महिषासुरसँग लड्न पठाए । महिषासुरलाई मारेपछि उहाँ महिषासुरमर्दिनी कहलाउनुभयो । उहाँ नै कात्यायनी हुनुहुन्छ ।

कात्यायनी माता आफ्ना भक्त एवं उपासकलाई भुक्ति र मुक्ति दुवै प्रदान गर्न सक्षम हुनुहुन्छ । *भागवत* अनुसार नन्दव्रजका कुमारीहरूले मङ्सीर महिनाभर यमुनामा स्नान गरी कात्यायनीको प्रतिमाको पूजा श्रीकृष्णलाई पति रूपमा पाउने कामनाका साथ गरेथे । कात्यायनी व्रतको उल्लेख *भागवत* दशम स्कन्धको २२ औं अध्याय १-७ श्लोकमा पाइन्छ । व्रजका कुमारीहरूले देवीमाताको आराधना गर्दै आफ्नो कामना यसरी व्यक्त गरे–

कात्यायनि महामाये महायोगिन्यधीश्वरि ।
नन्दगोपसुतं देवि पतिं मे कुरु ते नमः ।
इति मन्त्रं जपन्त्यस्ताः पूजां चक्रुः कुमारिकाः ॥
(भाग.१०।२२।४)

दुर्गासप्तशती अनुसार युद्धमा महासुर शुम्भ र निशुम्भको बध देवी माताद्वारा भएपछि देवराज इन्द्रका साथ देवताहरूले खूब खुशी भएर कात्यायनीको स्तुति गर्न थाले–

देवि प्रपन्नार्ति हरे प्रसीद प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरि पाहि विश्वं त्वमीश्वरी देवि चराचरस्य ॥ *(११।३)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात्– हे शरणागतको कष्टनिवारिणी देवी ! सम्पूर्ण जगत्की माता तपाईं नै हुनुहुन्छ । प्रसन्न हुनुहोस्, हे विश्वकी ईश्वरी ! खुशी हुनुहोस् । तपाईंले नै चराचरको रक्षा गर्नुहुन्छ ।

कान्यकुब्ज : भारतको फरुदावाद सहर । कन्नौज पनि भनिन्छ । 'कान्यकुब्ज' शब्दबाट अपभ्रंश भै कन्नौज भएको हो । कन्नौजको आसपासको प्रान्तको नाम कान्यकुब्ज थियो र यसका ब्राह्मणहरू कान्यकुब्ज ब्राह्मण कहलाए । गंगा नदीको कारणले यो कुशिक तीर्थ कहलायो । महर्षि ऋचीकले यहाँका राजा गाधिकी कन्या सत्यवतीसँग विवाह गरे । राजाले महर्षिसँग एक सहस्र श्यामकर्ण घोडा मागे । राजाको मागलाई उनले वरुणदेवसँग मागेर अर्पण गरेथे । गाधिका पुत्र विश्वामित्र भए । विश्वामित्रको अर्को नाम कौशिक हो । कौशिक गोत्रीय ब्राह्मणहरू कान्यकुब्जीय ब्राह्मण कहलाउँछन् । ऋचीकका पुत्र जमदग्नि हुन् र जमदग्नि-पुत्र परशुराम जो विष्णुका अवतार मानिन्छन् ।

मुख्य रूपमा (भौगोलिक रूपमा) ब्राह्मण वर्गको दुई विभाग गरिएको छ– पञ्चगौड (उत्तर भारतीय) र पञ्चद्रविड (दक्षिण भारतीय) । पञ्चगौडहरूको नै एक शाखा कान्यकुब्ज हो । गौडहरूको उद्गम क्षेत्र कुरुक्षेत्र *(हेर्नू कुरुक्षेत्र)* मानिएको छ । प्रयागको नजिकदेखि कान्यकुब्जसम्म फैलिएका ब्राह्मणहरू नै कान्यकुब्ज ब्राह्मण हुन् । पञ्चगौडहरूमा मैथिल र उत्कल पनि पर्दछन् । पञ्जाब र कश्मिरका ब्राह्मणहरूलाई सारस्वत भनिन्छ । प्राचीन गौडभूमिका निवासी भएकाले उत्तर भारतका ब्राह्मणहरू गौड कहलाएका हुन् ।^ बंगाल र भुवनेश्वर बीचको प्रदेश गौड कहलाउँथ्यो र यहाँका पण्डितहरू 'सर्वविद्या विशारद' हुन्थे ।* आद्य शंकराचार्यका परम गुरु *(माण्डूक्यकारिकाकार)*को नाम नै गौडपादाचार्य *(हेर्नू गौडपादाचार्य)*

^ *डा. पाण्डेय-हि. धर्मकोश*

**स्कन्दपुराण*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो ।

कापिल सांख्य : कपिलमुनिको सिद्धान्त सांख्य हो । सांख्य-शास्त्र(दर्शन)ले ईश्वर मान्दैन तर आत्मालाई मान्छ । यो दर्शन अनुसार प्रकृति र पुरुषबाट सृष्टि हुन्छ । पुरुष चेतन तत्त्व हो र प्रकृति जड हो । सांख्यले आत्मालाई पुरुष भन्छ । कापिल सांख्य सत्कार्यवादी दर्शन हो । यसले प्रकृति र पुरुष दुवैलाई अनादि मान्छ । पुरुषद्वारा प्रेरित भएर प्रकृतिले कार्य गर्छ, प्रकृतिको सत्ता (सधैं हुनु) नै सृष्टिको मूल कारण हो । सृष्टिमा विविधताको कारण गुणहरूको तारतम्य हो । पुरुषलाई आकर्षित र मोहित तुल्याउँदासम्म सृष्टि संचालन भइरहन्छ तर पुरुष प्राज्ञ भयो भने प्रकृति संकुचित हुन्छे र सृष्टिलाई समेट्छे । *तत्त्वसमास सूत्र* नामक संक्षिप्त सूत्र-रचना कपिलको मूल उपदेश मानिन्छ । कपिलको सांख्य-दर्शनको तत्त्व निर्णय गरिएको प्रामाणिक ग्रन्थ ईश्वरकृष्ण रचित *सांख्यकारिका* हो । सांख्य परम्परामा आसुरि, पञ्चशिख, जैगीषव्य, वार्षगण्य तथा ईश्वरकृष्ण जस्ता ठूला चिन्तक भए । *भागवत्*ले कपिललाई विष्णुका चौबीस अवतारहरू मध्ये पाँचौं अवतार मानेको छ । यति मात्र होइन कालक्रमले गर्दा लुप्त भएको सांख्य-शास्त्रलाई कपिलले प्रवर्तन गरेको र उनले आफ्ना शिष्य आसुरि नामक ब्राह्मणलाई सांख्यको उपदेश गरेको जानकारी पनि दिएको छ–

पञ्चमः कपिलो नाम सिद्धेशः कालविप्लुतम् ।
प्रोवाचासुरये सांख्यं तत्त्वग्रामविनिर्णयम् ॥
(भाग. १।३।१०)

सांख्य-दर्शनले ईश्वरलाई मान्दैन, वेदलाई मान्छ, त्यसैले यो छवटा आस्तिक दर्शन *(हेर्नू वे.विश्वकोश-१)* भित्र पर्छ । यसको मूल मन्त्र हो- भोगको कारणले लोक दुःखी छ । जतिसुकै सुख खोजे पनि त्यसमा (भोगमा) सुख छैन । कर्मकाण्डबाट पनि दुःख दूर हुन्न । सुख त ज्ञानमा छ । चेतन पुरुषले अव्यक्त जड प्रकृति र व्यक्त जड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्‌देखि भिन्न आफ्नो ज्ञानस्वरूपलाई जान्दछ त ऊ दुःखबाट मुक्त हुन्छ । सांख्यको मूल मन्त्र हो– **श्रेयान् व्यक्ताव्यक्त विज्ञानात्** *(सांख्यकारिका-४४)* । व्यक्त भनेको जगत् हो । अव्यक्त प्रकृति हो । अनि 'ज्ञ' हो चेतन पुरुषको विवेक । यो विवेक किंवा ज्ञान (स्वरूप-ज्ञान) नै श्रेय हो ।*

*भागवत*को पच्चीसौं अध्यायदेखि बत्तीसौं अध्यायसम्म मुमुक्षु माता देवहूतीलाई कपिलले कर्म, भक्ति र ज्ञानको उपदेश गरेको प्रसंग उल्लेखित छ । उनको उपदेशको सार यस्तो छ- साधक जब तीव्र विवेक-ज्ञान, वैराग्य, तप र योगद्वारा समाधिमा लीन हुन्छ त चेतन पुरुषको जड प्रकृति प्रतिको आसक्ति (अविद्या) नष्ट हुन्छ । ऊ आफ्नो स्वरूपमा रमाउन थाल्छ । यसरी आत्माराम बनेपछि प्रकृतिले उसलाई केही गर्न सक्तैन । स्वप्नबाट बिउँझेको व्यक्तिलाई स्वप्नको लाभ-हानि निरर्थक लाग्छ, त्यसैगरी प्रकृति र पुरुषको विवेक भएपछि (ज्ञानमा जागेपछि) प्रकृतिका सबै खेल सारहीन लाग्छ अनि उसले लोक-परलोकका सबै भोग तुच्छ मान्छ । त्यसपछि आत्मानुभव प्राप्त गरी, संशय नष्ट गर्दै मुमुक्षुले कैवल्य प्राप्त गर्छ । *(भाग ३।२७ को अन्तिम अंश)*

सांख्य-शास्त्र अनुसार प्रकृति २४ तत्त्वयुक्त हुन्छ । जस्तो–

१. महाभूत	-	५
२. तन्मात्रा (विषय)	-	५
३. अन्तःकरण	-	४
४. इन्द्रिय	-	१०
जम्मा		२४

यसरी चौबीस तत्त्व-समूह प्रकृति हो । यस दर्शन अनुसार पुरुष प्रकृतिदेखि भिन्न पच्चिसौं तत्त्व हो । सांख्यले चार प्रकारका पदार्थको निरूपण

*समुदयमा यसै लेखकको लेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छ-

क. केवल प्रकृति	-	मूल प्रकृति (अव्यक्त)
ख. केवल विकृति	-	दस इन्द्रिय, महाभूत र मन (सोन्ह तत्त्व)
ग. प्रकृति-विकृति-उभयरूप	-	महतत्त्व, अहंकार र तन्मात्रा (सात तत्त्व)
घ. प्रकृति	-	विकृतिदेखि भिन्न तत्त्व-पुरुष (ज्ञ)

मूल प्रकृति अव्यक्त हो, जड छ। पुरुष चेतन हो, यो स्वभावत: निर्लिप्त छ, त्रिगुणातीत, निष्क्रिय र नित्य छ। तब सृष्टि कसरी हुन्छ ? भन्ने प्रश्नमा सांख्यको जवाफ छ- पुरुषको बिम्ब प्रकृतिमा परेपछि बुद्धि उत्पन्न हुन्छ र प्रकृतिले आफूलाई चेतन मानेर सृष्टि गर्छ। तीन गुणको साम्य अवस्था विथोलिएपछि अर्थात् रजोगुणको कारण प्रकृतिमा विकृति (परिणाम) देखापर्छ र सृष्टि शुरु हुन्छ। पुरुषको बिम्ब प्रकृतिमा परे झैं प्रकृति(बुद्धि)को प्रतिबिम्ब पुरुषमा पनि पर्छ। फलत: असङ्ग र निर्लिप्त पुरुषले आफूलाई कर्ता-भोक्ता ठान्छ र आसक्त व्यक्तिमा झार्छ। पुरुष र प्रकृतिको यो कल्पित र आरोपित सम्बन्ध नै बन्धन हो। यस बन्धनलाई विवेक-बुद्धिद्वारा चुँडालेपछि पुरुष पुन: असङ्ग र निर्लिप्त हुन्छ। यसैलाई कैवल्य या मुक्ति भनिन्छ। प्रारब्ध भोग बाँकी रहेमा मुक्त व्यक्ति जीवन्मुक्तिको स्थितिमा रहन्छ। भोग सकेपछि उसले विदेह कैवल्य प्राप्त गर्छ। सांख्य-दर्शन अनुसार तीन प्रकारको दु:ख आधिभौतिक, आधिदैविक तथा आध्यात्मिकको आत्यन्तिक निवृत्ति नै परम पुरुषार्थ हो *(डा. पाण्डेय-हि. धर्मकोश)*। वेदान्तले दु:ख निवृत्तिका साथै आत्यन्तिक सुखलाई मुक्ति मान्दछ।

काम/कामना : इन्द्रियले शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषय भोग्ने इच्छा गर्नुलाई काम या कामना भनिन्छ। इच्छा, तृष्णा विशेषको नाम नै काम हो। **इन्द्रियगोचरप्राप्ते इष्टे विषये श्रूयमाणे स्मर्यमाणे वा अनुभूते सुखहेतौ या गर्धि:तृष्णा स काम:** *(शांकर भाष्य-गीता ५।२३)* अर्थात् इष्ट विषय इन्द्रिय गोचर हुंदा, सुन्दा, स्मरण हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसलाई पाउने लालसा, तृष्णालाई काम भनिन्छ ।

षड्रिपु- काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य मध्ये कामलाई अगाडि राख्नुको अर्थ यो सबभन्दा बलियो भएर नै हो । कामलाई जसले जित्यो उसलाई अरू मानसिक शत्रु जित्न गाऱ्हो पर्दैन । कामनाले गर्दा नै मानिस बहिर्मुखी बनेर संसारमा दौडन्छ अनि दुःख-सुख भोग्छ । जन्म-मरणको संसार-चक्रमा फसिरहन्छ । *गीता*मा भगवान्ले निष्कामनामा जोड दिनुभएको छ । कामना राखेर कर्म (काम्य कर्म) गर्ने व्यक्तिले भोगलाई त्याग्न सकेको हुन्न र उसमा व्यवसायात्मिका बुद्धि हुन्न *(गीता २।४४)* । त्यसै गरी उहाँले काम-कामना नत्यागी शान्ति प्राप्त हुन्न भन्नुभएको छ *(ऐजन २।७१)* ।

श्रुतिको भनाइ छ- पुरुष कामनायुक्त भएपछि उसले निश्चयात्मक बुद्धिपूर्वक क्रिया गर्छ । जुन इच्छा(कामना)को क्रिया सम्पन्न हुन्छ त्यसले फल पैदा गर्छ । उसले जन्म-मृत्युको चक्रमा पर्नुपर्छ तर अकाम, निष्काम, आप्तकाम या आत्मकाम पुरुषको अन्त्यकालमा प्राण निस्कँदैन (कामहीन भएकोले), ऊ ब्रह्मस्वरूप हुन्छ ।■

काम, कामना मायाको रूप हो । मायालाई जित्न चाहनेले आत्माकै कामना गर्नुपर्छ । नत्र ऊ संसारमा फस्दै जान्छ । उसले मायापतिको कृपा प्राप्त गऱ्यो भने ऊ आप्तकाम, पूर्णकाम बन्छ । उसको जीवन कृतार्थ बन्छ । महाभारतको युध्द पछि शोकग्रस्त राजा युधिष्ठरलाई श्रीकृष्णले मनमा रहेका कामनाहरू नै दुःख, शोकका कारण हुन् भन्दै संझाउनु भयो– विद्वान् पुरुषले कामनाहरू दुःखको कारण जानेर त्यागिदिन्छन् । योगीले मोक्षमा ध्यान दिँदै कामना त्याग गर्छ । कामनाहरूको विग्रह नै धर्म हो र मोक्षको वीज पनि ।

कामकला : कामकला तन्त्रविद्याको मन्त्रशास्त्र-शाखा अन्तर्गत मात्रिकाविलासको एक भेद मानिन्छ । अर्को हो वर्णमाला । 'काम' र

■ *बृह.उप. ४।४।५-६*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'कला' दुइ विलासको एक भेद मानिन्छ। 'काम' र 'कला' दुई पद मिलेर कामकला बनेको छ। 'काम'को अर्थ ईश्वर वा ब्रह्म हो– **काम्यते योगिभिरिति** । योगीहरूद्वारा चाहना गरिने ब्रह्म नै 'काम' हो। 'कला' ब्रह्मशक्ति हो। अव्यक्त ब्रह्म (ईश्वर)लाई व्यक्त गर्ने शक्तिलाई कला भनिएको हो।

ब्रह्मसँग मिलेको शक्तिको अभिव्यक्ति 'अहं' हो– **अ–इति ब्रह्मतत्रागतोऽहं** । 'अहं' रूप ब्रह्मले म धेरै बनुँ भन्ने कामना गर्दा सृष्टि-प्रपञ्च खडा भयो- **एकोऽहं बहुस्याम** । यही अहंलाई सिद्ध कामकला भनिएको छ *(धनशमशेर- कामकला रहस्य)* । कामकला हंसरूपमा रहँदा अजपा गायत्री **(सोऽहं हंस)** रूपमा व्यक्त हुन्छ। फेरि यो तत्त्व प्रणवरूपले पनि रहन्छ। सृष्टिका क्रममा रतासन-कामकलाको भूमिका रहन्छ। यस्तो कामकला हाम्रा देवमन्दिरहरूका टुँडालमा अभिव्यक्त भएका देखिन्छन्।

विद्वान्हरूले कामको अर्थ पर:शिव र कलाको अर्थ पराशक्ति हुन् भनेका छन्। जगत् यी दुई तत्त्वद्वारा व्याप्त छ– **जगत् कामकलात्मकम्** *(निगमागम वैज्ञानिकसार)* । अजपा मन्त्रमा अ, ह, म र सको जप हुन्छ। संयुक्तरूपमा उच्चारणका साथ यो बन्छ- **सोऽहं हंस** । यसमा **(सोऽहंमा)** ह-कार र स-कार लोप हुँदा ॐ अर्थात् प्रणवरूप कामकला जन्मन्छ–

हकारेण वहिर्याति सकारेण विशेत् पुनः ।
हकारस्य सकारस्य लोपे कामकला भवेत् ॥

(शक्तिसंगमतन्त्र कालीखण्ड)

प्राण-अपान 'ह:' कारको रूपमा बाहिर निस्कन्छ र तुरुन्तै 'स:'कारको रूपमा भित्र पस्छ। यसरी निरन्तर नै जीव हंस:+हंस: भनिने मन्त्र जपिरहन्छ। योगीजनका लागि सँधै नै मोक्षदायिनी अजपा गायत्री हो। यसलाई जप्ने सङ्कल्प गरे मात्र पनि समस्त पापबाट छुट्कारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिल्छ ।[a]

कामदेव : कामवासनाका देवता । यिनै देवताको कारणले गर्दा स्त्री-पुरुषमा वासना, कामना पैदा हुन्छ । कामदेव सहिष्णु र यशोधरा नाउँका पिता र माताबाट जन्मेका हुन् । यिनकी पत्नीको नाम रति हो ।

कामदेवका शक्तिहरू हुन्- उन्माद, तापन, शोषण, स्तम्भन (स्वाभाविक स्थिति, समाधिमा रोकावट) र सम्मोहन । यी शक्तिहरूलाई कामदेवका पञ्चमुखी वाण मानिन्छ । समाधिमा रहेका महादेवलाई तीनै लोकका नरनारीहरूलाई घायल पारी कामातुर बनाइदिने यही वाण प्रहार गर्दा उहाँले तेस्रो नेत्र खोली अग्निद्वारा भष्म पारिदिनुभएकोले उहाँ कामनाशक कहलाउनु भयो ।

शिवजीले कामदेवलाई किन भष्म पारिदिनुभयो त्यस सम्बन्धी कथा वेदव्यासकृत *शिवपुराण*मा पाइन्छ । अति पराक्रमी दैत्यराज तारकासुर देवराज इन्द्रका साथै देवताहरूलाई स्वर्गबाट निकालेर स्वर्गको सिंहासनमा बस्यो । तारकासुरलाई ब्रह्माजीको वरदान प्राप्त भएको थियो- त्रिदेव मध्ये कसैले उसलाई मार्न सक्ने छैन । उसले आफ्नो मृत्युको शर्त चलाकीपूर्वक राखेको थियो- सतीसँगको वियोगद्वारा विरक्त बनेका र सधैं समाधिमा रहने शिवजीले फेरि बिहे गर्नुभयो र उहाँबाट पुत्र जन्म्यो भने ऊबाट मात्र मेरो मृत्यु हुने व्यवस्था होस् ।

कालान्तरमा इन्द्रादि देवताहरूले सल्लाह गरेर कामदेवलाई बोलाई शिवजीको समाधि भंग गरी उहाँलाई कामातुर बनाउन अऱ्हाए । कामदेवले कैलाशमा गएर काम-उद्दीपक वातावरण तयार पारे- अति सुन्दर फूल र फलहरूका बगैंचा तयार भयो । वसन्त ऋतु छायो । तलाउ(मानसरोवर)मा कमलका फूलहरू फुले, भमराहरू फूलका रस चुस्न उडिरहेका देखिन्थे । फूलको मीठो वासना बोकेर मन्द पवन

---

[a] *योगचूडामणि उप.(वसन्तकुमार-उप.प्रसंग-२)* ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवको समीप पुग्यो । कोइलीले 'को हो ? को हो ?' भनेर परिचय माग्न थाल्यो । त्यसपछि कामदेवले पञ्चमुखी वाण हाने । त्यसबाट उहाँमा केही असर परेन । पार्वती पनि सँगिनीहरूसँग त्यहाँ आउनुभयो । उहाँको उपस्थिति समेत थपिंदा शिवजीको निर्विकार स्थिति सकाम अवस्थामा बदलियो । उहाँले आँखा खोलेर हेर्दा कामदेव धनुर्वाण सहित उभिएको देखेपछि उहाँको क्रोधको सीमा रहेन र तेस्रो नेत्र खोलेर अग्निद्वारा उनलाई भष्म तुल्याइदिनुभयो । कामदेवकी पत्नी रतिले हृदयविदारक विलाप गर्न थालिन् ।

देवताहरूले शिवजीसँग कामदेवको दोष छैन, तारकासुरको अत्याचार सहन नसकेर आफूहरूले तपाईंको पुत्रको कामना गरेर कैलाशमा तपस्या भंग गर्न पठाएको, शिवपुत्रबाट मात्र तारकासुरको वध हुन सक्ने वरदान उसले पाएको सबै वृत्तान्त सुनाए । दीनानाथ शिवजीले रतिलाई भन्नुभयो– कामदेव श्रीकृष्णका पुत्र प्रद्युम्न भएर जन्मने छन् र तिमी वाणासुरकी छोरीको रूपमा जन्मेपछि दुईको मिलन हुनेछ । अबदेखि कामदेव अंगहीन(अनङ्ग) अर्थात् वासनाको रूपमा मानिसहरूको अन्त:करणमा रहनेछन् । शिव आप्तकाम, पूर्णकाम हुनुहुन्छ । सांसारिक मानिसहरू कामना, वासना पीडित छन् । शिवभक्त तथा शिवयोगीहरू शिवको कृपा पाएर कामना, वासनाबाट मुक्त हुन्छन् ।

कामधेनु : सरस्वती, कामधेनु गाई । *प्राधानिक रहस्य* अनुसार महालक्ष्मीले अत्यन्त शुद्ध सत्त्व गुणबाट चन्द्रमा समान तेजयुक्त नारीरूप धारण गर्नुभयो- अक्षमाला, अंकुश, वीणा र पुस्तक लिएका श्रेष्ठ नारीरूपको उहाँले नाम राख्नुभयो- महाविद्या, महावाणी, भारती, वाक्, सरस्वती, आर्या, ब्राह्मी, कामधेनु, बीजगर्भा र धीश्वरी । यी सब सरस्वती माताका नाम हुन् ।

महाविद्या महावाणी भारती वाक्सरस्वती ।
आर्या ब्राह्मी कामधेनुर्बीजगर्भा च धीश्वरी ॥

(ऐजन -१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामरूप (कामख्या) : यो तीर्थ भारतको असम, गोहाटीमा ब्रह्मपुत्रको किनारमा नील पर्वतमा अवस्थित छ । यस तीर्थमा कामाक्षीदेवीको मन्दिर छ । एकाउन्न पीठहरूमा यो पीठ सर्वोत्तम मानिएको छ । *महाभारत*मा तीर्थको माहात्म्यमा लेखिएको छ–

पीठानि चैकपञ्चाशद भवन्मुनिपुङ्गव ।
तेषु श्रेष्ठतमः पीठः कामरूपो महामते ॥

(महाभारत १२।३०)

कामरूप पीठमा सतीदेवीको योनि पतन भएको बताइन्छ । *तन्त्रचूडामणि*को कथन छ– **योनिपीठं कामगिरौ कामाख्या तत्र देवता ।** कुब्जिकापीठ(कामाख्या)मा सतीको योनिमण्डलको पतन भयो । यहाँ महामायादेवी विलीन हुनुभयो । त्यसपछि शिव त्यहीं पर्वतरूपमा रहनुभयो जसमा देवी सति विलीन हुनुभयो *(कालिकापुराण- अ.६१)* ।

कामाक्षीदेवी मन्दिरमा शक्तिको पूजा योनिरूपमा हुन्छ । यस पीठमा रातो रङ्गको कपडाको घोलको धारा खसालिन्छ ।

कामाक्षीदेवीको मन्दिर कूचविहारका राजा विश्वसिंह र शिवसिंहद्वारा निर्माण गराइएको हो । आश्विन तथा चैत्रको नवरात्रिमा यस पीठमा ठूलो मेला लाग्छ । *देवीभागवत*मा यस पीठको माहात्म्य बताइएको छ– यस पीठको दर्शन, भजन, पाठ-पूजा गर्दा सबै विघ्नबाधा शान्त हुन्छ । *(सप्तम स्कन्ध-अध्याय-३८)*

कारकपुरुष : वैष्णव दर्शन अनुसार सालोक्य र सामीप्य मुक्तिमा पूर्णता छ । भगवान्को लोकमा रहनु र उहाँको समीपमा वस्नु ठूलो कुरा हो । यदि कुनै जीव त्यहाँबाट मर्त्यलोकमा फर्कन्छ भनेको ऊ कर्महरूको वशमा परेर होइन, भगवान्को इच्छाद्वारा मर्त्यलोकमा अवतरण गर्छ । यस्ता कारकपुरुष हुन् । आद्य जगद्गुरु शङ्कराचार्य, शुकदेव स्वामी, व्यासादि कारकपुरुष नै थिए ।

कारणोपाधि/कार्योपाधि : जाग्रत र स्वप्नलाई कार्योपाधि र सुषुप्तिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणोपाधि भनिन्छ । जाग्रतमा रमाउने स्थूल शरीर, स्वप्नमा रमण गर्ने सूक्ष्म शरीर परमात्माको क्रमश: स्थूल उपाधि र सूक्ष्म उपाधि भनिन्छ । ब्रह्म किंवा आत्मा उपाधिरहित छ तर ईश्वर (परमात्मा) उपाधिसहित हो । माया, अविद्या (अज्ञान) कारणोपाधि बताइन्छ । मृत्युमा सूक्ष्म उपाधिले स्थूल उपाधिलाई त्यागिदिन्छ । ब्रह्मज्ञानले कारण र कार्य उपाधिहरूलाई अर्थात् तीनै शरीरलाई नष्ट गर्छ । जीवन्मुक्त पुरुषको स्थूल उपाधि रहन्छ तर अज्ञानीको झैं 'म उपाधिसहित हुँ' भन्ने भ्रम नष्ट हुन्छ । 'म उपाधिरहित छु' भनी जान्ने पुरुष अखण्ड स्थितिमा पुग्छ, उसलाई सर्वात्मा पद मिल्छ । घटाकाश त महाकाशै हो । घट उपाधिले सीमित पारेको भन्ने भ्रमले घटाकाश भनिएको हो ।

कारण : जगत्को बीज । नाद, बिन्दु तथा बीज सृष्टिका आदिकारण हुन् । जननात्मक कारण चाहिं सृष्टिकर्ता, पिता हुन् । नैयायिकहरूले कारणका तीन भेद बताएका छन्- **क.समवायी कारण** (घनिष्ट र अन्तर्निहित कारण) । जस्तो- धागो कपडाको कारण हो । **ख.असमवायी कारण-** कपडा बन्नका लागि धागाहरूको संयोग । यसमा घनिष्टता र अन्तर्निहितता छैन । **ग. निमित्त कारण-** कपडा बनाउनका लागि जुलाहाको तान (मेसिन) झैं ।

वेदान्त दर्शनले कुनै वस्तुको या जगत्को सृष्टिका लागि कारणको दुई भेद बताएको छ- उपादान कारण र निमित्त कारण । घडा निर्माण प्रसङ्गमा माटो उपादान कारण हो भने कुमाले निमित्त कारण । प्रकृतिवादी सांख्य-दर्शनले प्रकृतिलाई सृष्टिको उपादान कारण मान्छ । ईश्वरवादी न्याय-वैशेषिक भने ईश्वरलाई निमित्त कारण र प्रकृतिलाई उपादान कारण मान्छन् । ब्रह्मको मात्र सत्ता देख्ने वेदान्त अनुसार ब्रह्म नै हो सृष्टिको निमित्त कारण र उपादान कारण पनि । यस मतलाई अभिन्ननिमित्तोपादान कारणवाद भनिन्छ । यस सम्बन्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माकुराको उदाहरण दिइन्छ । जाल बनाउने माकुराले आफैंले कीरा फसाउने जालो रचना गर्छ र आफैँले समेट्छ ।

*विष्णुसहस्रनाम*मा परमात्मालाई 'करणं कारणं' भनिएको छ–

कारणं करणं कर्ता विकर्ता गहनो गुहः *(मन्त्र- ५४)*

संसारको उत्पत्तिको सबभन्दा ठूलो साधन उहाँ हुनुभएकोले करण भनिएको हो र जगत्को उपादान तथा निमित्त कारण भएकोले उहाँलाई कारण भनिन्छ *(हेर्नू शाङ्करभाष्य)* । *भागवत*मा आर्तभक्त गजेन्द्र श्रीविष्णुलाई अखिल ब्रह्माण्डका 'कारण', 'निष्कारण' र 'अद्भूत कारण' भनेर स्तुति गर्छन्–

नमो नमस्तेऽखिलकारणाय
निष्कारणायाद्भुतकारणाय ।
सर्वागमन्नायमहार्णवाय
नमोऽपवर्गाय परायणाय ॥

(८।३।१५)

अर्थात् परमात्मा सारा सृष्टिको कारण हुनुहुन्छ तर उहाँको कारण कोही छैन । सृष्टिको कारण बनेका परमात्मा विकारयुक्त सृष्टिमा, परिवर्तनशील संसारमा निर्विकार हुनुहुन्छ । त्यसैले उहाँ अद्भूत कारण हुनुहुन्छ । उहाँ नै आगम र निगम(वेदहरू)का महासागर हुनुहुन्छ । नदीको गन्तव्य समुद्र हो भने झैं वेदशास्त्रहरूको उत्पत्ति-स्थल उहाँ नै हुनुहुन्छ । भगवान् मोक्ष-प्रदायक तथा सज्जनहरूको आश्रयस्वरूप पनि हुनुहुन्छ । जगत्को कारणस्वरूप परमात्मालाई जगद्योनि भनेर शास्त्रहरूमा वर्णन गरिएको पाइन्छ– **अन्तर्यामी च सर्वज्ञो जगद्योनिः स एव हि** *(विद्यारण्य स्वामी-पञ्चदशी/चित्रदीप प्र.-१५७)* । उहाँ अन्तर्यामी, सर्वज्ञ तथा जगत्को कारण पनि हुनुहुन्छ उहाँलाई कारणब्रह्म त्यसैले भनिएको छ । उहाँले नै कार्यब्रह्म-ब्रह्माजी लगायत जगत्को सृष्टि गर्नुभएको छ । कारण पूर्ण भएकोले कार्य पनि पूर्ण छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पूर्ण हो कारण पूर्ण-ब्रह्म ।
यो पूर्ण हो कार्यप्रपञ्च ब्रह्म ।।

(प्रा.शिवगोपाल रिसाल- म को हुँ ?)

मानिस मर्त्यलोकमा जन्म-मरणको चक्रमा घुमिरहनुको कारण शुभाशुभ कर्म नै हुन् । जन्म-मरणरूपी महादु:खको मूल कारण चाहिँ अज्ञान हो । भगवान् राम भाइ लक्ष्मणलाई उपदेश गर्नुहुन्छ–

अज्ञानमेवास्य हि मूल कारणं
तद्धानमेवात्र विधौ विधीयते ।

(रामगीता-९)

संसारचक्रको मूल कारण अज्ञान नै हो । यसको विनाश गर्नुपर्छ भनी वेदशास्त्रहरूले बताएका छन् । वेदान्तमा कारणरूप ब्रह्मलाई रुद्र या ईश्वर भनिन्छ । कार्य-कारणतीत ब्रह्म चाहिं शुद्ध, निर्विकार, निर्गुण, निस्कल, परिपूर्ण मानिन्छ ।^

कारण शरीर : मायायुक्त सत्ता । आत्माको कारण उपाधि । अज्ञानमय शरीर । सुषुप्तिमा यसको भान हुन्छ । यही शरीरको कारणले गर्दा सुषुप्तिबाट जागेको मान्छे भन्छ - आनन्दसँग सुतें, केही कुराको पनि ज्ञान भएन । थाहा पाउने अन्त:करण अज्ञानमा लय भएको हुन्छ सुषुप्तिमा । कारण शरीर नष्ट भयो भने सूक्ष्म शरीर पनि नष्ट हुन्छ । कारण शरीर नष्ट भएको ज्ञानीमा स्थूल शरीरको अध्यास हुन्न । शरीर त्रयलाई यसरी बुझ्न सकिन्छ -

१.स्थूल शरीर– जाग्रतमा भान हुने । चेतनायुक्त शरीर ।

२.सूक्ष्म शरीर– जुन शरीर विशेषगरी स्वप्नमा भान हुन्छ । यो प्राणमय, भावमय र मनोमय या अवचेतनायुक्त (Sub-Conscious) छ । स्थूल शरीरको अन्त्य भएपछि पनि यो रहिरहन्छ ।

३.कारण शरीर– मनुष्य व्यक्तिगत जीवात्माको रूपमा मूलत: कारण

^ *प्रा.रिसाल-भूमिका-वे.विश्वकोश-१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरधारी हो। यो शरीर ईश्वरका ३५ भावहरू या कल्पनाको बीजस्थान हो। त्यसलाई विभाजन गरेर १९ तत्त्वको सूक्ष्म शरीर (इन्द्रिय-१०, प्राण-५ र अन्त:करण-४)[१] र १६ तत्त्वको भौतिक शरीर निर्माण भएको छ। स्थूल शरीरका १६ तत्त्व हुन् - पञ्चमहाभूत-५, इन्द्रिय-१० र चेतना।

स्थूल शरीरको कार्य जाग्रतमा शब्द, स्पर्शादि इन्द्रियग्राह्य विषयमा संलग्नताबाट सम्पादन हुन्छ। सूक्ष्म शरीरका कार्य हुन् कल्पना, इच्छा, स्वप्न-दर्शन। सूक्ष्म, अमूर्त कार्य यस शरीरबाट हुन्छ। चिन्ता, गंभीर अन्तरदर्शन या गहन ध्यानमा निमग्न भएपछि मनुष्यले कारण शरीरलाई व्यक्त गर्छ। यस्तो कारण शरीरसँग सम्बन्ध राख्नेले प्रतिभाप्रसूत दिव्य विचारहरू प्राप्त गर्छ। सुषुप्तिमा स्वभाविक रूपमा यो शरीर प्राप्त हुन्छ।

स्थूल शरीरको मृत्युपछि पनि आत्मा सूक्ष्म र कारण शरीरमा आवद्ध रहन्छ। सम्बन्धको डोरी इच्छाहरू हुन्। कारण शरीरधारी जीव आफ्ना इच्छाहरूलाई तत्क्षण मूर्तरूप प्रदान गरेर त्यसको शमन गर्छ। यस्तो जीवले सृष्टिकर्ता झैं सम्पूर्ण जगत्को उत्पत्ति गर्न सक्छ किनकि सारा सृष्टि नै विश्व स्वप्न-जालबाट रचना भएको छ। त्यसैले अति सूक्ष्म कारण शरीरबाट आवृत्त जीवले पनि शक्तिको विराट अनुभव गर्छ।[#]

मनुष्य कल्पनामा जे जस्तो कार्य गर्न सक्छ त्यही कार्य एक कारण शरीरधारी जीवले वास्तविक रूपमा गर्नसक्छ। यस्तो जीव बढी स्वतन्त्र हुन्छ किनकि उसले कुनै प्रकारको बाधा (जस्तो कर्म बन्धन, पार्थिव वा सूक्ष्म बाधा) बिना आफ्ना विचारहरूलाई मूर्तरूप दिन

१ *विवेकचूडामणि ग्रन्थमा इन्द्रियहरू, प्राणहरू, महाभूतहरू, अन्त:करण, अविद्या, काम र कर्म गरी २७ तत्त्वको सूक्ष्म शरीर बताइएको छ (९९औं श्लोक)।*

\# *योगानन्द-एक योगीको आत्मकथा (श्री युक्तेश्वरजीका पुनरुत्थान)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्छ । उसले विचार गरेकै भरमा शब्द, स्पर्शादिको अनुभव गर्न सक्छ । यस्ता जीवात्मा कारण जगत्मा हजारौं वर्षसम्म रहन सक्छन् । कारण शरीरधारी जीव ज्ञान समाधिद्वारा नै चैतन्य रूपी दिव्य महासागरमा विलिन हुन सक्छ ।*

*तत्त्वबोध*मा शंकराचार्यद्वारा अनिर्वाच्य, अनादि अविद्यारूप, स्थूल र सूक्ष्म शरीरको कारण बनेको, अज्ञान भरिएको शरीर जुन छ त्यो कारण शरीर हो भनिएको छ ।

आद्यजगद्गुरुले कारणधारीलाई संसाररूपी वृक्षको बीज बताएका छन् । देहात्मबुद्धि अंकुर, राग पात, कर्म जल, शरीर फेद, प्राण शाखा, इन्द्रियहरू उपशाखा र विषय त्यस वृक्षको सम्पूर्णता हो । पुष्प नाना प्रकारका कर्महरू र तिनबाट उत्पन्न दुःख नै फल हो अनि जीव चाहिं त्यसको भोक्ता हो । *(विवेकचूडामाणि-१४७)*

कारण शरीरमा नै स्थूल शरीर र सूक्ष्म शरीर टिकेका छन् । त्रिकोणात्मक रेखाबाट यसलाई स्पष्ट गरिन्छ -



कारण शरीर अनादि छ, अनिर्वचनीय मायाद्वारा निर्मित छ । तर ब्रह्मज्ञानद्वारा कारण शरीरलाई नष्ट गर्न सकिन्छ त्यसैले यो अनादि भए पनि अनन्त होइन, बरु सान्त हो । उपाधिभेदले गर्दा अर्थात् अविद्याले गर्दा कारण शरीर एवं सूक्ष्म शरीरयुक्त जीव बन्यो । दिव्य

*ऐजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीर भएको सर्वज्ञ, सर्वशक्तिमान् ईश्वर कहलायो । वेदान्त अनुसार श्रवण, मनन र निदिध्यासनद्वारा उत्पन्न भएको ब्रह्मज्ञानले जीवलाई शिव बनाउँछ । यसरी भगवान् रामले आफ्ना शिष्य भाइ लक्ष्मणलाई *रामगीतामा* उपदेश गर्नु भएको छ । *(श्लोक-३० भावार्थ)*

महाराष्ट्रका वेदान्त-शिरोमणि श्रीराम कारण शरीर बारे शिष्यलाई उपदेश गर्छन्– स्थूल र सूक्ष्म दुवै देह अज्ञानबाटै पैदा भएका हुन् । यी दुवैको कारण अज्ञान नै हो । त्यसैले अज्ञानलाई नै कारण शरीर भनिएको छ । तिमी जसरी स्थूल र सूक्ष्म देहको द्रष्टा हौ, त्यसरी नै कारण देहको पनि द्रष्टा हौ । तिमी आफैं ज्ञानरूप भएको कारण अज्ञानरूप त हुनै सक्तैनौ ।

अज्ञानको कार्य दुई प्रकारको हुन्छ अर्थात् अज्ञानले दुई प्रकारको आवरण खडा गर्छ-

क. असत् आवरण ।

ख. अभान आवरण

असत् आवरण भनेको 'आत्मा छैन' भन्ने हो । तिम्रो भनाइ नै असत् आवरण हो किनकि आत्मा सत्य हो (जुन तिमीलाई बोध भएन) । 'आत्मा कहिं पनि देखिन्न' भन्ने तिम्रो भनाइ अभानावरण हो । । आत्माका बारेमा जान्ने या नजान्ने जो हो उही आत्मा हो । म आत्मा होइन, मनुष्य हुँ, म कर्ता र भोक्ता हुँ इत्यादि यी सब भनाइ अज्ञानको कारण हो । अज्ञानलाई जान्ने ज्ञाता तिमी हौ त्यसैले अज्ञानरूप कारण शरीरभन्दा भिन्न ज्ञानात्मा हो । त्यसैले तिमी कारण शरीर होइनौ- यो सिद्ध भयो । *(श्रीराम-पञ्चीकरण ग्रन्थ)*

कार्तिकेय : कुमार, स्कन्द । शिव-पार्वतीका पुत्र । कार्तिकेय देवगणका सेनापति हुनुहुन्छ र गणेशजीका दाजु । उहाँको वाहन मयूर हो । दक्षिण भारतमा कार्तिकेयलाई मुरूह या सुब्रह्मण्य स्वामी पनि भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*शिवपुराण (रुद्र संहिता-कुमार खण्ड)*मा कार्तिकेयको जन्म कथा पाइन्छ । सतीसँगको वियोगको कारण वैरागी बनेका शिवजीको मनलाई हिमाचलकी सुपुत्री पार्वतीले कठोर तपस्याद्वारा जित्नुभयो । शिव र पार्वतीको शुभविवाह भयो । तर उहाँहरूले पुत्र-प्राप्तिको चाहना राख्नुभएन र देवताहरूको हजारौं वर्ष बित्यो । उता महावली तारकासुरको अत्याचारबाट पीडित र स्वर्गबाट निष्काशित देवताहरू चिन्तित हुन थाले । शिव-पार्वतीको सुपुत्रलाई सेनापति बनाएर देवताहरूले लडेमा तारकासुरको वध हुने ब्रह्माजीको वरदान थियो ।

देवताहरूले विष्णुलाई अगाडि लगाएर शिवसँग पुत्रका लागि अनुरोध गरे । शिवले भन्नुभयो- मेरो स्खलित वीर्य धारण गर्ने शक्ति जसमा छ, ऊ अगाडि आवोस् । उहाँले वीर्य पृथ्वीमा खसालीदिनुभयो । अग्निले परेबा बनेर वीर्य ग्रहण गरे । शिवजी आफू समीप नआएर अलमल गरेको देखेर पार्वती माता त्यहाँ आउनुभयो । देवताहरूको चाल देखेर उहाँ क्रूद्ध हुनुभयो र स्वार्थी देवताहरूलाई श्राप दिनुभयो- आजदेखि सबै देवांगनाहरू वन्ध्या हुनेछन् । अग्नि ! (अग्निले शिव-वीर्य भक्षण गरेकाले) तिमी अबदेखि 'सर्वभक्षी' हुनेछौ र शिवतत्त्वलाई जान्न सक्नेछैनौ । यति भनेर पार्वती भित्र जानुभयो । शिवले अग्निलाई आफ्नो वीर्य स्त्रीमा स्थापित गरिदेऊ भन्नुभयो । नारदले अग्निलाई सल्लाह दिए- माघ महिनामा जुन स्त्री प्रयागमा स्नान गरी आगो ताप्न आउनेछिन्, उनको गर्भमा वीर्य स्थापित गरिदिनू । प्रयागमा सप्तर्षिहरूका पत्नीहरू स्नान गर्न आएका थिए । ती मध्ये ६ जनाले जाडोबाट बच्न आगो तापे । अग्निदेवले तिनीहरूमा वीर्य स्थापित गरिदिए । यसरी ६ कृत्तिकाहरू कार्तिकेयका आमा बने ।

त्यसपछि गर्भवती भएको कारणले आ-आफ्ना पतिहरूद्वारा परित्यक्ता बनेका कृत्तिकाहरूले ६ बालक जन्माए पनि उनीहरूले तिनका जीउ जोडेर षडानन (छ टाउकायुक्त) बनाएको प्रसंग पनि पुराणमा भेटिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती माताहरूले बालकलाई स्वर्गमा लगेर स्तनपान गराए र प्रेमपूर्वक लालनपालन गरे। कुमारको समीप विश्वामित्र आएपछि कुमारले पुरोहित बनाएर नामकरण संस्कार गर्न अनुरोध गरेको र सो संस्कारपछि उहाँले विश्वामित्रलाई ज्ञान दिएको पौराणिक प्रसंग पनि पाइन्छ। कार्तिकेय आफ्ना पिता-माताको दर्शन गर्न कैलाश जानुभयो। पावर्तीले काखमा राखेर माया गर्नुभयो र शिवजीले वेदमन्त्रहरूको पाठका साथ अभिषेक गर्नुभयो।

त्यसपछि तारकासुरसँग युद्ध गर्न कार्तिकेयलाई सेनापति बनाएर देवताहरू युद्धभूमिमा गए। इन्द्रलाई महावली तारकासुरले पराजित गरिदियो। विष्णु, वीरवद्रले पनि उसलाई हराउन नसकेपछि कुमार आफैं युद्ध गर्न तम्सनुभयो। बालकलाई युद्धभूमिमा ल्याएकोमा असुरले विष्णु र देवराज इन्द्रको निन्दा गऱ्यो र उसको शक्ति घट्यो। कुमारले शिव र पावर्तीलाई मनमनै नमन गरी प्रवल शक्ति-अस्त्र तारकासुरमाथि चलाउनुभयो र उसको बध गर्नुभयो।

'स्कन्द' कार्तिकेयको पर्याय हो। 'स्कन्द'को एक अर्थ उफ्रेर हिंड्ने र अर्को अर्थ दैत्यको शोषण गर्ने हो -**स्कन्दले उत्प्लु गच्छति स्कन्दति शोषयति दैत्यान् वा**। कार्तिकेयको नाम कुमार रहनुको अर्थ सनातन ब्रह्मचारी हो। *छान्दोग्य उपनिषद्*मा स्कन्द नै सनत्कुमार हुन् भनिएको छ। यसको कारण के हो भने सनत्कुमारलाई पार्वती माताले श्राप दिएर परीक्षा गर्नुभयो र पछि पुत्र बनाउनुभयो। प्रसंग यस्तो छ- सनत्कुमार ध्यानमा बसेका थिए। शिव र पार्वती त्यहाँ पाल्नुभयो। सनत्कुमारले शिव र पार्वतीलाई एकात्मा मानेर अभिवादन गरेनन्। पार्वती रिसाउनुभयो र उँट भएस् भनेर श्राप दिनुभयो। केही समयपछि पुनः शिव-पार्वती सनत्कुमार उँट बनेर रहेको ठाउँमा जानुभयो। शिवले सोध्नुभयो- कस्तो अनुभव भइरहेछ ? सनत्कुमार- बहुत आनन्द अनुभव भइरहेको छ- स्नान, तीर्थादि कर्म गर्नु परेन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेसै भयो । आफ्नो श्रापलाई पनि त्यसरी सहज रूपमा लिएर खुशी हुँदै पशुयोनि भोगिरहेको सनत्कुमारदेखि पार्वती खुशी हुनुभयो र श्रापमुक्त पारी सुपुत्र बनाउनुभयो । सनत्कुमारलाई स्कन्द अर्थात् दैत्यविनाशक उपाधिबाट विभूषित गरिएकोले पार्वती स्कन्दमाता कहलाउनुभयो । कालिदासको *कुमारसंभव*का साथै *महाभारत*, *वामनपुराण*, *कालिकापुराण* आदिमा स्कन्दको जन्म, कार्य, मूर्ति, सम्प्रदायको विवरण पाइन्छ । कार्तिकेयद्वारा उपदेशित सबभन्दा ठूलो पुराण *स्कन्दपुराण* (८१ हजार श्लोकयुक्त) हो ।

कार्य-कारण : क्रियते इति कार्यम्– कर्ताले जे गर्छ त्यो कार्य हो । कार्य भन्नाले फल भावको बोध हुन्छ । कर्ता चाहिं कारण हो– **करोतीति कारणम्** कारण बीज भाव हो । सृष्टि देखेर स्रष्टाको कल्पना गरिन्छ । स्रष्टा विना सृष्टि, जगत्को संभावना छैन । जगत्को कर्ता, धर्ता, हर्ता सबै परमात्मा नै हुनुहुन्छ । सृष्टिमा उहाँ व्याप्त हुनुहुन्छ, उहाँलाई सम्झेर हामीले शुभकार्य गर्नुपर्छ भन्ने भनाइ सृष्टि-दृष्टिवादको छ । विवेकवान् पुरुषले कारणरूप परमात्मा कार्यरूप जगत्मा व्याप्त हुनुहुन्छ भन्ने दृढ विश्वास लिन्छ ।* ऊ आफ्नो कर्मसमूहलाई ईश्वरपूजाको रूपमा समर्पण गर्छ । जसले कार्यमा कारण देख्दैन वा भुल्छ उसले जीवनलाई काम-भोगपरायण बनाएर दुःख झेल्छ र जन्म-मृत्युका चक्रमा घुमिरहन्छ ।

जाग्रत जगत्मा सत्यता बुद्धि राख्ने या जाग्रतको अभिमानीलाई विश्व भनिन्छ । स्वप्न जगत्को अभिमानीलाई तैजस र सुषुप्ति-सुखको अभिमानीलाई प्राज्ञ भनिन्छ । विश्व र तैजस कार्य-कारणले बाँधिएका छन् । प्राज्ञ चाहिं केवल कारणले बाँधिएको छ तर तुरीय कार्य-कारणदेखि मुक्त छ । यस्तो विचार गौडपादाचार्यले *माण्डुक्योपनिषद् कारिका*मा बताएका छन्–

**ईशा वास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्–ईशा.उप-१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यकारणबद्धौ ताविष्येते विश्वतैजसौ ।
प्राज्ञः कारणवद्धस्तु द्वौ तौ तुर्ये नसिध्यतः ॥

(आगम प्रक.-११)

अज्ञानीको संसारमा आवागमन भइरहन्छ, ज्ञानी मुक्त हुन्छ । उसले जन्म-मरणको चक्रबाट पार पाउँछ । त्यसैले संसारको मूल कारण अज्ञान हो भनिएको छ– **अज्ञानमेवाहि मूल कारणम् ।** *(रामगीता)* यही कारणले विश्व र तैजस दुवै बाँधिएका छन् । अज्ञानीलाई जाग्रतले त दुःख दिएकै छ, स्वप्नले पनि उसलाई सताउँछ । सुषुप्तिमा जगत्को अभाव भै उसले दुई-अढाई घण्टा सुखसँग सुत्छ । प्राज्ञ पनि कारण(अज्ञान)ले बाँधिएकै छ । त्यसैले उसले आफ्नो स्वरूप(आत्मा)को आनन्दबाट बञ्चित भै जाग्रतमा आउनुपर्छ । तुरीय अवस्थामा रहने ज्ञानी (जीवन्मुक्त) चाहिं आत्मानन्दबाट कहिल्यै बञ्चित हुँदैन ।

संसारी मानिसको तीन शरीर हुन्छ- स्थूल, सूक्ष्म र कारण । अज्ञान नै कारण शरीर भएकोले स्थूल शरीर र सूक्ष्म शरीर कारण शरीरका कार्य हुन् । ज्ञानीको कारण शरीर नष्ट भएकाले उसको स्थूल र सूक्ष्म शरीरमा सत्यता बुद्धि रहँदैन ।

जगत्को रचना कसले गर्‍यो भनी खोज्ने र यसको (कार्यको) रचनाकार (कारण)सँग सम्बन्धमा चिन्तन गर्ने सिद्धान्त कार्य-कारणवाद हो । कुमालेले माटाको घडा बनाउँछ । घडा कार्य हो । यसका कारण दुई छन्-

क.निमित्त कारण-कुमाले
ख.उपादान कारण-माटो

सांख्य-शास्त्र अनुसार घडारूप जगत् चेतन पुरुष र जड प्रकृतिको तादात्म्यले गर्दा सिर्जना हुन गएको हो । जड प्रकृति आफैंले सृष्टि गर्न सक्तैन र चेतन पुरुष प्रकृति बिना सृष्टि गर्दैन । चेतन पुरुषको जड प्रकृति प्रतिको आसक्ति नष्ट भएपछि ऊ आफ्नै स्वरूपमा रमाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाल्छ अनि सृष्टि बन्द हुन्छ र लय हुन्छ ।

वेदान्तको कार्यकारण सम्बन्ध सम्बन्धी चिन्तन अलि फरक छ । यहाँ ईश्वरलाई निमित्त र उपादन कारण दुवै मानिन्छ- अभिन्न निमित्तोपादन कारण । सृष्टिको प्रसंगमा ब्रह्म नै ईश्वरको रूपमा व्यक्त हुन्छ र जगत्को रचना हुन्छ । मायावादको दृष्टिले हेर्दा मायाको क्रियाशक्ति र ज्ञानशक्तिबाट ब्रह्माण्ड तयार हुन्छ । *श्वेताश्वतरोपनिषद्*मा माया र मायापतिको उल्लेख भएको छ–

मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् ।
तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत् ॥

(४।१०)

माया भन्नु प्रकृति हो भन्ने बुझ्नुपर्छ र मायापति महेश्वर हुनुहुन्छ । उहाँकै अङ्गको रूपमा कारण-कार्य समुदायबाट यो सम्पूर्ण जगत् व्याप्त भएको छ ।

अद्वैत वेदान्तले कार्यलाई कारणदेखि अभिन्न मान्छ । ब्रह्मबाट उत्पन्न भएको मानिएको जगत् अधिष्ठानदेखि भिन्न छैन । शङ्कराचार्य जगत्लाई ब्रह्मको विकार नमानेर विवर्त मान्छन् । जस्तो डोरीको विवर्त सर्प हो, सिपीको विवर्त चाँदी हो । शङ्करले अध्यास शब्दको पनि प्रयोग गरेका छन् । वादरायण(व्यास)कृत *'ब्रह्मसूत्र'*को भाष्य लेखे शङ्कराचार्यले जसलाई नाउँ दिइयो- *शारीरकमीमांसा* । यस ग्रन्थको शुरुका अंश (प्रथम सूत्रको प्रथम वर्णको) अध्यासभाष्यको रूपमा प्रसिद्ध छ । शङ्करको भनाइमा जुन वस्तु जहाँ छैन, त्यसको प्रतीति नै अध्यास हो । जस्तो डोरीमा सर्पको अध्यास । यस सिद्धान्त अनुसार अज्ञान कालमा जगत्को प्रतीति ब्रह्ममा नै भएको छ । कारणब्रह्ममा कार्यजगत्को अध्यास हुन गयो ।

ज्ञानोत्तर कालमा कार्य र कारण भिन्न रूपमा देखानपरी एउटै (अद्वैत) बोध हुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापर ।
अनेनवेद्यं सच्छास्त्रमिति वेदान्त डिंडिमः ॥

(ब्रह्मज्ञानावलीमाला-२०)

अर्थात् ब्रह्म नै सत्य हो, जगत् मिथ्या छ । जीव नै ब्रह्म हो, अर्को होइन । सत्शास्त्र पढेर जान्नुपर्ने कुरा यही हो । यही नै वेदान्तको घोषणा हो । यसरी शङ्कराचार्यले कार्य-कारण सम्बन्धी मत स्पष्ट गरेका छन् ।

कार्यब्रह्म : ब्रह्म कारण हो, जीव र जगत् कारणदेखि भिन्न छैन त्यसैले ब्रह्मादेखि जगत्, अखिल ब्रह्माण्ड कार्यब्रह्म कहलाउँछ । सुन कारण हो भने गहना कार्य हो, गहना सुनदेखि भिन्न छैन । सुन झिकेमा गहना हराउँछ । वृक्षको बीजभित्र वृक्षको जरा, हाँगा, फूल फलादि सबै निहित छन् त्यस्तै ब्रह्ममा जगत् मौजुद छ । ब्रह्म रूपी समुद्र नै जगत्-पानीका लहरको रूपमा प्रकट भइरहेको छ । चिन्मय ब्रह्म नै सृष्टि, पृथ्वी, स्वर्ग, पाताल, तृण, प्राणी आदिको रूपमा देखिन्छन् । ती सबै चिद्रूप ब्रह्मै हुन्– यसैलाई कार्यब्रह्म भनिन्छ ।

सूर्यले केही नगरे पनि दिनका सम्पूर्ण काम कारवाहीलाई प्रेरित गर्छ । त्यस्तै ब्रह्म अकर्ता भए पनि, उसको उपस्थितिले गर्दा कार्य ब्रह्मका क्रियाहरू भइरहन्छन् । चुम्बक मौजूद हुनासाथ फलाम चल्न थाल्छ । ब्रह्मको विवर्त मात्र हो जगत्-ब्रह्म नै जगत्का रूपमा देखापर्छ । अनि ब्रह्माजीलाई सबभन्दा पहिले आफ्नै इच्छाद्वारा उत्पन्न भएको देख्नु भयो विष्णुले । कारणब्रह्म वेदहरूको प्राकट्य स्थान हुनुहुन्छ । उहाँ वेदहरूका रहस्यभूत या सारतत्त्व उपनिषद्हरूमा लुकेर रहनु भएको छ । उहाँलाई ब्रह्माजीले जान्नु हुन्छ- **तद् वेदगुह्योपनिषत्सु गूढं तद् ब्रह्मा वेदते ब्रह्मयोनिम् ।**

सृष्टिका आदिमा आदि प्रजापति अर्थात् सृष्टिकर्ता ब्रह्मा उत्पन्न हुनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो र उहाँले नै संकल्प अनुसार जगत् सृजन गर्नु भयो । हावामा चलन, अग्निमा जलन (तातोपन) र हिउँमा शीतलता स्वाभाविक रूपमा रहन्छ त्यसैगरी चितिरूप आत्मतत्त्व(ब्रह्म)को आफ्नो स्वभावद्वारा चेतन हुनुको नाम ब्रह्मा हो ।

उपनिषद्मा मन्त्र छ- **द्वे अक्षरे ब्रह्मपरे त्वनन्ते विद्याविद्ये निहिते यत्र गूढे ।** *(श्वेताश्वतर उप. ५।१)*

अक्षरब्रह्मभन्दा उत्कृष्ट त्यो अनन्त सत्ता अविनाशी छ जसमा विद्या, अविद्या दुवै रहन्छन् । यहाँ 'ब्रह्म' शब्दले कार्यब्रह्म या ब्रह्मालाई जनाएको छ । विद्या र अविद्या दुवैको अधिष्ठान भएको अनन्त सत्ता निर्गुण निराकार परब्रह्म परमात्मा हो ।

सोही उपनिषद्मा कार्यब्रह्म किंवा हिरण्यगर्भलाई 'कपिल ऋषि' भनिएको छ- **ऋषिं प्रसूतं कपिलं यस्तमग्रे ज्ञानैर्बिभर्ति जायमानं च पश्येत् ॥** *(ऐ.५।२)*

अर्थात् परब्रह्म (कारणब्रह्म)ले सर्वप्रथम उत्पन्न भएका हिरण्यगर्भ (ब्रह्माजी)लाई सबै प्रकारको ज्ञानद्वारा पुष्ट गर्नुभयो ।

काल : समयको विभाग जुन ६ प्रकारको मानिन्छ– **अब्दोऽयनमृतुर्मासः पक्षोदिवस इति** *(निर्णयसिन्धु)* । काल संवत्सर (अब्द), अयन, ऋतु, मास, पक्ष र दिवसमा विभाजित छ । वैशेषिक-दर्शन अनुसार काल यस्तो द्रव्य हो जसले सबै क्रिया, गति या परिवर्तन उत्पन्न गर्छ । यो महाकाल *(मेदिनीकोश)* हो, मृत्यु *(भागवत-९।९।२)* हो । कालको मुखमा पर्नुको अर्थ मृत्यु या कालकवलित हुनु हो । अव्यक्तबाट कालको उत्पत्ति भयो भनी *शिवगीता*मा बताइएको छ–

अव्यक्तादभवत्कालः प्रधानपुरुषः परः ।

सोही ग्रन्थमा प्रधान (प्रकृति) र पुरुषलाई संयोग गराउने काललाई अनादि भनिएको छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानं पुरुषश्चैव तत्र द्वयमुदाहृतम्
तयोरनादिरुद्दिष्टः कालः संयोजक पर ॥

(१७८)

कालले जीवहरूको सृष्टि गर्छ, कालले नै संहार गर्छ। कालको वशमा सबै छन् तर काल कसैको वशमा छैन *(ऐजन १७।१६)* ।

भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ।
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो
खाता जाँचि सबै दुरूस्त नबुझी बिर्सेर हान्दैन त्यो ।

(लेखनाथ– कालमहिमा)

काललाई अनादि मानिएको छ जसको विनाश छैन– **अनादिर्भगवान्कालो नान्तोऽस्य द्विज विद्यते** *(विष्णुपुराण १।२।२६)*। फेरि कलामुहुर्तमय काल परमात्माको विभूतिको विकारको कारण पनि बन्न सक्तैन भनिएको छ– **कलामुहूर्तादिमयश्च कालो न यद्विभूतेःपरिणामहेतुः** *(ऐजन ४।१।८)* ।

विष्णुपुराण अनुसार काल जगत् सृष्टिका कारणहरू मध्ये एक हो (क.ब्रह्मा ख.दक्ष आदि-प्रजापतिगण ग.काल र घ.समस्त प्राणी)। यिनलाई विष्णुका विभूति बताइएको छ *(१।२२।३१)*। सृष्टिमा झैं स्थिति र प्रलयका कारणमध्ये कालको उल्लेख गरिएको छ *(ऐजन १।२२।३२-३३)* ।

कालका देव यमराज हुन्। यमराजले प्रारब्ध भोग गर्न आएका कसैलाई छाड्दैनन् तर मार्कण्डेय ऋषि यसका अपवाद हुन्। अल्पायु प्राप्त (पाँच वर्ष केही दिनको आयु) मार्कण्डेयलाई शिवजीले कृपा गरेर दीर्घजीवी बनाइदिनु भयो। बाल्यकालमा आफ्नो आयु सकिएको थाहा पाएर मार्कण्डेय शिवलिङ्गको शरण परे र **ॐ नमः शिवायः** पञ्चाक्षरी मन्त्र जप गरिरहे। मार्कण्डेयले यमराजलाई भने-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रशेखरमाश्रयेमम किं करिष्यति वै यमः । *(पद्मपुराण/उत्तर खण्ड)*

जसलाई हामी 'महांकाल देव' भनेर पूजा गर्छौं त्यो शिवको प्रलयंकर रूप हो । यस रूपमा उनी मुण्डमाला लगाउँछन् । चिताभस्म लगाएर मसानमा रहन्छन् । काठमाडौंमा रहेको महांकाल मन्दिर प्रसिद्ध छ । भारतको उज्जयिनीमा रहेको द्वादश ज्योर्तिलिङ्ग मध्ये एक महांकालेश्वर कहलाउँछ ।

कालगणना : कालको गणना गर्दा यसको आठ भेद मानिएको छ- युग, मन्वन्तर, संवत्सर, अयन, ऋतु, मास, पक्ष र तिथि । *निर्णयसिन्धुले* छ भेद मानेको देखिन्छ– **अब्दोऽयनमृतुर्मासः पक्षो दिवस इति ।** अब्द भनेको संवत्सर हो । संवत्सरका अवान्तर भेद तीन छन्- सावन, सौर र चान्द्र । सावन ३६० दिनको हुन्छ र यस संवत् अनुसार हरेक महिना ३० दिनका हुन्छन् । चान्द्र संवत्सर अनुसार एक वर्षको दिन सङ्ख्या ३५४ हुन्छ । अधिकमास या मलमास परेको बेला यसमा तेन्ह महिना हुन्छन् र नपर्दा बान्ह महिना । महिनाको विभाजन हुन्छ शुक्लपक्ष र कृष्णपक्षको रूपमा । जात्रा, चाडपर्व, श्राद्ध आदि चान्द्रमान अनुसार मनाइन्छ । यस कालगणना अनुसार नयाँ वर्षको थालनी चैत्र शुक्ल प्रतिपदादेखि हुन्छ ।

सौर संवत्सर अनुसार वर्षमा ३६५ दिन हुन्छ । वर्षलाई उत्तरायण र दक्षिणायन भनेर दुई भागमा विभाजन गरिन्छ । यस संवत्सरको अवधि सूर्यले मेष राशीको भोग आरम्भ गर्ने मेष संक्रान्तिबाट शुरू भै फेरि अर्को मेष संक्रान्ति नपर्दासम्म हुन्छ । यसरी कालचक्रको परिचालनमा चन्द्र र सूर्यको प्रमुख स्थान छ ।^ मेष संक्रान्ति वैशाख १ गते पर्छ । यही दिनदेखि नयाँ वर्षको थालनी हुने भएकोले पूरा महिना (वैशाख) जात्रा, चाड पर्वादिको दृष्टिले अति नै महत्त्वपूर्ण

^ *चेतोनाथ शर्मा आचार्य- वैशाख महिना र यससित सम्बद्ध विशिष्ट दिनहरू- नेपाल २३।५, ०५०*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिएको हो । वसन्त ऋतु परिपक्व हुनु, दिन र रात प्रायः बराबर रहने गर्मी र जाडोको लगभग समता हुने भएकाले नयाँ वर्ष शुरु गर्ने पहिलो महिना वैशाख हुन गएको छ । वैशाख १ गतेका दिन वाग्द्वार, स्वप्नतीर्थमा मेला लाग्छ । बिस्केट जात्रा यसै समयमा हुन्छ । यसै महिना अक्षय तृतीया पर्व पर्छ अनि मत्स्येन्द्रनाथको जात्रा शुरु हुन्छ । जानकीनवमी (शुक्लनवमी), नृसिंहजयन्ती, बुद्धपूर्णिमा (सिद्धार्थ गौतम जयन्ती) जस्ता चाड-पर्वहरू वैशाख महिनामा पर्छ । यसरी कालगणना पद्धति-सौर र चान्द्र दुवैलाई नेपाल र भारतमा महत्त्व दिइएको पाइन्छ । संकल्प पढ्दा दुवैलाई अपनाइन्छ ।

पूर्वीय कालगणना पद्धति यस्तो छ–

१ पला	८ सेकेण्ड
१ क्षण	४ मिनेट
१ घडी	२४ मिनेट
१ मुहूर्त	४८ मिनेट
१ अहोरात्र	३० मुहूर्त (२४ घण्टा)
१ प्रहर	३ घण्टा (करीव)
१ पक्ष	१५ अहोरात्र (१५ दिन)
२ पक्ष	१ महिना (कृष्णपक्ष+शुक्लपक्ष)
१ ऋतु	२ महिना
१ अयन	३ ऋतु (६ महिना)
१ वर्ष	२ अयन (उत्तरायण+दक्षिणायण)
१ शताब्दी	१०० वर्ष

लामो कालको गणना गर्दा युगको हिसावले यसरी गणना गरिन्छ– क.सत्ययुग ख.त्रेतायुग ग.द्वापरयुग घ.कलियुग । मानव वर्ष अनुसार

कलियुग-	४ लाख ३२ हजार
द्वापर-	८ लाख ६४ हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रेता- १२ लाख ९६ हजार
सत्य- १७ लाख २८ हजार
कुल योग- ४३ लाख २० हजार

यसलाई चतुर्युगको मान भनिन्छ । एक हजार चतुर्युग मान अर्थात् हाम्रो ४ अरब ३२ करोड वर्ष ब्रह्माजीको एक दिन हुन्छ । ब्रह्माजीको १ दिनमा १४ मन्वन्तर हुन्छ ।

स्कन्दपुराण (हिमवत् खण्ड अध्याय ८४) अनुसार विचार गर्दा गोकर्णेश्वरको स्थापना सत्ययुगको आखिरी बेलामा भएको थियो जुन बेला रावणको उदय भएको थिएन अर्थात् रावणजन्म अथवा रावणको दिग्विजय (त्रिलोकमाथि राज) भएको थिएन । वैदिक पञ्चाङ्ग गणना तथा पुराणहरूमा पाइने युग गणनाअनुसार हामी मनुष्यलोकीहरूको १ महिना पितृहरूको १ दिन हुन्छ । देवताहरूको निम्ति उत्तरायण (माघदेखि आषाढसम्म) र दक्षिणायन (श्रावणदेखि पौषसम्म) १ दिन १ रात हुन्छ । देवताहरूको वर्षलाई दिव्य वर्ष भनिन्छ । १२ महिनाको १ वर्ष हुन्छ । १०० वर्ष बराबर मनुष्यको परमआयु मानिन्छ । यसैगरी देवताहरूको अहोरात्र (उत्तरायण र दक्षिणायण)का हिसाबमा ५ वत्सर पनि पर्दछन्– संवत्सर, परिवत्सर, इडावत्सर, अनुवत्सर र वत्सर । सत्य, त्रेता, द्वापर र कलियुग यी नै वर्षका आधारमा गनिएका छन् । ७१ पटक सत्य, त्रेता, द्वापर, कलि गर्दै प्रत्येक युग बितेपछि १ मन्वन्तर हुन्छ । यसअनुसार एक चतुर्युगी अर्थात् एक एक गरेर एकपटक चारै युग बित्दा ४३ लाख २० हजार वर्ष बित्छ । ७१ पटक चतुर्युगी बित्दा ३० करोड, ६७ लाख, २० हजार वर्ष बित्दछ । यसरी ६ वटा मन्वन्तर बित्दा १ अर्ब, ८४ करोड, ३ लाख, २० हजार वर्ष बित्दछ ।

अहिले सातौं वैवश्वत मन्वन्तर चलिरहेको छ । वैवश्वत मन्वन्तरका ७१ चतुर्युगीमध्ये श्वैतबराह कल्पको २८ औं चतुर्युगीको २८ औं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलियुगको बौद्धावतार भएको मानिन्छ। यस कलियुगको ५ हजार, १०५ वर्षको १ रात हुन्छ। अहिले ब्रह्माजीको दिनको द्वितीय परार्ध (आधा दिन बितेर अर्को आधा दिन) चल्दैछ। यस सृष्टिको अघिल्लो नाम पाद्मकल्प हो भने यो सृष्टि श्वेतवराह कल्प भनिन्छ। यो आधारमा गन्ती गर्दा संसारको वर्तमान सृष्टि शुरुभएको एक अर्ब, ९५ करोड, ५८ लाख, ८५ हजार १०५ वर्ष समाप्त हुँदैछ। अब यो सृष्टिको बाँकी अवधि २ अर्ब, ३३ करोड, ३२ लाख, २७ हजार (लगभग) वर्ष रहेको छ। *(पं. ऋषिराम पोखरेल- गौरी)*

कालभैरव : शिवको स्वरूप। यिनलाई घोरभैरव पनि भनिन्छ। दस भैरवहरूमध्ये कालभैरव एक हुन्। यिनकी शक्ति हुन धूमावती–

भुवनाया महादेवो धूम्रायाः कालभैरवः। *(शक्ति सङ्गमतन्त्रे)*

शिवपुराण अनुसार एक पटक पाँच टाउका भएका ब्रह्माजीमा अहङ्कार पैदा भयो- त्रिदेवमा मै ठूलो हुँ भन्ने। विष्णुले सम्झाउनुभयो– मेरो आज्ञाले तिमीले सृष्टि गरेका हौ। मेरो अनादर नगर। को ठूलो निर्णय गर्न चार वेदलाई मूर्तरूप लिएर प्रकट हुन बोलाइयो। मूर्तरूप लिएर आएका वेदहरूको भनाइको उपेक्षा गर्दै रुद्रको समेत अपहेलना गर्दा ज्योति प्रकट भै त्रिशूलधारी आदि, अन्तहित नीललोहित भगवान् प्रकट हुनुभयो। ब्रह्माले भन्नुभयो– हे चन्द्रशेखर ! तिमी त मेरो टाउकाबाट उत्पन्न भएका हौ। रुँदै प्रकट भएकाले मैले तिम्रो नाम रुद्र राखेको हुँ। ब्रह्माजीले अहङ्कार त्याग नगरेको देखेर शिव क्रूद्ध हुनुभयो। उहाँको क्रोधबाट कालभैरव प्रकट भए। कालभैरवले शिवको आज्ञानुसार नङलाई तरबार बनाएर पञ्चमुखी ब्रह्माजीको पाँचौं शिर काटिदिए। ब्रह्माले भयभीत भएर शतरुद्री पाठ गर्न थाल्नुभयो। त्यसपछि शिवले उहाँलाई अभय प्रदान गर्नुभयो।

शिवले कालभैरवलाई भन्नुभयो– काटिएको खप्पर लिएर भिक्षावृत्ति गर्दै संसार- भ्रमण गर र ब्रह्महत्याको पापबाट मुक्त बन। उहाँले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्महत्यारूपी कन्या कालभैरवको पछिपछि लाग्ने जानकारी दिँदै पुनः भन्नुभयो– बनारस पुगेपछि तिमीले भयङ्कर रूप धारण गर्नू। त्यहाँ यस कन्याको प्रवेश हुने छैन, तिमी पापबाट मुक्त हुनेछौ। तिमी कपालमोचन तीर्थमा रहने छौ। त्यहाँ तिम्रो दर्शन गर्नेहरूको पाप नष्ट हुनेछ र मुक्ति मिल्ने छ। शिवजीले भन्नुभए झैं भयो। ब्रह्महत्या कन्या पाताल गई। कालभैरवको निकट विश्वनाथ भगवान् रहनुभयो *(शिवपुराण शतरुद्र संहिता, खण्ड-७)*।

कालनेमिनिहा : विष्णुको नाम। कालनेमि नाउँको असुरलाई मार्नु भएकोले विष्णुको एक नाम कालनेमिनिहा रह्यो–

कालनेमिनिहा वीरः शौरिः शूरजनेश्वरः।

(विष्णुसहस्रनाम- ८२)

*अध्यात्मरामायण*मा कालनेमि नाउँको मायावी राक्षसलाई हनुमानले मारेको प्रसंग पाइन्छ। युद्धमा रावणको वाण लागेर लक्ष्मण मूर्छित भए तर रामद्वारा पराजित र अपमानित भएर रावण फर्क्यो आफ्नो राजधानी। उसले हनुमान मृतसंजीवनी बूटी लिन द्रोणाचल पर्वत तर्फ गएको थाहा पाएर कालनेमिलाई अलमल्याउने र बिलम्ब गराई लक्ष्मणको प्राण निकल्ने षड्यन्त्र रच्यो। शुरुमा कालनेमिले रावणलाई दार्शनिकले झैं सम्झायो– आत्मा शुद्ध छ तर जब माया र त्यसका गुणहरूद्वारा विमोहित हुन्छ त आफ्नो स्वरूपलाई भुल्छ अनि सदा बाहिरका विषयहरूमा भुल्छ। तर ज्ञानी गुरुको सत्संग प्राप्त भयो भने उसले ज्ञान पाउँछ र विषयहरूबाट विमुख भएर सदा आफ्नो निर्मल आत्मस्वरूपको दर्शन गरिरहन्छ। हे रावण ! तिमी पनि जितेन्द्रिय भएर आत्मचिन्तन गर। यसो गर्दा जीवन्मुक्त होइन्छ। ज्ञानमार्गमा लाग्न सक्तैनौ भने सगुण परमात्मा रामको भक्ति गर। सबैको हृदयमा रहनुहुने यस्ता परमात्मा श्रीरामको सदा भक्तिपूर्वक ध्यान गरेर मुक्ति प्राप्त गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालनेमिको अमृततुल्य वचन रावणका लागि विषतुल्य भयो । ऊ खूब रिसायो र अपमानयुक्त वचन बोल्न थाल्यो । कालनेमिले आखिरमा असुरसम्राट रावणको आज्ञा मान्नै पर्‍यो । उसले हनुमानको मार्गमा मायाद्वारा सुन्दर तपोवन बनायो । त्यहाँ एक कुटीमा साधु बनेर ध्यान गरिरहेको अभिनय गर्‍यो । हनुमानले उसलाई साँच्चिकै साधु ठाने र पानी मागे । कालनेमिले कमण्डलुको पानी खाऊभन्दा हनुमानले तलाउको पानी खान्छु भने । उसले तलाउ देखायो र मकरी नाउँकी राक्षसनी गोहीको रूप लिएर हनुमानलाई खान आई । हनुमानले त्यसलाई मारे अनि कालनेमि साधु नभई मायावी राक्षस रहेछ भन्ने जाने । ती दुईका बीच लडाइँ भयो र मुक्कीले टाउको फुटालेर कालनेमिलाई मारिदिए । त्यसपछि उनले मृतसंजीवनी बूटी नचिनेर पर्वतलाई नै उठाएर लंका तर्फ लगे ।

कालाग्निरुद्र : कालाग्नि अर्थात् प्रलयाग्निका अधिष्ठातृदेव । शिवलिङ्गमा कालाग्निरुद्र अधोभागमा रहेको मानिन्छ । *शिवगीता*मा श्रीरामको सामु शिवजी आफ्नो गणका साथ प्रकट हुनुहुँदा प्रलयाग्निवाहक कालाग्निरुद्र अलि टाढा रहेको उल्लेख गरिएको छ–

कालाग्नि रूद्रं दूरस्थं ज्वलद्धवाग्निसन्निभम् *(४/४५)*

शिवलिङ्गको कालाग्निरुद्र सहित पञ्चवक्त्रको नाम र दिशा यस प्रकार छ-

पूर्वमुख	-	तत्पुरुष
दक्षिणमुख	-	अघोर
पश्चिममुख	-	सद्योजात
उत्तरमुख	-	वामदेव
उर्ध्वमुख	-	ईशान
अधःमुख	-	कालाग्निरुद्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालाग्निरुद्रमा कालिका शक्ति रहन्छ जसले गर्दा प्रलय मच्चिन्छ–

एतेरुद्रा महात्मानः कालिकाशक्तिवृंहिताः
संहरन्ति समन्तेदं ब्रह्माद्यं सचराचरम् ।

(देवीपुराण)

कालाग्नि रुद्रोपनिषद् : कालाग्निरुद्रको प्रसन्नताका लागि यस उपनिषद्को विनियोग गरिएको छ। सनत्कुमारले कालाग्निरुद्रसँग त्रिपुण्ड्रका सम्बन्धमा सोधेका प्रश्नहरू र जवाफ यस उपनिषद्मा पाइन्छ।

ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ या सन्यासीले भस्म धारण गर्न सक्छन्। यसो गर्दा महापापबाट मुक्ति मिल्छ र शिवलोक प्राप्त हुन्छ। त्रिपुण्ड्रभस्म धारणबाट तीर्थस्नानको फल मिल्छ। उसले ज्ञान पनि प्राप्त गर्छ। त्रिपुण्ड्रमा प्रथम रेखा गार्हपत्य अग्नि हो। दोस्रो रेखा चाहिँ रजोगुण, ॐको अ, सत्त्वगुण, अन्तरात्मा, इच्छाशक्ति, यजुर्वेद, सदाशिवको रूप हो। तेश्रो रेखा चाहिं आवाहनीय अग्नि, 'म', तमोगुण, परमात्मा, ज्ञानशक्ति, सामवेद तथा महादेवरूप हो। अग्निहोत्रको भस्म नै त्रिपुण्ड्रको पदार्थ हो भन्ने कुरा यस उपनिषद्मा बताइएको छ।^

यो मन्त्रद्वारा तीन रेखा लगाउनु नै शांभव व्रत हो। मोक्षको इच्छुक अर्थात् मुमुक्षुले यो धारण गरोस् भनी यसमा निर्देशन गरिएको छ।

कालातीत : काल भूत, वर्तमान र भविष्यद्वारा अपरिच्छिन्न तत्त्व हो। काल अति शक्तिशाली छ। जगत्का हरेक वस्तुलाई माटामा मिलाउने कार्य कालले गर्छ। वस्त्र, फलाम आदि लामो समयसम्म त्यसै राख्दा

---

^ *मन्त्र–त्र्यंवकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्*
उर्वारुकमिवबन्धनान्मृत्योर्मुक्षीय माऽमृतात् ।
अग्निरिति भस्म । वायुरिति भस्म । जलमिति
भस्म । स्थलमिति भस्म । व्योमिति भस्म । सर्वं ह
वा इदं भस्म । मन एतानि चक्षूंषि भस्मानीति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती माटामा परिणत हुन्छन् । पहाडी क्षेत्रहरूमा ढुङ्गाको पर्वतलाई नदीधारले चिरेको देखिन्छ, करौंतीले काठ चिरे झैं । यो कालको करामत हो । बाल्यकालमा शरीर निश्छल, निर्मल र सुन्दर हुन्छ । तन्नेरीमा उत्ताउलो चञ्चल मनले शरीरलाई दगुराउँछ । बूढ्यौलीमा शरीर कूरूप, निर्बल, जर्जर हुन्छ । यो परिवर्तनको कारक तत्त्व हो काल । तर कालले छुनै नसक्ने, सदा नूतन, सधैँ उस्तै, अपरिवर्तनशील, अविक्रिय वस्तु हो आत्मा । *गीता*मा बताइएको छ–

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥

(२।२४)

अर्थात् कालातीत आत्मा काट्न नसकिने, जलाउन नसकिने, नगल्ने, सुकाउन नसकिने तथा नित्य, सर्वव्यापी, स्थिर, निश्चल र सनातन छ ।

जाग्रत, स्वप्न र सुषुप्ति तीनै अवस्थामा एवं भूत, वर्तमान र भविष्य या बाल्यकाल, युवावस्था र वृद्धावस्था– तीनै कालमा अन्वय रूपले आत्मा छ । शरीर एवं सांसारिक वस्तुमा झैं आत्मामा कुनै परिवर्तन छैन । जाग्रत अवस्थामा जे-जस्ता वस्तु देखिएका छन् ती परिवर्तनशील छन् । स्वप्नमा देखिएका वस्तुहरू त मनोमय हुन्, प्रातिभासिक हुन्, यथार्थ होइनन् । जाग्रतमा आए पछि स्वप्नको मिथ्यात्वको बोध हुन्छ । दृश्यवस्तु स्वप्नवत् छ, द्रष्टा अदृश्य साक्षीचैतन्य हो । दृश्यवस्तु जगत्का पद-पदार्थ हुन् जसलाई कालले नष्ट गर्छ ।

निर्गुण कालातीत शिवलाई पौराणिक प्रतीकको रूपमा महाकाल बताइएको छ । शिवलाई कालेश्वर, कालनाथ, कालनिधि पनि भनिएको छ । शिवभक्त एक बालकलाई कालरूप यमराज लिन आउँदा शिवले त्रिशूल उठाउँदै यमराजलाई चेतावनी दिनुभयो– तिमी काल हौ भने म महाकाल हुँ । मेरो कृपा पाएकोले यो आयु सकिएको बालक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिरञ्जीवी हुनेछ । उही बालक चिरञ्जीवी मार्कण्डेय ऋषि बने । जीव कालको ग्रास हो प्राकृत रूपमा, तर शिव कालातीत हुनुहुन्छ । साधकले जब जीवभाव त्याग्छ र शिवभाव ग्रहण गर्छ ऊ शिव नै बन्छ अर्थात् देश, काल आदिको बन्धनबाट मुक्त हुन्छ ।

कालिदास : संस्कृत साहित्यका महाकवि र आधुनिक दृष्टिले विश्वकवि । कालिदास आध्यात्मिक चेतनाका अद्भूत कवि हुन् । कालिदासको समयका सम्बन्धमा विभिन्न मत छन् र ठोस निर्णय भैसकेको छैन । यिनी चन्द्रगुप्त द्वितीय (विक्रमादित्य)का समकालीन अनुमान गरिएकाले ईस्वी चतुर्थ शताब्दी तिरका हुनुपर्छ ।

ईस्वी ६३४ को एक शिलालेखमा कालिदास र भारविको कीर्ति रविको कीर्तिभन्दा महान् मानिएको छ–

स विजयतां रविकीर्तिः कविताश्रितकालिदासभारविकीर्तिः ॥

कवि वाणले आफ्नो ग्रन्थ *हर्षचरित*मा कालिदासको उल्लेख गरेकाले वाण (छैठौं शताब्दीको उत्तरार्ध) भन्दा एक, दुई शताब्दी पहिलेका हुन् कालिदास ।

रघुवंश, कुमारसंभव, मालविकाग्निमित्र, विक्रमोर्वशीय, मेघदूत, ऋतुसंहार, अभिज्ञानशाकुन्तल आदि महाकाव्यहरू, खण्डकाव्य तथा नाटकहरू यिनले रचेका छन् । *(आप्टे-सं.हि.कोश)*

कालान्तरले गर्दा कालिदासको प्रामाणिक जीवनी प्राप्त हुन सकेको छैन तर यिनका बारेमा प्रसिद्धि के छ भने यिनी कालीका भक्त भएकै कारण मूर्ख गोठालाबाट विद्वान् तथा महान् कवि बन्न गए जसरी आधुनिक कालमा काली माता(दक्षिणेश्वरदेवी)को कृपाबाट भक्त रामकृष्ण परमहंस स्थितिमा पुगी जगत्प्रसिद्ध गुरु बने ।

कालिदास हिमाली क्षेत्रमा जन्मेको अनुमान गरिएको छ किनकि यिनले हिमालयको सौन्दर्य, कैलाश-मानसरोवरको शान्त, स्निग्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातावरणको वर्णन आफ्ना काव्यहरूमा गरेका छन् । यी कविका अराध्यदेव शिव भएकाले शिव-पार्वतीको वर्णनमा आफ्नो बेजोड सीप देखाएका छन् । *कुमारसंभव, मेघदूत* काव्यहरूमा यी महाकविले प्रकृति र पुरुषको काव्यात्मक आराधना गरी आफ्नो कीर्ति कायम राखे । यिनी पूर्वी जगत्मा मात्र होइन, पश्चिमी जगत्मा समेत प्रसिद्ध हुन गएका छन् । यिनको *अभिज्ञानशाकुन्तल* पश्चिमी जगत्मा प्रशंसित हुन गयो र यसका अनुवादहरू छापिए अङ्ग्रेजी, जर्मन आदि भाषाहरूमा ।

काली : काली मूल प्रकृति हुनुहुन्छ । उहाँ महाकालकी शक्ति महाकाली पनि कहलाउनुहुन्छ । कालले सबैलाई भस्म पारिदिन्छ । कालीले पनि दुष्टहरूलाई संहार गरिदिनुहुन्छ । देवी कालको महाभय विनाशक भएकोले काली हुनुहुन्छ ।

*चण्डी*मा उहाँले निशुम्भ दैत्यको वध गरिदिनुभयो र उसका सेनाहरूलाई मूला चपाए झैं गरी खाइदिनुभयो । उहाँको विनाशकारी लीलालाई शान्त पार्न स्वयं शिव(महाकाल)ले पथमा सुतेर उहाँको विनाश लीलालाई रोक्नुभयो । त्यसो नगरेको भए उहाँले प्रलय मच्चाइदिनुहुन्थ्यो । स्वयं महादेवलाई टेक्न पुगेको देखेर उहाँले 'ओहो ! मैले के गरेछु' भनेर रातो लप्लपाउँदो जिब्रो झिक्नुभयो र शान्त हुनुभयो । उहाँले असुरहरूको मुण्डमाला लगाएको देखिन्छ ।

दस महाविद्याहरूमा काली प्रथम हुनुहुन्छ । *महाभागवत्* अनुसार काली मुख्य हुनुहुन्छ र उहाँका उग्र र सौम्यरूप गरेर दश महाविद्या हुन्छन् । उहाँ नै आदिविद्या हुनुहुन्छ । उहाँका विभूतिहरू नै महाविद्याहरू हुन् । दस महाविद्या हुन्– १.काली २.तारा ३.छिन्नमस्ता ४.षोडशी ५.भुवनेश्वरी ६.त्रिपुरभैरवी ७.धूमावती ८.वगलामुखी ९.मातङ्गी र १०.कमला ।

वृहन्नीलतन्त्र अनुसार कालीको दुई रूप छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क.कृष्णारूप - दक्षिणा

ख.रक्तवर्णा - सुन्दरी

दुर्गासप्तशती अनुसार शुम्भ/निशुम्भको अत्याचारबाट पीडित देवताहरूले *देवीसूक्त*द्वारा देवीको स्तुति गरे । गौरीको देहबाट कौशिकी *(हेर्नू कौशिकी)* प्रकट हुनुभयो । उहाँ कृष्णा हुनुहुन्थ्यो त्यसैले काली कहलाउनुभयो । भव-बन्धन-मोचनका लागि कालीको उपासना गरिन्छ । शक्तिका लागि पनि उहाँको उपासना गर्छन् भक्तहरू । साधकमा अहंता, ममता र भेदबुद्धि नष्ट भएर पूर्ण शिशुत्वको उदय भएपछि कालीको श्रीविग्रह साधक सामु प्रकट हुन्छ । जस्तो रामकृष्ण परमहंसद्वारा दक्षिणेश्वर काली-दर्शन । यस्ता पराक्रमी कालिकाको *मुण्डमालातन्त्रोक्त महाविद्यास्तोत्रम्*मा भनिएको छ–

नमस्ते कालिके कालमहाभयविनाशिनी ।
जगत् क्षोभकरीं विद्यां जगत्सृष्टि विधायिनीम् ।
करालां विकटां घोरां मुण्डमालाविभूषिताम् ॥

अर्थात् जगत्मा क्षोभ पैदा गर्ने, सृष्टिको विधायिनी, विद्यास्वरूपिणी, डरलाग्दी या विकट रूप भएकी एवं मुण्डमालाद्वारा शोभित काली हुनुहुन्छ, उहाँमा नमस्कार गर्छु ।

कालिका : काली *(हेर्नू काली)* । *दुर्गासप्तशती* अनुसार पार्वतीको शरीरबाट कौशिकी देवी प्रकट भएपछि उहाँको शरीर कालो भयो त्यसैले कालिका नाम रहन गयो–

तस्यां विनिर्गतायां तु कृष्णाभूत्सापि पार्वती ।
कालिकेति समाख्याता हिमाचलकृताश्रया ॥

(५।८८)

कालिय-दमन : कालिय भनेको नाग, पानी भित्र रहने सर्प हो-***के जले अलीयते*** (पानीभित्र रहने भएकोले कालिय सर्प, नाग नाम रहन गयो) । यो विशालकाय सर्प यमुना नदीको पिंधमा रहन्थ्यो । त्यसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणले गाईहरू मरे । सौभरि ऋषिको (यिनले पानीभित्र रहेर हजारौं वर्ष तपस्या गरेको प्रसङ्ग पुराणमा पाइन्छ) श्रापले गर्दा गरुड यमुना क्षेत्रमा जान सक्तैनथे । त्यसैले कालिय यमुना नदीमा रहेको थियो । श्रीकृष्णले बाल्यकालमा त्यसका टाउकाहरूमा नृत्यका साथ लात प्रहार गरी उसलाई घायल पारिदिनुभयो । त्यसपछि भगवान्को नाम रह्यो- कालियदमन या मर्दनसमर्थ ।

स्वामी रामतीर्थ परमहंसले कालिय-दमनको दार्शनिक अर्थ लगाएका छन्- कथामा वर्णित यमुना चित्तको प्रतीक हो । अन्यत्र पनि मनलाई तलाउको उपमा दिइएको छ । जो कृष्ण बन्न चाहन्छ, जो आफूले हराएको स्वर्गलाई फेरि पाउन चाहन्छ उसले आफैंमा गम्भीर डुबुल्की लगाउनुपर्छ । ...तल पुगेर उसले विषधर नागको राग-द्वेष या इच्छारूपी विषालु संसारमा मनरूपी विषधर भुजंगको सामना गर्नुपर्छ । त्यसका टाउकाहरूलाई भाँच्नुपर्छ । यसको तात्पर्य के हो भने साधकले सबभन्दा पहिले आफ्नो मनरूपी पोखरी सफा गर्नुपर्छ । मन निर्मल गर्ने विधि के हो ? विधि त्यही हो जुन कृष्णले अपनाउनुभयो । साधकले प्राण-बाँसुरीद्वारा ॐ मन्त्र बजाउनुपर्छ, अनि दिव्य, कल्याणकारी गीत गाउनुपर्छ *(रामतीर्थ संदेश पुस्तिका)* ।

कालेश्वर: अनेकार्थी 'काल'को एक अर्थ हुन्छ शिव । देवासुर संग्राममा समुद्रमथनमा निस्केको कालकूट विष फैलिएर तीनै लोकका प्राणीहरू मूर्छित हुन थाले । ब्रह्माजीले लोकको रक्षा गर्न शिवजीको प्रार्थना गर्नुभयो । शिवले विष पिइ दिनुभयो । शिव कालमाथि शासन गर्ने, कालको पनि काल महाकाल हुनु भएकोले उहाँलाई कालेश्वर पनि भनिन्छ ।

काशी : 'काश्' धातुद्वारा बनेको काशीको अर्थ हो निर्वाण पथको प्रकाशक । बरुण नदी गङ्गामा मिलेको स्थानदेखि असीघाटसम्मको स्थल मुख्य तीर्थस्थल भएकोले बाराणसी (बरुणअसी) नाउँ पनि रह्यो । पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही नाम बनारस बन्न पुग्यो । वेदमा हामी काशी शब्द नै प्रयोग भएको पाउँछौं–

आप इव काशिना संग्रभीता: *(ऋक् १।१०४।८)*

मघवन् ! काशीरित्ते *(३।३०।५)*

काशी हिन्दु संस्कृति र सभ्यताको केन्द्र मानिन्छ । धार्मिक, सांस्कृतिक एवं शैक्षिक दृष्टिले काशी उन्नत रहेको छ । गंगास्नान, विश्वनाथ, कालभैरव *(हेर्नू कालभैरव)*, सङ्कटमोचन, अन्नपूर्णा देवी, ढुण्डिराज, बढीदुर्गाका मन्दिरहरू, बनारस हिन्दु विश्वविद्यालय, काशी विद्यापीठ लगायत अनेकौं धार्मिक, सांस्कृतिक अनुष्ठानहरूको काशी संगम-स्थल बनेको छ । काशीवास गर्न जाने कल्पवासीहरू, शैक्षिक, साहित्यिक एवं राजनीतिक आन्दोलन गर्न जाने नेपालीहरूको कारण काशीको प्रसिद्धि नेपालमा पहिलेदेखि व्याप्त थियो । वेदान्त लगायत शास्त्रहरूको अध्ययन र अध्यापनका लागि पनि यो नगरीको कीर्ति छ । काशी पण्डितहरूको शास्त्रार्थ, आध्यात्मिक साधकहरूको साधनास्थलका रूपमा पनि विख्यात रहेको छ । करिव ३००० वर्ष पहिलेदेखि तीर्थस्थल एवं धार्मिक क्षेत्रको रूपमा प्रसिद्ध रहँदै आएको काशीको हिन्दुहरूका लागि मात्र होइन, बौद्ध र जैन धर्मावलम्बीहरूका लागि पनि ठूलो महत्त्व रहेको छ । बुद्धले बोधगयामा ज्ञान प्राप्त गरेपछि सर्वप्रथम यहीं (सारनाथमा) उपदेश दिएका थिए चेलाहरूलाई । जैनका तीन तीर्थंकरहरूको जन्म पनि काशीमा भएको थियो । शङ्कराचार्य, बुद्ध, तुलसीदास आदिको साधनास्थल काशीपुरी हो ।

उपनिषद्हरू, पुराण एवं *महाभारत*मा काशीको उल्लेख पाइन्छ । उपनिषद्मा उल्लेख भए अनुसार काशी नरेश अजातशत्रु ब्रह्मविद्या र अग्निविद्याका प्रकाण्ड विद्वान् थिए । *स्कन्धपुराण* अनुसार भगवान् शिवका परमसत्ता यहाँ प्रकाशित छ *(ऐजन काशीखण्ड २६।६७)* काशीको तेश्रो नाम अविमुक्त र चौथो आनन्दकानन पनि रहेको छ । 'अवि'को अर्थ 'पाप' हो र शिव नगरी काशी पापबाट मुक्त भएकोले अविमुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहलायो *(लिङ्गपुराण पू. ९२/१४३)* । यो पुराण अनुसार शिवको प्रिय नगर भएकोले यसको नाउँ आनन्दकानन रह्यो । काशीलाई महाश्मशान पनि भनिएको छ किनकि प्रलय हुँदा यहाँका महान् आत्मा प्रेतको रूपमा रहनेछन् । संहारक शिवले काशीमा बसेर संसारको विनाश गर्नुहुनेछ *(पद्मपुराण-१३३/१४)* । उहाँ काशीनाथ हुनुहुन्छ ।

काशी विश्वनाथको मन्दिरमा लिङ्ग पूजन गरिन्छ । यो मन्दिर उत्तर भारतका शैव मन्दिरहरूमा सर्वोच्च मानिन्छ । इन्दौरकी महारानी अहल्यावाई होल्करले यसको निर्माण सन् १७५८मा गराएकी हुन् । पंजाब नरेश रणजीतसिंहले सन् १८३९ मा सुनले छाना छाइदिए ।

शास्त्रमा वर्णन भए अनुसार मोक्षप्रदायिनी नगरीका नाम हुन्- *अयोध्या, मथुरा, माया (हरिद्वार), काशी, काञ्ची, अवन्तिका (उज्जैन)* र *द्वारिका* ।

अन्यानि मुक्तिक्षेत्राणि काशीप्राप्तिकराणि च ।
काशीं प्राप्य विमुच्येत नान्यथा तीर्थकोटिभिः ॥

(ऐजन काशीखण्ड)

अन्य मुक्ति क्षेत्रहरूको सेवनबाट काशी प्राप्त हुन्छ र काशी प्राप्तिबाटै तीर्थ यात्रीको मुक्ति हुन्छ, अन्य करोडौं तीर्थले पनि मुक्ति पाइन्न । (काशी तीर्थाटनबाट यस लेखकमा ठूलो अध्यात्मिक परिवर्तन आएको यहाँ स्मरण गरिन्छ ।)

काश्मिर शैवदर्शन : यसलाई त्रिकदर्शन या प्रत्यभिज्ञ-दर्शन पनि भनिन्छ । *शिवपुराण*को कैलाशसंहितामा यस दर्शनको विस्तृत व्याख्या गरिएको छ । यो शैवदर्शन अनुसार ब्रह्माजीलाई शिवजीले ब्रह्मज्ञानको उपदेश गर्नुभएको हो । यसले अज्ञानरूपी दुःख नष्ट गर्न ज्ञान नै समर्थ छ भन्ने मान्दछ । जीव, शिव र मायाको चर्चा गर्दै परब्रह्म शिवको ज्ञानबाट नै मुक्ति मिल्दछ भन्ने मान्यता यसको छ । जीव विद्यारूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाशोबाट बाँधिएको छ । उसको शरीर नै मायारूप हो । प्रकृति भनेको पनि माया हो । मायाद्वारा मुक्त भै मूल कर्मसँग सम्बन्ध राख्ने पुरुष हो । प्रकृति र पुरुष दुवै शिवद्वारा प्रेरित हुन्छन् । ज्ञान प्राप्त गराउने पाश-बन्धन नष्ट गर्ने संस्कारलाई दीक्षा भनिएको छ । दीक्षा तीन प्रकारको हुन्छ-

क. **सम्भावी दीक्षा (सांभोपाय)**- गुरु-दर्शन, स्पर्श र भाषणको माध्यमबाट दिइने ।

ख. **शक्ति दीक्षा (शाक्तोपाय)** - योगद्वारा शिष्यको शरीरमा प्रवेश गरी गुरुले दिने ज्ञान ।

ग. **मैत्री दीक्षा (आणवोपाय)**- शिष्यको शोधन गर्ने क्रियात्मक दीक्षा ।

शैव आगम शिवोक्त मानिएको छ । सन् ८५० मा *शिवसूत्र* लेखियो । शिवोपासक वसु गुप्तालाई स्वप्नमा दर्शन दिई भगवान्ले महादेव-गिरिमा शिलालेखमा सूत्रहरू अंकित गरेको बताउनुभयो । यसरी *शिवसूत्र*का ७५ सूत्रहरूको उत्पत्ति भयो । सोमानन्दको *शिवदृष्टि* ग्रन्थले शैव सम्प्रदायका लागि दार्शनिक मार्ग दर्शन गरायो । शैवदर्शन अद्वैतवादी हो । शङ्कराचार्यले काश्मिरको भ्रमण गरी त्यहाँका आचार्यहरूलाई अद्वैतवादबाट प्रभावित पारेको बताइन्छ ।

शैव दर्शनको पर्याय शब्द 'प्रत्यभिज्ञ-दर्शन'* का बारेमा दशौं शताब्दीका उत्पलाचार्यले *प्रत्यभिज्ञाकारिका* लेखे । त्यस ग्रन्थको भाष्य *प्रत्यभिज्ञाविमर्शिनी* लेखे आचार्य अभिनव गुप्ताले । माधवकृत *सर्वदर्शन-संग्रह* र चटर्जीकृत *काश्मिर शैवमत*ले शैवदर्शन बारे प्रकाश पारेका छन् ।

काष्ठमौन : काष्ठवत् मौनता । काठ जड, गतिहीन छ । बिना प्रहार या

**प्रतिभिज्ञा:प्रति+अभि+ज्ञा-आफ्नो स्वरूपको स्मृति हुनु या जीव र ब्रह्मको तादाम्य ज्ञान ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर्षण त्यसबाट आवाज निस्कँदैन । त्यस्तै मौनता भित्री, बाहिरी मौनता साधकका लागि अपेक्षित छ । अभिमान जड भरत यस्तै थिए । भित्र ज्ञान टन्न भरिएको स्थितिमा सिद्ध मौन रहिदिन्छ मानौं उसको भौतिक शरीर एउटा मूढो बाहेक अरू केही होइन ।

*योगवाशिष्ठ*मा काष्ठमौन नामक मुनिको वृत्तान्त पाइन्छ । एक पटक एक शिकारीले हरिणको शिकार गर्न खोज्दै जंगलमा दगुर्दा यी मुनिको सामुन्ने आइपुग्यो । शिकारीले हरिण कता गयो ? भनेर सोध्यो । काष्ठमौनले जवाफ दिए– म निरहंकारी हुँ । म तुरीय पदमा रहेको छु । मेरा इन्द्रियले कार्य गर्दैनन् त्यसैले मैले हरिण देखिन । ताजुप पर्दै शिकारी त्यहाँबाट गयो । गुरु वशिष्ठ शिष्य रामलाई भन्छन्– तुरीय पदमा केवल ब्रह्म नै देखिन्छ । विदेह पुरुष तुरीयातीत अवस्थामा रहन्छ जसको वर्णन हुन सक्तैन । तुरीय पद जाग्रत, स्वप्न र सुषुप्ति अवस्थाहरूभन्दा माथि छ । यसमा राग, द्वेष या जडता केही हुँदैन । यसको अर्को नाम सत्ता सामान्य हो । हे राम ! कल्पना त्यागेर तुरीय पदमा स्थित होउ ।◆

मन हो ठेकी
मदानी विचार
विवेक-वैराग्य डोरीले
विषय मथ्दा
आनन्द-नौनी आविष्कार !

◆*निर्वाण प्रकरण - पूर्वार्द्ध*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि

किरातेश्वर : किरात रूप लिएका शिव । किरात नेपालका आदिवासी मध्ये सबभन्दा नाम चलेको जाति हो । *शिवपुराण* अनुसार शिवजीले अवधूतेश्वर, नटेश्वर, द्विज ब्रह्मचारी, किरात आदि अनेक अवतार लिएर लीला देखाउनुभयो । यी लीला-अवतार मध्ये किरातेश्वर अवतार बढी प्रसिद्ध भएको छ । यस अवतारमा शिवजीले आफ्नो भक्ति गर्ने अर्जुनको शस्त्रज्ञानको परीक्षा गर्न उनीसँग युद्ध गर्नुभयो । यस परीक्षामा उत्तीर्ण भएपछि अर्जुनको चाहना अनुसार किरातेश्वरले अर्जुनलाई आफ्नो दुर्गम पाशुपतास्त्र प्रदान गर्नुभयो । शिवजीको ८८ औं अवतार किरातरूप मानिन्छ ।

व्यासजीको सल्लाह अनुसार अपराजेय वीर बन्न चाहने अर्जुन हिमाली भेगको जंगलमा गई शिव-कृपा पाउन कठोर तपस्या गर्न थाले । शिवजी पनि सोही जंगलमा किरातेश्वरको रूप लिएर विचरण गरिरहनुभएको थियो । अर्जुन र किरातेश्वरको बीचबाट एउटा बनेल दगुर्न थाल्यो । दुवैले एकैचोटि वाण चलाए, दुवैको वाण लागेर बनेलको प्राणान्त भयो । अब दुवै पक्षले आफूले वाण हानेर मारेको दावी गर्दै बनेल लैजान खोजे । विवाद भयो र विवादले युद्धको रूप लियो । अर्जुनले शिवलाई किरात जातिका राजा हुन्, तिनलाई पराजित गर्न सकिन्छ भन्ने ठानेका थिए तर उनले आफ्नो कठोर वाण प्रहार निरर्थक भइरहेको पाए । त्यसपछि किरातरूपी शिवले आफ्नो स्वरूप देखाइदिनुभयो । आशुतोष भगवान्सँग पो आफूले लडाइँ गरिरहेको रहेछु भन्ने बुझेर अर्जुन खिन्न हुँदै शिवजीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउमा परेर– 'हे करुणासागर ! मलाई क्षमा गर्नुहोस्' भनी पछुताउ गर्न थाले ।

शिवजीले अर्जुनलाई संझाउँदै भन्नुभयो- मैले तिम्रो परीक्षा लिएको हुँ । तिमी दु:खित नहोऊ । त्यसपछि शिवशंकरले- तिमी मबाट के चाहन्छौ ? भनेर सोध्नुभयो । उनले मलाई शत्रुलाई पराजित गर्ने अस्त्र दिनोस् भनी अनुरोध गरे । त्यसपछि शिवजीले पाशुपतास्त्र प्रदान गर्नुभयो ।

भारवि कविले किरातेश्वर प्रभुको यही लीलाको वर्णन गर्दै अठार सर्गको महाकाव्य समेत लेखेका छन्- *किरातार्जुनीयम्* ।

की

कीर्तन : संकीर्तन, नाम संकीर्तन । कीर्तन/संकीर्तनको अर्थ हुन्छ- भगवान्का गुण, कर्म र नामहरूको स्वयं उच्चारण संकीर्तन– **नाम भगवद्गुणकर्मनाम्नां स्वयमुच्चारणम्** (*वीरमित्रोदय*) । ऋग्वेदमा सत्स्वरूप परमात्माको स्तुति गरौं भनिएको छ–

सत्यमिद्वा उ तं वयमिन्द्रं स्तवाम नानृतम् *(८।५१।१२)*

अर्थात् सत्यको स्तुति गरौं, असत् विषयादिको होइन । स्तुति कीर्तन हो । गुणकथन स्तुति हो, कीर्तन हो जुन गाइन्छ भक्तिपूर्वक । मधुसूदन सरस्वतीले भनेका छन्– **स्तुतिर्नाम गुणकथनम्** । भगवान्को गुणकथनको नाम स्तुति हो (*महिमास्तोत्र टीका*)

ऋग्वेदमा नै हामी मर्त्यले अमर भगवान्को कीर्तन गरौं भनिएको छ– **मर्ता अमर्त्यस्य ते भूरि नाम मनामहे** *(८।११।५)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस मन्त्रको अर्थको क्रममा भाष्यकार सायणाचार्यले भनेका छन्– 'मनामहे'को अर्थ हो–हे भगवान् ! तपाईंको नाम कीर्तन गर्ने चाण्डाल पनि श्रेष्ठ हो । ज-जसले भगवान्को कीर्तन गर्छन् तिनले तप, यज्ञ, तीर्थस्नान र वेदाध्ययन गरेका हुन्छन् अर्थात् यी सबैको गति प्राप्त गर्छन् । *भागवत*मा महिमा गाइएको छ कीर्तनको–

अहो बत स्वपचोऽतो गरीयान्
यज्जिव्हाग्रे वर्तते नाम तुभ्यम् ।
तेपुस्तपस्ते जुहुवुःसस्नुरार्या
ब्रह्मानूचुर्नाम गृणन्ति ये ते ॥

(३।३३।७)

ब्रह्माजीले भगवान् सदाशिवसँग लोमश ऋषि कसरी चिरायु हुन सके लोकहितका लागि मलाई बताइदिनोस् भनी जिज्ञासा गर्दा शिवले बताउनु भयो–

तस्य संकीर्तननान्नित्यं मुनिर्मृत्यु विवर्जितः ।
तमेव कीर्तयन् ब्रह्मान् मृत्युञ्जेतं न संशया ॥

अर्थात् लोमश ऋषिले सधैं मृत्युञ्जय भगवान्को कीर्तन गर्दथे त्यसैले चिरायु भए । तिमी पनि मृत्युञ्जयको कीर्तन गर । तिमी पनि ऋषि झैं कल्पकल्पजीवी हुनेछौ । (लोमशको विशेषता के थियो भने चार युग बित्दा पनि उनको कपालको एक रौं झर्दथ्यो । *(शनिमृत्युञ्जयस्तोत्र)*

सत्ययुगमा ध्यानबाट परमात्मा प्राप्त हुनुहुन्थ्यो भने त्रेतामा यज्ञद्वारा, अनि द्वापरमा सेवाबाट भगवान्लाई खुशी पारिन्थ्यो । कलियुगमा भगवान् खुशी पारिन्छ कीर्तनबाट । *भागवत*मा शुकदेवले राजा परीक्षितलाई कीर्तनको महत्त्व यसरी बताएका छन्–

कृतेयत् ध्यायतो विष्णु त्रेतायां यजतो मखैः ।
द्वापरे परिचर्यायां कलौ तद्हरिकीर्तनात् ॥
कलेर्दोषनिधे राजन्नास्ति ह्येको महान् गुण ।
कीर्तनादेव कृष्णास्य मुक्तः सङ्ग परं व्रजेत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोषपूर्ण कलियुगमा आसक्तिबाट मुक्त भएर श्रीकृष्णको कीर्तन गर्दा परमपद प्राप्त हुनेछ । नवधा भक्तिमा कीर्तन दोस्रो स्थानमा छ–

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥

(भागवत ७५।२३)

नौ प्रकारका भक्ति बताइएका छन्– श्रवण, कीर्तन, विष्णुको स्मरण, पाउसेवन, अर्चना, वन्दना, दास्य र सख्य अनि आत्मनिवेदन (आत्मसमर्पण) भक्ति ।

श्रवण भक्तिमा परीक्षितको नाम चल्यो । उनले श्रवण भक्तिबाट मोक्ष पद पाए । *भागवत*को कीर्तनद्वारा परीक्षितलाई मुक्त तुल्याएकाले व्यासका पुत्र शुकदेव स्वामी(वैयासकि)को कीर्तन भक्ति हो । यसैगरी प्रह्लादको स्मरण भक्ति हो । लक्ष्मीको पादसेवन, पृथ्वीको पूजा, अक्रूरको अभिवादन, हनुमान र अर्जुनको क्रमशः दास्य र सख्य भक्तिमा विशेषता रह्यो । अनि बलिले आत्मनिवेदन भक्ति गरे–

श्रीविष्णोः श्रवणे परीक्षित् भवद्वैयासकिः कीर्तने ।
प्रह्लादः स्मरणे तदङ्घ्रिभजने लक्ष्मीः पृथुपूजने ॥
अक्रूर स्वभिवादने कपिपतिर्दास्येऽथ सख्येऽर्जुनः ।
सर्वस्वात्मनिवेदने बलिरभूत् कृष्णाप्तिरेषां परम् ॥

माध्यमिक युगमा कीर्तन भक्तिको चारमोत्कर्ष मीराबाईमा पाइन्छ । श्रीकृष्णको भक्तिमा भजन गाउँदै, एकतारे बजाएर कीर्तन गर्दै यिनी आराध्यदेवमा विलीन भइन् । राजकुलकी भए पनि मीराले राजदरवारको सुखभोग त्यागेर कृष्णको कीर्तन गर्दै हिंडिन् । विषलाई भगवान्‌को चरणोदक मानेर पिइदिइन् तर भक्तिनीलाई भगवान्‌ले बचाइदिनुभयो ।

कीर्तनको महत्त्व बारे भगवान् श्रीकृष्ण स्वयं भन्नुहुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाहं बसामि वैकुण्ठे योगिनां हृदये न च ।
मद्भक्ता यत्र गायन्ति तत्र तिष्ठामि नारदः ॥

(नारदसंहिता)

कीर्तनको महिमा बुझेका नारद वीणा वादन गर्दै रातदिन 'नारायण, नारायण' नाम-संकीर्तन गरिरहन्छन् । नारद प्यारा छन् नारायणका लागि तर जब भगवान् देवर्षिमा अहंकार महशूस गर्नुहुन्छ त वैष्णवी मायाद्वारा मोहित तुल्याइ दिनुहुन्छ । जस्तो माया-दर्शन या बाँदरको अनुहार बनाइदिनु । त्यसपछि नारद बढी तन्मयताका साथ भगवान्को कीर्तन गर्छन् ।

चैतन्य महाप्रभुको कीर्तन जगत् प्रसिद्ध छ । निमाइ पण्डित आफ्नो विद्वता एवं शास्त्रज्ञानलाई त्यागेर चैतन्य महाप्रभु बने र कीर्तन भक्तिमा जीवन लगाइदिए । भनिन्छ– चैतन्य आफ्नो कीर्तन-मण्डलीका साथ जंगल पार गर्दा जंगलका जनावरहरू प्रभावित भै बाघ, भालु समेत हरिण, मुजुरहरू सँगै नाच्न थाल्थे र आफ्नो हिंसावृत्तिलाई छाडिदिन्थे । आजकल विदेशतिर समेत कीर्तन-भक्ति चलेको छ ।

वेदान्त-दर्शन अनुसार कीर्तनले मनको मैला फालिदिन्छ अनि भगवान् प्रति प्रीति गाँसिदिन्छ । कीर्तन-भजनबाट भगवान्को कृपा *(हेर्नू कृपा)* पाउँछ भक्तले, अनि उसमा ज्ञानोदय हुन्छ । भक्ति विनाको कोरा ज्ञान काम लाग्दैन । वेदान्ती जगद्गुरु शंकराचार्य समेत भन्छन्–

भज गोविन्दं भज गोविन्दं गोविन्दं भज मूढमते ।

हे मूढ मनुष्य ! गोविन्दको भक्ति गर, कीर्तन गर अनि ईश्वर-कृपा हुन्छ, तिम्रो कल्याण हुन्छ ।

केही प्रसिद्ध भजन-कीर्तन यी हुन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवको कीर्तन- जय शिवशंकर नमामी शंकर आदि ।
ॐ शिव ॐ शिव परात्परशिव आदि ।

रामकृष्णको- हरे राम, हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥

देवीको- जयन्ती मंगला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥

गुरुको- गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः ॥

कु

कुण्ठा : मनोग्रन्थि । यसले गर्दा आसक्ति, कामना, अस्थायी रूपमा निकम्मा र प्रभावहीन हुन्छन् । साधकमा वैराग्यले आसक्ति नष्ट गर्छ तर आसक्ति वाह्य कारणले कुण्ठित भयो भने अनुकूल परिस्थितिमा त्यो पुनः प्रकट हुन्छ । विरक्त साधक द्रुत गतिमा आफ्नो लक्ष्यतर्फ बढ्छ तर कुण्ठित मनस्थिति भएका साधकमा नैराश्य छाउँछ । उसले उन्नति गर्न सक्तैन ।

शङ्कराचार्यले कुण्ठाको सुन्दर वर्णन गरेका छन्–

अत्यन्तकामुकस्यापि वृत्तिः कुण्ठति मातरि ।
तथैव ब्रह्मणि ज्ञाते पूर्णानन्दे मनीषिणः ॥

(विवेक-चूडामणि-४४५)

अर्थात् अत्यन्त कामुक पुरुषको कामवृत्ति आफ्नी आमालाई देखेर कुण्ठित हुन्छ । त्यसैगरी पूर्णानन्दस्वरूप ब्रह्मबोध भएका ज्ञानीको संसारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवृत्ति रहँदैन ।

कुण्ठा दर्शन-शास्त्रसँग भन्दा बढी मनोविज्ञानसँग सम्बन्धित छ । आध्यात्मिक साधकहरूमा कतिपय कुण्ठाग्रस्त भएका देखिन्छन् त्यसैले यो दर्शनको पनि विषय हो । जुन साधक सन्तोषी छ, प्रतिकूल परिस्थितिमा पनि सहनशीलता त्याग्दैन, आफूमा भएको कमी-कमजोरीलाई जानेर या आफूले अनुभव गरेको दु:ख-विपत्तिहरूलाई प्रारब्ध-भोग सम्झेर आत्मप्राप्तिको लक्ष्यतर्फ एकचित्त भएर लाग्छ उसलाई कुण्ठाले त्यागिदिन्छ । महत्त्वाकांक्षी नभएर परिस्थितिसँग मिल्नु नै अकुण्ठित जीवन यापन गर्नु हो । जसमा आन्तरिक संघर्ष छैन उसमा कहिलेकाहीं संघर्ष, नैराश्य देखापरे पनि तिनलाई बेलैमा समन गर्छ ऊ र कुण्ठाबाट मुक्त हुन्छ ।

साधकले आफ्नो असफलतालाई कुण्ठाको कारण बन्न नदिई भाग्य या प्रारब्ध सम्झेर चित्त बुझाउँछ र परमात्मा प्राप्ति नै उसको एक मात्र लक्ष्य हो भनेर सांसारिक सुख-दु:खको पर्वाह गर्दैन भने उसमा कुण्ठाको मात्रा या तीव्रता कम हुनु स्वाभाविक छ ।

कुण्डलिनी : हठयोग साधकले मेरुदण्डको फेद निरको मूलधारसँगै अवस्थित स्वयंभूलिङ्गमा फन्को मारेर सर्पिणी जस्तै कुण्डलिनी शक्ति बसेको भावना गर्दै त्यस सुषुप्त शक्तिलाई योगाभ्यासद्वारा जगाउने कार्य गर्छ । यो शक्ति ब्रह्माण्डमा व्याप्त महाकुण्डलिनी शक्तिको व्यष्टिरूप हो । यस बारे भनिएको छ-

येन द्वारेण गन्तव्यं ब्रह्मद्वार मनोमयम् ।
मुखेनाच्छाद्य तद्वारं सुसुप्ता परमेश्वरी ॥

(गोरक्षशतक १।४८)

कुण्डलिनी शक्तिलाई जगाएर शिवसँग मिलाउँदा मनोशारीरिक विकारहरू शान्त हुन्छन् र परमानन्द प्राप्त हुन्छ । यो पनि मोक्षलाभ गर्ने मार्ग हो । साँचोले ताल्चा खोलेर जसरी सजिलैसित ढोका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उघार्न सकिन्छ, त्यसैगरी कुण्डलिनी जगाएर हठात् अर्थात् एक्कासी वा अनायास नै मोक्षको द्वार खोल्न सकिन्छ । त्यसैले भनिएको छ-

उद्घाटयेत् कपाटं तु यथा कुञ्चिकया हठात् ।
कुण्डलिन्या ततो योगी मोक्षद्वारंप्रभेदयेत् ॥ *(ऐजन १।५१)*

कुण्डलिनी पुर्यष्टक जीवको आधार हो । कुण्डलिनी शक्तिलाई ब्रह्मरन्ध्रभन्दा बाऱ्ह अंगुलमाथि एक मुहुर्त अड्याउँदा आकाशमा हिंड्ने सिद्धहरूको दर्शन हुन्छ । कुण्डलिनी सिद्ध गरेका योगीहरूले योगका विभिन्न क्रियाद्वारा अणिमा, लघिमा आदि सिद्धिहरू प्राप्त गर्छन् । ब्रह्मज्ञानी रानी चूडाला*(हेर्नू- चूडाला)*ले कुण्डलिनी जगाएर पाएको सिद्धि प्रयोग गरेर नै आफ्ना पति शिखिध्वज राजालाई आत्मज्ञानको उपदेश गरेको प्रसंग *योगवाशिष्ठ*मा पाइन्छ ।

कुण्डलिनीको प्रसंगमा तीन नाडी बारे जानकारी हुनु आवश्यक छ । ती हुन्–इडा, पिंगला र सुषुम्णा । इडा मूलाधार चक्रबाट निस्केर मेरुदण्डको देब्रे भागको बाटो हुँदै अन्य चक्रहरू (स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध, आज्ञाचक्रहरू) भेदन गर्दै आज्ञाचक्रको दाहिने पट्टिबाट अरू नाडीसित भेट गरी देब्रे नासारन्ध्रमा पस्तछ । पिंगडा नाडी उसै मूलाधार चक्रबाट निस्केर इडाको ठीक उल्टो गति लिन्छ र मेरुदण्डको दक्षिण भागबाट सबै चक्रभेदन गर्दै आज्ञाचक्रको देब्रेपट्टिबाट ब्रह्मरन्ध्रमा अन्य नाडीहरूसित भेटगरी दक्षिण नासारन्ध्र मार्गमा प्रवेश गर्दछ । सुषुम्णा नाडीको गति इडा र पिंगलाका बीचमा हुन्छ । ऊ मूलधारको केन्द्रबाट निस्किएर मेरुदण्डको माझबाट सबै चक्र भेदन गर्दै नासिका माथि ब्रह्मरन्ध्रमा पुग्छ । ब्रह्मरन्ध्रमा सुषुम्णाको गतिलाई इडा र पिंगलाले रोकेर राख्तछन् । यस प्रकार सुषुम्णामा शुद्ध वायुको सञ्चार हुन पाउँदैन । सुषुम्णामा शुद्ध वायुको सञ्चार गराउने आसन, प्राणायाम र मुद्राको अभ्यास गर्नु पर्दछ । यी माध्यमको अभ्यासद्वारा हठयोगका साधकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुण्डलिनीलाई बसमा पारी सुषुम्णा मार्गद्वारा सहस्र दल कमलमा पुऱ्याएर त्यसैमा अन्तर्ध्यान गराउँछ ।*

चित्र

१.मूलधार २.स्वाधिष्ठान ३.मणिपुर ४.अनाहत
५.विशुद्ध ६. आज्ञा ७.सहस्रदल

प्राण-शक्तिको प्रवाह सुषुम्णाबाट माथि प्रवाहित हुँदै ब्रह्मरन्ध्रमा पुगेपछि मात्र समाधि अवस्थामा पुग्न सकिन्छ । कुण्डलिनी शक्तिको आरोहण गुदाको नजिक रहेको मूलाधार शीर्षक पृथ्वी तत्त्वको चक्रबाट शुरु हुन्छ । त्यसपछि त्यो शक्ति मूलधार चक्रको भेदन गर्दै उपस्थ नजिकैको स्वाधिष्ठान-जलतत्त्वको चक्रमा पुग्छ । त्यसभन्दा माथि नाभिको नजिक मणिपुर-अग्नि तत्त्वको चक्र छ । हृदयमा अनाहत वायु तत्त्वको चक्र रहन्छ । ग्रीवामा विशुद्ध भनिने वायु तत्त्वको चक्र रहन्छ र त्यसभन्दा माथि आज्ञाचक्र रहन्छ ।

---

* *जनकलाल शर्मा- जोसमनी सन्त परम्परा र साहित्य*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसभन्दामाथि सहस्रार छ। प्राण-शक्तिको प्रवाह हुनाले शक्ति छवटै चक्रहरूलाई छेड्दै सहस्रारमा चढ्छ।#

कुंडिकोपनिषद् : यो उपनिषद्मा चतुर्थ आश्रम-संन्यासका सम्बन्धमा प्रकाश पारिएको छ र संन्यासीको आचरण, विचार बारे चर्चा गरिएको छ।

सन्यासीले आकाश, वायु आदिमा व्याप्त ब्रह्मबाट नै आफू उत्पन्न भएको मानेर आफूलाई सोही समान अजर, अमर आदि मानोस्, उसले ब्रह्म एवं स्वयंका बीच मायाका लहरहरूलाई उत्पन्न र बिलीन भएको हेरोस्, देहसँग सम्बद्ध नठानोस्, जाग्रत, स्वप्न आदि अवस्थाहरूलाई व्यर्थ मानोस् भनी यसमा बताइएको छ।

जम्मा ३० मन्त्रहरू रहेको यस उपनिषद्को अन्त्यतिर भनिएको छ- वायुबाट नाद सुन्नु नै हृदयको तप हो, जुन देहलाई छेडेर मूर्धातिर जान्छ। नाद मूर्धासम्म पुग्दा पुनर्जन्मबाट मुक्ति तथा परम गति प्राप्ति हुन्छ। सबैको साक्षीलाई साक्ष्य धर्मले त्यसैगरी छुँदैन जसरी घरको दीपक माथि र घडाको आकाश माथि प्रभाव पर्दैन। म यसै प्रकारले निर्लिप्त, निष्क्रिय, निर्विकार हुँ। म आनन्दमय निर्विकल्प हुँ– यस्तो भावना गरोस्।

कुन्ती : यदुवंशी प्रसिद्ध राजा शूरसेन(श्रीकृष्णका पितामह)की पृथा नाउँकी पुत्रीको अर्को नाम हो कुन्ती। शूरसेनका फुपूपट्टिका भाइ कुन्तिभोजको सन्तान नभएकाले शूरसेनले धर्मपुत्रीको रूपमा पाल्नका लागि आफ्नी छोरी पृथा कुन्तिभोजलाई दिइपठाए। कुन्तिभोजकी धर्मपुत्री बनेपछि पृथाको नाम कुन्ती रहन गयो। कुन्ती श्रीकृष्णकी फुपू हुन्। उनी श्रीकृष्णलाई भगवान् जानेर भक्ति गर्दथिन्। जीवनभर दुःखै-दुःख भोगेकी कुन्तीको सिद्धान्त थियो- दुःख हो मानिसको सच्चा साथी किनकि यसले भगवान्को स्मरण गराइरहन्छ। सुखमा चाहिँ हामी

 # आज्ञाचक्रआदि षड्चक्र। हेर्नू वेदान्त विश्वकोश-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्लाई भुल्छौं–

विपदःसन्तु नः शश्वत् तत्र तत्र जगद्गुरो ।
भवतो दर्शनं यत्स्यादपुनर्भवदर्शनम् ॥

अर्थः हे जगद्गुरु ! हामीमाथि दुःख-विपत्ति आइरहोस् किनकि तपाईंको दर्शन विपत्तिमा नै हुन्छ । तपाईंको दर्शन भएपछि संसारको दर्शन हुँदैन अर्थात् मनुष्य आवागमनबाट मुक्त हुन्छ ।

कुन्तीमा अन्तरचेतनामा ज्ञान थियो- मेरो जीवन दुःखै-दुःखमा बित्नेछ तर श्रीकृष्ण साथमा हुनुहुनेछ । उनी बालिका छँदा एक दिन दुर्वासा ऋषि कुन्तिभोजकहाँ आए र कुन्तीले ऋषिको एक वर्षसम्म सतर्कता एवं सहनशीलताका साथ सेवा गरिन् । उनको सेवाबाट दुर्वासा खूब खुशी भए र दिव्यमन्त्रको उपदेश दिए । त्यो मन्त्र कस्तो थियो भने मन्त्र जपेर जुन देवताको स्मरण गऱ्यो, उही देवता प्रकट भै आफू समान तेजिला पुत्ररत्न उनलाई प्राप्त हुन्थ्यो । कुमारी अवस्थामा नै कुन्तीले मन्त्र शक्तिको परीक्षा गर्न भनी आकाशमा चम्किरहेका सूर्यको स्मरण गर्दै मन्त्र जपिन् । माथि सूर्यलाई बादलले ढाक्यो र उनको कक्ष सूर्यको तेजले जाज्वल्यमान भयो । सूर्य देवता उनका सामु आएर भने- मलाई किन सम्झ्यौ ? कुन्ती डराइन् र भनिन्- म अहिले कुमारी छु । कौतुहलतावश दुर्वासाले दिएको मन्त्र प्रयोग गरेकी हुँ । मलाई क्षमा गर्नुहोस् र फर्केर जानुहोस् । सूर्यले भने- मेरो आगमन निष्फल हुने छैन । मबाट तिमीलाई छोरा मिल्ने छ यशस्वी, बलवान् । फेरि तिमीलाई कलङ्क पनि लाग्ने छैन ।

सूर्यको वरदानस्वरूप कुन्तीलाई पुत्र प्राप्त भयो । कुमारी अवस्था भएकोले गोप्यरूपले उनले धनदौलत हालिएको काठको बाकसमा बालक राखेर गङ्गामा बगाइदिइन् । सो बाकस अधिरथ नाउँ गरेका एक सारथीले फेला पाऱ्यो । उसले बालक सुरक्षित पाएर आफ्नी पत्नी राधालाई स्याहार-सुसार गर्न दियो । सो बालक राधेय बनेर हुर्क्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि ऊ कौन्तेय थियो । उसको नाम कर्ण रह्यो *(हेर्नू कर्ण)* ।

विवाहयोग्य भएपछि कुन्तिभोजले कुन्तीको स्वयंवरको प्रबन्ध गरे । देशविदेशका राजाहरू कुन्ती जस्ती सुन्दरी र सुशीलासँग विवाह गर्न राजदरबारमा उपस्थित भए । हस्तिनापुरका राजा पाण्डुको सामु अन्य राजा, राजकुमारहरूको तेज मलिन देखापऱ्यो । कुन्तीले उनैको गलामा वरमाला लगाइन् । पाण्डुले वंशवृद्धिको ध्येयले मद्रराजकी कन्या माद्रीसँग पनि विवाह गरे ।

यसपछि कुन्तीका जीवनमा धेरै विपत्तिहरू खनिए । पति पाण्डुलाई एक ऋषिको श्राप पऱ्यो- पत्नीसँग समागम गर्दागर्दै मृत्यु हुने । यो श्रापको कारण के थियो भने राजा पाण्डु जंगलमा शिकार खेल्न गएका थिए र एउटा हरिणलाई वाण प्रहार गरे । वास्तवमा कुनै ऋषि र उनकी पत्नी हरिण-हरिणीको रूप लिएर क्रिडा गरिरहेका रहेछन् । ऋषिले मर्न लाग्दा पाण्डुलाई सो श्राप दिएका थिए । त्यस श्रापले गर्दा पाण्डु विरक्त भए । उनी राज्यभार पितामह भीष्म र विदुरलाई सुम्पेर जंगलमा रहन गए । कुन्तीले पाण्डुमा पुत्रेषणा रहेको चाल पाइन् तर सहवासमा मृत्यु हुने भयले पनि पतिलाई सताइरहेको बुझिन् । उनले पतिलाई दुर्वासाको मन्त्रको रहस्य बताएपछि दुवैको सरसल्लाहबाट पञ्चपाण्डवहरूलाई जन्म दिइन् । धर्मराजबाट युधिष्ठिर, वायु देवताबाट भीमसेन र देवराज इन्द्रबाट अर्जुनको जन्म भयो । माद्रीलाई पनि सो मन्त्र सिकाइदिएपछि माद्रीबाट अश्विनीकुमारको अंशबाट नकुल र सहदेवको जन्म भयो । कुन्तिले कैयौं काल जंगलमा पति, पुत्रादिका साथ रहँदै ऋषिमुनिहरूको सत्संगमा बिताइन् । तर काममोहित भै पाण्डुले माद्रीसँग सहवास गरेपछि उनको मृत्यु भयो । माद्री सती गइन् तर कुन्ती चाहिँ पुत्रहरू प्रतिको कर्तव्य सोचेर सती गइनन् ।

कुन्ती वीर माता थिइन् । गुप्तवासका समयमा जुन घरमा शरण लिएर पुत्रहरूका साथ उनी रहेकी थिइन्, सोही घरबाट राक्षसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आहारा बन्न जाने पालो परेको थियो। घरमा रुवावासी सुनेर उनको हृदय पग्ल्यो र उनले राक्षसको सामना गर्न भीमसेनलाई पठाइन्। भीमले राक्षसलाई मारेर त्यस नगरकै कल्याण गरिदिए। तेऱ्ह वर्ष वनवास र एक वर्ष गुप्तवास समेत भोगेर पाण्डवहरू हस्तिनापुर फर्के र राज्यको अंश माग्दा दुर्योधनले भन्यो- सुईको टुप्पो जति भूभाग पनि पाण्डवहरूले पाउने छैनन्। श्रीकृष्णले सम्झाउँदा पनि नमानेपछि उहाँ कुन्तीलाई भेट्न आउनुभयो र सोध्नुभयो– तपाईं छोराहरूलाई के गर्ने आज्ञा दिनुहुन्छ ? कुन्तीको जवाफ थियो– क्षत्रियाणी जुन समयका लागि पुत्रहरू पैदा गर्छन् त्यो समय अब आयो अर्थात् अब युद्ध गर्नुपर्छ। उनी महाभारतको युद्धको समयमा पनि राजा धृतराष्ट्र र गान्धारीलाई सम्झाउँदै राजदरबारमा रहिन्। गान्धारी पुत्रहीना भएर युद्ध मैदानमा बहुलाही झैं विलाप गरिरहँदा कुन्तीले सम्झाइन्, बुझाइन्। गान्धारी र धृतराष्ट्र पुत्र-वियोगबाट विह्वल भै जंगलमा जाँदा पुत्रमोह छाडी कुन्ती उनीहरूसँगै रहिन्, छोराहरूसँग राज्य-सुखभोगमा लागिनन्। वास्तवमा कुन्ती भक्ति र ज्ञानकी मूर्ति थिइन्। उनले गरेको श्रीकृष्णको स्तुति भक्ति र ज्ञानले भरिएको उच्चकोटिको वन्दना हुन गएको छ। पाण्डवहरूको सुख-ऐश्वर्य कालमा समेत एउटा ठूलो सङ्कट आउन लागेको थियो त श्रीकृष्णको कृपाबाट सो टऱ्यो। त्यो थियो-अश्वत्थामाको ब्रह्मास्त्रले उत्तराको गर्भस्थ शिशु परीक्षितलाई नष्ट गरी पाण्डवहरूलाई वंशविहीन बनाइदिने। श्रीकृष्णले सुदर्शन चक्र चलाएर परीक्षितको रक्षा गर्नुभयो। श्रीकृष्णको आफूहरू प्रतिको अहैतुकी कृपा देखेर कुन्तीले उहाँको स्तुति गरिन्–

श्रीकृष्ण कृष्णसख वृष्ण्यृषभावनिध्रुग्-
राजन्यवंशदहनानपवर्गवीर्य।
गोविन्द गोद्विजसुरार्तिहरावतार
योगेश्वराखिलगुरो भगवन्नमस्ते ॥

(भागवत १।८।४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन्तीले गरेको स्तुतिमा २६ श्लोकहरू छन्, जसबाट उनी भक्ति, ज्ञान र वैराग्यमा चुर्लुम्म डुबेको बोध हुन्छ । उनी भन्छिन्– हे भगवन् ! गङ्गाको धारा समुद्रमा खसिरहें झैं मेरो बुद्धि नित्य निरन्तर तपाईंको प्रेममा लागिरहोस् *(ऐ. १।८।४२)* ।

कुमार : कार्तिकेय । पाँच वर्षको बालक । 'मार'को अर्थ हत्या, वध हुन्छ । जसले बाल्यकालमै असुरको वध गरिदियो त्यस्ता पराक्रमीको अर्थमा कार्तिकेयको नाम कुमार रह्यो । कुमार नेतृत्वमा बेजोड हुनाले तारकासुर जस्तो वीर, पराक्रमीलाई समेत पराजित र हत्या उहाँबाट भयो । कुमारलाई सेनापति बनाएर देवताहरूले तारकासुरहाँसँग गरेको युद्धको वीररसमा वर्णन कालिदासले *कुमार संभवम्* काव्यको सप्त सर्गमा गरेका छन् । कालिदास कुमारको वीरताको वर्णन गर्दै लेख्छन्–

तत्राथ दुःसहतरं समरे तरस्वी
धामाधिकं दधति धीरतरं कुमारे ।
मायामयं समरमाशु महासुरेन्द्रो
मायाप्रचारचतुरो रचयांचकार ॥२४॥

अर्थ– त्यसपछि साह्रै असह्य, अनुपमेय, पार गर्न कठिन त्यो संग्राममा, अत्यन्त तेजोमय हुँदा धप्धपी बल्लान् जस्ता तरुण तेजस्वी धीर भन्दा पनि धीर, उत्साह-मूर्ति श्रीकुमारजीसँग छिटोभन्दा छिटो माया प्रचारमा अत्यन्त चतुर तारकासुरले माया प्रचारक संग्राम शुरु गर्न थाल्यो ।

कुमारकी शक्ति कौमारी हुनुहुन्छ । चण्डीमा उहाँको वर्णन यसरी गरिएको छ–

मयूरकुक्कुटवृते महाशक्तिधरेऽनघे ।
कौमारीरूपसंस्थाने नारायणि नमो स्तुऽते ॥

(११।१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमारिल भट्ट : मीमांसाका प्रकाण्ड विद्वान्। कर्म-मीमांसामा दुई आचार्यको प्रसिद्धि थियो- प्रभाकर (गुरु) र कुमारिल भट्ट। अनुमान वा तर्कद्वारा कुनै कुराको निर्णय गर्नेलाई मीमांसक भनिन्छ। वेदका कर्मकाण्डपरक मन्त्रहरूको व्याख्या तथा वेदका मूलपाठको संदिग्ध अंशहरूको निर्णय पूर्वमीमांसाले गर्छ र यस शास्त्रका आचार्य जैमिनि ऋषि हुन्। उत्तरमीमांसाको अर्को नाम वेदान्त हो जसको आचार्य जैमिनिका गुरु वेदव्यास हुन्। मीमांसकको रूपमा प्रसिद्ध भाष्यकार शाबर स्वामीको भाष्यग्रन्थ (*मीमांसा-सूत्र*को भाष्य जसलाई *शावर भाष्यम्* भनिन्छ)को व्याख्या प्रभाकर र कुमारिल दुवैले गरेका छन्। तर कुमारिलको ग्रन्थ विस्तृत हुन गरेको छ। यिनको पद्धतिबाट मण्डन मिश्र (शङ्कराचार्यको शिष्य सुरेश्वराचार्य) समेत प्रभावित भएको बताइन्छ।

कुमारिल भट्ट बौद्धमतका कठोर आलोचक थिए। शङ्कराचार्यको जीवनीमा पहिले बौद्ध विद्वान् भएर पछि सोही मतको खण्डन गरे वापत यिनले पछुताउस्वरूप भुसको आगोमा डढ्दै गएको अवस्थामा शङ्कराचार्यले यिनलाई भेटेको र अग्नि तथा प्रत्यवायबाट बचाइदिन्छु भन्दा यिनले आफ्नो निश्चय नत्यागेको प्रसङ्ग पाइन्छ। कुमारिलका अनुसार वेदका शब्द, वाक्य तथा क्रम नित्य छ। शब्द द्रव्य हो। शब्द नित्य भए झैं अर्थ पनि नित्य हो। यिनले द्रव्य, गुण, कर्म, सामान्य र अभाव- यी पाँच पदार्थ मानेका छन्। *पूर्वमीमांसाम्*का अन्य कतिपय सिद्धान्त यिनका लागि मान्य छन् यद्यपि शावर भाष्यका आलोचना यिनले गरेका छन्। यिनले आधुनिक हिन्दुत्वको स्थापनामा ठूलो योगदान गरेका छन्[८]

कर्ममीमांसक भए पनि कुमारिल र प्रभाकरले पहिलोपल्ट मुक्तिको वर्णन गरेका छन्। धर्म र अधर्म दुवै समाप्त भएपछि नै मुक्ति प्राप्त

[८] *डा. रा. पाण्डेय- हि. धर्मकोश।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । मुमुक्षुले आवश्यक कर्तव्यहरूको पालन गर्नुपर्छ>

कुम्भमेला : आध्यात्मिक साधकले कुम्भ स्नानलाई महत्त्वपूर्ण दृष्टिले हेर्छ । कुम्भ मेलामा गरिने स्नान-दान-पुण्य कार्यबाट चित्तको शुद्धि हुन्छ । अर्को पक्ष छ– सन्तसमागम । साधु, सन्त, महात्माहरूको दर्शन, उपदेश-श्रवणादि लाभ यस्ता पर्वमा प्राप्त हुन्छ ।

कुम्भस्नानको महत्त्वका सम्बन्धमा पौराणिक ग्रन्थले प्रकाश पारेका छन् । समुद्र मन्थनका समयमा निस्केको अमृत कुम्भ(अमृत घडा)लाई असुर गणले देवताहरूलाई अमृतबाट वञ्चित गराउने दृष्टिले उठाएर दौडे । उनीहरूले त्यसलाई प्रयाग, हरिद्वार, नासिक, पञ्चवटी र उज्जैनका नदीहरूमा लुकाएर राखे । ती स्थानका नदीमा अमृत मिसिएकाले कुम्भस्नानको परम्परा चलेर आएको हो ।

बाऱ्ह-बाऱ्ह वर्षमा लाग्ने मुख्य कुम्भपर्व चार तीर्थस्थलहरूमा राशी योग अनुसार सम्पन्न हुन्छ–

क. प्रयाग– सूर्य र चन्द्र मकर राशीमा, गुरु वृषमा रही औंसी तिथि पर्दा कुम्भ मेला शुरु हुन्छ ।

ख. हरिद्वार– गुरु कुम्भ राशीमा, सूर्य मेष राशीमा हुँदा कुम्भ योग पर्छ ।

ग. नासिक– गुरु सिंह राशीमा, सूर्य र चन्द्र कर्कट राशीमा रहँदा गोदावरीमा कुम्भ पर्व हुन्छ ।

घ. उज्जैन– सूर्य तुलामा, गुरु वृश्चिक राशीमा रहँदा कुम्भ पर्व मनाइन्छ ।

नेपालमा गोदावरी कुण्डमा बाऱ्हवर्षे कुम्भ मेला लाग्छ ।

कुम्भको लाक्षणिक अर्थ पूर्ण हो । यस पूर्ण घडामा गुणरहित जल छ अर्थात् अमृत छ । अमृत ब्रह्मको प्रतीक हो । *(हेर्नू अमृत-वे.विश्वकोश-१)*

>ऐजन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुम्भेश्वर : नेपालको प्राचीन देवस्थल एवं तीर्थस्थलको नाम। यो कृष्णमन्दिरको उत्तर दिशामा दुई किलोमिटर टाढा अवस्थित छ। यो पवित्र क्षेत्रमा कुम्भेश्वर शिव मन्दिर, वगलादेवी मन्दिर प्रमुख रूपमा रहेका छन् भने गरुड नारायण, वासुकी, शीतला, गणेश, अर्धनारीश्वर, हरिहर आदिका प्रतिमाहरूले यस पुण्यक्षेत्रको शोभा बढाएका छन्। वि.सं. १४४९ मा जयस्थिति मल्लले कुम्भेश्वर महादेव मन्दिर, कुम्भतीर्थ(पोखरी)को निर्माण गर्न लगाएका थिए। त्यस समयमा जमिन मुनिबाट फेला पारिएका देवमूर्तिहरू त्यहाँ राखिएका हुन् भन्ने पुरातत्त्वविद्हरूको भनाइ छ। शुरुको दुई तले मन्दिरलाई राजा श्रीनिवास मल्लले अरु तीन तला थपी पाँच तले बनाएको बताइन्छ।

कुम्भेश्वरको महात्म्य मन्दिर निर्माण कालभन्दा प्राचीन छ। नेपालमा विक्रमसंवत चलाउने राजा नन्ददेवका पुत्र वीरदेवलाई सिकरापुर र मतिलिग्राम नाउँका साना सहरको बिस्तार गरी शंखमूललाई सिमाना बनाउने इच्छा भयो। यिनले ललिताण्य नाउँको पाटनको तल्लो उत्तर भेगको जंगलमा रहेका सर्वेश्वर महादेव(कुम्भेश्वर)को पूजा आराधना गर्ने गर्दथे। उनले कुष्ठरोग पीडित ललित ज्यापू(घाँसी)लाई दरवारबाट देखेका थिए जो केही समय पछि रोगबाट निको भएको पाए। उसलाई बोलाएर सोद्धा घाँसीले कुम्भेश्वरको कुण्डमा स्नान गर्दा कुष्ठरोग निको भएको र आफ्नो नोल पनि जहाँ राखेको हो त्यहीं गाडिएर झिक्न नहुने भै सिद्ध भएको जाहेर गऱ्यो। राजाले घाँसी भए पनि सर्वेश्वरको कृपा पाएको व्यक्ति संझेर ललितलाई मन्त्री बनाए। उनले स्वप्नमा महादेवको दर्शन पाई ललितलाई अख्तियारी गरी हाम्रा स्वयम्भू शिवलिङ्ग सहरभित्र पारी बनाउनू भन्ने निर्देशन समेत मिलेकोले ललितपुर सहर (पाटन) बसाले र दक्षिणको मातलिग्रामसँग जोडे।

कुष्ठ रोग निको पार्न सक्ने पातालगंगा(कुण्ड)का साथै थुप्रै ढुङ्गेधाराहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि कुम्भेश्वर शोभायमान छ । महादेव रहेको स्थानमा जलस्रोतको कमी नहुनु स्वाभाविक छ । साउन शुक्ल पूर्णिमा (जनैपूर्णिमा)मा कुम्भेश्वर पोखरीमा नागको घेरासम्म पानी जमाई माझमा खट निर्माण गरी सर्वेश्वर महादेवको चल मूर्ति सजाएर राखिन्छ । यहाँ स्नान, पूजा-आजा गर्न हजारौंको संख्यामा भक्तजनको भेला हुन्छ । यही दिन गोसाइँकुण्डमा पनि मेला लाग्छ । गोसाइँकुण्डको पानी नै कुम्भेश्वर-कुण्डमा उम्रेको भन्ने विश्वास गरिन्छ । यस मन्दिरको प्रांगणमा सो पर्वमा ब्राह्मणहरूलाई टीका लगाएर दक्षिणा दिने तथा डोरो बाँधेर पुण्यलाभ गर्नेहरूको घुइँचो लाग्छ ।

सर्वेश्वर भगवान्को षण्मूर्ति प्रसिद्ध छ । सद्योजात (पश्चिममुख), वामदेव (अर्धनारीश्वर, उत्तरमुख), तत्पुरुष (पूर्वमुख), अघोर (दक्षिण-मुख), ईशान (उर्ध्वमुख) र कालाग्नि रुद्र (अधोमुख) । पण्डितजन शान्तरूप, शिवरूप एवं ब्रह्माण्ड योगीश्वर भगवान्को यसरी स्तुति गर्छन्–

भूतेर्लेपैः समस्तैर्वयवसकलं कारुण्यमूर्ति परं
चन्द्रार्काग्निस्त्रिनेत्रं भवभय हरणं कुम्भेश्वरं श्रीप्रभुम् ।
कण्ठे नागं ललाटे ललितशशिधरं गङ्गाजटाजूटकं
वन्देऽहं तं महेशं प्रणतशरणदं शान्तमानन्दमीशम् ॥३॥

(ऐश्वर्यधर शर्मा-योनिस्तव-पुष्पाञ्जलि-कुम्भेश्वरस्तव)

कुलचन्द्र गौतम : विद्वत्शिरोमणि । यिनको विचार, प्रतिभा, विद्वता नेपालमा मात्र होइन, भारतमा समेत फैलिएको थियो । चार छोरामध्ये तीन छोरा र धर्मपत्नीको समेत निधन हुँदा संसारको क्षणभंगुरता बोध भै यिनी धेरै समय काशीमा रहे । यिनले धार्मिक, आध्यात्मिक पुस्तकहरू लेखेर अशान्त मनलाई शान्त पार्ने प्रयत्न गरे । पश्चिम एक नम्बर जीवनपुर गाउँको अग्निहोत्री विद्वत्कुलमा रमाकान्तका सुपुत्रको रूपमा वि.सं. १९३२ सालमा कुलचन्द्र गौतमको जन्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको थियो । काशीको राजकीय संस्कृत महाविद्यालयको आचार्यको परीक्षामा प्रश्नको उत्तर संस्कृत श्लोकमै दिएर आफ्नो प्रतिभाको परिचय दिँदै यिनले साहित्याचार्य उपाधि प्राप्त गरे (विशेष सम्मानका साथ) । यिनको विशिष्ट विद्वताको कदर गर्दै नेपाल सरकारबाट यिनलाई विद्वत्शिरोमणि उपाधि मिल्यो । यिनको विद्वताको डाह गर्नेहरूले गर्दा यी नेपालमा नरही भारतको बिहार राज्यको चम्पारन जिल्लाको रामनगर राज्यका दरवारी पण्डित एवं प्रमुख पुरोहित भए । धेरै समय धार्मिक नगर काशीमा बिताई २०१५ सालमा यिनले देहत्याग गरे ।

कुलचन्द्र गौतमले राणा प्रधानमन्त्री चन्द्रशम्शेरको कोपबाट बच्न *अलङ्कार चन्द्रोदय* पुस्तक लेखेपछि पछुताउ भै उनी शान्तिको लागि रामको शरणमा परे र *राघवालङ्कार* पुस्तक लेखे । यो पुस्तक नेपाल एकेडेमीले वि.सं. २०१५मा प्रकाशित गऱ्यो । यस पुस्तकका कविताबाट यी प्रकाण्ड विद्वान्को वेदान्तमा पहुँच भएको बुझिन्छ–

प्रशस्त सम्पत्ति थियो, जनाना नाना रकम्का सँगमा रहन्थे ।
म चिन्दछू भुक्ति त, मुक्ति मात्र स्वरूपले चिन्दिन त्यो चिन्हाऊ ॥
वेदान्त–वेत्ताहरूले चिनेर मुमुक्षु–सज्जन्हरूमा भनेको ।
जो ऐक्य हो ईश्वरको र आफ्नो मुक्ति त्यही हो मनले ठमाऊ ॥

सच्चा भक्तले भगवान्लाई भेट्छ, केवल मुखले 'रामराम' रट्नेले केही फल पाउँदैन भन्दै परमात्मा भेट्न भगवान्को उपासनामा मन गडाऊ, मनको चञ्चलता हटाऊ भन्ने सन्देश कवि दिन्छन्–

सहस्र नारी नरले कराए हे राम ! हे राम ! भनेर गाए ।
परन्तु केही फल देखिएन उपाय त्यै हो अब के पुगेन ?
उठेन रोमाञ्च, बगेन आँसु, कराउँदा गद्गदता भएन ।
गडेन मन्, चञ्चलता हटेन, उपाय त्यो पूर्णतया पुगेन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलचन्द्रका संस्कृतमा *भागवत् मञ्जरी परिमल* सहित *कृष्णकर्णाभरण, गङ्गागौरव,* नेपालीमा *तुलसी रामायण* (अनुवाद), *अमरकोश (भाषार्थ परिशिष्ट सहित) स्वयंवैद्य, प्रपञ्च-चर्चा* आदि छन् । *अलंकार चन्द्रोदय* र *राघवालंकारको* उल्लेख भइसकेको छ । यी लक्षणग्रन्थ हुन् । यी पुस्तकबाट विविध छन्द र अलंकारको अध्ययनमा सघाउ पुग्छ । *राघवालंकारमा* गौतमको ध्यान अलंकार सिकाउँदै श्रीरामको भक्ति गर्नपट्टि गएको देखिन्छ । कविको भगवान् प्रतिको आराधना भनेको उहाँलाई स्मरण गर्दै लेखिएको गीताञ्जली हो ।

कुलदेवता : कुलायन या देवालीमा पूजिने देवताहरू । कुलको अर्थ वंश, घराना, दल, बथान हुन्छ । वंश या घरानाले मानिआएको, पुजिआएका देवताहरू कुलदेवता कहलाउँछन् । कुलदेवता या कुलदेवी कुलका उन्नायक आराध्य हुन् । प्रतिदिन कुलदेवता- देवीको स्मरण, भक्ति, व्रतबन्ध, विवाह, दसैं, यज्ञ तथा गोपालहरूले मोही पारेर धूप हाल्दा तथा अन्य कार्यहरूमा कुलदेवताको पूजा या भाग छुट्याउने जस्ता कार्यहरू कुलाचारमा पर्छन् । कुल सन्ततिमा सदाचार, विनय, विद्या, प्रतिष्ठा, तीर्थदर्शन, निष्ठा, वृत्ति, तप, दान- यी नौ लक्षण भएमा कुलदेवता प्रसन्न हुन्छन् र कुलको उन्नति विकास हुँदै जान्छ भनिन्छ । शास्त्रमा कुल-लक्षण बताइएको छ–

आचारो विनयो विद्या प्रतिष्ठा तीर्थदर्शनम् ।
निष्ठा वृत्ति स्तपो दानं नवधा कुललक्षणम् ॥

देवाली वा कुलायन वैयक्तिक रूपले होइन, समूह या निश्चित स्थानका कुलका व्यक्तिहरू मिलेर गर्ने पूजा हो । यो नैमित्तिक कर्म हो- कुल, वंश, पुस्ताको क्षेम-आरोग्यका लागि कुलदेवताको पूजा गरिन्छ । कुलदेवताको स्तुतिमा भनिएको छ–

शान्तायै मोहनाशिन्यै नित्यायै ज्योतिषे नमः ।
इष्टदेवी महाकाली दुर्गादिव्यै नमो नमः ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमानन्ददाताय मोहध्वान्त मुषे त्विषा ।
तापत्रय निवारिण्ये मष्टदेवाय ते नमः ॥२॥

यसरी कुलको तापत्रय निवारण गर्ने, परमानन्द दिने कुलदेवता (मष्टा), शान्ति दिने, मोहनाश गर्ने, नित्य, ज्योतिरूप इष्टदेवी महाकाली(दुर्गा)लाई स्तुति गरिएको छ । स्तुतिको अन्त्यमा कुलदेवताको स्थापना क्रम र नामावली दिइएको छ–

दुर्गा मष्टा च मन्हा च स्थावरो वरुणस्तथा ।
ऐडदेव महाकाल महारुद्रश्च गैडु च ॥१०॥
रिमाल वंशसम्पूज्या नवैताः कुलदेवता ।
वंशवृद्धि प्रकुर्वत्यः सङ्कल्पान् साधयन्तु नः ॥११॥

कुलदेवताको पूजामा दुर्गा, मष्टा, मन्हा, स्थावर, वरुण, ऐड, महाकाल, महारुद्र र गैडुका साथै अरु १-२ थप देवता स्थापना गरी पूजा गरिन्छ । नेपाली समाजमा महारुद्र अथवा महादेवको पूजा गर्ने चलन प्राचीन हो । सबै जातजाति या वर्णले महारुद्रलाई आफ्नो कुल, जातिको कल्याण गर्ने महान् देव भनेर पूजा, अर्चना गर्छन् । महारुद्र प्राग्वैदिक देवता हुन् भन्ने कुरा सिन्धुघाटीको उत्खनन्बाट प्राप्त धार्मिक, ऐतिहासिक सामग्रीहरूले प्रष्ट पार्छन् । खस बाहुन, क्षेत्री समाजमा मात्र होइन, समस्त पहाडे मूलका आर्य जातिका मानव समाजमा रुद्री लगाउने प्रचलन ज्यादै पुरानो र लोकप्रिय रहेको छ *(अनिरुद्ध तिम्सिना- कुलायन पूजा- ऐतिहासिक वंशको युगान्तकारी चेतनाको आधार, मधुपर्क मंसीर २०५४)* । कुलदेवता समूहमा ती प्रमुख हुन् ।

मष्ट देवता भनेको मरुत्गण हुन् । ऋग्वैदिक कालका देवताहरूमा मरुत्गण पनि प्रमुख देवता समूहमा पर्छन् । मष्टो वास्तवमा रुद्रकै सहचारी मरुत् देवताका रूपमा पूजित छन् । मरुत् आकाशमा विचरण गर्ने, हुरी-बतास ल्याउने, अग्निसँग सम्बन्धित, बिजुली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गड्याङगुडुङ ल्याउने देवता हुन् । यी देवतालाई खुशी पार्दा कुलकै कल्याण हुने देखेर यिनलाई पनि कुलदेवता मानिएको हो । दुर्गा कुलदेवी, इष्टदेवी हुनुहुन्छ । कुलदेवता समूहमा उहाँको नाम पहिले आएको छ । उहाँ नै सम्पूर्ण सृष्टिका माता हुनुहुन्छ- जगन्माता । त्यसैले उहाँका नामपछि मष्टा, मन्न्हा, स्थावर, वरुणादिको नाम आएको हो । मन्न्हा अन्धकार प्रति क्रोध, रोष, कोप गर्ने सूर्य हुन् । *शुक्ल यजुर्वेद* रुद्रपाठमा सूर्यलाई मन्हा भनिएको पाइन्छ-

मन्न्हा देवानाम सूर्य्यःपुरोहितोव्विभुज्योतिरदाब्भ्यम् । *(४।१४)*

स्थावर देवता भनेको हिमाल, पहाड, पर्वत, जंगल, गुफा-कन्दरामा व्याप्त विष्णुकै प्रतीक हुन् । यसरी प्रकृतिका अधिष्ठाताको पूजा प्रकृतिको काखमा भेला भएर एकै वंशका व्यक्तिहरूले सामूहिक रूपमा गर्नुबाट सामाजिक-धार्मिकता झल्कन्छ । श्रीकृष्ण भगवान्‌ले पनि इन्द्रको सट्टा गोवर्धन पर्वतको पूजा गर्ने परम्परा शुरु गर्नुभएथ्यो । कूलदेवता समूहमा पानीका देवता वरुण पनि पर्छन् । यज्ञ, पूजा अनुष्ठानमा वरुण-कलश राखेर त्यसलाई पूजा गर्ने चलन छँदैछ । यसरी पूजा गरिएको कलशको जलसमेत मिलाएर स्नानादि क्रमपूर्वक पूजा गरिएका मूल देवताको जलले या रुद्री लगाउँदा रुद्राभिषेक जलसमेत मिलाएर अभिषेक लिने तथा सो जल घरका कोठा-कोठा सर्वत्र छर्कने चलन चलिआएको छ ।

ऐड (ऐरी) देवता पशुपालनका प्रतीक वा शिकारका देवता मानिन्छन् । यी देवताको आह्वान गर्दा 'वनको महादेव' भनेर पुकारिन्छ । यी किरातेश्वर पो हुन् कि भन्ने अनुमान हुन्छ । गाईवस्तुको रक्षा गर्ने प्रमुख देवताहरूमा गैंडुका रूपमा भगवान् कृष्णलाई र गोरखनाथलाई पूजा गर्दछौं । यिनलाई गोबरका कुण्डमा दूधको धारा लगाएर पूजा गरिन्छ *(रिसाल वंशावली)* ।

शिवको रूप दुष्टविनाशक एवं भक्त रक्षक महाकाल हो । पौराणिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथाअनुसार आफ्ना भक्त बालक मार्कण्डेयलाई ५ वर्षको कलिलो उमेरमा लिन आएका काल(यमराज)ले हठ गरेर लैजान लाग्दा शिवले त्रिशूल उठाएर भन्नुभयो- तिमी काल हौ भने म महाकाल हुँ । म मेरो भक्तलाई बचाउँछु । यसरी मार्कण्डेय ऋषि चिरञ्जीवी बने *(मार्कण्डेयपुराण)* । कुल सन्तति अल्पायु नहुन् भन्ने उद्देश्यले र शत्रुजयका लागि महाकालको पूजा गरिन्छ ।

कुश : श्रीरामका सुपुत्र, लवका दाजु । रामले सीताजीलाई धोबीको आरोपको आधारमा वनमा पठाउनु भएपछि जनकनन्दिनीले वाल्मीकि मुनिको आश्रममा आश्रय लिनुभयो । सोही आश्रममा कुश र लवको जन्म भयो । वाल्मीकिले बालकद्वयलाई यज्ञोपवीत संस्कारपछि वेद पढाए अनि आफूले लेखेको *रामायण* कण्ठ गराए । दुवै कुमारहरू वीणाको तालमा मधुर स्वरमा *रामायण* गाउँदै वनमा विचरण गर्थे । उनीहरूको राम-कथा गायन सुनेर मुनिहरू प्रभावित हुन्थे । उनीहरू कुश र लवको प्रतिभाको मुक्तकण्ठले प्रशंसा गर्थे । यी दुई कुमार धनु-वाण चलाउन पनि सिपालु र वीर थिए ।

अयोध्यामा रामले सीताजीको सुवर्ण प्रतिमा बनाएर अश्वमेध आदि यज्ञ गर्न थाल्नुभयो । यज्ञमा ऋषि, राजर्षि, ब्राह्मणहरू आमन्त्रित भएथे । वाल्मीकि दुई कुमारलाई लिएर यज्ञमा गए । त्यहाँ ऋषिहरूका बीच शास्त्रको चर्चा चलेको बालक कुश सुन्दथे । एक दिन उनमा जिज्ञासा पैदा भयो– प्राणीलाई संसाररूपी दृढ बन्धन के कारण मिल्छ ? व्यक्ति कसरी मुक्त हुन्छ ? एकदिन समाधिबाट ब्युँझेका मुनि वाल्मीकिमा उनले आफ्नो जिज्ञासा शान्त पार्दै ज्ञानोपदेश गरे– चिद्रूप आत्मा देहरहित भए पनि देह आत्माको घर हो । यसमा अहंकाररूपी मन्त्री रहन्छ । अविद्यावशात् देहलाई 'मेरो' भन्ने भ्रम मनुष्यलाई हुन जान्छ । देहाध्यासको कारणले गर्दा मनुष्य रातदिन स्त्री, पुत्र, धन-दौलत, गृहको आसक्तिमा बाँधिन्छ । देहाभिमानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीव पदार्थहरू प्राप्त गर्ने संकल्प गर्दै जान्छ र संकल्प अनुसार वस्तु नमिल्दा शोकग्रस्त हुन्छ । यस्तो बन्धकारक संकल्प त्याग गरेपछि मुमुक्षुले ब्रह्मभाव प्राप्त गर्छ–

निःसङ्कल्पोयथाप्राप्त व्यवहारपरोभव ।
क्षये सङ्कल्पजालस्य जीवोब्रह्मत्वमाप्नुयात् ॥

(अध्यात्मरामायण/उत्तरकाण्ड-५५)

अर्थात् संकलपरहित भएर देव इच्छाबाट हुने व्यवहार गर्दै रहँदा संकल्पजाल क्षय भएपछि जीवले ब्रह्मत्व प्राप्त गर्छ ।

रामकथा वाचक श्रीमहादेवले कुशका बारेमा पार्वतीलाई बताउनुभयो- वाल्मीकिले कुशलाई यसरी ज्ञानोपदेश दिएपछि उनको भ्रमज्ञान हट्यो र उनी जीवन्मुक्त भए । बाह्य रूपबाट हेर्दा उनले संसारी मनुष्य झैं व्यवहार गर्दथे । त्यसपछि राजा राम लगायत सबैका सामु कुश र लवले *रामायण* गाएर सुनाए । त्यस्तो मधुर गाना अहिलेसम्म उनीहरूले सुनेका थिएनन् । रामले उनीहरूलाई दस हजार असर्फी पुरस्कार दिन खोज्दा उनीहरूले लिएनन् । श्रीरामले कुश र लव आफ्नै पुत्रद्वय हुन् भन्ने जान्नुभयो र सीतालाई बोलाइ पठाउनुभयो । वाल्मीकि समक्ष रामले सीता-त्यागका लागि क्षमा याचना गर्नुभयो । कुश र लव पिता रामलाई सुम्पेर सीता धरतीमा प्रवेश गर्नुभयो ।

कुशद्वीप : कुशद्वीपको चर्चा हाम्रा शास्त्रहरूमा भेटिन्छन् । *महाभारत*को भीष्मपर्व अ.१३ अनुसार **कुश द्वीपे कुशस्तम्बो मध्ये जनपदस्य ह** । *श्रीमद्भागवत*को ५।२०।१३-१६ मा यस द्वीपको वर्णन पाइन्छ । त्यस चम्किलो द्वीपमा प्रियब्रत हिरण्यरेता राजा भएर राज्य गरेपछि उनी ७ छोरालाई राज्य बाँडेर वनमा तपस्या गर्न गए भनिएको छ । त्यसमा कुशद्वीपको साथै जम्बु, कौञ्च, शाक आदि द्वीपको पनि उल्लेख भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशद्वीपमा कुशको बाहुल्य भएको बताइएको छ । यसका राजा (महाभारत कालमा) जातवेदस थिए र त्यहाँका वासिन्दाहरू अग्निदेवको उपासक थिए-

कुशद्वीपेषु राजेन्द्र भगवन् जातवेदसम्
सम्पूज्यन्ते उपास्यन्ते चातुर्वर्णेनः नित्यदा ॥

(महाभारत भीष्मपर्व-१३ अध्याय)

कुशाग्रबुद्धिः 'कुशाग्र'को अर्थ तीक्ष्ण, तीव्र मसिनो- कुशको टुप्पाको अंश । यस्तो तीक्ष्ण बुद्धि । अति सूक्ष्म र कठिन कुरा बुझ्न सक्ने, शब्द या भनाइको अर्थ छिटो बुझ्न सक्ने बुद्धि कुशाग्रबुद्धि हो । यस्तो बुद्धि जसको छ उसले शास्त्रको जटिल समस्या समाधान गर्न सक्छ । यस्तो शिष्यलाई दिइएको वेदान्त-उपदेश सफल हुन्छ, मोटो बुद्धिले वेदान्त बुझ्न सक्तैन । कालिदास भन्छन्- **कुशाग्रबुद्धे कुशली गुरुस्ते** *(रघुवंश ५।४)* । मध्यम अधिकारी सांसारिक संसर्गको कारणले गर्दा भुत्ते हतियार झैं शास्त्र, सज्जनको वाक्य, उपदेश ग्रहण गर्न नसक्ने हुन्छ । तर उसले सत्संग गर्दै गए पछि उसको बुद्धि तीक्ष्ण हुँदै जान्छ । उसले मुक्ति, ज्ञानको मार्गका अवरोधहरू-प्रमाणगत र प्रमेयगत संशयलाई काट्दै अगाडि बढ्दै जान्छ । श्रवणबाट प्रमाण (शास्त्र, गुरुवाक्यादि)को संशय निवृत्त हुन्छ । मननबाट प्रमेय-संशय (ब्रह्म बारे शंका) हट्न जान्छ । उसले गुरुकृपा, शास्त्रकृपा एवं ईश्वरकृपा प्राप्त गरी आफ्नो बोध स्वरूपको ज्ञान गर्छ ।

कुशाग्रबुद्धियुक्त व्यक्तिका लागि अखण्डाकारवृत्ति सुगम हुन्छ । सूर्य किरण फैलिएको हुन्छ त त्यसको ताप पनि छरिएको हुन्छ । तर ऐना(आइग्लास)को माध्यमबाट किरणलाई एकीकृत गरेपछि सोही किरणबाट अग्नि पैदा हुन्छ । 'अखण्डकार वृत्ति पानीमा नुनको ढिको लय भए झैं आत्मामा चित्त मिल्नु हो । यस स्थितिमा चित्त वृत्ति रहित भएर रहन्छ ।' *(वेदान्त विश्वकोश-१)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशाग्रबुद्धि वास्तवमा कुशलबुद्धि हो। यस्तो बुद्धियुक्त व्यक्ति नै योगी हो- **योगः कर्मसु कौशलम्** *(गीता २।५०)*। कुशल बुद्धिले कर्म गर्ने अर्थात् कर्म गर्दा बन्धनमा नपर्ने, फलको इच्छा नगरी कर्म गर्ने, कर्मलाई भगवान्मा समर्पित गर्ने व्यक्तिले कर्मयोगको रहस्य जान्दछ। 'कुशल'को व्युत्पत्ति तिर ध्यान दिंदा यो सीमित अर्थमा प्रयोग हुन्थ्यो भन्ने जानिन्छ **कुशान् लातीति कुशल**। गुरुकुलमा शिक्षार्थीहरू कुश ल्याउन जंगलमा जान्थे। कुश ग्रहण गर्नु अघि गुरुले शिष्यहरूका हात काटेको छ कि छैन राम्ररी हेर्दथे। जसको हात काटेको छ, उसको कुश अस्वीकार गरिन्थ्यो। हात नकाटीकन कुश ल्याउने नै कुशल ठहरिन्थ्यो। यस शब्दको अर्थ बिस्तार भएर अहिले सीप भएको, बुद्धि पुऱ्याएर काम गर्ने व्यक्तिका लागि कुशल शब्द प्रयोग गरिन्छ। कुशलका पर्याय हुन् योग्य, दक्ष, चतुर, प्रवीण। कुशल बुद्धि भन्नु र कुशाग्रबुद्धि भन्नु एउटै कुरा हो।

कुबेर : उत्तर दिशाका अधिष्ठाता देवता। 'कु' अर्थात् कुत्सित 'वेर' अर्थात् शरीर धारण गरेकाले उनी कुबेर कहलाए- **कुत्सायां क्विति शब्दोऽयं शरीरं बेरमुच्यते** (मार्कण्डेय या वायु पुराणमा दिइएको कुबेर शब्दको व्युत्पत्ति)। तीन चरण र आठ दाँतका साथ यज्ञ तथा धनका देवता कुबेरको जन्म भएको थियो। विश्रवा मुनिकी इडविडा (इलविला) नाउँकी पत्नीबाट यिनको जन्म भएको थियो।

शिवभक्त कुबेर रावण र विभिषणका राजु हुन्। हिमाली भेगको अलकापुरी राज्यका यिनी राजा हुन्। पहिले यिनी सुवर्णनगरी (लंकापुरी)का राजा भएका थिए। तर रावणले सो राज्य खोस्यो र उनी हिमालयमा अलकापुरीको स्थापना गरेर रहन थाले। महाकवि कालिदासले अलकापुरीको अति सुन्दर वर्णन आफ्नो काव्य *मेघदूत* (उत्तरमेघ)मा गरेका छन्। सुवर्णनगरी लंका भगवान् शिवजीले पार्वतीको आग्रह टार्न नसकेर बनाउन लगाउनु भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको अनुष्ठान गरी पुरोहित विश्रवालाई दक्षिणा दिन लाग्दा उनकी पत्नी कैकशी(असुरकी पुत्री)ले लंकाको सौन्दर्य र वैभवबाट मुग्ध भएर सोही नगर दक्षिणाको रूपमा माग्न पतिलाई विवश पारी। शिवको यही इच्छा थियो- उहाँ हिमाली भेगमा नै रहन चाहनुहुन्थ्यो। उहाँले सुवर्णमय लंका विश्रवालाई दक्षिणाको रूपमा दिनुभयो। विश्रवा पनि जेष्ठ पुत्र कुबेरलाई त्यहाँको राजसिंहासनमा बसालेर तपस्याका लागि अन्यत्र प्रस्थान गरे। कुबेरका भाइ रावण कठोर तपस्या गरी ब्रह्माजीको वरदान (विश्वविजयी बन्ने) पाएर अत्यन्त शक्तिशाली बन्यो। उसले कुबेरद्वारा शासित लंका राज्य खोस्यो। कुबेरले अलकापुरी राज्यस्थापना गरी शिवभक्ति गरेर रहन थाले। रावणले शक्तिले अन्धो भएर कुबेरको पुष्पक विमान प्राप्त गर्न युद्ध गर्न खोज्दा विना युद्ध सो पनि भाइलाई दिए।

कुबेरका १७ नाम छन् जसमा त्र्ययम्बकसख, यज्ञराज, धनद, राजराज, किन्नरेश, पौलस्त्य, श्रीद, पुण्यजनेश्वर प्रमुख हुन्। यिनका छोराको नाम नलकूबर हो। कैलास यिनको बासस्थान कहिन्छ त्यसैले कैलासपति शिवका सखा कहलाए- त्र्ययम्बक सख। यिनको हिमाली राज्यको राजधानी अलका हो जसको वर्णन महाकवि कालिदासले *मेघदूत*मा गरेका छन्। कुबेर पुष्पक विमानमा चढेर लोक विहार गर्छन्। यिनी अष्टलोकपाल मध्ये एक हुन्। तिनीहरूको नाम र दिशाविदिशा यसरी बताइएको छ–

पूर्व-इन्द्र, पश्चिम-वरुण, आग्नेय-बह्नि, वायण्य-महत, दक्षिण-पितृपति, उत्तर-कुबेर, नैऋत्य-नैऋत, ईशानं-ईश।

कूटस्थ : एकनाश रहने, युगयुगान्तरसम्म रहने अविनाशी तत्त्व, अचल वस्तु, परमात्मा, जीव। **कालव्यापी स कूटस्थः स्थावरो जङ्गमेतर** *(अमरकोश ३।२२२२)*। कूटस्थ तत्त्व निर्विकार छ, सदा एकरस छ। यसलाई सच्चिदानन्दन ब्रह्म पनि भनिन्छ। सबै देश, काल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तु र व्यक्तिमा रहेको कूटस्थ निर्विकार र निर्लिप्त छ ।

कूटस्थ परिवर्तनशील संसारमा परिवर्तनहीन छ, अचल छ र ध्रुव पनि कहलाउँछ । ध्रुव भनेको अटल वस्तु । कामीको ज्यासलको लिही(कूट)मा पिटेर अनेक भाँडा बन्छन् तर लिही जस्ताको तस्तै रहन्छ । *श्रीमद्‌भगवद्‌गीतामा* भनिएको छ- **सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम्** *(१२।३)* । *गीता शांकरभाष्यमा* पहिले 'कुट' शब्दको अर्थ बोध गराई कूटस्थलाई बुझाइएको पाइन्छ । 'कूट'को अर्थ हो- **दृश्यमानगुणम् अन्तर्दोषं वस्तु कूटं** अर्थात् हेर्दा गुणयुक्त देखिने तर भित्र दोष भरिएको वस्तु 'कूट' हो । प्रकृति, मायामा अन्तर्दोष छ हेर्दा सुन्दर, लोभलाग्दो देखिए पनि । त्यसैले माया, प्रकृति 'कूट' हो । माया कूट हो भने मायापति कूटको अधिष्ठाता रूपबाट रहेकाले कूटस्थ हो । श्रुतिको भनाइ पनि छ- **मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् ।** *(श्वेता. उप. ४।१०)*

शंकराचार्यले कूटलाई राशीको अर्थमा पनि प्रयोग गरेका छन्– **कुटो राशी राशिःइव स्थित** । कुनै वस्तुको राशी त्यस वस्तुको एकाइको तुलनामा अचल छ, हटाउन कठिनाइ हुन्छ । कूट झैं जो रहेको छ, त्यो कूटस्थ हो । हिउँ बदलिन्छ पानीमा तर हिउँको पर्वत जस्ताको तस्तै रहन्छ, त्यसैले 'कैलाशकूट' पर्वत भनिएको हो ।

भगवान् श्रीकृष्णले कूटस्थको परिभाषा यसरी पनि दिनुभएको छ- **क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्चते** *(गीता १५।१६)* । संसार, जगत्का प्राणीहरू नाशवान् छन्, त्यसैले तिनलाई क्षर भनिन्छ तर निर्विकार, अविनाशी कूटस्थ आत्मा अक्षर हो । ज्ञान-विज्ञानबाट तृप्त, इन्द्रियविजयी, माटो, ढुङ्गा र सुनलाई समान देख्ने योगी कूटस्थ हो–

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥ *(ऐजन ६।८)*

योगीले आफूलाई चिदाभास स्थितिबाट उठाएर 'कूटस्थ आत्मा म हुँ'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने बोध गर्दछ त उसमा ज्ञान-विज्ञान तृप्ति, समतादि गुणहरु देखा पर्छन्। पञ्चदशीकार विद्यारण्य मुनि भन्छन्- विवेक-ज्ञानशून्य मूढ व्यक्ति चिदाभासलाई आफू ठान्दछ र कूटस्थलाई जान्दैन। विवेकको सहारा नलिंदा यी दुई बीच अन्योन्याध्यास हुन जान्छ–

(तृप्तिदीप प्र.१०)

तर वेदान्तको श्रवणबाट उत्पन्न ज्ञान जसमा छ उसले म कूटस्थ भएकोले चिदाभासभन्दा भिन्न छु, असंग छु र चिदात्मा हुँ भन्ने निश्चय गर्दछ-

असंगोऽहं चिदात्माऽहमिति शास्त्रीयदृष्टितः।
अहंशब्दं प्रयुक्तेऽयं कूटस्थे केवले बुध॥ *(ऐजन १३)*

वेदान्त दर्शन ब्रह्मवादी दर्शन हो, अद्वैत दर्शन हो भने कूटस्थ, साक्षी हुँ भन्नु पनि मिथ्याज्ञान पो हो कि भन्ने तर्कका सम्बन्धमा वेदान्तीहरूको भनाइ छ- शरीर, मन, बुद्धिलाई लिएर यसो हुँ, उसो हुँ भन्नुभन्दा (चिदाभास बन्नुभन्दा) 'म कूटस्थ हुँ' भन्नु ठीक हो। यद्यपि कूटस्थज्ञान पनि मिथ्या हो। डोरीमा सर्पभ्रम मिथ्या हो। ब्रह्म अधिष्ठानमा जे-जति भावना, प्रतीति (चाहे कूटस्थकै किन नहोस्) मिथ्या मानिन्छ। तर चिदाभास बोध गर्ने पुरुषका लागि कूटस्थज्ञान उचित हो। स्वरूप-बोधले स्वप्न भंग गर्छ। त्यस्तै कूटस्थ हुँ भन्ने चिन्तनले सांसारिक ताप घटाउँछ।

पञ्चदशीकारले *सूतसंहिता* जस्ता शैवपुराणको उल्लेख गर्दै भनेका छन्– तिनमा जीव, ईश्वर आदिको कल्पना रहित केवल, अद्वितीय, स्वयंप्रकाश, शिवरूप कूटस्थको विवेचना गरिएको छ। विद्यारण मुनिले आफ्नो वेदान्तग्रन्थको एक प्रकरणको नामै दिएका छन् *कूटस्थदीप प्रकरण*। यसमा भनिएको छ– आकाशको सूर्य सामान्य रूपमा भित्तामा परेकै छ तर ऐनामा प्रतिबिम्बित भएर परेको प्रकाश बढी तातो, उज्यालो हुन्छ। त्यस्तै कूटस्थद्वारा देह, बुद्धि प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकै छ तर जीव(मुमुक्षु)ले विशेष रूपमा अखण्डाकार वृत्तिद्वारा प्रकाशित गर्दा आफूलाई, त्यो सार्थक हुन्छ। घडा रहनु र घडालाई जान्नुको उपमाबाट दुई प्रकारको प्रकाश (ज्ञान) सिद्ध हुन्छ। 'मैले घडा जानें' भन्ने भनाइ ब्रह्म(कूटस्थ)को अनुग्रहबाट हुन्छ र 'यो घडा हो' कथन चिदाभासको प्रसादबाट हुन्छ। बाहिरको ज्ञानबाट भित्र तर्फ फर्काउँदै ग्रन्थकार भन्छन्– अहं आदि वृत्तिहरूको सन्धि र अभावलाई निर्विकार रूपबाट जसले प्रकाशित गर्छ सोही कूटस्थ हो। कूटस्थमा शंका गर्नु, मायिक हो कि भनी तर्क गर्नु ठीक छैन। सम्पूर्ण वेदान्त यस कूटस्थलाई वस्तु मान्दछ तर यसलाई पारमार्थिक मान्ने बारे तर्क गर्ने सपत्न (शत्रु) हुन् र यस्ता तर्कशीललाई विद्वान्ले सहँदैनन्। *(श्लोक ६६)*

कूटस्थ असंग छ, यसको जन्म, मरण छैन। यो मन, वाणीदेखि पर छ। मुमुक्षुले कूटस्थ-बोध गर्नु पर्दछ। विद्यारण्य मुनि श्रुति र सज्जन (सुरेश्वराचार्य) आदिको उल्लेख गर्दै अन्त्यमा भन्दछन्–

इमं कूटस्थदीपं योऽनुसंधत्ते निरन्तरम्।
स्वयं कूटस्थरूपेण दीप्यतेऽसौ निरन्तरम्॥ *(श्लोक ७६)*

अर्थात् कूटस्थदीप बारे जो मुमुक्षु चिन्तन-मनन गरिरहन्छ ऊ स्वयं कूटस्थरूपले सदा प्रकाशित भैरहन्छ।

कूर्मावतारः कछुवा अवतार। विष्णुको अवतार जसले पृथ्वीलाई आफ्नो पिठ्यूँमा धारण गरिरहेको विश्वास गरिन्छ। *शतपथ ब्राह्मण*मा कूर्मावतारको वर्णन पाइन्छ*(१।४।३।५)*। कूर्म, वराह अवतारहरूको प्रजापति(ब्रह्म)को अवतारको प्रकारान्तरमा बताइएको छ। वैष्णव पुराणले यिनै अवतारहरूलाई विष्णुको अवतार मानेको छ*(डा.रा.पाण्डेय-हि.धर्मकोश)*।

पद्मपुराण अनुसार सत्ययुगमा देव-दानव मिलेर समुद्र-मथन गर्दा मन्दराचल पर्वतलाई मदानी बनाइएको थियो र शेषनागलाई डोरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मथन गर्दा समुद्रमा मन्दर पर्वत डुब्न लाग्दा विष्णु भगवान्‌ले भीमकाय कूर्मको अवतार लिएर पर्वतलाई थाम्नुभयो र समुद्र-मथन सम्भव भयो । *भागवत महापुराण*मा पनि यही वर्णन आउँछ । पौष शुक्ल द्वादशीका दिन कूर्म-अवतार भएको मानिन्छ, त्यसैले यस तिथिमा विष्णुनारायणको पूजा हुन्छ । ताम्रपत्रमा कछुवाको मूर्ति बनाएर त्यसमाथि मन्दराचलको प्रतीक सजाएर सुपात्रलाई दान गर्दा भगवान् विष्णु खुशी हुनुहुन्छ भनिन्छ ।

कछुवालाई माङ्गलिक मानिन्छ । *बृहत्संहिता* अनुसार मन्दिरमा कूर्म-प्रतिमा राख्दा मङ्गल हुन्छ । पाटन(ललितपुर)को कृष्णमन्दिर अगाडि गरुड-स्तम्भलाई कूर्म प्रस्तर-प्रतिमाले अडाएको छ । *कूर्म पुराण* प्रचीन कालमा विशाल भएको, यसका चार संहिताहरू भएको तर हाल उपलब्ध पुराण ब्राह्मी संहिता मात्र हो बताइन्छ । भागवती, सौरी र वैष्णवी संहिता उपलब्ध छैनन् । हाल उपलब्ध *कूर्मपुराण*मा करीव छ हजार श्लोक मात्र पाइन्छ । यस पुराण अनुसार विष्णुले कूर्मावतार धारण गरेर राजा इन्द्रद्युम्नलाई उपदेश गर्नु भएको छ । यसमा शिवलाई प्रधान आराध्य बताउँदै ब्रह्मा, विष्णु र शिव एकै मूल सत्ता ब्रह्मका विविध रूप हुन् भनिएको छ ।

कछुवा जन्तुहरूमा दीर्घजीवी जीव हो । यो ३०० वर्ष सम्म बाँच्छ । श्वासप्रश्वास अति मन्द गतिमा गर्ने यो जीव आपत पर्दा ठोटरीमा टाउको, खुट्टा लुकाएर आक्रमणकारीहरूबाट बच्छ । कछुवा झैं शान्तसँग, आफ्नै स्वरूप चिन्तन गर्दै रहू अनि मात्र तिम्रो चित्त प्रतिष्ठित हुन्छ भनेर श्रीकृष्णले *गीता*मा अर्जुनलाई उपदेश दिनुभएको छ ।

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥ *(२।५८)*

कूष्माण्डाः दुर्गाको चतुर्थ शक्ति (**कूष्माण्डेति चतुर्थकम्**) । मुसुक्क हाँसेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माण्ड पैदा गर्नु भएकोले उहाँलाई कूष्माण्डा भनिएको हो । अष्ट भुजाधारी, सात हातहरूमा अस्त्र र दाहिने हातमा जप-माला लिनु भएकी देवी सूर्यमण्डल भित्र रहनुहुन्छ । कुभिण्डोको वली उहाँलाई प्रिय छ ।

कृतयुग : सत्य युग । चार युगमा पहिलो युग । यस युगको अवधि १७ लाख २८ हजार वर्ष मानिन्छ । कृतपछि त्रेता, द्वापर र कलियुग आउँछन् । कृतयुग सर्वोत्कृष्ट हो । कृतयुगमा सत्त्वगुणको वृद्धिको कारणले सत्य कहलायो । अर्को कुरा सत्य, दया, तपस्या र दान यस युगको विशेषता मानिन्थ्यो । मानिसहरू धर्मसंग्रही थिए । धर्मलाई मुक्तिको साधन बनाइन्थ्यो । कृतयुगीन समाजमा शान्ति, करुणा सर्वत्र छाएको पाइन्थ्यो । मानिसहरू तितिक्षु थिए, समदर्शी थिए, ध्यानी र ज्ञानी थिए । त्यस समयका मानिसको आयु ४००० वर्ष हुने कुरा शास्त्रहरूमा बताइएको छ ।

मनुष्यजातिको सुवर्ण युग कृतयुग थियो । युद्ध र झगडाशून्य यस युगमा वैदिक शिक्षाको पूर्णरूपमा पालना हुन्थ्यो । भनिएको छ– मनुष्य पूर्णरूपमा जागेर ब्रह्ममा स्थित हुने कृतयुग हो भने सुतेको अवस्था कलि हो । उठेर ब्रह्म खोज्नु द्वापर हो, ब्रह्मविचार त्रेता हो–

कलि:शयानो भवति संजीहानश्च द्वापरः ।
उत्तीष्ठन्त्रेता भवति कृतं संपद्यते चरन् ॥

कृतकृत्य : कृतार्थ । कृत्याको अर्थ– अनुष्ठित, उत्पादित । गर्नुपर्ने कार्य (मुक्ति) जसले गऱ्यो उही नै कृतकृत्य भयो । कृतकृत्य व्यक्ति त्यो हो जसले त्यो कुरा जान्यो जसलाई जानेपछि जान्न बाँकी रहँदैन । उसले प्राप्य वस्तु प्राप्त गऱ्यो । कर्तव्य सम्पन्न गर्ने व्यक्ति हो ऊ । ज्ञातज्ञातव्य, प्राप्तप्राप्तव्य । आध्यात्मिक उपलब्धि नि:श्रेयस प्राप्ति । मुमुक्षुले परम व्यपुरुषार्थरूप मोक्ष पाए पछि कृतकृत्यता अनुभव गर्छ । *गीता १५।२०* मा भनिएको छ– हे निष्पाप अर्जुन !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी मैले गुह्यतम शास्त्र बताएँ । यो ज्ञानलाई जसले ग्रहण गऱ्यो त्यो बुद्धिमान् व्यक्ति कृतकृत्य हुन्छ । कृतकृत्य सदासुखी रहन्छ । ऊ आनन्दघन ब्रह्मानुभवबाट मग्न हुन्छ । तर जो अकृतार्थ छ, अल्पज्ञ छ, उही दुःखी हुन्छ ।

कृतार्थ : स्थितप्रज्ञ, ज्ञानी । मनुष्य जीवनको परम पुरुषार्थ हो आत्म-साक्षात्कार (परमात्मा प्राप्ति) जसले सांसारिक भोग त्यागेर आत्मबोध गर्न सक्यो उसको जीवन कृतार्थ भयो । यसलाई कृतकृत्य पनि भनिन्छ । अष्टावक्र मुनि राजा जनकलाई कृतार्थता बारे बताउँछन्- ज्ञान प्राप्त गरी कृतार्थ भएको ज्ञानी सुखपूर्वक रहन्छ । हेर्नु, सुन्नु, स्पर्श गर्नु, सुँघ्नु र खानुबाट उसलाई केही हानी छैन ।♦

कृतार्थको इन्द्रिय विषय तर्फ गए पनि भोग हुँदैन, अपवर्ग हुन्छ । उसको विषयगंमन हान(दुःख, नष्ट गर्न)को निमित्त हुन्छ । विषयमा इन्द्रिय लागे पनि कृतार्थको दुर्गति हुँदैन, अकृतार्थको दुर्गति हुन्छ । कृतार्थका निम्ति खाने, बस्ने, हिंड्ने, डुल्ने कुरा **पार्थगतस्तृणः स्पर्शवत्**- बाटोमा हिंड्दा लाग्ने घाँस परालादिको स्पर्श जस्तै हुन्छ ।□

कृति : 'कृ' धातुको संस्कृतमा अनेकौं अर्थ हुन्छन् । जस्तो गर्नु, रच्नु, निर्माण गर्नु आदि । 'कृ' सँग 'क्तिन्' प्रत्यय जोडिएर कृति शब्द बनेको छ जसको सामान्य अर्थ हुन्छ उत्पादन, निर्माण, अनुष्ठान, रचना, संरचना आदि । उपनिषदमा कृति शब्द विशेष अर्थमा प्रयोग भएको पाइन्छ- शम दमादि । साहित्यिक कृति साहित्यकारको सम्पत्ति हो भने आध्यात्मिक 'कृति' हो शमादि षट्सम्पत्ति । वेदान्तमा वर्णित साधन चतुष्टय मध्ये एक साधन हो शमादि सम्पत्ति । विवेक, वैराग्य, शमादि सम्पत्ति (कृति) र मुमुक्षा चार साधन हुन् । कृतिका ६ रूप छन् शम, दम, तितिक्षा, उपरति, श्रद्धा र समाधान । *(हेर्नू उपरति आदि षट् सम्पत्ति- वे. विश्वकोश-१)*

♦*अष्टावक्रगीता- १७८*

□*डा.दी.घिमिरे-गीता त.प्रकाश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*छान्दोग्य उपनिषद्*मा भूमा विद्याको प्रसंगमा सनत्कुमारले नारदलाई कृतिबाट निष्ठा अर्थात् ब्रह्मचर्य, गुरुसेवा आदिको पालन संभव हुन्छ भनेका छन् । मनुष्यको कार्य, साधना निष्ठाकै साथमा सम्पन्न हुन्छन् । यी कार्य गरे पछि साधक निष्ठावान् कहलाउँछ, अतः कृतिलाई नै विशेष रूपले जान्नु पर्छ । **कृतिस्त्वेव विजिज्ञासितव्येति-** *(७।२१।१)* । नारदले कृतिका साधन के के हुन् भनेर प्रश्न गर्दा ज्ञानी गुरु उपदेश दिन्छन्- कृति अखण्ड सुखप्राप्तिको तीव्र इच्छामा आधारित छ । यस्तो तीव्र इच्छा उत्पन्न गर्नका लागि सुखको वास्तविक स्वरूप जान्नुपर्छ । नारदले 'सुखको वास्तविक स्वरूप बनाउनोस्' भनेर जिज्ञासा राख्दा सनत्कुमार भन्छन्- जुन भूमा या व्यापक चेतन तत्त्व हो उही सुखरूप हो । भूमामा सुख छ, अल्पमा सुख छैन *(ऐजन ७।२३।१)*

कृतकृत्य सदासुखी छ, आनन्दघन ब्रह्मानुभवबाट मग्न छ तर जो अकृतार्थ छ, अल्पज्ञ छ, उही दुःखी हुन्छ ।

कृत्तिवासा : शिवको पर्याय । गजचर्म (कृत्ति) धारण गर्ने हुनुभएकाले शिवजीलाई कृत्तिवासा भनिएको हो । गजासुरलाई त्रिशूलले प्रहार गरी घायल पार्नु भएपछि त्यसले मेरो कृत्ति(चर्म)लाई वस्त्र (वासा)झैं लगाउनुहोस् र तपाईंको नाम पनि 'कृत्तिवासा' होस् भनेर भक्तिपूर्वक याचना गरेकोले उसको इच्छा अशुतोष भगवान्ले पूर्ण गरिदिनु भयो । अर्को प्रसंग अनुसार देवीले महिषासुर दैत्यको हत्या गर्नु भएपछि उसैको छोरा जगासुरले जगत्मा हाहाकार मच्चायो । कामवासनालाई जित्नेद्वारा मात्र यो भीमकाय असुर वद्य भएकोले जगत्वासीहरूलाई त्राण दिन शिवजीले उसलाई त्रिशूलमा उनिदिनुभयो । जगासुरले भन्यो- तपाईंको त्रिशूलमा उनिएर म कृत्यकृत्य र पवित्र भएँ । यसरी आफूद्वारा मारिन लागेको दैत्यले भक्ति गरेकोले उसको इच्छानुसार शिवले उसको चर्म-धारण गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि भयो र 'कृत्तिवासा' कहलाउनुभयो । करुणानिधान भगवान्‌को इच्छानुसार काशीमा कृत्तिवासेश्वर मूर्ति प्रकट भयो । *(स्कन्धपुराण काशीखण्ड-अ.६४)*

कृतोपास्थी : पूर्वजन्ममा जसले कर्म गरिसकेको छ ऊ कृतोपास्थी कहलाउँछ । पूर्वजन्ममा कर्म गरिसकेकोले यस्तो साधक यस जन्ममा कर्ममा अल्मलिदैन । ऊ भक्तिमार्ग या ज्ञानमार्गमा अगाडि बढ्छ । रमण महर्षिले आफ्नो बारेमा एकपटक भने- संभवतया मेरा समस्त अध्ययन पूर्व-जन्महरूमा नै समाप्त भैसकेथे र म त्यसबाट अति तृप्त भएको थिएँ । यसकारण अब त्यस दिशामा कुनै संस्कारको अवशेष छैन ।□ जुन शास्त्रमा जान्न योग्य पदार्थ बारे चर्चा गरिएको छ, त्यो हो वेदान्त जसलाई *गीता*मा सांख्य पनि भनिएको छ । 'कृतान्त' पनि यही सांख्यलाई भनिन्छ । कर्मको अन्त्य या परिसमाप्ति जुन शास्त्रले बताउँछ त्यो कृतान्तशास्त्र या वेदान्त हो । कसैले कर्म गरेको देखिएन तर ज्ञाननिष्ठ छ, वेदान्तको मर्म बुझेको छ भने ऊ निश्चय नै कृतोपास्थी हो । *गीता*मा कृतान्त-शास्त्र बारे उल्लेख भएको पाइन्छ–**सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ।** *(१८।१३)*

कृपा : अनुग्रह । भक्त प्रति, शिष्य प्रतिको करुणा । भगवान्‌लाई कृपासिन्धु भनिन्छ । भक्तलाई आपत-विपतमा सहयोग गर्ने भएकोले उहाँ कृपाका खानी हुनुहुन्छ । ईश्वर-कृपा *(हेर्नू वे.विश्वकोश-१)* हेतु रहित हुन्छ त्यसैले त्यो अहैतुकी कृपा *(हेर्नू ऐजन)* कहलाउँछ । ईश्वर-कृपा, गुरु-कृपा, शास्त्र-कृपा र आत्म-कृपा यसरी कृपाको भेद गरिएको पाइन्छ ।

पद्मपुराण अनुसार मार्कण्डेयको छोटो आयु थियो ५ वर्ष र केही दिनको मात्र । नारदको सल्लाह अनुसार बालकले शिवजीको भक्ति गर्न

□*र.म.बातचीत*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाल्यो । आयु पूरा हुने दिन बालक शिवलिङ्गलाई अँगालो हालेर आफ्नो अश्रुद्वारा नै अभिषेक गरिरहेथ्यो । यमराजलाई देखेर उसले भन्यो- **चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः** अर्थात् चन्द्रशेखरको शरणमा परेको मलाई के गर्न सक्छौं यमराज ? यमराजले शिवजी प्रकट हुनुभयो । यमराजले मार्कण्डेयलाई आफूले लैजान पाउनुपर्ने बारे तर्क-वितर्क गर्न खोज्दा शिवजीले त्रिशूल उठाउँदै भन्नुभयो- तिमी काल हौ भने म महाकाल हुँ । त्यसपछि शिवजीको कृपाले मार्कण्डेय कल्पान्तरजीवी बने । मार्कण्डेयले पुराण लेखे- *मार्कण्डेय पुराण* । यस अन्तर्गत *दुर्गासप्तशती* पर्दछ । यी ऋषि प्रति शिवजी सदा कृपालु हुनुहुन्थ्यो । यिनले तपस्याको समयमा प्रलय भै वरको पत्रमा बालमुकुन्द सुतेर लीला गरिरहेको देखे । उनैले नरनारायणको दर्शन पनि गरेको प्रसंग *भागवत* द्वादश स्कन्ध आठौं अध्यायमा पाइन्छ । त्यसपछि उनले वैष्णवी मायाको दर्शन गरे । अनि मायाबाट मुक्तिको चाहना पनि गरे । तदन्तर उनले भगवान् शंकर र पार्वतीजीको दर्शन पाई वरदान समेत प्राप्त गरे–

ज्ञानं त्रैकालिकं ब्रह्मन् विज्ञानं च विरक्तिमत् ।
ब्रह्मवर्चस्विनो भूयात् पुराणाचार्यतास्तु ते ॥▲

अर्थात् हे ब्रह्मन् ! तिम्रो ब्रह्मतेज अक्षुण्ण रहने छ । तीनै कालको ज्ञानको अधिष्ठानरूप ब्रह्मज्ञान र वैराग्ययुक्त स्वरूपस्थिति तिमीलाई प्राप्त हुनेछ । तिमीलाई पुराणको आचार्यत्व पनि मिल्नेछ । पौराणिक कालमा आफू उपर भक्ति गर्ने धेरै ऋषि, मुनि, प्रह्लाद, ध्रुव जस्ता बालभक्त, मीरा आदि भक्तिमतीहरू उपर आराध्यदेवको कृपावृष्टि भएकै पाइन्छ । आधुनिक कालमा पनि सगुण-साकार या निर्गुण । निराकार उपासना गर्ने भक्तजन उपर परमात्माको अहैतुकी कृपा भएकै पाइन्छ । तीर्थयात्रीहरूले बाटाघाटा, जंगल, बिरानो ठाउँ,

▲ ऐजन-१२।१०।३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिकूल परिस्थितिमा परेका भक्तजनको भगवान्‌ले अनेकौं रूप लिएर सहयोग, उद्धार गर्नु भएका प्रसंगहरू *कल्याण* जस्ता धार्मिक पत्रिकाहरूमा हामी भेट्छौं । भगवान्‌ले ज्ञान खोज्ने भक्तलाई कृपापूर्वक ज्ञानी गुरु भेट गराइ दिनुहुन्छ । रामकृष्ण परमहंस, नामदेवका जीवनीबाट यो कुरा सिद्ध हुन्छ । कृपानिधान भगवान् बारे भनिएको छ–

मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥

(गीता-भगवद् वन्दना)

म ती परम आनन्दस्वरूप माधवको वन्दना गर्दछु जसको कृपाबाट लाटो राम्रो वक्ता बन्छ र लङ्गडो पर्वत पार गर्छ ।

चार प्रकारका कृपाहरूको क्रम यसरी बताइएको छ- ईश्वर-कृपा, गुरु-कृपा, शास्त्र-कृपा र आत्म-कृपा । ८३ लाख ९९ हजार ९९९ योनिमा फसेको प्राणीलाई मानव बनाएर मुक्ति-पद प्राप्त गर्ने मौका प्रदान गर्नु ईश्वरको ठूलो अनुग्रह हो । आफ्नै अज्ञानको कारणले संसारमा फसी, दुःख पाएर मानिस ईश्वरलाई दोष दिन्छ भने यो उसको कृतघ्नता हो । बुद्धिमान् मानिसले आफूलाई सदा ईश्वर प्रति कृतज्ञता व्यक्त गर्छ । जसमा विवेक, बुद्धि छ, त्यस्तो मानिसले गुरुको खोजी गर्छ । भक्त ध्रुव, प्रह्लाद, वाल्मीकि, वेदव्यासादिले देवर्षि नारद जस्ता परम भक्तलाई गुरुका रूपमा पाए र आफ्नो उद्धार गरे । उपनिषद्‌हरूमा ब्रह्मविद्याको गुरु-शिष्य परम्पराको उदाहरण पाइन्छ । आद्यजगद्‌गुरु शंकराचार्यका चार जना शिष्यहरू थिए- सुरेश्वराचार्य, पद्मपादाचार्य, हस्तमलकाचार्य र त्रोटकाचार्य । शंकराचार्य आफैं गोविन्दपादाचार्यका शिष्य हुनुहुन्थ्यो । उद्दालकले सुपुत्र श्वेतकेतुलाई **'तत्त्वमसि'** महावाक्य श्रवण गराई ब्रह्मज्ञान दिएका प्रसंग *छान्दोग्य उपनिषद्*मा पाइन्छ । महर्षि याज्ञवल्क्यले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्यलाई गुरु बनाएका थिए। स्वाध्यायबाट, वेद, उपनिषदको अध्ययनबाट शास्त्रको रहस्य खुल्दै जान्छ। दुर्वोधता हट्दै जान्छ। यो शास्त्र-कृपा हो। आत्मज्ञान आत्म-कृपाको फल हो।

कृष्ण : वसुदेवका सुपुत्र देवकीनन्दन। 'कृष्' धातुको अर्थ आकर्षक हुन्छ। आफू प्रति आकर्षित गर्ने सोह्रै कलायुक्त दिव्य भगवान् श्रीकृष्ण हुनुहुन्छ। तन्त्रशास्त्रीय व्युत्पत्ति अनुसार–

क = काम
ऋ = श्रेष्ठ शक्ति। 'कृ'को अर्थ कामकला तत्त्ववाचक हो।
ष् = पूर्ण प्रेमावस्थामा विद्यमान अमृत नाउँकी षोडसी कला।
ण = निर्वाण स्वरूप।

महाभारत अनुसार 'कृष्' सधैं सत्ता रहेको (भू) हो र 'ण' निवृत्तिवाचक (निर्वाणकारक) हो। शाश्वत विष्णुभाव जनाउन 'कृष्ण' भनिएको हो-

कृषिर्भूवाचकः शब्दोणश्च निवृत्तिवाचकः।
विष्णुस्तद्भावयोगाच्च कृष्णोभवति शाश्वत॥

(उद्योग पर्व ७०।५)

ऋग्वेदमा समेत 'कृष्ण' शब्दको प्रयोग भएको पाइन्छ *(८।८५।३-४)*। तर यी कृष्ण मन्त्रद्रष्टा ऋषि हुन्। 'कृष्णीय' भनेर गोत्र जनाइएको पनि पाइन्छ। तर *छान्दोग्य उपनिषद्*मा उल्लेखित 'कृष्ण' देवकी पुत्र श्रीकृष्ण हुन् किनकि मन्त्रमा भनिएको छ- **'तद्धैतद्घोर आङ्गिरसः कृष्णाय देवकीपुत्रा'** *(३।१७।६)*। त्यस मन्त्रमा अङ्गिरस गोत्रयुक्त घोर नामक ऋषिले आफ्ना शिष्य देवकीपुत्र कृष्णलाई यज्ञ-दर्शन गराउँदै तीन मन्त्र जप्न सिकाए भनिएको छ।

महाभारत र *भागवत*का नायक श्रीकृष्ण बहुमुखी प्रतिभा सम्पन्न वैभवशाली व्यक्तित्वको नाम हो जसले भक्त, विद्वान्, द्वैतवादी, अद्वैतवादी सबैलाई मुग्ध तुल्याएको पाइन्छ। आद्यजगद्गुरु शंकराचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा अद्वैत वेदान्तको प्रौढ ग्रन्थ *अद्वैतसिद्धि* गन्थकार मधुसूदन सरस्वती समेत श्रीकृष्णको मोहिनी शक्ति प्रति नतमस्तक देखिन्छन् । मधुसूदनले वंशीधर बालकृष्णको एकपटक दर्शन पाएपछि बारम्बार त्यो दिव्य छविको-पूर्णचन्द्र झैं चम्किलो अनुहार, कमल-नयन, अगम्यस्वरूप कृष्णको पुनः दर्शन पाउने प्रयास गर्दै लेखे-

वंशीविभूषितकरान्नवनीरदाभात्-
पीताम्बरादरुणबिम्बफलाधरोष्ठात् ।
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्-
कृष्णात्परं किमपितत्त्वमहं न जाने ॥

भगवान् श्रीकृष्णको दैवीशक्ति सम्पन्न मनुष्यको रूपमा ५२०० वर्षभन्दा अघि कंसको मथुरा राज्यको कारगारमा पिताजी वसुदेव र माता देवकीको पुत्रका रूपमा आधारातमा अवतरण भएको थियो । उहाँको प्राकट्य भाद् कृष्ण अष्टमी बुधबार रोहिणी नक्षत्रमा भएको थियो । वर्षा ऋतु, आधारातको समय भए पनि तलाउहरूमा कमल फुलिरहेका थिए । वृक्षहरूमा रंगीविरंगी फूलहरू फुलेका, चराहरू पनि नसुतेर गीत गाइरहेका र भमराहरू समेत फूलहरूमा भुन्भुनाइरहेका थिए । भगवान् विष्णुको अद्भूत बालरूप वसुदेव र देवकीले देखे र उनीहरूमा ज्ञानोदय भयो । वसुदेवले स्तुति गरे-

विदितोऽसि भवान् साक्षात् पुरुषः प्रकृतेःपरः ।
केवलानुभवानन्दस्वरूपः सर्वबुद्धिदृक् ॥[*]

अर्थात् मलाई बोध भएको छ- तपाईं प्रकृतिभन्दा पर साक्षात् पुरुषोत्तम हुनुहुन्छ । समस्त बुद्धिको साक्षी, केवल, आनन्दरूप हुनुहुन्छ । देवकीले पनि स्तुति गरिन्- तपाईं साक्षात् विष्णु हुनुहुन्छ, आध्यात्मदीप हुनुहुन्छ । अनिर्वचनीय, निष्क्रिय र सत्ता मात्र भनेर श्रुतिमा वर्णित परमात्मा तपाईं नै हुनुहुन्छ ।<>

---

[*] भागवत १०।३।१३

<> ऐ. १०।३।२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यादव वंशमा अनेक कुलपुरुष भए जसको नाममा नयाँ नयाँ गोत्रहरू प्रचलित भए जस्तो यादव, मधु, भैम, सात्वत, माथुर, शूरसेन, कुन्तिभोजा अंधक, दाशार्ह, वृष्णि आदि । प्रतापवान पूर्वजहरूको कारणले गर्दा कृष्ण यादव, माधव तथा वार्ष्णेय कहलाउनुभयो ।

श्रीकृष्णले बाल्यकालमा, अझ जन्मेको छैठौं दिनमा पूतनाको उद्धार गर्नु, त्यसपछि शकटासुर, अघासुर, बकासुर आदि राक्षसहरूको संहार, गोवर्धन पर्वत धारण, कालियदमन, कंसवध जस्ता घटनाहरूबाट अलौकिकता एवं भगवान्को शक्ति प्रदर्शित हुन्छ । ईश्वर सानो हुन् या वयस्क तिनले जे पनि गर्न सक्छन्- **कर्तुं अकर्तुं अन्यथा कर्तुं समर्थ स ईश्वर** भने झैं । कृष्ण गोरक्षक हुनुहुन्छ, इन्द्रादि देवता खुशी पार्न पशुयज्ञ प्रथा उहाँले रुचाउनु भएन । उहाँ कुञ्जविहारी, प्रकृति-प्रेमी हुनुहुन्छ । त्यसैले इन्द्र-पूजाको परम्परालाई तोडेर गोवर्धन पूजा शुरु गर्नुभयो । इन्द्रसँग झगडा पर्‍यो । सात दिनसम्म घनघोर वर्षा जस्ता विपद पठाए पनि उहाँले गोपालहरू, गोपिनी र गोधनको सुरक्षा गरिदिनुभयो गोवर्धन पर्वत उचालेर । अन्त्यमा इन्द्रले क्षमायाचना गरे ।

ब्रह्माजीले पनि श्रीकृष्णको परीक्षा लिदै गाई-बाछा र बालगोपालहरू गुफामा एक वर्षसम्म लुकाउँदा कृष्णले उस्तै गाई-बाछा र गोपाल सृष्टि गरेर आदि सृष्टिकर्तालाई जवाफ दिनुभयो । स्वयं परमात्माको परीक्षा लिएछु भनेर ब्रह्माजीले उहाँको पाउ पर्दै स्तुति गरेपछि कृष्ण खुशी हुनुभयो । यी सब वृतान्त *भागवत*मा पाइन्छन् ।

कृष्णको जीवनमा लडाइँ, झगडा, यादवहरूको विनाश आदि घटनाहरू मात्रै छैनन् । उहाँले राधा र गोपिनीहरूलाई मोहिनी लगाएर नचाउनु भएको, दही-नौनी चोर्नु भएको, जगत्लाई नै मुग्ध तुल्याउने बाँसुरी बजाउनुभएको, गोठोल-जीवन बिताएर रमाइलो हाँसखेल गर्नुभएको- यी कुराहरू संझदा भक्तिको उद्रेक हुन्छ । देवकीका परम आनन्दस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहाँले सबभन्दा ठूलो भूमिका खेल्नुभएको छ- जगद्गुरु बनेर- **देवकी परमानन्दं कृष्णं वन्दे जगद्गुरुम्** । उहाँ जगत्कै गुरु हुनुहुन्छ । शंकराचार्य, वल्लभाचार्य, रामानुजाचार्यहरूलाई पनि जगद्गुरु भन्ने गरिएको छ । श्रीकृष्ण त जगद्गुरुहरूका पनि गुरु हुनुहुन्छ । शंकराचार्य लगायत सबैले *गीता*को भाष्य, टीका लेखेका छन् । श्रीकृष्णतत्त्व बारे विचार, सिद्धान्त प्रतिपादन गरेका छन् । उहाँले गीतोपदेशद्वारा आफ्ना शिष्य अर्जुनको अज्ञान नष्ट गरिदिनुभयो र उनको जीवन कृतार्थ तुल्याइदिनु भयो । *भागवत*मा जगद्गुरु श्रीकृष्णले उद्धवको मोह, अविद्या नष्ट गरेर ब्रह्मज्ञान दिनुभयो *(हेर्नू- भागवत एकादश स्कन्ध, उद्धव गीता)* । वास्तवमा विश्वको सर्वश्रेष्ठ आध्यात्मिक कृति *गीता*बाट लाखौं, करोडौं भक्तजन, मुमुक्षु, जिज्ञासुले ज्ञान पाएर आफूलाई धन्य-धन्य बनाएका छन् । त्यसैगरी कृष्ण नायकको रूपमा वर्णित *भागवत* अनमोल ग्रन्थ भएको छ, जसलाई सातदिने अनुष्ठान मार्फत सुनेर नेपाल र भारतका अनगिन्ति भक्तजनको कल्याण भएको पाइन्छ ।

कृष्णचरित्र : कृष्ण भगवान्‌को चरित्र या जीवनी । कृष्णका लीला-कथा । कृष्णको चरित्रको आधार *महाभारत* र *भागवत*को दशम स्कन्ध मानिन्छ । श्रीकृष्ण आध्यात्मिक पुरुष हुनुहुन्छ । विष्णुको पूर्ण अवतार हुनुहुन्छ । उहाँ भक्तिको सिन्धु, कृपा-सागर हुनुहुन्छ । मर्यादापुरुषोत्तम राम र लीलापुरुषोत्तम कृष्णका चरित्रलाई लिएर संसारमा संस्कृत, नेपाली, हिन्दी, बंगला लगायत अनेकौं भाषामा अनगिन्ति कविता, कथा, नाटक, महाकाव्य आदि लेखिएका छन् । प्राचीन कालदेखि यस्ता साहित्य लेखिँदै आएको पाइन्छ र भविष्यमा पनि लेखिनेछन् ।

नेपालीमा भानुभक्त आचार्यले रामायण लेख्नुभन्दा अघि (वि.सं. १८८४ तिर) वसन्त शर्माले १६९ श्लोकहरू भएको खण्ड-काव्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्णचरित्र लेखेर कृष्ण भक्तिरस नेपाली समाजलाई आस्वादन गराए ।

यसरी नै स्वदेश र भारतका कैयौं प्राचीन, माध्यमिक कालका कविहरूले कृष्ण बारे काव्य लेखेका छन् । कृष्णचन्द्रबाट टप्केका अमृतरूपी चरित जसले पान गर्‍यो उसले आफ्नो जीवन धन्य तुल्यायो । मीरा, सुरदास आदि उदाहरण हुन् । वृन्दावन पुगेका तुलसीदास श्रीकृष्णमूर्ति अगाडि पुगेर रोकिए । उनको मनमा विचार उठ्यो- राम र कृष्ण एकै हुन् भन्ने सिद्ध होस्, नत्र म मूर्तिको दर्शन गर्दिन । भगवान् भक्तको पराधीन हुनुहुन्छ– **अहं भक्तपराधीनो ह्यस्वतन्त्र इव द्विज** *(अम्बरीष प्रसंग भाग ९।४।६३)* । तुरुन्तै श्रीकृष्णले बाँसुरी त्यागिदिनु भयो र धनु-काँण ग्रहण गर्नुभयो । परमभक्त तुलसीदासले दङ्गदास परी प्रतिमाको दर्शन गरे, पुजारी जिल्ल परे- यस्तो प्रसंग पाइन्छ ।

भनिन्छ- *श्रीमद्भागवत* व्यासले समाधिमा लेखे । नारदले महान् स्रष्टा र द्रष्टा वेदव्यासमा विक्षेप देखेथे र व्यासले पनि आफूले अपेक्षित शान्ति नपाएको स्वीकार गर्दै मार्गनिर्देश गर्न अनुरोध गरे । देवर्षिले सल्लाह दिए- कृष्ण भगवान् कर्म, भक्ति, ज्ञान र मुक्तिको प्रतीक हुनुहुन्छ । उहाँको चरित्र, लीला-कथालाई आधार बनाएर लोक कल्याणका खातिर गहन चिन्तन, मनन गरेर ग्रन्थ लेख्नुहोस् । यसबाट तपाईंलाई परम शान्ति मिल्ने छ र लोकको पनि कल्याण हुनेछ । व्यासले नारदको आज्ञा पालन गरे । यसरी विश्वमा बेजोड ग्रन्थको जन्म भयो- *श्रीमद्भागवत* अर्थात् भगवान्को वाङ्मयी मूर्ति । श्रीकृष्ण धराधाम त्यागेर निजधाम जान लाग्नु हुँदा परम भक्त उद्धव आत्तिए यद्यपि भगवान्कै वाणीबाट ज्ञानोपदेश प्राप्त गरिसकेका थिए । प्रभासक्षेत्रमा उद्धवको चिन्तालाई उहाँले उपेक्षा गर्नु भएन र आफ्नो सम्पूर्ण शक्ति *भागवत*मा राखिदिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो अर्थात् अन्तर्धान भएर *भागवत* समुद्रमा प्रवेश गर्नुभयो । यही कारण *भागवत* उहाँको वाङ्मयी मूर्ति कहलायो-

तेनेयं वाङ्मयी मूर्तिः प्रत्यक्षा वर्तते हरेः ।
सेवनाच्छ्रवणात्पाठाद्दर्शनात्पापनाशिनी ॥

(ऐजन माहात्म्य ३।६२)

व्यासकृत १८ हजार श्लोकहरू भएको *भागवत*को प्रभाव प्रसिद्ध नै छ । नेपाल र भारतमा *भागवत* सप्ताह लगाउने परम्परा चलिआएकै छ । यस धार्मिक अनुष्ठानको केन्द्रमा श्रीकृष्णको भक्ति र उहाँको अद्भूत चरित्रको श्रवण नै रहेको छ । जुन श्लोकले कृष्णको लीला, रूप-गुण वर्णन घनीभूत हुन गएको छ त्यस्तो श्लोकले जादूको काम गर्दोरहेछ । वेदव्यासका पुत्र शुकदेव स्वामी विरक्त थिए जन्मेदेखि नै । उनी मायाबाट बच्न १२ वर्षसम्म आमाको गर्भमै रहे । श्रीकृष्णले 'जन्म लेउ तिमीलाई मायाले छुनेछैन' भन्नु भएपछि उनले धरतीमा पाउ राखे र जंगल तर्फ लागे । व्यास भने पुत्रलाई बोलाउँदै पछि पछि दगुरे । कतै गुफामा गएर शुकदेव ब्रह्मचिन्तनमा मग्न भएर रहे । उता आफ्नो आश्रममा फर्केर पुत्र हराएका व्यासले शिष्यहरूलाई *भागवत*का अध्यायहरू कण्ठ गराउँदै आश्रमको काम अऱ्हाई जंगलमा पठाउने गर्दथे । एक दिन उनले शिष्यहरूलाई केवल दुई श्लोक मात्र कण्ठ गराई जंगलमा पठाए । व्यासका शिष्यहरूले गुफा नजिक पुगेर मीठो लयका साथ यो श्लोक गाए-

बर्हापीडं नटवरवपुः कर्णयोः कर्णिकारं
बिभ्रद्वासः कनककपिशं वैजयन्तीं च मालाम् ।
रन्ध्रान् वेणोरधरसुधया पूरयन् गोपवृन्दै-
र्वृन्दारण्यं स्वपदरमणं प्राविशद् गीतकीर्तिः ॥ *(१०।२१।५)*

अर्थ छ- मुजूरको प्वाँखको मुकुट लगाउनु भएका, कानमा करबीर फूलको टप र गलामा वैजयन्ती मालाद्वारा सुशोभित, सुनौला वस्त्रधारी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशल नर्तक श्रीकृष्ण गोपीहरूबाट आफ्नो सुयशको बखान सुन्दै वृन्दावन प्रवेश गर्नुभयो होला। बाँसुरीको मनमोहक तान सुनेर घरघरका गोपिनीहरूले मानस चक्षुले दर्शन गरेको दिव्य छविको चित्रणले एकान्त साधकको ब्रह्म चिन्तन-भङ्ग गऱ्यो। उनी बाहिर आएर व्यासका शिष्यहरूसँग 'कसले यो श्लोक रचेको' जानकारी हासिल गरी गुफामा नै फर्के। शिष्यहरूले हरेस खाएनन्। उनीहरूले अर्को श्लोक पनि गाए–

अहो बकी यं स्तनकालकूटं जिघांसयापाययदप्यसाध्वी।
लेभे गतिं धात्र्युचितां ततोऽन्यं कं वा दयालुं शरणं व्रजेम॥

(भाग. ३।२।२३)

अर्थ- पापिनी पूतनाले स्तनमा हलाहल विष लगाई दुध चुसाएर मार्न खोजी। दुध चुस्दै कृष्णले धाईआमाले पाउने परम गति राक्षसनीलाई दिनुभयो। शरण ग्रहण गर्न लायक यस्ता दयालु अरू को होला!

यो श्लोक सुनेपछि अर्ध-जाग्रत शुकदेवले पूरा जागेर शिष्यहरूलाई भने- तिमीहरूका गुरुको आश्रममा मलाई लग। श्रीकृष्णचरित्रको श्लोकामृत चाखेर ब्रह्मचिन्तनको आनन्दलाई त्यागी शुकदेव व्यासको आश्रममा पुगे र व्यासले उनलाई *भागवत* सुनाए। यसरी *भागवत*को दिव्य रसमा चुर्लुम्म डुबेको शुकदेवले तक्षकद्वारा मर्ने डरले पीडित राजा परीक्षितलाई मोक्ष पद दिलाए। पुतना जस्ती मायावी, डरलाग्दी राक्षस्नीलाई भर्खरका शिशु कृष्णले अन्त्य गरिदिएर उद्धार समेत गरेको प्रसंग, शिशुकालमै शकटासुरको संहार अनि बालक अवस्थामा गाई चराउन वन-वन डुल्ने गोठाले कृष्णले तृणावर्त, वत्स, वक, धेनुक आदि असुरहरूको विनाश, कालिय नागको दमन, ओखलसँगको बन्धन हुंदा एक जोडा रुख बनेका नलकुवर र मणिग्रीवलाई शापमुक्त तुल्याउनु, इन्द्रको घमण्ड चक्नाचुर पार्दै गोवर्धनधारी बन्नु, आफ्नो परीक्षा गर्ने सृष्टिकर्ता ब्रह्मालाई चकित पारी आफैंले गोपाल, गाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाछ्चाहरू सृष्टि गर्नु आदि अनेकौं मनमोहक लीला, चमत्कार देखाउनु भयो । यही कारणले गर्दा बालकृष्णलाई व्यासले 'अद्भूत बालक'$ बताएका छन् । टीकाकार अनन्तकृष्ण स्वामीले 'अद्भूत बालक' शब्दको यसरी अर्थ लगाए- **बाले बाले केशे केशे कं ब्रह्म यस्य स बालकः अतएव अद्भूतः** अर्थात् जसको रौं-रौंमा आनन्द ब्रह्म छ त्यस्तो बालक भएकाले अद्भूत भनिएको हो । उहाँको जन्मै अदभूत भयो । गर्भमा रहँदा नै महादेव, ब्रह्मा आदि देवताहरूले स्तुति गरे- गर्भस्तुति । जन्मनु अघि चतुर्भुज भगवान्को दर्शन पाएर वसुदेव र देवकीले झ्यालखानामा रहनुको दुःख बिर्से । बालकृष्णले ऋषि संदिपनिको आश्रममा शिक्षा-दीक्षा र कलाहरूको ज्ञान हासिल गर्नुभयो । गुरुकुलमा उहाँ निकै परिश्रमी, साहसी र विनम्र हुनुहुन्थ्यो । थैरै समयमा शिक्षा-दीक्षा पूरा गरेपछि उहाँले गुरुलाई गुरु-दक्षिणा के दिऊँ भनेर सोध्नुभयो । गुरुले आफ्नी धर्मपत्नीको शोक नाश गर्न राक्षसहरूद्वारा अपहरण गरिएको पुत्र ल्याउन अऱ्हाए । भगवान्ले राक्षसहरूलाई पराजित गरी गुरुपुत्र ल्याएर गुरुलाई सुम्पिनु भयो- यो थियो गुरुदक्षिणाको दिव्य नमूना ।

कृष्णचैतन्यः गौरांगमहाप्रभु । चैतन्यमहाप्रभु *(हेर्नू यही शीर्षकको प्रविष्टि)*

कृष्णद्वैपायन : व्यास, वादरायण । वेदलाई चार भागमा विभाजन गरेकाले यिनलाई वेदव्यास भन्न थालियो । यिनैले *ब्रह्मसूत्र* ग्रन्थ लेखे । अठार पुराण पनि यिनैले लेखेको मानिन्छ । द्वापर युगको अन्त्यमा यिनको जन्म भएको हो । कृष्णद्वैपायन भगवान् विष्णुको अवतार त मानिन्छ नै, शिवभक्तिमा पनि यिनी डुबेका थिए भन्ने कुरा यिनीद्वारा रचित १८ पुराणहरूमध्ये १० वटामा शिवको उपासनाको महत्त्व दर्शाएबाट छर्लङ्ग हुन्छ । *शिवपुराण*मा चौबीस हजार श्लोक र सात संहिता छन् । त्यसैले यसलाई *शिवमहापुराण* भनिन्छ ।

$*तमद्भुतं बालकमम्बुजेक्षणं (भाग.१०।३।९)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णद्वैपायनले श्रीकृष्ण*(हेर्नू कृष्ण)*को लीलाकथायुक्त *श्रीमद्‌भागवत* नलेखेसम्म आत्यन्तिक सुखशान्ति प्राप्त गर्न सकेनन् । कृष्णभक्तिमा चुर्लुम्म डुबेर जब *भागवत* लेखे त्यसै समयमा उनले आफ्नो जीवनलाई कृतकृत्य बनाए । त्यसैले श्रीकृष्णका साथै कृष्णद्वैपायन स्तुत्य भए–

कृष्णं नारायणं वन्दे कृष्णं वन्दे व्रजप्रियम् ।
कृष्णं द्वैपायनं वन्दे कृष्णं वन्दे पृथासुतम् ॥

(भागवत्‌माहात्म्य अघिको स्तुति)

आमा सत्यव्रतीको आज्ञानुसार यिनी योगबलले पाण्डु, धृतराष्ट्र र विदुरका पिता बने । श्रीकृष्ण, नारद आदि यिनका गुरु बने ।

द्वापर युगमा पराशर ऋषिद्वारा सत्यवतीको कोखबाट जन्मेका व्यासले वेदको ,अधिकार नभएका स्त्री, शूद्रादिको हितका लागि *महाभारत*को रचना गरे । यसरी लोक-कल्याणका लागि ग्रन्थहरूको रचना गर्ने जस्तो कार्य गर्दा पनि उनले सुख-शान्ति प्राप्त गर्न सकेनन् । उनको मनमा अपूर्णताको छटपटि भइरहेको थियो । उनले आफ्नो मनको व्यथा नारदलाई बताए । नारदले हरिको लीला-कथाको वर्णन गर्दै भगवान्‌को भक्तिमा नडुबी ज्ञान हुन्न, ज्ञानबिना मुक्ति छैन भनेर सम्झाए । देवर्षि नारदले आफ्नो पूर्वजन्मको घटना समेत बताउँदै हरिको लीला-कथाको कीर्तनबाट आफूले आत्यन्तिक सुख प्राप्त गरेकोले 'यही भक्तियोगको मार्गमा लाग' भनेर उपदेश गरे । कृष्णद्वैपायनले पनि कृष्णचरित्र प्रधान विषयवस्तु भएको *भागवत* लेखे । अनि भक्ति र ज्ञानको समन्वयात्मक मार्ग देखाए । त्यसपछि उनले आफ्ना छोरा ब्रह्मनिष्ट शुकदेव समेत शिष्यहरूलाई *भागवत* पढाएपछि परम शान्ति प्राप्त गरे । *भागवत*को यही माहात्म्यले गर्दा यो ग्रन्थ भगवान्‌को वाङ्मय-मूर्ति कहलाउँछ, परमहंस संहिताको नामले प्रख्यात छ ।

कृष्णद्वैपायनले शंकराचार्यलाई दर्शन दिएर आफ्नो ग्रन्थ *ब्रह्मसूत्र*मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाष्य लेख्न प्रेरित गरेको, उनको आयु सोह्र वर्ष मात्र रहेकोमा अरु सोह्र वर्ष थपेर लोकसंग्रहमा प्रोत्साहित गरेको कुरा शंकराचार्यको जीवनीमा पाइन्छ । यिनले श्रीकृष्ण भगवान्बाट अर्जुनलाई गीतोपदेश हुनुअघि धृतराष्ट्रलाई 'दिव्यदृष्टि' दिन्छु भन्दा आफ्नो कुलको विनाश म हेर्दिन भनेपछि संजयलाई सो दृष्टि दिएका थिए । त्यही दिव्यदृष्टि (ज्ञानदृष्टि)द्वारा उनले गीतोपनिषद् सुने, भगवान्को विश्वरूपको दर्शन गरे अनि *महाभारत*मा वर्णन गरे । *महाभारत* कसरी लेखियो भन्ने विषयमा रोचक प्रसंग छ । कृष्णद्वैपायनले सबैभन्दा पहिले सम्पूर्ण *महाभारत* आफ्ना शिष्य वैशम्पायनलाई पढाएको, *महाभारत*को कथा विदेहमुक्ति प्राप्त राजा परीक्षितका छोरा जन्मेजयलाई सुनाउन उनैले अह्राएको अनि आफूले रचना गरेको बुझिएको छ *(डा.दी.घिमिरे- गीता-तत्त्वप्रकाश)* ।

विशाल ग्रन्थ भएकोले यो लिपिवद्ध गर्नका लागि कृष्णद्वैपायनले ब्रह्माजीसँग सल्लाह गरे । ब्रह्माले गणेशको नाउँ लिनुभयो । उनले पनि गणेशको आराधना गरे । गणेश प्रकट भै नरोकिकन लेख्न पाए लेख्छु भन्दा कृष्णद्वैपायनले भने- अर्थ बुझेर मात्र लेख्नुहोस् । शर्त मन्जूर भयो । तीन वर्षमा *महाभारत* शास्त्रको यसरी रचना भयो *(ऐजन ग्रन्थ)* ।

कृष्णमूर्ति : जिद्दु कृष्णमूर्ति बीसौं शताब्दीका महान् चिन्तक एवं दार्शनिक हुन् । यिनी सत्य, स्वतन्त्रता र शान्तिका अन्वेषक हुन् । वेदान्त परम्परामा क्रान्तिकारी विचारधारा भएका कृष्णमूर्तिको जन्म भारतको आन्ध्रप्रदेशको मदनपल्ली गाउँमा सन् १८९५ मे ११ मा भएको थियो । श्रीमती एनि बेसेन्टले उनलाई धर्मपुत्रको रूपमा पालन-पोषण गरिन् र शिक्षा-दीक्षा दिइन्- महान् व्यक्ति बनोस् भनेर । यी महान् दार्शनिक त बने तर गुरु बनेनन् । बरु यी अगुरु बने । सद्गुरु या असद्गुरुभन्दा परको व्यक्तित्व । यिनी भन्दथे- मेरा कोही शिष्य छैनन्, हुने छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यका सम्बन्धमा यिनको विचार यस्तो छ- सत्य तिमी स्वयं भित्र छ। सत्य खोज्नका लागि मानिसले आफूलाई सबै बन्धनबाट मुक्त गर्नुपर्छ। उनी पुनः भन्छन्- सत्य पन्थहीन प्रदेश हो जहाँ पुग्न हामी आफैंले बाटो बनाउनुपर्छ। कुनै धर्म, सम्प्रदायको मार्गबाट हामी सत्यसम्म पुग्न सक्तैनौं।^

यी दार्शनिकले सत्यान्वेषणका लागि कुनै धर्म, पन्थ, सम्प्रदाय, मठ, मन्दिरसँग आफूलाई सम्बद्ध तुल्याएनन्। यिनले सत्यको दर्शन विषयमा अमेरिका, युरोप, अष्ट्रेलिया आदि देशहरूमा प्रवचन दिंदै ठूला दार्शनिकहरूको पंक्तिमा आफूलाई उभ्याए। आफ्नो सोचाइ अनुरूप उनले जीवन निर्वाह गरे र ९१ वर्षको उमेरमा अमेरिकाको क्यालिफोर्निया राज्यको ओहायमा सन् १९८६ फरवरी १७ मा देहत्याग गरे। उनी क्यान्सरबाट पीडित थिए।

देहत्याग अघि सन् १९८५मा वासिङ्गटनमा दिएको प्रवचनमा यिनले वेद र उपनिषद्ले बताएको सर्वोच्च तत्त्व, अप्रकट सत्ताप्रति आस्था व्यक्त गरेका छन्। धर्मको सतही रूपमा होइन, बरु गहन रूपमा अन्वेषण गर्नका लागि समग्र मुक्तिको आवश्यकता छ। पुस्तकमा आधारित धर्मको कारणले गर्दा मानिसहरूमा कट्टरता, संकीर्णता र असहिष्णुता पाइन्छ।

कृष्णमूर्तिको विचारमा समग्र मुक्ति भनेको स्वतन्त्रता हो- एक असीम अवकाशको उपलब्धि। हाम्रो मस्तिष्कमा जानकारीहरू कोचिएर रहेका छन् भने अवकाशको अभाव छ त्यहाँ। हाम्रो मस्तिष्क असाधारण रूपमा समर्थ छ, असीम क्षमतायुक्त छ तर हामीले त्यसलाई क्षुद्र बनाएका छौं। जब त्यहाँ अवकाश एवं शून्यता हुन्छ त असीम ऊर्जा-उत्कटता, प्रेम, करुणा तथा प्रज्ञा उत्पन्न हुन्छ। यसले गर्दा

^ *योगवीर शाक्य-शिक्षाकथन जे.कृष्णमूर्ति।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यसँगै साक्षात्कार हुन्छ । सत्यको खोजी मानिसले अनादिकालदेखि गर्दै आएको छ । सत्य अति नै पवित्र छ ।

कृष्णमूर्ति भन्छन्– सत्य-प्राप्तिका लागि मन स्वतन्त्र हुनुपर्छ । चित्तनिरोध महत्त्वपूर्ण कुरा होइन, महत्त्वपूर्ण कुरा त चित्तले के चिताइरहेछ भन्ने हो । चित्त परस्पर विरोधी रुचिहरूको थुप्रो हो । चित्तलाई अरु विषयबाट हटाएर एकै विषयमा लगाउनु ध्यान हो । अनुशासन भनेको विरोधको अभ्यास हो र विरोध गर्दा विचार गुम्न जान्छ । बढी अनुशासित मन भनेको स्वतन्त्र मन होइन र स्वतन्त्रतामा नै अन्वेषण हुनसक्छ ।

सन् १९११ मा एनी बेसेन्टले थियोसोफिकल सोसाइटी संस्थाको भावी नेताको रूपमा स्वीकार गर्दा कृष्णमूर्ति १५ वर्षका थिए । यिनले बेलायत र फ्रान्समा पढ्ने सौभाग्य पाएका थिए । यिनी फ्रान्सको सोबोर्न विश्वविद्यालयका छात्र छँदा नै प्राध्यापक र विद्यार्थीहरूले यिनमा विश्वगुरुको लक्षण देखे । भविष्यवाणी गरियो- कृष्णमूर्ति अवतार हुन्, अर्को ईशामसीह बन्नेछन् । महान् आध्यात्मिक चिन्तक अल्डस हक्सलेले यिनलाई बुद्धको अवतार माने । यिनले नयाँ धर्म चलाउन सक्छन् भन्ने ठाने । तर कृष्णमूर्तिले नयाँ धर्म चलाउन चाहेनन्- संस्थागत बन्धनबाट यी मुक्त हुन चाहने भएकाले सन् १९२९मा यिनले थियोसोफिकल सोसाइटी प्रतिको प्रतिबद्धताबाट समेत आफूलाई स्वतन्त्र बनाउने कार्य गरे । त्यस समयमा यिनले घोषणा गरे- समाज परिवर्तन तथा विश्वशान्तिका लागि मानिसको पूर्ण आन्तरिक रूपान्तर आवश्यक छ । यस्तो रूपान्तर संभव छ । प्रत्येक व्यक्ति रूपान्तरित हुनसक्छ । यसकालागि लामा साधनाहरूको क्रमिक विकास आवश्यक छैन । यही रूपान्तरका लागि उनले भारत र पश्चिमी मुलुकहरूमा व्याख्यान दिँदै हिंडे । प्रत्येक वर्ष उनी भारत पनि आउँथे प्रवचनका लागि । यिनको प्रवचनले श्रोताहरूलाई मन्त्रमुग्ध तुल्याउँथ्यो । कृष्णमूर्तिका प्रशंसक मध्ये जर्ज बर्नाड शा, हक्सले, जवाहरलाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेहरु, ग्राहम ग्रीनको नाम उल्लेखनीय छ ।

कृष्णमूर्तिको दर्शनको आधारमा बनारस, मद्रास, बंगलोर आदि स्थानमा विद्यालयहरू संचालन गरिएका छन् । यिनी शिक्षालाई आत्मज्ञानसँग जोड्नुपर्छ भन्ने नौलो विचारयुक्त व्यक्ति थिए- कुनै पनि पुस्तकले तिमीलाई त्यति मात्र सिकाउन सक्छ जति लेखक बताउन चाहन्छन् । तर जुन शिक्षा आत्मज्ञानबाट प्राप्त हुन्छ, त्यसको कुनै सीमा हुँदैन *(द म्याटर अफ कल्चर)* ।

कृष्णमूर्ति फाउण्डेशन इण्डियाले उनका प्रवचनमा आधारित अंग्रेजी पुस्तकहरू प्रकाशित गरेको छ भने जे.कृष्णमूर्ति प्रज्ञा परिषद् बनारसले करीब दुई दर्जन कृष्णमूर्ति साहित्य प्रकाशित गरिसकेको छ ।

कृष्णयजुर्वेद : *तैत्तिरीय संहिता* अन्तर्गतको वेद । *वाजसनेयी संहिता* अन्तर्गतको वेद *शुक्लयजुर्वेद* कहलाउँछ । *तैत्तिरीय संहिता* बढी प्राचीन मानिन्छ । यस यजुर्वेदमा ७ काण्ड, ४४ अध्यायहरू, ६५१ अनुवाक (प्रकरण) तथा २१९८ कण्डिका (मन्त्रहरू) छन् । *वाजसनेयी संहिता* ४० अध्याय, ३०३ अनुवाक, १९७५ कण्डिकाहरूमा विभक्त छ ।

द्वितीय वेदको रूपमा प्रसिद्ध *यजुर्वेद*को रचना *ऋग्वेद*का ऋचाहरूको मिश्रणका साथ भएको छ । यसमा गद्य भागहरू पनि छन् । यो पद्धति ग्रन्थ हो, जुन पौरोहित्य प्रणालीमा यज्ञक्रिया सम्पन्न गर्न उपयोग गरिन्छ ।[x] **यजुष**(स्)को अर्थ हो यज्ञ, पूजा, श्रद्धा या आदर । कृष्णयजुर्वेद अन्तर्गत तीन उपनिषद्हरू छन् *क.कठोपनिषद् ख.तैतिरियोपनिषद्* र ग.*श्वेताश्वतर उपनिषद्* । वेदव्यासले वेदको चार विभाग गरे पछि प्रत्येक संहिता आफ्ना शिष्यहरूलाई पढाए । *यजु:संहिता*को शिक्षा वैशम्पायनलाई दिए । वैशम्पायनका केही शिष्यहरू जसले गुरुदेवको ब्रह्महत्याजनित पाप-मोचनका व्रत अनुष्ठान

[x]*डा.रा.पाण्डेय-हि.धर्मकोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरे चरकाध्वर्यु । वैशम्पायनका अर्का शिष्य थिए याज्ञवल्क्य । तेजिला याज्ञवल्क्यले गुरुमा निवेदन गरे- चरकाध्वर्यु ब्राह्मणका व्रत-अनुष्ठान भन्दा धेरै प्रभावशाली कठोर तपस्या तपाईंका लागि म गर्ने छु आज्ञा दिनोस् । सो कुरा सुनेर गुरु रिसाए र भने- ब्राह्मणहरूको अपमान गर्ने अभिमानी रहेछौं तिमी । मैले पढाएको यजुर्वेद ओकल । याज्ञवल्क्यले गुरु-आज्ञा शिरोपर गरी *यजुर्वेद*का मन्त्रहरू ओकले । अन्य शिष्यहरूले अमूल्य मन्त्रहरू खेर जान लागेको देखेर तित्रा बनेर खाइदिए । *यजुर्वेद*को त्यो परम रमणीय शाखा 'तैतिरीय' कहलायो । यो प्रसंग *भागवत* द्वादश स्कन्ध छैठौं अध्यायमा पाइन्छ-

> **याज्ञवल्क्यश्च तच्छिष्य अहाहो भगवन् कियत् ।**
> **चरितेनाल्पसाराणां चरिष्येऽहं सुदुश्चरम् ॥**
> **इत्युक्तो गुरुरप्याह कुपितो याह्यलं त्वया ।**
> **विप्रावमन्त्रा शिष्येण मदधीतं त्यजाश्विति ॥**
> **देवरातसुतः सोऽपिच्छर्दित्वा यजुषां गणम् ।**
> **ततोगतोऽथ मुनयो ददृशुस्तान् यजुर्गणान् ॥**
> **यजूंषि तित्तिराभूत्वा तल्लोलुपतयाऽऽददुः ।**
> **तैत्तिरीया इति यजुःशाखा आसन् सुपेशलाः ॥**

(ऐ.६२-६५ श्लोक)

यसै प्रसंगसँग *वाजसनेयी संहिता (शुक्लयजुर्वेद)* पनि गाँसिएको छ । गुरुको आज्ञा अनुसार आफूले पाएको यजुर्वेदीय मन्त्र वमन गरेर त्यहाँबाट हिंडे पछि यज्ञवल्क्यले सोचे- गुरुलाई पनि ज्ञान नभएका श्रुतिहरू प्राप्त नगरी म छाड्दिन । उनी सूर्य भगवान्को शरण परे । सूर्योपासना गरे । सूर्य खुशी भएर घोडा (वाजिरूप) बनेर सामु आए र *यजुर्वेद*का ती मन्त्रहरूको शिक्षा दिए जुन अहिलेसम्म कसैलाई ज्ञान थिएन । याज्ञवल्क्य मुनिले ती मन्त्रहरूद्वारा १५ शाखाहरूको रचना गरे । यही ज्ञान वाजसनेह शाखा कहलाउँछ । यस शाखालाई कण्व, माध्यान्दिन आदि ऋषिहरूले ग्रहण गरे *(ऐजन*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६-७४) । याज्ञवल्क्यले सूर्यदेवलाई खुशी पारेर *यजुर्वेद*को ज्ञान वरदानको रूपमा पाएको, सूर्यले वेद, उपनिषद् तिमीमा प्रतिष्ठित हुनेछ र *शतपथ ब्राह्मण*को प्रणयन (सम्पादन) तिमीले गर्ने छौं, त्यसपछि तिम्रो बुद्धि मोक्षमा स्थिर हुनेछ भनेर पनि वरदान दिनुभएको प्रसंग *महाभारत* शान्तिपर्वमा याज्ञवल्क्यले मुमुक्षु विश्वावसु गन्धर्वलाई ज्ञानोपदेश गरेको कथामा पाइन्छ । *यजुर्वेद*का ज्ञाता पाश्चात्य विद्वान वेबर भन्छन्- *तैत्तिरिय संहिता* सम्बन्धी कथा, प्रसंग अतर्कपूर्ण भए पनि यस भित्र सत्य लुकेको छ जसलाई नकार्न सकिन्न ।

दक्षिण भारतका ब्राह्मणहरू कृष्णयजुर्वेदीय मानिन्छन् भने उत्तरभारत एवं नेपालका ब्राह्मणहरू शुक्लयजुर्वेदीय हुन् ।

कृष्णोपनिषद्: भगवान् विष्णुको श्रीकृष्ण अवतारको रहस्य यस उपनिषद्मा बताइएको छ । यस उपनिषद्मा जम्मा २५ मन्त्रहरू छन् । सच्चिदानन्द स्वरूप विष्णुको अत्यन्त सुन्दर रूप, स्वरूप देखेर वनवासी मुनिजन अति विस्मित र आनन्दित भए । उनीहरूले उहाँलाई स्पर्श गरेर धन्य-धन्य हुने इच्छा गरे । भगवान्ले द्वापरयुग शुरु हुनलाग्दा देवताहरूलाई मनुष्यरूप लिएर पृथ्वीमा जन्म लिन आज्ञा दिनुभयो । नन्द एवं यशोदाको रूपमा क्रमशः भगवान्को आनन्द अंश एवं मुक्तिदेवीले अवतार लिए । वैष्णवी माया देवकी र भगवान्को सदास्तुति गर्ने वेद वसुदेव बने । वेदको अर्थ नै कृष्णको रूपमा अवतार भयो र वेदका ऋचा गोपि र गाई बने । उनका लठ्ठी ब्रह्म, वंशी रुद्र बने । इन्द्र गाई, गोरुका सिंग बने भने गोकुलमा वैकुण्ठवासीले जन्म लिए । तपस्वीहरू त्यहाँका वृक्षको रूपमा उत्पन्न भए भने काम, क्रोध, लोभ, मोह आदि मनोविकारहरू असुरको रूपमा प्रकट भए । भगवान् मायामय शरीर धारण गर्दै गोपाल बन्नुभयो र जगत्लाई मोहित तुल्याउनु भयो । यस उपनिषद्मा भनिएको छ– भगवान्को मायाबाट पार पाउनु मनुष्यको लागि त के कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहरूलाई समेत कठिन कार्य हो । यही मायाले गर्दा ब्रह्माजीलाई लठ्ठी र रुद्रलाई बाँसुरी बन्नु पर्‍यो । शेषनाग वलराम बनेर अवतरित भए । भगवान्‌का १६ हजार स्त्रीहरू वेदका ऋचाहरू हुन् । पृथ्वी नै सत्यभामा बनिन्, दया माता रोहिणी भइन् । शम सुदामा, सत्य अक्रूर भए । कलियुग नै कंसको रूपमा पैदा भए । शत्रुलाई नाश गर्ने काली भगवान्‌को गदा र नारद सुदामाको रूपमा अवतारित भए । गोप-गोपिनीहरू भगवान्‌देखि भिन्न होइनन् । यसरी कृष्णको अवतार र लीलाको रहस्य जसले जान्दछ उसले देहको बन्धनबाट मुक्ति पाउँछ ।

केदारनाथ : केदारेश्वर ज्योतिर्लिङ्ग । हिमालयको केदार शिखरमा यो प्रसिद्ध तीर्थस्थल रहेको छ । केदार द्वादश ज्योर्तिङ्ग मध्ये एक हो । केदार शिखरको पश्चिम भागमा मन्दाकिनी नदीको तटमा केदारेश्वर महादेवको मन्दिर अवस्थित छ । केदारको पूर्वमा अलकानन्दको किनारमा चाहिं वदरीनाथ मन्दिर रहेको छ । सत्य युगमा उममन्यु *(हेर्नू वेदान्त विश्वकोश)*ले तथा द्वापरमा पाण्डवहरूले यहाँ तपस्या गरेको बताइन्छ । पशुपतिनाथमा शिवजीको शिर र केदारनाथमा पृष्ठभाग रहेको मानिन्छ ।♥

केदारनाथ मन्दिरभित्र कुनै निर्मित मूर्ति छैन, त्रिकोण शिलाखण्ड छ जसमा यात्रुहरू पूजा गर्छन्, अंकमाल गर्छन् । मन्दिरभित्र उषा, अनिरुद्र, पञ्चपाण्डव, श्रीकृष्ण तथा शिव-पार्वतीका मूर्तिहरू रहेका छन् । पौराणिक कथा अनुसार नर र नारायण ऋषिले केदारनाथमा कठोर तपस्या गरेका थिए-शिवनाम जप गर्दै । ब्रह्माजी र श्रीहरि समेत त्यहाँ आएर नरनारायणको प्रशंसा गर्नुभयो । अन्त्यमा शिवजीले उनीहरूलाई दर्शन दिनुभयो ।

तपस्वीद्वयले केदार हिमालयमा शिवजीको स्वरूपको स्थापना होस् ताकि तीर्थयात्रीहरूले दर्शन-पूजा गर्न पाउन् भनेर प्रार्थना गरे ।

♥ *तीर्थाङ्क-कल्याण*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् शिव उनीहरूको भक्तियुक्त प्रार्थना स्वीकार गरी केदारेश्वर ज्योर्तिलिङ्गको रूपमा त्यहाँ रहनुभयो ।

तीर्थ,व्रत, पूजादि बिना चित्तशुद्धि हुन्न । शुद्ध चित्तमा नै ज्ञान अड्छ । ज्ञानमा आरुढ हुन् ईश्वर(शिव)कृपाको आवश्यकता पर्छ । तीर्थ, व्रतादि पुण्यकर्म ज्ञानको परम्पराया साधन हुन् ।

केनोपनिषद् : यो उपनिषद् सामवेदीय तलवकार ब्राह्मण अन्तर्गतको हो । यस ब्राह्मणलाई *जैमिनीय उपनिषद्* पनि भनिन्छ । तलवकारको नवौं अध्याय नै *केनोपनिषद्* कहलायो । त्यस ब्राह्मणको आठ अध्यायसम्म चित्तशुद्धिका लागि गरिने कार्महरू र उपासनाको वर्णन पाइन्छ । 'केन' अर्थात् 'कोद्वारा' भन्ने शब्दबाट यस उपनिषद्को पहिलो मन्त्रको थालनी भएकोले उपनिषद्को नामाकरण भएको हो–*केनोपनिषद्*–

ॐ केनेषितं पतति प्रेषितं मनः केन प्राणः प्रथम प्रैति युक्तः ।

अर्थात् कोद्वारा सत्तास्फूर्ति पाएर तथा प्रेरित भै मन विषयमा रमाउँछ र कोद्वारा नियुक्त भएर सबभन्दा श्रेष्ठ (प्रथम) प्राण बन्छ ?

यस उपनिषद्मा चार खण्ड छन् । विषय गम्भीर भएकोले गुरु-शिष्य संवादको रूपमा ब्रह्मज्ञान र ब्रह्मज्ञानीका सम्बन्धमा चर्चा गरिएको छ । जसले ब्रह्मज्ञान गरें भन्ने अभिमान गर्छ, उसले ब्रह्मलाई जानेको छैन । ब्रह्मज्ञानको अभिमानरहित भएका ज्ञानी मात्र वास्तवमा ब्रह्म-साक्षात्कारवान् हो । गुरु आफ्ना चेलालाई अभिमानबाट बच भनेर सतर्क गराउँछन्–

अविज्ञातं विजानतां विज्ञातमविजानताम् ॥

(२।३)

गुरु अर्को अत्यन्त महत्त्वपूर्ण कुरा के पनि भन्छन् भने यस मनुष्य शरीरमा ब्रह्मज्ञान भयो भने ठीक छ, जन्म सफल भयो, होइन भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महान् विनाश भयो भनेर जान- **इह चेदवेदीदथ सत्यमस्ति न चेदिहावेदीन्महती विनष्टिः।** *(२।५)*

यस उपनिषद्का तृतीय र चतुर्थ खण्डमा ब्रह्मकृपा पाएर असुर उपर विजय हासिल गरेका देवताहरूमा आफ्नो बलवीर्यको मिथ्याभिमान पैदा भएको र ब्रह्मलाई बिर्सेको कारण यक्षको रूपमा देखापरेका परब्रह्मले एउटा तृण माथि शक्ति प्रयोग गर भनेर अग्नि र वायुदेवतालाई चुनौती दिएको, अग्निले जावो तृणलाई जलाउन नसकी तथा वायुले त्यसलाई उडाउन नसकी लज्जित भएर फर्कन परेको, त्यसपछि ब्रह्मकी शक्ति हैमवती(ब्रह्मविद्या)ले देवराज इन्द्रलाई दर्शन दिएर सर्वशक्तिमान् परब्रह्मलाई तिमीहरूले भुलेकोले तिमीहरूको अभिमान चक्नाचूर पारिएको हो भनेर तत्त्वको ज्ञान दिएका प्रसंगहरू पाइन्छन्।

अन्त्यमा गुरु भन्छन्– प्रसिद्ध ब्रह्मविद्यालाई राम्ररी जान्ने मुमुक्षुको समस्त पाप-समूह नष्ट हुन्छ र अविनाशी असीम सर्वश्रेष्ठ ब्रह्म पदमा प्रतिष्ठित हुन्छ।

केवलान्वयी : सत्यवस्तुलाई इन्द्रियद्वारा सिद्ध गर्न नसकिने भएकोले भावकोटिबाट गरिने अनुमान *(हेर्नू अनुमानादि प्रमाणहरू-वेदान्त विश्वकोश–१)* केवलान्वयी कहलाउँछ। पूर्वजन्मको अनुमान यस जन्ममा गरिएको दुःख, सुखको भोगबाट हुन्छ। पूर्वजन्ममा ज्ञान भएको भए यस जन्मको संभावना नै रहँदैनथ्यो। ज्ञानीले अर्को जन्म लिँदैन किनकि उसका संचित र आगामी कर्म नष्ट भैसक्छन्। ईश्वर या आत्मालाई पनि भावबाट नै सिद्ध या प्राप्त गर्न सकिन्छ।

यहाँ अन्वयको अर्थ हो– सृष्टिकर्ता ईश्वर उसको कार्य(जगत्)मा कारण रूपले रहेको हुन्छ। ईश्वर कारणावस्थामा कार्यबाट अलग हुँदा व्यतिरेक हुन्छ। जस्तो- माटोमा घडा छैन यो व्यतिरेक हो। घैंटोमा माटो छ–यो अन्वय हो।

केवलव्यतिरेकी अनुमानः अभावकोटिबाट गर्न सकिने अनुमान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषुप्तिमा सृष्टि छैन, जगत् छैन त्यसैले सृष्टि, जगत् अज्ञानको कारणले देखिएको हो भन्न सकिन्छ । जस्तो कि मन्द अन्धकारमा डोरीमा सर्प देखिन्छ ।

केवलीभाव : द्रष्टाराहित्य । दृश्यरहित केवलताको अनुभूति या आफू मात्र रहेको अवस्था । दृश्यको अत्यन्त अभाव भएपछि द्रष्टाको द्रष्टापन आफैं अधिष्ठानमा लय हुन जान्छ । हावा रोकिएपछि उसको क्रिया पात हल्लाउनु, धुलो उडाउनु आदि शान्त हुन जान्छ त्यस्तै जाग्रत, स्वप्न र सुषुप्ति भन्दा माथि उठ्दा द्रष्टाले आफ्नो शुद्ध आत्मस्वरूपको अनुभव गर्छ– त्यही हो केवलीभाव ।

केशव : भगवान् विष्णुको नाम । 'क' भनेको पानी या पानीमा सुत्ने । 'क'को अर्थ ज्ञान पनि हुन्छ । 'शव'को अर्थ मुर्दा हो । मसानतूल्य संसारमा रहेर ज्ञान गराउने तथा प्राणीको उद्धार गर्ने अर्थमा भगवान्‌लाई केशव भनिएको हो ।

विष्णुपुराण अनुसार केशी नाउँको राक्षसलाई मार्ने विष्णुको नाउँ केशव रहन गएको हो-

यस्मात्त्वयैष दुष्टात्मा हतः केशी जनार्दन ।
तस्मात्केशवनाम्ना त्वं लोकेख्यातो भविष्यसि ॥

(५।१६।२३)

श्रीकृष्ण ज्ञानको सागर हुनुहुन्छ भन्ने जानेर नै जिज्ञासु अर्जुन 'केशव' सम्बोधनका साथ सोद्धछन् **स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव** । अर्थात् हे केशव ! स्थितप्रज्ञ या ज्ञानीको लक्षण कस्तो हुन्छ ? ऊ कसरी बोल्छ ? *(गीता २।५४) गीतामा* अर्जुन चारपल्ट भगवान्‌लाई केशव नामले सम्बोधन गर्छन् ।

'केशव'को अर्को अर्थ पनि *विष्णुसहस्रनाम*को शाङ्कर भाष्यमा बताइएको छ– **(नारसिंहवपुःश्रीमान्केशवःपुरुषोत्तमः १६** । यहाँ उल्लेखित केशवको अर्थ- अन्वेषणको क्रममा) जसको केश सुन्दर छ उसैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केशव भनिन्छ । यहाँ प्रयोग भएको व (प्रत्यय) प्रशंसाका लागि आएको हो । *पाणिनिसूत्र* अनुसार– **केशाद्वोऽन्यतरस्याम्** । भाष्यकारको भनाइ त के छ भने केशव भनेको त्रिमूर्तिको प्रतीक हो । क- ब्रह्मा, अ-विष्णु र ईश(महादेव)यी तीनै जसको अधीनमा छन् त्यो 'केशव' भएको हो ।

केशवराज पौडेल : वेदान्तमा गहिरो अध्ययन भएका केशवराज पौडेलको जन्म वि.सं. १९५२ साल भाद्र शुक्ल अष्टमीका दिन मालिगाउँ काठमाडौंमा भएको थियो । वेदान्तमा समर्पित भएर लाग्न उनलाई आफ्नी माताजीबाट प्रेरणा मिलेको थियो । वि.सं.२०२५ सालमा ७३ वर्षको उमेरमा उनले देहत्याग गरे ।

पशुपतिमा वासुकी ब्रह्मचारीबाबासँग बारम्बार सत्संग गर्न जाने तथा डा.क्षितीशचन्द्र चक्रवती, गोपालनिधि तिवारी, वटुक सापकोटादिसँग पनि वेदान्त-सत्संग गरिरहन्थे । ब्रह्मज्ञानका लागि साधु समागमको महत्व बुझेकाले वेदान्त विषयक चर्चा, प्रवचनमा दिन बिताउने उनी वेदान्ती कहलाए । घरमा आएका युवकदेखि बूढासम्मलाई उनी, देहाध्यास छाडेर आफू शुद्ध चैतन्य हो भन्ने निश्चय गर्नुपर्छ, साक्षीभावमा अडेर प्रपञ्च मिथ्या हो भन्ने कुरा जान्नु पर्छ, मान्नु पर्छ अनि स्वरूपको बोध हुन्छ भन्दथे । मनोनिग्रहका लागि प्रतिदिन प्राणायाम गर्नुपर्छ भनी आत्म-साक्षात्कारका लागि प्रेरित गर्दथे ।

उनले वेदान्त विषयमा कविताहरू लेखेका थिए र लेखहरू पनि रचना गरेका थिए । 'जीवन्मुक्ति' शीर्षक लेखमा उनी लेख्छन्- 'भाव नभएको ब्रह्म हो । त्यो ब्रह्म हुँ भन्ने भाव चाहिं अध्यात्म हो । ब्रह्म निर्विकल्प हो र अध्यात्म चाहिं सविकल्प समाधि हो । ...सृष्टि जत्ति जम्मै संकल्प हो । नचिताएको ब्रह्म हो अर्थात् केही पनि नगरीकन बस्नु ब्रह्मस्थिति हो । जस्तो पहिले नचिताएको भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्न देखिन्नथ्यो । यो जगत् पनि त्यसैगरी देखिएको हो । यो बुझ्ने ईश्वर हो । त्यसले फेरि अज्ञानमा पर्नु पर्दैन । जो बुझ्दैन त्यो अज्ञानमा पर्दछ अनि जन्म, मरण र देह हुन्छ । जो बुझेर भावातीत भएर बसिरहन्छ त्यसको जन्म, मरण र देह पनि छैन र सृष्टि पनि छैन किनभने यो जगत्को सृष्टि भएकै छैन । त्यस्तै कुनै जगत्को पनि । यही तात्पर्यलाई बुझेर आफूलाई चिन्दा जीव मुक्त हुन्छ । सम्पूर्ण प्राणीहरूको महत्वाकांक्षा पनि यही नै हो– जीवन्मुक्ति ।⊘

श्रीपौडेलले यो दार्शनिक लेख आफ्नो अन्तिम समयमा लेखाएका हुन् । उनको नाउँमा विदुषीलाई प्रदान गरिने वेदान्ती केशवराज पौडेल पुरस्कार वि.सं. २०६१ सालमा स्थापना गरिएको छ ।

कैलाश : चीनको तिब्बतमा रहेको हिमालयको सबभन्दा पवित्र शिखर । जहाँ शिव पार्वतीकासाथ रहनु हुन्छ सोही हिमशिखर कैलाश हो । यो हिमालयको उचाइ १९००० फीट छ । हिन्दु, बौद्ध सबैको धार्मिक केन्द्र भएकोले यो हिमालको तीन दिन लगाएर परिक्रमा गरिन्छ, तर आरोहण गरिन्न । शिव सर्वव्यापक हुनुहुन्छ तापनि शिव यो रमणीय हिमालमा पार्वतीका साथ रहन र एक्लै छँदा समाधिमा लीन हुन रुचाउनु हुन्छ, त्यसैले उहाँ कैलाशनाथ कहलाउनुहुन्छ ।

कालो पत्थरबाट निर्मित कैलाश शिवलिङ्गको आकारको छ । मानसरोवरको ३० कि.मि. टाडा यो हिमाल रहेको छ । अर्जुनले कैलाश भ्रमण गरी किरातरूप शिवालाई खुशी पारी पाशुपतास्त्र प्राप्त गरे भन्ने वर्णन पुराण-शास्त्रमा पाइन्छ । युधिष्ठिरले पनि कैलाश क्षेत्रको भ्रमण गरेको वृतान्त पाइन्छ । *शिवपुराण*मा कैलाश माथि वैकुण्ठ छ भन्ने कुरा बताइएको छ । यस पुराणको दशम खण्डको नाम कैलाशसंहिता रहेको छ ।

⊘ *विदेह (द्वैमासिक) २०३० वैशाखमा प्रकाशित*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कैलाशका बारेमा गोस्वामी तुलसीदास लेख्छन्–

परमरम्य गिरिवर कैलासू ।
सदा जहाँ शिवउमानिवासू ॥

(मानस बाल.११४।८)

तुलसीदासले आफ्नो मानस-चक्षुले रमणीय शिखर कैलाशका साथै शिव-उमाको दर्शन गरेथे ।

विश्वकवि कालिदासले आफ्नो काव्य *मेघदूत*मा आधा दर्जन भन्दा बढी सुन्दर श्लोकहरूको माध्यमबाट कैलाश तथा कैलाशपतिको वर्णन गरेका छन् । उनले कैलाश पर्वतलाई 'चुचुरो शिवजीको साँडेले उखेलेको' भनी बयान गरेका छन् *(उ.मेघदूत)* । रावणले जोडले शिखरलाई हल्लाएको' 'देवताका ५० पत्नीहरूको मुख हेर्ने ऐना बनेको हिमाल' 'भर्खरै काटेको हात्तीको दाँत झैं गोरो' 'शिव र पार्वतीको क्रीडाशैल' । 'प्रियको काखमा कुनै सुन्दरी स्त्री बसे झैं' अलकापुरीलाई 'आफ्नो काखमा राख्ने कैलाश पर्वत जहाँबाट बगेको गङ्गा मानौं स्त्रीको 'शरीरबाट भुइँमा खसेको धोती हो'- यसरी आफ्नो काव्य-कौशलका साथ कविले कैलाशको वयान गरेका छन् । उनले केही श्लोकहरूमा मानसरोवरको पनि वर्णन गरेका छन् ।⁺ वियोगी यक्ष आफ्नी प्रियाको समीप मेघलाई दूत बनाएर पठाउँदै भन्छ–

हे जलद ! तिमीले कैलाश पुग्नु अघि मानसरोवरको पानी पिउनू जसमा सुनौला कमल फुलिरहेका छन् । त्यहीं तिमी ऐरावत हात्ती र कल्पवृक्षलाई भेट्नेछौ । तिनीहरूसँग क्रिडा गरेर तिमीले कैलाश पर्वतको नअघाउन्जेल भ्रमण गर्नू ।°

कैलाश-मानसरोवर जाने पैदल यात्रीहरू दार्चुलाबाट उत्तर लागी छाँगर र तिंकर भज्ज्याङ हुँदै तिब्बतको ताक्लाकोट पुगी मानसरोवरको

⁺ *पूर्व मेघदूत- ५८-६३ श्लोकहरू*

° *पूर्व मेघदूत-६२*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्रा गर्छन् । हुम्लाको यारी नाकाबाट पदयात्रा गर्नेहरू पनि तिब्बतको खोँचरनाथ मठको बाटो भएर ताक्लाकोट पुग्छन् । ताक्लाकोटबाट १० कि.मि. उत्तरमा अवस्थित मानसरोवर जान मोटरबाटो छ । मानसरोवर पुग्नु अघि राक्षसताल आउँछ । मानसरोवरबाट कैलाशतिर बढ्दा ३० कि.मि.मा धार्चिन पुगिन्छ जहाँबाट कैलाशको पैदल परिक्रमा शुरु हुन्छ । मानसरोवरसम्मको मोटरबाटोबाट जानको लागि अरनिकोबाट तिब्बतको खासा हुँदै जानु पर्छ । सतलज, ब्रह्मपुत्र आदि नदीहरूको मुहान बनेको मानसरोवर पानीहाँस लगायत जलचरहरूको क्रिडास्थल पनि हो । मानसरोवरमा मठ, घ्याङहरू रहेका छन् जहाँ यात्रुहरूलाई खान र सुत्न सुविधा प्राप्त हुन्छ । मानसरोवरबाट कैलाशको दर्शन गर्न सकिन्छ । कैलाशको पैदल-यात्रामा जान नसक्ने यात्रुहरू मानसरोवर तीर्थको स्नान र त्यहींबाट कैलाशको दर्शन गरेर फर्कन्छन् ।

कैलाशको दर्शन र परिक्रमा गरेर फर्केका यात्रुहरूका अनुसार अत्यन्त पावन र कठिन यात्रा भएको कारणले गर्दा यो तीर्थयात्रा गर्दा चित्तशुद्ध, मन प्रसन्न हुनुका साथै यो दिव्यधाम हो भन्ने अनुभूति प्राप्त हुन्छ ।

अण्डाकार मानसरोवरबाट कुनै नदी निस्केको नदेखिए पनि उच्च स्थलमा रहेको हिमताल भएको कारणले गर्दा ब्रह्मपुत्र आदि नदीको मुहान मानसरोवर हो जसको भूमिगत स्रोतबाट बगी नदी केही टाडा पुगेर प्रकट रूपमा बग्छन् । कैलाशको जल भने गौरीकुण्डमा खस्छ ।

तीर्थयात्राको महत्व बताएर सकिने कुरा होइन । *नारदपुराण*मा भनिएको छ– काम, क्रोध र लोभलाई जितेर जो तीर्थाटन गर्छ उसले तीर्थयात्राबाट प्राप्त गर्न नसक्ने कुरा केही छैन-

कामं क्रोधं च लोभं च यो जित्वा तीर्थामाविशेत् ।
न तेन किंचिदप्राप्तं तीर्थाभिगमनाद् भवेत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कैवल्य : मोक्ष । वेदान्तमा मुक्तिको प्रसंगमा कैवल्य शब्द प्रयोग गरिन्छ । 'एक मात्र'को अर्थमा 'केवल' शब्द प्रयोग हुन्छ । जस्तो– केवल आत्मज्ञान नै परमकल्याण (नि:श्रेयस)को साधन हो किनभने त्यसले भेद-दृष्टिलाई हटाइ दिन्छ र कैवल्य प्राप्त गराइ दिन्छ ।*

आद्यजगद्गुरु शंकराचार्य कैवल्य प्राप्तिमा ज्ञानलाई कर्मको सहायताको अपेक्षा रहँदैन किनभने ज्ञान अविद्याको नाशक छ । अन्धकारको नाशक अन्धकार हुन सक्तैन भन्छन् ।+

श्रुतिको भाषामा मृत्युको पार पुग्नु कैवल्य हो जुन प्राप्ति परमात्माको बोध भएपछि मात्र हुन्छ, अन्य उपायबाट हुँदैन–

तमेव विदित्वातिमृत्युमेति–
नाय:पन्था विद्यतेऽयनाय । *(श्वेता.उप.३।८)*

कर्ता-भोक्ता भाव त्यागेका आत्माको एकत्व र अकर्तृत्व बोध भएका, अभेद-दर्शनयुक्त ज्ञानीले इष्ट, अनिष्ट र मिश्रकर्म फल भोग्न पर्दैन त्यसैले त्यस्ता ज्ञानी जीव मृत्युको चक्रबाट पार पुग्छन् । यही स्थिति कैवल्य हो । कैवल्य मुक्तिका सम्बन्धमा *शिवगीतामा* के भनिएको छ भने कर्म-अनुष्ठान, दान, तपबाट मनुष्यले कैवल्य पाउन सक्तैन, केवल ज्ञानबाट मात्र सो परम पद प्राप्त हुन्छ–

न कर्मणामनुष्ठानैर्न दानैस्तपसापि वा ।
कैवल्यं लभते मर्त्य किन्तु ज्ञानेन केवलम् ॥ *(१।२)*

ज्ञान कसरी प्राप्त गर्ने भन्ने जिज्ञासा श्रीरामले गर्नु हुँदा महादेवेश्वर भन्नुहुन्छ–

तथाथर्वाशिरोमन्त्रं कैवल्यं वा रघुत्तम ।
स तैनेव च देहेन शिव: संजायते स्वयम् ॥

(ऐजन- १६।६०)

---

* *गीता शांकरभाष्यको अन्तिम खण्ड (उपसंहार प्रकरण)*

+ऐजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् हे राम ! अथर्वशीर्ष या *कैवल्य उपनिषद्*का मन्त्रहरू जप्दा जप्दै साधक जीवभाव त्यागेर स्वयं शिवस्वरूप बन्छ ।

कैवल्य उपनिषद् : आश्वलायन ऋषिले कैवल्य कसरी प्राप्त गर्ने भनेर ब्रह्माजीसँग जिज्ञासा राख्दा उहाँले दिनु भएको मोक्षको उपदेश *कैवल्य उपनिषद्* कहलाएको हो ।

यस उपनिषद्मा भनिएको छ– मनुष्य मायाले वशमा पारेर देहाध्यासी बन्छ र सबै प्रकारको कर्म गर्न थाल्छ । त्यो मनुष्य विषयवासना र मध्यपान समेत विचित्र भोग भोगेर तृप्ति पाएँ भन्ठान्छ । मायाद्वारा कल्पित जीवलोकको त्यो प्राणी स्वप्न अवस्थामा पनि सुख-दु:ख भोग्छ अनि सुषुप्ति कालमा, समस्त मायाका प्रपञ्च अज्ञानमा लीन भएको अवस्थामा सुखको अनुभव समेत गर्छ ।

स्वप्ने स जीव: सुखदु:ख भोक्ता
स्वमायया कल्पित विश्वलोके ।
सुषुप्तिकाले सकले विलीने
तमोऽभिभूत:सुखरूपमेति ॥ *(ऐजन-१५)*

त्यसपछि ऊ पुन: स्वप्नावस्था या जाग्रत अवस्थामा फर्कन्छ । यसरी जीव तीन प्रकारका पुरी या शरीर- स्थूल, सूक्ष्म र कारणमा रमण गरिरहन्छ । जब ती तीन प्रकारका शरीरको लय हुन्छ त जीव मायिक प्रपञ्चबाट मुक्त भएर अखण्डानन्द (कैवल्यानन्द) अनुभव गर्छ ।

यस उपनिषद्मा अद्वैत शिव-तत्त्वको आश्रयमा रहने जीवको मुक्तिको रहस्य बताइएको छ–

स ब्रह्मा स शिव:सेन्द्र सोऽक्षर परम:विराट् ।
स एव विष्णु:स प्राण:स कालाग्नि: स चन्द्रमा ॥
स एव सर्वं यद्भूतं यच्च भव्यं सनातनम् ।
ज्ञात्वा तं मृत्युमत्येति नान्य:पन्था विमुक्तये ॥
(१० र ११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् उनै ब्रह्मा, विष्णु, शिव, इन्द्र, अक्षर र विराट हुन् । सोही तत्त्व प्राण, काल, अग्नि र चन्द्रमा हो । अगाडि भएको, वर्तमानमा रहेको, पछि हुने एवं सनातन शिव-तत्त्वलाई जसले जान्यो, साक्षात्कार गऱ्यो, उसले मृत्युसागर तऱ्यो, कैवल्यका लागि अर्को बाटो छैन ।

महामुनि जोसमणि*(हेर्नू जोसमणि)*ले आत्मज्ञानका कुराहरू भरेर *कैवल्योपनिषद* शीर्षक पुस्तकको रचना गरेका छन् । यसमा उनले आफ्ना शिष्यहरूलाई उपदेश गरेका छन् ।

यस उपनिषद्मा सबैको आत्मस्वरूप एवं सम्पूर्ण ब्रह्माण्डको निवास ब्रह्म नै हो जुन सूक्ष्ममा अत्यन्त सूक्ष्म छ र नित्य पनि छ भनेर ब्रह्मको लक्षण बताउँदै महावाक्यार्थको पनि प्रकाश पारिएको छ- **तत्त्वमेव त्वमेव तत्** *(१९)* । त्यो ब्रह्म जसको वयान गरियो त्यो तिमी नै हौ र तिमी नै तत्-पदार्थ हौ । यसरी त्वम्पदार्थ र तत्पदार्थको एकता गरिएको छ ।

बन्धनमुक्तिका सम्बन्धमा यस उपनिषद्मा के भनिएको छ भने जाग्रत, स्वप्न र सुषुप्ति आदि प्रपंचलाई प्रकाशित गर्ने ब्रह्म नै हो र 'ब्रह्मदेखि म अभिन्न हुँ' भन्ने ज्ञान हुने बित्तिकै सबै बन्धनबाट मुक्ति मिल्छ–

जाग्रत्स्वप्न सुषुप्त्यादि प्रपञ्चं यत् प्रकाशते ।
तद्ब्रह्माहमिति ज्ञात्वा सर्वबन्धैः प्रमुच्यते ॥ *(२०)*

कैवल्यपाद : महर्षि पतञ्जलीको *योगसूत्र*का चार परिच्छेद (पादहरू)मध्ये अन्तिम । यसमा कैवल्यका लागि उपयोगी चिन्तनका सम्बन्धमा उठेका शङ्काहरूको युक्तिपूर्वक निवारण गरिएको छ । यसमा सिद्धिहरू, योगीका कर्महरू, विवेकज्ञानद्वारा चित्त र आत्माको भेद जानेपछि योगी शंका-समस्या रहित हुनु, उसको चित्त कैवल्य प्रति उन्मुख रहनु, चित्त स्वरूपमा लय हुन थालेपछि पूर्व-संस्कारको स्मृतिहरू बाँकी रहनु, योगीलाई धर्ममेध समाधि प्राप्त भै क्लेशहरू र कर्महरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवृत्ति हुनु अनि कैवल्य (मोक्ष) प्राप्त हुनु जस्ता गहन दार्शनिक विषयहरू समाविष्ट छन्। कैवल्यपादको अन्तिम सूत्र हो– **पुरुषार्थशून्यानां गुणानां प्रतिप्रसवः कैवल्यं स्वरूपप्रतिष्ठा वा चितिशक्तेरिति ।**

अर्थात् पुरुषार्थशून्य गुणहरू आफ्नो कारणमा विलीन हुनु नै कैवल्य हो या चित्त-शक्ति आफ्नो स्वरूपमा प्रतिष्ठित हुनु कैवल्य हो ।

अविद्या नाश भएपछि गुणत्रय पुरुषार्थहीन हुन्छन्। चित्त-शक्ति आफ्नो अधिष्ठान चैतन्यमा लय हुन्छ । यो मनोनाश, वासनाक्षय र तत्त्व-साक्षात्कार स्थिति हो ।

कोश : वेदान्त-शास्त्रमा पञ्च कोशको चर्चाको क्रममा कोश शब्दको प्रयोग हुन्छ । कोशातीत आत्मा *(हेर्नू कोशातीत)*लाई जान्न पाँच कोशहरू अर्थात् स्थूल, सूक्ष्म र कारण शरीर अन्तर्गतका पाँचवटा खोलहरू फुकाल्दै जानुपर्छ । पञ्च कोश हुन्–

१. **अन्नमय कोश–** रज-वीर्यबाट बनेको स्थूल देह । यो शरीर आत्माको बाह्य खेल हो । पिता-माताले खाएको अन्नबाट उत्पन्न हुन्छ तथा अन्त्यमा पृथ्वीमा लय भएपछि पनि जीव, वनस्पतिका लागि अन्न(आहार)मा परिणत हुने भएकोले यसलाई अन्नमय भनिएको हो । यो कोश जन्मन्छ, रहन्छ, बढ्छ, घट्छ बिग्रन्छ र नष्ट हुन्छ– **अस्ति जायते वर्द्धते अपक्षीय ते विपरिणमते नश्यन्ति ।**

२. **प्राणमय कोश–** स्थूल देहमा व्याप्त भएर आफ्नो बलद्वारा कर्मेन्द्रियहरूलाई आ-आफ्नो व्यापारमा जसले प्रवृत्त गर्छन् ती पञ्च प्राण र पञ्च कर्मेन्द्रियको नाम प्राणमय कोश हो । *(खप्तडस्वामी-धर्म-विज्ञान-४)*

३. **मनोमय कोश–** पञ्च ज्ञानेन्द्रिय र मन मिलेर बनेको रजोगुणी वृत्तियुक्त जुन सूक्ष्म शरीर हो त्यसलाई मनोमय कोश भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो प्राणमय कोशदेखि भिन्न छैन ।

४. **विज्ञानमय कोश–** सत्त्वगुणको अवस्थामा विशेष जसमा बुद्धिवृत्तिको प्रवलता देखिन्छ ।

५. **आनन्दमय कोश–** आत्माको नजिक रहेको र आनन्दस्वरूप आत्माको प्रतिबिम्ब अविद्यावृत्तिमा पर्छ अनि विषयानन्द प्राप्ति हुन्छ जुन कारण शरीरले भोग्छ । यसैलाई आनन्दमय कोश *(हेर्नू वे.विश्वकोश)* भनिन्छ । प्रिय वस्तुको स्मृति-दर्शन (प्रिय), त्यसको निकटता (मोद) र भोग(प्रमोद)बाट क्षणिक राजस सुख प्राप्त हुन्छ । यस कोशको आनन्द भनेको त्यही हो । आनन्दमय पुरुषले सुतेको बखतमा सुषुप्तिमा चित्त अविद्यामा लय भै आनन्द भोग्छ तर यो आनन्द आत्मानन्दको छाया मात्र हो ।

स्थूल र सूक्ष्म देहको अध्यास दु:खदायी छ, मोहग्रस्त छ । अविद्यालाई त्यागेपछि ज्ञानोदय हुन्छ– वास्तविक आत्मस्वरूपको बोध हुन्छ । बुद्धिको भर परेर दु:ख-सागरबाट पार लागिन्न । बुद्धिले पार लगाउने भए संसारमा धेरै बुद्धिजीवी छन् ती पार तरिसक्थे । त्यसैले अन्नमय, प्राणमय आदि कोश झैं यो पनि कोश हो र यसंभन्दामाथि आत्मा छ जुन कोशातीत हो ।

कोशातीत : स्वयंप्रकाश आत्मालाई कोशहरू भित्र खोज्न मिल्दैन किनकि यो कोशदेखि पर छ, कोशातीत छ । कुनै बहुमूल्य वस्तु बट्टामा लुकाएर, सुरक्षित पारेर राखे झैं कोशहरू भित्र आत्मा रहेको होइन । आत्मवस्तु सूक्ष्म, सर्वव्यापक भएकोले कोशहरूले यसलाई ढाक्न सक्तैन । शंकराचार्यको भनाइ छ–

योऽयमात्मा स्वयंज्योतिः पञ्चकोशविलक्षणः ।
अवस्थात्रयसाक्षी सन्निर्विकारो निरञ्जनः ।
सत्स्वरूप स विज्ञेयः स्वात्मत्वेन विपश्चिता ॥

(विवेकचूडामणि-२१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् आत्मा स्वयंप्रकाश, अन्नमयादि पाँच कोशहरूदेखि पृथक, जाग्रत्, स्वप्न र सुषुप्ति तीन अवस्थाहरूको साक्षी भएर पनि निर्विकार, निर्मल, निरञ्जन एवं नित्यानन्दस्वरूप छ। यसलाई नै विद्वान् पुरुषले आफ्नो स्वरूप संझनु पर्छ।

आत्मा कोशातीत नभैदिएको भए आनन्दमय कोश भित्र यसलाई भेट्टाउन सकिन्थ्यो किनकि आनन्दस्वरूप आत्माको प्रतिबिम्बद्वारा चुम्बित तथा तमोगुणद्वारा प्रकट भएको वृत्ति आनन्दमय कोश हो– **आनन्द प्रतिविम्बितचुम्बिततनुर्वृत्तिस्तमोजृम्भिता** ।◆फेरि यस कोशको तीव्र प्रतीति सुषुप्तिमा हुन्छ। जाग्रत तथा स्वप्नमा इष्ट वस्तुको दर्शन, प्राप्ति र भोग(प्रिय, मोद र प्रमोद)द्वारा भान हुन्छ।* सुषुप्तिको आनन्द अज्ञानानन्द हो, प्रिय वस्तु प्राप्तिबाट मिल्ने क्षणिक आनन्द भोगानन्द हो, मृगतृष्णा हो तर स्वरूपको ज्ञान, साक्षात्कारबाट प्राप्त हुने आनन्द आत्मानन्द हो। राम्ररी विचार गर्दा व्यक्तिले चाहेको वस्तु मिल्दा प्राप्त हुने आनन्द आत्माबाटै आएको हो वस्तुबाट होइन। त्यसैले त्यस आत्माको हामी पूजा गरौं।+ कुनै वस्तुलाई प्राप्त गरी भोग गर्न लालायित भइरहेको मन सो प्राप्त भए पछि शान्त हुन्छ। शान्त मनमा आत्मानन्द प्रतिबिम्बित हुन्छ र मानिस केही बेर आनन्दित हुन्छ। उसको मनले पुनः अरू वस्तुहरूको चाहना गर्दै चञ्चल हुन्छ र त्यो आनन्द बिलाउँछ। तर आत्मबोधको आनन्दको सीमा छैन, काल-अवधि छैन। *सिद्धगीता*मा सातौं सिद्ध भन्छन्– सबै पदार्थहरूलाई त्यागिदेउ। त्यसबाट मनमा शान्ति मिल्छ र अविनाशी पद प्राप्त हुन्छ।

कोशातीत चिदात्मालाई कसरी अनुभव गर्ने, किन अनुभव गर्ने भन्ने

◆ऐजन-२०९

** ऐजन-२१०*

+सिद्धगीता-योगवाशिष्ट-उपशम प्रक.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न जिज्ञासु जनमा उठ्दछ । उसले कोशातीत अवस्थाको अनुभूति गरेकै छैन । कोशातीत आत्माको अनुभवको प्रयोजन दुःखबाट मुक्ति र सुख-प्राप्तिका लागि हो । जन्म-दुःखबाट मुक्ति र सुख-प्राप्तिका लागि हो । जन्म-दुःख, जरा (बूढ्याँइ) दुःख, व्याधी-आधी दुःखादिबाट आफू घेरिएको उसले बुझिरहेको छ । विवेक-बुद्धि र वैराग्यबाट कोशातीत स्थितिको अनुभव गर्न सकिन्छ । जटा भएको काँचो नरिवल भित्र पानी छ त्यसैले भित्रको नरिबल जटासँग टाँसिएको छ जसरी वासना, तृष्णाको कारणले गर्दा मानिसले आफूलाई सुखस्वरूप आत्मा भनेर अनुभव गर्न सक्तैन । पानी सुकेको नरिवलले जटासँग टाँसिएर रहने कार्य त्यागिदिन्छ । फलतः जटालाई फोर्दा पनि नरिवल फुट्दैन । असङ्गता या वैराग्यको यो उदाहरण हो । असङ्ग मुमुक्षु देह र गेह-त्यागबाट दुःखी हुँदैन । विवेकी विचारवान् पुरुषले आफूलाई चिदात्मा मान्छ र स्थूल, सूक्ष्म तथा कारण शरीरदेखि भिन्न जान्दछ । यसरी ब्रह्मलाई जानेपछि ऊ ब्रह्म नै भइहाल्छ– **ब्रह्म वेद ब्रह्मैव भवति** *(मुण्ड.उप ३।२।९)* ।

शास्त्र, सज्जनहरूले कोश, काल, उपाधिमा आफूलाई सीमित नबनाउ भनेर जुन ज्ञानोपदेश दिइरहेका छन् त्यसबाट हामीले के बुझ्नु पर्छ भने व्यष्टिचेतन भावलाई त्यागेर समष्टिचेतन भावमा आउनु नै बुद्धिमानी हो । परा+आत्मा समष्टि शरीर अभिमानी हो । अपरा+आत्मा व्यष्टि शरीर अभिमानी हो ।

व्यष्टिशरीर अभिमानी आफूलाई मानेर जीव बनेको हो । नित्य, निरन्तर समष्टि अभिमानी 'म' हुँ भन्ने चिन्तन गरिरहँदा त्वम्पद शोधन भै तत्पदसँग एकता हुन्छ । **तत्त्वमसि** महावाक्य श्रवण गराउने गुरु टाढा छैनन्, त्वम्पद शोधन मात्र हुनुपर्छ । जसले आफूलाई जानिसकेको छ त्यस्तो जीवन्मुक्त पुरुष आनन्दमग्न भै गाउन थाल्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न च प्राणसंज्ञो न वै पंचवायु-
र्न वा सप्तधातुर्न वा पंचकोशः ।
न वाक् पाणिपादौ न चोपस्थपायू
चिदानन्दरूपः शिवोऽहम् शिवोऽहम् ॥

(शंकराचार्यकृत आत्मषट्क-२)

अर्थात् म प्राणद्वारा बोलाइने प्राणी होइन, पञ्चवायु, सप्तधातु वा पञ्चकोशसँग सम्बन्धित शरीरवाला होइन । मेरो वाणी, पाणी, पाद, उपस्थ, पायु आदि इन्द्रियहरू पनि छैनन् । म त चिदाकाश हुँ, चिदानन्द हुँ । एकै शब्दमा भन्दा म शिव हुँ, हो शिव हुँ !

कौटल्य : चाणक्य, विष्णुगुप्त । कुटलगोत्रीय भएकाले विष्णु गुप्तको नाम कौटल्य रह्यो– **कूटो घटः तं धान्यपूर्ण लान्ति संगृह्णन्ति इति कुटला । कुम्भीधान्याः त्यागपरा ब्राह्मण श्रेष्ठाः । तेषां गोत्रापत्यं कौटल्यो विष्णुगुप्तो नाम ।**

अर्थात् अपरिग्रही ब्राह्मण जो एक कूट (घट)भन्दा बढी अन्न संग्रह गर्दैनथे ती कुम्भीधान्य नामक अत्यन्त श्रेष्ठ ब्राह्मणको गोत्रापत्य कौटल्य कहलायो ।✠

चणकको पुत्र (वंशज) भएकाले यिनी चाणक्य पनि कहलाए । अर्थशास्त्रको पुस्तकका लेखकको रूपमा कौटल्य भनी प्रख्यात भएका विष्णु गुप्त नीति–ग्रन्थहरूमा चाणक्यकै नामबाट चिनिन्छन् । उनैको नाममा ग्रन्थको नाम राखिएका छन्– *चाणक्य नीति-दर्पण, चाणक्यसूत्र, लघुचाणक्य, वृद्धचाणक्य ।*

इन्द्रियजयी, मेधावी, विद्वान्, नीतिमान् र सम्राट-निर्माता कौटल्य भगवान्का भक्त पनि थिए । उनी गाउँथे यसरी–

का चिन्ता मम जीवने यदि हरिर्विश्वम्भरो गीयते ।✡

✠*कौटल्य–अर्थशास्त्र*

✡*चा.नीति-दर्पण १०।१७*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरि, विश्वम्भर जगत्‌को पालनहार हुनुहुन्छ भने मलाई आफ्नो जीवनका सम्बन्धमा के को चिन्ता ! ईसाभन्दा ४०० वर्ष अघि भारत वर्षको तक्षशलिमा कौटल्यको जन्म भएथ्यो । यिनले बुद्धि, कूटनीति, आत्मविश्वास र राजनीतिक दर्शनका आधारमा यूनानी शासक (सिकन्दर)समेतलाई आफ्नो मुलुकबाट लखेट्ने साहस गरे ।

विद्याको केन्द्र तक्षशिलामा अध्ययन पूरा गरेपछि यिनी उच्च शिक्षाका लागि पाटलिपुत्र आए । त्यसबखत मगधका राजा थिए घननन्द जो लोभी र अत्याचारी थिए । तर चाणक्यले नीतिशास्त्रको ज्ञान गराई राजालाई सुधार्ने प्रयत्न गरे भनिन्छ । गरे एक दिन राजाले रीसको झोकमा उनलाई बोलाएर भने– तिम्रो बुद्धि, नीति, कूटनीतिक सुझबुझ अति सुन्दर लाग्यो मलाई, तर तिम्रो रूप पनि राम्रो भैदिएको भए कस्तो हुन्थ्यो ! दरवारका मानिसहरूका सामुन्ने आफूलाई कूरूप भनेर राजाले अपमान गर्दा कौटल्य अति क्रूद्ध भए । यिनले टुपीको गाँठो फुकालेर प्रतिज्ञा गरे- तिमी जस्ता बुद्धिहीन राजालाई राज्यच्यूत गरी विद्वान् र वलवान् व्यक्तिलाई राजा नबनाएसम्म म टुपीमा गाँठो पार्दिन । दरवारबाट निस्कँदा उनको मनमा यस्तो विचार पैदा भयो–

वरं न राज्यं कुराजराज्यं
वरं न मित्रं न कुमित्रमित्रम् ।
वरं न शिष्यो न कुशिष्यशिष्यो
वरं न दारा न कुदारदारा ॥

(चा.नीति-दर्पण ६।१३)

अर्थात् कुराजा हुनुको साटो राजा नै नहुनु जति, कुमित्र हुनुभन्दा मित्र नै नबनाउनु राम्रो, कुशिष्य हुनुभन्दा शिष्य नै नहुनु राम्रो अनि भ्रष्ट पत्नी हुनुभन्दा पत्नी नै नहुनु निको ।

कौटल्य धर्मलाई सुखको मूल मान्दथे । ब्रह्माण्ड परमात्माद्वारा सञ्चालित छ, उहाँ प्रति श्रद्धाविश्वास राखेर चल्नु पर्छ भन्ने उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार थियो । *चाणक्य नीति-दर्पण*को मंगलाचरणमा उनी त्रैलोक्यका अधिपति विष्णुको स्तुति गर्छन्–

प्रणम्य शिरसा विष्णुं त्रैलोक्याधिपतिं प्रभुम् ।
नानाशास्त्रोध्दृतं वक्ष्ये राजनीतिसमुच्चयम् ॥

कौटल्यको नीतिशास्त्रमा वेदान्त चिन्तनको कमी छैन । उनी भन्छन्– फूलमा वास्ना, तिलमा तेल, काठमा अग्नि, दुधमा घीऊ र उखुमा चिनी रहे झैं शरीरमा आत्मा रहेको छ । आत्म-साक्षात्कार गर्न विवेक-बुद्धिको उपयोग गर्नुपर्छ–**देहे पश्यात्मानं विवेकत: ॥** *(ऐजन ७।२१)*

कौटल्य मुमुक्षुलाई सल्लाह दिन्छन्– मुक्तिका लागि विषयलाई विषवत् त्याग, क्षमा, सरलता, दया, पवित्रता र सत्यलाई अमृत मानेर सेवन गर–

मुक्तिमिच्छसि चेत्तात विषयान् विषवत्त्यज ।
क्षमार्ज्जवदयाशौचं सत्यं पीयूषवत् भज ॥[८]

कौटल्य सोक्रेटिज झैं कूरूप थिए तर भक्ति, ज्ञान, विद्वता जस्ता गुणहरूले गर्दा यिनले आफूलाई अपराजेय आत्मा माने । यही उच्च भावनाले गर्दा यिनले ठूल-ठूला कार्य गर्न सके । यिनले 'सरल जीवन उच्च विचार'को सिद्धान्तलाई चरितार्थ गरे । चन्द्र गुप्तलाई मगधको सिंहासनमा बसालेर चक्रवर्ती बनाउन योगदान दिने व्यक्तित्व बारे भनिन्छ यिनले महलमा नबसी कुटीमा रहे, सामान्य लुगा लगाए, रुखा-सुखा खाना खाए । यिनी आफ्नी आमा सत्य, ज्ञानलाई पिता, धर्मलाई दाजुभाइ र दयालाई साथी, शान्ति नै पत्नी अनि क्षमालाई पुत्र मान्दथे–

सत्यं माता पिता ज्ञानं धर्मो भ्राता दया सखा ।
शान्ति: पत्नी क्षमा पुत्र: षडेते मम बान्धवा: ॥
(ऐ. १२।११)

---

८ *ऐजन ९।१ । यही श्लोक अष्टावक्रगीता १।२ सँग मिल्छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौल : शाक्तहरूको वाममार्गी सम्प्रदायको एक शाखा । *कौलोपनिषद्* तथा *परशुराम-भार्गवसूत्र* नै यस सप्रदायको आधारग्रन्थ हो । दिव्य, घोर र पशु यी तीन भावमा दिव्य भाव मध्ये लीन ब्रह्मज्ञानीलाई कौल भनिन्छ । कौल-गुरुबाट मन्त्र पाएर शिष्य ब्रह्मज्ञानी हुन्छ तर पशु (अज्ञानी)बाट मन्त्र पाउने पशु नै र वीरबाट मन्त्र पाउने वीर नै बन्छ भनिएको छ-

पशोर्वक्त्राल्लब्ध :मन्त्रः पशुरेव न संशयः ।
वीराल्लब्धमनुर्वीरः कौलाच्च ब्रह्मविद् भवेत् ॥

(महानीलतन्त्र)

तान्त्रिक गणलाई सात प्रकारबाट विभक्त गरिएको छ जसलाई आचार भनिन्छ– १. वेद २. वैष्णव ३. शैव ४. दक्षिण ५. वाम ६. सिद्धान्त र ७. कौल । कौलाचारलाई सर्वश्रेष्ठ मानिएको छ । यसमा समदृष्टि रहन्छ । जस्तो–

श्मसाने भवने देवि तथैव काञ्चने तृणे ।
नभेदो यस्य देवेशि स कौलः परिकीर्तितः ॥

(नित्यातन्त्र)

अर्थात् हे देवी ! मसान र भवन, सुन र घाँसमा जसले भेद देख्दैन उसलाई कौल भनिन्छ । कौलाचारमा काली वा ताराको पञ्चमकारका सहित पूजा हुन्छ । पञ्चमकार भनेको भौतिक वस्तु नभई रूपक हो भनेर विद्वानहरूले भनेका छन् ।

कौशल्या : राजा दशरथकी जेठी महारानी एवं रामकी माता । कोशल देशकी राजाकी कन्या, कोशलपुरी(अयोध्या)की बडामहारानी भएकाले कौशल्या कहलाइन् । यिनी अति सहनशील, समझदार र बुद्धिमती थिइन् । यस्ता गुणहरू उनमा नभएको भए राज्याभिषेक गर्ने ठहर भएपछि त्यसको ठीक उल्टो अर्थात् रामलाई १४ वर्ष वनवास मिल्नु जस्तो क़ठोर निर्णयलाई कौशल्याले कसरी सहन्थिन् ? कैकेयीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि लिने भनी राखिएको दुई वरहरू भरतलाई राज्य र रामलाई वनगमनमा परिणत होस् भनेर जिद्धी गर्दा आफूलाई सम्हाल्न नसकी लडेका दशरथको रामको वनगमन अवस्थामा निधन हुनु जस्ता अप्रत्याशित दुःखद घटनालाई कौशल्याले सहिन् । उनी १४ वर्षपछि रामसँग सुखद मिलन हुने आशामा जिवित रहिन् ।

कौशल्यामा पूर्वजन्मको कठोर तप एवं भक्तिको संस्कार थियो । प्राचीन कालमा ब्रह्माका पौत्र एवं मरीचिका पुत्र कश्यप ऋषि तथा अदितिले तपस्या गरी भगवान् विष्णुलाई खुशी पारेका थिए । भगवान्ले वर दिँदै भन्नु भएको थियो– तिमीहरूको मलाई पुत्रको रूपमा पाउने इच्छा पूरा हुनेछ । उनीहरूको तपस्याको फलस्वरूप कश्यप र अदितिको पुत्रको रूपमा भगवान् प्रकट हुनुभयो । त्यसको अतिरिक्त विष्णुले भन्नु भएथ्यो- कोशलपुरीमा तिमीहरू राजा दशरथ र रानी कौशल्या भई राज्य गर्ने छौ । त्यस समयमा पनि म अंशावतार रूपमा तिमीहरूको सुपुत्र बन्ने छु । त्यसपछिको जन्ममा कश्यप र अदिति आदिमनुष्य मनु महाराज र आदिनारी शतरूपा बने । उनीहरूले त्यस जन्ममा पनि भक्ति र तपद्वारा विष्णुलाई प्रसन्न पारे । भगवान्ले वर माग भन्दा मनुले भने–

दानि सिरोमनि कृपानिधि नाथ कहउँ सति भाउ ।
चाहउँ तुम्हहि समान सुत प्रभु सन कवन दुराउ ॥

(बालकाण्ड-१४९ रामचरितमानस)

अर्थात् हे दानीहरूका शिरोमणि ! हे कृपानिधान ! हे नाथ ! म आफ्नो सच्चा मनोभाव बताउँछु- म तपाईं समान पुत्र चाहन्छु । शतरूपाले भगवान्सँग वर मागिन्- तपाईंका सन्निकट रहँदा जुन अलौकिक, अखण्ड सुख र परम गति मिल्छ सोही गति मिलोस्–

सोइ सुख सोइ गति सोइ भगति सोइ निज चरनसनेहु ।
सोइ विवेक सोइ रहनि प्रभु हमहि कृपा करि देहु ॥

(ऐजन, श्लोक १५०/कल्याण-मानसांक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी पूर्वजन्महरूमा कठोर तपस्याद्वारा भगवान्लाई खुशी पारी उहाँको सान्निध्यबाट मिल्ने अलौकिक सुखको चाहना गरेकीले कौशल्याले भगवान्लाई पुत्र रूपमा प्राप्त गरिन् । द्वापर युगमा कौशल्या नै देवकी बन्दै श्रीकृष्णकी माता बनिन् भन्ने कुरा *श्रीमद्भागवत*मा पाइन्छ । सन्तकवि तुलसीदासले 'कौशल्या हितकारी' श्रीरामको प्राकट्यको सुन्दर वर्णन गरेका छन्–

भए प्रकट कृपाला दीन दयाला कौसल्या हितकारी ।
हरषित महतारी मुनिमनहारी अद्‌भूत रूप बिचारी ॥
लोचनअभिरामा तनुघनस्यामा निज आयुध भुजचारी ।
भूषन बनमाला नयन बिसाला सोभासिन्धु खरारी ॥

अहैतुकी कृपा गर्ने दीन दुःखीका सहायक, कौशल्याका कल्याणकारक, मुनिहरूको मन हर्ने, नेत्रलाई आनन्द दिने सगुण, साकार रूप, चतुर्भुज भगवान् आभूषण वनमालाद्वारा शोभित, ठूल-ठूला आँखा भएका, शोभाको समुद्र तथा खर राक्षसलाई मार्ने विष्णु भगवान् माता सामु प्रकट हुँदा कौशल्या अद्‌भूत हर्षले विभोर भइन् । उनले हात जोडेर भन्न थालिन्– हे अनन्त ! म कसरी तपाईंको स्तुति गरुँ । वेद र पुराणले तपाईंलाई माया, गुणातीत, ज्ञानातीत र परिणामरहित भनी बताएका छन् । श्रुतिहरू र संतजनले तपाईंलाइ दया र सुखको समुद्र, सबै गुणहरूको धाम भनेर स्तुतिगाएका छन् । उही भक्तवत्सल लक्ष्मीपति मेरो कल्याणका खातिर आज प्रकट हुनुभएको छ । कौशल्याले पुनः उद्‌गार प्रकट गरिन्– वेद भन्छन्– तपाईंको रौं-रौंमा मायाद्वारा रचित अनेक ब्रह्माण्डहरू छन् । यस्ता भगवान् मेरो गर्भमा रहेको हाँसोलाग्दो कुरा सुनेर विवेकी पुरुषको पनि बुद्धि ठेगानमा रहँदैन, विचलित हुन्छ । तुलसीदास भन्छन्– माताको ज्ञानपूर्ण कुरा सुनेर प्रभु हाँस्नुभयो । उहाँले पूर्वजन्मका कुराहरू बताएर मातालाई संझाउनु भयो । यसरी संझाएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौशल्यामा वात्सल्य भाव पैदा भयो र भन्न थालिन्-

माता पुनि बोली सो मति डोली तजहु तात यह रूपा ।
कीजै सिसुलीला अति प्रियसीला यह सुख परम अनूपा ॥

मातालेे भगवान्लाई 'शिशुलीला' गर्न अनुरोध गरेपछि श्रीहरि बालक बनेर रुन थाल्नु भयो । अन्य रानीहरू, दासीहरू दौडेर कोठामा आए जहाँ श्रीराम प्रकट हुनुभएथ्यो ।

श्रीरामले एक दिन शिशु अवस्थामै कौशल्यालाई आश्चर्यचकित पार्ने लीला देखाउनु भयो । माता शिशुलाई कोक्रामा सुताएर पूजा-कोठामा गइन् र इष्टदेवको पूजा-आजा गरी नैवेद्य चढाइन् । अनि भान्छामा गएर पुन: पूजाकोठामा आउँदा बालक राम नैवेद्य खाइरहेको देखेर दौडी कोक्रामा हेर्न गइन् त्यहाँ शिशु राम मस्त निदाइरहेका । उनी छक्क परिन् । त्यसपछिको घटना हो । कौशल्यालाई रामले आफूमा विराटरूपको दर्शन गराइदिनु भयो अनि भन्नुभयो– यो रहस्य गोप्य नै राखियोस् । कौशल्याले विन्ति गरिन्– अब तपाईंको मायाले मलाई मोहित नपारोस् । भगवान्ले माताको वचन राख्नु भयो ।

*रामायण*को अन्त्यमा सीताजीको धरती प्रवेश पछि एकान्त स्थानमा श्रीरामलाई भेटी कौशल्या माताले ज्ञान र भक्तिको उपदेश सुन्न चाहिन् । श्रीरामले भक्तियोग र ज्ञानयोगको उपदेश गर्दै भन्नुभयो– म सबै प्राणीहरूमा रहेको छु– यो कुरा जानेर सबै प्राणीहरूमा श्रद्धा गर्नु पर्छ । जीव र ईश्वरमा कदापि भेददृष्टि राख्नु हुन्न । मैले भक्तियोग र ज्ञान योगको उपदेश गरेको छु । यी दुई मध्ये एउटाकै सहारामा चले पनि मुमुक्षुको कल्याण हुन्छ । यसरी रामको उपदेशलाई हृदयमा धारण गरेर श्रीरामको ध्यान गर्दै कौशल्याले संसार बन्धनलाई चुडालिन् र गुणातीत मोक्षपद प्राप्त गरिन् ।

(अध्यात्म रामायण (उत्तरकाण्ड ७८३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौशिकः विश्वामित्र । इन्द्र, देवीको नाम पनि कौशिका हो ।* विश्वामित्रका पितामह कुशिक पनि कौशिक हुन्, उनले लामो समयसम्म राज्य गरेको कुशै-कुशको खानी रहेको द्वीप अर्थात् उनको राज्य पनि कौशिक कहलाउँछ भन्ने विद्वान्हरू पनि छन् । कौशिकले तपस्या गरेको स्थानको नदीको रूपमा कोशी नामाकरण भएको हो भन्ने भनाइ पनि छ । कौशिक गोत्रका त्रिप्रवरमा कौशिक, देवारात र ओदलको नाम आउँछ । रिमाल आदि कौशिक गोत्रमा पर्छन् ।

कौशिक (कान्यकुब्जका राजा)ले विश्वलाई नै मित्र बनाएकाले तथा महान् तपस्वी भएकाले उनी महर्षि विश्वामित्र कहलाएका हुन् । कौशिकको वंशावलीको अध्ययन गर्दा यज्ञकर्ता एवं धर्मात्मा आजमीढ आदि कुलपुरुष हुन् । उनका पुत्र महात्मा नरेश जन्हु भए । उनैको नामबाट गङ्गाको नाम जन्हवी *(हेर्नू जान्हवी)* रह्यो । जन्हुका छोरा सिन्धुद्वीप गुणवान् एवं महायशस्वी राजा भए । सिन्धुद्वीपका पुत्र बलार्काश्व महावली राजा भए । महावलीका पुत्र बल्लभ धर्मको प्रतिमूर्ति कहलाए । यिनका पुत्र कुशिक इन्द्र समान तेजस्वी भए । कुशिकका पुत्र गाधि *(हेर्नू गाधि)* शत्रुसूदन कहलाए । यी दीर्घकालतक सन्तानहीन भएकाले पुत्र-प्राप्तिका लागि यिनले तप गरे, सोमयाग गरे । सन्तान स्वरूप यिनलाई पुत्री प्राप्त भयो जसको नाम राखियो सत्यवती । यिनी अन्यन्त सुन्दरी थिइन् । भृगुवंशी च्यवनका पुत्र विख्यात तपस्वी ऋचीकले गाधिसँग राजकन्या मागे तर राजाले गरीब तपस्वीलाई शुरुमा कन्या दिन मन्जुर गरेनन् । पछि आफूले मागेको वस्तु जुटाउन सक्ने भए सत्यवतीसँग बिहे हुन सक्छ भन्ने शर्त राखे । चन्द्रमा झैं कान्तियुक्त, वायु झैं बेगवान एक कान श्याम रंगको श्यामकर्ण घोडा एक हजार ल्याएर दिनु पर्ने थियो । तपस्वीले शर्त स्वीकार गरे ।

---

*आप्टे-सं.हि.कोश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*महाभारत*मा दिइएको प्रसंग अनुसार ऋचीकले वरुणदेवको प्रार्थना गरे। गङ्गाजीको जलबाट ती घोडाहरू उत्पन्न भए- वरुणको वरदान स्वरूप। कन्नौज नजिक अश्वतीर्थ छँदैछ। सत्यवतीले यो कुरा आमा (गाधिपत्नी)लाई बताइन्। उनले आफू पुत्रहीन भएकोले र ज्वाइँ महान् तपस्वी भएकाले आफ्नो इच्छा पनि पूरा (पुत्र-प्राप्ति) होस् भनेर सुनाइन्।

ऋचीक– तिम्री आमाले ऋतुस्नान पछि पीपल वृक्षलाई आलिङ्गन गर्नु पर्छ र तिमीले गूलर वृक्षलाई अँगाल्नु पर्छ अनि दुवैको अभीष्ट प्राप्ति हुन्छ। तिमीहरूलाई मन्त्रेर चरु समेत दिन्छु। आमाले सत्यवतीसँग अँगाल्ने रुख र चरु साटिन्। दुवै गर्भवती भए। पत्नीको गर्भको अवस्था देखेर ऋषिले आमा-छोरीले गडबड गरेको चाल पाए। उनले आमाका लागि कठोर कर्म गर्ने क्षत्रिय पुत्र प्राप्तिको र आफ्नी पत्नीका लागि तेजस्वी ब्रह्मण पुत्रको जन्म हुने मन्त्र-तन्त्र गरी चरु दिएका थिए। उनले पत्नीसँग सो रहस्य बताएर 'तिमीले आमाको स्नेहमा परी ठीक गरिनौ' भने। यो सुनेर सत्यवती मूर्छा परिन्। होसमा आए पछि पतिसँग क्षमा याचना गर्दै नाति उग्रकर्मा क्षत्रीय स्वभावको भएहोस्, पुत्र त ब्राह्मण स्वभावकै होस् भनेर अनुरोध गर्दा ऋषिले 'त्यस्तै हुनेछ' भने। त्यसपछि सत्यवतीले जमदग्निलाई जन्माइन्, जसको छोरा भए परशुराम !

उता गाधि पत्नीले ब्रह्मवादी विश्वामित्र उत्पन्न गरिन्। त्यसैले महातपस्वी विश्वामित्र ऋषिको संकल्पानुसार क्षत्रिय भएर पनि उनले ब्राह्मणत्व प्राप्त गरे र ब्राह्मण वंशको प्रवर्तक बने।

ततो ब्राह्मणतां यातो विश्वामित्रो महातपः।
क्षत्रियः सोऽप्यथ तथा ब्रह्मवंशस्य कारकः॥

(अनुशासन पर्वणी दानधर्म पर्व·चतुर्थोध्याय-४८)

मधुच्छन्दा, देवरात, याज्ञवल्क्य, यमदूत, नारद, आश्वलायन, गार्ग्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाबालि, सुश्रुत, महर्षि कपिल, नारदी आदि ब्रह्मवादी ऋषिहरू विश्वामित्रका पुत्र भए ।

रामका साथी र परामर्शदाता एवं अनेक शस्त्र, अस्त्रका ज्ञाता कौशिक (विश्वाभित्र)ले श्रीरामलाई लिएर तपोवनमा गई तपस्वीहरूलाई दुःख दिने ताडका, मारीच, सुवाहु लगायत राक्षसहरूलाई मार्न लगाएको प्रसंग *रामचरितमानस*मा पाइन्छ । उनले रामको अवतारको रहस्य बुझिसकेका थिए । रामको अर्को नाम कौशिकप्रिय पनि हो ।

गाधितनय मन चिंता व्यापी ।
हरि बिनु मरहिं न निसिचर पापी ॥
तब मुनिवर मन कीन्ह बिचारा ।
प्रभु अवतरेउ हरन महि भारा ॥

(बालकाण्ड, मानस)

विश्वामित्रले नै श्रीराम र लक्ष्मणलाई सीता-स्वयम्बरका लागि नेपालको जनकपुर ल्याएको, बाटामा अहल्या(श्रापको कारण पत्थर बनेर बसेकी)लाई पादस्पर्श गराएर उद्धार गराएको, गङ्गाको धरतीमा अवतरणको कथा गङ्गाजीको किनारमा महर्षिले बयान गरेको प्रसंग पनि *रामायण*मा पाइन्छ । सीताजीलाई स्वयंवर गरेर अयोध्या ल्याएपछि राजदरवारमा रहँदा वशिष्ठ, वामदेवहरूले कौशिकको कीर्ति, यश र पराक्रमको वर्णन गरेको प्रसंग पनि बालकाण्डको अन्त्यतिर पाइन्छ । तर प्रारम्भमा विश्वामित्र र वशिष्ठका बीच प्रतिस्पर्धा थियो, पछि वशिष्ठले विश्वमित्रलाई ब्रह्मर्षि माने र दुईका बीच मित्रता भयो ।

कौशिकीः पार्वतीको शरीरको कोशबाट उत्पन्न देवी । चण्डी *(सप्तशती)*को पाँचौ अध्यायमा भनिएको छ–

शरीर कोशाद्यत्तस्याः पार्वत्या निःसृताम्बिका ।
कौशिकीति समस्तेषु ततो लोकेषु गीयते ॥ *(५।८७)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वतीको शरीरको कोशबाट जन्मेकी अम्बिका नै कौशिकी नामले तीनै लोकमा प्रसिद्ध हुनुभयो ।

महाभारत अनुसार विश्वामित्रले आफ्नो शौचर-सन्ध्याका लागि तपोवलद्वारा अगाध जल भरिएको दुर्गम नदीको उत्पत्ति गरे जुन नेपाल र भारतमा कौशिकी (कोशी भनेर प्रसिद्ध छ) । यसको कुल प्रवाह क्षेत्रफल ६० हजार ४०० वर्ग कि.मि. मध्ये २८ हजार १४० वर्ग कि.मि. नेपालमा पर्दछ ।[!] विश्वमित्रको नाम कौशिक भएकोले उनीद्वारा उत्पन्न नदीको नाम कौशिकी रहेको हो ।

कौशीतकि आरण्यक: ऋग्वेदको आरण्यक भाग । यस आरण्यकका तीन खण्ड छन्– पहिला दुई खण्ड कर्मकाण्डसँग सम्बन्धित छन् र तेश्रो खण्ड *कौशीतकि उपनिषद* कहलाउँछ । सायणाचार्यले *ऐतरेय* एवं *कौषीतकि* दुवै आरण्यकका भाष्य लेखेका छन् । *(हेर्नू आरण्यक- वे.विश्वकोश-१)*

कौशीतकि ब्राह्मण: *शाङ्खायन ब्राह्मण* । यस ब्राह्मणमा 'कौशीतकि' नाम बारम्बार उल्लेख भएकोले शाङ्खायन ब्राह्मणका भाष्यकारले यसलाई कौशीतकि ब्राह्मण भनेका हुन् । यसलाई *महाकौशीतकि ब्राह्मण* पनि भनिन्छ ।*(डा.पाण्डेय–हि.धर्मकोश)*

कौषीतकि उपनिषद्: ऋग्वेदको *कौषीतकि आरण्यक*को तीन खण्ड मध्ये अन्तिम खण्ड । आनन्दमय धाममा कसरी पुग्ने, इन्द्रको युद्धाद्धि उपाख्यान, काशीराज वीरेन्द्रकेशरीले एक विद्वान् ब्राह्मणलाई दिएको उपदेश, हिमवान् र विन्धादि पर्वतहरूको नाम आदि यस उपनिषद्मा पाइन्छन् ।

क्रममुक्ति: क्रमश:मुक्ति । पितृयान जन्म-मृत्युको चक्रमा घुमिरहने मार्ग हो तर देवयानबाट क्रममुक्ति मिल्छ । यसलाई अर्चिरादि मार्ग पनि भनिन्छ । निर्गुण ब्रह्मको उपासना गरेर ब्रह्मज्ञान गर्ने ज्ञानीले

[!] *सं.-ने.वृहत् शब्दकोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कैवल्यमुक्ति पाउँछ तर सगुण ब्रह्मको उपासकलाई क्रममुक्ति मिल्छ ।

देवयानलाई अर्चीमार्ग या शुक्लमार्ग पनि भनिएको छ । यस मार्गका यात्री अर्थात् परोक्ष रूपमा ब्रह्म जान्नेको अग्नि, वायु, सूर्य, वरुण, इन्द्र, प्रजापति लोकहरूमा गमन हुन्छ र उसलाई ब्रह्माजीले ब्रह्मज्ञान गराउनु भएपछि उसको मुक्ति हुन्छ भनेर *छान्दोग्य, वृहदारण्यक* तथा *कौषीतकि ब्राह्मण* उपनिषद्हरूमा बताइएका छन् । *(हेर्नू अर्चीमार्ग-वे.विश्वकोश-१)* ।

ज्ञान प्राप्त गरी यसै जन्ममा मुक्त (सद्योमुक्ति) नभै भगवान्लाई प्रेम गरेको फलस्वरूप ईश्वरकृपा प्राप्त भै भेददृष्टि राख्ने भक्तले कालान्तरमा निर्गुण भक्ति प्राप्त गर्छ । त्यसपछि उसको भेद-वासना नष्ट भै ब्रह्मका साथ अभेदता प्राप्त गरेर ऊ मुक्त हुन्छ ।

*कौषीतकि ब्राह्मणोपनिषद्*मा क्रममुक्तिको प्रसंग बताइएको छ । निष्काम कर्म अनुष्ठान गर्ने भक्त शुभ-संकल्परूप चन्द्रलोकभन्दा माथि ब्रह्मलोकमा पुग्छ । ब्रह्मलोक पुग्नु अघि पुण्यात्माले काम, क्रोधादि शत्रु(अरि)द्वारा निर्मित आर *(हेर्नू वे.विश्वकोश-१)* नाउँको जलाशय तर्नुपर्छ जुन उसको मार्गको बाधा हो । अज्ञानी त्यसमा डुब्छ र ज्ञानी चाहिं त्यहाँबाट तरेर अगाडि बढ्छ । त्यसपछि ऊ अनेकौं स्थान हुँदै इन्द्र, प्रजापतिको नजिक पुग्दै ब्रह्माजी समीप पुग्छ । ब्रह्माजीले उसको परीक्षा लिनुहुन्छ । प्रश्नोत्तरमा सफल भएपछि उपासकले ब्रह्माजीको सबैमाथि नियन्त्रण गर्ने शक्ति र सर्वव्यापकता उसले प्राप्त गर्छ । यस्तो उपासक ब्रह्माजीका साथ मुक्त हुन्छ । यही क्रमलाई क्रममुक्ति बताइएको छ ।

क्रोधः मूल प्रवृत्तिमा पर्ने काम, भय, लोभ मध्ये क्रोध पनि एक हो । *गीता*मा क्रोधका साथै काम र लोभलाई नरकको द्वार बताउँदै यिनलाई त्याग्न सल्लाह दिइएको छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥ *(१६।२१)*

आसुरी सम्पत्ति मानिएको *(गीता १६।४)* तथा राजसी गुणमा पर्ने क्रोधलाई जित्न शास्त्र र सज्जनहरूले क्रोध आएको बखतमा तुरुन्तै प्रतिक्रिया नजनाई आफू द्रष्टा र क्रोधपूर्ण भावना, क्रोध-आँधी उठाउने व्यक्तिलाई दृश्य बताउन सल्लाह दिएका छन् । क्रोधलाई अग्नि भन्दा भयंकर मानिन्छ । यस क्रोधाग्निले हानि नै गर्छ । उठेको क्रोधलाई जवर्जस्ति दबाउँदा मानसिक रोगको शिकार हुने खतरा रहन्छ भन्ने भनाइ मनोविज्ञान-शास्त्रको छ । क्रोध उठ्ने वित्तिकै प्रतिक्रिया व्यक्त गर्दा संयमको बाँध भत्कन्छ, बुद्धि विवेकमा आघात पर्छ अनि पछि पछुताउन पर्छ ।

कामनाहरू पूरा नभए क्रोध पैदा हुन्छ । क्रोधले मानिसलाई संमोहित बनाउँछ अनि उसको बुद्धि भ्रष्ट हुन्छ । श्रीकृष्ण अर्जुनलाई उपदेश दिनुहुन्छ–जो व्यक्ति यही जीवनमा, शरीर त्यागनु अघि काम र क्रोधबाट उत्पन्न बेगलाई सहन गर्न समर्थ हुन्छ उही सुखी हुन्छ *(गीता ५।२३)* ।

क्रोध जितेका, भयहीन थिए युनानी दार्शनिक सुकरात जसलाई झगडालु पत्नीले रिसाएको बखत आफ्नो टाउकामा तातो पानी खन्याउँदा पनि रिसाएनन् बरु हाँसेर भने– जेथिप्पी ! अरू बेला तिमी गर्जन्थ्यौ मात्र तर आज त बर्सिदियौ । क्रोध माथि विजय पाएको यस्ता घटनाहरू साधु-सन्तहरूका जीवनमा अनेक पाइन्छन् । एकनाथलाई एक विधर्मीले आफ्नो घरको कौसीबाट गोदावरी नदीमा स्नान गरी फर्केको बखतमा टाउकामा कुला गरेको पानी थुकिदियो । एकनाथ रिसाएनन्, खुशी भएर पुनः स्नान गर्न गए । यसरी नै १०८ पटक यो घटना दोहोरियो । सन्त अत्यधिक खुशी भए-एक व्यक्तिले गर्दा १०८ पटक नदी स्नान गर्ने मौका पाएँ भनेर । पछि विधर्मीले क्षमा याचना गऱ्यो । एकातिर क्रोधजयका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता घटनाबाट हामी प्रेरित हुन्छौ भने अर्कातिर क्रोधमूर्तिको रूपमा दुर्वासा, परशुरामहरूलाई पुराणहरूमा प्रस्तुत गरिएको पाइन्छ। दुर्वासाको क्रोधले गर्दा शकुन्तलाको कथा रोचक बन्न गएको हो। विष्णुका अवतार परशुरामले २२ पल्ट अत्याचारी राजाहरूलाई नष्ट पारेको क्रोधवश नै हो। अनि मिथिलिमा जनकको दरवारमा शिवधनुष भंग गर्दा श्रीरामसँग परशुराम क्रूद्ध भएको र रामले उनको तेजोबध गरेका जस्ता घटनाको स्रोत क्रोध नै हो। जगत्मा जीवनदायी र अमरताको प्रतीक अमृत मात्र छैन, ज्ञानामृत मात्र छैन विनाशको प्रतीक काल पनि छ अनि क्रोधाग्नि पनि। क्रोध र अक्रोधले जीवनलाई सन्तुलित बनाएको छ, आगो र पानीले जगत्लाई सन्तुलनमा ल्याए झैं। *(हेर्नू अक्रोध-वे.विश्वकोश-१)*

क्लेशः पातञ्जल *योगसूत्र*मा क्लेश पाँच प्रकारको बताइएको छ– **अविद्याऽस्मितारागद्वेषाभिनिवेशाःक्लेशाः** *(२।३)*। क.अविद्या ख.अस्मिता ग.अभिनिवेश@ घ.राग ङ.द्वेष। यी पाँच प्रकारका क्लेश अहंकारबाट जन्मन्छन्। अविद्या भनेको अज्ञान हो। दृक्शक्ति र शुद्ध चैतन्यलाई दृश्य शरीरादि मान्नु अस्मिता हो जसले गर्दा दुःख कष्ट हुन्छ। अज्ञान किंवा मरणशीलताको भय अभिनिवेश हो। जड, अनित्य वस्तुमा आसक्ति राग हो र द्वेष भनेको प्रतिकूल कुरामा भएको कुभावनाजन्य विचार हो।

क्ष

क्ष : क् र ष् मिलेर बनेको वर्ण जसलाई तन्त्रशास्त्रले एक वर्ण मानेको छ। क्ष-को अर्थ हुन्छ- नाश, राक्षस, क्षेत्र, नृसिंहावतार, भगवान्।

@हेर्नू वेदान्त विश्वकोश-१ मा अविद्या,अस्मिता र अभिनिवेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षणभङ्गुर : छिनमा नाश हुने वस्तु, पानीको फोका जस्तो । अनन्तस्वरूप परमात्माको दृष्टिले मानव-जीवन क्षणभङ्गुर नै छ । यस धरतीमा असंख्य राजा, महाराज, चक्रवर्ती वादशाहहरू भए, ती सबैलाई कालले नष्ट गरिदियो । *श्रीमद्भगवद्गीता*को एकादश अध्यायमा श्रीकृष्णले विराटरूप लिएर कसरी कालको मुखमा मनुष्य, देवतादि छिन् छिन्मा ग्रास बन्दैछन् भन्ने बताउनु (देखाउनु) भएको छ ।

वेदान्त भन्छ- अविनाशी, अक्षय त सत्य छ, आत्मा, परमात्मा छन् । अरू सबै क्षणभङ्गुर नै छन् । जसरी स्वप्न क्षणिक हुन्छ, असत्य हुन्छ, निरर्थक हुन्छ त्यस्तै छ जगत्, जाग्रत या दृश्य । त्यसैले क्षणभङ्गुर दृश्यबाट मनलाई हटाई आफू-चैतन्य स्वरूपमा फर्काउँदा ज्ञान हुन्छ । निवृत्तिबाट बोधोदय भै निर्वाण मिल्दछ भनी शास्त्रले बताएको छ -

दृश्यं नास्तीति बोधेन मनसो दृश्यमार्जनम् ।
सम्पन्नं चेत्तदुत्पन्ना परा निर्वाण निवृत्तिः ॥

(योगवाशिष्ठ १।३।६)

क्षमा : माफी, सहिष्णुता । क्षमालाई यति, सन्यासीको समेत गहना भनिएको छ- **क्षमा शत्रौ च मित्रे च यतीनामेव भूषणम्** *(हितोपदेश-२)* । क्षमाशील पुरुषले शत्रु र मित्रको भेद नगरी क्षमा गरिदिन्छ । क्षमा दुर्गादेवीको नाम पनि हो-

जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ।

(अर्गलास्तोत्रम्- १)

क्षमा दैवी सम्पद अन्तर्गत पर्दछ- **तेजःक्षमा धृतिःशौचमद्रोहो नातिमानिता** *(गीता १६।३)* । क्षमाशील साधकले नै ज्ञान प्राप्त गर्दछ र क्रोध, हिंसा जस्ता आसुरी गुणयुक्त व्यक्ति संसारमा फसिरहन्छ । राजसिक मनोविकारलाई धोइदिने कार्य क्षमा, अहिंसा जस्ता गुणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छन् । गुणातीत आत्माको बोधका लागि तमोगुण र रजोगुण त्यागेर सत्त्वगुणमा टिकेर साधना गर्नु आवश्यक छ ।

मुमुक्षु राजा जनकले आफ्ना गुरु अष्टावक्र मुनिसँग कसरी ज्ञान पाउने, मुक्ति कसरी मिल्छ, वैराग्यको उपाय के हो भनेर प्रश्न गर्दा ब्रह्मज्ञानी मुनिले भने-

मुक्तिमिच्छसि चेत्तात विषयान् विषवत्त्यज ।
क्षमार्ज्जवदयातोषं सत्यं पियूषवद् भज ॥

(अष्टवक्रगीता १।२)

अर्थात् हे राजा ! तिमी मुक्ति चाहन्छौ भने विषयलाई विष झैं मानेर त्याग गर । अनि क्षमा, सरलता, दया, सन्तोष र सत्यलाई अमृत ठानेर सेवन गर ।

क्षर : नाशवान् पदार्थ, जड वस्तु जसलाई अधिभूत भनिएको छ–

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥

(गीता ८।४)

अर्थात् विनाशशील पदार्थलाई अधिभूत या क्षर भनिएको छ । पुरुष (हिरण्यगर्भ) नै अधिदैव हो । हे देवधारीहरूमा श्रेष्ठ (अर्जुन) । यस देहमा म नै समस्त यज्ञहरूका प्रवर्तक, फलदाता एवं अधिष्ठाता (अधियज्ञ) हुँ ।

अव्यक्त, अक्षर या परब्रह्म परमात्मा बाहेक सबै वस्तु क्षर भावयुक्त हुन् अर्थात् नाश हुन्छन् । त्यही शुद्ध चैतन्य वस्तु नै समस्त प्राणहरू नष्ट हुँदा पनि नष्ट हुँदैन– **यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति** । *(ऐजन, श्लोक-२०)* देह क्षर वस्तु हो तर देही अक्षर हो । देह वस्त्र झैं हो नयाँ सिलाएर लगाइन्छ, कालान्तरमा पुरानो हुन्छ, फाट्छ र फालिन्छ । (**वासांसि जीर्णानि यथा विहाय...** *गीता २।२२)*

जन्मेको वस्तुले क्षरभाव प्राप्त गर्छ- प्रकृति, व्यक्ति, उत्पन्न वस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै क्षर हुन्- ती कालान्तरमा नष्ट भैहाल्छन् । अवतारको शरीर, रूप अन्त्य भएको पाइन्छ । राम, कृष्ण आदिको जन्म र शरीरान्त भएको बताइन्छ । यो ध्रुव सत्य हो कि जन्मेको वस्तु, व्यक्ति क्षर हो, नष्ट हुन्छ र पुनर्जन्म भैरहन्छ- **जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।** *(गीता २।२७)* ।

शरीर क्षर हो तर परमात्मा चाहिं अक्षर हुनुहुन्छ । *गीता*मा भनिएको छ-

द्वविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥

(गीता १५।१६)

संसारमा नाशवान् र अविनाशी दुई प्रकारका पुरुष छन् । सम्पूर्ण भूत, प्राणीहरूका शरीर नाशवान् छन् तर जीवात्मा (कूटस्थ) अविनाशी कहिन्छ । *गीता*मा संसाररूपी वृक्षलाई अश्वत्थ *(ऐजन १५।१)* भनिएको छ, जसको अर्थ हो भोलिसम्म नरहने ।

जुन वस्तु देखिन्छ, त्यो क्षर हो किनकि त्यो नष्ट हुन्छ- **दृश्यं नष्टम् ।** अक्षर वस्तु नै अविनाशी छ । जिज्ञासुले, मुमुक्षुले क्षर वस्तुलाई त्यागेर दृश्य वस्तु प्रतिको मोहबाट मुक्त भएर अक्षरको खोजी गर्छ । यही हो विवेक-बुद्धि । क्षर संसारमा रमाउने मूर्ख हो ।

क्षितीशचन्द्र चक्रवर्ती : शिवराम पुरुषोत्तमानन्दको आध्यात्मिक क्षेत्र–(अद्वैत वेदान्त)मा प्रचलित नाम । वशिष्ठ र शंकराचार्यद्वारा प्रतिपादित अद्वैत वेदान्तलाई नेपालमा संस्थागत रूपमा प्रचार-प्रसार गर्न *अद्वैत संस्था*को स्थापना गर्नु, जीवनपर्यन्त वेदान्त ग्रन्थहरूमा आधारित प्रवचनमा जोड दिनु, नेपालीमा वेदान्त विषयक करीव १०० पुस्तकहरू प्रकाशित गर्नु, *गीतामृत, ईश्वरविज्ञान, वशिष्ठामृत* आदि ग्रन्थहरूको पठन-पाठनको परम्परा शुरु गर्नु जस्ता महत्त्वपूर्ण कार्यहरूको थालनी गर्नु क्षितीशबाबुको विशेषता हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि.सं. १९५६ वैशाख शुक्ल पञ्चमीमा वंगालको शिक्षित परिवारमा जन्मेका क्षितीशले कलकत्ताको प्रेसिडेन्सी कलेजमा प्रथम श्रेणीमा एम.ए. उपाधि १९७८ सालमा प्राप्त गरे ।

वि.सं.१९८२ मा नेपाल आएका क्षितीशचन्द्रले त्रिचन्द्र-कलेजमा २५ वर्षसम्म अंग्रेजी विषय पढाएर २००७ सालमा प्राध्यापन कार्यबाट अवकाश लिएथे । त्यस कलेजमा अंग्रेजी साहित्य पढाउँदा उनका विद्यार्थी मध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटा, सरदार हंसमान, रेणुलाल सिंह, पूर्व प्र.म.कीर्तिनिधि विष्ट समेत थिए ।

तीन 'जी' मैले महत्त्व दिएँ- ग्रामर (व्याकरण), *गीता* र गड (ईश्वर) भनेर आफ्ना अनुयायी, शिष्यहरूलाई वेदान्त प्रवचनमा बताउने क्षितीशबाबुले वि.सं.२०२३ मा कलकत्ता विश्वविद्यालयबाट विद्यावारिधि (भिजन अफ रियलिटी) उपाधि हासिल गरे । त्रिचन्द्र-कलेजमा सह-प्राध्यापक, प्राध्यापक हुँदै विभागीय प्रमुख समेत भए पछि उनले पूर्वीय ज्ञान बिना सुख-शान्ति नहुने बुझेर वेदान्त दर्शनको अध्ययन गर्न थाले । जीवन, जगत् र जगत्-स्रष्टाका बारेमा जान्ने उत्सुकता, जिज्ञासाले उग्र रूप लियो । वेदान्त विषयक पुस्तकहरू चाहे ती अंग्रेजी , हिन्दी या संस्कृतिमै लेखिएका किन नहुन् गहन अध्ययन गर्दै जाँदा घरैमा पुस्तकालय तयार भयो । पुस्तकको कीरा मात्र बनेर हुँदैन, ईश्वरकृपा, गुरुकृपा नभै हुन्न भनेर उनी पशुपतिनाथको दर्शनका साथै साधुसन्तहरूको खोजी गर्न थाले । उनले वासुकिगुफा निवासी वासुकिबाबाको सत्संग पाएर सन्तुष्टि अनुभव गरे । वासुकिबाबाबाट क्षितीशबाबुले *योगवाशिष्ठ* पढे । वासुकिबाबा नै क्षितीशका दीक्षा-गुरु पनि बने र शिष्यको नाम रह्यो- शिवराम पुरुषोत्तमानन्द । गृहस्थ रहेर पनि बिहान वेदान्त प्रवचन, साँझ पनि प्रवचन अनि दिउसो शिष्यहरू, जिज्ञासुहरूको शंका निवारण- क्षितीशबाबुको जीवनशैली वेदान्तमय भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाडौंमा *अद्वैत संस्था*को केन्द्रीय कार्यालय निर्माण हुनु अघि वेदान्त प्रवचन गर्ने तथा उनको रहने-खाने आदि व्यवस्था बागवजारका एक भक्तको घरमा गरिएको थियो । त्यहीं यस लेखकले शिव गुरुबाट प्रेरणा पाएर सत्संगबाट लाभान्वित हुने मौका पायो ।

क्षितीशबाबुले १५ वर्षसम्म बनारसको *सिद्धान्त* नामक पत्रिकामा आध्यात्मिक लेखहरू प्रकाशित गरे । उनले सरल नेपाली भाषामा उपनिषद्का गहन ज्ञानयुक्त पुस्तकहरू प्रकाशित गरेर आफ्ना अनुयायीहरूलाई लाभान्वित तुल्याउन थाले । उनका नेपालीमा १०० भन्दा बढी पुस्तकहरू छापिएका छन् ।

क्षितीशबाबुका सम्बन्धमा स्वामी प्रपन्नाचार्यको भनाइ छ- उनलाई वेदान्तको नशा लाग्यो । यसै नशामा लठ्ठिएका क्षितिशचन्द्रले नेपालको कुना कुनामा अद्वैत वेदान्तको प्रचार गर्ने प्रयास गरे । *अद्वैत संस्था* खोलेर चार पीठहरू स्थापना गरेर उनले नेपाललाई सार्थक कर्मभूमि बनाए ।*

वि.सं.२०२३ साल असार २६ गते आध्यात्मिक प्रतिष्ठान *अद्वैत संस्था* गठन गरेथे । नेपाल अधिराज्यका विभिन्न भागहरूमा शाखा समेत स्थापना भै अद्वैत वेदान्तको प्रचार, प्रसार भइरहेको छ । सबै शिष्य-प्रशिष्यहरूको नामको अन्त्यमा सरस्वती जोड्ने परम्परा गृहस्थमा प्रचलित गराउने पनि उनी नै हुन् ।#

ब्रह्मसूत्र शांकर भाष्यको आफ्नो हिन्दी अनुवादमा शहीद शुक्रराज शास्त्रीले वेदान्त शास्त्रको प्रकाण्ड पण्डित भनेर सम्मान गर्दै निम्न लिखित संस्कृत पद्य समेत लेखेका छन् -

चिरपरिचित विद्या साध्य विज्ञान जातम्
वितरति सकृदेवालोकनादल्पधील्पः ।

** स्वामी प्रपन्नाचार्य-मिल्केका झिल्का*

 # ऐजन ग्रन्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदिति समवलोक्यानन्द सान्द्रान्तरात्मा
परिगत परमार्थो मोदतेऽयं क्षितीशः ॥

वि.सं. २०४१ सालमा पाञ्च भौतिक देह त्याग गरेका क्षितीशबाबुले वशिष्ठ, शंकराचार्य र गौडपदाचार्यका विचारहरूको समन्वय गरेका छन् । वशिष्ठको दृष्टिसृष्टिवाद, शंकरको मायावाद र गौडपादको अजातवादको समन्वय भूमि नै क्षितीशका ग्रन्थ हुन् । तिनले शास्त्र पढेर पण्डित बन भन्ने कुराको उपेक्षा गर्दै गुरुवचनमा श्रद्धा राख, संस्कृत भाषाका ज्ञानपरक ग्रन्थहरूलाई सरल नेपालीमा प्रस्तुत गरिएकोले यी पुस्तकहरूबाटै जिज्ञासुको कल्याण हुन्छ भन्ने कुरामा जोड दिए ।

क्षितीश गुरुको भनाइ छ– शरीरदेखि पृथक आफू हो भनी दृढतापूर्वक बुझ, तिमी सदाका लागि सुखी भैहाल्छौ । आत्मा (आफू) कहिल्यै शरीर र मनद्वारा आवद्ध छैन र यो शरीरादिका सबै अवस्थाहरूको साक्षी मात्र हो ।

क्षितीशबाबुको उपदेश शैली बेग्लै पाराको हुन्छ । जस्तो- नचिताउ, न निदाउ, तिमीलाई समाधि हुन्छ । घण्ट-शंख बजाउँदै पूजा, अर्चनामा धेरै समय बिताउँदा भक्ति हुन्छ भन्ने भ्रम-धारणाको निवारण गर्दै उनी भन्छन्– सदासर्वदा आत्माको अनुभव गरिरहनु हो भगवद्भक्ति । शुरुमा साक्षी चैतन्य भएर बस । जगत्मा नफस्ने उपाय हो यो । साक्षीभावबाट उठ्न पर्छ हामीले परमानन्द स्वरूप बन्नका लागि । त्यसैले ब्रह्मचैतन्य भएर बस ।

ईश्वरकृपा भएपछि सद्गुरु मिल्छ र शास्त्रको अध्ययन, स्वाध्यायमा चित्त जान्छ । सद्गुरुको श्रीमुखबाट 'तत्त्वमसि' महावाक्य सुनेपछि जगत् बारेको अज्ञान र त्यसद्वारा हुने कल्पनाजाल बिल्कुल नष्ट हुन्छ । त्यसैलाई अन्त:करणको शीतलता भनिन्छ ।[*]

---

[*] ऐजन पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षितीश अद्वैत वेदान्त या अद्वैतवादको गुरुको नाउँ हो त्यसैले उनले संस्थाको नामै *अद्वैत संस्था* राखे । अद्वैत वस्तु नै आत्मा हो । अद्वैत ईश्वर हो । द्वैतलाई वेदले सहँदैन । आफू पनि अद्वैत भएकोले आफूलाई जीव नमानेर ईश्वर मान– यस्तो उपदेशबाट उनी सत्सङ्गीहरूलाई उठाउँथे ।

क्षितीशको प्रसिद्ध ग्रन्थ *गीतामृत* हो । २०२० सालमा प्रकाशित यस ग्रन्थमा शंकर, वशिष्ठ र गौडपादीय सिद्धान्तको समन्वय गरिएको छ । त्यसपछि उनको *वाशिष्ठामृत, वेदान्त-विज्ञान, अमृत-वचन, ज्ञानालोक* समेत गरी नेपालीमा वेदान्तका थुप्रै पुस्तकहरू, वंगलामा दुई दर्जन जति अद्वैत वेदान्त विषयक ग्रन्थहरू प्रकाशित छन् ।

क्षितीशबाबुले नेपालका अनेकौं स्थानमा वेदान्त ज्ञानयज्ञ संचालन मात्र गरेनन् आफ्नो निवासस्थान भएको भारतको कलकत्ता नगरी, काशी, इन्दोर, पवित्र तीर्थस्थल छिप्राको तटमा रहेको उज्जैन नगरी आदि स्थानहरूमा वेदान्त-ज्ञानको प्रकाश फैलाउने कार्य गरे ।

२०२६ साल कार्तिक १५ गते नारायणगढ क्षेत्रपुर स्थित *अद्वैत संस्था*को नारायणी अञ्चल कार्यालय भवनमा विजय-सत्संग समारोहको तयारी भएको बखतमा क्षितीशबाबुका केही अनुयायीहरूमा बुद्धिभ्रम भै गुरु र गुरुआमा रहेको सो भवनमाथि हमला भयो र हिंसात्मक गतिविधि बढ्दै गई ज्यानको खतरा पनि पैदा भयो । क्षितीशबाबु ध्यानमग्न रहे, गुरु आमा रोइरहेकी आवस्था थियो । नेपाली समाजमा वेदान्त ज्ञानको प्रकाश फैलाउने पुण्य कार्यले गर्दा ईश्वरको कृपा भई एक गुरुद्रोहीको मानसिक परिवर्तन भै घटना शान्त भयो । मानिसलाई पूर्वजन्ममा गरिएको पुण्यले नै हरप्रकारले हरपरिस्थितिमा रक्षा गर्दछ । यो पुण्य र पापको ज्ञाता र प्रशंसयिता मायावी परमात्मा हुन् । यसै हुनाले पुण्यात्माको विनाश हुँदैन *(गंगाराम श्रेष्ठ–श्रीगुरु जीवनी)* ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षीर सागर : पुराणहरूमा वर्णित सात समुद्र मध्ये एक । क्षीरको अर्थ दुध हो । यो दुधको सागर हो जसमा विष्णु भगवान् शेषनागको शैय्यामा विराजमान हुनुहुन्छ र लक्ष्मीले उहाँको सेवा गरिरहनु भएको छ ।

क्षेत्र/क्षेत्रज्ञ : सामान्य अर्थ खेत, भूसम्पत्ति हो । *गीता*मा 'क्षेत्र' शब्दलाई विशेष अर्थमा प्रयोग गरिएको पाइन्छन् । श्रीकृष्ण भगवान् अर्जुनलाई क्षेत्र र क्षेत्रज्ञका सम्बन्धमा बताउनु हुन्छ-

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥

(१३/१)

शरीरलाई क्षेत्र भनिन्छ र जसले शरीरको बारेमा जान्दछ त्यसलाई ज्ञानीजन क्षेत्रज्ञ भन्दछन् । *गीता* त्रयोदशोध्यायलाई क्षेत्र-क्षेत्रज्ञ विभागयोग भनिएको छ । क्षेत्र उत्पत्ति-विनाश हुने, जड, अनित्य र ज्ञेय हो । यो षड्विकारयुक्त छ अर्थात् जन्मन्छ, रहन्छ, घट्छ, बढ्छ, परिवर्तित हुन्छ र अन्त्यमा नष्ट हुन्छ । खेतमा बीउ रोपेर मल, जल हालेपछि त्यो बीऊ उम्रन्छ र अनाज आदि फल्छ । जे जस्तो कर्म पुरुषले गर्छ शरीरले पनि कर्मफल भोग्नु पर्छ । त्यसैले शरीर भोगालय हो । शुभ कर्मको फल सुखद हुन्छ र अशुभ कर्मको फल दुःखद हुन्छ । *गीता*मा क्षेत्रको अरू वर्णन यसरी गरिएको छ-

महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥
इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥

(ऐजन श्लोक ५-६)

आकाशादि महाभूत, समष्टि अहंकार, समष्टि बुद्धि, मूल प्रकृति, मन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहित एघार इन्द्रिय, पञ्च तन्मात्रा (शब्द, स्पर्श, रूप, रस र गन्ध) इच्छा, द्वेष, सुख, दुःख,शरीर(स्थूल देहपिण्ड) चेतना, धृति त (बुद्धिको धारण शक्ति) यी ३१ धर्मले युक्त विकारयुक्त वस्तुलाई क्षेत्र भनिन्छ। क्षेत्र समष्टि र व्यष्टि गरी दुई प्रकारको बताइन्छ। मूल प्रकृतिदेखि चौध भूवनसम्म(विराट)लाई समष्टि-क्षेत्र भनिन्छ। अविद्यादेखि लिएर व्यक्तिको स्थूल शरीरसम्म व्यष्टि-क्षेत्र हो। समष्टि-क्षेत्र (विराट) अन्तर्गत नै व्यष्टि-क्षेत्र पर्दछ जसको जन्म, स्थिति र नाश पनि समष्टि-क्षेत्रसँग अभिन्न रूपले जोडिएको हुन्छ।

सांख्य-शास्त्र अनुसार क्षेत्र चौबीस तत्त्वले बनेको छ। प्रधान(प्रवृति)बाट महतत्त्व, महतत्त्वबाट अहंकार, तामस अहंकारबाट पञ्च तन्मात्रा, पञ्च तन्मात्राबाट पञ्च महाभूत, राजस अहंकारबाट एघार इन्द्रियहरू, अनि सात्त्विक अहंकारबाट इन्द्रियका अधिष्ठातृ देवताहरू उत्पन्न हुन्छन्। सांख्यले पच्चीसौं तत्त्व पुरुष (क्षेत्रज्ञ) मान्छ। किन्तु वेदान्त सिद्धान्तमा माया परमेश्वरको शक्ति हो, त्यसैलाई अव्यक्त भनेको छ। यही अव्यक्त(माया)ले शवलित(युक्त)ईश्वरको सृष्टि गर्ने इच्छालाई श्लोकमा रहेको 'बुद्धि' शब्दले देखाएको छ।+

जीवले जब जाग्रत र स्वप्नावस्थाको व्यवहारलाई क्षेत्रज्ञ बनेर प्रकाशित गर्छ अथवा साक्ष्य बनाउँछ त उसले आफ्नो मनलाई नै त्रिगुणात्मक संसारमा नफसाई परमोत्कृष्ट मोक्षपदको कारण (माध्यम) बनाउँछ भन्दै ब्रह्मज्ञानी जडभारतले *(हेर्नू जडभारत)* राजा रहूगणलाई उपदेश दिएका छन् *(भाग. ५।११।७)*। उनी क्षेत्रज्ञ तत्त्व जुन हो त्यो सर्वव्यापक, जगत्को आदिकारण, परिपूर्ण, अपरोक्ष, स्वयंप्रकाश, अजन्मा, ब्रह्मादिका नियन्ता, हृदयमा रहेर प्रेरित गर्ने एवं भूतगणका आश्रयस्वरूप नारायण एवं वासुदेव नै हो भन्छन्-

+*स्वामी ईश्वरानन्द-गीता-तात्पर्य*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रज्ञ आत्मा पुरुषः पुराणः
साक्षात्स्वयंज्योतिरजः परेशः ।
नारायणो भगवान् वासुदेवः
स्वमायया॒ऽऽत्मन्यवधीयमानः ॥

(ऐजन-श्लोक-१३)

ती ब्रह्मज्ञानी के पनि भन्छन् भने मनका वृत्तिहरूको स्फूरण क्षेत्रज्ञ आत्माबाट नै भएको छ तर मनसँग क्षेत्रज्ञको कुनै सम्बन्ध छैन । मन त जीवको माया निर्मित उपाधि हो र यो संसारको बन्धनमा पार्ने अशुद्ध कर्महरूमा प्रवृत्त रहन्छ । ती वृत्तिहरू नित्य प्रवाहित भैरहन्छन्-जाग्रत र स्वप्नमा प्रकट हुन्छन्, सुषुप्तिमा लीन हुन्छन् । तर क्षेत्रज्ञ जुन विशुद्ध चिन्मात्र छ मनका यी वृत्तिहरूलाई साक्षी रूपले हेरिरहन्छ । *(ऐजन-श्लोक ११ र १२)*

क्षेम : प्रसन्नता, कल्याणकारक, सुख या आराम दिने, शुभ, उदार, प्राप्त वस्तुको रक्षा । *गीता*मा अर्जुन भन्छन्-

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥

(१।४६)

अर्थात् हातमा शस्त्र लिएका धृतराष्ट्रका पुत्रहरूले शस्त्ररहित एवं अप्रतिकारयुक्त मलाई युद्धमा मारे पनि म बढी प्रसन्न हुनेछु । अर्जुनलाई युद्धमा हिंसा गर्नु पाप कर्म हो, यसो गर्दा नरकमा परिन्छ भन्ने मनमा लागेको छ । उनी भन्छन्- म अहिंसक बन्छु, उनीहरूले मेरो हत्या-हिंसा गरुन्- यो कुरा बढी कल्याणकारक हुनेछ मेरा लागि ।

*गीता*मा नै 'योग'सँग जोडिएर 'क्षेम' शब्दको प्रयोग पाइन्छ । श्रीकृष्ण भन्नुहुन्छ- अनन्य भावद्वारा मेरो चिन्तन गर्दै जसले उपासना गर्छ त्यस्तो भक्तको 'योगक्षेम' म वहन गर्छु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥
(९/२२)

'क्षेम' शब्दको अर्थ यहाँ हुन्छ– प्राप्त वस्तुको रक्षा । अनि 'योग'-को अर्थ हो अप्राप्त वस्तुको प्राप्ति । 'कुशल' शब्दसँग संयुक्त भएर आउँदा अर्थ हुन्छ- मनोशारीरिक कल्याण । जसले भगवान्को पूर्णरूपमा भर पर्छ उसको कल्याण भएको पौराणिक उदाहरण- कुन्ती, द्रौपदी, अजामिल, गजेन्द्रका कथाहरूबाट पाइन्छ । आधुनिक कालमा नरसि मेहता प्रति श्रीकृष्णको ठूलो कृपा भयो । उनको छोरीको बिहेमा भगवान्ले धन-दौलत जुटाई इज्जत बचाइदिनु भयो, उनको कल्याण गरिदिनु भयो ।

क्षेमराज : अभिनव गुप्तका शिष्य क्षेमराजको जन्म ११ औं शताब्दीमा काश्मिरमा भएको थियो । यिनी शैवमतका आचार्य मानिन्छन् । वसुगुप्त रचित *शिवसूत्र*माथि *शिवसूत्रविमर्शिनी* नामक व्याख्यायुक्त ग्रन्थ यिनले लेखेका छन् ।

क्षेत्रपाल : खेत या भूमिखण्डका रक्षक देवता । गृहप्रवेश या शान्ति कर्ममा क्षेत्रपालको पूजा गरेर खुशी पार्ने विधान छ । दोवाटो, चौरास्तामा सिंधुर, दीपक, बत्ती, भात आदि टपरीमा राखेर क्षेत्रपाललाई खुशी पारिन्छ । खेत जोत्ने, रोप्ने कार्य अघि पनि क्षेत्रपालको पूजा हुन्छ ।+

+*लीलाधर शर्मा 'पर्वतीय'-भारतीय संस्कृतिकोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख

ख : आकाश, शून्य, स्वर्ग आदि ।

खपुष्प : आकाशपुष्प । असम्भव कुरा एवं भ्रान्ति जनाउन वेदान्तमा मृगतृष्णा (मरुभूमिमा पानीको भ्रान्ति), आकाश-कुसुम आदि उदाहरण दिइन्छ । भोगबाट सुख खोज्नु भनेको मरुभूमिको पानीमा नुहाएर, खरायोको सिङको धनु लिएर आकाशको फूल कपालमा लगाएर बाँझीको छोरा हिंडेको छ, ऊ कति राम्रो छ भन्नु झैं मूर्खतापूर्ण कुरा हो–

मृगतृष्णाम्भसि स्नायात् शशश्रृङ्गधनुर्धरः ।
एष बन्ध्यासुतो भाति खपुष्पकृतशेखरः ॥

(सुभाषिते)

खण्डन खण्डखाद्य : संस्कृतका ठूला विद्वान् श्रीहर्षकृत वेदान्तको प्रसिद्ध ग्रन्थको नाम । यसको अर्थ हुन्छ खण्डन रूपी खाँडको मिठाई । यस ग्रन्थको अर्को नाम रहेको छ- *अनिर्वचनीयता सर्वस्व* । वेदान्त दर्शनका विपक्षीहरूका मतको यस ग्रन्थमा तीव्रताका साथ खण्डन गरिएको छ । श्रीहर्ष बार्‍हौं शताब्दीका मानिन्छन् । *(हेर्नू- कठिनत्रयी)*

खप्तडबाबा : शिवनाथ डोग्रा (घरको नाम) । स्वामी सच्चिदानन्द सरस्वती (दीक्षा नाम) । जनमानसले एवं विद्वत् समुदायले उनलाई खप्तडबाबा, खप्तड स्वामी भनेर जान्यो । बाबाको जन्म सन् १८८० को फेब्रवरी १० तारीखमा भारतको जम्मू सहरमा भएको हो । जनक डोग्रा र गौरी उनका पिता-माताका नाम हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत वेदान्तको अनुभवजन्य प्रकाशन एवं प्रचारमा खप्तडबाबाको योगदान बेजोड मानिन्छ । पुस्तकहरू लेखन, प्रवचन, उपदेशको माध्यमबाट उनले वेदान्तको प्रकाश नेपाली समाजमा फैलाएका छन् । जन्मभूमि भारत भए पनि तपोभूमि रह्यो नेपाल, त्यसमा पनि ११ हजार फीटको उचाइमा अवस्थित दुर्गम खप्तड जहाँ वर्षमा अधिकांश समय हिमपात भैरहन्छ । बझाङ, आछाम र डोटी जिल्लाहरूको संगममा उनको आश्रम छ । तप अनुकूल उनको नाम खप्तडबाबा रहन गएको हो ।

एम.एस्सी.बायोलजी(जीवविज्ञान) पढेका खप्तडबाबाले बेलायतमा डाक्टर(एम.बी.बी.एस.)को उपाधि हासिल गरी ९ वर्षपछि स्वदेश फर्के । आफैँले आफ्नो जन्मथलोमै अस्पताल खोली चिकित्सा सेवा गर्न थाले । एक दशकसम्म अस्पतालमा काम गरी उनले निकै रुपैयाँ कमाए । एक पटकको घटनाबाट उनको जीवन आध्यात्मिक मार्गमा मोडियो । तीव्र वैराग्यले गर्दा उनको व्यक्तित्वको रूपान्तरण हुन गएको हो । अस्पतालमा एक बालकको देहान्त भएको उनले पाए । बालककी आमालाई यो दुःखद घटनाको खबर दिए उनले । वियोगिनी आमाको अलाप-बिलापले उनको हृदय विदिर्ण भइरहेको थियो । त्यही समयमा एक जना महात्मा त्यहाँ आइपुगे । उनले मृत घोषित बालकलाई आफ्नो मन्त्रबलले जीवित तुल्याई दिए । त्यस्तो आध्यात्मिक शक्ति देखेर डा.शिवनाथ महात्मादेखि अत्यन्त प्रभावित भए भने आफ्नो वैज्ञानिक ज्ञानको निरर्थकता बोध भएर तीव्र विरक्तिको अनुभव गरे । उनले तत्काल डाक्टरी पेशा त्यागेर ज्ञानका खातिर महात्माको शरण परे । शास्त्रवाणी- **यद् हरेव विरजेत् तद्हरेव प्रवजेत** (वैराग्य आउने वित्तिकै त्याग गर्नु) उनको जीवनमा चरितार्थ भयो ।

जीवनको मूल उद्देश्य सुख पाउनु हो । सच्चिदानन्दको भावना नै वास्तविक रूपमा धार्मिक भावना हो । *गीता*को उपदेश पालना गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दुहरूको धर्म हो । पूजा गर्नुबाट मात्र धर्म पूरा हुँदैन भन्ने धारणा राख्ने खप्तडबाबाले *धर्मविज्ञान* भाग १, २, ३ र ४ लेखेर *धर्मविज्ञान सारसंक्षेप* समेत छपाए । एक दर्जनभन्दा बढी पुस्तक उनका प्रकाशित छन् तर *धर्मविज्ञान*ले वेदान्त दर्शनमाथि जसरी सूक्ष्म र विस्तारकासाथ प्रकाश पारेको पाइन्छ त्यो अत्यन्त महत्वपूर्ण मानिन्छ । यस ग्रन्थले उनी पूर्वीय दर्शनका निधि हुन् भन्ने सावित गर्छ । खप्तडबाबा श्रोत्रिय ब्रह्मनिष्ठ थिए ।

बाबाको दिव्य मुहारको दर्शन पाउने बित्तिकै भक्तहरूको आधा दु:ख, पीडा शान्त हुन्थे । रोगीहरूले बाबाको दर्शन पाएपछि एउटा सहृदयी चिकित्सक (विशेषज्ञ) भेट्टाएको अनुभव गर्थे । ज्ञान-पिपाशुहरूले बाबाको सान्निध्य पाएपछि दिव्य ज्ञानमूर्तिको दर्शन पाएको र अज्ञानका गाँठाहरू स्वत: फुकेको अनुभव गर्थे । बाबाको दर्शन पाएपछि श्रद्धालु भक्तहरूलाई भक्तवत्सल महात्माको साथ पाएको अनुभव हुन्थ्यो । विभिन्न व्यवसायीहरूले बाबाको दर्शन पाएपछि आफ्नो व्यवसायमा देखापरेको तगारो हटी व्यवसायबाट लाभान्वित हुने शुभ-संकेत पाउथे र स्वच्छ व्यवहार, धर्मपूर्वक सफा आचरण गरी आफ्नो व्यवसायबाट अत्यधिक लाभ हासिल गर्न सक्ने प्रेरणा र मार्गदर्शन पाउँथे । बाबाले सबैलाई कुनै पनि काम सानो ठूलो नहुने हुँदा धर्मपूर्वक निश्वार्थ ढंगले कुनै पनि व्यवसाय गरी जीवन लक्ष्य हासिल गर्ने प्रेरणा प्रदान गर्नुका साथै फुर्सदको समयमा ईश्वरको चिन्तनबाट सबैको अभिष्ट सिद्धि हुने उपदेश, साथै सत्कर्म गर्ने प्रेरणा प्रदान गर्नुहुन्थ्यो । विभिन्न वैयक्तिक समस्या बारे बाबाले आफूसँग सोधपुछ गरी दिंदा प्रत्येकलाई अलौकिक आनन्दको अनुभूति हुन्थ्यो । बाबासँग विचार-विमर्श गर्दा शंका र भ्रमका जाल हटी परमज्ञान प्राप्त हुन्थ्यो । बाबाको साथमा रहँदा समय बितेको पत्तै हुँदैनथ्यो र साथ छाडेर बिदा भएर हिंड्दा मन बाबाकै वरिपरी घुमिरहन्थ्यो । बाबासँगको बसाइका क्षणमा मनमा नराम्रा कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेल्दैनथे । शरीरले स्वच्छ र स्वस्थ अनुभव गर्दथ्यो । मनमा लाग्दथ्यो– मैले एउटा देवदूतको दर्शन पाई आफ्नो पाप पखाल्ने र पुण्य आर्जन गर्ने मौका पाएको छु । यी सब कुराले गर्दा बाबाको दर्शन पाउँदा चरम सुखानुभुति हुन्थ्यो । यस्तो लाग्दथ्यो मैले ईश्वरको अनुग्रहबाट एउटा ठूलो महात्माको दर्शन पाई अज्ञानबाट मुक्त भई ईश्वरीय आनन्द प्राप्त गरें ।*

खप्तडबाबा श्रृङ्गेरी पीठका शान्तान्द सरस्वतीका शिष्य हुनुहुन्थ्यो र गुरुबारे दीक्षा नाम सच्चिादानन्द सरस्वती मिलेको थियो । खप्तडबाबा दार्जिलिङ्गबाट नेपाल प्रवेश गर्नु भयो र फिक्कल हाँसपोखरीको जंगलमा ५ वर्षसम्म रहनु भयो । उहाँको करफोक स्वामी *(हेर्नू करफोक स्वामी)* सँग पुवाखेलामा भेट भयो ।^ तप्लेजुङ्गको पाथीभरामा १० वर्षसम्म खप्तडबाबा रहनुभयो । त्यहाँबाट पश्चिम तर्फ बढ्दै जाँदा कालिञ्चोक रमाइलो लाग्यो र त्यहाँ ११ वर्ष रहनु भयो । यसरी नै रमाइलो लागेका स्थानमा रहेर तपस्या गर्दै अघि बढ्दै जाँदा जुम्लाको गणेशस्थानमा एक वर्ष, दुल्लू धुलेश्वर महादेव स्थानमा छ महिना बसेपछि वि.सं.२००० सालमा बझाङ पुग्नुभयो ।# अन्त्यमा उहाँलाई तपस्याका लागि सर्वोत्तम स्थल खप्तड हो भन्ने लाग्यो । खप्तडमा उहाँ आधा शताब्दीभन्दा बढी समयसम्म रहनु भयो । काठमाडौं आएको बखतमा उहाँ बुढानीलकण्ठ माथिको जंगलमा एक भक्त(प्रधान)ले बनाइ दिएको आश्रममा रहनु हुन्थ्यो ।

खप्तडबाबाका *धर्म-विज्ञान*का अतिरिक्त *विचार-विज्ञान, स्वास्थ्य-विज्ञान, वेदान्त-विज्ञान, योग-विज्ञान* आदि पुस्तकहरू प्रकाशित छन् ।

खिलपर्व : खिलको अर्थ संग्रह, परिशिष्ट र भाग हुन्छ । *हरिवंश* उपपुराणलाई खिलपर्व भनिन्छ । यो २९ उपपुराण भन्दा फरक छ

**नारायणप्रसाद लंसाल-खप्तडबाबा स्मारिकाको लेख २०५४*

^करफोकमै उहाँको श्यामचेतन बाबासँग भेट भएथ्यो ।

#डा.स्वामी प्रपन्नाचार्य-मिल्केका झिल्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र *महाभारत*मा समाविष्ट छ। खिलपर्वमा मुख्य रूपले श्रीकृष्णावतारको कथा पाइन्छ।

खिलसूक्त : *ऋग्वेद*को परिशिष्टमा उल्लेखित केही सूक्तहरू *खिलसूक्त* कहलाउँछन्। यसमा *श्रीसूक्त* पनि पर्दछ।

खोज : आन्तरिक अन्वेषण, गवेषण, आत्मानुसन्धान, स्वस्वरूपानुसन्धान। जब साधक मनको पछि लाग्न छोडेर विवेकको पछि लाग्छ त उसको खोज सही मार्गमा भइरहेको छ भन्ने बोध हुन्छ। मनले धोका दिन सक्छ किनकि मन क्षणिक सुखमा आकर्षित हुन्छ। भोगले रोग ल्याउँछ। विवेकले साधकलाई प्रकाशको मार्गमा, ज्ञानको मार्गमा लगाउँछ। मनले प्रेय मार्गमा लगाएर पथभ्रान्त पार्छ। तर विवेक-बुद्धिले श्रेय मार्गमा लगाएर कल्याण गराउँछ।

मनलाई पनि आध्यात्मिक भनिएकोले कतिपय आध्यात्मिक साधकहरू मनको खोज या मनोवैज्ञानिक विषयमा आकर्षित हुन्छन्। तर महर्षि रमण भन्छन्- मन मिथ्या भएकोले मनको खोज नगर। सत्य कुराकै खोज गर जुन आत्मा हो। मनमाथि शासन गर्ने तरिका यहि हो।*मनको खोज गर्ने मनोवैज्ञानिकहरू आत्मासम्म पुग्न सकेका छैनन्। परामनोवैज्ञानिकहरू मन तथा मानवका अलौकिक शक्ति, मानवीय प्रकृतिका आश्चर्यजनक चमत्कारका बारेमा वैज्ञानिक खोज गरेर सन्तुष्ट छन्। आध्यात्मिक साधकहरूमा आत्मिक खोजको क्रममा मनको रोगको शिकार बन्ने भय रहन्छ। यस्तो विकारले तिनलाई लक्ष्य तर्फ बढ्नै दिँदैन र जीवनलाई नै बेकम्मा बनाइदिन्छ। मनोवैज्ञानिकहरूको कथन छ- मनुष्यको अतल (Unconscious) क्षेत्रमा मानवका पुराना संस्कारहरू अप्रकट रूपमा रहेका छन्। उत्तेजनाको चोट पाउने बित्तिकै यी अभद्र प्रवृत्तिहरू अनायास नै जाग्रत हुनेछन्। अनि मनुष्यको विवेक-बुद्धिमाथि प्रभाव पारेर आफ्नो खराब मायाजालको खेल देखाउन थाल्छन्। यदि हामीले आफ्ना

*म. रमण बातचीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनलाई नियन्त्रण गर्न सकेनौं भने यो पापी मनले हामीलाई कुपथमा तानेर लैजान सक्छ । हामीले अपवित्रता या वासना, इर्ष्या, स्वार्थका कुराहरू सोच्न तिर लाग्यौं भने मनले हामीलाई शैतान बनाउन सक्छ र हामी मान-मर्यादा, कर्तव्य, ज्ञान शून्य हुन सक्छौं । भित्रको शैतान जाग्रत नहोस् भनेर हामी सतत होशियार हुनुपर्छ । हाम्रा दुष्प्रवृत्तिहरू नभड्कून भनी प्रेम, अबैर, आनन्द, उत्साहका भावनाहरू मनमा खेलाइरहनुपर्छ र शान्तिको चिन्तन गरिरहनु पर्छ । यस प्रकारका विचार मनमा दृढ हुने बित्तिकै मनुष्यले बिस्तार बिस्तार शान्त प्रवृत्ति प्राप्त गर्दछ ।#

आधुनिक युगमा आत्मसाक्षात्कार, परमात्मा-प्राप्तिका लागि गरिने प्रयासलाई बुझाउन खोज, अनुसन्धान *(हेर्नू वे.विश्वकोश-१)*, आत्मानुसन्धान, स्वस्वरूपानुसन्धान आदि शब्दहरू प्रयोग गर्छौं । तर प्राचीन, अर्वाचीन कालमा यही प्रयोजनका लागि तप, तपस्या शब्दको प्रयोग गरिन्थ्यो । *शिवपुराण* (उमासंहित)मा भनिएको छ-

तपसा मोक्षमाप्नोति तपसा विन्दते महत् ।
ज्ञानविज्ञानसम्पत्तिः सौभाग्यं रूपमेव च ॥

यसरी तपसद्वारा ज्ञान, विज्ञान, सम्पत्ति, सौभाग्य, रूपादिको त के कुरा मोक्ष समेत प्राप्त हुने कुरा महर्षि व्यासले बताएका छन् । तपसा या तपस्या के हो ? जंगलमा, गुफामा आँखा चिम्ली पलेंटी मारेर बसेमा तपस्या सिद्ध हुन्छ त ? यस सम्बन्धमा स्वयं ठूला अन्वेषक व्यासले *वायुपुराण*मा लेखेका छन्-

ब्रह्मचर्य जपो मौनं निराहारत्वमेव च ।
इत्येतत्तपसो मूलं सुघोरं तद्दुरासदम् ।

(५९।४१)

घरैमा बसे पनि ब्रह्मचर्य, मौन, जप र निराहार (इन्द्रियहरूले विषयहरू

श्रीगोविन्दजी (संग्रहकर्ता)-अखण्ड आनन्दकी प्राप्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहण गरिरहनु आहार हो र सो कार्य सीमित रूपमा गर्नु) तपका जग हुन् । व्यासको खोजवृत्तिको कारण १८ पुराणहरू, *ब्रह्मसूत्र*, *श्रीमद्भागवत* आदिको रचना भयो । जगद्गुरु शंकराचार्यले उपनिषद्हरू, *विष्णुसहस्रनाम* एवं *गीता*, *ब्रह्मसूत्र* आदि ग्रन्थ सामु राखेर गरेको गहन खोज जगत् प्रसिद्ध छ । फलतः उनी भाष्यकार भगवान् कहलाए । *श्रीमद्भागवत*का प्रमुख टीकाकार श्रीधर स्वामीले *भागवत*को अर्थ, रहस्य प्रकट गर्न जुन प्रकारको गहन अध्ययन, चिन्तन र अनुसन्धान गरे त्यो बेजोड मानिन्छ । *श्रीमद्भगवद्गीता*मा भगवान्ले भन्नु भएको **तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्**<> (मेरा परम भक्तको 'योगक्षेम' म वहन गर्छु) भन्ने वचन स्मरण गरेपछि श्रीधरस्वामीले 'योगक्षेम' शब्दमा विचार गर्न थाले । यसरी विचार (खोज) गर्दा गर्दै घरव्यवहारबाट विरक्ति र परमात्मा प्रति प्रपत्ति (शरणागति) तीव्र रूपमा अनुभव गरे । पत्नीको देहान्त भैसकेको थियो र आफ्नो शिशुलाई भगवान्कै जिम्मा लगाएर उनले गृहत्याग गरिदिए ।

प्राचीन कालका त्रिकालदर्शी ऋषिमुनिहरूले वाह्य जगत् प्रति आँखा चिम्लेर व्यावहारिक सत्ताभन्दा परको पारमार्थिक सत्ताका बारेमा जुन गहन खोजका साथै आफ्नो जीवनको उत्सर्ग गरे- त्यसैको फलस्वरूप जगत्ले ठूला-ठूला ग्रन्थहरू, मार्गदर्शक शास्त्रहरू प्राप्त गरेको हो । उनीहरूले आफ्नो खोजलाई आज झैं ख्याति र भौतिक प्राप्तिसँग जोडेनन् । ब्रह्मको खोज या मुक्तिको चाहना गर्दै जगत्मा विचरण गर्ने साधुसन्त, योगी, यतिहरू अनेकौं भए । उनीहरूले ब्रह्म खोजे, जाने र ब्रह्म नै भए- **ब्रह्म वेद ब्रह्मैव भवति** । यिनीहरूमा कतिले आफ्नो ज्ञान शिष्यलाई बताए र नादवंश अगाडि बढ्यो । गिरि, पुरी, भारती आदि दशनामी स्वामीहरूको परम्परा, मछिन्द्रनाथ–गोरखनाथ परम्परा, कबीरपंथ आदि सम्प्रदाय ब्रह्मको खोजकैं जगमा

<> *गीता ९।२२*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खडा भएका हुन् । कतिपय आध्यात्मिक अन्वेषकहरूले आफ्ना खोजका अनुभव, अनुभूतिलाई ग्रन्थहरू लेखेर प्रकाशित गरे- पतञ्जलीले *योगसूत्र* लेखे, मनुले स्मृति, याज्ञवल्क्यले स्मृति-ग्रन्थहरू आदि । आस्तिक दर्शनहरू *(हेर्नू वे.विश्वकोश-१)* यसरी नै प्रतिपादित हुन् ।

पाश्चात्य जगत्मा पनि यस क्षेत्रमा खोज भएका छन् । प्लेटो, सोक्रेटिज, सोपेनहावर, कीर्केगार्ड, इमर्सन, थेरो आदि अनेकौं नाम छन् ।

खं ब्रह्म : ब्रह्मका लागि आकाशको उपमा । *छन्दोग्य उपनिषद्*मा मन्त्र छ- **प्राणो ब्रह्म कं ब्रह्म खं ब्रह्मेति** ।* यसको अर्थ हो- प्राण ब्रह्म हो, सुख (कं) ब्रह्म हो र आकाश ब्रह्म हो । सो उपनिषदमा एक आख्यानका साथ यो मन्त्र प्रस्तुत गरिएको छ । उपकोसल भनेर बोलाइने (कमलका पुत्र कामलायन) आचार्य सत्यकाम जाबालको आश्रममा रहन्थे । उनले बाऱ्ह वर्षसम्म आचार्य आश्रममा अग्निहरूको# सेवा अर्थात् अग्नि सम्बन्धी कर्महरू गरेका थिए । अन्य ब्रह्मचारीहरूको समावर्तन संस्कार सम्पन्न भयो तर उपकोसलको मात्र सो संस्कार भएन । आचार्यकी पत्नीले आफ्ना पतिलाई भनिन्- यी शिष्यलाई विद्याको उपदेश दिनुहोस्, नत्र यिनले सेवा गरेका अग्निहरूले तपाईंको निन्दा गर्नेछन् । तर आचार्यले आफ्नी पत्नीको सल्लाह सुनेको नसुने झैं गरी बाहिर गए त्यसपछि अग्निहरूले उपकोसलाई उपरोक्त उपदेश दिए- **कं ब्रह्म खं ब्रह्म** । अर्थात् आकाशस्थित सुख ब्रह्म हो, अन्य लैकिक सुख होइन । सुखमा आश्रित रहने आकाश ब्रह्म हो, अन्य भौतिक आकाश होइन (सो उपनिषदको शांकरभाष्य) । सुखमा आश्रित रहने आकाश हृदयाकाश हो र मन्त्रमा सोही आकाशलाई संकेत गरिएको हो । सुखस्वरूप

---

*४।१०।४

#*गार्हपत्य, आवाहनीय, दक्षिणाग्नि आदि*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मको हृदयाकाशमा नैं साक्षात्कार हुन्छ ।

*भागवत*मा श्रीकृष्णका बाललीलाहरूको क्रममा भगवान्ले माटो खाएको प्रसंगमा माता यशोदाले बालकृष्णको मुखमा आकाश, दिशाहरू, पहाड, द्वीप, समुद्रका दृश्यहरू, वायु बहिरहेको, विजुली चम्केको, अग्नि, चन्द्रमा, ताराहरू सहित ज्योतिर्मण्डल देखेको सुन्दर वर्णन पाइन्छ (जसबाट ब्रह्म नै सगुण कृष्ण बनेको बोध हुन्छ ।

सा तत्र ददृशे विश्वं जगत् स्थास्नु च खं दिशः ।
साद्रिद्वीपाब्धिभूगोलं सवाय्वग्नीन्दुतारकाम् ॥

(भाग.१०।८।३७)

ख्याति : प्रसिद्धि, ज्ञान । सांख्य-दर्शनमा ज्ञानका लागि ख्याति शब्द प्रयोग हुन्छ । *सांख्यकारि*का अनुसार रज र तम रहित सत्त्वगुणप्रधान प्रशान्तवाहिनी प्रज्ञा नै ख्याति हो । यस ज्ञानमा वृत्ति संस्कारको चक्र चाहिँ रहिरहन्छ । चित्त निरोधको अवस्थामा यो संस्कारको रूपमा रहन्छ । व्यक्त, अव्यक्त र ज्ञको विज्ञान(विशेष ज्ञान)बाट दु:ख निवृत्त हुन्छ । यसको अभ्यासद्वारा वृत्ति संस्कार नष्ट भै विदेह (कैवल्य) प्राप्ति हुन्छ । त्यस अवस्थामा ख्याति पनि निवृत्त हुन्छ । सांख्यमा तीन तत्त्वको विवेक महत्त्वपूर्ण छ-**व्यक्ताव्यक्त-ज्ञ-विज्ञानात् ।**

क.मूल प्रकृतिको परिणाम **(व्यक्त)**
ख.मूल प्रकृति **(अव्यक्त)**
ग.चेतन **(ज्ञ)**

व्यक्त, अव्यक्त र ज्ञको विशेष ज्ञान नै ख्याति हो । मूल प्रकृतिको परिणाम २३ छन् । तिनमा ज्ञ र अव्यक्त थपिएपछि तत्त्वहरूको संख्या २५ हुन्छ । वैचारिक सिद्धान्तको दृष्टिले ख्याति या ख्यातिवादलाई ५ प्रकारले विभाजन गरिएको पाइन्छ-

क.असत् ख्याति
ख.आत्मख्याति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग. सत् ख्याति
घ. अन्यथा ख्याति
ङ. अनिर्वचनीय ख्याति

बौद्ध मतमा जगत् भनेको असत् ज्ञान किंवा बौद्धिक प्रतीति मात्र हो । शून्यवादी बौद्ध मत अनुसार देखिएको वस्तु सत्य होइन, त्यो सुखरूप छैन । अनित्य वस्तु सुखरूप हुनै सक्तैन । असत् ख्याति मान्नेहरू 'अनित्य वस्तु र दुःखको पछि नलाग, निर्वाणको शिखर तर्फ अगाडि बढ' भन्छन् । बौद्ध दर्शनमा क्षणिक विज्ञानवादीहरू भन्छन्- जगत् वस्तुतः आत्मख्याति मात्र हो अर्थात् बुद्धिमा जगत्को संस्कार जुन छ त्यसैको कारणले गर्दा देखिएको हो । मोह र मिथ्या दृष्टि चिर कालदेखि मनुष्यमा संचित रहेको छ । त्यो दृष्टि त्यागे पछि प्रज्ञाको विकास हुन्छ । ज्ञानवान्ले सत्यलाई जानेको हुन्छ, त्यसैले ऊ सुखी रहन्छ ।

चारवाक सिद्धान्तीहरू सत् ख्याति मान्छन् अर्थात् देखिएको भौतिक जगत्लाई सत् मान्छन् । आत्मा, परमात्मा, पुनर्जन्म, पूर्वजन्म सम्बन्धी धारणाहरू उनीहरूको दृष्टिमा असत्, भ्रामक हुन् । आजका भौतिकवादीहरू पहिलेका नास्तिक चारवाककै अनुयायी हुन् ।

अन्यथा ख्याति मान्ने वैशेषिकहरू (कणादका अनुयायीहरू) भन्छन्- कल्पना, संकल्पले गर्दा नै जगत् देखिन आएको हो । संकल्पहीन, वासनाहीन भएको भए जन्म नै हुन्नथ्यो र उसले जगत्को दुःखसुख भोग्न पर्दैनथ्यो ।

वेदान्त अनिर्वचनीय ख्याति मान्छ । अनिर्वचनीय मायाद्वारा जगत्को सृष्टि भएकोले यो सत् पनि होइन, असत् पनि होइन, दुवै मिलेको भन्न पनि मिल्दैन, त्यसैले अनिर्वचनीय *(हेर्नू-वे.विश्वकोश-१)* हो । जगत् बाँझीको छोरा झैं बिल्कुलै झुठो होइन, तर डोरीमा देखिएको सर्प झैं हो । डोरी-ज्ञान नभएसम्म सर्पको भय भैरहन्छ । त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मबोध भएपछि जगत्‌को दुःखबाट मुक्ति मिल्छ । स्वामी करपात्रजी *(हेर्नू यसै प्रविष्टि)*को *'वेदार्थ पारिजात'* (विद्वतापूर्ण विशद् ग्रन्थ-खण्ड१)मा ख्याति-विचार शीर्षकमा लामो चर्चा गरेको पाइन्छ ।

ग

गङ्गा : गङ्गा शब्दको व्युत्पत्ति यस प्रकार छ– **'गां पृथ्वी गच्छतीति गङ्गा'** अर्थात्– जो स्वर्गबाट पृथ्वीमा झरेकी हुन् उनै गंङ्गा हुन् । अर्को अर्थ पनि छ– **ग अव्ययं (स्वर्ग) गमयतीति गङ्गा ।** जसले भक्तलाई पृथ्वीबाट स्वर्गतिर लैजान्छे उनै हुन गङ्गा । गङ्गाको महत्त्व दुवै प्रकारबाट सिद्ध हुन्छ । गङ्गा माता लोकको उपकारार्थ वैकुण्ठबाट धरतीमा आइन् । त्यति मात्र होइन धरतीका भक्तजनलाई उनी स्वर्गमा पनि पठाउँछिन्, त्यसैले उनलाई पतितपावनी, पापहारिणी भनिएको हो ।

गङ्गा प्राचीन नदी मानिन्छ किनकि ऋग्वेदको नदीसूक्तमा गङ्गाको उल्लेख पाइन्छ *(१०।७५।५-६)* । भारतका प्रसिद्ध नदीहरूमा गंगा सर्वप्रथम हो । वैदिक युगको साहित्य *शतपथ ब्राह्मण (१३।५।४।११-१३), जैमनीय ब्राह्मण (३।१८३),* ऐतरेय *ब्राह्मण (३९।९)* र *तैतिरीय आरण्यक (२।१०)* मा गङ्गाको सुन्दर वर्णन पाइन्छ । *राजनिर्घण्टः* ग्रन्थमा गङ्गा जलको विशेषता यसरी बताइएको छ–

शीतत्वम् स्वादुत्वम् स्वच्छात्वम् अत्यन्त रुच्चत्वम् पथ्यत्वम् ।
पावनत्वम् पापहारित्वम् तृष्णा मोह ध्वंसत्वम् प्रज्ञाधारित्वम् च ॥

अर्थात् गङ्गा जल शीतल छ, स्वादिलो छ, स्वच्छ, अति रुचिकर र पच्ने खालको छ । यो जल पवित्र छ, पापनाशक, तृष्णा र मोह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनाशक र प्रज्ञादायक पनि छ ।

गङ्गाको अवतरण सम्बन्धी धार्मिक-पौराणिक कथाहरू प्रचलित छन् । *भागवत* महापुराणमा वैकुण्ठमा गङ्गाको उत्पत्ति भएको बताइएको छ- ब्रह्माजीले श्रीहरिको चरण प्रक्षालन गर्दा चरणको नङबाट झरेको चरणामृत नै गङ्गाको रूपमा प्रवाहित भयो । उनै गङ्गाले शंकर सहित सारा जगत्लाई पवित्र तुल्याइ दिइन् *(भाग.१।१८।२१)* । *भागवत*मै गङ्गाजलको महिमा यसरी गाइएको छ–

या वै लसच्छ्रीतुलसीविमिश्र-
कृष्णाङ्घ्रिरेण्वभ्यधिकाम्बुनेत्री ।
पुनाति लोकानुभयत्र सेशान्
कस्तां न सेवेत मरिष्यमाणः ॥

(१।१९।६)

गङ्गाजीको जल भगवान्को चरणकमलको त्यस्तो पराग लिएर बग्छ जसमा तुलसीको सुवास मिलेको हुन्छ । यसै कारणले यसले ती लोकपालहरू सहित तल र माथिका समस्त लोकलाई पवित्र गर्छ । गङ्गाजल नपाउने को मरणासन्न व्यक्ति होला ? (अर्थात् गङ्गाजल नपिई मर्ने अभागी हो) ।

ब्रह्माजीले श्रीहरिको पाऊ पखाल्दा गङ्गाको उत्पत्ति भएको देखेर हत्तपत्त आफ्नो कमण्डलु थाप्नु भयो र राजा भगिरथले तपस्या गरेर धरतीमा अवतरण नगराएसम्म नै गङ्गा देवीको रूपमा बैकुण्ठमा रहनु भयो । लक्ष्मी र सरस्वतीले सौताको रूपमा गङ्गालाई हेरे भन्ने प्रसंग पुराणहरूमा पाइन्छ । *देवीभागवत*का अनुसार सौतेनी झगडाको कारणले गङ्गा र सरस्वतीमा एकले अर्कालाई श्राप दिन थाले– वैकुण्ठबाट च्यूत भएर धरतीमा नदीको रूपमा बग्न परोस् । यही श्राप नै धरतीवासीका लागि वरदान भयो । हामीले गङ्गा(भागिरथी) र सरस्वती नदी पायौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्ग, मत्य र पाताल निवासी(त्रिलोकी)को पाप-राशी पखाल्न धरतीमा दुई नदी बगेका छन्– एउटी गङ्गा भगवान्को पाऊबाट झरेकी **(पादावेनेज सरितः)** नदी छन्, अर्को नदी चाहिं भगवान्को लीला कथामृत हो । सत्संगीहरूले भगवान्को लीलामृत श्रवणबाट र गङ्गाजी स्नान दुवै प्रकारले पाप-ताप मेट्न सक्छन् । *(भागवत ११।६।१९)*

महाभारत अनुसार प्राचीन कालमा हिमालयको स्वर्ग-शिखरबाट निस्केकी गङ्गा विभिन्न धारामा शाखामा छुट्टिएर समुद्रमा मिल्न गएकी छिन् । यिनका नाम हुन्

गङ्गाश्च यमुनाश्चैव प्लुपक्षजातां सरस्वतीम् ।
रथस्यां सरयूंचैवं गोमतीं गण्डकीं तथा ॥

(आ.प.१६७।१९-२०)

गङ्गोत्तरी हिमनदी हिउँगुफा (गोमुख)बाट निस्कन्छ । उचाइ १२ हजार ९६ फीटभन्दा बढी छ । यो हिमनदी टिहरी गडवाल क्षेत्रमा पर्छ । गङ्गा नारायण पर्वतको छेउबाट ऋषिकेश, हरिद्वार, कान्यकुब्ज, कानपुर, प्रयाग हुँदै बगेको छ । उत्तराञ्चल हिमाली भेगका विभिन्न दिशाबाट नदीहरू बगेका छन् र तिनका विभिन्न नाम रहेका छन् । गङ्गा, यमुना, मन्दाकिनी, अलखनन्दा आदि । *महाभारत*मा वेदव्यासले यी सबै नदीलाई गङ्गाकै शाखा मान्दै गङ्गा, काशी, *भागवत*को महिमा गाएका छन्–

निम्यगानां यथा गङ्गा देवानामच्युतो यथा ।
वैष्णानां यथा शम्भुः पुराणानामिदं तथा ॥
क्षेत्राणां चैव सर्वेषां यथा काशी ह्यनुत्तमा ।
तथा पुराणव्रातानां श्रीमद्भागवतं द्विजाः ॥

(भाग.१२।१३।१६-१९

गङ्गोत्तरी १० हजार २० फीट माथि रहेको तीर्थ हो । नरनारायण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्वतबाट गोमुख हुँदै हिमप्रवाहको रूपमा यहाँ आएकी छिन् । भागीरथ राजाको तपस्यास्थल र गङ्गा मन्दिर छन् यहाँ । मन्दिरमा गङ्गा माताको अति आकर्षक प्रतिमा रहेको छ जसमा पूजा गर्नका लागि भक्तहरू लाइनमा उभिएर प्रतीक्षा गर्छन् । जसले गङ्गास्नान र दर्शन गरेर तन र मन पवित्र पारेको छैन, उसले ज्ञान-गङ्गामा स्नान गरेर मुक्ति पाउने कल्पना गर्न सकिन्न । तीर्थाटनले तन, मनलाई माझेर सफा पार्छ जहाँ भक्ति टिक्छ । यसरी भक्ति दृढ भएपछि साधक मुक्ति तिर उन्मुख बन्छ ।

गजवक्त्र : गणेशको विशेषण । गणनायक, गणपति चाहिं शिव र गणेश दुवैको विशेषण हो *(हेर्नू गणेश)* ।

गजानन : गणेशको पर्याय । हात्ती(गज)को टाउको जोडिएकोले गणेश गजानन हुनुभयो ।

ब्रह्मवैवर्तपुराण (गणेशखण्ड, अध्याय-६) र *स्कन्दपुराण(गणेश खण्ड, अध्याय-११)*मा गणेश गजानन हुनु भएको कथा वर्णित छ ।) गणेशका १२ नामहरूमा द्वादश नाम गजानन हो– **एकादशं गणपतिं द्वादशं तु गजाननम् ।**

गजेन्द्रमोक्ष : *भागवत*को प्रसिद्ध स्तुति । दुःस्वप्न एवं जाग्रतका दुःख चिन्ता हटाउनका लागि भक्तजन *गजेन्द्रमोक्ष*को पाठ गर्छन् । यस स्तुतिको पद्यानुवाद र व्याख्या सहितको पुस्तक पाइन्छ । पं. वदरीनाथ भट्टराईले २०३१ सालमा यस सम्बन्धी पुस्तक प्रकाशित गर्नु भएको हो । पुस्तकको अन्त्यमा *महाभारत*मा प्राप्त विष्णुधर्म-गजेन्द्रमोक्षका स्तुति पनि दिनु भएको छ । *वामनपुराण*मा पनि गजेन्द्रमोक्ष पाइन्छ । *भागवत*को गजेन्द्रमोक्षमा जम्मा २८ श्लोकहरू छन् जुन *महाभारत*को भन्दा भिन्न पाइन्छ । *भागवत*को अष्टम स्कन्ध तृतीय अध्यायमा यो स्तुति-रत्न जडिएको छ । हात्तीहरूका राजा गजेन्द्रलाई ग्राहले पोखरीमा समातेर मार्न लाग्दा गजेन्द्रले भगवान् विष्णुको स्तुति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेपछि भगवान्ले उसलाई ग्राहबाट मुक्त तुल्याई त्यसलाई मारिदिनु भएको प्रसंगलाई ध्यानमा राखेर संसारको दु:ख-भयरूपी गोहीबाट मुक्ति पाउन र आफ्नो सच्चिदानन्द अद्वैत स्वरूपको बोधको कामना राखी यो स्तुति-पाठ गरिन्छ । गजेन्द्रले निर्गुण परमात्माको स्तुति गर्दा पनि भगवान्ले सगुण, साकार रूप लिएर उसको उद्धार गरिदिनु भयो ।

त्रिकुट पर्वत अन्तर्गत तटहरी जङ्गलमा गजेन्द्र बस्थ्यो । त्यसैको नजिक वरुणदेवको ऋतुमान नाउँको सुन्दर बगैंचाको रमणीय पोखरीमा स्नान गर्न गजेन्द्र आफ्नो बथानका साथ आयो । उसले पोखरीको चीसो, मीठो पानी खायो र आफ्ना परिवारसँग स्नान गर्दै पानी छ्यापाछ्याप गरी खेल्न थाल्यो । त्यही पोखरीमा रहने ग्राहले पोखरीको शान्ति खल्बल्याउन को आयो भनेर पानीको सतहमा आउँदा हात्तीको बथान देख्यो । उसले गजेन्द्रको खुट्टा समात्यो र पानीभित्र लगेर त्यसलाई मारेर खाने विचार गऱ्यो । गजेन्द्र ठूलो र बलियो थियो तर पानीमा उसले बल देखाउन सकेन । ऊसँग आएका अन्य हात्तीहरूले उसलाई बचाउन खोजे तर केही सिब लागेन । आखिरमा सबैले गजेन्द्रलाई छाडेर गए । गजेन्द्र एक्लो भयो । उसले सम्पूर्ण प्राणीहरूका बलका पनि बल त भगवान् नै हुनुहुन्छ भन्ने सोचेर 'अनन्तशक्ति' भएका भगवान्को शरणमा पऱ्यो-

तस्मै नमः परेशाय ब्रह्मणेऽनन्तशक्तये ।
अरूपायोरुरूपाय नम आश्चर्यकर्मणे ॥ *(श्लोक-९)*

अर्थात् ब्रह्मादि देवताका पनि मालिक, व्यापक, अनन्त शक्ति भएका परमेश्वरलाई नमस्कार छ । नाम, रूपसहित, विश्व नै रूप भएका, अचम्मको कर्म भएका परमात्मालाई म नमस्कार गर्छु !

गजेन्द्रले आर्तभक्तिको क्रममा अद्वैत वेदान्तपरक स्तुति समेत गर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसबाट उसमा पूर्वजन्मको संस्कार प्रकट हुन्छ–

नमो नमस्तेऽखिल कारणाय निष्कारणायाद्भुतकारणाय ।
सर्वागमाम्नायमहार्णवाय नमोऽपवर्गाय पराणयाय ॥

(श्लोक-१५)

अर्थात् सम्पूर्ण ब्रह्माण्डका कारण तर आफ्नो कारण कोही नभएका, आश्चर्यजनक कार्य गर्न सक्ने, आगमशास्त्र र निगम(चारै वेदहरू)का स्रोत (सागर), सज्जनको आश्रय-अधिष्ठान स्वरूप एवं अपवर्ग(मोक्ष) प्रदान गर्ने परमात्मालाई म नमस्कार गर्छु ।

हात्तीको जूनीमा रहेर पनि यसरी भक्ति-भाव व्यक्त गर्न सक्ने गजेन्द्र पूर्वजन्ममा भगवान्‌को भक्त नै हुनुपर्छ भन्ने जिज्ञासा उठ्नु स्वाभाविक छ । पूर्वजन्ममा गजेन्द्र द्राविड पाण्ड्य राज्यको इन्द्रद्युम्न नाउँका राजा थिए । उनी एक दिन मलय पर्वतको आश्रममा मौन रहेर, विष्णु भगवान्‌को भक्ति गरिरहेका थिए । त्यसै बखतमा अगस्त्य मुनि त्यहाँ आइपुगे । आफ्नो स्वागत-सत्कार नगरी स्तब्ध रूपमा बसिरहेको देखेर मुनिलाई रीस उठ्यो र उनले इन्द्रद्युम्नलाई श्राप दिए- खम्बा झैं जडबुद्धि भएको यो राजाले तमोगुणी हात्ती बनेर प्रारब्ध भोगोस् । यसरी उनी भगवान्‌का भक्त हात्ती बन्न पुगेका थिए । ग्राह चाहिं पूर्वजन्ममा हूहू नाउँ गरेको गन्धर्व थियो । त्यो गन्धर्व स्त्रीहरूसँग तलाउमा जलक्रिडा गरिरहेको थियो । नजिकै देवल मुनि स्नान गरिरहेको देखेर उसले पानी मुनि पौडेर गई मुनिको खुट्टा तान्यो । त्यसरी आफ्नो अपमान गरेकोमा मुनि खूब रिसाए र श्राप दिए- तँ ग्राह जस्तो रहेछस्, त्यसैले ग्राह नै भैजा । श्रापपछि गन्धर्वको आँखा खुल्यो, मैले गर्न नहुने काम गरे भन्ने लाग्यो । उसले मुनिको पाऊ परेर क्षमा मागे पछि मुनिले भन्ने- तैले अर्को जन्ममा यसरी नै श्रापित भै जीवन बिताइ रहेको हात्तीलाई पोखरीमा समात्ने छस् । उसलाई बचाउन विष्णु भगवान् आउनुहुनेछ र उहाँले उद्धार गर्नुहुनेछ । त्यसै बखत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेरो पनि उद्धार हुनेछ ।

शुकदेव स्वामी राजा परीक्षितलाई गजेन्द्रको कथा बताउँदै अन्त्यमा भन्छन्- विशेष चिन्ह, मूर्ति आदि नभएका (निर्विशेष) परमात्माको स्तुति गर्ने गजेन्द्रको उद्धार गर्न मूर्तिको भेदमा अभिमान राख्ने ब्रह्मादि देवताहरू नगएको देखेर सर्वात्मक, सर्वव्यापक हरि त्यहाँ प्रकट हुनु भयो । छन्दमय (वेदका छन्दको झैं आवाज निकालेर उड्ने) गरुड चडेर सुदर्शन चक्र हातमा लिएका विष्णु भगवान्को दर्शन पाएपछि कमल टिपेर सुँडले नमस्कार गर्दै मर्लान्त परेको गजेन्द्रले भन्यो- हे नारायण ! हे सारा संसारका गुरु ! तपाईंलाई नमस्कार छ ।

हरिले पनि ग्राह सहित गजेन्द्रलाई तलाउबाट बाहिर झिक्नु भयो र सुदर्शन चक्रले ग्राहको मुख च्याति दिनुभयो । देवताहरूले पुष्पवृष्टि गरे । गजेन्द्रले भगवान्को रूप धारण गरेको देवताहरूले देखे भने ग्राह चाहिं गन्धर्वको रूप लिएर परमात्मालाई नमस्कार र प्रदक्षिणा गर्दै गन्धर्व लोकतिर प्रस्थान गऱ्यो । त्यसपछि भगवान्ले त्यहाँ रहेका दर्शक सबैलाई सुनाएर भन्नुभयो- रातको अन्त्य कालमा बिउँझेर यो स्तोत्र जसले पाठ गर्ला प्राण जाने बखतमा उसलाई म निर्मल बुद्धि दिनेछु अर्थात् मेरो स्मरण गराउनेछु ।

गणपति : गणदेवता, गणाधीश, गणाधिपति । पुराणहरूमा रुद्रका मरुत् आदि अनेकौं गणहरू प्रसिद्ध छन् तिनका पति (मालिक) गणपति हुन् । शिवगणका पति शिव नै हुन् । गणपति शब्दले गणेश (गजानन)लाई समेत जनाउँछ ।

गणपतिको प्रथम उल्लेख ऋग्वेदमा पाइन्छ-

गणानां त्वा गणपतिं हवामहे कविं कवीनामुपश्रवस्तमम् ।
जेष्ठराज़ं ब्रह्मणा ब्रह्मणस्पत आनः श्रृण्वन्नूतिभिः सीदसादनम् ॥

(२।२३।१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*शुक्ल यजुर्वेद*को अश्वमेधाध्यायमा पनि गणपति शब्द पाइन्छ। समस्त देवमण्डलका नायकको नाम पनि गणपति हो यद्यपि शिव परिवारसँग यसको सम्बन्ध रहेको छ। गणनायक भन्नु गणदेवता भन्नु या गणपति भन्नु एकै कुरा हो। *अमरकोश*ले गणदेवताको परिभाषा यसरी गरेको छ-

आदित्य विश्ववसवस्तुषिता भास्वरानिलाः
महाराजिकसाध्याश्च रुद्राश्च गणदेवताः।

'गण' शब्दको अर्थ हो- समान उद्देश्य प्राप्त गर्नका लागि बनेको समूह, अनुयायी या अनुचर वर्ग। विशेषतः अर्धदेवताको गण जो शिवका सेवक मानिन्छन् ती गणपति हुन्। *(आप्टे-सं.हि.कोश)*

गणेश : गजानन, गणपति। शिव र पार्वतीका पुत्र। दुई 'गण' र 'ईश' पद मिलेर गणेश बनेको छ, जसको अर्थ हुन्छ गणका स्वामी। गण भनेको सेवकको समूह हो जस्तो शिष्यगण। गणदेवताको अर्थ हुन्छ समूह बनाएर बस्ने एक थरी देवता। *अमरकोश*मा उदाहरणको रूपमा बाऱ्ह आदित्य, अष्ट वसु, एकादश रुद्र आदिलाई गणदेवता भनिएको छ। गणेश्वर शब्दबाट चाहिं शिव र गणेश दुवै बुझिन्छ अनि प्रसंग अनुसार अर्थबोध गर्नु पर्छ। *यजुर्वेद*को मन्त्र- **गणानां त्वा गणपतिं हवामहे**मा जुन गणपति शब्द प्रयोग भएको छ त्यसले गणेशलाई मात्रै जनाएको होइन। *ऋग्वेद*मा 'ब्रह्मणस्पति' 'जेष्ठराज' शब्द गणपति देवका लागि प्रयोग भएको देखिन्छ। *ऋग्वेद*को सूक्त (द्वितीय मण्डलको सूक्त)मा ऋषि गृत्समदले देवगणको अधिपति, क्रान्तदर्शी-अतीत-अनागतका ज्ञाता, कविका पनि कवि, कीर्तिसम्पन्न ब्रह्मणस्पतिको आवाहन गरेर उनीसँग प्रार्थना गरेका छन्– हाम्रो प्रार्थना सुनेर तपाईं रक्षकको रूपमा हाम्रो घरमा निवास गरिदिनोस्। यो पूरै सूक्त ब्रह्मणस्पति गणेशको वाचक छ।▲

▲ *चेतोनाथ आचार्य-गणेश एक स्वरूप अनेक*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेशजीको श्रीविग्रह अद्‌भूत देखिन्छ-उहाँ भूंडे (लम्वोदर) हुनुहुन्छ, हात्तीटाउके हुनुहुन्छ (गजानन), एकदन्त हुनुहुन्छ (अर्को दाँत भाँचिएको छ)। उहाँका चार हातमध्ये एउटामा बन्चरो, अर्कोमा लड्डु, तेश्रोमा पासो र चौथो हात चाँहि वरद मुद्रामा रहेको पाइन्छ। उहाँको काँधमा जनै छ र मूसा नै वाहन छ। बिघ्नबाधा हटाउने देवता हुनुभएकोले उहाँ मंगलमूर्ति कहलाउनु हुन्छ। उहाँ सिद्धि र बुद्धि दिनुहुन्छ। ऋद्धि र सिद्धि त उहाँका पत्नीकै नाउँ हुन्। सन्तोषी माता उहाँकी छोरी हुनुहुन्छ। *शिवपुराण*मा गणेश गजानन हुनुभएको कथा बताइएको छ। उहाँ पार्वतीको इच्छा अनुसार उहाँकै मयलबाट उत्पन्न हुनु भएको हो। सुन्दर बालकको रचना गरेपछि पार्वतीले आफ्नो गणको रूपमा महलको ढोकामा सुरक्षार्थ खटाउनु भयो। त्यही समयमा शिवजी कैलाश महल फर्कनु भयो। उहाँलाई गणेशले जान दिनु भएन। धेरै संझ्भाउँदा पनि आफ्नै घरमा आफूले प्रवेश नपाउँदा उहाँ ज्यादै क्रोधित हुनुभयो। शुरुमा शिवले आफ्नो गणलाई गणेशसँग युद्ध गर्न आदेश दिनु भयो। पार्वतीनन्दन वीर बालकले शिवगण सबैलाई आफ्नो दाइ कार्तिकेयलाई समेत हराइ दिनुभयो। आफूलाई संझ्भाउन आएका ब्रह्माजीको दारी उखेल्दिनु भयो। शैव मायाले गर्दा स्वयं विष्णु पनि गणेशसँगको युद्धमा पराजित हुनुभयो। त्यसपछि शिवसँग युद्ध भयो। अन्त्यमा शिवजीले क्रोधमा आएर त्रिशूलले बालकको शिरोच्छेदन गरिदिनुभयो। आफ्नो रचना शिर काटिएको अवस्थामा लडेको देखेर पार्वती माता अत्यन्त क्रूद्ध भै एक लाख शक्तिहरू पैदा गरी 'देवसेनालाई नष्ट गर' भन्ने आदेश दिनुभयो। अकालमा प्रलय मच्चिन थाल्यो। ऋषिहरूले पार्वतीको प्रार्थना गर्दै क्षमाको भीख मागे। माताले 'मेरो पुत्रको जीवनदान भए र पूज्यनीय हुने व्यवस्था भए क्षमा गर्छु' भन्नुभयो। त्यसपछि शिवजीले देवताहरूलाई उत्तर दिशामा पठाएर 'जुन प्राणी सबभन्दा अगाडि फेला पर्छ उसैको टाउको काटेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याउनू' भन्ने आदेश दिनुभयो । देवताहरूले हात्तीको टाउको काटेर ल्याए । शिवजीले सोही टाउको बालकको गिंडमा जोडेर गणेशलाई पुनर्जीवित गरिदिनुभयो । त्रिदेवीले उहाँलाई पूज्य र गणनाथ हुने वरदान दिनु भयो । सबै देवताहरूले सर्वाध्यक्ष मानेर उहाँको पूजा गरे ।

भयंकर विघ्न, विपत्तिबाट पुनर्जीवन पाएर सम्मानित गणेश विघ्नेश्वर पनि हुनुहुन्छ -

लम्बोदरं परमसुन्दरमेकदन्तं
रक्ताम्बरं त्रिनयनं परमं पवित्रम् । आदि

(स्तुतिको पूरा पाठ यसै प्रविष्टिको अन्त्यमा)

लम्बोदर भए पनि, एकदन्त भए पनि गणेश परमसुन्दर हुनुहुन्छ । सिंधुरले वदन सिंगारिएको छ । तीन नेत्र छ, परम पवित्र हुनुहुन्छ । उहाँको भर्खर उदाएको सूर्यको जस्तो कान्ति छ र भक्तका सबै प्रकारका विघ्नलाई उहाँले हटाइ दिनुहुन्छ । शिवभक्त तथा विष्णुका अवतार परशुरामसँग अनजानमा कैलाशमा गणेशको युद्ध हुँदा परशुरामको बञ्चरो प्रहारबाट उहाँको एक दाँत भाँचिन गएको कुरा पुराणहरूमा पाइन्छ ।

पृथ्वी-परिक्रमाको प्रतियोगिता आफ्ना दाजु कार्तिकेय *(हेर्नू कार्तिकेय)* सँग हुँदा गणेशको प्रत्युत्पन्न मतिले गर्दा उहाँ प्रथम हुनुभयो । उहाँले शिव र पार्वतीको पूजा र परिक्रमा गर्दै 'तपाईंहरू नै पृथ्वी हुनुहुन्छ, ब्रह्माण्ड तपाईं भित्र नै छ भने म बाहिर अन्त किन जाउँ? त्यसैले तपाईंहरूकै सातपल्ट परिक्रमा गरेको हुँ । को पहिला भयो फैसला तपाईंहरूले गर्नुहोस्' भन्दा गौरीशंकर अति प्रसन्न हुनुभयो । *शिवपुराण* अनुसार माता-पिताबाट पृथ्वी परिक्रमामा पहिला हुने धावककै पहिले विवाह र ठूलो सम्मान हुने शर्त राखिएको थियो । प्रतियोगितामा विजयी भएका गणेशजीको शुभ-विवाह विश्वकर्माका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई छोरीहरू सिद्धि र ऋद्धिसँग एकसाथ भयो । सिद्धिबाट क्षेम (शुभ) र ऋद्धिबाट लाभ पुत्ररत्नहरू पैदा भए । प्रतियोगितामा भाइको विजय र विवाह भएको थाहा पाएर क्रूद्ध कुमार मातापितालाई प्रणाम गरी दक्षिण भारतको क्रौन्च पर्वतमा तपस्या गर्न गए ।

गणेश विघ्न-बाधाहर्ता हुनुभएको, मंगलकारी हुनुभएको कारणले जुनसुकै कार्य तथा अनुष्ठानमा अग्रपूजा उहाँकै हुन्छ । *महाभारत*का लिपिकार र द्रूत गतिमा लेख्न सक्ने देवताको रूपमा उहाँ प्रसिद्ध हुनुहुन्छ । *महाभारत* लेखिंदा व्यासले स्रष्टा-वक्ताको काम गर्नुभयो भने गणेशले लिपिवद्ध गर्नुभयो ।

गणेशजीलाई कसरी मूसा वाहन प्राप्त भयो यस सम्बन्धमा रोचक कथा छ । स्वर्गमा रम्भा अप्सरा नाचिरहेकी थिइन् । क्रौन्च गन्धर्व नाच हेरेर नशाले लठ्ठिएको मानिस हिंडे झैं हिंड्दा वामदेव ऋषिलाई धक्का दिन पुग्यो । ऋषिले अपमान गरेको ठानी श्राप दिए- मूसा बनेर धरतीमा विचरण गरेस् ।

श्रापद्वारा मूसा बनेको क्रौन्चले बदलामा ऋषि-मुनिहरूलाई सताउन थाल्यो । हाहाकार मच्चायो उसले । उनीहरूले हिमालमा गई शिवजीसँग उपद्रो शान्त गर्नका लागि निवेदन गरे । शिवेच्छा अनुसार गणेशले आफ्नो बाहन बनाउनु भयो र त्यस मूसाले आफ्नो उग्र स्वभाव त्याग्यो ।

गणेश आध्यात्मिक दृष्टिले हेर्दा सबैका आत्मा हुनुहुन्छ, अन्तर्यामी र सर्वव्यापक हुनुहुन्छ । इन्द्रियहरू गण हुन् र उहाँ स्वामी हुनुहुन्छ, त्यसैले गणेश भनिएको हो । मूसा मनुष्यमा रहेका चोरी, नोक्सानी गर्ने पाप-वृत्तिहरूको प्रतीक हो । गणेशजीले ती वृत्तिहरूमा चरण-प्रहार गर्नुहुन्छ अर्थात् दबाइदिनुहुन्छ ।

श्रीगणेशका प्रसिद्ध दुई स्तुति प्रस्तुत गरिन्छ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विघ्नेश्वराय वरदाय सुरप्रियाय
लम्वोदराय सकलाय जगद्हिताय ।
नागाननाय श्रुतियज्ञविभूषिताय
गौरीसुताय गणनाथ नमोनमस्ते ॥

\+ \+ \+

ॐ लम्बोदरं परमसुन्दरमेकदन्तं
रक्ताम्बरं त्रिनयनं परमं पवित्रम् ।
उद्यद्दिवाकरकरोज्ज्वलकायकान्तं
विघ्नेश्वरं सकलविघ्नहरं नमामि ॥
त्वां देव विघ्नदलनेति च सुन्दरेति
भक्तप्रियेति सुखदेति फलप्रदेति ।
विद्याप्रदेत्यघहरेति च ये स्तुवन्ति
तेभ्यो गणेश वरदो भव नित्यमेव ॥

गणेशगीताः *गणेशपुराण* अन्तर्गत यो गीता पर्दछ। सो पुराणको उत्तरखण्डको १३८-१४८ अध्यायसम्म जम्मा ४१३ श्लोकयुक्त भागलाई *गणेशगीता* भनिन्छ । श्रीगणेशले राजा वरेण्यलाई दिएको ज्ञानोपदेश यसमा समावेश गरिएको छ । *गणेशगीता*को उत्पत्तिको प्रसंग यस प्रकार छ- सिंदुर नामक असुरले अन्याय, अत्याचार गरेर राजा र प्रजालाई सताएपछि राजा वरेण्यको दरवारमा रहेका गजानन सो असुरसँग लड्न जानुभयो । उसले शुरुमा गणेशजीको बाल्यावस्था देखेर उपेक्षा गऱ्यो । तर उसले गणेशको वीरतापूर्ण हाँक सुन्यो– **भूमिभारं महाघोरं हरामि दुष्टनाशनात्** अर्थात् म त दुष्ट नाश गरेर भूमिको भार हटाउन आएको हुँ। दुई पक्ष बीच घनघोर लडाईं भयो र असुर पराजित भयो । राजाले गजाननलाई परमात्माको स्वरूप भनेर जाने । उनले जिज्ञासु भएर ब्रह्मज्ञानको उपदेश पाउँ भनी बिन्ति गरेपछि गणपतिले गीतोपदेश गर्नुभयो ।

यस गीतामा जम्मा ११ अध्यायहरू छन् । *गणेशगीतामा भगवद्गीतामा*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झैं कर्मयोग, भक्तियोग, ज्ञानयोग तथा विश्वरूपको वर्णन समेत पाइन्छ । फलको इच्छा नराखी कर्म गर्नु, अधर्ममा लगाउने काम, क्रोधादि षड्रिपु माथि नियन्त्रण गर्नु नै उत्तम कर्म हो । धर्मको रक्षा र पापीको नाशका लागि भगवान्(श्रीगणेश)को अवतरण, यज्ञहरूमा ज्ञानको सर्वोत्कृष्टता, चित्तशुद्धिका लागि कर्म, भक्ति सम्पादन, ध्यान, निदिध्यासनको अभ्यास, यिनको फलस्वरूप आत्म-साक्षात्कार, अन्त्य कालमा गणेश स्मरण गरी प्राण त्याग्नेले उहाँलाई नै प्राप्त गर्ने रहस्य, शुक्ल र कृष्ण गतिको वर्णन, राजालाई दिव्य चक्षुदान र उनले विश्वरूप दर्शन पाउनु जस्ता प्रसंग यस गीतामा पाइन्छ ।

त्यसैगरी भक्तिको सर्वश्रेष्ठता, भगवान्का प्रिय भक्तहरूको प्रकार, क्षेत्र-क्षेत्रज्ञको लक्षण, दैवी, आसुरी र राक्षसी प्रकारका प्रकृतिको वर्णन, कायिक-वाचिक-मानसिक तपस्या, तप झैं दान, ज्ञान, कर्म, कर्ता, सुख-दु:ख आदिको प्रकार आदि विषयमा यस गीतामा प्रकाश पारिएको छ । यो गीता सुनेपछि राजा आफ्नो राज्यभार मन्त्रीहरूलाई सुम्पेर जंगल पसे र उहीं ज्ञानको बलले मोक्ष पाए ।❖

गणेश-चौथी : भाद्र शुक्ल चतुर्थी तिथिलाई गणेशको जन्म दिनको रूपमा मनाइन्छ । कुमार या कार्तिकेय*(हेर्नू कार्तिकेय)*को जन्म भैसकेपछि पार्वतीले आफ्नो हिमाली गृहको सुरक्षाका लागि गणेशजीलाई जन्म दिनु भएको कुरा पुराणहरूमा पाइन्छ । यस दिन नेवार समुदायले चन्द्रमाको पूजा गर्छन् । शास्त्र अनुसार यस दिनको साँझपख चन्द्रमाको दर्शन गर्नु हुन्न, गरे चोरीको दोष लाग्छ । झुक्किएर चन्द्र-दर्शन भएमा दोष निवारणका लागि यो मन्त्र पढिन्छ-

सिंह: प्रसेनमवधीत्सिंहो जाम्बवता हत: । सुकुमारक मारोदिस्तव ह्येष स्यमन्तक: ॥

यस मन्त्रले श्रीकृष्णलाई स्यामन्तक मणिको चोरी दोष लागेको कुराको उल्लेख गरेको छ ।

❖ *प्रा.शिवगोपाल रिसाल-वैदिक संस्कृति*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गण्डकी : हिमालयबाट प्रवाहित पश्चिम नेपालको नदी (तीर्थ) जहाँ शालग्राम प्राप्त हुन्छ । *वराहपुराण*मा गण्डकी नदीको माहात्म्य र शालग्राम उत्पत्तिको वर्णन पाइन्छ- गण्डकी देवीले दीर्घकालसम्म भगवान् विष्णुको तपस्या गरेपछि उहाँ (हरि) खुशी हुनुभयो र 'वर माग' भन्नुभयो । गण्डकीले वर यस्तो मागिन्- तपाईं मेरो गर्भबाट पुत्रको रूपमा प्रकट भैरहनुहोस् । विष्णुले भन्नुभयो- ठीक छ, शालग्राम-शिला रूपमा म तिम्रो गर्भबाट उत्पन्न भैरहुँला । त्यसपछि तिमी सम्पूर्ण नदीहरूमा पवित्र हुनेछौं । भक्तले तिम्रो दर्शन गरुन्, तिम्रो जल पान गरुन् या स्नान गरुन् तिनलाई पुण्यलाभ हुनेछ । तिनका मन, वचन र कर्मले गरेको पाप पखालिने छ–

मम गर्भगतो भूत्वा विष्णो मत्पुत्रतां व्रज ।
ततः प्रसन्नो भगवान् चिन्तयामास गोपते ॥
गण्डकीमवदत् प्रीतः श्रृणु देवि वचो मम ।
शालग्रामशिलारूपी तव गर्भगतः सदा ॥
तिष्ठामि तव पुत्रत्वे भक्तानुग्रहकारणात् ।
मत्सान्निध्याद् नदीनां त्वमतिश्रेष्ठा भविष्यसि ॥
दर्शनात् स्पर्शनात् स्नानात् पानाच्चैवावगाहनात् ।
हरिष्यसि महापापं वाङ्मनःकायसम्भवम् ॥

पद्मपुराण स्वर्ग खण्डमा काशी, गया आदि तीर्थको महत्व बताइएपछि गण्डकीको माहात्म्य बारे चर्चा गरिएको छ- सम्पूर्ण तीर्थहरूको जलबाट उत्पन्न गण्डकी नदी हुन् । गण्डकी नदीको यात्रा गर्दा वाजपेय यज्ञको फल मिल्छ र तीर्थयात्री सूर्यलोकमा पुग्नेछ ।

गण्डकी नदी नारायणस्थान हुन् । मुक्ति प्रदायक विष्णुको विग्रहरूप शालग्राम उत्पन्न भइरहेको तीर्थको सेवन गर्दा त्रिलोकपति विष्णुको दर्शन मिल्नेछ र उहाँको लोक वैकुण्ठ प्राप्त हुनेछ ।

गति : 'गम्' धातुमा 'क्तिन्' लागेर गति शब्द बनेको छ । सामान्य अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गमन, जानु हुन्छ । गति पऱ्यो, सद्‌गति भयो आदि ।

*गीता*मा गति पारिभाषिक शब्द बनेको छ । स्थानवाचक, ज्ञाता-वाचक, प्राप्तिवाचक र परमात्मावाचक रूपमा गति प्रयोग गरिएको पाइन्छ ।* परमात्मावाचक गति नै यहाँ चर्चाको विषय हो । भगवान् भन्नु हुन्छ–

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥

(ऐजन ८।१३)

एकाक्षरी ब्रह्म ॐ को उच्चारण गर्दै र परमेश्वरको स्मरण-चिन्तनमा वुद्धिलाई एकाग्र गर्दै जो मनुष्य देहको परित्याग गर्छ उसले परमगति पाउँछ*(श्रीअरविन्द गीता-प्रदीप)* । यहाँ परमगति भनेको परमात्मा नै हो किनकि परमात्माकै चिन्तन गर्दै र ॐ को उच्चारण गर्दै प्राण त्याग्ने अन्यत्र जाँदैन, परमात्मालाई नै प्राप्त गर्छ ।

'परां गतिम्' शब्दले परमात्मा प्राप्तिलाई नै जनाउँछ भन्ने रामसुखदासको ठहर छ । भगवान् पुनः भन्नुहुन्छ–

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥
यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥

(ऐजन १६।२२ र २३)

अर्थ– हे कुन्तीपुत्र ! तीन प्रकारका नरकका द्वार (काम, क्रोध र लोभ)बाट मुक्त भएको पुरुष आफ्नो कल्याण साधनको अनुष्ठान गर्दै उच्चतम आत्मास्थिति अर्थात् परमात्मालाई प्राप्त गर्छ । तर जो शास्त्रको आदेश, नियमलाई परित्याग गरेर आफ्नो कामना र सहज बेगहरूमा बगेर काम गर्छ उसलाई न सिद्धि मिल्छ न सुख, न

**स्वामी रामसुखदास-गीता-दर्पण (गीताका अनेकार्थ-शब्दकोश)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्चतम अध्यात्मस्थिति (परमात्मा) मिल्छ ।

गन्धतन्मात्रा : पृथ्वीको कारण । पृथ्वीतत्त्वमा रहेको विशेष गुणलाई गन्धतन्मात्रा भनिन्छ । पृथ्वीमा सामान्य रूपमा शब्द, स्पर्श, रूप, रस चारै तन्मात्रा रहन्छन् जुन क्रमशः आकाश, वायु, तेज, जलका विशेष गुण हुन् ।

गर्मी समयमा जब पानी पर्छ त जमिनबाट एक प्रकारको माटाको गन्ध सुङ्न सकिन्छ । जमिनमा जल, तेज, वायु र आकाश पनि मिलेका हुन्छन् त्यसैले तिनका कारण तन्मात्राहरू पनि त्यसमा समाविष्ट मानिन्छ ।

मनुष्य लगायत स्थलचर प्राणीहरूमा पृथ्वी तत्त्व बढी रहन्छ त्यसैले ती जल, तेजादि महाभूतमा भन्दा जमिनमा लामो समयसम्म रहन सक्छन् । मनुष्य लगायतका देहमा पञ्च महाभूतहरूको पञ्चीकरण भएको हुन्छ जस अनुसार ५० प्रतिशत पृथ्वीतत्त्व रहन्छ भने अन्य महाभूतहरू १२.५(साँडे बाऱ्ह)को हिसावमा रहेका हुन्छन् । पृथ्वीतत्त्वको बाहुल्यकै कारण मनुष्य धरतीको पुत्र कहलाउँछ र गन्धतन्मात्रा उसलाई विशेष रूपमा मनपर्छ । फल, फूलका वासनाहरू, अत्तरादि गन्ध, सुवास, मानव जातिका लागि प्रिय रहँदै आएका छन् । माटाका गन्धकै रूपान्तरण गुलाफ आदि फूलहरूका वासनामा हुन्छ ।

घ्राणेन्द्रियको विषय गन्धको कर्मेन्द्रिय पायुसँग सम्बन्धित छ । *(हेर्नू इन्द्रिय)* । संवित्‌बाट महतत्त्व (समष्टि बुद्धि), महतत्त्वबाट अहंकार, अहंकार मध्ये तामस अहंकारबाट पञ्चतन्मात्रा र पञ्चमहाभूत, राजस अहंकारबाट इन्द्रियहरू र सात्त्विक अहंकारबाट इन्द्रियका अधिष्ठाता देवताहरू प्रकट भए *(हेर्नू-अहंकार)* ।[७]

गया: भारतको प्रसिद्ध तीर्थक्षेत्र (विहार या मगधमा अवस्थित) *। नारद-*

७वे. विश्वकोश-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराण अनुसार गयासुर नामक अति बलवान् असुरको तपबाट त्रस्त देवताहरूले उसलाई मार्न विष्णु समक्ष विन्ति गर्न गए। विष्णु भगवान्ले उसलाई गदा प्रहारद्वारा मारेपछि सोही असुर गदाधर भगवान्को रूपमा प्रकट भयो। त्यसैले गया मुक्तिदाता तीर्थको रूपमा प्रसिद्ध भयो। तमोगुण या रजोगुण असुर हो। तीर्थसेवनबाट यस्ता व्यक्तिमा सात्त्विक भाव प्रकट हुन्छ र सात्त्विक व्यक्तिमा ज्ञानोदय हुन्छ। गयासुर गदाधरको रूपमा प्राकट्यको रहस्य यसरी बुझिन्छ।

गयामा ब्रह्माद्वारा सरस्वती नदी र अनेक तीर्थको निर्माण गरिएको छ। गया क्षेत्रमा अनेकौं तीर्थहरू रहेका छन्। जस्तो धर्मपृष्ठ, ब्रह्मसभा, गयशीर्ष (राजर्षि गयद्वारा सुरक्षित पर्वत र समिप रहेको सरोवर), फल्गुनदी, प्रेतशिला, पुनपुन आदि। यहाँ विष्णुमन्दिर छ जसभित्र विष्णुपादुका रहेको छ। सुद्युम्नका छोरा गयद्वारा निर्मित राजधानी भएकोले यो गया कहलायो। गया सानो सहर हो। यहाँ प्रस्तर र धातुका विष्णुपादुकाको निर्माण र विक्री हुन्छ। यो सहर प्रस्तर-कलाका लागि प्रसिद्ध छ।

*पद्मपुराण*मा गयाको माहात्म्य यसरी बताइएको छ- गयामा गएर ब्रह्मचर्यको पालना गर्दै एकाग्रचित्त भएर स्नान गर्नू। गया तीर्थक्षेत्रमा टेक्दा मात्र पनि अश्वमेध यज्ञको फल मिल्छ। गयामा अक्षयवट नामक वटवृक्ष छ। त्यहाँ गरिएको पिण्डदान अक्षय हुन्छ। त्यसपछि महानदीमा स्नान गर्दा मनुष्यलाई अक्षयलोक प्राप्त हुन्छ। ...जो मानिस शुक्ल पक्ष होस् या कृष्ण पक्ष गयामा रहन्छ भने उसले सात पिंडीलाई तार्छ। (स्वर्ग खण्ड)। *स्कन्धपुराण*मा गयाको माहात्म्य वर्णन गरिएको छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गया यत्र महापुण्या फलगुश्चैव महानदी ।
पुरुषोत्तमो गिरिश्रेष्ठो यत्र बुद्धगया स्मृता ॥
तथैवाद्य गयाख्याता त्रिषुलोकेषु विश्रुता ।
विष्णोः षोडशयतीर्थं गदाधर विनिर्मितम् ॥
सर्वपापहरा पुण्या यत्र प्राची सरस्वती ।
महासुरनदी प्रोक्ता यत्र तिष्ठति पुण्यदा ॥
न्यग्रोधश्चाक्षयो नित्यः पुरा प्रोक्तो महर्षिणा ।
तत्रैव सा शिला प्रोक्ता प्रेतमोक्षकरी शुभा ॥

(५।१।५७।२९-३२)

गरुड : विष्णु भगवान्का वाहन अति शक्तिशाली र वेगवान पक्षीराज । मानिसको शरीर र पक्षीको टाउको गरुडको विशेषता हो । यिनैको नाउँबाट विष्णु गरुडध्वज कहलाउनु हुन्छ । विष्णुको झण्डामा गरुड विराजमान रहन्छन् । *गरुडपुराण* अठ्ठार पुराणमध्ये एक कहलाउँछ । ऋषि कश्यपको विनताबाट जन्मेकाले गरुडलाई 'वैनतेय' भनिन्छ । यिनलाई 'काश्यपि' 'सुपर्ण', 'गरुत्मान्' 'ताक्ष्र्य' पनि भनिन्छ । गरुडको टाउको सेतो र शरीर स्वर्ण वर्णको मानिन्छ । गरुडको पत्नीको नाम उन्नति या विनायका हो । पुत्रको नाम सम्पाति हो । वैदिक शान्तिपाठमा इन्द्र, पूषा, वृहस्पतिहरूका साथै गरुडको नाम लिएर मंगल कामना गरिएको पाइन्छ ।

स्वस्नि न इन्द्रो वृद्धश्रवाःस्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्ताक्ष्र्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ।

(शान्तिपाठ-प्रश्नोपनिषद्)

अर्थात् सबैतिर सुयश फैलिएको छ । इन्द्र, सम्पूर्ण विश्वको ज्ञान भएका पूष, अरिष्टहरूलाई हटाउन चक्र समान शक्तिशाली गरुडदेव र बुद्धिका स्वामी गरुड सबैले हाम्रो कल्याण गरुन् !

गरुडका दाजु सूर्यनारायणका सारथी अरुण हुन् । विनताका सौता कद्रु तर्फबाट नागहरूको जन्म भयो । दिदी कद्रु दुष्ट प्रकृतिकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिइन् । उनले बहिनी विनतालाई दास बनाउने चाल चालिन् । उनले उच्चस्रवा घोडाको रंग विनतासँग सोधिन् । विनताले सेतो रंग छ भनेर बताए पछि मैले त त्यसको पुच्छर कालो देखेकी छु, तिमीले कस्तो देख्यौ भनेर सोधिन् । बहिनीले पुच्छर पनि सेतो भनेपछि भोलिपल्ट बिहान पुच्छर हेर्ने, कालो भए विनता दास हुनु पर्ने तर सेतो भए म नै दास हुनेछु भन्ने शर्त दिदी (सौता) कद्रुले राखे पछि शर्त मन्जूर भयो । कद्रुले सर्पहरूलाई रातारात गएर घोडाको पुच्छरमा बेरिएर बस भन्ने आदेश दिइन् । भोलिपल्ट बिहान सेतो उच्चस्रवा घोडाको पुच्छर कालो देखा पऱ्यो र बिनताले दासी भएर सैयौं वर्षसम्म सेवा गर्नु पऱ्यो । यता गरुड तन्नेरी भए । कद्रुले स्वर्गबाट अमृत ल्याई सर्पहरूलाई खुवाऊ भनेर आमा-छोरालाई आदेश दिइन् । गरुडले सौतेनी आमाले छलकपट गरेर आमालाई दास बनाएको चाल पाएर बदला लिने उपाय खोज्न थाले । अमृत लिन स्वर्ग जानु पर्ने र इन्द्रसँग लडाई गर्नुपर्ने कुरा उनले बुझे, तर यसका लागि उनी डराएनन् । गरुड अति पराक्रमी र इन्द्रादि देवताहरूलाई समेत पराजित गर्न सक्ने बल भएका थिए । यसको खास कारण थियो ।

परापूर्वकालमा बालखिल्य ऋषिहरूलाई इन्द्रले अपमानित गरेको कारणले ती ऋषिहरूले वैदिक मन्त्र अनुसार इन्द्रलाई परास्त गर्ने एक ठूलो पंक्षी कश्यप ऋषिको सन्तानको रूपमा उत्पादन गर्ने यज्ञ गरेथे । इन्द्रले डराएर ऋषिहरूसँग क्षमा मागे र कश्यप ऋषिसँग सहयोगको अनुरोध गर्दा ऋषिले भने–मेरा दुवै छोराले अन्त्यमा देवताहरूलाई सघाउने छन् ।

स्वर्गको अमृत लैजान गरुड आएको थाहा पाएर इन्द्रले देवताहरूलाई लडाई गर्न आदेश दिए । सबका सब देवता घाइते भए पछि इन्द्रले बज्र प्रहार गरे । बज्र विफल भएको पाएर चिन्तित इन्द्रलाई गरुडले भने– हे इन्द्र ! तिम्रो बज्रको मर्यादा राख्न एउटा प्वाँख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खसालेको छु। त्यसले मलाई केही गरेको छैन। सो कुरा सुनी इन्द्रले युद्ध-बिराम गरी गरुडलाई मित्र बनाउन खोजे। आफूले आमालाई दासत्वबाट बचाउन अमृत लिन आएको बताएपछि सर्पहरूलाई अमृत खान नदिई छल गरेर इन्द्रले कलश स्वर्ग फर्काएर लाने शर्त मन्जूर भयो।

कद्रु अमृतको कलश गरुडले लिएर आएको देखेर खुशी भइन्। गङ्गास्नान गरेर मात्र सर्पहरूले अमृत खान पाउने शर्त राखिएकोले उनीहरू स्नान गर्न गए। इन्द्र कलश बोकेर स्वर्ग गए। अमृत-कलश राख्दा छचल्केर कुशमा परेको थियो। सोही कारणले कुश पवित्र भयो। कुशमा परेको अमृत चाट्छु भनेर चाट्दा सर्पहरूको जिब्रो चिरियो र ती दुई जिब्रे भए। यसै पौराणिक कथाले गरुडको पराक्रमको वर्णन गर्छ।

गरुडपुराण : अठार पुराणहरूको एक पुराण। भगवान् विष्णुले गरुडलाई यसको सारतम भाग सुनाउनु भएकोले यस पुराणको नाम *गरुडपुराण* रहयो। यस पुराणलाई धर्म, अर्थ, काम, मोक्ष सबै फलप्रदायक मानिएको छ। विष्णु भगवान्ले महापुण्यदायक यो पुराण ब्रह्माजीलाई, ब्रह्माजीले दक्षप्रजापति, नारद र अन्यलाई सुनाउनु भयो। व्यासले *गरुडपुराण* लेखे र सूतजीलाई सुनाए। सूतजीले शौनकादि ८८ हजार ऋषिहरूलाई नैमिषारण्यमा सुनाएर मुक्त भए। यस पुराणको सारभाग विष्णुले रुद्रलाई पनि सुनाउनु भएको थियो। *गरुडपुराण*को माहात्म्य यसै पुराणको आचार्यकाण्ड अन्तर्गत अध्याय २४१ मा बताइएको छ।

भगवान् विष्णुले गरुडलाई यो पुराण सुनाएपछि भन्नुभयो– हे विनतासुत ! देवताहरूमा म ऐश्वर्य र श्रीरूपमा विख्यात भए झैं सबै पुराणहरूमा *गरुडपुराण*को ख्याति रहने छ। जसरी विश्वमा मेरो कीर्तन हुन्छ, त्यसैगरी गरुड नामबाट तिम्रो पनि संकीर्तन हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीले मेरो ध्यान गरेर यो पुराणको प्रणयन गर्नू–

यथाहं देवदेवानां श्रीः ख्यातो विनतासुत ।
तथा ख्यातिं पुराणेषु गारुडं गारुडैष्यति ॥
यथाहं कीर्तनीयोऽथ तथा त्वं गरुडात्मना ।
मां ध्यात्वा पक्षिमुख्येदं पुराणं गद गारुडम् ॥

(१।२।५६-५७)

*गरुडपुराण*का सम्बन्धमा जिज्ञासा राख्दा गरुडले कश्यप ऋषिलाई पनि यो पुराण सुनाए । ती ऋषिले यस पुराण अन्तर्गतको गरुडी विद्या प्रयोग गरी आगोले डढाएको वृक्षलाई हराभरा पारे । गरुड स्वयंले पनि यसै विद्याद्वारा अनेक प्राणीहरूलाई जीवित गरेथे ।

हिन्दु समाजमा मृतकको घरमा मृतकको उद्धार, सद्गतिका लागि *गरुडपुराण* वाचन, अर्थ एवं कथा-श्रवणको परम्परा चलिआएको छ । मर्दा-पर्दा बाहेक अरू बेलामा पुराण पढ्न हुन्न भन्ने रुढी पनि चलि आएको देखिन्छ । मानिस मर्दा पुरोहित, पण्डितले सुनाउने नरक-यातना, प्रेतको गति आदि कथा, प्रसंगहरू *गरुडपुराण*को धर्मकाण्ड-प्रेतकल्प अन्तर्गत पर्छन् । यी बाहेक गरुण पुराणको पूर्वार्ध अर्थात् आचार-काण्ड जुनसुकै बेलामा पनि पठनीय रहेको कुरा पण्डितहरू बताउँछन् । यस पुराणको उत्तरार्ध धर्मकाण्ड हो जस अन्तर्गत प्रेतकल्प पर्दछ । आचारकाण्डमा भगवान् विष्णुको महिमा र उनका अवतारहरूको वर्णन, विष्णुपञ्जरस्तोत्र, विष्णुसहस्रनाम, मृत्युञ्जय मन्त्र-जपको महिमा, शिवार्चन विधि, गोपालजीको पूजा, गायत्रीन्यास र संध्याविधि, दुर्गा, सूर्य, माहेश्वरी पूजन विधिहरू, प्रायश्चित निरूपण, ज्योतिषविद्या, तीर्थहरूको माहात्म्य, गयामा पिण्डदानको माहात्म्य, विष्णुको मूर्त-अमूर्त ध्यानस्वरूप वर्णन, आश्रम धर्म निरूपण, दान-धर्मको माहात्म्य, नीतिसारहरूको विविध व्रतहरूको वर्णन, सूर्यवंश, चन्द्रवंश वर्णन विभिन्न रोगहरूको वर्णन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र निदान, चिकित्साशास्त्र, विषचिकित्सा, व्याकरण, छन्द-विधान, कलियुगमा नामसंकीर्तन माहात्म्य, प्रलय र भगवान्‌बाट पुन:सृष्टि, नृसिंहस्तोत्र, अन्य देवताको स्तोत्र आदि समावेश गरिएका छन् । *

धर्मकाण्ड, प्रेतकल्पमा वैकुण्ठलोकको वर्णन, मरणासन्न व्यक्तिको कल्याणको लागि गरिने प्रायश्चित दसदानादि कर्म, कर्मविपाकको वर्णन, नारकहरूको वर्णन, दशगात्र विधि, यमपुरीमा पापात्मा र पुण्यात्माहरूलाई घोर र सौम्य रूपमा यमराजको दर्शन, वृषोत्सर्गको प्रभावबाट वीरवाहनलाई पुण्यलोक प्राप्ति, राजा बभ्रुवाहनद्वारा प्रेतको निमित्त गरिएको और्ध्व दैहिक क्रियाद्वारा प्रेतको उद्धार, श्राद्ध गरिएको अन्न पितृहरूलाई प्राप्ति, सीताद्वारा भोजन गराइएका ब्राह्मणको शरीरमा देवी सीताद्वारा राजा दशरथको दर्शन, पिण्डदानद्वारा शरीरको निर्माण, जीवको उर्ध्वगति र अधोगतिको वर्णन, मनुष्यको एक मात्र कर्तव्य- धर्माचरण वर्णन, यममार्गमा सोन्ह पुरीहरूको वर्णन, यमपुरीमा जीवको दण्डभोगादि, पञ्चप्रेतोपाख्यान, सपिण्डीकरण श्राद्धको महत्व, प्रेतत्वमुक्तिको उपाय, गर्भमा जीवको प्रादुर्भाव, वृद्धिक्रम, जन्मको समयमा विष्णुमायाद्वारा मोहित हुनु, यमदूतहरूद्वारा पापीहरूलाई दण्ड, दान महिमा आदि वर्णनहरू पाइन्छन् ।

यस पुराणमा कर्म, धर्म उपासनाको मात्र वर्णन नभई ध्यानयोग, महायोग, आत्मज्ञान गीतासार आदि ज्ञानपरक विषयहरूको वर्णन पनि पाइन्छन् । भगवान् विष्णु शंकर भगवान्‌लाई ध्यानयोगका सम्बन्धमा चर्चा गर्दै भन्नुहुन्छ– 'म जगत्‌को साक्षी जगत्‌को नियन्ता र परमानन्दस्वरूप हुँ । जाग्रत, स्वप्न र सुषुप्ति– यी तीन अवस्थाको साक्षी हुँ, यी तीन अवस्था ममा छैन । म नै तुरीय ब्रह्म र विधाता हुँ । म समस्त प्रपञ्चको द्रष्टा हुँ । दृश्य र दृष्टि पनि मदेखि भिन्न छैन । म नै निर्गुण, मुक्त, बुद्ध, शुद्ध-प्रवुद्ध, अजर, सर्वव्यापी, सत्यस्वरूप एवं शिवस्वरूप परमात्मा हुँ' यस्तो भावनाद्वारा जो विद्वान् परब्रह्म

*'कल्याण' संक्षिप्त गरुडपुराणाङ्क ई. २००० जनवरी/फरवरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमेश्वरको ध्यान गर्छ उसले ईश्वरको सारूप्य प्राप्त गर्छ। ध्यानयोगको सदैव पाठ (मनन-चिन्तन) गर्ने विष्णुलोक पुग्दछ।

यस पुराणमा भगवान् दत्तात्रेय र राजा अलर्क बीच संवादको रूपमा वर्णन गरिएको छ। दत्तात्रय भन्नुहुन्छ– हे राजन्! ममता नै दु:खको मूल हो र ममता त्याग नै दु:खबाट निवृत्तिको उपाय हो। अहंकार नै अज्ञान रूपी विशाल वृक्षको अंकुर हो। पापमूलक आपात रमणीय सुख-शान्तिका लागि यो अज्ञान वृक्ष झङ्गिएको छ। जसले ज्ञानरूपी बञ्चराले अज्ञान महावृक्षलाई काटेर ढाल्छ ऊ परब्रह्मामा लीन हुन्छ। त्यसपछि उसले ब्रह्मरस प्राप्त गरेर, पान गर्दै नित्य सुख एवं परम शान्ति प्राप्त गर्छ। माया-पाशमा बाँधिएको व्यक्तिलाई परमात्मा प्राप्ति हुन्न। ऊ संसार-चक्रमा फस्छ। ज्ञानयोगीले नै जीवन्मुक्तिको सुख पाउँछ।

गीतासार प्रसंगमा भनिएको छ– आत्मकल्याण नै परम कल्याण हो। त्योभन्दा उत्कृष्ट अरू केही छैन। आत्मा देहरहित छ, रूप आदि हीन, इन्द्रिय भन्दा पर छ। म आत्मा हुँ। संसार आदि सम्बन्धको कारण मलाई कुनै प्रकारको दु:ख छैन। जसरी आकाशमा विद्युत, अग्निको प्रकाश हुन्छ त्यसैगरी हृदयमा आत्मज्ञानद्वारा आत्मा प्रकाशित हुन्छ। ब्रह्मगीताको सार प्रसंगमा भनिएको छ– ब्रह्मलाई नित्य, शुद्ध, बुद्ध, सत्य र अद्वैत बताइएको छ। यो आत्मतत्त्व परमज्योति:स्वरूप छ। यो चिदानन्द हो। यो नै सत्य, ज्ञान, र अनन्त हो। यही **तत्त्वमसि** हो– वेदमा यसरी वर्णन गरिएको छ। यस्तो ज्ञान गर्नुपर्छ– म ब्रह्म हुँ। म नै त्यो अनादि देवदेवेश्वर परब्रह्म हुँ जसको आदि र अन्तको ज्ञान कसैलाई छैन। यही नै गीताको सार हो। यसको श्रवण गरी आत्मसात गरेपछि मनुष्य ब्रह्मामा लीन हुन्छ। ऊ जीवन्मुक्त बन्छ।

गर्गाचार्य : यी ऋषि हुन् यिनको नाम कुनै पनि संहितामा उल्लेखित पाइन्न। यिनका पूर्वज 'गर्गा:प्रावरेया'को उल्लेख *काठक संहितामा*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ ।

*कात्यायनसूत्र*का भाष्यकारको रूपमा गर्गको नाम उल्लेख पाइन्छ । ज्योतिष साहित्यमा यिनको महत्वपूर्ण स्थान छ । पछि यिनी गोत्र पवर्तक ऋषि बने ।

यी यादवहरूको पुरोहित थिए । वलराम र श्रीकृष्णको नामाकरण संस्कार यी ऋषिबाटै भएको हो । कंसको भयले गर्दा नामाकरण अनुष्ठान गौशालामा गोप्य रूपबाट सम्पन्न भयो । रोहिणीपुत्र गोराङ्ग जेठा दाजुको नाम उनले राम राखे । बलको बाहुल्य हुने भएकाले रामको अगाडि बल थपेर बलराम नाम राखे । उनले भने- यिनले मानिसहरूमा फूट हुँदा मेल गराउने भएकाले सङ्कर्षण नाम पनि रहनेछ ।

उनले श्याम वर्णका अति सुन्दर, मनै खिच्ने देवकी पुत्रको नाम राखे कृष्ण । पहिले कुनै समयमा वसुदेवको घरमा जन्मेको रहस्य जान्नेले यिनलाई वासुदेव पनि भन्नेछन् ।

यसरी गर्गाचार्यले श्रीकृष्णको जन्म-रहस्य पनि बताइदिए । यसबाट उनी ठूला तपस्वी थिए भन्ने बोध हुन्छ । उनले नन्दलाई भने– तिम्रो पुत्रको धेरै नाम रहनेछ र रूप पनि अनेक हुनेछन् । बालकको जति गुण प्रकट हुनेछन् र जति कर्म हुनेछन् उत्तिनै यिनको नाम पनि बेग्ला बेग्लै हुनेछन् । कृष्णले गोप र गाईको सेवा गरी आन्दित तुल्याउने छन् । यस बालकले भविष्यमा आइपर्ने ठूल-ठूला विपत्तिहरूलाई हटाउनेछन् । जसरी विष्णु भगवान्को चरणकमलको छत्रछायामा रहने देवताहरूलाई असुरहरूले जित्न सक्ने छैनन् त्यसरी नै कृष्णलाई प्रेम गर्नेलाई भित्री र बाहिरी शत्रुले जित्न सक्ने छैन । हे नन्दजी ! तिम्रो पुत्र साक्षत् भगवान् नारायण समान छन् ।* यसरी गर्ग ऋषिले कृष्णलाई भगवान् भनेर चिनेका थिएँ ।

* *भागवत १०।८*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्भस्तुतिः *भागवत*को दशम स्कन्ध द्वितीय अध्याय २६ औं श्लोकदेखि ४१ औं श्लोकसम्मको भागलाई गर्भस्तुति भनिन्छ । प्रसंग यस्तो छ– मथुरा नरेश कंसले आफ्नी बहिनी देवकी र ज्वाइँ वसुदेवलाई कैदमा राखेको थियो । आकाशवाणीबाट देवकीको गर्भबाट जन्मने आठौं बालक आफ्नो मृत्युको कारण बन्ने थाहा पाएर कंसले उनीबाट जन्मेका शिशुको हत्या गर्न थाल्यो । भगवान् विष्णुको कृष्णावतारको समय भएकोले शङ्कर भगवान् र ब्रह्माजी कंसको कारागारमा जानुभयो । उहाँहरूका साथ देवताहरू र देवर्षि नारद पनि थिए । सबैले देवकीको गर्भमा विराजमान भगवान् श्रीहरिको यसरी स्तुति गर्न थाले–

सत्यव्रतं सत्यपरं त्रिसत्यं
सत्यस्य योनिं निहितं च सत्ये ।
सत्यस्य सत्यमृतसत्यनेत्रं
सत्यात्मकं त्वां शरणं प्रपन्नाः ॥

(ऐजन-श्लोक-२६)

प्रभु ! तपाईं सत्यसंकल्प हुनुहुन्छ । सत्यद्वारा नै तपाईंलाई पाउन सकिन्छ । सृष्टिको पूर्व, प्रलय पछि र संसारको स्थितिको समयमा पनि तपाईं सत्यकै रूपमा रहनुहुन्छ । पञ्च महाभूत रूपी दृश्यमान सत्यको कारण तपाईं नै हुनुहुन्छ । तपाईं सत्यस्वरूप हुनुहुन्छ । हामी सबै तपाईंको शरणमा आएका छौं ।

यो संसार आदिवृक्ष हो । यस वृक्षको आश्रय हो प्रकृति । यसका दुई फल छन् सुख र दुःख । तीन जरा छन्- सत्त्व, रज र तम । फलमा चार थरि रस पाइन्छन्- धर्म, अर्थ, काम र मोक्ष । यसलाई जान्ने प्रकार पाँच छ - पञ्च ज्ञानेन्द्रिय । संसारमा षड्भाव विकार छ- पैदा हुनु, रहनु, बढ्नु, घट्नु, परिवर्तिन हुनु र नष्ट हुनु । यसका आठ थरि बोक्रा छन्- रस, रक्त, मांस बोसो, हाड, मासी, र शुक्र । यसका आठ शाखाहरू छन्- पञ्च महाभूत, मन, बुद्धि र अहंकार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसका नवद्वार छन् । दस पात छन् - पञ्च प्राण - प्राण, अपान, व्यान,, उदान, समान र पञ्च उपप्राण- नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय । यस वृक्षमा दुई चरा रहन्छन्- जीवात्मा र ईश्वर । यस संसारवृक्षको उत्पत्तिको आधार तपाईं नै हुनुहुन्छ । तपाईंमा नै यसको रक्षा र विनाश निहित रहन्छ । जसको चित्त तपाईंको मायाद्वारा आवृत्त भएको छ उसले यस सत्यलाई बुझ्न सक्तैन । उसले अनेक देव छन् भन्ने मान्छ तर तत्त्वदर्शीले चाँहि सबैमा तपाईंलाई पाउँछ *(श्लोक २७-२८)* । देवताहरूले सर्वसाक्षी स्वरूप परमात्माको स्तुति गर्दै भने - भगवान् मन र वेदवचनद्वारा तपाईंको स्वरूपको अनुमान गरिन्छ । तपाईं दृश्य नभै साक्षी हुनुहुन्छ । गुण, जन्म र कर्मद्वारा तपाईंको रूपको निरूपण गर्न सकिन्न । भक्तजन उपासना गर्दै तपाईंको साक्षात्कार चाहिं गर्न सक्छन् । जो भक्त तपाईंको मंगलमय नाम, रूपको श्रवण, कीर्तन, स्मरण र ध्यान गर्छ र चित्त सदैव तपाईंको चरणकमलमा लगाइ रहन्छ ऊ जन्म-मरणको चक्रबाट मुक्त हुन्छ । तपाईं अजन्मा हुनुहुन्छ तापनि तपाईंको जन्मको कारणको सम्बन्धमा तर्क गर्दा के भन्नुपर्छ भने यो त तपाईंको लीला-विनोद मात्र हो । तपाईं द्वैत रहित, सबैको अधिष्ठानस्वरूप हुनुहुन्छ । जगत्को उत्पत्ति, स्थिति र प्रलयको कारण तपाईंलाई मान्नु पनि अविद्याद्वारा भएको कार्य तपाईंमा आरोप गर्नु मात्र हो *(श्लोक ३६, ३७ र ३९)* । देवताहरूले अन्त्यमा प्रार्थना गरे–

मत्स्याश्वकच्छपनृसिंहवराहहंस–
राजन्यविप्रविबुधेषु कृतावतारः ।
त्वं पासि नस्त्रिभुवनं च यथाधुनेश
भारं भुवो हर यदूत्तम वन्दनं ते ॥ *(ऐजन४०)*

अर्थात् हे प्रभु ! तपाईंले अनेकौं पटक मत्स्य, हयग्रीव, कछुवा, नृसिंह, वराह, हंस, राम, परशुराम र वामन अवतार लिएर हाम्रो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीनै लोकको रक्षा गर्नुभयो । त्यसैगरी अब तपाईंले पृथ्वीको भार हरण गर्दिनुहोस् । स्तुति पछि देवताहरूले देवकीलाई ढाडस दिलाउँदै भने- माता ! तपाईंको कोखमा हामी सबैको कल्याणार्थ स्वयं भगवान् उत्पन्न हुनुभएको छ । उहाँले यदुवंशको रक्षा र कंसको विनाश गर्नुहुनेछ ।

गलेश्वरबाबा : ईश्वरानन्द ब्रह्मचारी । सिद्ध योगी । ताप्लेजुङमा वि.सं. १९५४ फागुन शुक्ल द्वादशीमा पिता हरिलाल निरौला र माता मनमायाबाट यिनको जन्म भएको थियो । सानैदेखि कुशाग्र बुद्धि भएका गलेश्वरबाबालाई पिताबाट *दुर्गासप्तशती (चण्डी)* र वेद सूक्तादिको शिक्षा मिलेको थियो । विवाह भए पनि गृहस्थाश्रममा पटक्कै रुचि नहुँदा पनि गलगण्ड रोग भएकी जेठी र कान्छी पत्नी समेत भएका ईश्वरानन्दले कान्छीसँग ससुराली जाँदा भारत तर्फ प्रस्थान गरी गृहस्थी हुनमा अरुचि देखाए ।

ईश्वरान्दले हरिद्वारका साथै उत्तरकाशी, गंगोत्री, यमुनोत्री जस्ता हिमाली क्षेत्रमा लामो समयसम्म रही तपस्वी-जीवन बिताए । त्यसपछि उनी गोकर्ण क्षेत्रको उत्तरवाहिनीमा बाऱ्ह वर्षसम्म ईश्वर-साधनामा लीन रहे । त्यहाँ भक्तजनहरूको भीड बढ्न थालेपछि एकान्त जंगलको खोजी गर्दै वि.सं. १९९३ सालतिर देवघाटधाम पुगे । त्यहाँबाट उनी म्याग्दीको गलेश्वरमा रहेर साधना गर्न थाले । त्यहींका भक्तजनले ईश्वरानन्दलाई गलेश्वरबाबा भन्न थाले ।

वि.सं.२००७ सालतिर गलेश्वर बाबा देवघाटमा आई आश्रम बनाई स्थायी रूपमा बसे भन्ने केही भक्तजनहरूको भनाइ छ । अर्काथरि २०२१ सालतिर देवघाटमा फर्केर मृत्युपर्यन्त (२०३२ सालमा) त्यहीं आश्रममा रहे भन्छन् । गलेश्वरबाबाबाट ब्रह्मचारी दीक्षाग्रहण गरेका स्वामी नारायण गिरिका अनुसार उनले २०२० सालतिर गलेश्वरमा दीक्षा ग्रहण गरेका थिए ।▲ शिष्यको भनाइमा

▲ *नारायणप्रसाद तिम्सिना मधुप- गलेश्वरबाबा (जीवनी)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गलेश्वरबाबा भारत र नेपालमा अद्वितीय महापुरुष भनी चिनिएका थिए। २०३० सालमा वनकालीमा वृहद् आध्यात्मिक सम्मेलनमा ज्ञान र सिद्धिको दिव्य स्वरूप गलेश्वर बाबा प्रति भक्तजनको भक्ति उर्लेर आई २८ हजार रुपैयाँ चढाइएको थियो। सो रकम देवघाटधामका लागि भाँडाकुँडा किन्ने काममा खर्च भएको थियो।

गलेश्वरबाबा भन्दथे- मानिसहरूका राजा मनु हुन्। *मनुस्मृति* सबैले बुझ्ने भाषामा एक लाख प्रति छपाई नेपालभर प्रचार गर्नुपर्छ। उनैको योगदान स्वरूप देवघाटमा वेदवेदाङ्ग विद्यालय, धर्मशाला आदि निर्माण कार्यहरूको थालनी भयो। 'हातमा काम होस्, मुखमा राम होस्। रामलाई बिर्से मानिस हराम हुन्छ' भनी उनी नाम-जपको उपदेश दिन्थे।

गाधि : राजा कुशका छोरा कुशाम्बले इन्द्र समान पुत्र प्राप्तिका लागि कठोर तपस्या गरे। इन्द्रले पुत्रत्व स्वीकार गरे। कुशाम्बबाट प्रतापी गाधि जन्मे। गाधि नै कुश जातिका दीपक कहलाए। गाधिराजका छोरा भएनन्। छोरी सत्यवतीको विवाह उनले भार्गव ऋषिसँग गरिदिए। आफ्नो छोरा नभएको र छोरीपट्टीबाट सन्तान नभएकोले ससुरा र ज्वाइँ मिलेर पुत्रेष्टि यज्ञ गरे। यज्ञपछि गाधिराजका छोरा भए- विश्वामित्र। भार्गवका पुत्र जमदग्नि जन्मे। भनिन्छ– त्यसपछि सत्यवती कोशी नदी बनेर बगिन्। जमदग्निका पुत्र परशुराम भए। परशुराम विष्णुका अवतार मानिन्छन्।

*योगवाशिष्ठ*मा गाधिको प्रसंग पाइन्छ। यी गाधिलाई श्रीविष्णुको कृपाबाट आत्मसाक्षात्कार भएको कथा दिइएको छ।▲

कोसल देशमा गाधि नाउँको विद्वान् ब्राह्मण रहन्थे। उनले विष्णु भगवान्लाई खुशी पार्न कमलहरू फुलेको पोखरीमा घाँटीसम्म पानीमा डुबेर तपस्या गर्न थाले। यसरी आठ महिनासम्म तपस्या

▲ *उपशम प्रकरण- गालव उपाख्यान*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेपछि भगवान् देखा पर्नुभयो । 'वर माग' भन्दा गाधिले 'म माया देख्न चाहन्छु' भने । उनले मायाद्वारा मोहित भै अनेक कुरा देख्न थाले । जस्तो मर्नु, अर्को जन्ममा चाण्डाल बन्नु, क्रान्त देशमा पुग्नु, त्यहाँका राजा मरेकाले हात्तीले उनैलाई राजा चुन्नु, वृद्ध अवस्थाबाट तन्नेरी हुनु, गालव नाम रहनु, रानीहरूद्वारा उनको उपेक्षा हुनु अनि दिक्क भएर अग्नि-प्रवेश गर्दा बिउँझी पानीबाट टाउको झिक्दा आफूलाई गाधिको रूपमा पाउनु आदि । गाधि पुनः क्रान्त देशमा गए । मायावश देखेका, भोगेका घटनाहरू सबै साँचो भएको पाएर आश्चर्यचकित भए । गालव (चाण्डाल) राजा मरेको १२ वर्ष बितेको कुरा पनि थाहा पाए । गाधिले फेरि विष्णु भगवान्को तपस्या गरेर भगवान्सँग 'गाधिको अनुभव साँचो हो कि गालव चाण्डाल राजा भएको साँचो हो' भनेर भ्रम निवारण गर्दै ज्ञानोपदेश दिन अनुरोध गरे । विष्णुले भन्नुभयो- दृश्य जगत् चित्तको भ्रम हो । चित्त नष्ट भए पछि भ्रमबाट मुक्ति मिल्छ । क्रान्त देशको अनुभव माया हो । यो संसार मेरी मायाद्वारा निर्मित छ । अधिष्ठान स्वरूप आत्मा(शुद्ध चैतन्य)मा चित्त डुब्दा माया-भ्रम नष्ट हुन्छ । तिमी दस वर्षसम्म तप गर, तिम्रो हृदय शुद्ध हुनेछ । त्यसपछि तिमीलाई आत्म-साक्षात्कार हुनेछ । गाधि ब्राह्मणले दस वर्षसम्म तपस्या गरी चित्त-शुद्धि अनन्तर आत्म-साक्षात्कार गरे ।

गान्धी : महात्मा गान्धी । मोहनदास कर्मचन्द गान्धी । जन्म वि.सं. १९२६ मा (२ अक्टुबर १८६९)मा भारतको गुजरात प्रान्तको पोरबन्दरमा भएको थियो । तेह्र वर्षको आयुमा कस्तूरबासँग विवाह भएका गान्धीले बेलायतबाट कानूनमा उच्च उपाधि प्राप्त गरे (सन् १८९१ मा) । बेलायत पढ्न जाँदा आमाले मद्य, मांस र स्त्रीसंग-बर्जनको प्रतिज्ञा गराएकी थिइन् । बेलायमा छँदा यिन एडविन अर्नोल्डको अंग्रेजी गीतानुवाद र *लाइट अफ एसिया* ग्रन्थ पढेर प्रभावित भएथे । सन् १८९३ मा दक्षिण अफ्रिका गएको बखत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्याग्रहको शक्ति प्रदर्शन गर्दै भारतीयहरूलाई अधिकार दिलाए। भारत फर्केपछि सन् १९१६ मा साबरमती नदी तटमा सत्याग्रह आश्रम स्थापना गरे। भारतको स्वराज्य र अंग्रेजी शासन हटाउन यिनले सत्याग्रह, अहिंसा जस्ता आध्यात्मिक साधनको प्रयोग गर्दै घृणा, प्रतिशोध जस्ता दुर्गुणहरूलाई मनमा स्थान नदिई सम्पूर्ण राष्ट्रलाई आन्दोलित तुल्याए। उनले सत्य, धर्म, ईश्वर-भक्ति, वेदान्त-ज्ञानको वलमा आफू भित्रको शक्ति जगाए र महात्मा कहलाए। यी महात्माले अपहेलित र अछुत कहलाएका वर्गमा हरि देखे र हरिजन नाउँ दिए। जीवन जतिसुकै व्यस्त भए पनि साँझ भजन, सत्संगमा रमाउने, उदारवादी गान्धीलाई एक धार्मिक कट्टरवादी नाथूराम गोडेसेले पिस्तोलद्वारा गोली प्रहार गर्‍यो (३० जनवरि १९४८)। **हे राम!** भनी उनले प्राण त्यागे।

गान्धीको चिन्तन र जीवनमा उपनिषद्, *गीता, तुलसीकृत रामायण,* रस्किन र टायल्स्टायको चिन्तनको ठूलो प्रभाव परेको देखिन्छ।* यी ईश्वरलाई व्यापक मान्थे। ईश्वर सत्य हो भन्ने गान्धीले ईश्वर नमान्ने युवकलाई सत्यलाई नै ईश्वर मान भन्ने उपदेश दिए। उपनिषदको वाक्य **'सत्यंज्ञानं अनन्तं ब्रह्म'**लाई उनले जनताले बुझ्ने भाषामा संझाउने प्रयास गरे। यिनले *गीता*को अनुवाद गरेर पुस्तकको नाम राखे *अनासक्त कर्मयोग*। गान्धीजीका आत्मकथा *मेरे समकालीन* लगायत पुस्तकहरू प्रकाशित छन्। *महाभारत*को महावाणी **'अहिंसा परमो धर्मः'**लाई उनले जीवनको मूलमन्त्र बनाएका थिए। जो सत्यको पथमा हिंडेको छ ऊ नै अहिंसक हुन्छ भने गान्धीको धारणा थियो। गान्धीले यस्तो अन्तर्यामी, घटघटवासी ईश्वरलाई मानेको पाइन्छ जो लाखौं, करोडौं सोझा-साझा जनताका हृदयमा समेत रहन्छन्। उनी भन्छन्- ती जनता ईश्वरको उपस्थितिलाई अनुभूत गर्न सक्तैनन् तर म सक्छु। म ती ईश्वरको पूजा गर्छु जुन सत्य हो

* *जयदेव सिंह-समकालीन दर्शन*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या यसो भनुं– सत्य नै ईश्वर हो। जनताको सेवाद्वारा नै म ईश्वरको आराधना गर्छु। *(हरिजनपत्र सन् १९३९)*

गायत्री : ब्रह्मगायत्री। गायत्री शब्दको व्युत्पत्ति यस प्रकार छ– **गयान् प्राणान् त्रायते रक्षति यया सा गायत्री।** अर्थात् जसले हाम्रो प्राणको रक्षा गर्छ जसको विधिपूर्वक उपासना गरिन्छ सो गायत्री हो। 'गय'को अर्थ प्राण हो र गायत्रीद्वारा हाम्रो प्राणको रक्षा हुन्छ। यो मन्त्र जप्दा, गाउँदा हाम्रो रक्षा हुन्छ।

गायत्रीको पूरा नाम ब्रह्मगायत्री हो। निष्ठापूर्वक गायत्री जप गर्ने साधकका लागि ब्रह्म प्राप्ति कठिन हुन्न। स्मृति-पुराणहरूमा गायत्री माताले पाप नष्ट गर्छिन् भनिएको छ। *याज्ञवल्क्य-स्मृति*मा भनिएको छ–

गायत्री वेदजननी गायत्री पापनाशिनी।
गायत्र्यास्तु परं नास्ति देवि चेह च पावनम्॥

अर्थ– गायत्री वेदकी माता हुन्। गायत्रीले पाप नाश गर्छिन्। गायत्री झैं पवित्र र हितकारी स्वर्ग र मर्त्य लोकमा अरू केही छैन।

परासरस्मृति अनुसार **गायत्री जपकृत् भक्तया सर्व पापैः प्रमुच्यते।** अर्थात् गायत्री जप गर्ने व्यक्ति सबै पापबाट मुक्त हुनेछ।

*पद्मपुराण*मा गायत्रीको महिमा बताइएको छ–

ब्रह्महत्यादि पापानि गरुणि च लघूनिच।
नाशयत्यचिरेणैव गायत्रीजापको द्विजः॥

अर्थात्– ब्रह्महत्यादि पापहरू, ठूला-साना जस्तोसुकै पापहरूबाट पनि गायत्री जप गर्ने व्यक्ति मुक्त हुन्छ।

विश्वामित्र ब्रह्मगायत्री मन्त्रका द्रष्टा हुन्। ती ऋषि नेपालमा जन्मेका थिए। उनले गायत्री मन्त्रको साक्षात्कार पनि नेपालमै गरेका थिए।[✓]

[✓] *स्वामी डा. प्रपन्नाचार्य–मिल्केका झिल्का*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्मयी गायत्रीबाट वेदहरूको उत्पत्ति भएको हो त्यसैले गायत्रीलाई वेदजननी भनिन्छ। त्रिदेव (ब्रह्मा, विष्णु र महेश) र वेद पनि गायत्रीको जपमा संलग्न रहन्छन्।

गायत्री मन्त्रको स्वरूप– गायत्रीलाई त्रिपदा भनिन्छ किनकि यस मन्त्रमा ८।८ अक्षरका पाऊ भएको २४ अक्षर छन्– ८x३=२४। यस मन्त्रमा शुरुमा ॐ (प्रणव) रहेको छ र भूः भुवः स्वः तीन व्याहृतिहरू छन्।

प्रथम पाद– **तत्सवितुर्वरेण्यं।**

द्वितीय पाद– **भर्गोदेवस्य धीमहि।**

तृतीय पाद– **धियो यो नः प्रचोदयात्।**

पूरा मन्त्र यसप्रकार छ– **ॐ भूर्भुवःस्वः तत्सवितुर्वरेण्यं भर्गोदेवस्य धीमहि धियो यो नः प्रचोदयात्।**

वेदका टीकाकार सायणले गायत्रीको आधिदैविक (सूर्यपरक) र आध्यात्मिक (ब्रह्मपरक) दुई अर्थ प्रस्तुत गरेका छन्। आधिदैविक अर्थ– ॐ कार्यब्रह्म रूप सूर्य पृथ्वी, अन्तरिक्ष र स्वर्ग तीनै लोकमा कार्यकारी छन्। सूर्यदेव सबैका उपास्य (वरेण्यं) छन्। तिनै सूर्यको प्रकाश रूपको हामी ध्यान गर्छौं। उनले हाम्रो बुद्धिलाई प्रकाशित गरुन् या शुद्ध बुद्धि प्रदान गरुन्।

आध्यात्मिक अर्थ यस्तो छ– ॐ रूपी परमात्मा आनन्दस्वरूप हुन्। विश्व-ब्रह्माण्डका कारण रूपमा रहेका परमात्माको हामी ध्यान गर्छौं। उनले हाम्रो बुद्धिका वृत्तिहरूलाई संसारबाट हटाएर परमार्थता, उत्तमतातिर प्रेरित गरून्।

गायत्री मन्त्रमा प्रणव (ॐ), महाव्याहृति (भुभूर्वः स्वः) पछि 'तत्' पद आउँछ। महाव्याहृतिले लक्ष्य गरेको विश्व ब्रह्माण्डको अधिष्ठान

स्वामी सत्यमित्रानन्द गिरि–भारतमाता मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यब्रह्मको कारण जो छ उसैलाई 'तत्'ले जनाउँछ । 'तत्'पद ब्रह्म हो । संसारी दुःख प्रपञ्चमा भुलेको जीवलाई सत्, चित्, आनन्दमय चैतन्यमा एकाकार गराई त्यसमा निहित अखण्ड आनन्दमा स्थापित गर्न परम कल्याणकारी र प्रयोगात्मक शरणागत बाटो गायत्री मन्त्रमा बताइएको छ ।[●]

ब्रह्मगायत्रीका अतिरिक्त २४ प्रकारका गायत्रीहरू प्रचलित छन् जसमा प्रमुख छन्– गणेशगायत्री, नृसिंहगायत्री, अग्निगायत्री, दुर्गागायत्री, सरस्वतीगायत्री, सूर्यगायत्री, रामगायत्री, सीतागायत्री, हंसगायत्री, लक्ष्मीगायत्री, विष्णुगायत्री, शिवगायत्री, कृष्णगायत्री, राधागायत्री आदि ।

शिवगायत्री मन्त्र यस प्रकार छ– **ॐ महादेवाय विद्महे रुद्रमूर्तये धीमहि तन्नः शिवः प्रचोदयात् ।**

गालव : विश्वामित्रका शिष्य । पौराणिक कथा अनुसार धर्मराजले विश्वामित्रको परीक्षा गर्दै वशिष्ठको रूप लिएर आए । 'भोक लागेको छ तुरुन्त खाना ल्याउ' भन्दा खाना लिन गए । तर नक्कली वशिष्ठले आफूले भोक सहननसकी अन्तै गएर खाने कुरा खाएर आएको बताए । अतिथि सत्कार गर्न नपाएर खिन्न भएका विश्वामित्रलाई उनले भने- अब तपाईं जहाँ उभिनु भएको छ त्यहीं भोजन सामग्री सहित उभिइरहनु होला । त्यसरी उभिंदा उभिंदा वर्ष दिन बित्यो, वर्षहरू बिते तर विश्वामित्र अडिग भएर रहे । एक सय वर्ष बित्यो । उनले वायु बाहेक अरु केही नखाई रहनु पर्‍यो । कठोर परीक्षामा उनी सफल भए । त्यसपछि धर्मराजले पुनः वशिष्ठको रूपमा आई खुशी हुँदै भने- म तपाईंदेखि अति प्रसन्न भएँ । त्यसैले आजदेखि तपाईं ब्रह्मर्षि हुनुभयो । विश्वामित्र खुशी भए । अतिथिको आदेशको सम्मान गर्दा उनले चिर आकांक्षित ब्रह्मर्षि पद प्राप्त

[●] सुरेन्द्र प्र. पौड्याल– *गायत्री मन्त्रको भाव..*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरे ।

विश्वामित्रको त्यस कठोर तपस्याका बखत शिष्य गालवले गुरुको खूब सेवा गरेका थिए । फलतः विश्वामित्रले खुशी हुँदै शिष्यलाई भने- तिम्रो गुरु-भक्ति पूर्ण भयो । शिक्षा पनि पूरा भयो । अब तिमी आश्रमबाट बिदा लेऊ । गालवले गुरु-दक्षिणा दिन खोजे । शुरुमा गुरुले अस्वीकार गरे तर धेरै आग्रह गर्दा उनले भने-गुरु-दक्षिणा नदिइ नहुने ठान्छौ भने ८०० श्यामकर्ण घोडा देऊ । गुरु-दक्षिणा जुटाउन गालव मित्र गरुडलाई लिएर राजा ययाति कहाँ पुगे । राजाले उनको अनुरोध स्वीकार गरेकाले गुरु विश्वामित्रले मागेको गुरु-दक्षिणा दिएर गालव त्यहाँबाट प्रस्थान गरे । बिना गुरु ज्ञान हुन्न र गुरु-भक्तिबाट मुक्तिको मार्ग मिल्छ ।

गिरि : दसनामी संन्यासी मध्ये एक । गिरि, पुरी, भारती, सरस्वती आदि संन्यासीका सम्मानसूचक शब्दहरू हुन् । जस्तो आनन्द गिरि, पुण्यानन्द गिरि, रामानन्द गिरि आदि ठूला संन्यासी हुन् ।

गिरीश : शिवको विशेषण । शिव गिरि(पर्वत)मा बस्नुहुन्छ, हिमाली क्षेत्र मन पराउनु हुन्छ । त्यसैले उहाँ पर्वतका ईश हुनुहुन्छ– गिरीश । कैलाश, केदार आदि हिमाली क्षेत्रमा उहाँ रहन रुचाउनुहुन्छ यद्यपि उहाँ सर्वव्यापक हुनुहुन्छ ।

गिरिजा : पार्वतीको विशेषण पार्वती माता गिरिसूता हुनुहुन्छ । शंकराचार्यले शंकरलाई आत्मा र गिरिजालाई बुद्धि मानेर सुन्दर स्तुति गरेका छन्– **आत्मा त्वं गिरिजा मति सहचराः प्राणाः शरीरं गृहं ।** *(शिव-मानसपूजा)* ।

गीतगोविन्द : महाकवि जयदेव रचित संस्कृत गीतकाव्य । यसमा राधाकृष्णको विहारको सुन्दर वर्णन पाइन्छ । *गीतगोविन्द* बार्‍हौं शताब्दीको अन्त्य तिरको रचना हो । यस काव्यको गायन श्रीपञ्चमीका दिन हनुमानढोका न्यासलचोकमा एक समारोहका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथ गर्ने परम्परा छ ।

जयदेव बाऱ्हौं शताब्दीमा बंगालका अन्तिम हिन्दु राजा लक्ष्मण सेनका सभारत्न थिए । यो ग्रन्थ ललित पदावलिको कारण निकै नै लोकप्रिय छ । ▮

गीताको प्रकार : गीता अनेक प्रकारका छन् । वेदव्यासले लेखेका *महाभारत*का साथै *श्रीमद्भागवत* महापुराण, *पद्मपुराण*, *मार्कण्डेय पुराण*, *गरुडपुराणदि* एवं *योगवाशिष्ठ*, *अध्यात्मरामायण*आदिमा गीता-रत्नहरू भेटिन्छन् । यी पुराणहरूमा रहेका गीता बाहेक स्वतन्त्र पुस्तकको रूपमा *अष्टावक्रगीता*, *अवधूतगीता* आदि ग्रन्थ प्रसिद्ध छन् ।

व्युत्पत्ति अनुसार गीताको अर्थ हुन्छ– जो गाइन्छ त्यो गीता हो **(गीयते इति गीता)** । शब्दकोशको व्युत्पत्ति अनुसार 'गी' को अर्थ हो वाणी 'गी'मा 'तल्' प्रत्यय लागेर गीता शब्द बन्छ । गीता बहुधा गुरु-शिष्य संवादको रूपमा रचित गेय ग्रन्थ या ग्रन्थको अंश हो । संस्कृत पद्यमा लेखिएको धार्मिक ग्रन्थ जुनमा विशेष रूपमा धार्मिक र आध्यात्मिक सिद्धान्तहरूको प्रतिपादन गरिएको हुन्छ गीता हो ।◆

श्रीधर स्वामी(*भागवत*का प्रसिद्ध टीकाकार)का अनुसार पद्मनाभ भगवान् स्वयंको मुखकमलबाट प्रकट भएको *गीता* चाहिं सुगीता हो अर्थात् यसलाई 'सुगीता' बनाउनु हाम्रो कर्तव्य हो, अन्य शास्त्रहरूको बिस्तार जानेर के हुन्छ- **गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः, या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता ।**

मूल ग्रन्थमा आधारित गीता र स्वतन्त्र रूपमा प्रसिद्ध गीता यसरी दुई प्रकारका गीताहरू प्रचलित भएका देखिन्छन् । विद्वान्हरूले

▮*लीलाधर शर्मा– भारतीय संस्कृति कोश*

◆*आप्टे- सं.हि.कोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भागवद् महापुराणमा २०।२२ वटा गीता रहेको बताएका छन् । तर यहाँ *उद्धवगीता, हंसगीता, कपिलगीता*को मात्र चर्चा गरिएको छ । भागवतपछि *योगवाशिष्ठ*का केही गीताहरू प्रसिद्ध छन् । जस्तो *सिद्धगीता, वशिष्ठगीता* र *ब्रह्मगीता* । *अष्टावक्रगीता* र *अवधूतगीता* अद्वैत वेदान्तका अति प्रसिद्ध ग्रन्थ हुन् ।

गीता (नाम)	**मूल ग्रन्थ**
१. *भगवद्गीता*	*महाभारत*
२. *उद्धवगीता*	*श्रीमद्भागवत*
३. *हंसगीता*	,, ,,
४. *कपिलगीता*	,, ,,
५. *सिद्धगीता*	*योगवाशिष्ठ*
६. *वशिष्ठगीता*	,, ,,
७. *बह्मगीता*	,, ,,
८. *रामगीता*	*अध्यात्मरामायण*
९. *शिवगीता*	*पद्मपुराण*
१०. *गर्भगीता*	*गरुढपुराण*
११. *देवीगीता*	*देवीभागवत*
१२. *विद्यागीता*	*त्रिपुरारहस्य* (ज्ञानखण्ड)

तर स्वतन्त्र ग्रन्थको रूपमा प्रसिद्ध गीता पनि छन्-

१३. *अवधूतगीता*

१४. *अष्टावक्रगीता*

१५. *बह्मानन्द मोक्षगीता*

१. भगवद्गीता- *श्रीमद्भगवद्गीता* विश्वको सर्वश्रेष्ठ तथा अत्यन्त लोकप्रिय कृति हो । योग, धर्म, दर्शन, अध्यात्म, कर्म-भक्ति-ज्ञान सबै पक्ष समावेश भएको यस गीतोपनिषद्मा ७०० श्लोकहरू छन्, जुन अष्टादश अध्यायमा समेटिएका छन् । यो महाभारतकालीन आधुनिक उपनिषद् हो, सबै उपनिषद्हरूको सार हो । भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्णले उपनिषद् रूपी गाईलाई दुहेर *गीता* रूपी दुध (अमृत) लोकको कल्याणका लागि प्रदान गर्नु भएको हो । यस अमृतबाट अर्जुनको कल्याण भयो । उनको मोह नष्ट भयो, उनलाई ज्ञान प्राप्त भयो ।

*महाभारत*को भीष्म पर्वको अध्याय-२५-४२ बाट यो गीता झिकिएको हो । *महाभारत*का रचनाकार व्यास नै *गीता*का रचनाकार हुन् । यसमा ६।६ अध्यायको एक षट्क छन्- कर्मयोग- १-६, भक्तियोग- ७-१२ र ज्ञानयोग- १३-१८ अध्यायहरू । प्रस्थानत्रयी अर्थात् श्रुति, स्मृति र न्याय प्रस्थानमा *भगवद्गीता* स्मृतिप्रस्थानमा पर्छ । वेद श्रुतिप्रस्थान हो । *ब्रह्मसूत्र* न्यायप्रस्थान ।

२. उद्धवगीता *(हेर्नू उद्धवगीता-वे.विश्वकोश-१)-* *भागवत*को एकादश स्कन्धको ७ (सात) अध्यायदेखि २९ अध्यायसम्मको भाग *उद्धवगीता* कहलाउँछ । *भगवद्गीता*मा श्रीकृष्ण भगवान्ले आफ्ना प्रिय शिष्य अर्जुनलाई उत्तम अधिकारी जानेर गीतोपनिषद् सुनाउनु भए झैं *उद्धवगीता*मा उहाँले उद्धवलाई आत्मज्ञानको उत्तम अधिकारी पाउनु भयो । जगद्गुरु भगवान्ले सोच्नुभयो- म यस लोकबाट अन्तर्धान भएपछि म भित्रको ज्ञान कहाँ रहला ? यो ज्ञान त उद्धवलाई नै दिन पर्छ किनभने उनी अधिकारी हुन्, आत्मजयी छन् । मेरो ज्ञानको प्रकाश फैलाउँदै उद्धव यसै धरतीमा रहनेछन् प्रारब्ध भोग नसकुन्जेल । *(भागवत ३।४।३०-३१)*

*भागवत्*को एकादश स्कन्धमा श्रीकृष्णले स्वधाम जाने तयारी गर्नु भएपछि उद्धव अति दुःखी हुन्छन् किनभने उनी अनन्य प्रेमीभक्त हुन् । उद्धव भन्छन्- मलाई पनि आफ्नो धाममा लैजानोस् । त्यसपछि उद्धवलाई शिष्य जानेर भगवान्ले ज्ञानामृत पिलाउनु भयो । उहाँले भन्नुभयो- योग, सांख्य, दान, व्रत, तपस्या, यज्ञ, श्रुतिहरूको व्याख्या, स्वाध्याय र संन्यास आदि साधनबाट म प्राप्त हुन्न तर सत्संगबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म सुलभ हुन्छु । प्रेमाभक्तिबाट परमात्माको साक्षात्कार हुन्छ, योग, ज्ञान-विज्ञान, धर्मानुष्ठान, जप, पाठ, तप, त्यागबाट मलाई पाउन सकिन्न *(ऐजन ११।१२।९ र ११।१४।२०)*

यस गीतामा पनि भगवान्ले आफ्ना विभूतिहरूको चर्चा गर्नु भएको छ *(ऐजन ११।१६)* । उहाँले वर्णाश्रम धर्मको बारेमा बिस्तारपूर्वक उपदेश दिँदै उद्धवलाई लाभान्वित तुल्याउनु भएको पाइन्छ । त्यसपछि ज्ञानयोग, कर्मयोग र भक्तियोग, गुणदोष-व्यवस्थाको स्वरूप र रहस्य, तत्त्वको संख्या, पुरुष-प्रकृति विवेक, सांख्ययोग, क्रियायोग, परमार्थ आदि बारे ज्ञान गराएर कृतकृत्य तुल्याउनु हुन्छ । उद्धव गद्गद् बन्छन् । उनी रोमाञ्चित हुन्छन्- महाज्ञानको सागरमा पौडी खेल्दछन् । उनी आँखाबाट आँसु खसाल्दै अज्ञानको आवरण हटेको निवेदन गर्छन्(गुरु समक्ष)–

विद्रावितो मोहमहान्धकारो
य आश्रितो मे तव सन्निधानात् ।
विभावसोः किं नु समीपगस्य
शीतं तमो भीः प्रभवन्त्यजाद्य ॥

(ऐजन ११।२९।३७)

म मोहको अन्धकारमा रुमल्लिरहेथें । तपाईंको सत्संगले गर्दा मोह हट्यो । जो आगोको नजिक पुगेको छ उसलाई शीत, अन्धकार र भयले कसरी हानि गर्न सक्छ ?

३. **हंसगीता**- यो गीता पनि *भागवत*को एकादश स्कन्ध अन्तर्गत पर्छ । त्रयोदशोऽध्यायमा भगवान् श्रीकृष्णले उद्धवलाई उपदेशको क्रममा आफ्ना शिष्य सनकादि*(सनक, सनत, सनन्दन र सनातन)* मुनिहरूको योग विषयक अनुभवको पनि उल्लेख गर्नुभयो । उद्धवले प्रश्न गरे- हे भगवान् ! तपाईंले सनकादिलाई योगको उपदेश दिनु भएको भए त्यो प्रसंग मलाई बताइदिनोस् । भगवान्ले संझाउनु भयो- सनकादि ब्रह्माजीका मानसपुत्र हुन् । उनीहरूले एकचोटि पिताजीसँग सोधे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त र गुणहरू परस्पर मिलेर रहेका हुन्छन् । फलत: चित्तमा लय र विक्षेप भैरहन्छ । गुणातीत अवस्थामा नपुगी मुक्तिपद प्राप्त हुन्न । गुणहरूबाट चित्तलाई कसरी मुक्त तुल्याउने ?

प्रश्न अति गम्भीर भएकोले ब्रह्माजीले आफैंले उत्तर नदिई मलाई स्मरण गर्नुभयो र मैले हंस रूपमा प्रकट भै सनकादिको जिज्ञासा समाधान गरिदिएँ । भगवान्ले यति प्रसंगकासाथ हंसको रूपमा आफूले उपदेश गरेकोले ज्ञान उद्धवलाई सुनाउनु भयो । ज्ञानोपदेश उन्नाइस श्लोकहरूमा रहेका छन् *(ऐजन ११।१३।२२-४०)*

हंसरूपी भगवान्सँग सनकादिले चरणवन्दना पछि सोधे- तपाईं को हुनुहुन्छ ? विष्णु भगवान्ले भन्नुभयो- परमार्थवस्तु नाम-रूप र नानात्वरहित हुन्छ, त्यसैले तपाईंहरूको प्रश्नको उत्तर कसरी दिउँ ? प्रश्न युक्तिसंगत छैन । म मन, वाणी, दृष्टि लगायत इन्द्रियहरूद्वारा ग्रहण गरिने ज्ञानको अधिष्ठान हुँ । मदेखि भिन्न केही छैन । तात्त्विक दृष्टिबाट यस कुरालाई तपाईंहरू बुझ्नुहोस् । भगवान्ले आफूलाई जाग्रत, स्वप्न र सुषुप्ति अवस्था त्रयदेखि विलक्षण र तिनमा अनुगत तुरीय तत्त्व बताउनु भयो । बुद्धिको वृत्तिलाई तिमीहरूले त्याग्यौ भने विषय र चित्तको त्याग हुनजान्छ । ममा स्थित भएर सबैलाई छाड-**मयि तुर्ये स्थितो जह्यात् त्यागस्तद् गुणचेतसाम् ।** *(ऐजन ११।१३।२८)*

४. कपिलगीता- *भागवत*को तृतीयस्कन्धको छब्बीसौं अध्यायदेखि तेत्तीसौं अध्यायसम्म कपिल-देवहुती संवादलाई *कपिलगीता* भनिएको छ । *(हेर्नू-कपिलगीता)*

५. सिद्धगीता- *सिद्धगीता, वशिष्ठगीता* र *ब्रह्मगीता योगवाशिष्ठ* अन्तर्गत हुन् । उपशम प्रकरणमा *सिद्धगीता* पर्छ । वशिष्ठले श्रीरामलाई यसगीताको प्रसंगबारे जानकारी दिँदै भने- उदारात्मा, शुद्धचित्त भएका जिज्ञासु जनक आफ्नो बगैंचामा टहलिरहेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिमलवृक्ष मुनि पुगेपछि राजाले अदृश्य सिद्धहरूद्वारा गाइएको ज्ञानोपदेश सुन्ने मौका पाए । दस जना सिद्धहरूद्वारा एक एक गरेर ज्ञानयुक्त श्लोक गायन गरिएको उनले सुने ।

प्रथम सिद्धले गाए- द्रष्टाले दृश्यको भोग गर्दा, उसको अन्त:करण र इन्द्रियले विषय भोग्दा जुन आनन्द उसलाई मिल्छ त्यो आत्मानन्द नै हो जुन समाधिमा प्राप्त हुन्छ । द्वितीय सिद्धको भनाइ थियो- त्रिपुटीको परित्याग गरी त्रिपुटीको उदय हुनु अधिको स्वयंप्रकाश रूपले रहेको साक्षी आत्माको हामी उपासना गर्छौं । तृतीय सिद्धले गाए- अस्ति र नास्ति दुई पक्षमा साक्षी रूपले रहेको तथा दुवै पक्षको प्रकाशक आत्मतत्त्वको हामी नित्य उपासना (ध्यान) गर्छौं । सर्वाधार, जसबाट सबै सिद्ध हुन्छ, सर्वरूपले विद्यमान सत्यस्वरूप परमात्माको हामी ध्यान गर्छौं भनेर चतुर्थ सिद्धले भने । अ आदिमा र ह अन्त्यमा भएको जुन अहं पदार्थ हो त्यो नै अशेष जगत्को रूपमा अवस्थित छ । जसको अहं रूपले सर्वदा उच्चारण र उपासना भइरहेछ त्यही आत्मरूपले रहेको परमात्माको हामी नित्य उपासना गर्दछौं भनेर पञ्चम सिद्धले गाए । षष्ठ सिद्धले गाए-

संत्यज्य हृद्गुहेशानं देवमन्यं प्रयान्ति ये ।
ते रत्नमभिवाञ्छन्ति त्यक्तहस्तस्थकौस्तुभा ॥

अर्थात् हृदयवासी साक्षीरूप ईश्वरलाई छाडेर अन्य देवताको खोजीमा जो जान्छन् ती हातमा रहेको बहुमूल्य कौस्तुभ मणिलाई छाडेर अन्य रत्न पाउन धाउने अज्ञानी, अबुझ झैं हुन् । सप्तम सिद्धले यसरी गाए- सम्पूर्ण इच्छाहरू त्याग्नेलाई नै ब्रह्मज्ञानरूपी फल प्राप्त हुन्छ, जसलाई पाएपछि हृदयग्रन्थि भेदन हुन्छ । त्यसैगरी अष्टम सिद्धले उपदेश गरे- संसारका पद-पदार्थ नीरस हो भन्ने कुरा जानेर पनि जो बुद्धिहीन मनुष्य पदार्थको भावना गर्छ त्यसलाई मनुष्य होइन गधा भन्नुपर्छ । नवम सिद्धले बारम्बार उठिरहने इन्द्रियरूपी सर्पलाई मार्नका लागि इन्द्रले पर्वतलाई बज्रले प्रहार गरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झैं विवेकरूपी लौरोले प्रहार गरिरहनुपर्छ भन्ने उपदेश दिए । अन्त्यमा दशम सिद्धले यसरी गाए- पवित्र उपशम सुख (इन्द्रिय र मन शान्त भएपछि प्राप्त हुने सुख) पछि ब्रह्मज्ञानपूर्वक बह्मानन्दको अनुभव गर्नुपर्छ । इन्द्रिय संयम र चित्त संम्यक रूपले शान्त भएपछि आफ्नो सुख स्वरूप प्रकट भैरहन्छ ।◂

सिद्धगीता श्रवण पछि राजा जनक अन्यन्त विचारशील बने । उनले सारा प्रपञ्चको कारण चित्तलाई त्यागे र चित् स्वरूपमा स्थित भए । उनले आत्मारूपी चिन्तामणि पाएर निरतिशय सुख अनुभव गरे ।

६. वशिष्ठगीता- *योगवाशिष्ठ* ग्रन्थको निर्वाण प्रकरण पूर्वार्धमा यो गीता पर्दछ । गुरु वशिष्ठ रामलाई जगत् स्वप्नवत् बताउँदै गीतोपदेश गर्छन्- स्वप्न सृष्टि आफूभित्र नै छ र आफ्नै स्वरूप हो तर निद्रा दोषले गर्दा यो बाहिर देखिन्छ । स्वप्नबाट जागेपछि यो त आफूदेखि भिन्न होइन रहेछ भन्ने जानिन्छ । त्यस्तै जाग्रत सृष्टि पनि विचार गरेर हेर्दा आफ्नो अनुभव स्वरूप नै रहेछ भन्ने छर्लङ्ग हुन्छ । आत्मा नै जाग्रत् ज्योति हो भन्ने कुरा बुझ । आफ्नो स्वरूप, स्वभावमा स्थित हुनु नै परम कल्याण हो । परस्वभावमा, प्रपञ्चमा भुल्नु नै दु:ख हो । आफ्नो स्वभाव सिद्ध गर्नु नै मुक्ति हो र यस्तो पुरुषार्थ गर्न नसक्नु चाहिं बन्धन हो ।

गुरु वशिष्ठ शिष्य रामलाई बन्धनमा कसरी परिन्छ बताउँछन्- पहिलो बन्धन हो धन र गृह । दोश्रो बन्धन भनेको तृष्णा हो र तेश्रो बन्धन बान्धव हुन् । जसमा यी तीनको वासना छ, उसलाई धीक्कार छ ! भोग महारोग हो । बान्धव बन्धनरूप हुन् । अर्थको प्राप्ति अनर्थको कारण हो । आत्मस्वरूपमा प्रमाद त्यागनु पुरुषार्थ हो । जब आत्माको सम्यक् ज्ञान हुन्छ त जगद्भ्रम निवृत्त भैहाल्छ ।

◂ *विष्णु न्यौपाने-संक्षिप्त योगवाशिष्ठ*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. ब्रह्मगीता- यो गीता पनि *योगवाशिष्ठ*को निर्वारण प्रकरण उत्तरार्ध अन्तर्गत पर्छ । श्रीरामले गुरु वशिष्ठसँग सर्वात्मा जो हो उसलाई एकै देहमा अहंभाव कसरी हुन्छ अनि अनुभव स्वरूपमा जड र चैतन्यको भेद कसरी हुन गयो भनेर सोध्नु हुँदा ज्ञानी गुरुले बताए- पत्र, पुष्प, फल, हाँगा आदि अंगमा एक वृक्षभाव व्याप्त छ, तर पनि हाँगा, पत्र आदिलाई लिएर यो वृक्ष हो भनिन्छ । अनि एक अंगलाई देखाएर वृक्ष भन्दैमा वृक्षको सर्वात्मभाव नष्ट हुँदैन । त्यसै गरी सर्वात्मा परमेश्वर जो हो उसमा एक देहमा अहंभाव सिद्ध हुन्छ । जीवले आफूलाई परमात्मा(सर्वात्मा)देखि अभिन्न भनी जानेपछि उसको जीवत्वको अभाव हुन्छ, ऊ परमात्मा बन्छ । शरीरमा हात, पाऊ आदि जड र जडलाई जान्ने चेतन दुवै रहन्छ । त्यसैगरी एकै आत्माले जड र चेतन दुवैलाई कारण गरेको छ । दुवै एउटैका स्वरूप हुन् ।

यसरी वशिष्ठले रामको जिज्ञासाको समाधान गरेपछि *ब्रह्मगीता* प्रारम्भ गर्छन् जुन यस ग्रन्थको ज्ञान-चर्चाको पराकाष्ठा हो । वाशिष्ठ भन्छन्- अविद्या जगत्को कारण होइन किनकि जगत् र अविद्या एकैचोटि उत्पन्न भएका हुन् । परमात्माबाट यी दुई आभास रूपमा एकैचोटि उत्पन्न भएका छन् । निर्विकल्पमा जगत्को अत्यन्ताभाव देखिन्छ । निर्विकल्प भनेको सम्यक् बोधको नाम हो । चित्त नफुर्नु निर्विकल्प होइन किनकि त्यसमा जडात्मक अभाव वृत्ति सुषुप्तिमा झैं रहन्छ । सम्यक् बोधपूर्वक जगत्को अत्यन्त अभाव भएको व्यक्ति जीवन्मुक्त हो । जीवन्मुक्तले निर्विकल्प पद प्राप्त गरेको हुन्छ । त्यो परम जडता हो जहाँ जगत् छैन ।

माथि जगत्लाई आभास रूपमा उत्पन्न भएको भनियो । आभास मात्र हो भने सत्यवत् कसरी अनुभव भयो भन्ने शंकाको समाधान यसरी वशिष्ठ गर्छन्- स्वप्नमा कुनै नारीले अंकमाल गर्दा उनीसँग प्रत्यक्ष राग र विषय रसको अनुभूति हुन्छ तर यो अनुभूति र राग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आभास मात्र हो । त्यस्तै जाग्रतमा पाइने विषय, अन्न, जल, अनुभूति हुने भोक, तिर्खादि प्रत्यक्ष लागे पनि यी सब आभास (कारण नभै देखिने) मात्र हुन् ।

संवित फुरेमा जगत् भासित हुन्छ, नफुरेमा जगत् देखिदैन । जगत् फुर्नु र नफुर्नु दुवै अवस्थामा आत्मा एकरूप रहन्छ । जगत् आत्मादेखि भिन्न होइन । जगत्को उत्पत्ति, स्थिति र प्रलय यी तीन अवस्था आत्माका आभास हुन्, तिनमा आस्था नगर्नू ।

८. रामगीता- यो गीता *अध्यात्मरामायण*को अंश (उत्तरकाण्ड पञ्चम सर्ग) हो । यसमा ६२ वटा श्लोकहरू छन् । यो गीता छोटो भए पनि यसमा वेदान्त दर्शन भरिएकोले अति प्रसिद्ध लघुग्रन्थ सिद्ध भएको छ । *भगवद्गीता* झैं *रामगीता*को पनि संसारका धेरै भाषामा अनुवाद समेत गरेको पाइन्छ । भानुभक्तको *रामगीता* अनुवाद प्रसिद्ध छ । यो कार्य आदिकविले रामायण लेखिसकेपछि जीवनको अन्त्य कालतिर सम्पादन गरेका छन् । डा.स्वामी रामानन्द गिरिको व्याख्या सहितको अनुवाद पनि प्रकाशित छ ।▸ कोमलदत्त तिवारी र अन्यले पनि *रामगीता*को अनुवाद गरेका छन् ।

सीताको परित्याग पछि भोगहरूबाट निवृत्त भै जनक राजा झैं अनासक्त र विरक्त भै राजकाज गरिरहेको बखतमा लक्ष्मणको तत्त्वजिज्ञासा शान्त पार्न श्रीरामले जुन उपदेश गर्नुभएको छ त्यसैलाई *रामगीता* भनिन्छ । उहाँ आफ्ना प्रिय भाइ एवं शिष्य लक्ष्मणलाई उपदेश गर्दै भन्नु हुन्छ-

अज्ञानमेवास्य हि मूलकारणं
तद्धानमेवात्र विधौ विधीयते ।
विद्यैव तन्नाशविधौ पटीयसी
न कर्म तज्जं सविरोधमीरितम् ॥९॥

▸ *प्रकाशक- महेश संन्यास आश्रम, देवघाट, २०५३*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् जगत्को मूल कारण अज्ञान नै हो । वेदका विधि-वाक्यहरूमा अज्ञानलाई नष्ट गर्नु पर्छ भनिएको छ । अज्ञानलाई नाश गर्न ब्रह्मज्ञान समर्थ छ । कर्म अज्ञानबाटै जन्मेकाले कर्म गरेर अज्ञान नष्ट हुन्न किनकि कर्मको अज्ञानसँग विरोध छैन ।

वेदान्त श्रवणबाट अविद्या नष्ट गर भनेर उपदेश दिँदै राम भन्नुहुन्छ- वेदान्त श्रवणबाट प्राप्त ब्रह्मज्ञानद्वारा नष्ट भएको अविद्या फेरि उत्पन्न हुँदैन । त्यसैले म कर्ता हुँ भन्ने बुद्धि यस मुक्त आत्मालाई कसरी हुन्छ र? ब्रह्मज्ञान अज्ञान नष्ट गर्न सक्षम छ भने अज्ञाननाशका लागि कर्मको सहायता आवश्यक छैन । *(श्लोक- २०)*

वेदान्त श्रवणको प्रसंगमा गुरुको भूमिकाको उल्लेख गर्दै उहाँ शिष्य लक्ष्मणलाई बताउनु हुन्छ- निष्काम कर्म गरी मन शुद्ध भएको मुमुक्षुले गुरु र वेदान्त वाक्यमा श्रद्धा राखी ज्ञानी गुरुबाट **तत्त्वमसि** आदि महावाक्य श्रवण गरी जीवात्मा र परमात्माको एकतालाई बुझेर आत्मानन्द प्राप्त गरोस् । अनि सुमेरु पर्वत झैं अविचलित बनोस् । *(श्लोक २४)*

*रामगीता*लाई ब्रह्मकूप भनिन्छ किनकि यसमा थोरै श्लोकहरूमा वेदान्त दर्शनका विविध पक्षहरू, श्रुतिका गहन ब्रह्मज्ञानका प्रसंगहरू एक-एक गरेर बताइएका छन् । जस्तो स्थूल शरीर, सूक्ष्म शरीर र कारण शरीरको जानकारी, कोशविचार, आत्माको अवस्थातीत स्वरूप, जीवको परिभाषा, अध्यास, अखण्डाकार वृत्ति, सविकल्प समाधि, निर्विकल्प समाधि, प्रणव-चिन्तन, अभेद-दर्शन, जीवन्मुक्ति आदि ।

आत्माको परिचय दिँदै श्रीराम भन्नुहुन्छ-

कदाचिदात्मा न मृतो न जायते
न क्षीयते नापि विवर्धतेऽनवः ।
निरस्तसर्वातिशयः सुखात्मकः
स्वयंप्रभः सर्वगतोऽयमद्वयः ॥

(श्लोक-३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् आत्मा कहिल्यै मर्दैन, जन्मदैन, घट्‌दैन, बढ्‌दैन तथा विकाररहित छ । अन्तःकरण र वहिष्करणको महत्व त्याग्ने आत्मा आनन्दरूप, स्वयंप्रकाशस्वरूप, सर्वव्यापक र अद्वैत छ ।

*रामगीता*को आत्मा विषयक यो गहन चिन्तनकै छायाँ हामी *श्रीमद्भगवद्गीता*मा पाउँछौं-

न जायते म्रियते वा कदाचि-
न्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥

(२।२०)

अर्थात् आत्माको जन्म र मृत्यु छैन, उत्पन्न भएर फेरि उत्पन्न हुने खालको पनि आत्मा होइन । यो त अजन्मा छ, नित्य छ, शाश्वत र पुरातन छ । शरीर मर्छ तर आत्मा अमर छ ।

*रामगीता*को सर्वोत्कृष्ट श्लोकमा भगवान् श्रीराम ब्रह्मज्ञानको उपदेश दिँदै भन्नुहुन्छ-

सदैव मुक्तोऽहमचिन्त्यशक्तिमा-
नतीन्द्रियज्ञानमविक्रियात्मकः ।
अनन्तपारोऽहमहर्निशं बुधै-
र्विभावितोऽहं हृदि वेदवादिभिः ॥

(श्लोक-४४)

अर्थात् म सधैं मुक्त छु, अचिन्त्य, शक्तिमान्, इन्द्रियजन्य ज्ञानको अविषय छु । अविषय, क्रियाशून्य, देश-काल-वस्तुको परिच्छेद रहित, वेदार्थ चिन्तकहरूद्वारा रातदिन अन्तःकरणमा ध्यान गरिने तत्त्व म नै हुँ ।

९.देवीगीता- *देवीभागवत*को सप्तम स्कन्धको पछिल्लो अंश(बत्तीसौं अध्यायदेखि चालीसौंसम्म)*देवीगीता* कहलाउँछ । यस गीतामा भक्ति र ज्ञानको सुन्दर समन्वय पाइन्छ । शिवा-भुवनेश्वरीले आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त हिमालयले श्रुतिसम्मत योग र भक्तिले युक्त ज्ञानोपदेशका लागि प्रार्थना गर्दा यस गीताको उपदेश गर्नु भएको हो । *देवीभागवत* साँच्चिकै तीर्थराज हो । यहाँ कर्म, भक्ति र ज्ञान तीनै थरीको संगम देखिन्छ । यो त्रिवेणीमा मन डुबाए के भक्ति, के मुक्ति अर्थात् जे पनि पाइन्छ । प्रयागसम्म धाइरहनु पनि पर्दैन ।•

*देवीगीता*को उत्पत्ति या रचना कसरी हुन गयो भनी जान्न *देवी-भागवत*को सप्तम स्कन्ध एकतीसौँ अध्यायको ज्ञान आवश्यक छ । तारकासुरद्वारा सताइएका देवताहरू महावली त्यस दैत्यको काल शिव-पुत्र बन्ने ब्रह्माजीको वरदान बारे थाहा पाएर स्वर्गबाट च्यूत इन्द्र लगायत देवताहरू वैकुण्ठमा गई भगवान् विष्णुसँग दुःख-पुकारा गर्छन् । सतीसँगको वियोगबाट विरक्त हुनु भएका शिवजीबाट पुत्र कसरी हुन सक्छ र ? तारकासुरको नाश कहिले हुने हो ? यही चिन्ताबाट उनीहरू पीडित छन् । उद्धारक भगवान्ले भुवनेश्वरी माताको शरण परेपछि समस्या समाधान हुनेछ भन्नुभयो र देवताहरूसँगै उहाँ पनि हिमालय पाल्नुभयो । देवताहरूले मणिद्वीपमा राज हुनुभएको देवी माताको भक्तिपूर्वक उपासना गर्न थाले । देवी प्रकट हुनुभयो र देवताहरूले आफ्ना समस्या जाहेर गरे । आफ्ना उपासकहरूका लागि कल्पवृक्ष स्वरूपा परमेश्वरले उनीहरूलाई आश्वासन दिँदै भन्नुभयो– मेरी शक्ति गौरी हिमालयमा जन्मनेछिन् । उनी नै शंकरकी शक्ति हुनेछिन् । गौरी र शंकर विवाह गराइदिनू अनि तिमीहरूको समस्याको समाधान हुनेछ । मेरा परमभक्त हिमालयको घरमा मेरो जन्म हुनेछ । देवीको वचनबाट हर्षले गद्गद् भएका हिमालयले ज्ञानोपदेशका लागि बिन्ति गर्छन् । जगदम्बा माताले उनलाई जे, जस्तो उपदेश गर्नु भयो त्यही *देवीगीता*को रूपमा प्रसिद्ध भयो । यसमा जम्मा नौ अध्यायहरू छन् ।

यस गीताको शुरुमा जड-चेतनको विवेक, ज्ञानरूप एवं सुखरूप

• *बदरीनाथ भट्टराई- देवीगीतामा अनुवादकको भूमिका*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा, जड एवं झुठो मायाको खेल, पञ्च महाभूतहरूको पञ्चीकरण र सृष्टि, परमात्माको तीन शरीर-ईश्वर, हिरण्यगर्भ र विराट आदि विषयमा प्रकाश पारिएको छ । देवी भन्नुहुन्छ- मायाले गर्दा नै धेरै ईश्वर (ब्रह्मा, विष्णु र महेश्वर आदि) देखिएका हुन् । अविद्या नै जीव भावको हेतु हो । जगत्मा गुणको भेद गराउने माया नै हो । ममा नै यो जगत् ओतप्रोत भएको छ ।*(देवीभाग. ७|३३|१०-१२)*

देवीले 'म समष्टि आत्मस्वरूप हुँ' भन्नुभएपछि हिमालयले विराटरूप दर्शन गर्ने इच्छा राख्छन् र *श्रीमद्भगवद्गीता*मा जिज्ञासु अर्जुनलाई श्रीकृष्णले आफ्नो विराट रूप देखाइदिनु भए झैं देवीले हिमालय, विष्णु सहित देवताहरूलाई विराट स्वरूप देखाइदिनु हुन्छ । ज्यादै डरलाग्दो चौध भुवन व्याप्त, करोडौं विजुली चंके जस्तो तेजिलो विराट रूप देखेर देवताहरू मूर्छित भए । पछि वेदहरूले उनीहरूलाई मूर्छाबाट बिउँझाए । त्यसपछि उनीहरूले प्रार्थना गरे-लोकमा नभएको विराट रूप त्यागेर उही सुन्दर नारी रूपको दर्शन दिनोस् ।

पछिका प्रसंगहरूमा जगन्माताले हिमालयको ज्ञानको जिज्ञासा शान्त गर्न उपदेश दिनु भएको पाइन्छ ।

वेदान्त-श्रवणं कुर्यान् नित्यमेवमतन्द्रितः ।
तत्त्वमस्यादि वाक्यस्य नित्यमर्थं विचारयेत् ॥

(ऐजन ७|३४|१८)

अर्थात् ज्ञानी बन्न चाहनेले सधैं वेदान्तको श्रवण गरोस् । सदाकाल **तत्त्वमसि** महावाक्यहरूको अर्थ माथि विचार गरोस् । पैंतीसौं अध्यायमा योगका बारेमा, छत्तीसौं अध्यायमा श्रुतिमा पाइने ब्रह्मज्ञानपरक श्लोकहरू, सैंतीसौंमा पराभक्ति बारेमा प्रकाश पारिएको छ । भुवनेश्वरीले भक्तिको पराकाष्ठालाई ज्ञान बताउँदै वैराग्यका साँध पनि ज्ञान नै हो भन्नुभयो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तेस्तु या पराकाष्ठा सैवज्ञानं प्रकीर्तितम् ।
वैराग्यस्य च सीमा सा ज्ञाने तदुभयंजनयतः ॥
(ऐजन ७३७२८)

१२.विद्यागीता- तन्त्रशास्त्रको प्रसिद्ध पुस्तक *त्रिपुराहस्य*बाट यो गीता झिकिएको हो । *त्रिपुरारहस्य* महर्षि हारितायनले रचना गरेका हुन् । त्रिपुरा देवीको नाम हो, उहाँलाई त्रिपुरासुन्दरी पनि भनिन्छ । उहाँ भूः (पृथ्वी), भुवः (पाताल) र स्वः(स्वर्ग)की स्वामिनी हुनुहुन्छ, त्यसैले त्रिपुरा कहलाउनु हुन्छ । शाक्त उपनिषद्हरू *त्रिपुराउपनिषद्* र *त्रिपुरातापनीय उपनिषद्* पनि उपलब्ध छन् ।

विद्यागीता त्रिपुरारहस्य ग्रन्थको तीन खण्डहरू-त्रिपुरा माहात्म्य, चर्या र ज्ञान मध्ये अन्तिम खण्ड(ज्ञान)मा आधारित छ । पौराणिक तथा तन्त्रशास्त्रमा 'विद्या'को अर्थ हुन्छ दुर्गा या शक्ति । शक्तिको चिन्तन, वर्णन र उनकै कृपाबाट प्राप्त हुने ज्ञानको प्रसंग यस गीतामा पाइन्छ । *त्रिपुरारहस्य* ज्ञानखण्डको सातौं अध्यायदेखि बीसौं अध्यायसम्म यसमा समावेश भएको छ ।◆

यस गीतामा तीन प्रकारका गुरु-शिष्य संवादहरू छन्- ज्ञानी रानी हेमलेखा र राजा हेमचूडको संवाद, ज्ञानी राजा जनक र शिष्य अष्टावक्र बीच संवाद । मूल संवाद चाहिं भगवान् दत्तात्रेय र शिष्य परशुरामका बीचको संवाद हो । परमज्ञानी व्याघ्रपादकी सुपुत्री रानी हेमलेखाले आफ्ना पति राजा हेमचूडलाई दिएको उपदेशले *योगवाशिष्ठ*को चूडाला र शिखिध्वज प्रसंगको स्मरण गराउँछ । रानीले ज्ञानोपदेश गर्दा-गर्दा राजा समेत ब्रह्मज्ञानी भए । उनले आफ्नो राज्य विशालनगरका प्रजाहरूमा समेत ज्ञानोपदेश गरेर प्रजाहरूको ठूलो कल्याण गरे । सनकादि ऋषिले विशालनगरको नाम विद्यानगर राखे- यस्तै प्रसंग यस खण्डमा पाइन्छ ।

◆*बदरीनाथ भट्टराईद्वारा नेपालीमा अनूदित*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनक-अष्टावक्र संवाद चाहिं अनौठो प्रकारको छ। उपनिषद्, *महाभारत* आदिमा ब्रह्मज्ञानी अष्टावक्रले मुमुक्षु राजा जनकलाई ज्ञानोपदेश गरेको पाइन्छ भने *विद्यागीता*मा चाहिं जनक ज्ञानी गुरु भएर शिष्य अष्टावक्रलाई ज्ञान दिन्छन्। राजा जनक भन्छन्- अज्ञानको नाश नहुन्जेल संसारको नाश हुँदैन र पूर्ण आत्माको ज्ञान नभै अज्ञान नष्ट हुँदैन। गुरु र शास्त्रबाट परोक्ष रूपमा आत्माको ज्ञान हुन्छ। यस्तो ज्ञान मोक्षको साक्षात् कारण होइन। प्रत्यक्ष ज्ञान चाहिं समाधिको परिपाकबाट प्राप्त हुन्छ। यो ज्ञान अनुभवरूप हो। गुरु ज्ञानी र शिष्य उत्तम अधिकारी छन् भने श्रवणका बखतमा मनन र निदिध्यासन समेत भै शिष्यको ज्ञानको चक्षु खुल्छ। अष्टावक्र पनि उत्तम अधिकारी भएकाले जनकको ज्ञानोपदेश पाई मनन र निदिध्यासन गर्दै परमगति पाई जीवन्मुक्त भए। *(ऐजन १७ औं अध्याय)*

हेमचूडले ब्रह्मज्ञानी हेमलेखाबाट, जीवन्मुक्त राजा जनकबाट अष्टावक्र ब्राह्मणले आत्मज्ञान गरी सदा सुखी भएका प्रसंगहरू बताइसकेपछि भगवान् दत्तात्रेयले शिष्य भार्गव परशुरामलाई तीन किसिमका ज्ञानीहरूका बारेमा जानकारी दिनुहुन्छ- १.**अधम ज्ञानी**- स्वरूपको ज्ञान त भएको छ तर प्रारब्धवशात् आइपरेका भोगमा विक्षेप भएको ज्ञानी। २.**मध्यम ज्ञानी**- सधैं समाहित चित्त भएको पुरुष जो भोग भोग्दा मदिराले मत्त भएको मानिस झैं बेपर्वाह रहन्छ। ३.**उत्तम ज्ञानी**- जस्तोसुकै प्रारब्ध भोग भोग्दा पनि स्वरूपस्थितिबाट च्यूत नहुने, ठूलो सुखमा पनि सुखी नहुने, भयंकर दुःखमा पनि दुःखी नहुने। भित्र शान्त, बाहिर व्यवहार गरिरहे झैं देखिने यस्तो ज्ञानी उत्तम हो (जस्तो जडभरत आदि)। बुद्धिको भेदले, ज्ञानको परिपाक तथा शेष प्रारब्धको माहात्म्यले गर्दा ज्ञानीको व्यवहार किसिम किसिमका हुन्छन्। *(ऐजन १८औं अध्याय)*

दत्तात्रेयले परशुरामलाई ब्रह्मसभामा ब्रह्माजीसँग ऋषिहरूले ज्ञानोपदेश गर्न अनुरोध गर्दा ब्रह्माजीले विष्णु भगवान्लाई देखाइ दिनु र विष्णुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या, भगवतीसँग ज्ञान लेउ भनेपछि ऋषिहरूले चित्स्वरूपिणी विद्या त्रिपुराको ध्यान गरेको र उहाँले उनीहरूलाई ज्ञान दिनु भएको प्रसंगमा (बीसौं अध्यायमा) *विद्यागीता* टुङ्गिन्छ ।

महाविद्या माता ऋषिहरूलाई यसरी ज्ञान दिनुहुन्छ- जबसम्म मायाद्वारा आत्मा नै ज्ञाता, ज्ञान, ज्ञेय र फलरूपले भास्दछ तबसम्म संसार पहाड जत्रै हुन्छ तर कुनै प्रकारबाट भेद नष्ट भै अभेद ज्ञान भयो भने हावाले उडाएको बादल झैं संसार बिलाउँछ । यस्तो किसिमको महामोक्षका लागि तत्परता नै मुख्य साधन हो । पूर्ण तत्परता भए अरू साधन चाहिन्न । मोक्षको मुख्य साधन तत्परता नै हो । तर तत्परताका तीन प्रतिबन्धकहरूबाट बच्नुपर्छ । ती प्रतिबन्धक हुन्- क.अविश्वास-शास्त्र र गुरु वचनमा । ख.कामवासना ग.जडता । अविश्वासको दुई भेद मानिन्छ-संशय (ईश्वर छन् कि छैनन् के थाहा ?) र विपर्यय (ईश्वर छैनन्, मरिसके) । दोश्रो प्रतिबन्धकको तात्पर्य के हो भने सत्संगीको बुद्धिमा अनेक कामना, वासनाहरू भरिएका छन् भने ऊ ज्ञान-प्राप्तिमा तत्पर हुन सक्तैन । त्यसैले वैराग्यको आश्रय लिएर कामवासना नष्ट गर्नुपर्छ । जडतारूपी बुद्धिको दोष हटाउन अभ्यासको आवश्यकता पर्छ । परमेश्वरी भन्नुहुन्छ- मेरो शरणमा पर्ने उपासकको बुद्धिका प्रतिबन्धकहरूलाई म हटाइदिन्छु ।

१३.अवधूतगीता- ब्रह्मज्ञानी दत्तात्रेयलाई अवधूत मानेर उहाँका अद्वैत दर्शनपरक चिन्तनलाई *भागवत* आदि ग्रन्थमा अभिव्यक्ति दिइएको छ । उहाँले एक्लै गुन्गुनाएको गीतोपदेश *अवधूतगीता*[१] कहलाउँछ जुन अद्वैत वेदान्तको दृष्टिले अद्वितीय मानिन्छ । *अवधूतगीता* अद्भूत गीता पनि हो किनकि यसमा *गीता* र *अष्टावक्रगीता*मा झैं गुरु-शिष्य संवाद छैन ।

भगवान् दत्तात्रेय अत्रि ऋषि र सती अनुसूयाका सुपुत्रको रूपमा

---

१ हेर्नू *वे.विश्वकोश-१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मनुभयो । उहाँ विष्णुको अंशावतार मानिनु हुन्छ । जम्मा आठ अध्याय र दुईशय अठासी(२८८)श्लोकहरू रहेको यस गीता स्वकथन शैलीमा लेखिएको छ । यस ग्रन्थको अन्तिम अध्यायमा अ+व+धू+त-प्रत्येक अक्षरको लक्षण बताएर अवधूतको परिचय दिइएको छ-

अ- आशारूपी पासोबाट मुक्त । आदि-मध्यान्त निर्मल । आनन्दमा मग्न ।

व- वासनाराहित्य । दोषरहित वक्तव्य दिने । वर्तमानमा रहने ।

धू- अंग धूलो-मैलो भएकोमा वेपर्वाह । धूत(पाप)बाट धोइएको चित्तयुक्त । धारणा, ध्यानभन्दा माथि अवस्थित ।

त- तत्त्वचिन्तक । चिन्ता र चेष्टाबाट मुक्त । तम रूपी अहंकार नभएको । भगवान् दत्तात्रेयका गुरु थिएनन् त्यसैले उहाँ भन्नुहुन्छ-

न गुरुर्नोपदेशश्च न चोपाधिर्न मे क्रिया ।
विदेहं गगनं विद्धि विशुद्धोऽहं स्वभावतः ॥

(१।५३)

अर्थात् न मेरा कोही गुरु छन्, न उपदेश नै पाएको छु । मेरो कुनै उपाधि छैन, क्रिया छैन । मलाई तिमी (काल्पनिक शिष्यले) देहरहित आकाश झैं जान । म स्वभावतः शुद्ध हुँ ।

दत्तात्रेयका कोही गुरु नभएकाले उहाँले श्रवणबाट ज्ञान पाउनु भएको होइन । 'दत्तात्रेयका चौबीस गुरु' भन्ने भनाइ प्रसिद्ध छ । *भागवत*मा अवधूतोपाख्यानमा *(११।७३३-३५)* उहाँ भन्नुहुन्छ- मैले चौबीस गुरुको आश्रय लिएँ र तिनका आचरण, लक्षणबाट मैले आफ्ना लागि शिक्षा ग्रहण गरें । दत्तात्रेयका गुरुहरू पञ्चतत्त्वदेखि लिएर जलचर, स्थलचर, नभचर प्राणीहरू समेत छन् । यस गीतामा कर्म, उपासनाको चर्चा छैन, यहाँ ज्ञानयोगकै महिमा गाइएको छ । आत्मतत्त्वको वर्णन गर्दै दत्तात्रेय भन्नुहुन्छ- श्रुतिले निर्गुण, शुद्ध, नाशरहित अशरीरी, सर्वत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समान रूपमा व्याप्त तत्त्व(ब्रह्म)कै वर्णन गरेको पाइन्छ । त्यही ब्रह्म म हुँ आत्मा रूपमा, यसमा शंका छैन *(१।२०)* । उहाँ पुनः भन्नुहुन्छ *(१।२१)*-

साकारमनृतं विद्धि निराकारं निरन्तरम् ।
एतत्तत्वोपदेशेन न पुनर्भव संभवः ॥

(अष्टावक्रगीताको १।१८ श्लोक समान)

अर्थात् साकारलाई मिथ्या जान, निराकारलाई निरन्तर(नित्य)मान । यस्तो तत्त्वको उपदेशलाई आत्मसात गर्दा संसारमा जन्म-मृत्युको चक्रबाट मुक्ति मिल्छ । अद्वैत वेदान्तले द्वैतलाई मान्दैन, जीव र ब्रह्ममा भेद जान्दैन । यही दर्शनलाई *अवधूतगीता*मा यसरी घटाकाश-महाकाशको उपमाद्वारा संझाएको छ-

घटे भिन्ने घटाकाश आकाशे लीयते यथा ।
देहाभावे तथा योगी स्वरूपे परमात्मनि ॥

(२।२५)

अर्थात् घडा फुट्दा घटाकाश महाकाशमा लीन भए झैं देह-त्याग पछि योगीलाई परमात्मा स्वरूप प्राप्ति हुन्छ ।

१४.अष्टावक्रगीता- ब्रह्मज्ञानी अष्टावक्र मुनिले तीब्र मुमुक्षु राजा जनकलाई दिएको ज्ञानोपदेशलाई *अष्टावक्रगीता*() भनिन्छ । यसमा अद्वैत वेदान्तपरक २९८ श्लोकहरू छन् । यस गीतामा १२ प्रकरणमा २२० श्लोकहरूमा अष्टावक्रको उपदेश पाइन्छ । बाँकी ८ प्रकरणमा ७८ श्लोकहरूमा राजा जनकका प्रश्न एवं शंका समाधान पछि उनको अनुभूतिका अभिव्यक्तिहरू समेटिएका छन् ।

अद्वैत वेदान्तमा आधारित *अष्टावक्रगीता* पूर्वीय आध्यात्मिक चिन्तनको शिरोमणि ग्रन्थ हो भन्नुमा अत्युक्ति हुनेछैन । यसमा औपनिषद् चिन्तनलाई अष्टावक्र र जनक बीच संवादको रूपमा व्यक्त गरिएको पाइन्छ । ब्रह्मज्ञान प्राप्तिका लागि राजा जनकको छटपटि, जिज्ञासाका

()हेर्नू वेदान्त विश्वकोष-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसंगहरू *महाभारत* (वन पर्व/तीर्थ-यात्रा पर्व १३३ अध्याय), *योगवाशिष्ठ* (*सिद्धगीता* र त्यसपछिका केही अध्यायहरू)मा पाइन्छ । उनले ब्रह्मज्ञान प्राप्त गरेको प्रसंग *बृहदारण्यक उपनिषद्*मा पनि मिल्छ । ब्रह्मज्ञानी याज्ञवल्क्यले राजा जनकलाई ज्ञानी गराएको, कृतकृत्य तुल्याएको प्रसंग यसमा पाइन्छ ।

१५. ब्रह्मानन्दमोक्ष गीता- यस गीतामा मनुष्य-कर्तव्य, गृहस्थी एवं राजाको धर्म, तीर्थहरूमा दानको महिमा, ब्रह्मचर्य, जप, तप, सत्यको माहात्म्य आदि बताइएको छ । यस गीतामा बताइए अनुसार पुष्कर तीर्थमा आश्रम बनाएर ब्रह्मानन्द नामका योगी रहन्थे । उनले नित्य वेद पठनपाठन गर्दथे र वेदान्त आदिको उपदेश दिने गर्दथे । त्यस राज्यका राजा प्रतापसिंहले योगी महाराजको आश्रममा गएर नम्रतापूर्वक मनुष्यको कर्तव्य, धर्म के हो, दानको महिमा, जप, तपको महिमा आदि बारे प्रश्न सोधे । राजाको जिज्ञासा अनुसार ब्रह्मानन्दले आफूले विष्णु भगवान्‌को भक्ति गरी उहाँको दर्शन पाएको र भोग-कामना निवृत्त भै तत्त्वज्ञानको उदय भएको वर्णन गरेको अनुभव बताए ।

यस गीतामा सत्यको महिमा बताउँदै सत्यभाषीको इज्जत, प्रतिष्ठा हुन्छ तर असत्य बोल्नेको मान-सम्मान माटामा मिल्छ भनिएको छ । अहल्याको पतन गराउन इन्द्रले असत्य वाणी र रूप अवलम्बन गरेको, कर्णले पनि धनुर्विद्या सिक्न परशुरामसँग असत्य बोलेका प्रसंगहरू यहाँ उल्लेख गरिएका छन् । राजा दशरथ सत्यवादी थिए त्यसैले उनी स्वर्ग गए भनी सत्यवादी हरिश्चन्द्रको समेत महिमा यसमा गाइएको छ । ऋषि भन्छन्-

सत्यं स्वर्गस्य सोपानं सत्यं ब्रह्मपदप्रदम् ।
सत्येन लभते मोक्षं सत्ये सर्वं प्रतिष्ठितम् ॥

(८।३१)

सत्य नै स्वर्ग जाने सिंडी हो, सत्यबाट नै ब्रह्मपद प्राप्त हुन्छ र मोक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि । सत्यमा नै सबै पदार्थ रहन्छन् अर्थात् सत्यवादीलाई सबै कुरा प्राप्त हुन्छन् ।

त्यसपछि राजाले (नवौं अध्यायमा) मोक्षका बारेमा जिज्ञासा गरे । उनको उत्तम जिज्ञासा शान्त गर्दै ऋषिले भने- मोक्षका लागि ईश्वर-कृपा चाहिन्छ । ईश्वर सगुण र निर्गुण रूपमा रहन्छन् । यसैलाई व्यक्त र अव्यक्त रूप पनि भनिन्छ । देवताहरू ईश्वरका व्यक्त रूप हुन् । अव्यक्त चाहिं सर्वव्यापक, निर्गुण, निराकार छ । निर्गुण ईश्वरको वर्णन गर्दै ऋषिले भने-

सत्यं ज्ञानं तथाऽऽनन्दः स्वरूपं परिकीर्तितम् ।
ईश्वरस्य महाराज वेदे वेद्यं त्वयाऽनिशम् ॥

निर्गुण ईश्वरलाई सत्य, ज्ञान र आनन्द स्वरूप भनेर वेदले बताएको छ । हे राजा ! यस कुरालाई तिमीले निरन्तर चित्तमा धारण गर ।

यस गीताको अन्त्यतिर दुई प्रकारको मुक्ति बताइएको छ- सगुण मुक्ति र निर्गुण मुक्ति । सगुण भगवान्को उपासकको विष्णु, शिव आदिसँग साक्षात्कार सगुण मुक्ति हो । निर्गुण मुक्ति यस्तो हुन्छ भनी ऋषि ब्रह्मानन्द बताउँछन्–

जीवस्योपाधिशून्यस्य ब्रह्मरूपेण या स्थितिः ।
मुक्तिर्वेदान्तसिद्धान्ते निर्गुणा सा समीरिता ॥

(१८।१८)

हे राजा ! स्थूल, सूक्ष्म शरीर उपाधिरहित भए पछि जीवात्माको ब्रह्मस्थिति हुन्छ । यसलाई वेदान्त सिद्धान्त अनुसार निर्गुण मुक्ति (कैवल्य) भनिन्छ ।

परे ब्रह्मणि संलीनः सच्चिदानंदरूपिणि ।
सदानंद मयस्तत्र जीवभावं विमुंचति ॥

(१८।२८)

ज्ञानी पुरुष सत्, चित् आनन्दस्वरूप ब्रह्ममा लीन भै सदाकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्दरूप हुन्छ । तुच्छ जीवभावलाई त्यागेर ऊ ब्रह्मसँग एकीभाव प्राप्त हुन्छ । यसैलाई कैवल्य भनिन्छ ।

गीतागुह्यम् : गीतासमास, बालगीता । ब्रह्मनिष्ठ मस्तरामबाबाद्वारा रचित एघार श्लोक सहितको रचना जसलाई 'गीताकी बच्ची' पनि भनिएको छ । यसमा *गीता*का भाव र शब्द लिइएको छ तर श्लोक रचनाकारकै हुन् । गीता-जयन्तीका दिन यसको रचना भएको बताइएको छ । यस रचनाको पहिलो श्लोक यस्तो छ–

प्रज्ञावादान् निराकृत्य गीतागुह्यं प्रगृह्यताम् ।
नैव नाशो निवासो वा कस्यचिदिति निश्चितम् ॥

(श्लोक-१)

अर्थ- विद्वताको अहंकारलाई त्यागेर *गीतागुह्यम्* सुन, मनले गुन, ग्रहण गर । के कुरा निश्चित छ भने देही(जीवात्मा)को कहिल्यै नाश हुन्न र देहलाई टिकाइ रहन सकिन्न ।

मस्तरामबाबा मुमुक्षुको कर्तव्य बताउँछन्–

कौशलेन क्रिया कार्या यज्ञभावान् मुमुक्षुणा ।
मायाचक्रं विवर्त्तेत मायाऽक्रियं वियोजयेत् ॥

(श्लोक-४)

अर्थात्– मुमुक्षुहरूले नियत कार्य कुशलतापूर्वक, यज्ञभावले गर्नुपर्छ । मायाको फन्दामा परेर संसार-चक्रमा भौंतारिने कार्यबाट उसले आफूलाई बचाओस् (यसरी गरिएको कार्य नै कुशल हो, योग हो जस्तो *गीता*मा भनिएको छ- **योगःकर्मसु कौशलम्** -२।५०) ।

भक्तियोग विषयक अति सुन्दर श्लोक यस्तो छ–

संस्मरन् सर्वसारं तं तदर्थं कर्म कल्पयन् ।
तदादर्शस्त्वमेवासि तस्य भावः स एव हि ॥

(श्लोक-६)

भावार्थ– प्रणव नै सबैको सार हो । तत् पदार्थकै रात-दिन स्मरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर । कर्म गर्दा पनि उही परमात्मा (तत् पदार्थ)लाई खुशी पार्न गरिरहेछु भन्ने ठान । तिमी परमात्माकै ऐना हौ । ऐनामा देखिएको प्रतिबिम्ब, उसैको (बिम्बकै) छाया न हो ! उसैको भावमा रहेर उही हुन सक्छौ ।

*गीता गुह्यम्*को आठौं श्लोक ज्ञानयोग विषयक छ–

शरीरं क्षेत्र मित्याहुर्ज्ञानं सत्त्वव्यवस्थितिः ।
मूलं ज्ञेयं परं ब्रह्म जन्माद्यस्य यतोऽन्वयात् ॥

शरीर क्षेत्र हो भनी शास्त्र, सज्जनको वचन छ । सत्त्व गुणमा स्थिति नै ज्ञान हो । मूल ज्ञेयवस्तु ब्रह्म हो । सारा जगत् (व्यतिरेक) भनेको ब्रह्म हो । उसैबाट यो उत्पन्न भएको, उसैमा टिकेको र उसैमा लीन हुनेछ (ब्रह्म अन्वय रूपले जगत्मा रहेको छ) ।

अब *गीतागुह्यम्*को अन्तिम श्लोक हेरौं–

इत्थं हि साधु वर्तेथा यथा त्वां तु स्मरेद्धरिः ।
परित्यज्य प्रवृत्तिं वा सर्वदैकं हरिंस्मर ॥

(श्लोक-११)

अर्थ– यस्तो शुभकार्य गर जसबाट तिमी प्रति भगवान्को कृपा होस् । अर्को तरिका पनि छ– सबै कर्म, धर्म छाडेर सर्वव्यापक हरिको सदा स्मरण गरिरहू ।

(*गीतागुह्यम*-११ श्लोक सहित व्याख्या समाविष्ट पुस्तक नेपाली, हिन्दी, अंग्रेजी भाषामा समेत उपलब्ध छ । हिन्दी भाषाको पुस्तक १३० पृष्ठको छ । यसमा मस्तरामबाबाको तस्वीर, *गीतागुह्यम*को विस्तृत व्याख्या, वल्लभ पाण्डेय हरिद्वारद्वारा मस्तराम स्तवनम्, शिवराज बराल, ऋषिकेशकृत मस्तरामस्तुति, होमनाथ पौडेलकृत 'ॐ गुरवे नमः' स्तुति समेत समावेश गरिएका छन्) ।

गीताञ्जलि : कवीन्द्र रवीन्द्रनाथ ठाकुरकृत गेय कविताहरूको संग्रह जुन कृतिमा उनले वि.सं. १९७० मा नोवेल पुरस्कार प्राप्त गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यमा यो ठूलो सम्मान पाउने उनी पहिला भारतीय थिए। कवितामा सत्यं, शिवं, सुन्दरंको समन्वय गरेर उनले आफूलाई विश्वकविको रूपमा उठाए। *गीताञ्जलिमा* १०० भन्दा बढी गेय कविताहरू (गीतिकाव्य) रहेका छन्। 'कविले *गीताञ्जलिमा* ईश्वरले प्राणवीणा बजाउने संगीताचार्यको, काव्यकला बोध गराउने महाकविको, फूल, नदी, ऋतुको काल-आत्मा, सत्य-शिव-सुन्दरको अनेक रूप धारण गरेको देखाएका छन्। ...*गीताञ्जलि* रवीन्द्रको ब्रह्मसंगीत हो, गानात्मक ब्रह्मकाव्य हो।☺ यस संग्रहको दोश्रो कवितामा कवि भन्छन्—म मेरो गीतको टाडाटाडासम्म फैलिएका पखेटाको छेउले तिम्रो चरण छुन्छु, जुन चरणको स्पर्श गर्न मैले कहिले पनि आँट गर्न सकेको थिइन। गीतको आनन्दले मत्त हुँदै म आफूलाई नै बिर्सन्छु—मेरा प्रभु तिमीलाई बन्धु भन्छु।

आफ्ना गीतिकाव्य रचना गर्दै, गुन्गुनाउँदै उनले आफू भित्र अनुभूत अनन्तको आराधना गरेका छन्, संसारिक विषयको होइन। विश्वकविले कवितात्मक आराधना गर्दा गर्दै त्यो दिव्य आनन्द हृदयले अनुभूति गरेका छन् जुन आनन्द योगीहरूले समाधिमा र ज्ञानीहरूले ज्ञानको पूर्णतामा पाउँछन्। कवि गाउँछन्—

तिम्रो आनन्द ममा परिपूर्ण छ
त्यसैले तिमी म भएको ठाउँमा आयौ।
हे भुवनेश्वर ! म नभएको भए
तिम्रो प्रेम कहाँ व्यक्त हुने थियो र ?

मेरा हृदयमा तिम्रो आनन्दको
अनन्त लीला देख्दैछु
तिम्रो इच्छाले मेरो जीवनमा
एउटा रूप धारणा गरिरहेछ।

\+ +

☺शङ्करदेव पन्त (अनु.)—*गीताञ्जलिको नेपाली अनु.को भूमिका*, वि.सं. १९९५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो प्रेम तिम्रा भक्तमा लीन हुन्छ
त्यसमा दुवैको पूर्ण मिलन हुँदा
तिम्रो दर्शन मिल्दछ ।

(कविता-५६)

एउटा कवितामा रवीन्द्रले परमात्मालाई 'महाकवि' बताउँदै आफूलाई बाँसुरी झैं बनाइदेउ भनेका छन्–

मेरो गीतमा अलङ्कार छैन
त्यसमा लुगा-गहनाको अहंकार छैन
अलङ्कारहरुले हाम्रो बीच एकता नष्ट पार्नेछ
अलङ्कारको झन्कारले तिम्रो
मन्द बोलीलाई दवाइ दिनेछ ।
तिम्रो अगाडि मेरो कविको गर्व
लाजले भुतुक्क हुन्छ है ।
हे महाकवि ! म तिम्रो चरणमा बसेको छु
तिमीले संगीतको बाँसुरी झैं
मेरो जीवनलाई सरल र मधुर
गराइ देउ न !

(कविता-७)

*गीताञ्जलि*मा रवीन्द्रनाथ उपनिषद्हरूबाट प्रभावित देखिन्छन् । औपनिषदीय ज्ञानलाई उनले भक्तिमा अनुवाद गरेर व्यक्त गरेका छन् । उनका आराध्य सच्चिदानन्द परमात्मा हुन् । उनी अनन्त छन् । कविले कवितामा परमात्मालाई सिन्धु र आफूलाई ठानेका छन् विन्दुरूप या बालक जो समुद्री तटमा खेल्न रमाउँछ ।

रवीन्द्रनाथले *गीताञ्जलि*लाई अंग्रेजी भाषामा आफैंले अनुवाद गरेर बेलायत-भ्रमणका समय आफ्ना अंग्रेज साथीहरूलाई देखाए । उनले प्रसिद्ध कवि वाइ.बी. यिट्सलाई पनि पाण्डुलिपि पढ्नदिए जसले त्यस कृतिको प्रशंसा गर्दै भूमिका समेत लेखे । यीट्सले एक पटक भने– *गीताञ्जलि*को पाण्डुलिपि सधैं मेरो साथमा रहन्छ । रवीन्द्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचनासँग तुलना हुने अंग्रेजी रचना मैले देखेको छैन । बेलायत स्थित इण्डिया सोसाइटीले अंग्रेजीमा अनूदित *गीताञ्जलि* प्रकाशित गऱ्यो । यही *गीताञ्जलि*को कारणले रवीन्द्रले नोवेल पुरस्कार प्राप्त गरे । उनी एसियामा साहित्यमा नोवेल पुरस्कार पाउने पहिलो व्यक्ति बने ।

गुणराज खनाल (रामदास) : सगुण परमात्मा साक्षात्कार गर्ने एक भक्त एवं कवि । वि.सं. १९७२ फागुनमा पं. हर्षनाथ उपाध्याय र श्रीमती लोकजननीबाट यिनको जन्म भएको थियो । बालक जन्मनु अघि त्रिपुरेश्वर स्थित घरमा एक सिद्धबाबा आएर 'यो बालकलाई पूजा कोठामा जन्माउनू, यो भागवत बन्नेछ र भगवान् साक्षात्कार गर्नेछ' भनेर भविष्यवाणी गरेका थिए । उनको भविष्यवाणी चरितार्थ बन्यो । यस अघि लोकजननी आफ्ना तीनजना सन्तानको निधनबाट शोक-विव्हल थिइन् । नयाँ बालक दीर्घजीवी हुने आशा गर्दै परमेश्वरको कृपा पाउन रातदिन प्रार्थना गर्दथिन् उनी । गुणराजका मातापिताको काशीमा पनि घर थियो । आर्थिक अवस्था राम्रो नभएको कारणले गुरुकुल या विद्यालयमा पढ्ने मौका नपाए पनि बालकको पढ्ने इच्छाले गुरुहरूको खोज गऱ्यो । पं.पद्मप्रसाद भट्टराई र पं.दधिरामसँग व्याकरण, साहित्य, दर्शन विषयहरूको अध्ययन भयो । अंग्रेजीको पनि केही ज्ञान भयो । विं.सं.१९९४ सालमा उनी काठमाडौं फर्के ।

गुणराजको १४ वर्षको उमेरमा शेषकुमारीसँग विवाह भयो । गुणराजको प्रातःकालको धेरै समय पूजा-पाठमा बित्दथ्यो । नम्र, सात्त्विक प्रवृत्तिका गुणराज भोगका लागि होइन योगका लागि जन्मेका हुन् भनेर हो कि परिवारको आर्थिक अवस्था कमजोर हुँदै गयो । यिनका सन्तानको संख्या भने प्रति वर्ष बढ्दै गयो । ८ छोरी र ४ छोरा उनका एकै धर्मपत्नीबाट जन्मे । भगवान्‌को वाह्य आराधना पूजा-पाठ हो भने आन्तरिक आराधना त कविता नै हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने धारणा राखी गुणराजले कविता, काव्यहरू लेख्न थाले । कविताको माध्यमबाटै भगवान्लाई खुशी पार्छु र दर्शन गर्छु भनेर उनले कम्मर कसे । अन्तर्यामी परमात्माले 'तँ चिता म पुऱ्याउँला' भनेछन् । सरस्वती माताको भक्तिले गर्दा उहाँको कृपा भै कवि गुणराजले महाकाव्य समेत लेख्न थाले । उनले *श्रीकृष्ण-चरित्र* महाकाव्य लेखे । सात वर्ष लगाएर *भरतमिलन* महाकाव्य लेखे । यस अवधिमा दुर्गा, श्रीकृष्ण र शिवको भक्ति त कविमा छँदैथियो, रामभक्तिले चरमोत्कर्ष प्राप्त गऱ्यो । उनी हृदयले राम जप्थे, शरीरले व्यापारिक काम गर्दथे र साँझ फुर्सत निकालेर रामको काव्यात्मक आराधना गर्दथे । कविलाई ३२ वर्ष लाग्न लाग्दा आफ्नो आयु सकिन लाग्यो, *भरतमिलन* अपूरै रहने भयो भन्ने पूर्वाभास भयो । उनले श्रीरामको पुकार गरे तीव्रताका साथ । फलत: रामले सपनामा दर्शन दिएर 'दुईसात आयु' थपिदिएँ भन्नु भएछ । परिवारले त्यसको अर्थ ७७ वर्ष लगाएका थिए तर दुई सातको अर्थ रहेछ २७ वर्ष थप । विं.सं. २०३१ साल कार्तिक १ गते घटस्थापनाको दिन आधारात तिर गुणराज कविले आर्यघाटमा देह-त्याग गरे ।

परमधाम हुनु भन्दा १० दिन अगाडि भगवान् रामको स्वरूपको चिन्तन गर्दै (ध्यानमग्न) रहँदा धनुर्धारी, पीताम्बर लुगा, कानमा कुण्डल लगाएका श्यामलो वर्णका प्रभु राम अगाडि आएर उहाँसँगै बस्नु भयो र साथै रामले भन्नुभयो– "तैंले लेखेको रामायण मलाई मन पऱ्यो, म सुन्छु ।" अनि कविले पनि रामलाई रामायण सुनाउनु भयो रे... सो कुरा त्यही अवसरमा भन्नुहुन्थ्यो । ✍ यस अघिको दर्शनमा श्रीरामले गुणराजलाई 'दास्यभक्त' बनाएँ भनेर वरदान दिनुभएथ्यो । कवि लेख्छन्–

प्रत्यक्ष नै रघुपते ! तिमीले समाई ।
त्यो दास्यको वर दियौ खुसिसाथ आई ॥

(राममा अन्तिम पुकार)

✍ *स्व. घटराज भट्टराई–गुणराज:व्यक्ति र कृति*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणत्रय : गुणको अर्थ हो–धर्म, स्वभाव, विशिष्टता। प्रकृतिको अवयवमा उपादान। मायाको शक्ति। माया किंवा अविद्याले गुणत्रयद्वारा जीवात्मालाई बाँध्छे। तीन गुण सत्त्व, रज र तम हुन्। *गीताको* चौधौँ अध्याय *(चतुर्दशोध्याय)*को नामै गुणत्रय विभाग रहेको छ। श्रीकृष्ण भन्नुहुन्छ– यी तीन गुण प्रकृतिले बनाएकी तीन डोरी हुन्। यसको कारणले गर्दा अविनाशी जीवात्मा देहाध्यास प्राप्त भै बाँधिन्छ-

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम ॥

(गीता १४।५)

सत्त्व गुणबाट ज्ञान उत्पन्न हुन्छ, रजोगुणबाट लोभ र तमोगुणबाट प्रमाद, मोह र अज्ञान उत्पन्न हुन्छन्। *(ऐजन-१७)।*

गुणत्रय नै मनुष्यको शरीरको उत्पत्तिको कारण हो। गुणत्रय उल्लंघन गर्ने ज्ञानी पुरुषले जन्म, मृत्यु, वृद्धावस्था र सब प्रकारका दुःखबाट मुक्त भै परमानन्द प्राप्त गर्छ *(ऐजन-२०)।*

*श्रीमद्भागवत*को एकादश स्कन्ध (२५ औं अध्याय)मा तीन गुणहरूका वृत्तिहरूको बेलिबिस्तारपूर्वक वर्णन गरिएको छ। जगद्गुरु श्रीकृष्ण प्रिय भक्त उद्धवलाई गुणत्रयको व्याख्यात्मक उपदेश मात्र दिनुहुन्न, निर्गुण (गुणरहित) ज्ञानको उपदेश दिंदै भन्नुहुन्छ-

कैवल्यं सात्त्विकं ज्ञानं रजो वैकल्पिकं च यत्।
प्राकृतं तामसं ज्ञानं मन्निष्ठं निर्गुणं स्मृतम् ॥

(ऐजन-२४)

शुद्ध आत्माको ज्ञान सात्त्विक हो। आत्मालाई कर्ता, भोक्ता मानेर तल झर्नु राजसिक ज्ञान हो। अनि त्यसलाई (आफूलाई) शरीर संझनु तामसिक ज्ञान (अज्ञान) हो। यी तीनैदेखि विलक्षण मेरो स्वरूपको ज्ञान चाहिं निर्गुण ज्ञान हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*महाभारत*मा भीष्म पितामह युधिष्ठिरलाई मोक्ष धर्मको उपदेशको प्रसंगमा गुणत्रय बारे बताउँछन्- मानिसमा प्रसन्नता, प्रेम, आनन्द, शान्तिका भाव छाएमा सात्त्विक भावको उदय भएको भनिन्छ । तर मनमा असन्तोष, परिताप, काम, क्रोध, लोभ, असहिष्णुताले विक्षेप पैदा भएको छ भने मानिस रजोगुणग्रस्त भएको बुझिन्छ । मोहित हुनु, बेहोशीपनामा बाँच्नु, स्वप्न, तन्द्रा, आलस्यग्रस्त भएमा तमोगुणको वृद्धि भएको मानिन्छ ।

भीष्म पुनः भन्छन्- बुद्धि (प्रकृति) गुणहरूको सृष्टि गर्छे तर गुणातीत आत्मा साक्षी भएर गुणग्रस्त पुरुषलाई हेरिरहन्छ । योगीजन आत्मारूपी अग्निमा बुद्धिलाई होमिदिन्छन् । यो अखण्डाकारवृत्ति हो, जसमा प्रकृतिका गुणहरूको अतिक्रमण हुन्छ । कुन गुण वृद्धि हुँदा मानिसमा कस्तो प्रवृत्ति लक्षण देखिन्छ हाम्रा शास्त्रहरूले यसरी बताएका छन्-

क.तमोगुण वृद्धिमा-हिंसात्मक कार्य, अधर्ममा श्रद्धा, प्रमाद, मोह, मूढज्ञान, द्यूत, सुषुप्ति, नरकवास र निम्न योनि(पशु, पक्षी आदि)मा जन्म आदि ।

ख.रजोगुण वृद्धिमा-स्वप्नरमण, काम्यकर्ममा प्रवृत्ति, वहिर्मुखता, विषय-सुखमा भुल्नु । मरेपछि मनुष्यलोक प्राप्ति र पुनःकर्ममा आसक्ति ।

ग.सत्त्वगुण वृद्धिमा-जाग्रत संस्थिति, शम-दम-तितिक्षा उपरति आदि षट् सम्पत्तियुक्त हुनु, वनवासमा श्रद्धा, निष्काम कर्ममा प्रवृत्ति, आत्म-सुखको खोज गर्नु आदि । यो गुण वृद्धिमा चेतनता, विवेकशक्तिको उदय हुन्छ । यस्ता व्यक्तिको निधन भएपछि निर्मल, दिव्य स्वर्गादिलोक प्राप्त गर्छन् । *(हेर्नू भागवत ११।२५ र गीता १४ अध्याय)*

त्रिगुणात्मक माया यति व्यापक देखिन्छे कि आहारदेखि अहंकारसम्म गुणयुक्त छ र त्रिदेवसम्ममा गुण पाइन्छ । तामस अहंकारबाट पञ्चमहाभूत पैदा भएका छन् । राजस अहंकारबाट इन्द्रिय उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका हुन् । सात्त्विक अहंकारबाट इन्द्रियका अधिष्ठाता देवता उत्पन्न भएका हुन् ।

गुणातीत : निर्गुण । गुणबाट मुक्त । जो त्रिगुणात्मक शक्तिभन्दा माथि उठेको छ, जुन पुरुष(साधक)मा तमोगुण छैन, रजोगुण पनि छैन, कहाँसम्म भने सत्त्वगुणभन्दा पनि माथि उठेको छ ऊ गुणातीत हो । अर्जुनले गुणदेखि अतीत मनुष्य कस्तो आचरणयुक्त हुन्छ ? कुन उपायबाट गुणातीत हुन सकिन्छ भनी सोद्धा श्रीकृष्ण भन्नुहुन्छ-

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥

(गीता १४।२५)

उहाँ पुन: भन्नुहुन्छ- अव्यभिचारी भक्ति *(हेर्नू-वेदान्त विश्वकोश-१)* योगद्वारा जसले मेरो निरन्तर उपासना गरिरहन्छ ऊ पनि तीन गुणहरूलाई उल्लंघन गरी ब्रह्म प्राप्त गर्न योग्य बन्छ । *(ऐजन १४।२६)*

गुणातीत व्यक्ति निरन्तर आत्मभावमा रहन्छ, सुखदु:खलाई समान मान्छ । माटो, ढुङ्गा र सुनमा भेद देख्दैन । ऊ (ज्ञानी) प्रिय र अप्रिय सबैलाई एकै ठान्छ तथा निन्दा र प्रशंसालाई पनि समान मान्छ- निन्दा सुनेर दु:खी हुँदैन्, प्रशंसा सुनेर खुशी हुँदैन *(ऐजन १४।२४)*

*भागवत*मा भगवान् श्रीकृष्ण उद्धवलाई गुणबाट मुक्त भएर आफूलाई गुणातीत मान्न उपदेश दिनुहुन्छ-

सत्वं चाभिजयेद युक्तो नैरपेक्ष्येण शान्तधीः ।
सम्पद्यते गुणैर्मुक्तो जीवो जीवं विहाय माम् ॥

(११।२५।३५)

अर्थात्- योगद्वारा चित्तवृत्ति शान्त पारेर निरपेक्ष बन्दै सत्त्वगुण समेतलाई छाडी (गुणमुक्त भएर) जीव भावलाई त्याग्नु पर्छ । यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणातीत ममा नै मिल्छ । गुणमात्र भन्दा सद्‌गुण अर्थ लाग्छ । त्यसैले तीन गुण जनाउन गुणत्रय भनिन्छ । गुणको अर्थ डोरी पनि हुन्छ । डोरीको उदाहरण–श्रीकृष्णलाई यशोदाले गुणले बाँध्न खोज्दा त्यो दुई अमल छोटो भयो *(१०।९।१५,१६)*। उहाँ गुणातीत हुनु भएकोले बाँधिनु भएन । गुणद्वारा भगवान्‌लाई खुशी पार्न सकिन्न । रज र तमले त बन्धन नै हुनसक्तैन । सत्त्वगुणमा उक्लेको भक्तले उहाँलाई रिझाउन सक्छ । नाम र रूप दुई अमल हो । त्यही बन्धन हो जसबाट उहाँ मुक्त हुनुहुन्छ ।

गुरु : अन्धकार-अज्ञानलाई हटाउने अर्थमा गुरु शब्द बनेको छ । इन्द्रादि देवतालाई वेदशास्त्रहरूको ज्ञान गराउने उपदेशक नै गुरु हुन् भनेर शास्त्रले गुरुको अर्थ बताएको छ- **गृणाति उपदिशति वेदादिशास्त्राणी इन्द्रादिदेवेभ्यः इति ।** *तन्त्रसार* अनुसार 'ग' भनेको सिद्धिदायक हो 'र' हो पाप हरण गर्ने अनि 'उ' भनेको अव्यक्त विष्णुरूप-

गकारदः सिद्धि प्रोक्ताः रेफः पापस्यहारकः ।
उकारो विष्णुरव्यक्तस्त्रितयात्मा गुरुः परः ॥

गुरुलाई त्रिदेव (आत्मा त्रितय) भन्दा पनि पर (श्रेष्ठ) बताइएको छ ।

*योगवाशिष्ठ*मा परमज्ञानी गुरु वशिष्ठ उत्तम शिष्य श्रीरामलाई जंगलमा एउटा कौडी हराउँदा कैयौं समयसम्म लगातार खोजी गर्ने एक किरातले चिन्तामणि भेट्टाएको प्रसंग उल्लेख गर्दै भन्छन्- कौडी खोज्नेले चिन्तामणि पाए झैं गुरुको उपदेश पाएर लगातार मनन, निदिध्यासन गर्दा आत्मज्ञान मिल्छ । उपदेशले मात्र आत्मज्ञान पाइन्न, गुरु विना पनि आत्मज्ञान हुन्न *(नि.प्रकरण)* ।

जसबाट ज्ञान प्राप्त हुन्छ तिनै गुरु हुन् । वेदान्तमा गुरुको ठूलो माहात्म्य बताइएको छ । वेदशास्त्रको उपदेशक र शिष्य वर्गमा स्तूत्य व्यक्ति गुरु हुन् - **गृणाति उपदिशति वेदशास्त्राणि यद्वा गीर्यते स्तूयते शिष्यवर्गैः ।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतिले क्षोत्रिय (वेदादि शास्त्रको ज्ञान भएको) र ब्रह्मनिष्ठ (बह्मज्ञानी) व्यक्तिको समीप ब्रह्मज्ञान सिक्न जानु मुमुक्षुको कर्तव्य हो र त्यस्ता गुरुको शरणमा जाँदा खालि हात नजानू भन्ने निर्देश गरेको छ - **तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम् ।**

(मुण्ड.उप.१।२।१२)

गुरुको शरणमा जानु गुरुपसदन हो । गुरु प्रति अति श्रद्धा र विश्वास भएन भने ज्ञानलाभ हुन सक्तैन । गुरुको भूमिका के हो भन्ने विषयमा शास्त्रमा बताइएको छ-

अविद्याहृदयग्रन्थिबन्धमोक्षो यतो भवेत् ।
तमेव गुरुरित्याहुगुरुशब्देन योगिनः ॥

(सर्ववेदान्त सिद्धान्तसार)

अर्थात्- जसले शिष्यको अज्ञान रूपी हृदय, ग्रन्थिबाट मुक्ति दिलाउँछन् उनैलाई योगीहरू गुरु मान्छन् । आफू आत्मस्वरूप चैतन्यस्वरूप भैकन देह-संघातमा 'आफू' बुद्धि गर्छ, आफूलाई जन्मने-मर्ने, सुखीदुःखी, रोगी-निरोगी, बूढा-तन्नेरी आदि आगमापायी रूप, अवस्थाको बन्धनमा परेको ठान्छ उही नै हृदयग्रन्थिको शिकार भएको छ । मनोविज्ञानले हीनताग्रन्थि, उच्चताग्रन्थिलाई बन्धन मानेको छ । यस्ता प्रकारका चित्तका रोगको उपचारक गुरु नै हुन् । गुरुले परमात्मा साक्षात्कारको मार्ग, उपाय बताइदिन्छन् र शिष्यका हृदयग्रन्थि छेदन हुन्छ, सम्पूर्ण संशयहरू नष्ट हुन्छन् । त्यति मात्र होइन शिष्यको जन्म-मरण चक्रका कारण संचित र आगामी कर्महरू समेत नष्ट हुन्छन्-

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ॥

(मुण्ड.उप.२।२।८)

स्वाध्याय, विद्या, बुद्धि, पूजा-पाठ आदि कर्महरूबाट आत्मा प्राप्त हुन सक्तैन, यसका लागि गुरुको आवश्यकता छ । गुरु-कृपाबाट ईश्वर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शन र ईश्वर-कृपाबाट गुरु प्राप्त भै स्वरूप-बोध भएका घटनाहरू आध्यात्मिक क्षेत्रमा भेटिन्छन् । रामकृष्ण परमहंसलाई पहिले काली माताको कृपा भयो र उनलाई सगुण, साकार भन्दा परको ब्रह्मज्ञान गराउने तोता पुरी गुरु मिल्यो । शास्त्रकारहरूको भनाइ त के पनि छ भने निर्गुण परमात्माले पनि सगुण गुरुको रूपमा आएर जिज्ञासु तथा मुमुक्षु मानिसको कल्याण गरिदिनुहुन्छ । यसबाट के सिद्ध हुन्छ भने ईश्वर र गुरु बेग्ला बेग्लै देखिए पनि एकै हुन्- **ईश्वरो गुरुरात्मेति मूर्ति भेद विभागिने ।**

*भागवत*मा जगद्गुरु श्रीकृष्ण प्रिय शिष्यलाई सबै कुरा अनुकूल भएर पनि मनुष्यले आत्मकल्याण गर्दैन भने त्यो आत्मघाती हो भन्ने उपदेश दिनुहुन्छ-

नृदेहमाद्यं सुलभं सुदुर्लभं
प्लवं सुकल्पं गुरुकर्णधारम् ।
मयानुकूलेन नभस्वतेरितं
पुमान् भवाब्धिं न तरेत् स आत्महा ॥

(भाग.११।२०।१७)

अर्थात्- पुण्यात्मालाई मात्र सुलभ भएको अन्यथा अति दुर्लभ यो मनुष्य शरीर संसाररूपी समुद्र तर्नका लागि मानौं सुदृढ डुङ्गा हो, जसका माझी (कर्णधार) गुरु हुन् । त्यसरी तर्न खोज्नेका लागि म हावा बनेको हुन्छु । यस अवस्थामा पनि संसार-समुद्र नतर्ने व्यक्तिलाई आत्मघाती भन्नुपर्छ ।

उपनिषद्हरूमा ज्ञानी गुरुले शिष्यलाई या पुत्रलाई आत्मज्ञानको उपदेशद्वारा आत्मबोध गराएका प्रसंगहरू धेरै पाइन्छन् । ती मध्ये यमराजले नचिकेतालाई ब्रह्मज्ञानको उपदेश दिएको प्रसिद्ध प्रसंग *कठोपनिषद्*मा पाइन्छ भने उद्दालक आरुणीले *(हेर्नू वेदान्त विश्वकोश-१)* आफ्नै छोरा श्वेतकेतुलाई नौ-नौ पटक **'तत्त्वमसि'** महावाक्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदेशद्वारा ब्रह्मात्मैक्य ज्ञान गराएको प्रसंग *छान्दोग्य उपनिषद्*मा पाइन्छ । *बृहदारण्यक उपनिषद्*मा याज्ञवल्क्यले राजा जनकलाई ब्रह्मज्ञान गराएको कुरा उल्लेखित छ । *अष्टावक्रगीता*मा चाहिं अष्टावक्र गुरुको भूमिकामा देखा पर्छन् र उनका चेला राजा जनक हुन् । *रामगीता*मा स्वयं रामले भाइ लक्ष्मणलाई गुरु बनेर उपदेश दिनुहुन्छ । फेरि *योगवाशिष्ठ*मा वशिष्ठले रामलाई शिष्य बनाएर ब्रह्मज्ञान गराउँछन् । *भगवद्गीता* मा गुरु बन्नुभएको छ श्रीकृष्ण र शिष्य बनेका छन् अर्जुन ।

जगद्गुरु शंकराचार्यका चार शिष्य प्रसिद्ध छन्- पद्मपादाचार्य, सुरेश्वराचार्य, हस्तमलकाचार्य र त्रोटकाचार्य । शंकराचार्यका गुरु गोविन्दपादाचार्य र परमगुरु गौडपादाचार्य थिए । आदि गुरु को हो भनेर खोज्दा नारायण नै आदि गुरु मानिनु हुन्छ-

नारायणं पद्मभवं वशिष्ठं
शक्तिं च तत्पुत्र पराशरं च ।
व्यासं शुकं गौडपदं महान्तम्
गोविन्द योगिन्द्र मथास्य शिष्यं ।

नारायणले ब्रह्माजीलाई ज्ञानोपदेश दिनु भयो । ब्रह्माजीले वशिष्ठ (मानस पुत्र)लाई, वशिष्ठले पराशर(पुत्र)लाई अनि पराशर ऋषिले वेदव्यासलाई, व्यासले आफ्नै छोरा शुकदेव स्वामीलाई, उहाँले गौडपादलाई, गौडपादले गोविन्दपादाचार्यलाई ज्ञान गराउँदै गुरुशिष्य परम्परा फैलिँदै गएको देखिन्छ । आधुनिक युगमा रामकृष्ण परमहंस ठूला गुरु थिए, जसले विवेकानन्द जस्ता शिष्य पैदा गरी वेदान्तलाई पश्चिमी जगत्मा फैलाए । त्यसैगरी गुरु युक्तेश्वरले योगानन्दलाई आत्मज्ञान प्रदान गरी पश्चिमी जगत्मा ज्ञानको व्यापक प्रचार-प्रसार गराए ।

गुरु-शिष्य परम्पराको विपरीत धारा पनि देखिएको छ- 'गुरु' अगुरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुने अर्थात्- शिष्य नबनाउने कार्य । जिद्दु कृष्णमूर्ति भन्छन्- मेरा कुनै शिष्य छैनन् । सत्य तिमी भित्र नै छ । ....सत्य खोज्न मानिस सबै बन्धनबाट मुक्त हुनै पर्छ । स्वामी रामसुखदासले पनि यस्तै घोषणा गरेका छन्- मेरो कुनै गुरु छैन; न मैले कसैलाई आफ्नो शिष्य, प्रचारक अथवा उत्तराधिकारी बनाएको छु । मेरो शेषपछि मेरा पुस्तकहरूले नै साधकहरूलाई मार्ग-दर्शन गर्नेछन् ।

'अगुरु' परम्परामा विचार गर्दा दत्तात्रेयलाई संझन्छौं । उनका कोही शिष्य थिएनन् । उनका उपदेशहरू *अवधूतगीतामा* छन् । *भागवतमा* उनले पञ्च महाभूत, अग्नि, चन्द्र, बकुला, सर्प, माहुरी आदि २४ वस्तु, प्राणीबाट शिक्षा लिएको प्रसंग पाइन्छ । उनी भन्छन्- **सन्तिमे गुरवो राजन् बहवो बुद्धयुपाश्रिताः** । दत्तात्रेय उत्तम अधिकारी भएकाले उनले बुद्धि र विचारपूर्वक ती वस्तु र प्राणहरूबाट शिक्षा ग्रहण गर्न सके । यी चौवीस गुरुहरूका वारेमा *भागवत* एकादश स्कन्ध अवधूतोपाख्यानमा *(हेर्नू ७-९ अध्याय)* विस्तारपूर्वक वर्णन गरिएको पाइन्छ ।

भगवान् श्रीकृष्णले स्वयं अर्जुन, उद्धव आदिका गुरु बनेर उपदेश गर्नु भएको पाइन्छ भने गुरु मिलेन भने चिन्ता नगर, आफ्नो आत्मालाई गुरु मान भन्नुहुन्छ (उद्धवलाई उपदेश दिंदा)-

आत्मनो गुरुरात्मैव पुरुषस्य विशेषतः ।
यत् प्रत्यक्षानुमानाभ्यां श्रोयोऽसावनुविन्दते ॥

(भाग. ११।७।२०)

अर्थात्- विशेषगरी मनुष्यका लागि उसको आत्मा नै हित र अहित बारे बोध गराउने गुरु हो । मनुष्य प्रत्यक्ष अनुभव या अनुमान प्रमाणद्वारा, के कुराबाट आफ्नो हित हुन्छ र केबाट हानि हुन्छ बुझेर निर्णय गर्न पूर्णतः समर्थ या स्वतन्त्र छ । कुशल व्यक्तिले अशुभ वासनाबाट आफूले आफैंलाई बचाउन सक्छ भने गुरुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोजमा भौंतारिने आवश्यकता परेन । सो खोजबाट सद्गुरु नै फेला पर्छ भन्न सकिन्न । बुद्ध, कबीर आदि कैयौं विश्वगुरु भए जसका गुरु थिएनन् ।

पातञ्जल *योगसूत्र*मा सबैको गुरु एक अर्थात् ईश्वर हुन् भनिएको छ- **पूर्वेषामपि गुरुः कालेनानवच्छेदात्** *(१/२६)* । पूर्वजहरूका गुरु पनि ईश्वर हुन् किनभने उनका कालको सीमा (अवच्छेद) छैन । सर्ग अर्थात् सृष्टिका आदिपुरुष ब्रह्माजी भएकाले उहाँलाई गुरु मानिन्छ तर उनी पनि कालको सीमाले बाधिएका छन् *(हेर्नू गीता ८/१६ र १७)* तर ईश्वर कालातीत छन् । ईश्वर-गुरु नै सबभन्दा ठूला, सबभन्दा पुराना र सबलाई शिक्षा दिने हुन् । *श्वेताश्वतर उपनिषद*मा पनि भनिएको छ–

यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै ।

तं ह देवमात्मवुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ॥

(६/१८)

अर्थात्- जुन परमेश्वर्यले सबभन्दा पहिले ब्रह्मालाई उत्पन्न गरेथे, जसले निश्चय नै ब्रह्मालाई समस्त वेदको ज्ञान प्रदान गरे ती आत्म-वुद्धि प्रकट गर्ने परमेश्वरमा म मुमुक्षु शरण पर्छु ।

गूढात्मा : गूढात्मन् । गूढ+आत्मा पदको समास । 'गूढ'को अर्थ गोप्य, गुप्त, लुकेको । आत्मवस्तु दृश्य होइन, द्रष्टा हो त्यसैले यो गूढ छ । आत्माको हृदयमा साक्षात्कार हुन्छ । यो प्रत्यक्ष प्रमाणको विषय होइन, त्यसैले गूह्यतम भनी बताइएको छ शास्त्रमा । धर्मको ज्ञान गोप्य हो, ईश्वरको ज्ञान हो गोप्यतम् । आत्मा-परमात्माको एकताको ज्ञान गोप्यतम् अर्थात् अतिगोपनीय– **इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे** *(गीता ९/१)*

आत्मा सर्वव्यापक भएर पनि गोप्य छ किनकि यो आकाश झैं अति सूक्ष्म छ । सूक्ष्म वस्तु देखिन्न । स्थूल वस्तु नै चर्मचक्षुद्वारा देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूक्ष्म गूढवस्तुलाई अति सूक्ष्म बुद्धि वृत्तिले जान्न सकिन्छ र बुद्धि पनि त्यसैमा लीन हुन्छ ।

गृहस्थ–धर्म : गृहस्थीले गर्नुपर्ने कर्तव्य । गृहस्थाश्रममा रहेर वेदविहित कर्म गर्नु, शास्त्र अनुमोदित कार्यहरू गर्नु गृहस्थ-धर्म हो । गृहस्थ-आश्रममा तप, यज्ञ, यागादि सम्पन्न हुन्छन् । देवता, पितृ र ऋषिहरू प्रतिको ऋण यही आश्रममा तिरिन्छ । यी ऋण नतिरिकन चित्त शुद्ध हुन्न । चित्तशुद्धि नभै विक्षेप हट्दैन, विक्षेप दोष नहटी ज्ञान मार्गमा लागिन्न । ज्ञाननिष्ठा नभै मोक्ष प्राप्त हुन्न । गृहस्थ-धर्म सबै आश्रमको आधार हो । जुन गृहस्थीले जोगी, संन्यासीको सेवा गर्छ, सबै प्राणी प्रति दया गर्छ, झुठो बोल्दैन, इन्द्रिय संयममा जोड दिन्छ, ईश्वरार्पण बुद्धिले कार्य गर्छ, कर्मलाई पूजा मान्छ ऊ आदर्श गृहस्थी हो । ऊ प्रति ईश्वरको कृपा हुन्छ ।

कर्मको अधिकार गृहस्थ, ब्रह्मचारी र वानप्रस्थ तीनै आश्रमलाई हुन्छ तर संन्यासीले कर्म त्याग गर्नु पर्छ । *महाभारत*मा व्यासजी आफ्ना पुत्र शुकदेवलाई गृहस्थ-धर्म बारे बताउँछन्- गृहस्थले अमृत अन्न भोजन गर्नुपर्छ- पञ्चयज्ञबाट अवशिष्ट अन्न अमृत हो । गृहस्थले आफ्नी पत्नीसँग नै प्रेम गर्नु पर्छ । जितेन्द्रिय बनेर भगवान्-प्राप्ति तर्फ ध्यान दिनुपर्छ । स्त्री र पुत्र आफ्नै शरीर हुन् र सेवकगण छायाँ झैं हुन् । उदार चित्त भएका गृहस्थीहरूलाई विमान सहित परम रमणीय स्वर्गलोक प्राप्त हुन्छ । ब्रह्माजीले गृहस्थ-आश्रमलाई स्वर्ग-प्राप्तिको साधन बताउनु भएको छ ।

गृहस्थ पुरुषले कपाल फुले पछि, छाला चाउरिन थालेपछि, नाति जन्मेपछि आयुको तेश्रो भाग बिताउन वानप्रस्थ आश्रममा रहनु पर्छ *(महाभारत, शान्तिपर्व)* । कवि भर्तृहरिले आदर्श गृहस्थ जीवनको चित्रण गरेका छन् यसरी–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सानन्दं सदनं सुताश्च सुधियः कान्ता प्रियालापिनी ।
सन्मित्रं सुधनं स्वयोषिति रतिः स्वाज्ञापराः सेवकाः ॥
आतिथ्यं शिवपूजनं प्रतिदिनं मिष्टान्नपानं गृहे ।
साधोः सङ्गमुपासते च सततं धन्यो गृहस्थाश्रमः ॥

अर्थात् आरामदायक घर होस्, बुद्धिमान् छोरा होस्, श्रीमती मधुर-भषिणी होस्, असल मित्र हुन्, धन मिलिरहोस्, नोकरचाक र आज्ञाकारी हुन्, प्रति दिन अतिथि सेवा, शिवपूजनर मीष्ठान्न खाना मिलोस्, साधु-सन्तसँग सदा सत्संग होस्– यी सबै मिले गृहस्थाश्रम धन्य हुनेछ ।

चारै आश्रम विराट पुरुषका चार अंगबाट उत्पन्न भएका हुन् । *भागवत* अनुसार गृहस्थाश्रम जाङबाट (उरूस्थल), हृदयबाट ब्रह्मचर्याश्रम, वक्षःस्थलबाट वानप्रस्थ र मस्तिष्कबाट संन्यास आश्रम उत्पन्न भएका छन्–

गृहाश्रमो जघनतो ब्रह्मचर्यं हृदो मम ।
वक्षःस्थानाद् वने वासो न्यासः शीर्षणि संस्थितः ॥

(११।१७।१४)

*भागवत*मा भगवान्ले उद्धवलाई वर्ण र आश्रम धर्मका सम्बन्धमा उपदेश दिने क्रममा गृहस्थ-धर्मका बारेमा निर्देशन गर्नु भएको छ- गृहस्थले वेदाध्ययन रूप ब्रह्मयज्ञ, तर्पणरूप पितृयज्ञ, हवनरूप देवयज्ञ, काकबलि आदि भूतयज्ञ र अन्नदानरूप अतिथियज्ञ आदिद्वारा मेरा स्वरूपभूत ऋषि, देवता, पितृ, मनुष्य एवं अन्य समस्त प्राणीहरूको प्रतिदिन पूजा गर्नुपर्छ *(ऐजन अध्यायको ५० औं श्लोक)* ।

उहाँ भन्नुहुन्छ- गृहस्थ पुरुष कुटुंम्बमा आसक्त नहोस् । कुटुम्ब ठूलो भए पनि भजन-कीर्तन गर्दैरहोस् । यस लोकका सबै वस्तुहरू नाशवान् छन्, त्यस्तै स्वर्गादि परलोकका भोग पनि नाशवान् छन् भन्ने कुरा जसले बुझ्यो ऊ बुद्धिमान् हो *(ऐजन ५२औं श्लोक)* ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पँधेरामा पानी भर्न भेला भएका नरनारीहरूको भेट झैं असंग रूपमा गृहस्थ रहून् र पारिवारिक सम्बन्ध स्वप्नवत् मानून् भन्ने श्रीकृष्णको भनाइ छ ।

पुत्रदाराप्तबन्धूनां संगमः पान्थसंगमः ।
अनुदेहं वियन्त्येते स्वप्नोनिद्रानुगो यथा ॥

(ऐजन ५३औं श्लोक)

गृहस्थ गेह र देहको आसक्ति एवं अहंकारबाट बच्नुपर्छ, फस्नु हुन्न । भगवान्को भक्ति गर्दै गृहमा रहनुपर्छ । पुत्र जन्मेपछि वानप्रस्थ या संन्यास आश्रममा प्रवेश गर्नुपर्छ, एषणा त्रयबाट मुक्त हुनुपर्छ भन्ने विचार व्यक्त गर्दै यस्तो अनासक्ति, असंगता देखाउन नसक्ने घोर नरकमा पर्छ भनिएको छ ।

*भागवत*मा कपिलदेव *(हेर्नू कपिल)* आफ्नी आमा देवहूतीलाई गृहस्थाश्रम धर्म बारे बताउँछन्- हामीले द्रव्य र स्त्री (मायाको जड र चेतन रूप)लाई छाड्ने कुरा गृहस्थाश्रमका लागि भनेको होइन । जो गृहस्थ आश्रम छाडेर परमेश्वरको नाममा साधु, वैरागी वा संन्यासी भएर वन या तीर्थमा रहेर आफ्नो जीवन परमेश्वरको स्मरण र ध्यानमा बिताउँछन् ती मानिसहरूले द्रव्य एवं स्त्रीको संगति गर्नु हुन्न । गृहस्थाश्रममा रहेर परमेश्वरको भजन गरेर भवसागर पार जान चाहने व्यक्तिले आफ्नी स्त्रीसँग (पत्नी रूपवती होस् या कुरूपा) प्रीति गर्दै अरू नारीसँग प्रसंग नगरोस् । धेरै-थोरै जति धन परमेश्वरले उसलाई दिन्छन् त्यतिबाटै आफ्नो परिवारको पालन गरोस् । पापको धनमा इच्छा नराखोस् । गृहस्थले नित्य देवकर्म, पितृकर्म, भगवान् नारायण(ठाकुरजी)को पूजा, सेवा गरेर उनलाई भोग लगाएर भोजन गरोस् । परमेश्वरको कथा सुनेर त्यसैमा मन लगाइरहोस् । गृहस्थले यथाशक्ति साधु, सन्त, वैरागी र ब्राह्मणलाई भोजन एवं वस्त्र देओस् । यज्ञ, दान, तप, व्रत जुन कर्म ऊ गर्छ तिनलाई परमेश्वर प्रति अर्पण गर्नु पर्छ । परिवारका मानिसहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसले खुट्टाको जन्जिर संझेर, आफैँ फुत्कन सक्तिन म, तर यस जालबाट भगवान् नारायणले नै मुक्त गराइदिनु हुन्छ भन्ने विश्वास गरोस्। गृहस्थले मन विरक्त बनाओस्।

*महाभारत*मा गृहस्थाश्रमलाई महान् बताइएको छ। यसको कारण के हो भने गृहस्थाश्रम नै तीनै आश्रमको आधार हो। मनुष्यले ब्रह्मचर्यमा रहेर, गुरुको आश्रयमा बसेर विद्या सिकेपछि जीवनको दोश्रो चरणमा गृहस्थी जीवन बिताउँछ। गृहस्थीले जीवन कसरी बिताउने भन्ने बारेमा शास्त्रले मार्ग निर्देशन गरेको पाइन्छ। *भागवत*को सप्तम स्कन्ध चौधौं र पन्ध्रौं अध्यायमा गृहस्थीको आचारसंहिता बताइएको छ। नारद भन्छन्- गृहस्थीले सम्पूर्ण कुराहरू हरिमा अर्पण गरेर स्त्री, घर, धनमा रतिभर लिप्त नभै जीवन बिताओस्। पेट भर्न जति धन चाहिन्छ त्यति राखोस्, धेरै संग्रह नगरोस्, नत्र त्यो चोर बन्छ। पञ्चयज्ञ, श्राद्ध, ब्राह्मणको पूजा गरोस्। दुःखीलाई अन्नदान गरोस्। हरिको नाम जप्दै काम, क्रोध आदि डाँकाहरू उपर विजय प्राप्त गरोस्।

गोकर्ण : *भागवत माहात्म्य*मा गोकर्णोपाख्यान वर्णित छ (चतुर्थ अध्यायमा)। सो कथा अनुसार प्राचीन कालमा तुङ्गभद्रा नदीको किनारामा रहेको नगरका निवासी वेद पढेका आत्मदेव नाउँका ब्राह्मण र धुन्धुली नाउँकी पत्नीको सन्तान नभएपछि सन्तानहीन भै चिन्ताग्रस्त आत्मदेवले एक संन्यासीको कृपा प्राप्त गरी सन्तान जन्माउने फल लिएर आए। उनले सो फल पत्नीलाई खान दिए। तर अटेरी, झगडालु एवं भोगविलासमै रमाउने स्वभावकी धुन्धुलीले गर्भ रहेकी बहिनीसँग सरसल्लाह गरी। दुईले मिलेर बहिनीबाट जन्मेको सन्तानलाई आफैंले जन्माएको बहाना गर्ने र गर्भ रहने फल चाहिं घरमा पालेको गाईलाई खुवाउने गोप्य कार्य गरे। समय पुगेपछि बहिनीले जन्माएको पुत्रलाई पेट बोकेको नक्कल गर्ने दिदी चाहिंले प्राप्त गरी। बहिनीले चाहि केही महिना पछि आफ्नो सन्तान मरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झुठो कुरा फिंजाई । अनि दिदीको घरमा आएर बालकको स्याहारसुसार गर्न थाली । यसरी धुन्धकारी हुर्क्यो । धुन्कारीको जन्म भएको तीन महिनापछि 'गर्भ रहने फल' खाने गाईको पेटबाट सर्वाङ्गसुन्दर, दिव्य र निर्मल बालकको जन्मभयो । गाईको जस्तो कान लिएर जन्मेकोले उसको नाम आत्मदेवले गोकर्ण राखे । गोकर्ण पढ्न-लेखन मन दिने, साधु स्वभावका भएकाले पछि शास्त्रका ज्ञाता पण्डित भए । तर धुन्धकारी दुष्ट स्वभावको, अटेरी, क्रोधी भयो । वेश्याहरूको फन्दामा परेर उसले बाबुले कमाएको धनसम्पत्ति सक्यो । धुन्धकारीको कारणले दु:खी भै छाती पिटीपिटी रोइरहेका आत्मदेवलाई गोकर्णले संझाए- संसार असार छ । यसमा दु:खैदु:ख भरिएको छ । भोगमा सुख छैन त्यसैले इन्द्रलाई पनि सुख मिलेको छैन । चक्रवर्ती राजा पनि सुखी छैनन् । सुख त विरक्त, एकान्तमा रहने मुनिलाई मात्र मिल्दछ-

न चेन्द्रस्य सुखं किंचिन्न सुखं चक्रवर्तिनः ।
सुखमस्ति विरक्तस्य मुनेरेकान्त जीविनः ॥°

गोकर्णले आफ्ना पितालाई जंगलमा गएर भगवान्‌को भक्तिमा चित्तवृत्ति लीन गर्न, देहाध्यास र घरपरिवारको ममता त्याग्न सल्लाह दिए । गोकर्णको सल्लाह अनुसार गृहत्याग गरेर भगवद्‌चिन्तन गर्दै आत्मदेवले अन्त्यमा भगवान् स्मरणका साथ देहत्याग गरे । बाबुले देहत्याग गरेपछि धुन्धकारीले आमालाई 'सम्पत्ति देउ' भनेर दु:ख दिन थाल्यो । एक रात घरबाट निस्केर जाँदा उनी कुवामा खसी मरिन् । पिता, माता दुवै नरहेपछि गोकर्ण तीर्थयात्रामा गए । धुन्धकारी घरमा एक्लो भयो र उसको भ्रष्टता चरम सीमामा पुग्यो । उसले पाँच बेश्याहरूलाई घरमा हुल्यो । उनीहरूको फुर्माइस पूरा गर्न उसले चोरी गर्न थाल्यो । एकपटक उसले धेरै धन चोरेर घर आयो । धुन्धकारीले वेश्याहरूलाई गहनागुरिया, सुन्दर वस्त्रादि दियो ।

° *ऐजन माहात्म्य ४।७५*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चोरीको धन-सम्पत्ति पाएर बेश्याहरू डराउन थाले । धुन्धकारी पक्राउ पर्दा आफूहरू पनि झ्यालखानामा पर्ने डरले उनीहरूले सुतेको बेलामा उसको गलामा पासो लगाएर मार्न खोजे । त्यसरी नमर्दा बलेको अगुल्टोले मुखमा पोलेर मारेपछि बेश्याहरू सम्पत्ति लिएर भागे । भाग्नु अघि खाडल खनेर लाशलाई पुरपार पारे ।

तीर्थ-यात्राकै क्रममा गोकर्णले भाइको दुःखद अन्त्य भएको सुनेर गयाजीमा श्राद्ध गरे । अन्यत्र तीर्थमा पनि भाइको सद्गतिका लागि श्राद्ध गर्दै रहे । तीर्थाटनबाट घर फर्केर कोठामा सुत्दा धुन्धकारीको प्रेतले तर्सायो । उनी डराएनन् । वाणीहीन प्रेतलाई मन्त्र-जल छर्केपछि ऊ बोल्न सक्ने भयो । उसले आफ्नो ब्राह्मणत्व नष्ट भएको, कुकर्मले गर्दा कुलटाहरूले मारेर गाडेको सबै वृतान्त बतायो । त्यसले प्रेत योनिमा दुःख पाइरहेको छु, मुक्ति दिनोस् भनेर पार्थना गऱ्यो ।

भोलिपल्ट गोकर्णले वैदिक ब्राह्मणहरू, पण्डितजन सबैसँग सरसल्लाह गरेपछि सूर्य भगवान्को आज्ञा अनुसार गर्ने निर्णय भयो । त्यसपछि एक दिन गोकर्णले आफ्नो तपोवलले सूर्यको गति रोकिदिए र स्तुति गर्दै 'भाइको मुक्तिको उपाय बताइदिनोस्' भने । सूर्यले टाडैबाट '*भागवत* नै मुक्तिदायिनी विद्या हो । *भागवत* सप्ताह पारायण गराऊ' भनेर मार्ग दर्शन गरे । त्यस पछि गोकर्णले व्यासासनमा बसेर *भागवत* कथा वाचन गरे । कथा सुन्न मानिसहरूको ठूलो जमात आयो । धुन्धकारीको प्रेत सात आँख्ले बाँस भित्र बस्यो । *भागवत* वाचन भइरहँदा प्रति दिन बाँसको एक एक आँख्ला फुटेको सुनियो । सातौं दिनमा प्रेत-योनिबाट मुक्त भएको भाइ दिव्य रूप धारण गरी त्यहाँ प्रकट भयो । उसले *भागवत* कथाको महिमा बताउँदै गोकर्ण प्रति कृतज्ञता प्रकट गऱ्यो । उसलाई वैकुण्ठ लैजान लागेका विष्णुका पार्षद गणका सामु गोकर्णले सोधे- अरु श्रोतागण किन मुक्त भएनन् र प्रेत मात्र किन मुक्त भयो ?

हरिका दासहरूले त्यसको रहस्य यसरी बताए-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अदृढं च हतं ज्ञानं प्रमादेन हतं श्रुतम् ।
संदिग्धो हि हतो मन्त्रो व्यग्रचित्तो हतो जपः ॥
(५।७३)

जुन ज्ञान दृढ हुँदैन त्यो व्यर्थ जान्छ । प्रमादले गर्दा श्रवण निष्फल हुन्छ । शंका गर्दै जपिएको मन्त्र र व्यग्रचित्तले गरिएको जप-ध्यान व्यर्थ हुन्छ । उनीहरूले प्रेतले सात दिनसम्म निराहार रहेर श्रवण गरेको र सुनेको ज्ञानमा मनन, निदिध्यासन गरेकोले उसले मुक्ति पाएको जनाए ।

गोकर्णेश्वर : शैवतीर्थ । गोकर्णेश्वर या गोकर्णनाथ शिवजीको नाम हो । भारतको कर्नाटक प्रदेशमा र नेपालमा काठमाडौंदेखि १० कि.मि. उत्तरपूर्वमा गोकर्णेश्वरको मन्दिर रहेका छन् । उत्तर प्रदेशमा गोला गोकर्णनाथ तीर्थ रहेको छ । *भागवत*मा गोकर्णको उल्लेख पाइन्छ-

'गोकर्णाख्यं शिवक्षेत्रं सान्निध्यं यत्र धूर्जटेः ।'

नेपालको गोकर्णेश्वरको महिमा *हिमवत् खण्ड*को नेपाल माहात्म्यका साथै स्वस्थानी माहात्म्यमा पनि पाइन्छ । शिवजीलाई वनविहार गर्न मन लागेर सुनको एक सिंगे मृग रूप लिई श्लेष्मान्तक वनमा डुलिरहेको बखतमा शिवको खोजी गर्दै आएका ब्रह्मा, विष्णु, इन्द्रादिलाई गौरीघाटमा तपस्यारत पार्वतीले आफ्ना पति मृग बनेर वनमा घुमिरहेको जानकारी दिनुभयो । ती देवताहरूले घेरा हालेर मृगलाई समात्न खोज्दा सिंग भाँचिएर तीन जनाको हातमा एक एक टुक्रा रह्यो । इन्द्रको हातको टुक्रा स्वर्ग गयो, विष्णुको हातको पाताल र ब्रह्माको हातको चाहिं 'गोकर्ण क्षेत्रमा स्थापना गर्नू' भन्ने आदेश भै सोही अनुसार कार्य भयो । गोकर्ण क्षेत्रमा भाद्र कृष्ण अमावस्याका दिन स्थापना गरिएकोले यस स्थानमा पितृहरूले पिण्डदान गर्ने चलन चलेको बताइन्छ । गोकर्णेश्वरको तीन तले कलात्मक मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिच्छवीकालीन भएको अनुमान गरिएको छ ।

गोपथब्राह्मण : अर्थवेदसँग सम्बन्धित एक ब्राह्मण ग्रन्थ । यो 'वैतानसूत्र'मा आधारित छ । यस ब्राह्मणको मुख्य सम्बन्ध ब्रह्मविद्यासँग छ । यस ग्रन्थमा दुई काण्डमा गरी ११ अध्यायहरू छन् ।

गोपाल : श्रीकृष्णको नाम । **गां भूमिं पशुभेदं वा पालयति ।** व्युत्पत्ति अनुसार भूमिपालक या पशु(गाई)पालक गोपाल हुनुहुन्छ । मथुरामा गोपदेवता, गोपालकृष्ण या कृष्णगोपालको नामले पनि उहाँ जगत् प्रसिद्ध हुनुहुन्छ । गोपाल भनौं या गोविन्द *(हेर्नू गोविन्द)* श्रीकृष्णकै नाम हुन् । अर्को व्युत्पत्ति अनुसार– गो+पाल्+कर्मण्यम् इत्यण ।

वज्रमण्डलमा बस्ने गोपहरूलाई पनि गोपाल भनिन्छ जो वैकुण्ठवासी देवताहरू थिए । विष्णुको कृष्ण अवतारका समयमा उनीहरूले गोपाल (गोपी) रूप लिए

गोपाला मुनयः सर्वे वैकुण्ठानन्दमूर्तयः ।

(पदमपुराण)

भगवान् श्रीकृष्णको गोपाल नामको महिमा के छ भने 'राम', 'कृष्ण', 'शिव' नाम-जप झैं 'गोपाल' नाम-जप पनि उत्तिकै फलदायक छ । गोपाल नाम विष्णु, कृष्णसँग जोडिएर आउनु स्वभाविकै हो । तर यो नाम शिवसँग पनि जोडिएको पाइन्छ । विष्णुगोपाल, कृष्णगोपाल, शिवगोपाल । हरि र हरमा अद्वैत भाव राख्नु पर्ने शास्त्रीय निर्देशनलाई शिवगोपाल शब्दले संकेत गरेको छ ।

गोपाल नाममा दुई उपनिषद् पनि पाइन्छ जुन *गोपालपूर्वतापनीयोपनिषद्* र *गोपालोत्तरतापनीयोपनिषद्* कहलाउँछन् । अथर्ववेदीय उपनिषद् द्वय मध्ये पहिलोमा श्रीकृष्णको परब्रह्मत्व, उहाँको ध्यानयोग्यरूप तथा अष्टादशाक्षर मन्त्र, गोपाल-यन्त्र निर्माणविधि, गोपाल मन्त्र-जपको महिमा र त्यसबाट गोलेकधाम प्राप्तिको वर्णन गरिएको छ *(हेर्नू यसै विश्वकोश)* । दोश्रो उपनिषद्मा राधा आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपिनीहरूसँग दुर्वासा ऋषिको सम्वाद, दुर्वासाद्वारा श्रीकृष्णको स्वरूपको वर्णन पाइन्छ ।

दुर्वासासँग गोपिनीहरूको संवाद प्रसंग अति रोचक छ । श्रीकृष्णसँगको मिलन पछि व्रजका गोप सुन्दरीहरूले गोपालसँग सोधे-श्यामसुन्दर ! अभिष्ट सिद्धिका लागि कुन ब्राह्मणलाई भोजन गराउनु पर्छ ? गोपालले दुर्वासाको नाम लिनुभयो । गोपिनीहरूले फेरि प्रश्न गरे- दुर्वासाको आश्रम यमुना पारि छ । यमुनामा बाढी आएको छ, डुङ्गा पनि छैन । कसरी पार जाने ?

भगवान्ले उपाय सिकाउनु भयो- नदीतटमा गएर भन्नू- श्रीकृष्ण नाउँबाट प्रसिद्ध हाम्रा श्यामसुन्दर पूर्ण ब्रह्मचारी हुन् भने यमुनाजी बाटो दिनोस् ! यस्तो अनुरोध गर्दा तिमीहरूले बाटो पाउनेछौ । म त्यो पुरुष हुँ जसको स्मरण मात्रबाट व्रतहीन पनि व्रतधारी बन्नेछ । म नै त्यो पुरुष हुँ जसको स्मरण गर्दा वेदको ज्ञानहीन व्यक्ति पनि वेदज्ञ हुनेछ ।

राधा लगायत गोपिनीहरूलाई सूर्यकन्या यमुनाजीले बाटो दिइन् र उनीहरूले पारी गएर दुध र घीऊद्वारा बनाइएका खाद्य परिकारहरू ऋषिलाई खुवाए । शिवको अंशस्वरूप दुर्वासाले प्रसन्न हुँदै आशीर्वाद दिए र घर फर्केर जाओ भन्ने आज्ञा गरे । वज्रकन्याहरूले सोधे- यमुनाजी कसरी तर्ने ? ऋषिले उपाय बताए- नदीतटमा गएर भन्नू- दुर्वासा दुवो मात्र खान्छन् भने हामीलाई मार्ग दिनुहोस् । तिमीहरूले सजिलैसँग पार तर्ने बाटो पाउनेछौ ।

गोप सुन्दरीहरूमा गुण र स्वभावको दृष्टिले सबभन्दा श्रेष्ठ राधा थिइन् । उनले संगिनीहरूसँग विचार-विमर्श गरी दुर्वासासँग जिज्ञासा समाधान गर्न प्रश्न सोधिन्- हे महर्षि ! हामीसँग नित्य विहार गर्ने श्यामसुन्दर (गोपाल) कसरी ब्रह्मचारी भए ? अनि अहिले भर्खर यत्तिका मिष्ठान्न, पक्वान्न भोजन गर्ने तपाईंले कसरी 'म दुवो मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोजन गर्ने हुँ' भन्नुभयो ?

दुर्वासाले उनीहरूको जिज्ञासा समाधान गर्दै भने- म विशुद्ध आत्मा हुँ । अतः म भोक्ता कसरी बन्न सक्छु ? ...त्यसैगरी तिमीहरूका प्रियतम गोपाल व्यष्टि र समष्टिका स्थूल र सूक्ष्म दुवै शरीरका कारण हुन् । सधैं एकैसाथ रहने दुई पक्षी झैं जीवात्मा र परमात्मा एक अर्काका नित्य सहचर हुन् । तिनमा परमात्माको अंशभूत इतर जीव जुन छ त्यो नै भोक्ता हुन्छ । अर्को कुरा, जीवदेखि भिन्न साक्षात् परमात्मा(श्रीकृष्ण)साक्षी मात्र हुन् । वृक्ष झैं नाशवान् शरीरमा यी दुई रहन्छन् । ती मध्ये एक भोक्ता छ र अर्को अभोक्ता । जीवात्मा भोक्ता हो र परमात्मा अभोक्ता । जो विद्या र अविद्या दुवैदेखि विलक्षण छन् र जो विद्यामय छन् ती कृष्ण कसरी विषयी हुन सक्छन् र ?

*गोपालपूर्वतापनीयोपनिषद्*मा श्रीकृष्णलाई नित्यमा नित्य, चेतनमा परम चेतन र सबैको मनोकामना पूरा गर्ने भन्ने वर्णन गर्दै *(मन्त्र-२० मा)* उहाँ बाहेक अरू कुनै कुराको पनि चाहना नराखे, साधकका लागि गोपालस्वरूप श्रीकृष्णले आफ्नो स्वरूप एवं आफ्नो परम शाश्वत धामलाई प्रयत्नपूर्वक प्रकट गरिदिनु हुन्छ भनिएको छ । *(मन्त्र-२१)*■

श्रीकृष्ण, गोविन्द, गोपाल, श्यामसुन्दर, गोपीजनवल्लभ, नन्दलाल- भगवान्का यी प्रसिद्ध नामहरू हुन् । एक कवि प्रभुको प्यारो नाम गोपाल हो भन्दै भजन गाउँछन्-

श्रीराधे गोविन्द मन भजले
प्रभुका प्यारा नाम है
गोपाल प्रभुका प्यारा नाम है
नन्दलाल प्रभुका प्यारा नाम है ।

■ *अनु. राधारमण उपाध्याय-ऐजन उप. समुदय पूर्णाङ्क-३७*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपालनिधि तिवारी : वेदान्त चिन्तक एवं लेखक। वि.सं. १९७७ चैत्रमा काठमाडौं कमलपोखरीमा जन्मेका गोपालनिधिले बनारस संस्कृत विश्वविद्यालयबाट वेदान्त-दर्शनमा आचार्य र अंग्रेजीमा एम.ए. उपाधि हासिल गरेका थिए।

शुरुमा संस्कृत र नेपाली भाषाको उत्थानमा सक्रिय रहँदै प्राध्यापन पेशा अंगालेका गोपालनिधिले वेदान्त विषयक लेखन र प्रवचनमा बाँकी जीवन बिताए। उनका प्रकाशित वेदान्त विषयक पुस्तक हुन्-*आत्मस्वरूप* (कविता सङ्ग्रह-२००६), *योगवाशिष्ठ दर्शन* (२०१४), *आद्यजगद्गुरु शंकराचार्य* (२०४५), *वेदान्त-दर्शन प्रवेशिका* आदि। उनले *भगवद्चन्द्रिका*(काजी पुष्पराज कृत)लाई संस्कृतबाट नेपालीमा र अंग्रेजीमा अनुवाद (२०३३) समेत गरेको पाइन्छ।

प्रस्थानत्रयीका भाष्यकार, वेदान्ती कवि आद्य जगद्गुरु शंकराचार्यका बारेमा खोजपूर्ण जीवनीको पुस्तक प्रकाशित गरी स्वयं वेदान्ती गोपालनिधिले यस क्षेत्रमा योगदान गरेका छन्। वि.सं. २०५७ श्रावणमा पक्षघातबाट पीडित गोपालनिधिको निधन भयो।

विद्वद्वर तिवारीका दृष्टिमा वैदिक सनातन धर्मको सुरक्षा जगद्गुरु श्रीकृष्णचन्द्रबाट भएदेखि यता कलियुगमा वेदको शुद्ध रूपमा मर्यादा स्थापना गर्ने साक्षात् शंकरावतार शंकराचार्य नै भए। श्रीकृष्णले कर्मयोग, भक्तियोग, उपासना र ज्ञानयोगको मर्म जसरी सम्झाउनुभयो, त्यसरी नै शंकराचार्यले यस युगमा वैदिक सनातन धर्मको पुनरुत्थान गर्नुभयो। शिव, विष्णु, सूर्य, दुर्गा, गणेश र स्कन्दको वैदिक उपासनाको उद्धार गर्नु भएको हुनाले शंकराचार्यलाई षड्मत स्थापनाचार्य पनि भनिन्छ। शंकराचार्यद्वारा रचित स्तुतिपद्यहरू आज पनि गुञ्जित छन्। श्रुति, स्मृति, पुराण आदि शास्त्रहरूका ज्ञानका खानी, दर्शन-शिरोमणि श्रीशंकराचार्यलाई विशेष गरेर लोकको परम कल्याण गर्ने ज्ञानमूर्ति मानिएको छ। *उपनिषद्, गीता* र *ब्रह्मसूत्र* वेदान्तका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारग्रन्थ हुन् । यस्ता ग्रन्थलाई व्याख्या गरेर श्रीशंकराचार्यले अलौकिक कार्य गर्नुभएको छ । पाश्चात्य वैज्ञानिकहरू पनि यस्ता भाष्य पढेर अचम्म मान्छन् । यस्ता शंकराचार्यबारे खोजपूर्ण जीवनी तयार पारेर तिवारीले ठूलो काम गर्नु भएको छ । *(घटराज भट्टराई- गोपालनिधि तिवारीको सम्मान-कान्तिपुर कोसेली २०५५ मंसीर १२)*

गोपालपूर्वतापनीय उपनिषद् : *अथर्ववेद* अन्तर्गतको उपनिषद् । यसमा श्रीकृष्ण, गोपाल या गोविन्दको ब्रह्मत्त्वको निरूपण गरिएको पाइन्छ । कृष्णोपासक वैष्णवहरूको यही विश्वस्त र प्रामाणिक उपनिषद् हो ।* यस उपनिषद्लाई *गोपालतापनीय* पनि भनिन्छ ।

यसमा 'कृष्ण' शब्दको व्युत्पत्ति यसरी बताइएको छ- कृष्-सत्ता, न -आनन्द । 'कृष्ण' नामबाट सच्चिदानन्द परब्रह्म श्रीकृष्णको बोध हुन्छ । श्रीकृष्ण वेदान्तद्वारा जानिने, बुद्धिका साक्षी, जगद्गुरु एवं अनायास सबै कर्म गर्ने परमात्मा हुनुहुन्छ–

ॐ सच्चिदानन्दरूपाय कृष्णायाक्लिष्ट कर्मणे ।
नमो वेदान्तवेद्याय गुरवे बुद्धिसाक्षिणे ॥१॥

उपासना र ज्ञानपरक यो उपनिषद्को थालनीमा ब्रह्माजीबाट मुनिहरूलाई कृष्ण, गोविन्द, गोपीजन बल्लभ (गोपाल) बारे उपदेश हुन्छ । शुरुमा मुनिहरूले यसरी जिज्ञासा राखे- परम देव को हो ? कोदेखि मृत्यु डराउँछ ? कसलाई जान्दा सबै थोक जानिन्छ ? कसरी यस विश्वमा जन्ममरणको चक्रमा फसिन्छ ? ब्रह्माजीले उनीहरूको प्रश्नको उत्तर दिनुभयो- **कृष्णो वै परमं दैवतम्, गोविन्दान्मृत्यु बिभेति, गोपीजनवल्लभज्ञानेनैतद्विज्ञातं भवति, स्वाहेदं विश्वं संसरतीति** *(मन्त्र-३)* ।

अर्थात् श्रीकृष्ण नै परम श्रेष्ठ देवता हुनुहुन्छ । गोविन्ददेखि मृत्यु डराउँछ । गोपीजनवल्लभको तत्त्वबोध हुँदा अरू केही जान्न बाँकी

* *डा. रा. पाण्डेय-हि. धर्मकोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहँदैन अनि स्वाहा(मायाशक्ति)बाट प्रेरित भएर जीव र जगत् जन्ममृत्युको चक्रमा घुमिरहन्छ ।

त्यसपछि मुनिहरूले अरू जिज्ञासा गरे- कृष्ण को हुनुहुन्छ ? गोविन्द, गोपीजनवल्लभ को को हुनुहुन्छ ? (उहाँहरूको महिमा के हो ?) अनि स्वाहाको अर्थ के हो ? ब्रह्माजीले बताउनु भयो- पापलाई अपकर्षण (हरण) गर्ने श्रीकृष्ण हुनुहुन्छ । गाई, भूमि र वेदवाणीका ज्ञातालाई गोविन्द भनिन्छ । गोपीजनको अविद्या कलाका निवारक हुनुहुन्छ । आफ्नै अन्तरङ्गा शक्तिरूपा व्रजनारीहरूमा सर्वतः समस्त विद्या एवं चौसठ्ठी कलाको ज्ञान भर्ने भएकाले उही परमात्मालाई गोपीजनवल्लभ भनिएको हो र उहाँकै माया शक्ति 'स्वाहा' हुन् । यी सबै कुराको अधिष्ठान उहाँ परब्रह्म नै हुनुहुन्छ । यी कुरा बुझेर उहाँको ध्यान गर्ने, जपद्वारा उहाँको नामामृतको रसास्वादन गर्ने र उपासना गर्ने उपासक अमृतस्वरूप नै हुन्छ । *(मन्त्र-५)*

गोपीगीत : *श्रीमद्भागवत*को दशमस्कन्ध ३१औं अध्यायमा गोपिनीहरूले श्रीकृष्णको विरहको आवेशमा गाएको गीत । *भागवत*मा अन्य गीतहरू पनि प्रसिद्ध छन्- *वेणुगीत, युगलगीत, भ्रमरगीत* । दशमस्कन्धको पूर्वार्धमा रहेका यी गीतहरूमा *गोपीगीत* या *गोपिका गीत* सबभन्दा प्रसिद्ध छ । यो रासक्रिडा प्रसंग अन्तर्गत पर्छ । त्यस बेला गोपिनीहरूको आत्मा कृष्णमय भएको थियो । कृष्णकै लीला र गुणहरूको गानमा उनीहरू तन्मय भएका थिए । उनीहरूले शरीरको अवस्थालाई समेत भुलेर यमुना नदीको किनारमा आएर कृष्णको गुणगान गर्न थाले–

जयति तेऽधिकं जन्मना व्रजः
श्रयत इन्दिरा शश्वदत्र हि ।
दयित दृश्यतां दिक्षु तावका-
स्त्वयि धृतासवस्त्वां विचिन्वते ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छायानुवाद- अधिक शोभियो जन्मले व्रज
भजन गर्दछिन् इन्दिरा अझ
प्रिय ! नियालिद्यौ चौदिशातिर
प्रभु भनी भनी खोज्न तत्पर ।

शरदुदाशये साधुजात सत्-
सरसिजोदरश्रीमुषा दृशा ।
सुरतनाथ तेऽशुल्कदासिका
वरद निघ्नतो नेह किं वधः ॥२॥

छायानुवाद- शरद तालका पद्मपत्रले
सरह शोभिने नेत्र मात्रले
रसिक ! हेरिद्यौ नत्र मर्दछौं
अझ अवेतनी दासतुल्य छौं ।

विषजलाप्ययाद् व्यालराक्षसाद्
वर्षमारुताद् वैद्युतानलात् ।
वृषमयात्मजाद् विश्वतोभया-
दृषभ ते वयं रक्षिता मुहुः ॥३॥

छायानुवाद- जहरिलो नदी, सर्प, राक्षस
कति हुरी-झरी, दाव-पावक
वृषभ दैत्यका त्रास आउँदा
ऋषभ ! नाथले जोगियौं सदा ।

न खलु गोपिकानन्दनो भवा-
नखिलदेहिनामन्तरात्मदृक् ।
विखनसार्थितो विश्वगुप्तये
सख उदेयिवान् सात्वतां कुले ॥४॥

छायानुवाद- हुन त गोपिका पुत्र हौ तिमी
सकल जीवका भित्र छौ तिमी
विधि पुकारले सृष्टि साँच्नमा
उदित छौ तिमी वृष्णि-वंशमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपीगीत जम्मा १९ श्लोकको छ। यहाँ प्रस्तुत ४ श्लोकका छायानुवाद कवि भरतराज पन्तद्वारा गरिएको हो।🏆 भानुभक्तभन्दा पुराना कवि इन्दिरसले समच्छन्दमा *गोपीगीत*को अनुवाद गर्ने परम्परा शुरु गरेका हुन्। त्यसपछि अनेकौं अनुवाद प्रकाशित भएका छन्।

गोपिनीहरूले भगवान्लाई संयोगमा अभिमानले गर्दा यशोदाका पुत्र, नन्दबाबाका नन्दन र आफूहरूका प्रेमी मात्र ठानेका थिए तर श्रीकृष्ण अलप भै दिंदा विरहव्यथामा तड्पेर तत्त्वबोध गरे–

न खलु गोपिकानन्दनो भवान्
अखिल देहिनामन्तरात्मदृक्।

अर्थात्– तपाईं खालि गोपिकानन्दन मात्र होइन समस्त शरीरधारीका हृदयवासी अन्तर्यामी एवं द्रष्टा पो हुनुहुँदो रहेछ !

गोरक्षा : हाम्रो मुलुकको धर्म र संस्कृतिमा गोसेवा, गोरक्षाको ठूलो महिमा बताइएको छ। गाईलाई माता भनिएको छ। **गावो विश्वस्य माताः।** गाई मेरा अगाडि, पछाडि रहून्, गाई हृदयमा बसून्, म गाईकै बीचमा रहूँ भन्दै गोधनको महिमा गाइएको पाइन्छ-

गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः।
गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम्॥

गौमाताको प्रसाद रूप पञ्चगव्य■ बिना सनातन धर्मावलम्बीहरूको धर्मकृत्य पूर्ण हुँदैन। त्यसैले प्राचीन कालमा गौशाला, गौचरण निर्माणमा जोड दिइन्थ्यो। वेद, *ब्रह्माण्डमहापुराण, स्कन्धपुराण, पद्मपुराण, भविष्यपुराण* आदिमा गाईलाई पवित्र देवी एवं गाईका अङ्ग-प्रत्यङ्गमा देवदेवीको बास भएको बताइएको छ।

आमाको दुध पछि गाईको दुध नै उत्तम पेय एवं शक्तिवर्धक मानिएको छ। छाला प्रयोगका विरोधी स्वामी रामसुखदासको भनाइ छ–

🏆 *समुदयः पूर्णाङ्क-७ बाट*

■ *गाईको दुध, दही, घीऊ, गोबर र गोमूत्र*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशुहरूमा सर्वोत्तम गाईलाई नै मानिएको छ । गोबर र गउँतबाट पवित्रता आउँदा रोगहरूको विनाश हुन्छ । गाईले पृथ्वीलाई पुष्ट्याँइ दिन्छिन् र पृथ्वीले गाईलाई पुष्ट्याइँ प्रदान गर्छिन् । यी दुवैको पुष्ट्याँइबाट सारा मानव जातिको प्रतिपालन हुन्छ, तिनका शरीरहरूको निर्वाह हुन्छ । निष्काम भावले गाईको सेवा-सुश्रूषा गर्दा मुक्ति पाइन्छ ।

गोधन नै सर्वोत्तम धन मानिएको छ । गाई स्वर्गको सोपान हुन्, स्वर्गमा पनि गाईको पूजा हुन्छ । गोदान गर्ने दाता सूर्यलोकमा गएर आनन्दसँग निवास गर्छन् *(मनुस्मृति ४।२२१)* । *महाभारत*मा गाईलाई यज्ञको मूल आधार बताइएको छ । आयुर्वेदमा गोमूत्रको उपयोगिता बताइएको छ । धर्मशास्त्रले बताए अनुसार कार्य गर्नाले पापको नाश हुन्छ । त्यस्तै गोमूत्र-सेवनबाट शरीर शुद्ध भै कायाकल्प हुन्छ- **गोमूत्रं कायकल्पकृत्** ।

श्रीकृष्णको नामै गोपाल *(हेर्नू गोपाल)* रह्यो – गाईहरूको पालनपोषण गर्नु भएकोले । स्वयं भगवान्ले गोठाला बनमा गर्व गर्नु भयो । उहाँको तस्बीरमा गाईको चित्र देख्न पाउँछौ हामी । प्राचीन कालमा राजा दिलिप, जमदग्नि ऋषि, वशिष्ठ, याज्ञवल्क्यले गाई पालेका थिए । याज्ञवल्क्यले त वेदान्त विषयमा शास्त्रार्थ गरेर जनक राजाका गाईहरू पुरस्कार स्वरूप प्राप्त गर्नमा गौरव अनुभव गरे । यस विषयको चर्चा हामी *वृहदारण्यक उपनिषद्* तृतीय अध्याय, प्रथम ब्राह्मणमा पाउँछौ । राजा जनकले सर्वश्रेष्ठ ब्रह्मवेत्तालाई एक हजार गाई दान गर्ने घोषणा गरेथे । याज्ञवल्क्यलाई यति आत्मविश्वास थियो कि उनले आफ्ना शिष्यहरूलाई शास्त्रार्थ अगाडि नै गाईहरू फुकाएर लैजान आदेश दिए । यस्तै ब्रह्मविद्याको उपदेश गर्नका लागि आएका गार्ग्यलाई राजा आजातशत्रुले एक हजार गाईहरू दान गरेको प्रसंग पनि यस उपनिषद्मा पाइन्छ (द्वितीय अध्याय, प्रथम ब्राह्मण) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखनाथ : गोरखनाथ नेपाल, चीनको स्वशासित प्रदेश तिब्बत समेतमा ठूला सिद्धको रूपमा आराध्य छन् । यी मुलुकमा उनलाई महायोगी मानिन्छ । गोरखामा उनको गुफामा रोट चढाउने परम्परा भएबाट उनको शक्तिलाई जिवित ठानिएको सिद्ध हुन्छ । उनको नाउँमा आधा रातमा फेरी लगाउने, उनको योग सम्बन्धी कथाको स्मरण गराउने र उनका गुरु मछिन्द्रनाथको रथ-जात्रा वर्षेनी ललितपुरमा सञ्चालन गर्ने लगायत अनेक कार्यहरू सञ्चालन भइरहेका छन् ।

गोरखनाथ सम्प्रदायका आदि प्रवर्तक चार महायोगी भए–क.आदिनाथ (स्वयंशिव), आदिनाथका दुई शिष्य ख.जलंधरनाथ र ग.मछिन्द्रनाथ । त्यसपछि मछिन्द्रनाथका शिष्य घ.गोरखनाथ । जलंधरनाथका शिष्य कृष्णपाद भए । त्यसपछिका समयमा गोरखनाथ सम्प्रदायका प्रवर्तकहरू भए ज्ञानेश्वर (महाराष्ट्र), वाप्पा रावल (राजस्थान), मध्यभारतमा राजा मानसिंह, बंगालका जुग्गी जाति-यी सबै नाथ सम्प्रदायका मानिन्छ । नेपाल र काबुल सम्ममा गोरखनाथको प्रचार-प्रसार भएका छन् ।[*] *हठयोगी प्रदीपिका* र *वर्णरत्नाकर* ग्रन्थमा उल्लेखित ८४ सिद्धहरूको सूचीमा आदिनाथ, मछिन्द्रनाथ, गोरखनाथको नाम समावेश भएको पाइन्छ । शंकराचार्यले शून्यवादी बौद्ध-दर्शनको खण्डन-मण्डन गरेका छन् भने वैदिक मार्गको दर्शन नभए पनि शिव-साधक योगीहरूको मतको खण्डन तर्फ उनले ध्यान दिएनन् । गोरखनाथ शंकराचार्य भन्दा पछिका भए पनि मछिन्द्रनाथ अघिका हुन् । गोरखनाथ बौद्ध झैं शून्यवादी थिएन् । सनातनी झैं सगुण, साकारवादी थिए । ॐकारलाई मूलमन्त्र मान्ने गोरखनाथ हठयोगको माध्यमबाट व्यष्टि आत्मालाई (जीवतत्त्वलाई) समष्टि शिवतत्त्वमा मिलाए पछि भवसागरबाट पार होइन्छ भनेर मानिसहरूलाई मोक्षमार्ग, शिवमार्गको उपदेश दिन्थे । उनी भन्दथे–ॐ नै समस्त जगत्मा व्याप्त छ–

[*] *विभा देवसरे–गोरख सम्प्रदाय मे समाजवाद, कादम्बिनी जन. १९७९*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐकार बाबु मूल मन्त्र हमारा ।
ॐकार व्यापीलै सकल संसारा ॥

ब्रह्मका सम्बधमा उनको भजन छ–

एकमे अनन्त अनन्तमे एकै अनन्त उपाया ।
अन्तरि एक सो परेचा हुवा
तव अनन्त एक मे समाया ॥

(गोरखवाणी)

गोरखपुरमा गोरखनाथको मन्दिर महान् योगीको कीर्तिपताकाको रूपमा रहेको छ । यहाँ प्रतिदिन असंख्य भक्तहरूले भोजन खान पाउँछन् । यो नाथ सम्प्रदायको जाग्रत पीठ हो जुन साधुसन्तहरूद्वारा सुशोभित रहन्छ । यहाँ गोरखनाथको चरणपादुकाको पूजा हुन्छ । उनको मुख्यमूर्तिको दायाँपट्टि अखण्डज्योति बलिरहन्छ ।

गोरखनाथलाई शिवकै अवतारको रूपमा वर्णन गरिन्छ । "वेद वाक्यलाई प्रमाण नमान्ने बौद्ध-दर्शन शून्यवादी बौद्ध न्याय-दर्शनलाई शंकरले खण्डन गरेर अद्वैत वेदान्त दर्शनको महत्ता स्थापना गरेता पनि आगमिक मतभित्र भित्रै समाजमा फैलिएको थियो । समाजमा जाति, वर्ण आदि विभेदको सुधार गर्न कुनै महापुरुष अवतार हुनु आवश्यक थियो । आगम साहित्य शिव र पार्वतीका मुखबाट सिर्जित मानिन्छ । यसको सुधारका लागि पनि शिवकै अवतार हुनु पर्ने थियो र यसै सन्दर्भमा योगी गोरखनाथको प्रादुर्भाव भएको कुरा हिन्दु समाजले विश्वास गर्दछन् । *(स्व.कुलचन्द्र कोइराला-श्रीगुरु गोरखनाथ)* मछिन्द्रनाथले गोरखनाथलाई १२ वर्षको उमेरमै आफ्नो आश्रममा लगी योग सिकाएका थिए । गोरखनाथको जन्म अद्‌भूत घटनाको रूपमा बताइएको छ । भारतका विद्वान्*(डा.जयशंकर मिश्र आदि)*का अनुसार गोरखनाथ १०।११ औं शताब्दी तिरका हुन् । ९।१० सय वर्ष अघिको घटना भएकोले उनको जन्म कसरी भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठीक-ठीक ज्ञान छैन । तर गोरखनाथ जस्ता ठूला योगी तथा नाथ सम्प्रदायका प्रवर्तक योगीराज सामान्य मानिस झैं यौन सम्पर्कबाट जन्मेका थिएनन् । उनको जन्म सम्बन्धी किंवदन्ति अनुसार एक बाँझी ब्राह्मणीलाई पुत्रवती बनाउन ठूला सिद्ध मछिन्द्रनाथले झोलाबाट बिगुत निकालेर दिए र भने-यो खाऊ तिमी पुत्रवती बन्नेछौं । यति भनेर उनी त्यहाँबाट गए ।

बिगुत खान लाग्दा छिमेकी महिलाले व्यंग्य गरी– तिम्रो त सन्तान पनि छैन, बुद्धि पनि छैन । खरानी खाएर पनि सन्तान होला कहीं ? योगीराज प्रति श्रद्धा दृढ नभएकोले ब्राह्मणीले बिगुत रच्छ्यानमा लगेर फाली दिई । बाह्र वर्षपछि मछिन्द्रनाथ त्यहीं बाटो फर्के र उही घरमा भीक्षा मागे । उही ब्राह्मणीले भीक्षा दिई । योगीराजले सोधे– तपाईं त पुत्रवती भइसक्नु भएको छ । खोई छोरा ?

ब्राह्मणीले यथार्थ कुरा बताए पछि मछिन्द्रनाथले रच्छ्यान तिर गएर मन्त्र-बलले बोलाए बालकलाई । १२ वर्षको बालक जमिनमुनिबाट प्रकट भयो र उसलाई लिएर मच्छिन्द्रनाथ आफ्नो आश्रम तिर लागे । उनले बालकको नामाकरण गरे-गोरखनाथ । गाईको गोबर फाल्ने ठाउँबाट जन्मेकोले गोरखनाथ । गोरखनाथले आफ्नो *गोरखवानी* भजनमा लेखेका छन्–

आदिनाथ नाती मच्छिन्द्रनाथ पिता ।
निज तत् निहारै गोरख अवधूता ॥

अर्थात् म आदिनाथ(शिव)को नाति मच्छिन्द्रनाथको छोरा हुँ र अवधूतरूप हुँ । १५ औं शताब्दीका विद्यापतिले *गोरक्ष-विजय* नाटकमा वर्णन गरे अनुसार गोरखनाथमा गुरुलाई राजदरवारको भोग वासनाबाट बचाएर ल्याएँ भन्ने अहंकार पैदा भएको थियो । आकाश मार्गबाट उनीहरू फर्के र गिरनाक पर्वतको कुटीमा पस्दा त्यहाँ मछिन्द्रनाथलाई पाएर गोरखनाथ चकित परे । चेलाहरूलाई सोद्धा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'कैयौं वर्षदेखि गुरु यही हुनुहुन्छ' भनेपछि गोरखनाथको अहंकार नष्ट भयो ।

आद्यजगद्गुरु शंकराचार्य (७८८-८२० ई.) भन्दा अगाडि गोरखनाथको अस्तित्व मान्न नसकिने कुरामा धेरै विद्वान्हरू सहमत भएका देखिन्छन् । यी शंकराचार्यको पूर्ववर्ती वा समकालीन भएका भए अवश्य नै शंकराचार्यद्वारा चर्चा गरिन्थ्यो र उनको मतको पक्ष-विपक्षमा केही चर्चा हुन्थ्यो *(कुलचन्द्र कोइरालाको उपरोक्त ग्रन्थ)* । यो कुरालाई माने पनि १०।११औं शताब्दीका गोरखनाथको नाउँबाट वि.सं. १६१७ मा स्थापना भएको राज्यको गोरखा नामाकरण कसरी भयो ? पृथ्वीनारायण सम्मले (बाल्यकालमा) गोरखनाथको आशीर्वाद प्राप्त गरी नेपालको एकीकरण गरेको प्रसंग पाइन्छ । गोरखपंथी नाथ सिद्ध एवं जोगीहरूले एकीकरणमा महत्वपूर्ण भूमिका खेलेको घटनाबाट गोरखनाथको जीवन्त शक्तिकै प्रमाण मिल्छ । नेपालमा गोरखनाथको ठूलो प्रभाव थियो भन्ने कुरा पहिलेका मोहरमा 'गोरखनाथ' छपाइबाट सिद्ध हुन्छ । यो चलन २०१६ सालसम्म चलेको थियो ।

गोरखनाथ स्थूल शरीरको अजेय स्थितिबाट साह्रै खुशी भएका थिए । त्यही समयमा एक ठूला ज्ञानी आए उनको आश्रम नजिकको बस्तीमा । उनले आफ्नो नाउँ अल्लामा प्रभू बताए । ती ज्ञानका उपदेश दिन्थे । ती ज्ञानीको आशीर्वाद लिएर लाभान्वित हुन मानिसहरूको भीड लाग्थ्यो । अल्लामा प्रभु भन्दथे– शारीरिक शक्ति झुठो हो । यसले अहंकार पैदा गर्दछ । यो नाशवान पनि छ । आत्मालाई अनुभव गर्नुपर्दछ, साक्षीचैतन्य साक्षात्कार गर्नु पर्छ । त्यो चैतन्यले जाग्रत, स्वप्न र सुषुप्ति तीनै अवस्थालाई देख्छ । परमतत्त्व त तुरीय अवस्थामा रहन्छ र त्यसलाई हृदयकाशमा अनुभव गर्न सकिन्छ । आत्माको साक्षात्कार भए पछि द्वैत रहँदैन । त्रिपुटी गायव हुन्छ । अल्लामा प्रभुको ख्याति सुनेर गोरखनाथ ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्ता रहेछन् हेर्न गए।

तिनलाई चुनौती दिएर आफ्नो करामत देखाउने इच्छा मनमा उनको उठेको थियो। गोरखनाथले अल्लामा प्रभुको शरीर सानो, दुब्लो-पातलो पाए। उनले ज्ञानीलाई भने– मानिसहरूले तिम्रो प्रशंसा गरेको सुनेथेँ तर तिम्रो शरीर त कस्तो दुब्लो, यस्तो शरीरबाट तिमीले कसरी मृत्यु जित्न सक्छौ ? हेर मेरो शरीर, यो अमर भएको छ। तरबारले काट्न सक्तैनौ, प्वाल पार्न सक्दैनौ।

अल्लामा प्रभुले योगीलाई भने- तिम्रो शरीर त अमर भएछ। तिमी अब मेरो शरीरको परीक्षा गर। उनले तरबार गोरखनाथको हातमा दिए। गोरखनाथले ज्ञानीको शरीरमा प्रहार गरे। उनले स्थूल शरीरलाई सूक्ष्म शरीरमा परिणत गर्न जानेका थिए जसबाट त्यो घाइते नहुने, नकाटिने, छेडे पनि रगत नआउने तैजस शक्तिमा परिणत भएथ्यो। यस्तो चमत्कार देखेर गोरखनाथ चकित परे। उनले सोधे– कसरी यस्तो भयो ? म तपाईलाई गुरु मान्छु। मलाई त्यो सिद्धि पनि दिनोस्। अनि अमर आत्मा बन्ने ज्ञान पनि दिनोस्। गोरखनाथले ज्ञानीको पाऊ पक्रे। ज्ञानी त भगवान् शंकर हुनुहुँदो रहेछ। गोरखनाथको शरीर-बलको अहं नष्ट गरेर ज्ञान दिनका लागि नै उहाँले ज्ञानीको भेष धारण गरेर त्यहाँ आउनु भएको रहेछ।●

गोविन्द : श्रीकृष्ण भगवान्को अर्को नाम। 'गौं'को अर्थ वाणी, वेद, पृथ्वी, गाई आदि हुन्छ। विन्दको अर्थ प्राप्त गर्न सक्ने हो। दुई पद मिलेर गोविन्द शब्द बनेको छ। विष्णुको हजार नाम मध्येको गोविन्द *विष्णुसहस्रनामस्तोत्र*मा *(३३ र ७१ श्लोकमा)* समाविष्ट छ। यसको शांकरभाष्यमा *महाभारत* र *हरिवंशपुराण*को उल्लेख गर्दै गोविन्दको अर्थ खुलाइएको छ–

● *रमण महर्षि सम्बन्धी अंग्रेजीमा लिखित 'भगवान्को पाउँमा' शीर्षक पुस्तकबाट*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क.मैले पूर्वकालमा हरेर पाताल पुऱ्याइएको पृथ्वीको उद्धार गरें त्यसैले देवताहरूले आफ्नो वाणीद्वारा गोविन्द भनेर मेरो स्तुति गरे। *(महा. शान्ति. ३४२।७०)*

ख.म देवताहरूको इन्द्र हुँ तर तपाईं गाईहरूका इन्द्र हुनुहुन्छ। त्यसैकारणले तपाईंलाई भूमण्डलमा मानिसहरूले गोविन्द भनेर पुकार्दै स्तुति गर्नेछन् *(हरि. पु. २।१९।४५)*। जगत्का गुरुको जगत्प्रसिद्ध नाम श्रीकृष्ण पछि पुकारिने अर्को नाम गोविन्द नै हो– **श्रीकृष्ण गोविन्द हरे मुरारे हे नाथ नारायण वासुदेव !** गोविन्दको अर्को अर्थ पनि बताइएको छ -

गौरेषा तु यतो वाणी
तां च विन्दयते भवान्।
गोविन्दस्तु ततो देव
मुनिभिः कथ्यते भगवान्॥

(३।८८।५०)

अर्थात् गौ- यो वाणी हो र तपाईंकै कृपाबाट वाणी प्राप्त हुन्छ। त्यसैले हे देव ! मुनिहरू तपाईलाई गोविन्द भन्छन्।

*विष्णुसहस्रनामस्तोत्र*को ७१औं श्लोकमा परेको गोविन्दको अर्थ बताउँदै शंकराचार्य आफ्नो भाष्यमा लेख्छन्- **गोभिर्वाणीभिर्विन्दते, वेत्ति वेदान्तवाक्यैरितिवा गोविन्दः।** अर्थात् वाणीद्वारा प्राप्त गरिने या वेदान्त-वाक्यद्वारा जानिने भगवान्लाई गोविन्द भनिन्छ।

भागवत अनुसार गोवर्धन पहाड उचालेर गोकुलवासीको रक्षा गरेपछि तेजोवध भएका इन्द्रले कामधेनु गाई अगाडि लगाएर श्रीकृष्ण सामु आएर क्षमा याचना गरे। कामधेनुले उहाँलाई अभिषेक गरिन् आफ्ना दुधले र 'गोविन्द' भनेर सम्बोधन गर्दै चौध भुवनका मालिक जानेर आराधना गरिन्।

गोविन्दभगवत्पादाचार्य : जगद्गुरु शंकराचार्यका गुरु। यिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौडपादाचार्यका शिष्य मानिन्छन् । शंकराचार्यको जीवनीबाट गोविन्द भगवत्पादाचार्यका बारेमा केही जानकारी मिल्छ । यिनी नर्मदाको किनारमा समाधिमा लीन रहन्थे । यिनका वारेमा प्रकाश पार्ने धेरै कुराहरू फेला परेका छैनन् । शंकराचार्यले जसलाई गुरु माने उनी त्यस समयका उद्भट विद्वान्, अद्वैत सम्प्रदायका प्रमुख आचार्य एवं सिद्धयोगी हुनुपर्छ । *(डा.रा.पाण्डेय- हि.धर्मकोश)*

शंकराचार्यले आफ्नो प्रधान ग्रन्थ *विवेकचूडामणि*को मंगलाचरणमा गुरु गोविन्दको यसरी वन्दना गरेका छन्-

सर्ववेदान्तसिद्धान्तगोचरं तमगोचरम् ।
गोविन्दं परमानन्दं सद्गुरुं प्रणतोऽस्म्यहम् ॥

अर्थात् जो अज्ञेय भएर पनि सम्पूर्ण वेदान्तका सिद्धान्त वाक्यहरूद्वारा जानिन्छन् त्यस्ता परमानन्द स्वरूप सद्गुरुदेव गोविन्दलाई म प्रणाम गर्दछु ।

गौडपादाचार्य(परमगुरु)को *माण्डूक्यकारिका*को भाष्यको अन्त्यमा शंकराचार्यले आफ्ना गुरु (गोविन्दभगवत्पादाचार्य) प्रति यसरी वन्दना गरेका छन्- जसको ज्ञानालोकको प्रभावबाट मेरो अन्तःकरणको मोहरूपी अन्धकार नष्ट भयो, यस भयंकर संसार-सागरमा बारम्बार डुब्दै-उत्रँदै रहँदा मिलेको मेरो दुःख-व्यथा शान्त भयो र जसको चरणको शरण पार्नेहरूलाई श्रुतिज्ञान खुल्छ, प्रपञ्च उपशम हुन्छ र विनय प्राप्त हुन्छ- यस्ता अमोघ फल दिने भवभयहारी परम पवित्र चरण युगलमा म सर्वतोभावका साथ नमस्कार गर्छु ।

गोविन्दानन्द भारती (शिवपुरीबाबा): महान् योगी, ईश्वरसाक्षात्कार गरेका संन्यासी । यिनी भारतमा जन्मेर विश्व-भ्रमण गरी काठमाडौं बूढानिलकण्ठको शिरानमा शिवपुरी जंगलमा तपस्यामा लीन रहेकाले नेपालमा शिवपुरीबाबाको नामले प्रसिद्ध भए । १३७ वर्षको दीर्घजीवन बाँचेका यी महात्माको समाधि पशुपति वनकालीमा रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतको केरला राज्यको कुलीन ब्राह्मण परिवारमा सन् १८२६ मा जुम्ल्याहा बालकको रूपमा गोविन्दानन्द जन्मेका थिए । जुम्ल्याहा अर्को शिशु चाँहि कन्या थिइन् । दाजु, बहिनी सानैमा आमा-बाबुहीन टुहुरा भएकाले बाजे अच्यूतमले यिनीहरूको पालन-पोषण गरे । उनी विद्वान् र ठूला ज्योतिष थिए । अच्यूतमले ५ वर्षको बालकको ब्रतबन्ध (उपनयन संस्कार) गरिदिए र शास्त्रहरू पढाउन थाले । चौध-पन्ध्र वर्षको उमेरमा गोविन्दमा वेद, धनुर्वेद, आयुर्वेद आदिको राम्रो ज्ञान भैसकेको थियो । पितामहले वानप्रस्थ आश्रममा रहने विचारले जंगलमा तपस्या गर्न जाँदा गोविन्द पनि पछि लागे । आफूले पाएको पैतृक सम्पत्ति बहिनीको नाममा लेखेर उनी गएथे । हजुरबाले उनलाई धनदौलतको पोको 'संन्यास नलिएसम्म यसबाट जीवन निर्वाह गर्नू' भनेर दिएका थिए । संन्यासी बनेपछि विश्व-भ्रमणको आज्ञा पनि गोविन्दले पाए । नर्मदाको किनार स्थित अनकन्टार जंगलमा तपस्या गर्दा गर्दै पितामहको निधन भएपछि २५ वर्ष पुगेका तपस्वीले अरू २५ वर्षसम्म कठोर तपस्या गरे । फलत: उनले परमात्मा-साक्षात्कार गर्न सके । उनको जीवन कृतकृत्य भयो । त्यो लामो अवधिमा गोविन्दको कुनै मानिससँग भेट भएन, न प्रथम विश्वयुद्धको घटनाले नै स्पर्श गऱ्यो । त्यसपछि उनले ५० वर्ष त विश्वभ्रमण गरेर नै बिताए । उनी पाँच वर्षसम्म बेलायती महारानी भिक्टोरियाको अनुरोधमा राजकीय पाहुना बनेर बेलायतमा रहे । सन् १९०१ मा महारानीको निधन पछि उनी अमेरिका गए । अमेरिकाबाट मेक्सिको, न्यूजिलैण्ड, अष्ट्रेलिया, जापान, चीन अनि तिब्बतको बाटो हुँदै नेपाल आए र भारत फर्के । उनले ८० प्रतिशत पैदलै भ्रमण गरी धैरै वर्ष लगाएर विश्वको तीर्थाटन गरेका थिए । जीवनको अन्तिम समय हिमाली क्षेत्र नेपालमा बिताउन शिवरात्री पर्वमा आउँदा शिवपुरीबाबाको उमेर ११२ पुगिसकेको थियो । तैपनि उनको मनोशारीरिक अवस्था युवकको झैं थियो । विश्व-भ्रमणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयमा उनले लियो टाल्स्टाय, वर्नाड शा, आइन्स्टाइन, मेडम क्यूरी, मार्कोनी समेत स्रष्टा, वैज्ञानिक आदिलाई भेटेका थिए। आफ्नै मुलुकका रामकृष्ण परमहंस, महान् योगी अरविन्द, महात्मा गान्धी, मदनमोहन मालविय, राधाकृष्णन आदिसँग उनको भेट, कुराकानी भएको थियो। सन् १९६३ जनवरी २८ तारीखमा यिनले देह-त्याग गरे।

भारतको राष्ट्रपतिको रूपमा नेपालको भ्रमणमा आउँदा डा. राधाकृष्णन त्रिभुवन विमानस्थलबाट अप्रत्याशित रूपमा शिवपुरीबाबाको दर्शन गर्न पशुपति जंगल भित्र, ध्रुवस्थली स्थित बाबाको आश्रममा पुगेका थिए। कुराकानीको क्रममा बाबाले आफूले शारीरिक, नैतिक र आध्यात्मिक अनुशासनमा जोड दिएको बताएपछि 'तपाईं विद्वान्, दार्शनिक हुनुहुन्छ। यी तीन अनुशासनका बारेमा यहाँ उपस्थित सबैलाई व्याख्यात्मक प्रवचन दिएर संझाइ दिनोस्' भनेर राष्ट्रपतिसँग भन्दा उनले अति सुन्दर ढंगले छोटो प्रवचन दिएको कुरा बाबाको जीवनी-लेखक बेनेटले *लङ्ग पिल्ग्रिमेज* (*अनन्तको यात्रा* शीर्षकमा डा.योगेन्द्रभक्त श्रेष्ठद्वारा नेपाली अनुवाद प्रकाशित) ग्रन्थको शुरुमै लेखेका छन्।

बाबाको भनाइ थियो- शारीरिक अनुशासन शरीरको निरोगिताका लागि हो। नैतिक अनुशासन मनलाई तल्लो तहबाट माथि उठाउनका लागि हो। आध्यात्मिक अनुशासन परमात्मा प्राप्तिका लागि हो। प्रमुख अनुशासन आध्यात्मिक नै हो। नैतिक र शारीरिक अनुशासन गौण हुन् तर तिनलाई छाड्न चाहिं हुन्न।

सत्यानुसन्धानमा जोड दिंदै उनी भन्दथे-कममा ४६ मिनेट सम्म सत्य बारे अनुसन्धान गरिरहे सत्यको दर्शन पाउने बाटो खुल्छ। गृहस्थीहरूले घरैमा सत्यको दर्शन पाउनका लागि स्वधर्मको पालन गर्दै सम्यक् जीवन बाँच्नु पर्छ। स्वधर्म पालन नगरी भगवान् पाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्न । भगवान् बिना स्वधर्मको मूल्य छैन ।

बाबा सत्संगीहरूलाई शास्त्र के हुन् संझाउँथे- शास्त्रहरू, वैदिक शिक्षाहरू, शास्त्रका सबै भाष्यहरू र वादहरू जस्तो *सांख्यशास्त्र*, पातञ्जल *योगसूत्र*, अद्वैतवाद आदि सबै सिद्धान्त मात्र हुन् । स्वधर्म र सत्यको अन्वेषणबाट मात्र सोझै परब्रह्मको दर्शन पाउन सकिन्छ ।

*योगशास्त्र*का सम्बन्धमा उनको धारणा थियो- क्लोरोफार्मले शल्यक्रियाको दुखाइ बिर्साइदिन्छ । *योगशास्त्र* यस्तै हो । यसले मुक्तिको समस्या सुल्झाउँदैन, भगवत्साक्षात्कार गराउँदैन । निर्विकल्प समाधिका सम्बन्धमा उनको भनाइ मननशील छ- निर्विकल्प समाधिले साधकलाई मायाको सीमा-रेखासम्म लैजान्छ, पारी पुऱ्याउँदैन । ... स्वधर्म-पालन र ध्यानले साधकलाई मायाको पारी सत्यसम्म पुऱ्याउँछ ।

एक जिज्ञासु सत्संगीले सत्यको दर्शनका लागि संन्यासीले झैं सबै कुराको त्याग गर्नुपर्छ कि ? भनेर सोद्धा बाबाको भनाइ थियो- त्यसरी त्याग गर्नु पर्दैन । संन्यासीहरू पूर्ण विद्रोह र गृहस्थहरू पूर्ण दासत्वमा छन् । दुवै गलत अवस्थामा छन् । जीवनलाई नत्याग, स्वागत गर । आफ्नो कर्तव्य गरेर पूरा उत्तरदायित्व सम्हालेर बाँच ।✕

गौडपादाचार्य : जगद्गुरु शंकराचार्यका परम गुरु । छैठौं शताब्दीमा अद्वैत वेदान्तलाई सुव्यवस्थित दर्शनको रूप दिए यिनले । गौडपादाचार्यले स्पष्ट रीतिले औपनिषद् सिद्धान्तको आश्रय लिएर वेदान्तको विकास गरे *(खप्तड स्वामी-ध.विज्ञान)* । शंकरका गुरु गोविन्दपादाचार्यका पनि गुरु गौडपादाचार्य हुन् । यिनलाई शुकदेव स्वामीका शिष्य मानिएको छ -

---

✕हेर्नू *अनन्तको यात्रा*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारायणं पद्मभवं वशिष्ठं शक्तिं च तत्पुत्रपराशरं च ।
व्यासं शुकं गौडपदं महान्तं गोविन्दयोगीन्द्र मथास्य शिष्यम् ॥
(शंकर-सम्प्रदायको आचार्य-वन्दनात्मक मंगलाचरणको अंश)

सुरेश्वरचार्यले आफ्नो ग्रन्थमा गौडपादाचार्यलाई गौडदेशीय (बंगाली) र शंकराचार्यलाई द्रविडदेशीय आचार्य बताएको पाइन्छ-

एवं गौडैर्द्राविडैर्नःपूज्यैरर्थः प्रभाषितः ।
अज्ञानमात्रोपाधिः सन्नहमादिदृगीश्वरः ॥

साक्षात् भगवान् नै अज्ञानोपाधिक भएर अहंकारादिका साक्षी (जीव) बनेका छन् । यो परमार्थ तत्त्वका सम्बन्धमा पूजनीय गौडदेशीय र द्रविडदेशीय आचार्यद्वयले उपदेश गरेका छन् । गौडपादाचार्यले अथर्ववेदीय ब्राह्मण भागमा पर्ने *माण्डूक्योपनिषद्*मा कारिकाहरू लेखेर अद्वैत वेदान्तज्ञानको प्रकाश फैलाएका छन् । यिनको *माण्डूक्यकारिका* ग्रन्थ जगत्प्रसिद्ध छ । वास्तवमा गौडपादाचार्यले *माण्डूक्योपनिषद्*लाई (अन्य उपनिषद्हरूको तुलनामा थोरै अर्थात् १२ मन्त्र मात्र भएको उपनिषद् यो किन नहोस्) मुक्तिप्रदायक मानेको बोध हुन्छ । हुन पनि *मुक्तिकोपनिषद्*मा भनिएको छ- **माण्डूक्यमेकमेवालं मुमुक्षूणां विमुक्तये** अर्थात् मुमुक्षु व्यक्तिको मुक्तिका लागि *माण्डूक्योपनिषद्* एक नै सक्षम छ । *अथर्ववेद* अन्तर्गतको महावाक्य **'अयमात्मा ब्रह्म'** यस उपनिषद्को द्वितीय मन्त्रमा समाविष्ट छ ।

आचार्य गौडपादको *उत्तरगीता*को भाष्य (वाणीविलास प्रेस श्रीरंगमद्वारा प्रकाशित) उपलब्ध छ । यिनले *सांख्यकारिका*को भाष्य पनि लेखेको बताइन्छ तर यस सम्बन्धमा विद्वानहरूमा मतभेद छ ।

शंकराचार्यले *माण्डूक्योपनिषद्* र *माण्डूक्यकारिका*को भाष्य लेखेका छन् । *माण्डूक्यकारिका*लाई जग बनाई आद्य जगद्गुरु शंकराचार्यले प्रस्थानत्रयी भाष्यरूपी प्रासाद खडा गर्नु भएको छ ।• वेदान्तका

• *माण्डूक्योपनिषत्-कारिका-व्याख्याकार डा.स्वामी रामानन्द गिरि*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रक्रियाहरूमा सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवादादि झैं वस्तुहरूको उत्पत्तिमा कुनै पनि कार्यकारण हुन नसक्ने हुनाले वस्तुहरूको उत्पत्ति सम्भव छैन भनी प्रतिपादन गरेकाले गौडपादको अजातवाद भन्ने सिद्धान्तको प्रसिद्धि भएको कुरा स्वामी रामानन्दले आफ्नो पुस्तकको भूमिकामा उल्लेख गरेका छन् । शंकराचार्यले आफ्नो भाष्यको अन्त्यमा परमगुरुको वन्दना गरेका छन्- "निरन्तर जन्म-जन्मान्तर रूपी गोहीहरूको कारण अति भयानक भएको संसार-सागरमा डुबेका जीवहरूको दु:ख देखेर करुणा देखाउँदै आफ्नो विशुद्ध बुद्धिरूपी मदानीले वेदरूपी महासमुद्रलाई मथेर देवदुर्लभ यो अमृत निकाल्नु भयो- यस्ता परमपूजनीय परमगुरुको चरणमा प्रणाम गर्दछु ।" *माण्डूक्यकारिका* ग्रन्थमा चार प्रकरणहरू आगम, वैतथ्य, अद्वैत र अलातशान्तिमा गरी २१५ कारिकाहरू (श्लोक) छन् ।

आगम प्रकरणमा *माण्डूक्योपनिषद्* र त्यसको व्याख्यात्मक कारिकाहरू छन् र जगत् उत्पत्ति सम्बन्धी धारणाहरूको चर्चाका साथ तिनको खण्डन गरिएको छ । जगत् सृष्टि सम्बन्धी तीन मत प्रसिद्ध छन्- **क.सृष्टिदृष्टिवाद ख.दृष्टिसृष्टिवाद ग.आजातवाद** । गौडपादाचार्यको विश्वास **अजातवादमा** देखिन्छ, जगत् प्रपञ्च, सृष्टि आदिमा थिएन । प्रपञ्च अन्त्यमा (ब्रह्मज्ञान भएपछि) रहँदैन, बीचमा भ्रमज्ञानले गर्दा देखियो । यसरी बीचमा सत्य झैं देखिएका वस्तु सत्य होइनन् भन्ने उनको धारणा छ–

आदावन्ते च यन्नास्ति वर्तमानेऽपि तत्तथा ।
वितथैः सदृशाःसन्तोऽवितथा इव लक्षिताः ॥

(अलातशान्ति प्रकरण-३१)

स्वप्न-संसार जाग्रतमा थिएन, स्वप्नमा देखा पर्‍यो, सुषुप्तिमा त्यो छैन र पुनः जाग्रतमा आउँदा पनि त्यो संसार रहँदैन । यसरी जाग्नु अघि सत्य झैं देखिए पनि स्वप्न सत्य सावित हुँदैन । त्यस्तै ज्ञानमा जागेपछि दु:खको कारण जाग्रत संसार स्वप्नतूल्य बन्छ र जीवन्मुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष सदा सुखी भएर संसारमा विचरण गर्छ । गौडपादाचार्यको विचारमा जाग्रत र स्वप्न एकै खालका हुन्- तत्त्वलाई अन्यथा रूपले ग्रहण गर्नु । निद्रा (सुषुप्ति) चाहिं तत्त्वको अज्ञान हो । उनको लोकप्रसिद्ध कारिका यस्तो छ -

अन्यथागृह्णतः स्वप्नो निद्रातत्त्वमजानतः ।
विपर्यासे तयोः क्षीणे तुरीयं पदमश्नुते ।

(आगम प्रक.-१५)

अन्यथा ग्रहण र तत्त्वको अज्ञान यी दुवै अज्ञानको क्षय भएपछि तुरीय पद मिल्छ । आत्मबोध कसरी मिल्छ गौडपाद लेख्छन्-

अनादिमायया सुप्तो यदा जीवः प्रबुध्यते ।
अजमनिद्रमस्वप्नमद्वैतं बुध्यते तदा ॥

(ऐजन-१६)

अर्थात् अनादि मायाको स्वप्नमा सुतेको जीव जाग्छ (तत्त्वज्ञानी बन्छ) त त्यसै समय उसलाई अज, निद्रा र स्वप्नरहित अद्वैत आत्मतत्त्वको बोध हुन्छ ।

गौणी भक्ति : जुन भक्ति गौण छ, द्वैत रहन्छ त्यसलाई गौणी भक्ति भनिन्छ । भजन, कीर्तन, नामस्मरण, मन्त्रपाठ, सत्संग, श्रवण, पूजा आदिले यस्तै भक्ति व्यक्त गर्छन् ।

अद्वैत भक्ति चाहिं पराभक्ति हो । *शाण्डिल्यभक्तिसूत्र*मा गौणी भक्तिबाट समाधि सिद्धि हुन्छ भनिएको छ- **गौण्या तु समाधिसिद्धिः** *(सूत्र-२०)* । यस्तो भक्तिमा भाव समाधिको स्थिति देखिन्छ- भक्त भगवान्को दर्शनबाट आनन्दित भइरहन्छ । सूत्रमा उल्लेखित समाधि सवितर्क (सविकल्प) हो, निर्वितर्क (निर्विकल्प) होइन । गौणीभक्तिमा भगवान्को दर्शन पाएकोमा भित्र अपूर्व आनन्द प्रवाहित भइरहन्छ तर यहाँ द्वैत स्थिति बसिरहन्छ । पराभक्तिमा भक्त भगवान्मा र भगवान् भक्तमा एकाकार हुन्छन् ।•

•नरकान्त अधिकारी (अनु.)-भक्तिसूत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौतम बुद्ध : सिद्धार्थ गौतम जो पुरुषार्थ गरेर गौतम बुद्ध बने। विष्णु भगवान्का दस अवतार मध्ये एक जसलाई नवौं अवतार बताइन्छ। २५५१ वर्ष पहिले वैशाख पूर्णिमाका दिन लुम्बिनीमा सालको वनमा जन्मेका थिए। उनकी आमा मायादेवी आफ्नो राजधानी कपिलवस्तुबाट माइत जाँदै थिइन्। मायादेवीको मृत्यु गौतम जन्मेकै साताभित्र भएको थियो र सौतेनी आमा प्रजापति गौतमीबाट सिद्धार्थको लालन-पालन भएको थियो। बाल्यकालमा ज्योतिषीहरूले गौतम कि त चक्रवर्ती राजा बनेछन् किभने आध्यात्मिक नेता हुनेछन् भनेर भविष्यवाणी गरेका थिए। बालक गौतममा बालसुलभ चञ्चलता नभएर गंभीर चिन्तकको लक्षण देखेर राजा शुद्धोदनले विरक्त नहोस् भन्ने सतर्कता अपनाएर भोगविलासका सामग्रीहरू जुटाइ दिएका थिए जसपट्टि गौतममा कमै रुचि हुन्थ्यो- हुने विरुवाको चिल्लो पात ! उनी सानैमा दयालु थिए। भाइ पर्ने देवदत्तले वाण हानेर घायल पारेको हाँसलाई उनले रक्षा गरे यद्यपि त्यस समय दुई दाजु-भाइका बीच भनाभन हुन गयो। गौतमले **अहिंसा परमोधर्म** भन्ने शास्त्रीय सन्देशलाई आत्मसात गरेथे।

कलिलै उमेरमा उनको यशोधरा नाउँकी सुन्दरी कन्यासँग विवाह भयो र एक पुत्ररतन पनि प्राप्त भयो- राहूल। आफ्नो दरवारबाट निस्केको बखत राजधानीमा वृद्ध कुरूप मानिस, रोगी र मरेको मानिसको मलामी- यी तीन दृश्यले उनको हृदयमा गहिरो प्रभाव पारे र उनी विरक्त भए- संसार दुःखमय रहेछ। बूढौली दुःख हो, रोग भयानक दुःखरूप हो र ज्ञानी नभै मर्नु अनि फेरि फेरि जन्म लिनु-यी र यस्ता दुःखको अग्निमा मानिस तप्त भएको छ- जन्म दुःख, जरा दुःख, मृत्यु दुःख पुनः पुनः। दुःखले उनलाई वैरागी बनायो। उनले दरबार त्यागे। जंगलमा गै तपस्यामा लीन भए। यस समय उनी २९।३० वर्षका थिए। ईश्वरलाई भेटेर उनी दुःखको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औषधि के हो बुझ्न चाहन्थे तर ईश्वर-कृपा भएन । ५।६ वर्षसम्म उनले तपस्या गरेर जीऊ सुकाएका थिए । तपस्यामा जीऊ सुकाउनुको निरर्थकता बोध भयो उनलाई । गौतम समाज पसे । आफूले जानेका, तपस्यामा भोगेका कुराहरू अहिंसाको महत्व, निवृत्तिमार्गको आनन्द सम्बन्धी अनुभूतिहरू उनी जनसमाजमा बाड्दै हिंडे । त्यस समयका छुवाछुत, कर्मकाण्ड, अन्धविश्वास, रुढीवादको विरुद्ध उनी खडा भए । बोधगयाको वटवृक्षमा विचारमा लीन भएको बखतमा गौतमलाई ज्ञान भयो र उनी भगवान् बुद्ध कहलाए । बोधगया बौद्ध मन्दिर सबभन्दा ठूलो एवं महत्वपूर्ण बौद्ध तीर्थस्थल हो ।

उपनिषद्को ज्ञान मार्ग र बुद्धले बताएको ज्ञानका बीच भेद छैन । गौतम बुद्ध (शाक्य सिंह) सिंहहनुका नाति शुद्धोदनका छोरा हुन् । देवदहका राजा सुप्रबुद्ध र त्यस समयका अद्वितीय सुन्दरी लुम्बिनीका दुई छोरी माया र महामायासँग राजा शुद्धोदनको विवाह भएको थियो । महामायाको गर्भबाट सिद्धार्थ गौतमको जन्म भएको थियो । यिनको कुलमा गौतम नामका राजा थिए जसलाई राज्यको अविभारा बोक्ने इच्छा नभएकोले बाबुको आज्ञा लिएर घर त्यागे र ऋषि कृष्णवर्णको चेला बने । उनले सहरको बाहिर आफैंले कुटी बनाई आध्यात्मिक साधना गरे । उनीमाथि सहरका वेश्या भद्राको ज्यान मारेको झुठो अभियोग पनि लागेको थियो । आध्यात्मिक उन्नतिका लागि राज्य त्याग्ने पाठ सिद्धार्थ गौतमले आफ्नै पुर्खाबाट सिकेका थिए । यिनी बोध (ज्ञान) प्राप्त गरेपछि गौतम बुद्धको नामले प्रसिद्ध भए ।〃

बुद्ध यस युगका मुख्य अवतार हुन् । हामी आर्यहरूका मौलिक विशिष्टताहरू मध्ये अवतारवाद एक हो । आर्यसंस्कृतिबाट अवतारवाद झिक्ने बित्तिकै आर्यसंस्कृति आर्यसंस्कृति नै हुँदैन । ज्ञान, विवेक, शक्तिप्रति आर्यको विश्वास अवतारवादमा आधारित छ । सर्वोच्च

〃 *अम्बिकाप्रसाद अधिकारी-गौतम बुद्धः वंश विचार*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान, निष्पक्ष विवेक र कल्याणाभिमुख शक्ति आर्यको मान्यता अनुसार अपार छ, असीम छ। तिनै अपार, असीम र अमूर्त ज्ञान, विवेक र शक्तिको मूर्ति अवतार हो। बुद्ध यस्तै एक अवतार हुन्।

हाम्रो कालगणना अनुसार महापुरूष भगवान् विष्णुको आज्ञाबाट सकल जगत्को सृष्टि गर्ने ब्रह्माको पहिलो परार्द्ध अर्थात् वर्ष बितिसक्यो। यो चलिरहेको दोस्रो परार्द्धमा अहिलेको कल्प 'श्वेतवाराह' हो, मन्वन्तर 'वैवस्वत' हो। अठ्ठाइसौं कलियुगको यो प्रथम चरणमा आधिपत्य प्रल्हादको छ, अवतार बुद्धको छ। हामी दिनदिनै भन्छौं– **'प्रल्हादाधिपत्ये बौद्धावतारे'**। यस युगका संरक्षक नेता बुद्ध हुन्।※ बुद्धले मुख्य विचार उपनिषद्बाट लिएथे। त्यो विचार हो– हाम्रो बुद्धि सविकल्प र सापेक्ष भएको कारणले गर्दा त्यसले तत्त्व ग्रहण गर्न सक्तैन। तत्त्व अवाङ्मनसगोचर छ। त्यो निर्विकल्प, निरपेक्ष, गंभीर, शान्त, आनन्दरूप र विशुद्ध विज्ञानरूप छ। त्यसैलाई बोधि या प्रज्ञा भनिन्छ। तत्त्व अपरोक्षानुभूतिको विषय हो, तर्कको होइन। दर्शनको चरम लक्ष्य हो मौनिता। संसार दुःखरूप छ जसको जननी हो अविद्या। संसार क्षणिक छ। तत्त्व अद्वय, अजर, अमर, शाश्वत र अनन्त छ। यही संसारको अधिष्ठान हो। ज्ञाता-ज्ञान-ज्ञेय व्यावहारिक त्रिपुटीलाई पार गरी निर्विकल्प विज्ञान या स्वानुभूतिद्वारा अद्वय परमार्थको साक्षात्कार गर्दा नै संसार-दुःखबाट निवृत्त मिल्छ। सांसारिक मानिसहरू अन्धकारमा भट्किरहेछन्। तिनलाई ज्ञान-दीपको आवश्यकता छ। बुद्धले उपनिषद्बाट प्राप्त ज्ञानदीप मानवलाई उत्तराधिकारको रूपमा दिए यस्तो उपदेश दिँदै–**आत्मदीपो भव**।

(डा. चन्द्र शर्मा-बौद्ध दर्शन और वेदान्त)

गौतम महर्षि : न्याय-दर्शनका आद्य प्रवर्तक। यिनको ग्रन्थको नाम *न्यायसूत्र* हो। यी आफ्नो समयका अति विद्वान् थिए। यिनको यो

※ *ऐजन लेख*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरवादी दर्शन तर्कप्रधान छ । गौतम सिद्धान्त अनुसार प्रत्येक कार्य एवं रचनाका लागि चेतन कर्ता चाहिन्छ । घट देखेर कुमालेको संझना हुन्छ । जगत् देखेर ईश्वरको स्मरण हुन्छ किनकि ईश्वरले नै जगत् बनाएका हुन् । *न्यायसूत्र*को पहिलो सूत्रले सोन्ह पदार्थहरूको यथार्थ ज्ञान भएमा मुक्ति(निःश्रेयस)प्राप्त हुन्छ भन्ने जनाउँछ । ती सोन्ह पदार्थ हुन्- प्रमाण, प्रमेय, संशय, प्रयोजन, दुष्यन्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति तथा निग्रहस्थान । उनी ज्ञानको साधनाको रूपमा प्रत्यक्ष, अनुमान, उपमान र शब्द प्रमाणलाई मान्छन् । गौतम द्वैतवादी थिए । यिनी इ.पू. ४-५ औं शताब्दीका आचार्य हुन् भन्ने अनुमान छ । गौतम व्यक्तिको मात्र होइन गोत्रको पनि नाम हो । शाक्यगणको गोत्र यही थियो त्यसैले बुद्धको नाम गौतम बुद्ध रह्यो ।

पौराणिक गौतमः यिनकी पत्नी अहल्या हुन् । अहल्याको सौन्दर्य दिव्य थियो । ब्रह्माजीले आफ्नो सृष्टिमा जसको जुन अंग सुन्दर छ तिनै सुन्दर अंगहरू मिलाएर सर्वाङ्ग सुन्दरी अहल्याको रचना गरेका थिए । यस्ती परम सुन्दरी कन्यालाई ब्रह्माजीको आज्ञा अनुसार उपदेश एवं शिक्षाका लागि गौतम ऋषिको आश्रममा एक वर्षसम्म राखियो । अहल्या जस्तो सुन्दरीसँग एक वर्ष एउटै आश्रममा बिताएर पनि आसक्त नभएका गौतमदेखि प्रजापति सुखी हुनुभयो र गौतमसँगै बिहे गरिदिनुभयो ।

इन्द्रले छल गरेर अहल्याको सतित्व नष्ट गरेपछि क्रूद्ध भएर गौतमले इन्द्रलाई 'सहस्र भग'को श्राप दिए र अहल्यालाई इन्द्र र पतिको विवेक गर्न नसक्ने जड भनेर पत्थरमा परिणत भएस् भनी श्राप दिए । पत्थर भएकी अहल्याको उद्धारको सम्भावना पनि बताइदिए– त्रेता युगमा श्रीरामको चरणरजले तिम्रो उद्धार हुनेछ ।[१]

[१] *हेर्नू- वेदान्त विश्वकोश-१ अहल्या ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवपुराण अनुसार गौतमले ब्रह्म पर्वतमा गई दस वर्षसम्म सिद्धिका लागि तपस्या गरे। त्यस समय १०० वर्षसम्म अनिकाल परेको थियो। गौतमले वरुणदेवको आराधना गरे। वरुणले 'वर माग' भने। गौतमले 'वर्षा गरिदिनोस्' भन्दा वरुणले भने– यो काम म गर्न सक्तिन, शंकर भगवान्को आराधना गर। बरु अरु वर माग। गौतमले अन्य वर मागेनन्। वरुणदेवले भने– पानी चाहन्छौ भने खाल्डो खन । त्यहाँ पानीको मुहान फुटाइ दिन्छु। गौतम महर्षिले त्यसै गरे। तपस्वीहरूको समस्या समाधान भयो र वालीनाली पनि राम्रो भयो (सिंचाई सुविधाले गर्दा)। त्यहीं देवपूजन, दान, हवन, पितृ-श्राद्धहरू सफलतापूर्वक सम्पन्न हुनथाल्यो किनकि त्यो सिद्ध कुवा थियो। सो ठाउँ ऋषि-सिद्धिसम्पन्न क्षेत्र बन्यो।

ऋषिपत्नीहरूले मनमा गौतम ऋषि र उनकी सुशीला पत्नी अहल्यादेखि इर्ष्या गर्न लागे। आफ्ना पति ऋषिहरूलाई उनीहरूले अनेक कुरा लगाउन थाले। विवेक हराएका ऋषिहरूले असूयावश गणपतिको पूजा गरे। गणेश प्रकट हुनु भयो। ऋषिहरूले गौतमलाई यस क्षेत्रबाट धपाइदिनोस् भनेर वर मागे। मुनिहरूको कुटिल वचन सुनेर गणेश हाँस्नु भयो। उहाँले यस्तो कुटिल चाल चल्नु ठीक होइन किनकि गौतम परोपकारी एवं ठूला तपस्वी हुन् भनेर संझाउनु भयो। तर उहाँको केही सिव लागेन। अन्त्यमा उहाँले गौतमको परीक्षा नै होस् भनेर निर्बल गाईको रूप लिनु भयो। गाईले गौतमको खेतको जौ आदि अन्न खान थालिन्। सानो लठ्ठी लिएर गाई धपाउँदा लठ्ठीको स्पर्श मात्रले गाई मरिन् र गौतमलाई गोहत्याको पाप लाग्यो। कुटिल मुनिगणले गो-हत्यारा भनेर ढुङ्गा हान्न थाले। उनीहरूले त्यस क्षेत्रबाट गौतमलाई धपाइ दिए। गौतम र अहल्या त्यहाँबाट एक कोश पर गएर आश्रम बनाइ बसे। उनले केही समयपछि गो-हत्याको प्रायश्चित के हो भनेर कुटिल मुनिगणसँग सोधे। उनीहरूले भने– आफ्नो अपराध सार्वजनिक गर र तीनपल्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूर्ण पृथ्वीको परिक्रमा गर । यो कार्य गर्न सक्तैनौ भने त्यहाँ गङ्गा प्रकट गरेर स्नान गर । अथवा एक करोड पार्थिव शिव लिङ्ग पूजन गर, तिम्रो पापको प्रायश्चित् हुनेछ । गौतमले पछिल्लो प्रायश्चितलाई शिरोपर गरे । ब्रह्मागिरिलाई परिक्रमा गरेर एक करोड शिव लिङ्ग पूजन गरे ।

ऋषि पति-पत्नीको भक्तिपूर्ण शिवाराधनाबाट खुशी भएर आफ्ना गणका साथ शिव प्रकट हुनुभयो । गौतमले गोहत्याको पापबाट मुक्ति कामना गर्दा शिवले भन्नु भयो– तिमी निर्दोष छौ । गाई काण्ड त दुराचारी, पाखण्डीहरूको माया थियो । त्यसैले तिमीले यत्रो दु:ख, कष्ट भोग्नु पऱ्यो । गौतमले वरको रूपमा गङ्गाको माग गर्नुभयो । शिवकृपाबाट त्यहाँ गङ्गा प्रकट भइन् र गौतमी गङ्गा कहलाइन् । सो गङ्गा समिप गङ्गादेवीको अनुरोधमा भगवान् शिव रहनु भयो– त्रयम्बकेश्वर नामबाट ।

गौतम-सम्बोधन वंशवाचक पनि छ । *कठोपनिषद्*मा यमराज नचिकेतालाई गौतम भनी सम्बोधन गर्दै भन्छन्- **एवं मुनेर्विजानत आत्मा भवति गौतम** । *(२।१।१५)* अर्थात् जुन महापुरुषले आत्मालाई जान्यो, ऊ आत्मा नै बन्छ, बुझ्यौ गौतमवंशी नचिकेता !

गौरी : गिरिजा, पार्वती । गौरको अर्थ हुन्छ श्वेत, चम्किलो, सफेद या चन्द्रमा । पार्वतीको अङ्ग गोरो, चहकिलो भएकोले उहाँ गौरी कहलाउनु भयो । गौरी शङ्करकी शक्ति हुनुहुन्छ त्यसैले भनिन्छ गौरी-शङ्कर । गौरी मायाकी प्रतीक हुनुहुन्छ । उहाँ प्रसन्न हुनु हुँदा भक्तका लागि विद्यारूपिणी बन्नु हुन्छ र अप्रसन्न हुनुहुँदा अविद्या रूप लिएर मानिसलाई प्रपञ्चमा फसाइ दिनुहुन्छ । शङ्करमा अटल भक्ति जसको छ उसलाई नि:श्रेयस (मुक्ति) दिलाइ दिने काम गौरी माताले नै गर्नुहुन्छ, अरुलाई भोग-ऐश्वर्यमा फसाइ दिनुहुन्छ । षोडश माता (सोन्ह माता) मध्ये गौरी प्रथम हुनुहुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौरी पद्मा शचि मेधा सावित्री विजया जया ।
देवसेना स्वधा स्वाहा मातार लोकमातर ॥
हृष्टि पुष्टि तथा तुष्टिरात्मन कुलदेवता ।
इत्येतामातरः सर्वा वृद्धिं कुर्वन्तु मे सदा ॥

हिन्दुहरूका सबै सम्प्रदायले मङ्गल कार्यको आरम्भमा गौरी गणेशको पूजन गर्ने चलन छ । यात्राको आरम्भमा आमा-छोरा गौरी-गणेशको स्मरण गर्नु मंगलदायक मानिन्छ ।

दुर्गाकी आठौं शक्ति गौरी या महागौरी हुनुहुन्छ । उहाँको वर्ण शंख, इन्दु या श्वेतकमल (कुन्द) झैं बताइएको छ । गौरीको उमेर आठ वर्षको हुने कुरा शास्त्रमा लेखिएको छ–**अष्टवर्षाभवेद् गौरी** । वस्त्र, आभूषण सेतै रंगको हुन्छ । गौरी माताको साँडे वाहन छ । *नारद-पंचरात्री*मा लेखिएको छ- शङ्करका लागि हिमालयमा तपस्या गर्दा गर्दा गौरीको शरीर घाम, धूलो-माटोले मलिल भयो । शंकरले गङ्गा-जलद्वारा धोई धोई कान्तिमान् बताइदिनु भयो । यसरी गौरी महागौरी हुनुभयो ।■

पार्वतीका आठ नाम छन् जसमा गौरी तेस्रो हो । तेश्रो- पार्वती, ललिता, गौरी, गायत्री, शाङ्करी, शिवा, उमा र सती । *चण्डी*को देवी कवचमा नव दुर्गा मध्ये गौरी (महागौरी) आठौं नाम हो ।

प्रथमं शैलीपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चन्द्रघण्टेति कूष्माण्डेति चतुर्थकम् ॥
पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।
सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ॥
नवमं सिद्धिरात्री च नवदुर्गाः प्रकीर्तिताः ।

गौरी माताको नाममा शिवजीलाई चिन्हाउँदा भनिन्छ गौरीकान्त । त्यस्तै गणेशको या कार्तिकेयको नाम हुन्छ गौरीज, गौरीपुत्र ।

■ *स्वामी सत्यमित्रानन्द गिरि-भारतमाता मन्दिर*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालको नाम पनि गौरीको नामबाटै रहेको छ– गौरीशङ्कर (स्थानीय भाषामा गौरा) । सुदूर पश्चिममा गौरा चाड जुन मनाइन्छ त्यो गौरी माताकै प्रसन्नताका लागि हो । पशुपति क्षेत्रमा गौरीमाता स्नान गर्ने वागमती स्थललाई गौरीघाट भनिन्छ ।● देवी गौरीको आराधना भुक्ति र मुक्ति दुवैका लागि हो । व्यासजी देवीको स्तुति गर्छन्–

जय देवि समस्त शरीरधरे !
जय नाकविदिर्शिनिदुःख हरे !
जय व्याधिविनाशिनि मोक्षकरे !
जय वाञ्छितदायिनि सिद्धिकरे ॥

अर्थात् समस्त प्राणीका शरीर धारण गर्ने या आधार स्वरूपिणी हे देवी ! तपाईंको जय होस् । सुखमय लोकको दर्शन गराउने र दुःख हर्ने, रोगनाशक र मोक्ष प्रदायक, मनोवाञ्छित फल दिने एवं सिद्धि प्रदान गर्ने हे देवी ! तपाईंको जय होस् !

गौरीकुण्ड : केदारनाथ पुग्नु अघि सानो बजार माझ गौरीकुण्ड अवस्थित छ । यहाँ दुई जलाशय छन्- एउटा तातो पानीको जसलाई गौरी-कुण्ड भनिन्छ । अर्को हो- अमृतकुण्ड । चीसो पानीको जलाशयमा पार्वतीको जन्म भएको विश्वास गरिन्छ । यहाँ देवी पार्वतीको मन्दिर पनि छ । गौरी कुण्डमा विशेषतः नारी जातिले स्नान गर्छन् । केदारनाथ यात्राबाट थाकेर एवं गर्माएर आएका यात्रुहरूले यहाँ स्नान गरी मनोशारीरिक शान्ति प्राप्त गर्छन् ।

गौर्यादि षोडश माता : गौरी सहित सोन्ह मातृगण । धार्मिक अनुष्ठानमा नवग्रह पूजापछि सोन्ह माताहरूको पूजा गरिन्छ । तिनको प्रार्थनामा ती माताहरूका नाम उल्लेखित पाइन्छ–

●*माता गौरीकै नामबाट गौरीघाट निकटवर्ती टोलबाट दिलीप पौडेलले 'गौरी' धार्मिक पत्रिका प्रकाशन गरिरहनु भएको छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौरी पद्मा शचि मेधा सावित्री विजया जया ।
देवासेना स्वधा स्वाहा मातरो लोकमातर ॥
हृष्टि पुष्टिस्तथा तुष्टिरात्मनः कुलदेवता ।
इत्येता मातरः सर्वा वृद्धिं कुर्वन्तु मे सदा ॥

ग्रन्थि : गाँठो, गुजुल्टो, आँख्लो, कुटिलपन, अज्ञान । मनोविज्ञानमा ग्रन्थि शब्द मनोस्नायु रोगमा प्रयोग हुन्छ । जस्तो- हीनताग्रन्थि, उच्चता-ग्रन्थि । म गुणहरूले हीन छु, म गरीब छु आदि नकारात्मक सोचाइ मनमा गडेर मानिसले आफ्नो योग्यता देखाउन सक्तैन, योग्यता अनुसार काम गर्न सक्तैन । त्यस्तो व्यक्तिलाई हीनताग्रन्थि-युक्त भनिन्छ । उच्चताग्रन्थिमा चाहिं मानिस आफूलाई आफ्नो योग्यता भन्दा ठूलो ठानेर घमण्ड गर्छ र मानिसहरूको अप्रिय बन्छ । यी दुवै मानसिक ग्रन्थि हुन् । वेदान्तले शरीर, मन, बुद्धिको दास बनेर, कल्पित मानसिक रोग पालेर अर्थात् हीनता-उच्चताग्रन्थिको शिकार बन्नु विवेकहीनता हो भन्दै साधकलाई 'आफूलाई साक्षी चैतन्य मानेर माथि उठ अनि मात्र तिमीले ग्रन्थि त्यागन सक्छौ' भनेर सिकाउँछ । सिंहको बच्चामा भेंडाभाव हीनता ग्रन्थिको उदाहरण हो । त्यस्तै राजपुत्रको व्याधपुत्र भाव । वेदान्तले अज्ञानलाई सबभन्दा ठूलो ग्रन्थि मान्छ । ज्ञान नै त्यस ग्रन्थि नष्ट गर्ने उपाय हो । जंगलमा हराएको राजपुत्रलाई व्याधाहरूले पाले र उसले आफूलाई व्याधपुत्र ठान्यो । यस्तो भ्रमज्ञान, अज्ञानले गर्दा राजकुमारमा हुने शूरवीरता, योग्यता, सद्गुणहरू छोपिएर रहे । जब साधुले उसलाई भेट्टाएर राजदरवारमा लगे । राजा-रानीले आफ्नो हराएको पुत्र चिने र आफूसँगै सिंहासनमा राखे । त्यसपछि उसको व्याधपुत्र भाव रूपी अज्ञान हट्यो । उसले राजपुत्र मान्यो आफूलाई र खुशी भयो । आफूलाई पाल्ने व्याधाहरू, डाँकूहरूसँग उसको कुनै सम्बन्ध रहेन । कुन्तीले कर्णलाई 'तिमी मेरा पुत्र हौ कौन्तेय हौ, राधेय होइनौ' भनेपछि कर्णको भ्रमज्ञान नष्ट भयो । सबै ग्रन्थिहरूमा सबभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूलो ग्रन्थि मानिएको अज्ञानलाई नष्ट गर्ने उपाय उपनिषद्हरूमा बताइएका छ । ग्रन्थिबाट मुक्तिका लागि शुद्ध आहार ग्रहण गर, सात्त्विक खाना खाउ, त्यसबाट अन्त:करण शुद्ध हुन्छ । अन्त:करण शुद्ध भएपछि त्यसमा ज्ञान अड्छ, नत्रभने गुरुको ज्ञानोपदेशलाई एउटा कानले सुन्छ, अर्को कानले उडाइ दिन्छ । अन्त:करण विकारहरू, कुभावनाहरू, वासनाहरूले भरिएको छ भने त्यहाँ ज्ञान जस्तो पवित्र वस्तु बस्ने स्थान नै रहँदैन । *छान्दोग्य उपनिषद्*मा एक मन्त्र यस्तो छ-

आहारशुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः
स्मृतिलम्भे सर्वग्रन्थीनां विप्रमोक्ष ।

(७।२६।२)

आहारशुद्धि अर्थात् विषयमा सुख देख्ने बुद्धिको शुद्धि भएपछि अन्त:करण शुद्ध हुन्छ । अन्त:करण शुद्धि (सत्त्वशुद्धि) भएपछि निश्चल स्मृति हुन्छ । मोह नष्ट भएर स्वरूपको स्मृति भएपछि सम्पूर्ण ग्रन्थिहरूको निवृत्ति भैहाल्छ । ब्रह्मनिष्ठ सनत्कुमारले नारदलाई ज्ञानोपदेश दिएको प्रसंग हो यो । सत्त्व गुणमा प्रकाश, ज्ञान, निर्मलता, आनन्द त रहन्छ तर अहंकार हटेको हुँदैन त्यसैले शुद्ध सत्त्व आवश्यक छ । शुद्ध सत्त्व भनेको त्यस्तो अन्त:करण हो जसमा भोगाशा छैन । हृदयमा सत्यता, शीतलता र सन्तोषको उदय भएको छ र अहंकार नष्ट भएको छ ।

जस्तो रात्रि क्षीण भएपछि सूर्यको उदय हुन्छ त्यस्तै मोह (ग्रन्थिरूप अज्ञान) निवृत्त भएपछि आत्मतत्त्वको साक्षात्कार हुन्छ । जब स्वरूपको साक्षात्कार हुन्छ तब चित्त नष्ट हुन्छ । जस्तो सुकेको पात अग्निमा जल्दछ त्यस्तो ज्ञानवान्को चित्तरूप उपाधि नष्ट हुन्छ ।• ब्रह्मज्ञान गरेपछि (परात्पर परमात्माको दर्शनपछि)

• *प्रा.विष्णु प्र.न्यौपाने (अनु.) संक्षिप्त योगवाशिष्ठ (नि.प्रकरण-पू. द्वितीय अ.)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयग्रन्थि रोग निको हुन्छ, सबै प्रकारका संशयहरू (शंका उपशंका) नष्ट हुन्छन् । साधकका संचित र आगामी कर्महरू समेतको विनाश हुन्छ श्रुतिमा भनिएको छ–

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ॥

(मुण्डक उप. २।२।८)

यहि मन्त्र हामी *भागवतमा (१।२।२१)* **दृष्ट एवात्मनीश्वरे** अन्तिम पदहरूमा केही भेद तथा सोही ग्रन्थको एकादशस्कन्धमा **'मयि दृष्टेऽखिलात्मनि'** *(११।२०।३०)* फरक पाठभेद पाउँछौ । ग्रन्थकार व्यासजीले भगवद्कृपाबाट शुद्धचित्त भक्तको हृदयग्रन्थि रोग नष्ट हुन्छ, कर्महरू, शंकाहरू क्षय हुन्छन् भन्ने कुरा एकपल्ट मात्र होइन, दोहोराएर भनेका छन् ।

शिवगीतामा मुमुक्षु रामलाई शिवजी भन्नुहुन्छ–

मोक्षस्य नहिवासोऽस्ति न ग्रामान्तरमेव वा ।
अज्ञानहृदयग्रन्थिनाशो मोक्ष इति स्मृतः ॥

(१३।३२)

अर्थात् मोक्षको कुनै लोक छैन, मुक्त व्यक्ति कुनै ग्रामान्तर निवासी हुँदैन । अज्ञानरूपी हृदयग्रन्थि नष्ट भए पछि मुमुक्षु मुक्त हुन्छ ।

ग्राह्यदृष्टि (ग्रहणमार्ग): चिन्तनद्वारा शब्द, स्पर्श, रूप, रस र गन्ध आदिलाई ग्रहण गर्नुलाई ग्राह्य-दृष्टि भनिन्छ । यस दृष्टिले पञ्च तन्मात्राका साथै प्रकृति र प्रकृतिको पहिलो विकार महतत्त्व (महान्) एवं दोश्रो विकार अहंकारको पनि अनुभूति हुन्छ । "प्रकृतिको स्वरूपको अनुभूति स्वरयन्त्रभन्दा तल हृदयको नजिकतिर अनुभव हुन्छ । योगको ग्राह्यमार्गको यो अन्तिम स्थान हो, जुन सूक्ष्मताको पराकाष्ठा हो ।*(खप.स्वामी-ध.विज्ञान-३)*

प्रकृतिसँगको अभ्यास अन्त:करण(मन या बुद्धिवृत्ति)ले गर्छ तर पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरको चिन्तन चेतनदृष्टिले गर्नुपर्छ जसलाई वेदान्तमा भगवदारवृत्ति भनिन्छ । ग्राह्य दृष्टिबाट हुने समाधि सवीज समाधि या सम्प्रज्ञात किंवा सालम्बन समाधि हो । त्यसको परिपाक भएपछि निर्वीज या असम्प्रज्ञात समाधिको क्षणिक अनुभव हुन्छ । "यसमा निजात्मा तथा ब्रह्मात्माको एकताको अनुभव हुन्छ । यसलाई ब्रह्म समाधि बुझ्नु पर्छ । यो आत्मज्ञानको भूमिका हो । यसपछि आत्मविज्ञानका भूमिहरू छन् ।"*(ऐजन)*

ग्रहणमार्गमा सुषुम्णा, ज्ञानेन्द्रियहरू तथा अन्तःकरणका भूमिहरू पर्छन् । पहिले सुषुम्णाको भूमिको अभ्यास गरिन्छ । यसका अभ्यासका सात भूमिहरू छन् । यिनलाई सात केन्द्र वा चक्र भन्दछन् । सूक्ष्म प्राणहरूका यी सात केन्द्र अथवा चक्र हुन्- **सप्त इमे लोका येषु चरन्तिप्राणाः** *(मुण्डकोपनिषद्)* अथवा वैदिक शब्दहरूमा यी **भूः, भुवः, स्वः, महः, जनः, तपः** तथा **सत्यम्** नामले प्रसिद्ध छन् । सुषुम्णा मेरुदण्डमा प्रधानरूपले अवस्थित छ । यद्यपि यसका सूक्ष्म तन्तुहरू सम्पूर्ण शरीरमा व्याप्त छन्, तथापि केही तन्तुग्रन्थिहरू प्राणशक्ति तथा संवेदना शक्तिका मुख्य स्थान हुनाले ती चक्रहरूका नामले पुकारिन्छन् । ती मूलाधार आदि सात चक्र हुन् । योगमा सुषम्णाको प्रवेशद्वार मूलाधार चक्र मानिएको छ । पहिले यसमा प्रवेश गर्नुपर्छ, त्यसपछि क्रमशः स्वयं नै अघि बढ्दै जानेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ

घटाकाश : घडाभित्र कल्पित आकाश। वेदान्त अनुसार घटाकाश महाकाशकै नाम हो। आकाश जुन अपरिच्छिन्न छ घडा उपाधिको कारणले परिच्छिन्न झैं भान भएको हो। वास्तवमा आकाश अपरिच्छिन्न *(हेर्नू अपरिच्छिन्नवाद)* नै छ, घडा बनेको कालमा र घडा फुटेको कालमा पनि। घडामा पानी भरिएको छ भने त्यसमा प्रतिबिम्बित आकाश जुन छ त्यो घडा र जल दुई उपाधिको कारणले देखिएको हो। जल पोखेपछि प्रतिबिम्बित आकाश रहँदैन तर घटाकाशको भान चाहिँ रहिरहन्छ। आत्मा असीम, अविभक्त र अपरिच्छिन्न छ। अनात्म वस्तु मात्र देश, काल र वस्तुबाट परिच्छिन्न हुन्छ।

अद्वैत वेदान्त अनुसार जीवभाव भनेको घटाकाश भने झैं हो। तर जीवको अविद्या नष्ट भएको अवस्थामा ऊ ब्रह्म नै हो- **जीवो ब्रह्मैव नापर**। घडाको जलमा प्रतिबिम्बित आकाश तथा घटाकाशको उपमाबाट अन्त:करणराहित्य स्थितिमा जीव वास्तवमा शिव नै हो भन्ने बताइन्छ। जीव र शिवमा भेद-भ्रम खडा हुन्छ अन्त:करण, अविद्याको कारणले। स्वरूपत: यी दुईमा भेद छैन, उपाधिले गर्दा भेद देखिन आएको हो। *पञ्चदशी*मा भनिएको छ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूटस्थो ब्रह्म जीवेशावित्येवं चिच्चतुर्विधा ।
घटाकाशमहाकाशौ जलाकाशाभ्रखे यथा ॥

(चित्रदीप प्रक.१८)

अर्थ- चैतन्य वस्तुलाई कूटस्थ, ब्रह्म, जीव, ईश्वर भनेर भेद गरे पनि एकै हो । आकाशलाई घटाकाश जलाकाश आदि भने झैं ।

घेरण्ड-संहिता : घरण्ड ऋषिद्वारा हठयोग विषयमा लेखिएको प्राचीन ग्रन्थ । यसमा हठयोगका षट्कर्मादि विषयमा चर्चा गरिएको पाइन्छ । हठयोगका षट्कर्म हुन्– नेति, धौति, वस्ति, नौलि, कपालभाती र त्राटक ।

नाथपन्थी साधुहरूले यो प्राचीन योग प्रणालीको उद्धार गरे । आदिनाथ शिवजीद्वारा प्रवर्तन गरिएको यस विद्यालाई मत्स्येन्द्रनाथ, गोरखनाथ, विचारनाथ, चार्पटी, जालन्धर, चतुरंगी आदिले प्रचार-प्रसार गरेको बताइन्छ ।

घेरण्ड संहिता अनुसार षट्कर्मद्वारा शारीरिक शुद्धि हुन्छ । आसन र मुद्राको अभ्यासले शारीरिक, मानसिक दृढता एवं स्थिरता मिल्छ । ब्रह्मज्ञानी याज्ञवल्क्य लगायत आचार्यहरूका अनुसार प्राणायामद्वारा शारीरिक दोष निवृत्त हुने, मन स्थिर हुने भएकाले यसभन्दा माथि उठेका ज्ञानयोगीका लागि हठयोगको षट्कर्मको आवश्यकता छैन ।

घोर आङ्गिरस् : वैदिक ऋषि । *छान्दोग्य उपनिषद्*मा यिनले देवकीपुत्र श्रीकृष्णलाई पञ्चविध कर्महरू तप, दान, आर्जव (सरलता), अहिंसा र सत्य-वचनका सम्बन्धमा उपदेश दिएको प्रसंग पाइन्छ । यिनले भने- यी यमहरूको साधना त्यही साधकले गर्न सक्छ जो व्यावहारिक जीवनमा तृष्णाहीन हुनसकेको छ । जीवनको अन्तकालमा त्यस्तो साधकले यस्तो जप गर्नु पर्छ- तँ अक्षय होस्, तँ अच्युत (अविनाशी) होस् । सूक्ष्म प्राण होस् ।

घोर आङ्गिरस् जस्ता ऋषिका सामु श्रीकृष्ण एक शिष्य झैं उपस्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुभयो । उहाँको सांसारिक प्यास नरहेको देखेर नै गुरुले उहाँलाई ब्रह्मसाधनाको दीक्षा दिनुभएको हो ।$

*छान्दोग्य उपनिषद्*को तृतीय अध्याय सप्तदश खण्डको विषय अक्षयादि फल दिने आत्मयज्ञोपासना हो । यसमा बताइएको छ- पुरुषको जुन तप, दान, आर्जव, अहिंसा र सत्य-भाषण आदि गुण छन् ती नै यस आत्मयज्ञको दक्षिणा हो । यस्तो उपदेश पछिको मन्त्र (६) यस्तो छ-

तद्धैतद्घोर आङ्गिरसः कृष्णाय देवकीपुत्रा-

योक्त्वोवाचापिपास एव स बभूव सोऽन्तवेलायामेतत्त्रयं प्रतिपद्येत...।

अर्थ- घोर आङ्गिरस् ऋषिले देवकी पुत्र कृष्णलाई यो यज्ञ-दर्शन सुनाए जसबाट उहाँ अन्य विद्याहरूका विषयमा तृष्णाहीन हुनु भएथ्यो । यी ऋषिको उल्लेख *कौषतीकि ब्राह्मण (ऋग्वेद)*मा पनि पाइन्छ । आङ्गिरस्हरूको घोर वंशजलाई 'भिषक अथर्वा' पनि भनिन्छ । ऋग्वेदीय सूक्तहरूमा 'आथर्वणो वेदा:'को सम्बन्ध 'भेषजम्' एवं 'आंगिरसो वेदा:'को सम्बन्ध 'घोरम्'सँग छ । घोर आङ्गिरस् अथर्ववेदी कर्मकाण्डका कृष्णपक्षपाती देखिन्छन् । यिनको उल्लेख *काठक संहिता*को अश्वमेध खण्डमा पनि छ ।+

घोषा : *ऋग्वेद*का महिला ऋषि । *ऋग्वेद*का दुई मन्त्रमा घोषालाई अश्विनिकुमारद्वारा संरक्षित बताइएको छ । आश्विनि स्तुतिमा बताइएको छ- उनीहरूले वृद्धा कुमारी घोषालाई एक पति उपलब्ध गराए । *ऋग्वेद (१०।३९।४०)*को ऋचा घोषाद्वारा रचित बताइएको छ । घोषा कक्षीवान्की कन्या थिइन् । कुष्ठरोगद्वारा ग्रस्त भएकीले उनी धेरै दिनसम्म अविवाहित रहिन् । देवताहरूको वैद्य (आश्विनिकुमार)ले उनलाई स्वास्थ्य, सौन्दर्य र यौवन प्रदान गरे जसले गर्दा उनले पति प्राप्त गर्न सकिन ।#

$काका कालेलकर-उपनिषदोंका बोध

+डा. रा. पाण्डेय-हि. धर्मकोश

ऐजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च

चतुर्मास : आषाढ शुक्ल एकादशी(हरिशयनि एकादशी)देखि प्रारम्भ भएर कार्तिक शुक्ल एकादशी(हरिबोधनि एकादशी)मा समाप्त हुने चार महिनाको समय । यस कालमा व्रत, उपवास, पूजा आदिको विधान छ तर उपनयन, विवाह आदि गरिन्न ।

चतुर्मासको व्रतलाई चातुर्मास्य व्रत भनिन्छ । यस अवधिमा नखाने र नगर्ने व्रतहरू पर्छन् । संन्यासी, साधुसन्तहरू यस अवधिमा भ्रमण रोकेर एकै स्थानमा बसेर भगवान्‌को कथा, कीर्तन, सत्संग आदि अनुष्ठान गर्छन् ।

चतुःश्लोकी भागवत : विष्णुभगवान्‌ले ब्रह्माजीलाई शुरु शुरुमा चार श्लोकयुक्त *भागवत*को उपदेश दिनु भएको थियो, सोही उपदेशलाई *चतुःश्लोकी भागवत* भनिन्छ । *भागवत*को केन्द्रविन्दुको रूपमा रहेको चतुःश्लोकको ज्ञान आफूले प्राप्त गरेपछि ब्रह्माजीले देवर्षि नारदलाई र नारदले वेदव्यासलाई सो ज्ञान सुनाउनु भयो । व्यासले त्यसको बिस्तार गरेर १८ हजार श्लोकयुक्त *श्रीमद्‌भागवत महापुराण*को रचना गरे अनि आफ्ना बह्मनिष्ठ सुपुत्र-शिष्य शुकदेव स्वामीलाई सुनाए । शुकदेवबाट मुमुक्षु राजा परीक्षितले *भागवत* ज्ञान प्राप्त गरे ।

*श्रीमद्‌भागवत महापुराण*को द्वितीय स्कन्ध, नवौं अध्यायका ३२, २३, ३४ र ३५औं श्लोकलाई *चतुःश्लोकी भागवत* भनिएको छ । यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लोकहरूमा *भागवत*को मूल तात्पर्य रहेको छ। *चतुःश्लोकी* यहाँ प्रस्तुत गरिएको छ-

अहमेवासमेवाग्रे नान्यद् यत् सदसत् परम्।
पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम्॥
ऋतेऽर्थं यत् प्रतीयेत न प्रतीयेत चात्मनि।
तद्विद्यादात्मनो मायां यथाऽऽभासो यथा तमः॥
यथा महान्ति भूतानि भूतेषुच्चावचेष्वनु।
प्रविष्टान्यप्रविष्टानि तथा तेषु न तेष्वहम्
एतावदेव जिज्ञास्यं तत्त्वजिज्ञासुनाऽऽत्मनः।
अन्वयव्यतिरेकाभ्यां यत् स्यात् सर्वत्र सर्वदा॥

यी श्लोकका निष्कर्ष रूप थप श्लोक हो यो-

एतन्मतं समातिष्ठ परमेण समाधिना।
भवान् कल्पविकल्पेषु न विमुह्यति कर्हिचित्॥

*चतुःश्लोकी भागवत*को उपदेशको प्रसंग र ती श्लोकका अर्थ र व्याख्या यस प्रकार छ- तीनै लोकका परम गुरु भगवान् ब्रह्माजीले आफ्नो जन्मस्थान कमलमा बसेर सृष्टि गर्ने इच्छाले विचार गर्न लाग्नुभयो। परन्तु सृष्टिका लागि उहाँलाई जुन ज्ञानदृष्टिको आवश्यकता थियो त्यो प्राप्त हुन सकेन। यसै चिन्तामा डुबेको समयमा उहाँले **तप-तप** भन्ने आकाशवाणी सुन्नुभयो र उहाँ तपस्यामा लाग्नुभयो। उहाँले दिव्य एक हजार वर्षसम्म तपस्या गर्नुभयो र भगवान् नारायणले उहाँलाई आफ्नो दिव्यधामको दर्शन गराउनुभयो। भगवान्ले ब्रह्माजीलाई भन्नुभयो- हेर्नुहोस् ब्रह्माजी ! म तपाईंको तपस्यादेखि अत्यन्त प्रसन्न भएको छु, तपाईं आफ्नो मनमा लागेको वर माग्नुहोस्। ब्रह्माले भगवान्सँग प्रार्थना गर्नुभयो- म हजुरको कृपाले हजुरको सगुण र निर्गुण रूप बुझ्न सकूँ।

त्यसपछि भगवान्ले ब्रह्माजीलाई *चतुःश्लोकी भागवत*को उपदेश दिने क्रममा भन्नुभयो- "म तपाईंलाई अनुभव, प्रेमाभक्ति र त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तिको साधन भएको नवधा भक्तियुक्त भएको अत्यन्त गोपनीय आत्मस्वरूपको ज्ञान प्रदान गर्दछु । मेरा जति विस्तार छन् मेरो जुन लक्षण हो, मेरा जति पनि रूप, गुण र लीलाहरू छन्, मेरो कृपाद्वारा ती वस्तुहरूको ज्ञान तपाईंलाई हुनेछ । यति भनेपछि भगवान् नारायणले चतु:श्लोकी उपदेश प्रारम्भ गर्नुभयो ।

यी चारवटा श्लोकहरूमा भगवान् भन्नुहुन्छ- सृष्टि हुनुभन्दा पहिले म मात्र थिएँ । त्यस समयमा ममा न माया थियो, न त मायाको कार्य नै । जहाँ सृष्टि छैन त्यहाँ पनि म नै छु, सृष्टिको रूपमा जुन वस्तु प्रतीत भइरहेको छ, त्यो पनि म नै हुँ । प्रलयकालमा जुन वस्तु अवशिष्ट रहन्छ, त्यो पनि म नै हुँ । भगवान्ले ब्रह्माजीलाई पहिलो श्लोकमा नै वेदान्तको अन्यन्त गोप्य रहस्य बताउनु भएको छ । वेदान्त सिद्धान्त अनुसार यो सम्पूर्ण संसार ब्रह्मको विवर्त हो । आफ्नो स्वरूपलाई नछोडीकन अर्को रूपमा देखापर्नुलाई विवर्त भनिन्छ । डोरीमा सर्पको भ्रम हुँदा डोरी नै आफ्नो स्वरूपलाई नछोडीकन सर्पको रूपमा प्रतीत हुन्छ । अत: डोरीको सर्पलाई डोरीको विवर्त भनिन्छ । त्यस्तै ब्रह्म या परमात्मा नै आफ्नो असली स्वरूपलाई नछोडीकन मायाद्वारा पञ्चमहाभूत र महाभूतको विकार घटपटादिको रूपमा प्रतीत हुन्छ । अत: यो सम्पूर्ण संसार ब्रह्मको विवर्त हो । यो संसार सृष्टि हुनुभन्दा पहिले र सुषुप्ति, मुर्च्छा, समाधि र मोक्ष कालमा पनि प्रतीत हुँदैन । केवल बीचमा यो संसार प्रतीत भएको छ । अत: यो जुन समयमा प्रतीत भएको छ त्यस समयमा पनि संसार नभएको नै ठहर्छ । समुद्रमा तरङ्गहरू उठ्नुभन्दा पहिले समुद्र छ, जुन समयमा तरङ्गहरू उठेका हुन्छन् त्यस समयमा पनि समुद्र हुन्छ, जहाँ तरङ्गहरू उठेका हुँदैनन् त्यहाँ पनि समुद्र हुन्छ र तरङ्ग शान्त भएपछि पनि समुद्र नै बाँकी रहन्छ । त्यसैले नै समुद्र स्थायी वस्तु हो, तरङ्ग आउने-जाने वस्तु हो । त्यस्तै यहाँ पनि सृष्टि हुनुभन्दा पहिले पनि परमात्मा हुनुहुन्छ, जुन समयमा सृष्टि हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस समयमा पनि परमात्मा हुनुहुन्छ, जहाँ सृष्टि छैन त्यहाँ पनि परमात्मा हुनुहुन्छ र जहाँ सृष्टि शान्त हुन्छ त्यहाँ पनि परमात्मा नै रहनु हुन्छ, त्यसैले स्थायी वस्तु परमात्मा हो भने सृष्टि आउने-जाने हो । सृष्टिको कुनै अलग अस्तित्व नभएको हुनाले यो संसार मिथ्या हो । परमात्मा मात्र भएको वस्तु हो (पहिलो श्लोकको व्याख्या) ।

यसपछि भगवान् मायाको विषयमा वर्णन गर्दै भन्नुहुन्छ- माया भन्ने त्यो वस्तु हो जसले भएको वस्तुलाई ढाकेर नभएको वस्तुलाई देखाइदिन्छ । मायालाई आवरण शक्ति र विक्षेप शक्तियुक्त बताइएको छ । माया या अज्ञानले आफ्नो आवरण शक्तिद्वारा ब्रह्मको स्वरूपलाई ढाकिदिन्छ र विक्षेप शक्तिद्वारा आकाशादि प्रपञ्च सृष्टि गर्दछ । अतः हामीहरूलाई जुन भएको वस्तु ब्रह्म हो त्यसको विषयमा कुनै ज्ञान हुँदैन र नभएको संसारको विषयमा प्रशस्त ज्ञान हुन्छ । यसैकारण हामी अनादि कालदेखि जन्म र मृत्युको चक्रमा बारम्बार घुमिरहेका हुन्छौँ । **यथाऽऽभासो यथा तमः** यस पद्यांशमा नभएको कुराको दृष्टान्तको लागि द्विचन्द्रको उदाहरण दिइएको छ । आकाशमा चन्द्रमा एउटा भए पनि नेत्ररोगले पीडित व्यक्तिले दुइटा चन्द्रमा देख्दछ । यो विक्षेप शक्ति अर्थात् मायाले नभएको वस्तु देखाइदिन्छ भन्ने कुराको उदाहरण हो । **यथा तमः** यो वाक्यद्वारा भएको कुरा देखिदैन भन्ने उदाहरण दिइएको छ । जस्तै- आकाशमा राहु छ तर चन्द्र र सूर्यको साहारा बिना त्यो देखिँदैन । (दोस्रो श्लोकको व्याख्या) ।

पञ्च महाभूतहरूबाट बनेका प्राणीहरूका ठूला र साना शरीरहरूमा पञ्च महाभूत प्रविष्ट छन् । उपादान कारणको सत्तादेखि अतिरिक्त सत्ता कार्यको नहुने हुनाले पञ्च महाभूतहरूले बनेका कार्यमा ती महाभूतहरू प्रविष्ट भएका हुन्छन् । कार्य उत्पन्न हुनुभन्दा पहिलेदेखि नै व्यापक रूपले महाभूतहरू सर्वत्र हुनाले, ती कार्यमा प्रविष्ट हुनाले म तिनीहरूमा प्रविष्ट पनि छु । फेरि पारमार्थिक दृष्टिले विचार गरेको खण्डमा आत्मादेखि अतिरिक्त कुनै पनि वस्तु नै सिद्ध हुँदैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मादेखि अतिरिक्त कुनै पनि वस्तु सिद्ध नभएपछि कार्यको अस्तित्व सिद्ध हुँदैन । जहाँ प्रवेश गरिन्छ त्यो वस्तु नै सिद्ध नभएपछि त्यहाँ प्रवेश गर्ने भन्ने कुरा पनि सिद्ध हुन सक्दैन । अतः म तिनीहरूमा अप्रविष्ट पनि छु । **यथा महान्ति भूतानि भूतेषूच्चावचेष्वनु । प्रविष्टान्यप्रविष्टानि तथा तेषु न तेष्वहम्** ॥ यस श्लोकमा भगवान् यही कुरा भन्नुहुन्छ । (तेस्रो श्लोकको व्याख्या) ।

यसपछि भगवान्ले अन्वय र व्यतिरेकको चर्चा गर्नुभएको छ । 'अन्वय' शब्दको अर्थ अनुवृत्ति हुन्छ भने 'व्यतिरेक' शब्दको अर्थ व्यावृत्ति हुन्छ । जाग्रत, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरू हुन्छन् । जुन समयमा श्रोत्र आदि इन्द्रियहरूद्वारा शब्द आदि विषयको अनुभव हुन्छ, त्यसलाई जाग्रत अवस्था भनिन्छ । जाग्रतका अनुभवको संस्कारको आधारमा जुन प्रपञ्चको प्रतीत हुन्छ त्यसलाई स्वप्न भनिन्छ । जुन अवस्थामा न त कुनै विषयको कामना हुन्छ न त स्वप्न नै देखिन्छ, त्यस्तो अवस्थालाई सुषुप्ति भनिन्छ । जसरी अवस्थाहरू तीनवटा हुन्छन् त्यसैगरी शरीर पनि स्थूल, सूक्ष्म र कारणका भेदले तीन प्रकारका हुन्छन् ।

जाग्रत आदि तीनै अवस्थामा आत्माको अन्वय अर्थात् अनुवृत्ति छ र शरीरको व्यतिरेक अर्थात् व्यावृत्ति छ भने देखाइन्छ । स्वप्नमा स्थूल देहको भान नहुँदा आत्माको भान हुनुलाई आत्माको अन्वय भनिन्छ । त्यस अवस्थामा आत्माको भान हुँदा स्थूल देहको भान नहुनुलाई स्थूल देहको व्यतिरेक भनिन्छ । त्यसैगरी सुषुप्तिमा लिङ्ग शरीरको भान नहुँदा आत्माको ज्ञान हुनुलाई आत्माको अन्वय भनिन्छ भने त्यस अवस्थामा आत्माको भान हुँदा लिङ्ग शरीरको भान नहुनुलाई सूक्ष्म शरीरको व्यतिरेक भनिन्छ । त्यसैगरी समाधिमा सुषुप्तिको ज्ञान नहुँदा आत्माको ज्ञान हुनुलाई आत्माको अन्वय भनिन्छ भने त्यस अवस्थामा आत्माको भान हुँदा जाग्रत, स्वप्न र सुषुप्ति यी तीनै अवस्थाको भान नहुनुलाई अवस्थाहरूको व्यतिरेक भनिन्छ । यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकार एक अवस्थामा अरू दुई अवस्थाहरूको अभाव हुन्छ । जाग्रत्‌मा स्वप्न र सुषुप्तिको अभाव हुन्छ, स्वप्नमा जाग्रत र सुषुप्तिको अभाव हुन्छ अनि सुषुप्तिमा जाग्रत् र स्वप्नको अभाव हुन्छ । समाधि एउटा यस्तो अवस्था छ जसमा जाग्रत, स्वप्न र सुषुप्ति तीनै अवस्थाको व्यतिरेक वा अभाव हुन्छ । उक्त अन्वय र व्यतिरेकद्वारा आत्मा सम्पूर्ण देश, काल र वस्तुहरूमा विद्यमान हो र अवस्थाहरू आउने र जाने हो भन्ने निश्चय भएपछि आत्मामा मुमुक्षुहरूको आस्था बढ्दै जान्छ र अनात्म दृश्य वर्ग प्रति अनास्था बढ्दै जान्छ । अन्त्यमा दृश्य वर्गमा सर्वथा अनास्था र आत्मामा आस्थाको दृढता भएपछि मोह नष्ट हुन्छ र यस अवस्थामा ऊ जीवन्मुक्त हुन्छ । (चौथो श्लोकको व्याख्या) ।

त्यसपछि भगवान् नारायण ब्रह्माजीलाई भन्नुहुन्छ-हेर्नुहोस् ब्रह्माजी ! उपर्युक्त अन्वय र व्यतिरेकद्वारा आत्माको सम्पूर्ण वस्तुहरूमा सधैं अन्वय छ र अवस्थाहरूको एक आपसमा व्यतिरेक छ भन्ने निश्चय भएपछि विभिन्न कल्पहरूमा गरिने विभिन्न सृष्टिहरूमा तपाईंलाई मोहले अलिकति पनि स्पर्श गर्ने छैन । **भवान् कल्पविकल्पेषु न विमुह्यति कर्हिचित्** श्लोकमा यही कुरा भनिएको हो ।[२]

चतु:सूत्री: *ब्रह्मसूत्र*का शुरुका चार सूत्रहरू । वेदव्यास रचित *ब्रह्मसूत्र* वेदान्तको जगत्प्रसिद्ध ग्रन्थ हो । विष्णुका अवतारहरूमध्ये एक मानिएका वादरायण या कृष्णद्वैपायन *(हेर्नू कृष्णद्वैपायन)* नामबाट विख्यात व्यासको *ब्रह्मसूत्र*मा उपनिषद्‌हरूमा अन्तर्निहित विषयलाई सूत्र रूपमा व्यक्त गरिएको छ । यस ग्रन्थलाई *उत्तरमीमांसा* पनि भनिन्छ । वेदका कर्मकाण्डको मीमांसा गरिएको एवं आचार्य जैमनिकृत सूत्रग्रन्थ *पूर्वमीमांसा* हो भने वेदको उत्तरभाग अर्थात् उपनिषद्‌हरूको ज्ञान खण्डमा आधारित सूत्रहरूकै समावेश गरिएको कारणले *ब्रह्मसूत्र*

[२]साभार: स्वामी डा. रामानन्द गिरिको भागवतका दश लक्षण र चतु:श्लोकी भागवतको संक्षिप्त व्याख्या । श्रीमद्भागवत स्मारिका । प्रकाशक-सत्संग परिवार जाउलाखेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*उत्तरमीमांसा*को नामले जानिएको छ । यसमा जम्मा ४ अध्याय, प्रत्येक अध्यायमा ४।४ पादको हिसावले १६ पाद अनि जम्मा ५५५ सूत्रहरू रहेका छन् । यस ग्रन्थलाई न्यायप्रस्थान पनि भनिन्छ- तर्कप्रधानताको कारणले । प्रस्थान-त्रयीमा *ब्रह्मसूत्र* न्यायप्रस्थान अन्तर्गत पर्छ भने श्रुति र स्मृतिप्रस्थान क्रमशः उपनिषद् (वेद) र *श्रीमद्भगवद्गीता* हुन् । *ब्रह्मसूत्र*का बहुचर्चित चार सूत्रहरू हुन्-

क. अथातो ब्रह्मजिज्ञासा ।

ख. जन्माद्यस्य यतः ।

ग. शास्त्रयोनित्वात् ।

घ. तत्तु समन्वयात् ।

जगद्गुरु शंकराचार्यले *ब्रह्मसूत्र*को भाष्य लेखेका छन् जसलाई *शारीरक मीमांसा-शास्त्र* भनिन्छ । कुत्सित (नराम्रो) शरीरमा बसेको जीवलाई शारीरक भनिएको हो । शंकराचार्यका शिष्य पद्मपादाचार्यले चतुःसूत्रीसम्मको हिस्साको भाष्यको टीका लेखे जसलाई *पञ्चपादिका* भनिन्छ । प्रकाशात्मयतिले *विवरण* नामको टीका लेखे । *पञ्चपादिका* र *विवरण*मा वेदान्त-दर्शन*(ब्रह्मसूत्र)*को प्रथम सूत्रको भाष्यलाई चार वर्णक(भाग)मा विभक्त गरेर व्यापक गरिएको छ । ... अध्यासभाष्य वेदान्त दर्शनको प्रथम सूत्रको प्रथम वर्णक हो । यो अध्यास भाष्य हो वेदान्त सिद्धान्तको वीज स्वरूप र सूत्रभाष्यको भूमिका स्वरूप । सारा दुःखको आत्यन्तिक निवृत्ति र परमानन्द प्राप्ति नै हो मोक्षरूप परम पुरुषार्थ । यो मोक्ष ब्रह्मज्ञानबाट प्राप्त हुन्छ- यो नै हो श्रुतिको सिद्धान्त र यो शारीरक भाष्यको पनि प्रतिपाद्य विषय♦ यस ग्रन्थमा प्रथम पादिका विषयक निरूपण यसरी गरिएको छः-

प्रथम अध्याय- यसमा वेदान्त सम्बन्धी समस्त वाक्यहरूको (मन्त्रको) आशय प्रकट गर्दै पृथक झैं देखिएका (अनेक स्थानमा) विचारहरूको समन्वय गरिएको छ ।

♦ *डा. क्षितीशचन्द्र चक्रवर्ती- चतुःसूत्री*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम पादमा- ती वाक्यहरूलाई प्रस्तुत गरिएको छ जसमा ब्रह्म बारे स्पष्ट कथन छ ।

द्वितीय पादमा- ती सूत्रहरू छन् जसले ब्रह्मको उपासनाको तात्पर्य व्यक्त गर्छन् ।

तृतीय पादमा- ब्रह्मको वर्णन ज्ञानरूपमा भएका सूत्रहरू छन् ।

चतुर्थ पादमा- विविध विचारयुक्त एवं संदिग्ध भावयुक्त वाक्यहरू उपर विचार गरिएको छ ।

चतुःसूत्र-चर्चा

क. प्रथम सूत्र हो- **अथातो ब्रह्मजिज्ञासा ।** (१।१।१)

परब्रह्म- निर्गुण, निराकार परमात्मालाई भनिएको छ । अपर-ब्रह्म- सगुण ब्रह्म हो । सबल ब्रह्म- माया सवलित ब्रह्म- विश्व, तैजस, प्राज्ञ, इन्द्र, वैश्वानरादि हुन् ।

वेदका ४ महावाक्यहरूले व्यष्टि-ब्रह्मलाई समष्टि-ब्रह्मका साथ एकाकार गराउन निर्देश गरेका छन् ।

प्रथम सूत्रको **अथातो ब्रह्मजिज्ञासामा** शब्द र अर्थ-

अथ- साधन चतुष्टय सम्पन्न पश्चात् । अधिकार अनन्तर । **अथ-** मंगलाचरण पनि हो ।

अतः- हेत्वर्थक, अब गर्नु पर्ने काम । साधन सम्पन्न भइसकेका छौ, अब मोक्षका लागि जिज्ञासा राख्ने कार्य गर भन्ने संकेत ।

ब्रह्मजिज्ञासा- ब्रह्मको खोज गर । देहलाई नै तिमीले ब्रह्म मानेका छौ कि त ? ब्रह्मानुसन्धानी बन

शांकर अध्यासभाष्यमा शरीरादिलाई आफू (ब्रह्म) मान्नु अध्यायस हो भन्दै रज्जु-सर्प प्रसंग दिइएको छ ।

अध्यास हुन- क.पूर्वस्मृति-सर्पको स्मृति हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख.सत्यवस्तु-रज्जुमा अवस्तु सर्प देखिन्छ ।

ग.भ्रम-ज्ञान(डोरीमा सर्प-ज्ञान) यो मिथ्या ज्ञान हो ।

यस्तो भूल गर्छ प्रमाताले ।

प्रमाता-देह, इन्द्रिय, वस्तुसँग आफूलाई मिलेको ठान्ने व्यक्ति हो, ज्ञान हुनुभन्दा अगाडिको स्थिति । 'म जान्दछु' भन्ने अहंयुक्त व्यक्ति । साक्षी-चैतन्य भनेको स्वरूप-बोध अघिको स्थिति । शरीर नोकर हो, त्यसलाई आफू ठान्नु प्रमातृभाव हो । यहाँ प्रमातृभाव किंवा अध्यासको निवारण गर्नका लागि *शारीरक मीमांसा* (शंकरचार्यकृत *ब्रह्मसूत्र भाष्य*)को प्रयोजन हो ।

ब्रह्म- निरतिशय सुखरूप, अखण्ड, त्रिविध भेद रहित, भुमा वस्तु हो । दु:ख, तापमा छटपटाएको जीवले ब्रह्मलाई जान्न खोज्छ- दु:खमय संसारबाट या जन्ममृत्युबाट पार लाग्न या मुक्तिका लागि । **यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति । यत्प्रयन्त्यभिसंविशन्ति । तद्विजिज्ञास्व तद् ब्रह्मेति** *(तै.उप. ३।१)*

जिज्ञासा- शंकराचार्यले जिज्ञासा शब्दको व्याख्या गरेका छन् । **ज्ञातुमिच्छा जिज्ञासा ।** यो जिज्ञासाको शान्ति, समाप्ति ब्रह्म या ईश्वर विषयक साक्षात्कारबाटै हुन्छ । ब्रह्मको साक्षात्कार परम पुरुषार्थ हो । त्यसैले **तद्विजिज्ञास्व** भनिएको हो । पुन: **प्रपञ्चोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यते स आत्मा स विज्ञेय** भनिएको छ *(मुण्डक उप.७)* । अर्थात् आत्मा कहलाउने जुन ब्रह्म वस्तु हो उसलाई प्रपञ्च उपशमपूर्वक जान्न खोज किनकि ऊ शान्त, शिव (कल्याणस्वरूप) केवलरूप र तुरीय छ ।

तत् वाचक परमात्मामा त्वम लगेर एकाकार गराउनु नै वेदान्त दर्शनको प्रयोजन हो । यसका लागि अध्यास (देहाध्यास) छाड्नु पर्छ । अध्यास हो अनृत, असत्लाई सत्य ठान्नु । मर्नेलाई नमर्ने मान्नु, अनात्मलाई आत्मा ठान्नु- यस्तो मिथ्यालाई नै देहाध्यास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ ।

देह हिंजो थिएन, आज छ, भोलि रहने छैन, त्यसैले देह मिथ्या हो, अनृत हो । देहाध्यास मूर्खता हो । आत्मा हिंजो पनि थियो, अहिले पनि छ, भोलि पनि रहने छ । त्यसैले आत्मा किंवा ब्रह्म सत्य हो, अमृत हो । यो ज्ञेय हो, उसैको जिज्ञासा गर्नु पर्छ-श्रुति भन्छ । अध्यास दुई प्रकारका छन्–

क. स्वरूप अध्यास- सिपीमा चाँदी देख्नु । रज्जु-सर्प उपमा ।

ख. संसर्गाध्यास- चाँदीलाई सिपी देख्नु । फटिक-जपापुष्प उपमा । **सदसद् विलक्षणम् अध्यास ।** अध्यासको परिभाषा हो ।

जगत् मिथ्या दृश्यत्त्वात्, जडत्त्वात्, परिच्छिन्नत्त्वात् । *(सुरेश्वराचार्य- अद्वैतसिद्धि)* अर्थात् जगत् झुठो हो किनकि यो देखिन्छ, यो जड छ, परिच्छिन्न छ ।

द्वितीय सूत्र- जन्माद्यस्ययतः (जन्मादि+अस्य+यत:)

पहिलो सूत्रमा ब्रह्मजिज्ञासा गर्ने अधिकारी निश्चय भएपछि ब्रह्मको लक्षणसूत्र रूपमा, अति संक्षेपरूपमा बताइयो- जसबाट सारा सृष्टिको जन्म, पालन र लय हुन्छ त्यो अधिष्ठान हो ब्रह्म ।

*न्यायदर्शन*का भाष्यकार वात्सायनका अनुसार शास्त्रका तीन प्रधान अंग हुन्छ -

क. उद्देश्य

ख. लक्षण

ग. परीक्षा

यस सूत्रमा ब्रह्मको लक्षण बताइएको छ ।

*भागवत*को पहिलो श्लोकमा- **जन्माद्यस्य यतोऽन्वयादितरत** श्लोकांश छ । यसले पनि ब्रह्मको तटस्थ लक्षण बताएको छ ।

१.जन्मादि- यसको अर्थ हो–ब्रह्म जगत्को जन्मको आदिमा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को अर्थ- जन्म, स्थिति र लय तीनैलाइ लिइएको छ । श्रुतिले पनि भनेको छ- **यतो वा इमानि भूतानि जायन्ते येन जाताति जीवन्ति । यत् प्रयन्त्यभिसंविशन्ति··· तद् ब्रह्म ।** *(तै.उप.३।१)* भृगुले आफ्ना पुत्र वरुणलाई बताएको ब्रह्मको तटस्थ लक्षण हो यो ।

२.अस्यः- इदम्, जगत् अर्थ ।

३.यतः- उपादान कारण र निमित्त कारणको निर्देश गरिएको छ । ईश्वर अभिन्नोनिमित्त कारण हो । श्रुति अनुसार सृष्टिमा ईश्वर प्रवेश भएको छ- **तद् सृष्ट्वा तदेवानुप्राविसत् ।**

कार्यरूप जगत्को स्रष्टा या कारण ईश्वर हो यद्यपि ऊ देखापर्दैन ।

(हेर्नू जन्माद्यस्य प्रविष्टि)

तृतीय सूत्रः शास्त्रयोनित्वात् ।

शास्त्रले अर्थात् वेदादि श्रुतिले ब्रह्मका बारेमा बताएका छन् त्यसैले ब्रह्मको अस्तित्वका सम्बन्धमा शास्त्रको प्रमाण आधारमा मानिन्छ 'योनि'को अर्थ-

क. कारण

ख. प्रमाण दुवै हुन्छ

के ब्रह्म प्रमेय हो ? प्रश्न उठ्न सक्छ । यसको शास्त्रसम्मत उत्तर हो- ब्रह्म प्रमेय हो किनकि वेदादि शास्त्र-प्रमाण छन् जसले ब्रह्मका बारेमा बताएका छन् । जिज्ञासुका लागि यो प्रमेय हो । ब्रह्म अप्रमेय पनि हो ।

ब्रह्म अप्रमेय हो, अज्ञेय हो । ब्रह्मलाई प्रमाणद्वारा सिद्ध गर्छु भन्नु युक्तिसंगत हुन्न । *बृहदारण्यक उपनिषद*मा याज्ञवल्क्य भन्छन्- ब्रह्मलाई गाईको सिंग समातेर 'यो गाई हो' भने झैं सिद्ध गर्न मिल्दैन । त्यसैले यहाँ अप्रमेय भनियो । अप्रमेयको अर्को अर्थ हो वेद बाहेक अन्य शास्त्रद्वारा प्रमाणित गर्न नसकिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रस्य योनि/कारण- वेदादिको योनि या कारण ब्रह्म नै हो (तत्पुरुष समास)। ब्रह्म(ईश्वर)ले शास्त्र कसरी उत्पन्न गरे ? लीला निश्वासित न्यायद्वारा लीलारूपमा विना प्रयास वेदादि उत्पन्न गरे।

वेद प्रमाण-अज्ञातलाई ज्ञापन गर्नका लागि नै वेद प्रमाण हो। प्रत्यभिज्ञ दर्शन स्मृति गराउने शास्त्र हो। राजपुत्र प्रसंगमा व्याधपुत्र राजपुत्र बनेको होइन, राजपुत्रले आफूलाई 'राजपुत्र हुँ' भन्ने यथार्थतालाई भुल्यो। कसैले बताइ दिएपछि उसलाई स्मरण भयो। उसले राजपुत्र भनेर आफूलाई स्वीकार गऱ्यो। आफू आत्मा हो तर आवरणले गर्दा यो ज्ञान ढाकियो। जब आवरण हट्यो त आफ्नो यथार्थ स्वरूपको साक्षात्कार भयो।

सूत्र चतुर्थ- तत्तु समन्वयात्।

तत्- त्यो, ब्रह्म।

समन्वयात्-ब्रह्म नै सम्पूर्ण शास्त्रको समन्वय हो।

श्रुतिहानि- श्रुतिले बताएको कुरा मानेन भने समन्वय हुँदैन। कर्म गर तर फलेच्छा त्याग-*गीता* भन्छ। फलेच्छाबाट श्रुतिहानि हुन्छ। अश्रुत प्रतियत्ति भनेको संसारिक भोग, स्वर्गादिका लागि गरिने कर्महरू हुन्।

वेदका मन्त्रहरूले सम्पूर्ण रूपमा, एकीकृत रूपमा, समन्वयात्मक रूपमा ब्रह्मकै प्रतिपादन गरेका छन्।

चण्डीः *मार्कण्डेयपुराण*को देवी माहात्म्य अन्तर्गत *सप्तशती* (चण्डी) रहेको छ। यसमा जम्मा ७०० श्लोकहरू छन्। *चण्डी*को उपक्रमदेखि उपसंहारसम्म मोह-मुक्ति नै प्रमुख विषय रहेको पाइन्छ। *चण्डी* श्रद्धाभक्तिपूर्वक शारदीय नवरात्रिमा दसैं कोठामा या देवी मन्दिरमा पाठ गर्ने गरिन्छ। यसको मुख्य उद्देश्य समाधि वैश्यले झैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोह-मुक्ति नै हो तापनि कामनापूर्वक पाठपूजा गर्नेहरूद्वारा तापत्रय आधिदैविक, आधिभौतिक र आध्यात्मिक दुःखशान्ति तथा सुख, आनन्द प्राप्तिको कामना गरिन्छ (जगज्जननी मातासँग) । राजपाठ गुमाउनु पर्दा शोकमोहग्रस्त सुरथ राजाले देवी माताको भक्ति शत्रु माथि विजयी बन्न र पुनः राज्य-प्राप्तिका लागि गरेका थिए । उनको सोही कामना पूरा भयो ।

असुरहरूदेखि पराजित देवताहरूले आद्याशक्तिको आव्हान, प्रार्थना गरेपछि देवीले दर्शन दिनु भएको, देवताहरूले उहाँलाई अस्त्रशस्त्रले सुसज्जित तुलाएका र तिनै देवीले विविध रूप लिएर महिषासुर, शुम्भ, निशुम्भ आदि महावली दैत्य राजाहरूलाई नाश गर्नु भएको रोचक कथा *चण्डी*मा पाइन्छ । प्रसन्न भएका देवताहरूको दुर्गे भगवतीको स्तुतिहरूबाट पनि *चण्डी* सुशोभित छ ।

मार्कण्डेयले शिव र शक्तिद्वारा दीर्घजीवी भएकोमा भगवती माताको स्तुति-कथायुक्त पुराण लेखे जुन *मार्कण्डेयपुराण* कहलाएको छ । यसमा ६ हजार ९०० श्लोक छन् । यसको मुख्य अंश *चण्डी* या *दुर्गासप्तशती* कहलाउँछ । नवरात्रमा यस पुस्तकको पाठ हुन्छ । *मार्कण्डेयपुराण*को ७८औं अध्यायदेखि ९०औं अध्यायसम्मको भाग *चण्डी* हो । यस पुराणमा मदालसाको कथा पनि पाइन्छ ।

चण्डेशः भगवान् शिवको एक गण । शिवले आफूमा चढाइएका वस्तुहरू अर्थात् पार्थिव लिङ्गमा निवेदित वस्तु चण्डेशलाई प्रदान गर्नुहुन्छ । त्यसैले ती वस्तु शिवपूजक या भक्तले ग्रहण गर्दा दोषको भागी हुनु पर्दछ । शिवलिङ्गमा शालग्रामको संसर्ग भएको छ भने शैवनिर्माल्यहरू ग्राह्य हुन्छन् । लिङ्गमा नचढाइकन अलग्गै शिवमा अर्पित भएको छ भने अग्राह्य हुँदैन ।

नर्मदेश्वर लिंग, धातुमय लिङ्ग, रत्नलिङ्ग, स्वयम्भूलिङ्ग, ज्योतिर्लिङ्ग तथा सिद्धलिङ्गमा चढाइएको प्रसाद, नैवेद्य ग्राहय र भक्ष्य मानिन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनकि यिनमा निवेदित वस्तुमा चण्डेशको भाग लाग्दैन ।✦

चन्द्र : हिमांशु, इन्द्र, कुमुदबान्धव, कलानिधि । *अमरकोष*मा चन्द्रमाका बीसवटा नाम दिइएको छ-

हिमांशुश्चन्द्रमाश्चन्द्र इन्दुः कुमुदबान्धवः ।
विधूः धांशुः शुभांशुरोषधीशो निशापतिः ।
अब्जो जैवातृक सोमो ग्लौर्मृगाङ्कःकलानिधिः ।
द्विजराजः शशधरो नक्षत्रेश क्षपाकरः ।

(अमरकोष १।३)

चन्दमा 'द्विजराज' हुन् अर्थात् ब्राह्मणहरूका राजा हुन्- **सोमराज्ञानो ब्राह्मणाः** *(तैत्तिरिय ब्राह्मण १।७।४।२, १।७।६।७)*। चन्द्रको अर्को नाम सोम हो । *कान्तोग्योपनिषद्*मा भनिएको छ- **चन्द्रमससमेष सोमो राज तद्देवाना मन्नं तं देवा भजयन्ति ।** *(५।१०।४)* अर्थात् धूमादि मार्गबाट जाने जीवात्मा आकाशबाट चन्द्रलोकमा पुग्छ । चन्द्रमा ब्राह्मणहरूका राजा सोम हुन् जो देवताका अन्त हुन् किनकि देवताहरू सोम रस खान्छन् । जीवनवर्द्धक भएकाले चन्द्रलाई जैवातक भनिन्छ । चन्द्रलाई उत्तर दिशाको राजा पनि भनिएको छ । वैदिक साहित्यमा **उत्तरा ह वै सोमो राजा** *(ऐत. ब्राह्मण १।८)*। उत्तर हिमाली राज्य नेपाल भएकोले नेपालको झण्डामा सूर्यका साथ चन्द्रमा पनि रहेका छन् । शत्रुजीत, हजारौं शत्रुहरूलाई पराजित गर्ने (पवित्र रहने) चन्द्रमाको *ऋग्वेद*मा यसरी वर्णन गरिएको छ- **यो जिनाति, न यीयते हस्ति शत्रुं अभीत्य । स पवस्व सहस्रजित** *(९।५५।४)*

श्रुतिमा अन्यत्र पनि भनिएको छ- हे चन्द्रमा ! तिमी गाई, बेगवान् घोडा र घरको यश बढाउने युद्धमा विजयी हुने, सभामा सम्मानित हुने र पिताको नाम राख्ने वीर तथा पुरुषार्थी पुत्र दिन्छौं ।

सोम भनेको स+उमा हो- **उभया ब्रह्म विद्यया सहितः सोम** ।

✦ *कल्याण-पूर्णसंख्या ३२९, १९५४ अप्रिल*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मविद्याले युक्त जो छ त्यो सोम अर्थात् चन्द्रमा कहलाउँछ । सोम भनेको अमृत हो, अमृतको श्रोत हो । समुद्रमा छाल आए झैं मनमा उमङ्ग, उत्साह बढाउने भएकाले चन्द्रमालाई सोम भनिएको हो । उनको वार सोमवार कहलाउँछ । सोमनाथ (शिव) जटामा चन्द्रमा धारण गर्नुहुन्छ त्यसैले सोमप्रिय, चन्द्रशेखर हुनुहुन्छ ।

चन्द्रमाको उत्पत्ति विराट पुरुषको मनबाट पैदा भएको कुरा *ऋग्वेदको पुरुषसूक्तमा* बताइएको छ–

ॐ चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत ।
श्रोत्राद्वायुश्च प्राणश्च मुखादग्निरजायत ।

अर्थ-चन्द्रमा विराट पुरुषको मन(ज्ञानस्वरूप सामर्थ्य)बाट, उसको आँखाबाट सूर्य, कानबाट वायु र मुखबाट अग्नि प्रकट भएको हो । विराट पुरुषको मनबाट चन्द्र उत्पन्न भएको कुराबाट के पुष्टि हुन्छ भने चन्द्र खास गरी पूर्णचन्द्र(पूर्णिमा)ले पृथ्वीका मनुष्यको मन एवं समुद्रको पानीमाथि बढी प्रभाव पार्छ । मनोवैज्ञानिकहरूले ठूल-ठूला सहरहरूमा धेरै दुर्घटनाहरू पूर्णचन्द्रकै समयमा हुने गरेको कुरा जनाएका छन् । अंग्रेजीमा चन्द्रलाई 'लुन' भनिनु र मनोविकारग्रस्त व्यक्ति 'लुनाटिक' कहलाउनु यसको उदाहरण हो ।

नेपाल र भारतमा समेत चान्द्र तिथि प्रचलित छ । वैदिक कालदेखिको चान्द्रमान (पञ्चाङ्गको) विधि अपनाइएको छ । चान्द्रमास ३० तिथिहरूमा बाँढिएको छ । पक्ष दुई छन्- कृष्णपक्ष र शुक्लपक्ष । औंसी पछिको पन्ध्र दिन शुक्लपक्ष हुन्छ । शुक्लपक्ष पूर्णचन्द्र या पूर्णिमामा गएर टुङ्गिन्छ ।

पद्मपुराणमा चन्द्रको उत्पत्ति सम्बन्धी रोचक कथा पाइन्छ । ब्रह्माजीले अत्रिलाई सृष्टि अगाडि बढाउन आदेश दिनुभयो । अत्रिले ब्रह्माको आदेश शिरोपर गरी अनुत्तर नामको तपस्या गरे । एक दिन ब्रह्मा चिन्तनमा मग्न भएको बखतमा उनको आँखाबाट जलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही थोपा खसे । ती दिव्य थोपाहरूले सबै दिशा प्रकाशित गरे । दिशाहरूका अधिष्ठात्री देवीहरूले पुत्र-प्राप्तिका लागि ती थोपाहरूलाई उदरमा राखे तर गर्भको तेजले गर्दा त्यसलाई धारण गरिरहन सकेनन् र त्यागि दिए । त्यस पछि ब्रह्माजीले त्यस गर्भलाई दिव्य तरुण पुरुषको रूपमा परिणत गरे । अनि सहस्र नाउँको रथमा बसाएर आफ्नो लोकमा लगे । सो पुरुषको शीतलदायी तेज बढ्दै गयो । त्यो तेजले गर्दा पृथ्वीमा दिव्य औषधिहरूको उत्पादन हुँदै गयो । यसरी चन्द्रमा औषधिहरूका स्वामी बने । उनी द्विज पनि कहलाए । त्यसपछि अति राम्रा चन्द्रको दक्षका २७ कन्याहरूसँग विवाह भयो । त्यसपछि चन्द्रले भगवान् विष्णुको ध्यान गर्दै तपस्या गरे । उनले इन्द्रलोकमा राजसूय यज्ञ गर्ने आफ्नो इच्छा प्रकट गरे । सो कार्यबाट चन्द्र ७ लोकका स्वामी बने ।

सूर्यग्रहण र चन्द्रग्रहण लाग्नुमा राहु, केतु ग्रहको प्रसंग पुराणमा बताइए पनि सूर्य, चन्द्र र पृथ्वीको आपसी सम्बन्धबाट यी ग्रहण लाग्ने गर्छन् । पृथ्वीको उपग्रह चन्द्रले पृथ्वीका साथै सूर्यलाई घुम्छ । यसरी पृथ्वी र चन्द्रमा आ-आफ्नो कक्ष(अर्विट)मा घुम्दा सूर्य र चन्द्र समान रेखामा पुग्दा पृथ्वी बीचमा पुग्दा, पृथ्वीको छाया चन्द्रमामा पर्छ र चन्द्रग्रहण लाग्छ । हाम्रो शास्त्रमा चन्द्रमा पर्ने पृथ्वीको छायालाई नै राहु बताइएको छ । विप्रचित्त दानवको सिंहिका राक्षसीबाट जन्मेको असुर राहु कहलाउँछ । त्यसले चन्द्रमालाई पक्रेपछि चन्द्रमा ग्रहण लाग्छ भन्ने कल्पना पुराणमा गरिएको छ । सूर्यग्रहणमा चाहिं पृथ्वी र सूर्यको बीचमा चन्द्रमा आइ दिनाले सूर्य छेकिन्छ र सूर्यग्रहण लाग्छ । यसलाई पुराणमा केतुको असर बताइएको छ । राहुले अमृत पिउन लाग्दा विष्णु भगवान्ले सुदर्शन चक्रले उसको टाउको काटिदिनु भयो । त्यो केतु ग्रह बन्यो । सूर्यले नै कुरा लगाएर अमृत खान बन्चित गरेको र टाउको काटिएकोले उसले सूर्यलाई दु:ख दिन खोज्छ भन्ने कथा पुराणमा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रघण्टा : शक्तिको तेश्रो नाम । यी देवीको मस्तिष्कमा घण्टाको आकारको अर्द्धचन्द्र छ । सुनौला रंगको शरीर छ । तीन नेत्र, दस भुजाधारी माताको सबै हातमा हतियारहरू छन् । सिंहमा आरुढ माता युद्ध तत्पर हुनुहुन्छ र उहाँको भयंकर घण्टाको ध्वनि सुनेर दुष्ट दैत्य, दानव, राक्षस भयभीत हुन्छन् ।[४]

चातुर्मास्य : ग्रीष्म, वर्षा र शीत ऋतुको आरम्भ अर्थात् फागुन, असार र कार्तिकदेखि शुरु हुने र चार महिनासम्म रहने वैदिक यज्ञलाई चातुर्मास्य भनिन्छ । चातुर्मास्य व्रतमा भोजन तथा केही आचार-व्यवहार सम्बन्धी निषेधको पालन गरिन्छ । आधुनिक समयमा वर्षाको चार महिना यातायताको कठिनाइको कारणले साधु-संन्यासीहरूले समेत यात्रा नगरी कुनै धार्मिक स्थलमा, धार्मिक-जिज्ञासुहरूका बीच रहेर धार्मिक अनुष्ठानादि गरी चातुर्मास्य पूर्ण गर्छन् ।

चित्तको शुद्धि, भगवान्को भक्ति र पुण्योदय पछि ज्ञानका लागि गृहस्थाश्रमीहरूले चातुर्मास्य व्रत लिनु आवश्यक बताइएको छ । असार शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीमा व्रतालुहरूले तुलसी रोपेर व्रतारम्भ गर्छन् । त्यसपछि पूर्णिमाका दिन व्यासजयन्ती मनाउँदै गुरुको पूजा गर्छन्- भक्ति र ज्ञानको आशीर्वाद याचन गर्दै । यस गुरुपूजालाई दक्षिणामूर्ति पूजा पनि भनिन्छ । यस चार महिना बीच भाद्रकृष्ण अष्टमीमा कृष्णजन्माष्टमी मनाइन्छ । यस अघि श्रावणी या जनैपूर्णिमा, आश्विन शुक्ल प्रतिपदादेखि घटस्थापना गरी दुर्गापूजाको क्रम शुरु हुन्छ । दशै सकिएपछि तिहार आउँछ । यम पञ्चक, लक्ष्मीपूजादि पछि कार्तिक शुक्ल एकादशीमा हरिबोधिनी एकादशी तुलसी-विवाह अनि यस महिनाको मसान्तमा चातुर्मास्य व्रत समाप्ति हुन्छ । चार महिनाका अवधिमा व्रतालुले तैल सेवन र मर्दन, ताम्बूल र गुड सेवन निषेध, मांसाहार, मधु, मद्य तथा अन्य उत्तेजक पदार्थ खान नहुने बताइएको छ ।

---

[४] *स्वामी सत्यमित्रानन्द गिरि-भारत माता मन्दिर*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चातुर्मास्य व्रत समाप्ति-मन्त्र यस प्रकार छ-

इदं व्रतं मयादेव कृतं प्रीत्यै तव प्रभो ।
न्यूनं सम्पूर्णतां यातु त्वत्प्रसादाज्जनार्दन ॥

जसरी तीर्थाटन गर्ने श्रद्धालुको आहार-व्यवहार र विचारमा सात्विक परिवर्तन आउँछ त्यसैगरी चातुर्मास्य गर्ने भक्तहरूमा सात्विक खाना, भगवद्चिन्तन, सत्संग, साधुसमागमले गर्दा आफू को हो ? दु:ख कसरी हट्छ ? भगवान् कहाँ हुनुहुन्छ ? उहाँलाई कसरी पाउने ? यी र यस्ता जिज्ञासा, विचार-चिन्तन भई उसको जीवनमा नयाँ मोड आउँछ । *भागवत*मा नारदको पूर्वजन्मको कथा पाइन्छ । देवर्षि नारद वेदव्यासलाई पूर्वजन्म बारे बताउँछन्- वर्षा कालमा चातुर्मास्य गरिरहेका वेदवादी ब्राह्मणहरूको सेवा, सुश्रुषा गर्दा दासी-पुत्रको रूपमा मेरा पापहरू पखालिए, चित्त-शुद्ध भयो । श्रीकृष्णको लीलाकथा सुन्दा सुन्दै मनमा भक्तिको मूल फुट्यो । अनि मेरो हृदयमा भगवान् प्रकट हुनु भयो । अहिलेको जन्ममा म ब्रह्माजीको मानस पुत्रको रूपमा मरीचि आदि ऋषिहरूका साथ उत्पन्न भएँ ।●

चार साधन : चार साधनयुक्त नभैकन ब्रह्मजिज्ञासा उत्पन्न हुन सक्तैन । ती चार साधन (साधनचतुष्टय:) हुन्-

क. नित्यानित्यवस्तुविवेक:- आत्मा (ब्रह्म) नित्य हो र जगत् मिथ्या हो भन्ने धारणा नै विवेक हो ।

ख. इहामूत्राफलभोगविरागर्थ:- यस लोकमा र स्वर्गादि लोकमा भोगेश्वर्यको चाहना राहित्यको नाम विराग हो ।

ग. शम-दम आदि साधन सम्पद् (सम्पत्ति) युक्त हुनुपर्छ नत्र वेदान्त श्रवण फलदायी हुन सक्तैन । ती सम्पत्ति ६ प्रकारका छन् -

१. शम
२. दम

● *भाग. प्रथमस्कन्ध पञ्चम-षष्ठ अध्याय*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. उपरति
४. तितिक्षा
५. श्रद्धा
६. समाधान

घ. मुमुक्षुत्व- मुक्तिको इच्छा अर्थात् मनोनाश-वासना क्षयपूर्वक तत्त्व साक्षात्कार ।

महायोगी अरविन्दले साधकका लागि चार साधन बताएका छन् । ती हुन्–

१.शास्त्रः– शास्त्र भूतकालको अनुभवको फल हो भने भविष्यको अनुभवको सहायक हो । शास्त्रले मार्गदर्शक चिन्हहरूद्वारा प्रधान मार्गको नाम र दिशाहरू बारे जानकारी दिन्छ ।

२.उत्साहः– साधकका लागि उत्साह बल हो । यसद्वारा निम्न प्रकृतिका सारा अन्धकार र विचारलाई हटाउँछ ।

३.गुरुः– आन्तरिक गुरु हुन्– अन्तर्यामी जो हामीभित्र रहेका छन्, गुप्त रूपले बसेका छन् । उनको प्रकाशबाट नै हामी भित्रका अन्धकार नष्ट हुन्छन् । त्यस पछि उपदेशक गुरु प्रति श्रद्धा गर्नु पर्छ । साधकमा भागवद् चैतन्य एवं आनन्द बर्साउने गुरु श्रेष्ठ हुन् ।

४.कालः– साधकले अनन्त काल आफ्नो हातमा छ भन्ने मानेर अनन्त धैर्य धारण गर्नु पर्छ । यस सम्बन्धमा वेदान्त-सत्संगमा बताइने गरेको कथा प्रस्तुत गरिन्छ । कुनै तीर्थस्थलमा दुई साधकहरूले तपस्या गरेका थिए । एक थिए योग साधक । अर्का थिए ज्ञान-योगी । केही कालपछि उनीहरूका सामु देवर्षि नारद पुगे र तपस्याको लक्ष्य सोधे । अगिल्लाले भगवान् विष्णुलाई प्राप्त गर्न चाहन्छु भने । अर्काले भगवान्‌को कृपाबाट मोक्ष चाहन्छु भने ।

देवर्षिले सो कुराको जानकारी भगवान्‌लाई दिँदै सोधे– कहिले तपाईं उनीहरूमाथि कृपा गर्नु हुन्छ ? भगवान्‌ले भन्नु भयो– उनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपोभूमिको पीपलको वृक्षमा जति पात छन् त्यति जन्म तिनीहरूले लिनु पर्नेछ । भगवान्‌को सन्देश पाएर । योगी चाहिं निराश भएर तपस्या त्यागी त्यहाँबाट हिंडे । अर्का ज्ञानयोगी चाहिं सो सन्देश सुनेर नाच्न थाले । उनलाई खुशी लाग्यो–भगवान्‌ले कृपा गर्छु भन्नुभयो । त्यही समयमा हुरी चल्यो र पीपलका पातहरू झरे । उनले आफ्नो लक्ष्य प्राप्त गरे । साधकले सिद्धि मिल्न धेरै काल लाग्यो या लाग्ने हो कि भनेर चिन्ता गर्नु साधना प्रति निष्ठा कमजोर पार्नु हो ।

*योगवाशिष्ठ*मा ज्ञान प्राप्तिका साधन दुई बताएको पाइन्छ–

क.ब्रह्मभाव(ज्ञान मार्ग)

ख.प्राण-निरोध (योग मार्ग)

ज्ञान मार्गको साधकले भावना गर्छ– समस्त विश्व ब्रह्मबाट नै व्याप्त छ । उसैबाट उत्पत्ति भएको हो र उसैमा लय हुनेछ । 'म', 'तिमी' भाव त्यागेपछि 'एकआत्मा' नै देख्न थाल्छ । राग द्वेषादि शान्त हुन्छन् । योग मार्गका साधकले प्राण-निरोधद्वारा चित्त शुद्धि गर्ने, त्यस पछि ज्ञान गर्ने उपाय अवलम्बन गर्छ । यी दुवै उपायका सामु अभ्यासको ढोका छ । त्यो बन्द ढोकालाई कालले नै खोल्छ ।

चार्वाक-दर्शन : वेदान्त आध्यात्मिक, आत्मिक दर्शन हो भने चार्वाक दर्शन भौतिकवादी एवं नास्तिक मत हो । देहलाई नै आत्मा मानेर खाऊ, पिऊ मोज उडाऊ भन्दै दैहिक सुखमा आधारित यो अवैदिक दर्शनलाई लोकायत पनि भनिन्छ । वेदान्त दर्शनको चरम विपरित मतको रूपमा चार्वाक-दर्शनको उल्लेख गरिन्छ । पाश्चात्य मुलुकमा यसको बढी प्रचार छ । यसको सिद्धान्त छ–

यावज्जीवेत सुखं जीवेद्ऋणंकृत्वा घृतं पिवेत् ।
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥

अर्थात् जबसम्म बाँचिन्छ सुखपूर्वक बाँचोस्, ऋण गरेर पनि घीउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाओस् । मसानमा जलाएको देह फेरि फर्केर आउँदैन अर्थात् प्रनर्जन्म, जीवात्मा भन्ने केही छैन । यसले प्रत्यक्ष प्रमाण बाहेक शास्त्र आदि प्रमाण मान्दैन ।

चार्वाक दर्शनको प्रवर्तक वृहस्पति हुन् भन्ने अनुमान गरिएको छ तर ती देवगुरु वृहस्पति कसरी होलान् त भन्ने शङ्का छ ।

चिज्जडग्रन्थिः चित् र जडको गाँठो । चिदाभास या जीवभाव । आफू चित् स्वरूप या शुद्ध चैतन्य भैकन कुनै साधकले जड देह या जगत् तथा जगत्का पदपदार्थहरूमा अलमलिएको अवस्थालाई चिज्जडग्रन्थि भनिएको छ। यस्तो ग्रन्थि-भेदन ब्रह्मज्ञान किंवा परमात्मा-साक्षात्कारबाट मात्रै हुन्छ भनेर वेदादिमा बताइएको छ। यस्तो मुक्त-स्थिति प्राप्तिका लागि साधकले साधन गर्दै जानु पर्छ- **आहार-शुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः स्मृतिलम्भे सर्वग्रन्थीनां विप्रमोक्ष...** । *(छन्दोग्य उपनिषद्-सनत्कुमार-नारद संवाद)* । अर्थात् आहारा शुद्धिबाट अन्तःकरण शुद्धि हुन्छ, अन्तःकरण (सत्त्व) शुद्धिबाट पूर्णतत्त्वको निरन्तर स्मरण भैरहन्छ । यस्तो ध्रुव स्मृतिबाट चिज्जडग्रन्थि भेदन हुन्छ अर्थात् आत्मज्ञान हुन्छ *(७।२६।२)*।

चित्/चिति : चिन्मात्र । शुद्ध चैतन्य । शुद्ध चिदात्मा ब्रह्म । आफ्नो चिन्मात्र स्वरूपमा प्रमाद भएपछि जीव बन्छ र दुःख भोग्छ । यही स्वरूपमा स्थूल-सूक्ष्म र कारण शरीर आश्रित छन् । चित् स्वरूपको विस्मृतिले नै चित्त खडा हुन्छ र दुःख पाउँछ । चित्तलाई त्यागेर, चित्तका वृत्तिहरू त्यागेर चित्स्वरूपमा अडेर बसेमा यसको बोध हुन्छ । अष्टावक्र मुनि मुमुक्षु राजा जनकलाई बताउँछन्–

यदि देहं पृथक्कृत्य चिति विश्राम्य तिष्ठसि ।
अधुनैव सुखी शान्तः बन्धुमुक्तो भविष्यसि ॥

(अष्टावक्रगीता १।४)

हे राजा ! तिमी देहाध्यासलाई त्यागेर चिति(चैतन्य)मा विश्राम गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहन सक्यौ भने अहिले नै तिमी सुखी, शान्त एवं बन्धमुक्त भैहाल्ने छौ ।

*त्रिपुरारहस्य*मा मनलाई 'चलचिति' र निश्चल चाहिं आत्मस्वरूपिणीचिति हो भनिएको छ- **चलाचितिर्मनोनाम्नी निश्चलात्मस्वरूपिणी ।** *(१८।११७)*

यस ग्रन्थमा चिदात्माको स्वातन्त्र्य नाम गरेको शक्ति नै चिति हो जुन संकल्परूप पनि बन्छ र संकल्प नभएको कालमा आत्मभूत भै चिति स्वच्छ चिन्मात्र हुन पुग्छ भनिएको छ *(११।६६)* । वास्तवमा चितिका लागि सृष्टि होस् या प्रलय केही परक पर्दैन–

सृष्टौ वा प्रलये वाऽपि निर्विकल्पैव सा चितिः ।
प्रतिबिम्बस्य भावे वाऽप्यभावेवैव दर्पण ॥

(ऐजन १४।५७)

सृष्टिमा र प्रलयमा पनि चिति निर्विकल्प नै रहन्छ । प्रतिबिम्ब भए पनि नभए पनि ऐना स्वच्छ नै रहन्छ । ऐना जड हुनाले, परतन्त्र हुनाले बिम्बको अपेक्षा रहन्छ अर्थात् ऐनालाई कसैले हेरिदियो, पुछपाछ गरिदियो भने त्यसले शोभा पाउँछ । तर चिति त जड होइन, चेतन हो, चैतन्य हो र स्वातन्त्र्य यसको विशेषता हो त्यसैले यसलाई बिम्बको अपेक्षा रहँदैन । *(ऐजन १४।५८)*

चित्त : चित् + क्तबाट चित्त शब्द बनेको छ । 'चित्' धातुको अर्थ जान्नु, बुझ्नु हुन्छ । विशेषणको रूपमा चित्तको अर्थ- सोचेको, मनन गरेको हुन्छ जस्तो चित्तवृत्ति । विशेष्यको रूपमा चित्त मन, बुद्धि, जीव र आत्माको अर्थ-बोधक छ ।

चिताउँदा नै मन चित्त बन्छ, चिताउन छाड्ने वित्तिकै त्यो चित् अर्थात् चैतन्य बन्छ । चिताएन र निदाएन भने साधकको चित्त अधिष्ठान अर्थात् चैतन्यमा मिल्छ । त्यसैले शंकराचार्य भन्छन्- **चित्तं चिदिति जानीयात्तकाररहितं यदा** *(सदाचारानुसंधानम्- ३७)* । अर्थात् 'चित्त'मा आधा 'त' (त्) झिकिदियो भने त्यो चित् नै बन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसो हेर्दा यो सानो कार्य जस्तो लाग्छ तर यस्तो पुरुषार्थ जसले गर्न सक्छ उसको रूपान्तरण हुन्छ, संसारी मानिसबाट जिज्ञासु आत्मामा स्थित हुन पुग्छ ।

चित्तलाई शुद्ध र स्थिर गर्ने उपाय के हो ? चित्त वैराग्यमुखी हुनु नै चित्तशुद्धि हो । यस्तो विवेकका लागि सद्ग्रन्थको स्वाध्याय र महापुरुषको सत्संग गर्नुपर्छ ।☺ वास्तवमा अविद्या नै चित्तरूपबाट प्रकट हुन्छ अर्थात् चित्त भनेको अविद्याको कार्य हो । चित्तको कारणले मानिसहरूले दु:ख पाएका छन् । जो जति धेरै चिताउँछ, ऊ उत्ति नै दु:खी हो । सुषुप्तिमा चिताउनु बन्द हुन्छ त्यसैले त अढाइ/तीन घण्टाको अवधिमा आनन्द प्राप्त हुन्छ । सुषुप्तिमा चित्तनाश नभए पनि त्यो आफ्नो कारण अविद्यामा लीन भएको हुन्छ, तैपनि आनन्दप्राप्ति हुन्छ मानिसलाई । प्रकृतिको वरदानको रूपमा प्राप्त सुषुप्तिमा कर्मेन्द्रिय ज्ञानेन्द्रियमा लीन हुन्छ । ज्ञानेन्द्रिय चित्तमा र चित्त अविद्यामा लीन हुन्छ । फलत: चिताउनु बन्द हुन्छ । चैतन्यमा चिदाभास मिल्न सकेको छैन तर नजिक चाहिं पुगेको छ । आगोको नजिक पुग्दा न्यानो आए झैं आनन्दस्वरूप चैतन्यको नजिक पुग्दा आनन्दको अनुभूति हुनु स्वाभाविक छ । फेरि जाग्रतमा आएपछि चित्त खडा हुन्छ र दु:ख, चिन्तामा परिहाल्छ । गर्मीको समयमा एकजना बटुवाले बाटामा पोखरी देखेर नुहाउँछ, शीतलता अनुभव गर्छ तर गन्तव्य टाडा भएको र ढिलाइ गर्न नहुने चिताउने बित्तिकै ऊ पोखरीबाट बाहिर निस्कन्छ, लुगा लगाउँछ र पुन: पोल्ने घाममा बाटो लाग्छ । उसले पोखरीमा स्नानको क्षणिक आनन्द मात्र पायो ।

चित्तको नाश र तत्त्व-साक्षात्कार नभएसम्म आत्मानन्दको स्थायित्व प्राप्त हुन सक्दैन । त्यसैले उपनिषद्हरूले भनेका छन्- अवस्थातीत, तुरीयमा नै वास्तविक आनन्द प्राप्ति हुन्छ, अभयपदमा पुगिन्छ । त्यही स्थितिमा पुग्न पुरुषार्थ गर, आत्मालाई जान । साधुसन्तहरू

☺खप्. स्वामी-ध. विज्ञान-४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिज्ञासुहरूलाई 'चित्त बरालियो भने त्योसँग कुराकानी गरेर समस्या समाधान गर' भनेर सल्लाह दिन्छन् । जस्तो- हे चित्त ! तँ आफू नै आफ्नो शत्रु नबन् । मित्र बन् । अब तँ चेतिस् भने खास बिग्रेको छैन । सुन हिलामा पर्दा केही बिग्रेको हुँदैन, धोए, पखाले पछि त्यो शुद्ध भैहाल्छ । अब तँ पनि आफूले आफैलाई शुद्ध गर । ...यसरी द्रष्टा बनेर, साक्षी भएर संझाउँदा सत्त्व गुणको प्रवाह चल्न थाल्छ र चित्त अन्तर्मुखी हुन्छ । अन्तर्मुखी वृत्तिद्वारा जप, ध्यान, वेदान्त-विचार जे जति साधन प्रयोग गरिने छ त्यसमा सफलता मिल्ने छ ।

अष्टावक्र मुनि राजा जनकलाई संझाउँछन्-

तदा बन्धो यदा चित्तं सक्तं कास्वपि दृष्टिषु ।
तदा मोक्षो यदा चित्तमसक्तं सर्वदृष्टिषु ॥

(अष्टावक्रगीता-८।३)

अर्थात्- चित्त जब दृश्य वा विषयमा फस्छ त त्यो बन्धनमा पर्छ । सबै दृष्टिबाट चित्त अनासक्त हुन्छ भने मोक्ष-प्राप्ति भैहाल्छ । अनासक्त चित्त भनेको 'शून्य-चित्त' हो । गुरुको उपदेश श्रवणबाट मोक्षसुख प्राप्त गरेका जनक आफ्नो आत्मज्ञानको अनुभव बताउँदै 'शून्य चित्त'को स्थिति बारे भन्छन्-

प्रकृत्या शून्यचित्तो यः प्रमादाद्भावभावनः ।
निद्रितो बोधित इव क्षीणसंसरणो हि सः ॥

(ऐजन १४।१)

स्वभावतः 'शून्य-चित्त'को स्थितिमा पुगेको व्यक्ति प्रारब्धवशात् प्राप्त विषय भोग्छ । अज्ञानमा सुतेको व्यक्तिको ज्ञानमा बिउँझनु उसको आफ्नो स्थिति हो । वास्तवमा ऊ मुक्त हो ।

वेदान्त-दर्शनले चित्तलाई **शुद्ध, शून्य** र **अशुद्ध** भनेर भेद गरेको छ । पहिलो हो **शुद्ध**(वासनायुक्त)**चित्त** । जस्तो- परमात्मा प्राप्तिमा रात-दिन लागिरहेको, भगवान्को लीला, गुणानुवादमा रमाउने चित्त या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्ति-कामी चित्त (मुमुक्षाको कामनायुक्त)।

अर्को चित्त हो **शून्य-चित्त**। सम्पूर्ण कामना, वासना र संस्कारजन्य तरंगहरू शान्त भएका साधु, सन्तहरूको चित्त। *अष्टावक्रगीता*मा **शून्य-चित्तयुक्त** ज्ञानीको प्रसंग बताइयो माथि। जसको चित्त जब सबै दृष्टिबाट अनासक्त हुन्छ त ऊ मुक्त हो भन्ने बोध हुन्छ। **शून्य-चित्त** भन्नु र आसक्तिहीन चित्त भन्नु कुरा एउटै हो किनकि यस्तो चित्तले साधकलाई मुक्तिमा पुऱ्याउँछ।

अशुद्ध चित्त तमप्रधान र रजप्रधान दुई प्रकारको हुन्छ। यस्तो अवस्थालाई क्रमशः मूढावस्था र क्षिप्तावस्था भनिन्छ। मूढावस्थामा चित्त काम, क्रोध, लोभ र मोहले ग्रस्त हुन्छ। यो नीच मनुष्यको स्थिति हो। क्षिप्तावस्थामा धर्म-अधर्म, राग-विराग, ज्ञान-अज्ञान, ऐश्वर्य-अनैश्वर्यमा प्रवृत्ति हुन्छ। यो अवस्था सांसारिक मनुष्यको हो।

खप्तडबाबाले चित्तको पाँच अवस्था देखाउँदै **मूढावस्था** र **क्षिप्तावस्था**को अतिरिक्त **विक्षिप्तावस्था**, **एकाग्रावस्था** तथा **निरूद्धावस्था**को समेत चर्चा गर्नु भएको छ *(ध.विज्ञान-३)*। मनोवैज्ञानिक भाषामा **विक्षिप्तावस्था** भनेको पागलपनको स्थिति हो तर दर्शन-शास्त्रमा सत्त्व गुणप्रधान अवस्थालाई **विक्षिप्तावस्था** भनिएको छ। यहाँ विक्षेपको अर्थ हो चञ्चलता अर्थात् एकाग्र नभैसकेको स्थिति। यस्तो अवस्थामा जिज्ञासुहरू, मुमुक्षु रहन्छन्। निष्काम कर्म गर्नाले राग-द्वेष, काम-क्रोध-मोहलाई छाड्ने कार्य हुन्छ तर चित्तको चञ्चलता नष्ट भएको हुन्न।

एकाग्रावस्थामा चित्तमा सहज वृत्तिहरूको प्रवाह चलिरहन्छ। यसको अन्तिम स्थिति विवेक-ख्याति हो। विवेक-ख्यातिको अर्थ हो चित्तलाई चैतन्य(पुरुष)देखि भिन्न देख्नु। यसबाट वैराग्य प्राप्त हुन्छ। यो अवस्थामा चित्त पुगेपछि सम्प्रज्ञात समाधि लाभ हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तिम अवस्था (चित्तको) हो **निरूद्धावस्था** । चित्तका सबै वृत्तिहरूको निरोधको स्थितिमा सबै संस्कारहरूको तिरोभाव भै परवैराग्यको संस्कार मात्र शेष रहन्छ । यसलाई असम्प्रज्ञात तथा निर्जीव समाधि भनिन्छ । *(ऐजन पुस्तक)*

महर्षि पतञ्जलीले चित्तको संयम, निरोध गर्न योग गर भनी बताएका छन्- **योगश्चित्तवृत्तिनिरोधः** *(योगसूत्र १/२)* । चित्त वासना, कामनाहरूको लहर हो, ज्वारभाटा हो । रातको समयमा चन्द्रमाको आकर्षणले समुद्रमा ज्वारभाटा, लहरहरू उठ्छन् र चन्द्रको प्रतिबिम्ब राम्ररी पर्दैन । शान्त पोखरी, तलाउमा चन्द्रको प्रतिबिम्ब राम्ररी पर्दछ । निरुद्ध चित्त भनेको हावा या आकर्षण-शक्ति विहीन पोखरी, समुद्र झैं हो- शान्त । यस्तो स्थितिमा बुद्धि वृत्तिमा चैतन्य झकन्छ । अन्तःकरणचतुष्टयमा मन, बुद्धि पछि चित्तको गणना हुन्छ र अन्त्यमा छ अहंकार । सूक्ष्म शरीरलाई १७ तत्त्वयुक्त मान्दा मन र वुद्धिको उल्लेख हुन्छ- इन्द्रिय-१०, प्राण-५ र मन, बुद्धि-२ । मनमा चित्त र बुद्धिमा अहंकार रहेको यहाँ मानियो । शास्त्रमा कतै मन र बुद्धिलाई चित्तको अवस्था मानिएको पनि पाइन्छ ।

चित्त-शुद्धिः *योगवाशिष्ठ*मा ब्रह्मजानी गुरु वशिष्ठ उत्तम शिष्य श्रीरामलाई उपदेश दिन्छन्- चित्त शुद्ध पार । अहंकार नष्ट भएपछि आत्माको दर्शन हुनेछ । ब्रह्मबाट उत्पन्न चित्त ब्रह्मरूप हो पनि, होइन पनि । ज्ञानीहरूका लागि चित्त ब्रह्मरूप हो, अज्ञानीहरुका लागि ब्रह्मरूप होइन । ज्ञानीहरू संसारी मानिसहरूलाई उपदेश दिनका लागि यसलाई बेग्लै रूपमा बताउँछन् । चित्त ब्रह्मकै शक्ति हो र चित्तबाटै जगत् बन्छ । अज्ञानको कारण नै मनुष्यले असत्य जगत्लाई सत्य मान्छ । यही हो चित्तको अशुद्धि भनेको ।^ चित्तको शुद्धिका लागि निष्काम कर्म गर्नुपर्छ । वैराग्यबाट चित्तको चञ्चलता नष्ट हुन्छ । त्यो निरुद्ध हुन्छ अनि शान्ति प्राप्त हुन्छ । *भागवत*को

^ *डा.क्षितीशचन्द्र चक्रवर्ती-'चतुःसूत्री'*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपिलगीता (हेर्नू कपिलगीता) अनुसार इन्द्रियादिका देवताहरू निर्जीव रूपमा पल्टेका विराटपुरुषलाई उठाउन पुरुषका अवयवहरूमा प्रवेश गरे । तर विराटपुरुष उठेनन् । अन्त्यमा चित्तको अधिष्ठाता क्षेत्रज्ञ (वासुदेव) चित्त सहित हृदयमा प्रवेश गर्ने वित्तिकै (प्राण हालेको मान्छे उठे झैं) विराटपुरुषको उत्थान भयो ।*

चित्तको तीन भूमिका बताइएको छ–

क. **अशुद्ध स्थिति**

ख. **शुद्ध स्थिति**

ग. **अखण्डाकार स्थिति**

क. **अशुद्ध चित्त**– देह, इन्द्रिय, मन, अहंकारसँग मिसिएर कर्ता, भोक्ता, सुखी दुःखी मानिस म हुँ भन्ने व्यक्तिको चित्त । मल र विक्षेप दोषले युक्त ।

ख. **शुद्ध चित्त**– देह, इन्द्रिय, अहंकारादिसँग नमिलेको तर तिनको प्रकाशक द्रष्टा, साक्षी म हुँ भन्ने धारणा दृढ भएको अवस्था । यसले नै साक्षी-चैतन्यको चिन्तन गर्छ । यसमा मल र विक्षेप नष्ट भए पनि आवरण दोष हटेको छैन ।

ग. **अखण्डाकार चित्तवृत्ति**– अखण्डाकार वृत्तियुक्त चित्त या ब्रह्मात्मिका वृत्तियुक्त । ढुङ्गामा अंकित रेखा जस्तो ढुङ्गामा अवस्थित भइकन (ढुङ्गादेखि अभिन्न भइकन) ढुङ्गालाई आफ्नो स्वरूप भनी अनुभव गर्छ । **शुद्ध चित्त** भएको पुरुषले त्रिपुटीरहित अनुभव गर्न थालेपछि उसको चित्तले चैतन्य स्वरूप प्राप्त गर्छ । त्यस अवस्थामा परिपूर्ण र उपाधिरहित चैतन्य स्वयं प्रकाशित हुन्छ । त्यसैको नाम हो तुरीय आफू । वृत्ति रहित भएपछि नै चित्त चित् समुद्रमा डुब्छ ।[८]

** भाग. ३।२६।७०*

[८] डा. क्षितीशचन्द्र–ज्ञान प्राप्तिको क्रम र ज्ञानीको विशेषता- साक्षात्कार ४।३, ०२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो चित्त भएको व्यक्तिमा कर्ता-भोक्ता भाव रहँदैन । ऊ भगवान्मा (अन्तर्यामी परमात्मामा) शरणागत हुन्छ । **शुद्ध चित्त** साधकले साक्षी चैतन्यको चिन्तन गर्छ भने अखण्डाकार चित्तवृत्तियुक्त पुरुष (प्रत्यगात्मा) आत्मअग्निको एक झिल्का बन्छ । ऊ साक्षी चैतन्य नै हुन्छ । तर यसको कारणबाट मात्र जीवनको रूपान्तरण सम्भव छैन, अति मानसको अवरोहणको पनि आवश्यकता पर्छ ।[६]

स्वामी योगेश्वरानन्द आफ्ना शिष्यहरूलाई चित्तलाई हप्की दप्की गरेर काबूमा राख्न उपदेश दिन्थे । उनी भन्दथे–चित्तलाई दिन दिनै यसरी सम्झाउनु पर्छ- दुर्गन्धी रक्षान् जस्तो शरीरको भरमा किन व्यर्थ अभिमान गर्छस् ? शरीर त हाड, मासु, रगतको पुतला हो । तूच्छ शरीरसँग सम्बन्धित नाता, कुटुम्बको आसक्तिमा पर्नु तँ जस्तो मूर्खलाई सुहाउला तर मलाई सुहाउँदैन । म तेरो जातको नभई चित् हुँ । आत्मचिन्तन तिर लाग, अन्तर्मुखी बन, तेरो दु:खपीडा दूर हुन्छ, तेरो कल्याण हुन्छ । स्वामीजी शिवरात्रीमा भारतबाट काठमाडौ आउँथे । उनी कट्टर वेदान्ती थिए र भक्तहरूलाई भन्थे– **'ब्रह्म सत्यं जगन्मिथ्या'** यसैमा अड । शम, दम, यम, नियमको पालना गर ।[७]

चित्तशुद्धिका लागि निष्काम कर्म गर्नुपर्छ । तीर्थव्रत, नित्यकर्मादि गर्नुपर्छ । शुद्ध चित्तमा नै ज्ञान अड्छ त्यसैले कर्म ज्ञानको परम्परा या साधन हो, साक्षात् साधन त विचार हो, चिन्तन हो, अखण्डकार वृत्ति हो ।

आद्यजगद्गुरु शंकराचार्य अनुसार कर्मले चित्त शुद्ध गराउँछ तर त्यसले ज्ञानको ढोकामा पुऱ्याउँदै । ज्ञानका लागि विचार नै

---

[६]जयदेव सिंह- समकालीन दर्शन-अरविन्द दर्शन

[७]रुद्रराज पाण्डे– संत-दर्शन-२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वोत्तम आलम्बन हो। त्यो बिना करोडौं कर्म गरे पनि ज्ञानमा पुगिन्न–

चित्तस्य शुद्धये कर्म न तु वस्तूपलब्धये।
वस्तुसिद्धिर्विचारेण नकिञ्चित् कर्मकोटिभिः ॥

चित्तवृत्ति : 'वृत्त' धातुमा 'क्तिन्' प्रत्यय मिलेर 'वृत्ति' बनेको छ। यसको अर्थ सत्ता, अवस्था, दशा, कार्य, गति, आचरण हुन्छ। चित्तवृत्ति भन्नाले चित्तको गति, कार्य बुझ्नु पर्छ। चित्त, इन्द्रिय र विषय-तीनको संयोग नै प्रपंच हो, संसार हो। चित्तलाई सहज रूपमा छाड्ने हो भने त्यो इन्द्रियसँग मिलेर विषय तर्फ लाग्छ। भोगवादीहरू चित्तलाई छाडा छाडेर आनन्द भोग्न चाहन्छन् तर उनीहरूलाई आनन्दको साटो दुःख मिल्छ। सुख चाहने हो भने भोगलाई त्यागेर योगतिर लाग्नु आवश्यक छ। प्रेयतर्फ बढ्नु चित्तलाई बहिर्मुखी बनाउनु हो। श्रेय मार्गमा लाग्नु चाहिं चित्तवृत्तिलाई नियन्त्रित गर्नु हो। महर्षि पतञ्जलीले भनेका छन्- **योगश्चित्तवृत्तिनिरोधः।**▸ चित्तवृत्ति निरोध नै योग हो। श्रेय या सुख तर्फको मार्ग हो संयम, निरोध। यसरी वृत्ति निरुद्ध हुँदा साधक (द्रष्टा) आफ्नो स्वरूपमा रहन्छ- **तदा द्रष्टुः स्वरूपेऽवस्थानम्।*** संयमको उपलब्धि आनन्दस्वरूप आत्म(साक्षी)मा स्थिति हो।

शास्त्रमा चित्तवृत्ति निरोधका साधन आठ बताइएको छ-

१.**यम**- अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य आदि दैंवी सम्पद।

२.**नियम**- जप, तप, अर्चना, तीर्थाटन, शौच, परोपकारादि गुण।

३.**आसन**- सिद्धासन, पद्मासन आदि आसनहरू।

४.**प्राणायाम**- एकान्तमा बसी श्वास भित्र तानेर रोक्ने छोड्ने-रोचक पूरक, कुम्भक आदि क्रिया।

▸ *योगसूत्र-२*
**ऐजन-३*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.प्रत्याहार- मनलाई वासनाद्वारा चञ्चल हुन् नदिई वशमा राख्नु ।

६.धारणा- चित्तलाई एकै विषयमा लगाइरहनु ।

७.ध्यान- चित्त विषयरहित हुनु- **ध्यानं निर्विषयं मन ।**

८.समाधि- जीव र ब्रह्मको भेदराहित्य ।

चित्तवृत्ति निरोधमा प्राणायामको ठूलो महत्त्व छ । चित्त र प्राण मध्ये एकको निरोध गरे अर्को ठीक हुने कुरा शास्त्रले बताएको छ - **चले वायुं चले चित्तं मने वायु निबद्धते ।** डराएको मानिसको स्वास छिटोछिटो चल्छ । मन शान्त छ भने प्राण पनि शान्त रहन्छ । यसैगरी प्राणायाम गर्दा पनि मन शान्त हुन्छ । मानौ यी दुई एउटै सिक्काका दुई पाटा मात्र हुन् ।

चित्तवृत्ति किंवा बुद्धिवृत्ति मोटामोटी रूपमा दुई प्रकारले विभाजन गरिन्छ- **क.आनन्दमय वृत्ति ख.मनोमय वृत्ति ।** आनन्दमयलाई प्रिय, मोद र प्रमोदको रूपमा वर्गीकरण गरिएको छ । मनोमय वृत्ति चाहिं प्रवृत्तिपरक हुन्छ जसका काम, क्रोधादि हाँगा-बिँगाहरू छन् । तिनलाई हामी चार्टमा बुझ्ने प्रयास गरौं-

आनन्दमयवृत्ति

प्रिय	मोद	प्रमोद
इष्ट दर्शनबाट प्रियाकार वृत्ति पैदा हुन्छ ।	इष्ट प्राप्तिबाट मोदाकार वृत्ति पैदा हुन्छ ।	इष्ट वस्तुको भोगबाट प्रमोदाकार वृत्ति सन्तुष्ट हुन्छ ।

वेदान्तमा प्रियलाई चराको शिर, मोदलाई देव्रे पखेटा र प्रमोदलाई दाहिने पखेटा बताइएको छ । त्यस चराको पुच्छर चाहिं ब्रह्म हो जुन वृत्तिराहित्य स्थितिमा अनुभव हुन्छ । चराको बेगलाई रोक्ने, उडाउने, हाँक्ने सबै पुच्छर हो । त्यसैले श्रुति भन्छ- **ब्रह्म पुच्छ प्रतिष्ठा ।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृत्तिजन्य आनन्द विषय-सुख हो, जुन क्षणिक छ, तूच्छ छ। ब्रह्मानन्द नै वास्तविक आनन्द हो। आत्मस्वरूपको जुन आनन्द छ त्यसको प्राप्तिमा वृत्ति लय हुनु आवश्यक छ- जस्तो पानीको भाँडोमा घोलिएको नून। आत्माकाराकारित चित्तवृत्ति नष्ट भयो या मनोनाश, वासना-क्षय भयो भने आत्मसाक्षात्कार घट्ना घट्छ। साक्षात्कारका लागि चित्तवृत्ति चाहिन्छ पनि, चाहिन्न पनि। यसो हेर्दा यो परस्पर विरोधी कुरा झैं लाग्छ। नदी पारी जान डुङ्गा चाहिन्छ, पारी पुगेपछि चाहिन- डुङ्गा साधन हो त्यस्तै चित्तवृत्ति।

चित्तवृत्ति गुणसँग मिलेर सात्त्विक, राजसिक र तामासिक बन्छ जसको परिणाम हुन्छ- जाग्रत, स्वप्न र सुषुप्ति। सात्त्विकवृत्तिबाट जाग्रत जगत् खडा हुन्छ। राजसिकबाट स्वप्न र तामासिक वृत्तिबाट सुषुप्ति हुन्छ। ती तीन अवस्था या वृत्तिको साक्षी चाहिं विलक्षण छ–

जागत् स्वप्नः सुषुप्तं च गुणतो बुद्धिवृत्तयः।
तासां विलक्षणो जीवः साक्षित्वेन विनिश्चितः॥▲

*भागवत्*मा हंसावतार नारायण भगवान् ब्रह्माजीलाई बुद्धिको बन्धन रूपी वृत्ति एवं गुणलाई त्यागेर तुरीय आत्मतत्त्व(जुन मेरो स्वरूप हो)मा अड भनेर उपदेश दिनुहुन्छ- **मयि तुर्ये स्थितो जह्यात् त्यागस्तद् गुणचेतसाम्।**▸

मनोमय वृत्ति मूलप्रवृत्तिसँग सम्बन्धित छ। यो विकारग्रस्त छ आनन्द खोज्ने मानिसले दुःख पाउनुको कारण यही प्रवृत्तिले गर्दा हो। यो मनोमय कोशमा काम, क्रोध, लोभ, मोह, भय, इर्ष्या र अहंकार जस्ता रिपुहरू रहेका छन्। कामले वंशवृद्धि गराउँछ। संसारको विस्तार यही प्रवृत्तिबाट भएको छ। क्रोधको कारणले लडाइँ, झै-झगडा हुनजान्छ। भयको कारणले प्राणीले सुरक्षाका उपाय अवलम्बन

▲ *भाग. हंसगीता ११।१३।२७*

▸ *ऐजन-श्लोक २८*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छ । अहंकार मनोमय कोशको जग हो । अहंकार नष्ट हुँदा अरू सबैको नाश हुन्छ । अहंकार नरहे ज्ञान सुलभ हुन्छ ।

चित्तले भगवान्‌लाई पक्र्यो भने त्यो भगवदाकार वृत्ति हुन पुग्छ । विषयाकार वृत्ति वासनाबाट जन्मन्छ । वासना चाहिं इच्छाबाट उत्पन्न हुन्छ । इच्छालाई छाडेपछि वासना हट्छ । ज्ञानीको वासना, इच्छा, केही हुँदैन । त्यसैले उसको चित्तवृत्ति आत्मामा आकारित हुन्छ (आत्माकारवृत्ति) जुन भगवदाकार वृत्ति भन्दा माथिको बताइएको छ । यो वृत्ति अखण्ड रूपले आत्मामा नै आकारित भैरहँदा अखण्डाकार वृत्ति कहलाउँछ । यसको परिपाक भएपछि वृत्ति पनि भंग हुन्छ र साक्षात्कार हुन जान्छ । निर्वासनिक मुमुक्षुमाथि ईश्वरकृपा हुन्छ । त्यसैको परिणाम हो साक्षात्कार ।

चित्तवृत्ति अज्ञानसँग मिलेमा भोक्ताभाव खडा हुन्छ । घर, पहाड कतै जानु-नजानु आदि सबै वृत्तिपरक नै छन् । वृत्तिराहित्य कसरी हुने ? घटाकार वृत्तिलाई छाड्यो, पटाकार वृत्ति भैसकेको छैन । त्यस बीचको अन्तरालमा आफ्नो आनन्द स्वरूपको अन्वेषण गर्नू भनेर वेदान्त-शास्त्र भन्छ ।

उपासकले भगवदाकार वृत्तिलाई अंगालेको हुन्छ । त्यसैले उसले सबै वस्तु, जन्तु, प्राणीमा भागवान्‌को दर्शन गर्छ-

भूतानि दुर्गा भुवनानि दुर्गा
स्त्रीयोनरश्चापि पशुश्च दुर्गा
यद्यद् हि दृश्यं खलुसैव दुर्गा
दुर्गास्वरूपातअपरं नकिश्चित् ।

वृत्तिकहाँ उत्पन्न हुन्छ ? चित्त या बुद्धिमा, त्यसैले चित्तवृत्ति, बुद्धिवृत्ति भनिन्छ । जगत् चित्तकै कल्पना हो । चित्तले चिताएन भने त्यो चित् बन्छ, चैतन्य हुन्छ । यसरी वृत्तिबाट मुक्त होइन्छ । *योगवाशिष्ठ*मा भनिएको छ- वैराग्यबाट चित्तको चञ्चलता हट्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि व्यक्ति परम पदमा रमेर श्रेष्ठ हुन्छ । तब संसारको बन्धनबाट मुक्ति मिल्छ । *(उत्पत्ति प्रक.चित्त-वर्णन)*

चिताभस्म : मृतकको दाह संस्कार गर्नका लागि मिलाइएको दाउराको चाङलाई चिता भनिन्छ । दाह संस्कार सम्पन्न भएपछिको खरानी चिताभष्म हो । शिवजी चिताभष्म आफ्नो जीउमा लगाउनु हुन्छ ताकि जीवको उद्धार होस् । चिताले प्राणीको नाम र रूपलाई भष्म गर्छ, स्थूल शरीरलाई पञ्चतत्त्वमा मिलाइदिन्छ । अन्नमय शरीर पञ्चतत्त्वले नै बनेको हुन्छ ।

हिन्दु धर्म अनुसार संन्यासीको शवलाई मात्र चितामा भष्म गरिन्न त्यसलाई कि समाधिस्थ गर्नुपर्छ कि भने जलसमाधि दिनुपर्छ । अरु वर्णाश्रममा भने चितामा जलाइन्छ । यसरी जलाइँदा कपोत (दाह संस्कार गर्दा बाँकी राखिने सानो अंश जुन परेबाको छाती जत्रो हुन्छ) गङ्गामा बगाइन्छ या गाडिन्छ । गङ्गामा बगाइएको त्यही अंशद्वारा मसानबासी शिवले कल्याण गरिदिनु हुन्छ भन्ने विश्वास गरिन्छ । पुष्पदन्ताचार्य चिताभष्म लगाएर मसानमा बस्ने शिवजीको स्तुति गर्दै भन्छन्-

श्मशानेष्वाक्रीडा स्मरहर ! पिशाचाः सहचरा-
श्चिताभस्मालेपः स्रगपि नृकरोटीपरिकरः ।
अमङ्गल्यं शील तव भवतु नामैवमखिलं
तथापि स्मर्तॄणां वरद ! परमं मङ्गलमसि ॥

(शिवमहिम्न:स्तोत्र-२४)

अर्थात्- कामनाशक भगवान् ! तपाईं मसानमा आनन्दपूर्वक खेल्नुहुन्छ, पिशाचहरूसँग दोस्ती गर्नुहुन्छ र चिताको खरानी शरीरमा घस्नुहुन्छ । त्यति मात्र होइन मानिसको खप्परको माला लगाउनु हुन्छ, सम्पत्तिहीन हुनुहुन्छ - यसरी सम्पूर्ण ढाँचाकाँचा अमङ्गल जस्तो लाग्छ तर आफ्ना भक्तहरूलाई वरदान दिनुहुन्छ- वरदान पनि परम मङ्गल रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(मोक्ष) ।

चित्ताकाशः चित्त + आकाशबाट चित्ताकाश शब्द बनेको छ । जगत्लाई फैलाउने कार्य चित्ताकाशले गर्छ । चित्तले गर्दा पदार्थहरू उत्पन्न हुन्छन् । चित्त ती पदार्थको आसक्तिमा फस्छ र जीवले दुःख पाउँछ । चित्ताकाश ज्ञानीहरूका लागि ब्रह्मरूप हो, अज्ञानीहरूका लागि जगत्रूप हो । चित्त ब्रह्मकै शक्ति हो । तर चित्तको शक्तिबाट चाहिँ जगत् बन्छ । चित् ब्रह्म तिर फर्क्यो भने त्यो चित् बन्छ । यस्तो चित्तयुक्त व्यक्ति दुःखबाट मुक्त हुन्छ ।

वैराग्यबाट चित्तको चञ्चलता नष्ट हुन्छ । वैराग्यबाटै त्यसलाई वशमा ल्याउन सकिन्छ । चित्त अन्तःकरणको अति महत्वपूर्ण अंश हो । कार्यको शुरुमा चिताउने क्रिया हुन्छ । सो भएपछि कामना हुन्छ, वासना प्रबल हुन्छ । वुद्धिमान् व्यक्तिले राम्रो, नराम्रो कार्यको निर्णय गर्छ । कुनै कार्य सम्पन्न भए पछि व्यक्तिले कर्ता-भोक्ताभाव रूपी अहंकार व्यक्त गर्छ । यसरी अन्तःकरणले चार क्रियाबाट चित्त, मन, बुद्धि र अहंकार चार रूप ग्रहण गर्छ ।

अन्तःकरण



चित्सुखाचार्यः *चित्सुखी* ग्रन्थकार । आचार्य चित्सुखको प्रादुर्भाव तेन्हौं शताब्दीमा भएको मानिन्छ । यिनले आफ्नो ग्रन्थ *तत्त्वप्रदीपिका*मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाऱ्हौं शताब्दीका *न्यायलीलावतीकार* वल्लभाचार्यको मतको खण्डन गरे। चित्सुखाचार्य श्रीहर्षद्वारा प्रभावित देखिन्छन् किनकि आफ्नो ग्रन्थमा खण्डन प्रसंगमा श्रीहर्षको उल्लेख गरेका छन्। यिनले आफ्नो ग्रन्थको मंगलाचरणमा गुरुको नाम ज्ञानोत्तम भनी उल्लेख गरेका छन्। यिनको जन्मस्थान आदि बारे ज्ञान छैन। यिनले जीवनको अन्तिम समयतिर कामकोटि मठको अध्यक्षता समाले। चित्सुखले अद्वैत मतको समर्थन र न्याय अधिमतको खण्डन गरेर शाङ्कर मतको रक्षा गरे। अद्वैतवादी यी आचार्यले *न्याय मकरन्द* र *खण्डन खण्डखाद्य(हेर्नू यसै ग्रन्थमा)*का टीकाहरू समेत लेखेका छन्।^

चित्सुखाचार्यका प्रधान शिष्यको नाम हो सुखप्रकाश भगवान् जसले *'तत्त्वप्रदीपिका'* माथि *भावद्योनीति* शीर्षक व्याख्या लेखे। चित्सुखाचार्यका मौलिक ग्रन्थमा *तत्त्व प्रदीपिका'*पछि *षड्दर्शन संग्रहवर्त्ति* र *ब्रह्मस्तुति* प्रसिद्ध छन्। उनले टीकाहरूमा माथि उल्लेखित दुई वाहेक *ब्रह्मसिद्धि व्याख्या, भावद्योतिनी विवरणव्याख्या,* सुरेश्वराचार्यकृत *नैष्कर्म्यसिद्धि*मा *भावतत्त्व प्रकाशिका* नामक व्याख्या लेखेका छन्। *तत्त्वप्रदीपिकालाई चित्सुखी* या *प्रत्यक्तत्त्व प्रदीपिका* पनि भनिन्छ। प्रत्यक अर्थात् जीवको पारमार्थिक रूपको वर्णन गरिएको हुनाले *चित्सुखी* (चित्सुखकृत ग्रन्थ)लाई *प्रत्यकतत्त्व प्रदीपिका* भनिएको हो। *ब्रह्मसूत्र*को समन्वय, अविरोध, साधन र फल नामक चार अध्यायकै ढंगमा यस ग्रन्थको रचना भएको छ।*

यस ग्रन्थमा चार परिच्छेद छन्। प्रथम परिच्छेदमा १३ वटा वादहरू उपर विस्तृत विचार गरिएको छ, जसमा विज्ञानको स्वप्रकाशता, आत्माको ज्ञानरूपता, प्रपञ्चको मिथ्यात्व आदि प्रमुख विषय हुन्। सूक्ष्म तर्क-वितर्कद्वारा वेदान्त विरोधी मतको खण्डन र आफ्नो

^ *डा.रा.पाण्डे- हि.धर्मकोश*

**डा.ज.श्रीवास्तव-अ.वेदान्तकी तार्किक भूमिका*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयको मण्डन गर्ने क्षमता चित्सुखाचार्यको विशेषता हो । न्यायले ज्ञानलाई परप्रकाश्य मनेको छ । यसको तर्क छ- जुन समयमा ज्ञानोदय हुन्छ त्यस समयमै ज्ञानको बोध हुन्न । ज्ञानको ज्ञान हामीलाई अनुज्ञानद्वारा प्राप्त हुन्छ । तर वेदान्त भन्छ- ज्ञान स्वयंप्रकाश हो । ज्ञान उत्पन्न भएपछि त्यसको ज्ञान नहुनु संभव छैन ।# नैयायिकहरू सुख-दु:खलाई मानस प्रत्यक्ष मान्छन् तर वेदान्तीहरू यसलाई 'साक्षी-प्रत्यक्ष' भन्छन् । आत्मा या ब्रह्मवस्तु स्वप्रकाश हो, उसको ज्ञान पनि स्वप्रकाश हो । ब्रह्मको ज्ञान गर्ने ब्रह्म नै हुन्छ भन्ने श्रुतिवचन छ त्यसैले ब्रह्मको ज्ञान र ब्रह्म छुट्याउन मिल्दैन, शास्त्रज्ञान चाहिं अलग विषय हो । वेदान्तले 'अन्त:करणवृत्तिविशिष्ट चैतन्य'(अनुभूति)लाई स्वप्रकाश मान्दैन । तर विशुद्ध चैतन्यलाई नै स्वप्रकाश मान्छ । नैयायिकहरू ज्ञान र आत्मामा भेद गर्छन् तर चित्सुखाचार्यको मत छ- वृत्त्यात्मक ज्ञानको विनाश हुन्छ तर स्वरूपात्मक ज्ञानको नाश हुँदैन, त्यसैले यहाँ ज्ञान र आत्मा एउटै हो । श्रुतिले भनेकै छ- **न हि द्रष्टुर्दृष्टेर्विपरिलोपो विद्यते ।** *(बृह.उप. ४।३।२३)* अर्थात् द्रष्टाको ज्ञानको विनाश हुन्न । श्रुतिले अरू बताएको छ-दृश्यको द्रष्टालाई तिमी देख्न सक्तैनौ **न दृष्टेर्द्रष्टारं पश्ये** *(ऐजन ३।४।२)* । **विज्ञानमानन्दं ब्रह्म, प्रज्ञानं ब्रह्म, ज्ञानघन**- यसरी आत्माको ज्ञानरूप (चिद्रुपत्व) सिद्ध गरिएको छ । आत्माको स्वयंप्रकाशरूप स्वप्नावस्था र सुषुप्तिमा पनि रहिरहन्छ । जस्तो- **अत्रायं पुरुषः स्वयंज्योतिः ।** *(ऐजन उप.)* चित्सुख तर्क गर्छन्- स्वप्नावस्थाको प्रकरणमा उक्त कथन आएकोले स्वप्न अवस्थामा पनि आत्माको स्वयंप्रकाशता रहन्छ । स्वप्नावस्थामा मनद्वारा आत्मा प्रकाशित हुन्छ भन्नु श्रुति युक्तिसंगत छैन । स्वप्नमा मनले नै इन्द्रियहरूको काम गर्छ र मनले नै स्वप्न-संसारका दृश्यहरूलाई देख्छ । यसरी मनमा प्रत्यक्षता गुण उत्पन्न हुन्छ ।

ऐजन पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्सुख भन्छन्- मन प्रत्यक्ष हुँदा पनि त्यसमा इन्द्रियत्वको बोध हुन्न किनकि मन साक्षीवेद्य भएकोले र इन्द्रियजन्य ज्ञानको विषय नभएकोले यो अतीन्द्रिय भनिन्छ । स्वप्रकाश या स्वयंप्रकाश अविद्या कल्पित प्रपञ्चको भासक र अविद्या अन्धकार निवारक भएकोले आत्मालाई श्रुतिमा **स्वयंज्योति** भनिएको हो ।

चित्सुखाचार्यले *तत्त्वप्रदीपिकामा* अविद्या *(हेर्नू वेदान्त विश्वकोश-१)* सम्बन्धमा पनि गहन चिन्तन् गरेका छन् । 'अविद्या' शब्द अ+विद्याबाट बनेको छ । 'अ' या समास सम्बन्धी नञ्को तीन अर्थ हुन सक्छ- क. विद्याभाव ख. विद्याविरोधी ग. विद्यादेखि भिन्न । चित्सुख तर्क गर्छन्- यी तीनै अर्थभन्दा माथि छ अविद्या । यहाँ विद्याको अभाव मान्ने हो भने यो विद्याभावदेखि विलक्षण ठान्नु पर्‍यो । अविद्या अनिर्वचनीय होइन । दोस्रो अर्थ पनि अविद्यामा लागु हुन्न- विद्याविरोधी । विद्याका विरोधी त संशय, विपर्यय हुन् जो भावात्मक छन् । अन्तिम अर्थ विद्यान्य पनि अविद्यामा लागु हुन्न । विद्यादेखि अन्य समस्त जगत्मा अविद्या छाउने मान्नुपर्छ जुन आपत्तिजनक कुरा हो ।

पञ्च क्लेशहरूमा पर्ने अविद्या प्रमुख हो । अन्य क्लेश हुन्- अभिनिवेश, अस्मिता, राग र द्वेष । अनात्मामा आत्मवुद्धि नै अविद्या हो । अविद्या भावरूप छ तर आत्मज्ञानद्वारा यसको अभाव हुनसक्छ । जसले विद्या र अविद्या दुवै जान्दछ, ऊ हो भगवान्-

उत्पत्तिं प्रलयं चैव भूतानामागतिं गतिम् ।
वेत्ति विद्यामविद्यां च स वाच्यो भगवानिति ॥

विद्या (माया) आमा र अविद्या (धाईआमा) हुन् । जन्म दिएपछि लालन-पालनका लागि विद्याले अविद्यालाई जीवरूपी बालक सुम्पेकी छिन् । जीवले आफ्नो जन्मदातृलाई भन्दा लालनपालन गर्ने अविद्यालाई आत्मीय ठान्छ र त्यागन चाहँदैन । विद्यालाई महाविद्या,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महामाया एवं महामोहा भनिएको छ । उनै माताको शरण पर्दा अविद्या नष्ट हुन्छ अनि आत्मसाक्षात्कार हुन जान्छ ।

चिदाकाश : आत्मा, चैतन्य चिद्रुप, चिद्व्योम । चिदाकाश नभए शरीर निर्जीव हुन्छ । यो अच्छेद्य, अदाह्य छ । यसको लय हुँदैन *(योगवाशिष्ठ ६।२-६।१२)*

चित् र आकाश मिलेर चिदाकाश शब्द बनेको छ । *योगवाशिष्ठ* निर्वाण प्रकरण अनुसार विश्व चिदाकाशमा अभिन्न रूपले रहेको छ । एकपलमा लाखौं योजना पर जाने वृत्तिज्ञानको र चैतन्यको बीचको रूप नै चिदाकाशको स्वरूप हो । त्यो शून्य होइन, साक्षी हो । पृथ्वी आदि सबै पदार्थ चिदाकाश रूप हुन् । चिदाकाशको विवर्तभ्रमले जगत्‌रूप भएको हो । निर्विषय चित्स्वरूप नै सबै प्राणीहरूको स्वभाव हुनाले विद्वान्‌हरू त्यसमै अटल रहेर ध्यान गर्छन् । चिद्रुप उत्पत्ति र नाश हुने पनि होइन । आकाश र शून्यतामा फरक नभए झैं जगत् र चिद्रुप फरक छैन । परमात्मारूप चिदाकाशमा जगत् भान भएको मात्र हो । जगत्‌लाई चिदाकाशको सपना भने हुन्छ ।

संसार भनेको महाचेतन(ब्रह्म)को सपना हो । हामीहरू सपनाभित्रका सपना हौं । चिदाकाश नै सपना बन्छ, नाना रूप धारणा गर्छ र सपना भंग भए पछि जाग्रतमा विश्वरूप भै स्फुरण हुन्छ ।

वाशिष्ठ भन्छन्- म चिदाकाश हुँ । त्यही चिदाकाश जगत्‌रूपले रहेकोले एउटै चिद्रुप भयो । सृष्टि, प्रलय सबै चिदाकाश भयो । (समुद्रमा छाल, ज्वारभाटा, तरङ्ग देखिए झैं) आफ्नो निर्मल पद जानेर सुखरूप हुनु मोक्ष हो ।

चिदाकाशको अन्त:करण-स्मृति नै जगत् हो । असत् भएर पनि भान भएको जगत् (त्रैलोक्य) सपनाको जगत् झैं हो । सपनामा बाँझीले छोरा पाउँछ । यसतो उट्पट्याङ सपना देखिन्छ । आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरण पनि देखिन्छ । त्यस्तै हुन्छ जाग्रतमा पनि । सपनामा मरेपछि (सपनाबाट बिउँझेपछि) जाग्रत रूप सपना देख्न जन्मे जस्तो लाग्छ । त्यस्तै जाग्रत रूपी सपना देख्ने व्यक्ति पनि मरेर त्यही सपना देख्न फेरि जन्मन्छ । जीव दुवै अवस्थामा जन्मने पनि होइन, मर्ने पनि होइन । शरीरको अभिमानले गर्दा मर्ने र जन्मने भएकोले हो । दुवै चिदाकाशको स्फूरण मात्र हुन् ।

चिदाकाशदेखि भिन्न स्थावर, जंगम छैनन् । सपना र जाग्रतमा देखिएका र अनुभव गरिएका सबै कुरा, दृश्य, चित्का चमत्कार मात्र हुन् । सपनाका सबै कुरा चिदाकाश रूप भए जस्तै जाग्रतका सबै कुरा चिदाकाशका आभास मात्र हुन् । गहनाहरू सबै नाना रूपमा देखिएका सुन मात्र हुन् ।

*योगवाशिष्ठ*को शुरुमा▸ श्रीरामले आफ्ना गुरु वशिष्ठ सामु चिदाकाशलाई तृष्णारूपी रात्रिले घेरेको, त्यसमा काम, क्रोध रूपी लाटोकोसेराहरू घुमिरहेका बताउनु भएको छ । उहाँ भन्नुहुन्छ- जब म मोक्षका बारेमा विचार गर्दछु त तृष्णाले मलाई भट्काइ दिन्छ । तृष्णा नागिनी हो जसले डस्दछे, मार्दछे । श्रीरामलाई अनेक उदाहरण, उपमा, कथादिद्वारा ज्ञानोपदेश दिइसकेपछि ज्ञानी गुरु वशिष्ठ भन्छन्- म चिदाकाश हुँ । मलाई मानिसहरू वशिष्ठ सम्झन्छन् । म जीवन्मुक्त हुँ । म सर्वत्र ब्रह्म नै देख्छु । यो जगत् पनि ब्रह्म नै हो । भोगको तृष्णा नै बन्धन हो । भोग दुःखरूप हो । ज्ञानी सधैं आत्मामा नै डुबिरहन्छ । उसको दुःख शान्त रहन्छ । ऊ इच्छारहित हुन्छ । जसले आत्मालाई चिन्दैन त्यो महामूर्ख हो । उसलाई कहिल्यै शान्ति मिल्दैन । जसले आफूलाई चिदाकाश (आत्मा) भनेर मान्दछ ऊ दुःख, जन्म-मृत्यु आदिबाट मुक्त हुन्छ । *(ऐजन निर्वाण प्रक. ⁄ उत्तरार्द्ध)*

▸ *वैराग्य प्रक. तृष्णा वर्णन*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिदाकाशको चार्ट



चिदाकाश अनन्त छ, सत्य छ, ज्ञानस्वरूप छ। भूताकाश, चित्ताकाशादि त्यसैको पेटभित्र छन्। घडामा जल भरिएको अवस्थामा जलाकाश देखिन्छ नत्र त्यस भित्रको अवकाशलाई संज्ञाउन घटाकाश भनिन्छ। उपाधिभेदले गर्दा आकाशका विभिन्न नाउँ रहेका छन्।

चिदात्मा : चित्+आतमा = चिदातमा। भामतिकार वाचस्पति मिश्रले चिदात्मामा अध्यासं विषयक विवादमा आफ्नो मत व्यक्त गर्दै भनेका छन्– चिदात्माको बुद्धि आदि सँग जुन भेद छ, त्यो तात्त्विक छैन त्यसैले आत्माको ग्रहण हुँदा भेदको पनि ग्रहण हुन्छ भन्न मिल्दैन। **(न चात्मनो बुद्ध्यादिभ्यो भेदस्तात्त्विकः येन चिदात्मनि ग्रह्यमाणे सोऽपिग्रहीतो भवेत**-*भामती)*। चिदात्माको केहीं ग्रहण केही अग्रहण भएको अवस्थामा अध्यास हुन्छ। चिदात्माको पूर्ण ग्रहण या पूर्ण अग्रहणमा अध्यास असम्भव छ *(भामती)*। शंकराचार्य अध्यासलाई सत्यानृत (सत र असत्को मिथुनीकरणको परिणाम मान्छन् *शांकरभाष्य* **सत्यानृतेमिथुनीकृत्य***)*। चिदात्माको वास्तविक स्वरूपलाई पूर्णतया ग्रहण नहुँदा या अग्रहण हुँदा अध्यास हुन्छ।

*योगवाशिष्ठ*को प्रसंग अनुसार ब्रह्मज्ञानी राजा जनक शुकदेवलाई उपदेश दिँदै भन्छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविच्छिन्नचिदात्मैकः पुमानस्तीह नेतरत् ।
स्वसङ्कल्पवशाद्बद्धो निःसङ्कल्पश्च मुच्यते ॥

(ऐजन २।१।३३)

अर्थात् अखण्ड चिदात्मा एकै छ । त्यही पुरुष हो, अर्को वस्तु छैन । संकल्प बन्धन हो, निःसंकल्प मुक्ति हो ।

चिदाभासः चिच्छाया । चैतन्यको प्रतिबिम्ब । जीव पनि भनिन्छ । 'कौन्तेय' भएर पनि कर्ण*(हेर्नू कर्ण)* मा शुरुमा 'राधेय हुँ' भन्ने जुन अज्ञानजन्य वृत्ति उठ्यो त्यस्तो बुद्धि भएको चेतनालाई चिदाभास भनिन्छ । पछि कुन्तीले 'तिमी मेरै छोरा हौ' भनेर संझाएपछि कर्णले आफूलाई 'कौन्तेय' माने । घडामा जल हालेपछि जलाकाश देखिन्छ । जल फालेपछि घटाकाश भनिन्छ घडाभित्रको आकाशलाई । जल भनेको अन्तःकरण या चित्त (बुद्धि) हो जसलाई त्यागेपछि चिदाभास कूटस्थ रहेछु भन्ने बोध हुन्छ ।

चिदाभासका सात अवस्था छन्- अज्ञान, आवरण, विक्षेप, परोक्ष ज्ञान, अपरोक्ष ज्ञान, तृप्ति र शोकको निवृत्ति । पहिलो चरणको अज्ञान, आवरण, विक्षेप र परोक्ष ज्ञान अज्ञान विभागमा पर्छन् भन्ने अपरोक्षानुभूति, तृप्ति र शोकको निवृत्ति चाहिँ ज्ञान विभागमा पर्छन् । आफू शुद्ध चैतन्य भएर पनि संसारमा आसक्त भै, आफूलाई परिच्छिन्न, दुःख-सुखको भोक्ता मानेपछि ऊ अज्ञानी संसारी बन्छ । अज्ञानीमा नै आवरण र विक्षेप रोग देखिन्छ । यस्तो जीवमा संस्कारवशात् जिज्ञासा उत्पन्न भयो, सत्-चित्-आनन्द स्वरूप आत्माको ज्ञान गर्ने खोजमा लाग्यो भने ऊ ज्ञानी गुरुको शरणमा पर्छ । शास्त्र, गुरुबाट उसले आफ्नो वास्तविक स्वरूप- स्थूल, सूक्ष्म र कारण शरीरदेखि माथि निरुपाधिक, तुरीय आत्मवस्तु पो रहेछु भन्ने परोक्ष ज्ञान गर्छ ।

परोक्ष ज्ञान भएको साधकले मनन, निदिध्यासन गर्दा गर्दै गुरुबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्त्वमसि श्रवण गर्छ र सो महावाक्य-विचारबाट आत्मसाक्षात्कार गर्दछ अर्थात् उसलाई अपरोक्षानुभूति हुन्छ ।

जसको मनोनाश, वासनाक्षय र तत्त्वज्ञान भएको छ, ऊ आत्मतृप्त बन्छ । जुन कुरा उसले जान्यो त्यसको कारणले गर्दा उसलाई जान्न बाँकी, पाउन बाँकी वस्तु संसारमा केही रहैन । ऊ आत्माराम बन्छ । यो छैठौं अवस्था हो ।

अन्तिम अवस्था हो-शोकनिवृत्ति । देहाध्यासको कारणले गर्दा जीव शोकग्रस्त रहन्छ । ज्ञानीमा देहाध्यास रहँदैन । त्यसैले ऊ शोकबाट मुक्त हुन्छ । जो बन्धनमा छ ऊ दुःखी, शोकग्रस्त रहन्छ तर बन्धनमुक्त व्यक्ति दुःखशोकको नदीबाट पार तरिसकेको हुन्छ । ऊ आनन्दमग्न हुन्छ ।

चिरञ्जीवी : सप्त चिरञ्जीवीलाई आव्हान गरी अनुष्ठान गरिन्छ । तिनको नाम यस प्रकार छ–

१. अश्वत्थामा
२. बलि
३. व्यास
४. हनुमान
५. विभीषण
६. कृपाचार्य
७. परशुराम

प्रार्थना–

अश्वत्थामा बलिर्व्यासो हनूमांश्च विभीषणः ।
कृपः परशुरामश्च सप्तैते चिरजीविनः ॥
यजमानेगृहे नित्यं सुखदाः सिद्धिदा सदा ॥

चूडाला : *योगवाशिष्ठ* रामायणकी एक पात्र जसलाई तत्त्वज्ञान एवं परमानन्द प्राप्त भएको बताइएको छ । उनी राजमहिषी हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको स्वामी थिए मलवाका राजा शिखिध्वज। चूडाला बेलैमा सुख-ऐश्वर्यबाट विरक्त भइन् र आत्मतत्त्वको अनुसन्धानमा लागिन्। उनलाई आत्मकृपा भयो र अल्पकालमा नै उनको चित्त कामना, वासनाद्वारा मुक्त भै सत्-चित्-आनन्दको चरम शिखरमा आरोहण गर्न सक्यो। उनको शरीरमा दिव्य ज्योति, अनुपम चिन्मयता, लावण्य देखेर राजाले रहस्य सोधे। चूडालाले आफू अतिमानस स्थितिमा पुगेको बताइन् तर शिखिध्वज अधिकारी नभैसकेकाले उनले रहस्य बुझेनन्।

चूडाला नित्यतृप्त, आप्तकाम भैसकेकी थिइन् तापनि अष्टाङ्ग योगको साधना गर्दै गइन् र सिद्धिहरू प्राप्त गरिन्। यसैबीच राजा शिखिध्वजमा पनि वैराग्यको उदय भयो। उनी रानीलाई समेत केही नभनी तपस्या गर्न भनी जंगलतर्फ लागे। रानीले कुशलतापूर्वक राज्य चलाइन् र बीच बीचमा राजासँग भेट गरी उनको साधना बारे जानकारी पनि हासिल गर्दै गइन्। एक मनले पतिदेवलाई तत्त्वको उपदेश दिने इच्छा भयो उनलाई तर पत्नीलाई गुरुको आसनमा राख्न पतिलाई गाऱ्हो पर्ने स्थिति बुझेर योगद्वारा उनले कुम्भ ऋषिको रूप लिइन् र शिखिध्वजलाई संझाउन थालिन्- ज्ञानका लागि वैराग्य, कर्म-त्याग, गेह-त्याग हुनुपर्छ तर शरीर सुकाउने तपस्याले तत्त्वज्ञान प्राप्त हुँदैन। पराशान्ति अर्थात् आत्मानुभवका लागि अहंता, ममता त्याग गर्नु पर्छ जुन कुरा विचार-साधनको अभ्यासबाट सम्भव छ।

चूडालाले राजालाई राज्यमा फर्कन पनि सल्लाह दिइन् तर शिखिध्वजले मानेनन्। कुम्भ ऋषिको ज्ञानोपदेश चाहिं उनले ग्रहण गर्दै गए। चूडालाले पतिदेवमा इर्ष्या, अभिमान छ कि छैन बुझ्न रानी र कुम्भ ऋषि दुवै रूप धारण गरिन् र कुम्भ ऋषिसँग प्रेमालापको अभिनय समेत गरिन्। तर यी दृश्यबाट राजामा इर्ष्या, विकार पैदा भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपाएपछि शिखिध्वजकै सामु दुई रूपलाई एकैमा लय गरेर ज्ञानोपदेश गर्दै पतिका साथ आफ्नो राजधानी फर्किन् । शिखिध्वज अहंता, ममताबाट मुक्त तथा आत्मानन्दमा मग्न भैसकेका थिए । यसरी ब्रह्मज्ञानी चूडालाले पति शिखिध्वजलाई ब्रह्मज्ञान गराइन् ।

चेतन: चित्+ल्युट् मिलेर चेतन बनेको छ । यसको अर्थ हुन्छ सचेत, संवेदनशील, जीवित, जीवधारी । चेतन शक्तिको अर्थ हो आत्मशक्ति, मनको शक्ति । चेतनको जड प्रकृतिका तत्त्वहरूसँग संयोग भएपछि मन, बुद्धि, चित्त, अहंकारादिको उत्पत्ति पछि चेतनामा वासनाको उदय हुन्छ र संकल्प-विकल्पको भाव उत्पत्ति हुनथाल्छ । यसै चेतनको नाम हो मन । अन्त:करणको यस अंशले वासनापूर्तिका लागि सूक्ष्म शरीर (मनोमय कोश) निर्माण गर्छ ।[६] सूक्ष्म शरीरले स्वप्नमा इन्द्रिय विना वासनाको भोग गर्छ र स्थूल शरीर धारण गरेपछि जाग्रतमा कर्ता, भोक्ता बन्दै वासनाको पूर्ति गर्छ । जाग्रतमा भोग(वासना तृप्ति)का साधन इन्द्रिहरू हुन् भने स्वप्नमा जीवात्माले मन(एघारौं इन्द्रिय)द्वारा नै तृप्ति खोज्छ । भिखारीले मिठाइहरू खाने अतृप्त वासनाले गर्दा स्वप्नमा अनेकथरि मिठाइ खाएको मनले नै अनुभव गर्छ । यस मनको समष्टि रूपलाई ब्रह्मा भनिन्छ ।

अध्यात्म ज्ञानले मनोविज्ञानले भन्दा सूक्ष्म र विस्तृत रूपमा मन, बुद्धि, चित्त, अहंकारको विवेचना गरेको पाइन्छ । मनका तीन स्तर (शक्ति) बताइएको छ मनोविज्ञानमा-चेतन, अवचेतन र अचेतन । सामान्यतया चेतनशक्ति अवचेतन या अचेतन शक्तिद्वारा सन्चालित हुन्छ । गृहस्थीहरूमा हामी देख्छौं– लोग्ने एउटा काम गर्न चाहन्छ तर त्यो काम गर्न उसकी स्त्रीले दिन्न । झगडा नपरोस् भनेर लोग्ने आफ्नी पत्नीले भनेको काम गर्छ । पति विचारद्वारा निर्देशित हुन्छ तर पत्नी भावनाद्वारा । काम बिग्रियो भने पति भन्छ– पत्नीले

---

[६] *नन्दलाल दशोरा-ध्यानसाधना*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिन के गरुँ ? चेतन शक्तिमा शास्त्र, साधु-संगम, सत्संगको अभ्यासको बल मिलेमा त्यो प्रबल हुन्छ नत्र कमजोर । त्यसलाई अवचेतन या अचेतनले पराजित गर्न सक्तैन भनेर शास्त्रकारहरू आत्मशक्तिको विकासमा जोड दिन्छन् । हाम्रा चित्तका वृत्तिहरूको निरोध भएमा हामी योगी बन्छौं । भोगी दुर्बल हुन्छ, योगी प्रबल किनकि योगीमा आत्मशक्तिको विकास भएको हुन्छ । चेतनाबाट अतिचेतनमा आरोहण गर्न चाहने जिज्ञासुले अचेतन पनि बुझ्नु आवश्यक छ । अचेतन चेतनभन्दा बलियो मात्र छैन, अचेतनमा संग्रहित विकारहरूले शारीरिक एवं मानसिक रोगहरू जन्माउँछन् । कर्मफल पनि यसैमा संग्रहित छ । मस्तिष्कको प्रेरक केन्द्र पनि यही हो । बुद्धि यसै अनुसार निर्णय लिन्छ । पुनर्जन्मको कारण पनि यही अचेतन हो ।

पौराणिक समुद्र मथनलाई मानस-मथनमा घटाएर राम्ररी बुझ्न सकिन्छ । आत्मज्ञांन नै समुद्ररूपी अचेतन-मथन गर्दा निस्कने अमृत हो । शुरुमा त्यहाँबाट विष पनि निस्कन्छ । शिवरूपी आत्मतत्त्वले विष पान गर्न सकेन भने मनुष्यको सम्पूर्ण व्यक्तित्व पाशविक वृत्तिहरूको विषमा जलेर नष्ट हुन्छ । ...यस्ता योगभ्रष्ट योगी समाजको अभिशाप सिद्ध हुन्छन् ।[७]

ज्ञानग्निले अचेतनमा रहेका काम, क्रोधादि वृत्तिहरूलाई नष्ट गर्नुपर्छ । दृढ इच्छाशक्ति या आत्मबल साधन हो जुन सार्थक छ । महर्षि पतञ्जलीद्वारा बताइएको अष्टाङ्ग योगको साधनालाई समस्याहरूको समाधान बताइएको छ । अष्टाङ्गग योगमा यम, नियम, आसन, प्राणयाम, प्रत्याहार, धारणा, ध्यान, समाधि पर्छन् ।

अचेतनका बलिया वृत्तिहरू दमनबाट भन्दा उपेक्षा या रेचन प्रक्रियाबाट शान्त गर्न सकिन्छ । वेदान्त सम्मत प्रक्रिया हो साक्षी भावमा अड्नु । कुनै पनि प्रतिकूल भावलाई अविचलित भै, अविकृत भै हेरिरहनु अनि

[७] *ऐजन ग्रन्थ*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसभन्दा माथि आफू रहेको बोध गर्नु साक्षीचैतन्य बोध हो । जो समुद्रको किनाराको चट्टानमा उभिएको छ त्यसलाई समुद्री छालले के गर्न सक्छ र ? संसारी मानिसहरू संसारमा रमाइरहेछन्, राग, द्वेष, अहंकारमा फसिरहेछन् तर साधक उनीहरूदेखि फरक उभिंदा उसले एक्लो भएको संझी भयभीत हुनु स्वाभाविक छ । यस्तो भय हटाउने कोही साथी, सहायक हुँदैन । महर्षि पतञ्जली यस्तै साधकलाई संझाउँछन्–ईश्वरको शरणमा पर- **ईश्वर प्रणिधान** ।

मानिसका अचेतनका वृत्तिहरू अति शक्तिशाली भएकाले कमजोर चेतन, अचेतनकै दास बन्छ कि भन्ने आशंकालाई राजयोगीहरू निरर्थक मान्छन् । अचेतन शक्तिलाई दास बनाउन चेतन प्रयास- अभ्यास, प्राणायाम, प्रत्याहार, ध्यान, धारणा, समाधि सक्षम छन् । यसको अतिरिक्त वेदान्तको सिद्धान्त के छ भने मानिसले वहिर्मुखता त्यागेर अन्तर्मुखी बन्यो, आनन्दस्वरूप आत्माको अनुसन्धानमा निरन्तर लागि रह्यो भने 'विचारबाटै वस्तुसिद्धि हुने छ- मानिस महामानव बन्नेछ । साधक आज भेंडाहरूको कुसंगतमा भौंतारिएको सिंहको बच्चाको स्थितिमा छ । उसले ज्ञानी गुरु भेट्टायो भने काम, क्रोध हीनभावनाबाट माथि उठेर, जीवभावलाई त्यागेर, शिव भावमा पुग्नेछ र गर्जने छ– **शिवोऽहं शिवोऽहं** । सिंहको बच्चालाई रोकेर सिंहले जब संझायो- तिमी भेंडा होइनौ, सिंहको बच्चा हौ । तिमी र ममा भिन्नता छैन । सम्पूर्ण तागत निकालेर गर्ज त । सिंहको बच्चाले सिंहनाद गऱ्यो, भेडा भाव त्याग्यो । ऊ सिंह थियो, सिंहै बन्यो । *उपनिषद्*ले **'उत्तिष्ठत, जाग्रत प्राप्य बरान्निबोधित'** भन्नुको तात्पर्य हो– चेतनाको विकास गर ताकि ज्ञान प्राप्त गर्न सक्षम होऊ । सांसारिक सुख भोगमा अल्मलिएको मानिस श्रुतिको दृष्टिमा सुतेको छ, संमोहित छ र अज्ञानमा लठ्ठ छ । अरविन्दले चेतनाको विकासका सम्बन्धमा गहिरिएर सोचेका छन् ।[१] अरविन्द-दर्शन अनुसार मूढ

---

[१] *दिव्य दर्शन*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिस (अज्ञानयुक्त) अधिमानस पर्वत आरोहण गर्दै अतिमानस शिखरमा पुग्न सक्छ । उनले बताएको आरोहण क्रम यसरी बुझ्न सकिन्छ–

१. **अतिमानस** (Supper Mind)

२. **अधिमानस** (Over Mind)

३. **मूढमानस** (Ignorant Mind)

१. **अतिमानस**– चेतनाको यो तहमा व्यक्तिले आफ्नो सत्ताको सत्य, आन्तरिक मुक्ति र पूर्णताको उपलब्धि गर्छ । बुद्ध, विवेकानन्द आदि यसका उदाहरण हुन् । यो नीत्सेको अतिमानवता-दर्शन जस्तो होइन जसले हिटलर जन्मायो ।

नीत्सेले *'दस स्पोक जराथुस्त्र'* शीर्षक पुस्तकमा मानवको चेतनाको सर्वोत्कृष्ट उचाइ अतिमानव हुनु हो भनेका छन् । उनको विचारमा अत्यन्त असन्तोषजनक मानवताबाट अतिमानव विकास गर्नु पर्छ । यसका लागि उसले 'आफ्नो स्वभाव प्राप्त गर्नुपर्छ' या 'आफ्नो अतिक्रमण' गर्नुपर्छ । उनले सोही उचाइमा पुग्नका लागि ईश्वर बाधक देखे र घोषणा गरे– ईश्वर मरिसक्यो । मानव नै ईश्वरको आसनमा बस्न सक्छ ।

नीत्सेको यो अति खतरनाक दर्शनले हिटलर, मुसोलिनीलाई जन्मायो । नीत्से आफैं बहुलाएर मरे । महायोगी अरविन्द पनि अतिमानवताको कुरा गर्छन् तर उनको विचारमा यो चेतनात्मक उचाइ आध्यात्मिक छ, दैवी छ, नीत्सेको जस्तो आसुरी होइन । हिरण्यकशिपुले पनि त आफूलाई चेतनाको सर्वोत्कृष्ट उचाइमा राखेर 'भगवान्' घोषित गर्‍यो र आफ्नै पूजा गर्न लगायो । उसको अन्त्य प्रल्हादको 'विश्वास'मा लुकेको शक्तिले गर्‍यो जुन नृसिंह बनेर प्रकट भयो ।

अरविन्द अनुसार **अधिमानसिक चेतना**को विकास पथबाट **अतिमानस**मा पुगिन्छ । अरविन्दको **अतिमानस** 'आध्यात्मिक' छ । यसले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानसिक मानव जीवनस्तरलाई अतिक्रमण गर्छ । तर आफ्नो अतिक्रमणका लागि गलत दिशामा गरिएको कठोर प्रयासबाट राक्षस या असुरको उद्भव हुने छ (नीत्सेवादलाई जवाफ) । वैदिक ऋषिहरूको भाषामा जसरी सत्, चित् र आनन्द अनामको तीन सबभन्दा ठूलो नाम हो, उसरी नै **अतिमानस** चौथो नाम हो । यो तत्को अवरोहणमा र हाम्रो आरोहणमा चौथो हो । *(दिव्यदर्शन)*

न्यायदर्शन अनुसार चेतन तत्त्वको नाम ईश्वर हो । प्रलय कालमा कार्यजगत् परमाणु रूपमा आकाशमा रहन्छ । परमाणु जड वस्तु हो । सृष्टिको शुरुमा परमाणुहरूको संयोजनको क्रिया उत्पन्न गर्नका लागि चेतनको आवश्यकता पर्छ । त्यस समय कुनै अन्य चेतन पदार्थ हुँदैन । त्यसैले ईश्वरको इच्छा र प्रेरणाद्वारा नै परमाणुहरूमा क्रिया आरम्भ हुन्छ । *(रामचन्द्र शर्मा–न्याय दर्शन(टीका)भूमिका)*

नैयायिकहरू त्यही चेतन तत्त्व (ईश्वर) नै जगत्को आधार हो, वेदका रचयिता हो, सृष्टिको आदि र अन्त्यमा पनि रहिरहने तत्त्व हो भन्छन् ।

चेतनका बारेमा बामाखेपा बाबा भन्छन्–चेतन भ्रामक हुन्छ । यसलाई नियन्त्रण गरेमा मनुष्यको मस्तिष्कले यस्ता क्रियाहरू गर्न सक्छ जसमा कुनै पनि मानिसले विश्वास गर्न सक्तैन । ... साधनाबाट मनोनिग्रह हुन्छ । यस माध्यमबाट खराब व्यक्ति पनि असल बन्न सक्छ । ... साधकलाई साधनाको फल समाधिलाभ हुनथाले पछि अभयपद प्राप्त हुन्छ ।☞

समाधिलाभ भनेको के हो ? चेतन तत्त्वको ब्रह्मचेतनमा आरोहण भए पछि समाधिलाभ हुन्छ । निर्विकल्प समाधिमा चेतन पुगेपछि या साधकले आफूलाई शुद्ध चैतन्य बोध गरेपछि मुक्तिपद प्राप्त गर्छ । चेतनको आरोहण र अवरोहण यसरी बुझ्न सकिन्छ–

☞ *विश्वनाथ मुखर्जी-भारत के महान् योगी*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मचेतन (Cosmic conscious)

↑

समष्टिचेतन (Collective conscious)

↑

अतिचेतन (Super conscious)

↑

चेतन (Conscious)

↓

अचेतन (Unconsciocus)

↓

समष्टिअचेतन (Collective unconscious)

↓

मायावीअचेतन (प्रकृति) (Cosmic unconscious)

चेत्य / चेत्योन्मुखता: चेत्य दृश्य हो । दृश्यतिर फर्केको, विषयमा लागेको चित्तको वृत्ति चेत्योन्मुखता हो । *योगवाशिष्ठ*को उपशम प्रकरणमा गाधि *(हेर्नू गाधि)* को वृत्तान्तमा बताइएको छ- देहात्मबुद्धिको दृढताले भोगवासना बढाउँछ र चित्त पनि चेत्योन्मुख हुन्छ । त्यही चित्त जब चैतन्योन्मुख हुन्छ त शान्ति मिल्छ ।

मायाको करामत देखेर चकित परेको गाधिलाई विष्णु भगवान् संझाउनु हुन्छ- पृथ्वी, जल, आकाश सबै चित्तमा रहन्छन् । चेत्योन्मुख चित्तलाई चैतन्योन्मुख तुल्याएपछि जगत्को आभास हुँदैन । कुनै पनि पदार्थ सत्य होइन । सबै भ्रमयुक्त छन् । चित्त आत्मामा डुबेपछि मायाभ्रम मेटिन्छ । चेत्यको अर्को सत्ता छैन त्यो चित् (आत्मा)मै रहेको छ । चेत्यको अधिष्ठान चित् (चैतन्य) नै हो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिच्चिनोति चित्तं चेत्यं तेनेदं स्थितमात्मनि । *(योग. ४।३६।१०)*

चेत्यमुक्त भएमा चिदाभास चिदाभास रहँदैन, त्यो परमपद (ब्रह्म) नै बन्छ-

चेत्यमुक्तं चिदाभासं तद्विद्धि परमंपदम् ॥ *(योग. ६।१-५९।४)*

आफू चिदात्मा भएर पनि चेत्योन्मुखता देखाउनु सांसारिक बन्धनमा पर्नु हो । यस्तो बन्धनबाट मुक्तिको चाहनाले मुक्ति पद दिलाउँछ- यो ज्ञान जानेर हे शिष्य ! तिमी शान्त भएर रहू-

चितश्चेत्योन्मुखत्वं यत्तच्चित्तं सैव संसृतिः ।
सेच्छा तन्मुक्तता मुक्तिर्युक्तिं ज्ञात्वेति शाम्यताम् ॥

(योग. ६।२-३७५१)

चैतन्य : चेतना, ज्ञान, आत्मा, परमात्मा, परमचित् । वेदान्तमा चैतन्य शब्द निर्गुण, निराकार परमात्माका लागि प्रयोग हुन्छ । प्रमाता भावबाट माथि उठेको चेतनालाई साक्षी चैतन्य भनिन्छ र साक्ष्य वस्तुरहित चाहिँ शुद्ध चैतन्य कहलाउँछ ।

सूर्यको प्रकाश जड हो । यस प्रकाशले दृश्य पदार्थहरूलाई दृष्टिगोचर गराउँछ तथा अन्धकारलाई भगाउँछ । चैतन्य यस्तो प्रकाश हो जसले प्रकाशलाई मात्र होइन, अन्धकारलाई पनि दृष्टिगोचर गराउँछ । सूर्यको प्रकाशमा अन्धकार टिक्न सक्तैन तर चैतन्य शुद्ध ज्ञान हो जसमा ज्ञान र अज्ञान दुवै प्रकाशित हुन्छन् ।

सूर्य, चन्द्र आदि प्रकाशित भइरहेका छन् । तर उनीहरू आफैंले जगत्लाई प्रकाश दिइरहेको सिद्ध गर्न सक्तैनन् । यो कुरा सिद्ध गर्ने त चैतन्य हो । महर्षि रमण भक्तजनलाई भन्छन्– उनीहरू तिम्रो कारण प्रकाशित हुन्छन् । फेरि उनीहरू प्रकाशित भएका छन् भनेर जान्नका लागि चेतनाको पनि आवश्यकता छ । त्यो चेतना तिम्रो आत्मा हो अथवा तिमी हौ । यसरी तिमी या तिम्रो चेतना एवं त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश एकै हो जसले गर्दा अन्य सबै प्रकाशित भएका छन् ।

*योगवाशिष्ठ*मा महर्षि वशिष्ठ श्रीरामलाई जीवन्मुक्तका सम्बन्धमा जानकारी दिँदै भन्छन्– संकल्प त्यागेर, दृश्य जगत् एवं अहंकार छाडेपछि मोक्ष मिल्छ । यस्तो ध्यान गर– न म छु, न जगत् छ । म अचलरूप हुँ । यसबाट शुद्ध चैतन्य(आत्मा)को ज्ञान हुन्छ । म शुद्ध चैतन्य होइन, जीव हुँ भन्ने कल्पना नै चित्त हो जसले दुःख दिन्छ । म जीव होइन, आत्मा हुँ– यस्तो भावनाबाट चित्त शान्त हुन्छ ।

परमचित्, आत्मा भन्नु या शुद्ध चैतन्य भन्नु एउटै कुरा हो । यही तत्त्व विषय(दृश्य)का साथ मिल्छ त त्यो मन हुन्छ । त्यही परमचित् विषयको भावना गरेर विषय बारे निश्चय गर्छ त त्यो बुद्धि कहलाउँछ । 'म हुँ' भन्ने भावनाले उसलाई अहंकारी बनाउँछ । बालक झैं चञ्चल चैतन्य(चित्)को नाम हो चित्त । अवधूत दत्तात्रेय भन्छन्–

गगनोपयं तु यत्प्रोक्तं तदेव गगनोपमम् ।
चैतन्यं दोषहीनं च सर्वज्ञं पूर्णमेव च ॥

(अवधूतगीता २।१२)

अर्थात् जुन चैतन्य वस्तुलाई आकाश झैं भनिएको छ त्यो साँच्चिकै आकाशवत् नै रहेछ । चैतन्य दोषरहित, सर्वज्ञ र पूर्ण पनि छ ।

देवीभागवत अनुसार सबै प्राणीहरूमा रहेको चैतन्य प्रकाश जुन हो, त्यही परमात्मा हो । त्यो चैतन्य तेज, रूपादि अनेक भावद्वारा व्याप्त छ–

चैतन्यं सर्वभूतेषु यत्तद्विद्धि परात्मकम् ।
तेजः सर्वगतं नित्यं नानाभावेषु नारद ॥

(३।७।१२)

*देवीभागवत*को पहिलो मन्त्रमा 'सर्व चैतन्यरूपा' 'आद्यविद्या' देवीको ध्यान गर्दै उहाँले हाम्रो बुद्धिलाई सत्कार्यमा प्रेरित गर्नुहोस् भनिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ–

ॐसर्वचैतन्यरूपां तां आद्यां विद्या
च धीमहि बुद्धिं यो नः प्रचोदयात् ।

चैतन्य वस्तुको तीन तह बताइएको छ–

क. **प्रमाता चैतन्य** (मुमुक्षु) (अशोधित त्वम् पदार्थ)
ख. **साक्षी चैतन्य** (त्वम् पदार्थ)
ग. **शुद्ध चैतन्य** (तत् पदार्थ)

मुमुक्षु दुःखी छ किनकि ऊ चित्तका वृत्तिहरूद्वारा सताइएको छ । ऊ श्रवण गर्छ, मनन गर्छ, निदिध्यासन गर्छ तैपनि चित्तको विक्षेप गएको छैन । तर जब उसले आफूलाई साक्षी चैतन्य भनेर जान्दछ त उसमा मनोनाश, वासनाक्षय हुँदै जान्छ । शुद्ध चैतन्य म नै हुँ भनेर दृढ निश्चय गरेपछि अर्थात् श्रेत्रीय, ब्रह्मनिष्ठ गुरु भेट्टाएर **तत्त्वमसि** महावाक्य श्रवण गरेपछि उसले ब्रह्मज्ञान गर्दछ र ब्रह्म नै बन्छ **(ब्रह्म वेद ब्रह्मैव भवति)** । ब्रह्मनिष्ठ पिता उद्दालक आरुणिबाट महावाक्य श्रवण गरेपछि श्वेतकेतु ब्रह्मज्ञानी भएको प्रसंग *छान्दोग्य उपनिषद्*मा पाइन्छ ।

ब्रह्माण्डको चराचर जीवमा जुन क्रिया हुन्छ त्यो चैतन्यकै कारणले हुन्छ । सर्वत्र चैतन्यस्वरूप ईश्वरको अनुभव गर्नु ठूलो पुरुषार्थ हो ।

चैतन्य महाप्रभुः कृष्ण चैतन्य । संकीर्तनमा प्रसिद्धि कमाएका कृष्णभक्त । वंगालको नवद्वीपमा वैदिक ब्राह्मण परिवारमा वि.सं. १५४२ फागुन शुक्ल पूर्णिमामा जन्मे । श्रीकृष्णको भक्तिमा डुब्नु अघि निमाई पण्डितको रूपमा प्रसिद्ध थिए । सौन्दर्यको कारण यिनको नाम गौराङ्ग पनि रहयो ।

चैतन्य-सम्प्रदायका आरम्भकर्ता चैतन्यको विष्णुप्रिया नामक कन्यासँग विवाह भएथ्यो । तर २४ वर्षको उमेरमै यिनले गृहस्थ जीवनदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरक्त भएर गृहत्याग गरे। यिनी कोटियामा केशव भारतीका शिष्य बने। यिनी कर्मकाण्डका विरोधी थिए एवं श्रीकृष्णका परमभक्त। श्रीकृष्णको प्रेममा यी नाच्दै गाउँदै हिँड्थे–

न धनं न जनं न सुन्दरीं कवितां वा जगदीश कामये।
मम जन्मनि जन्मनीश्वरे भवताद् भक्तिरहैतुकीत्वयि ॥

हे जगदीश्वर ! मलाई धन, जनता, सुन्दरी या कविता केही चाहिन्न। मेरो जन्म-जन्मान्तर तपाईंकै अहैतुकी भक्ति गर्दै बितोस्। आँखाबाट वलिन्द्रधारा अश्रु बगोस्, वदन भक्तिले गद्‌गद् होस्, बोली पनि अवरुद्ध होस्, शरीर रोमाञ्चित होस् तव पो तपाईंको नाम लिएको सार्थक हुन्छ भनेर उनले गाए–

नयनं गलदश्रुधारया वदनं गद्‌गदरुद्धयागिरा।
पुलकैर्निचितं वपुः कदा तव नाम ग्रहणे भविष्यति ॥

(शिक्षाष्टक)

चैतन्य मतलाई गौडीय वैष्णव मत पनि भनिन्छ। उनले कृष्णको भक्ति गर्न जुनसुकै धर्मावलम्बीलाई पनि बाधा छैन भनी समता अपनाए। यस उदारताले गर्दा हिन्दु र मुसलमान दुवै थरि उनका शिष्य भए। मृदंगको तालमा कीर्तन गर्ने चैतन्यका अनुयायीहरूको संख्या आज पनि पूरै भारतमा पर्याप्त छ। अठ्ठार वर्षसम्म चैतन्य महाप्रभु उडिसामा रहे भने ६ वर्षसम्म दक्षिण भारत, वृन्दावन आदि स्थानमा विचरण गरे।ॐ

चैतन्यका पिता जगन्नाथ मिश्र पण्डित थिए त्यसैले जेठा छोरा विश्वरूप र कान्छा चैतन्यलाई आफू झैं पण्डित बनाउन संस्कृत शिक्षाको ज्ञान गराए तर विश्वरूपले शास्त्र पढ्दा-पढ्दै घर छाडेर संन्यास लिएकाले पिताले चैतन्यलाई धेरै पढाउन चाहेनन्। उनले पनि गृहत्याग गरेर संन्यास लेलान् भन्ने डरले विद्यालयको पढाइ

ॐ *लीलाधर शर्मा 'पर्वतीय'–भारतीय संस्कृति-कोश।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुटाइदिए ।

निमाईको उद्दण्डता घरमा बढ्न थाल्यो । आमाले सोचिन्– यो संस्कृत विद्यालय छुटाएको परिणाम हो । उनले पतिलाई संझाइन्– घर छाडेर भाग्ला भनेर विद्यालयको पढाइ छुटाउन भएन । निमाईले पुनः विद्यालय शिक्षा जारी राखे । उनी चञ्चल भए पनि प्रखर बुद्धि भएका थिए । उनले व्याकरण, अलंकार र न्यायको गहन अध्ययन गरे । उनी तन्नेरी अवस्थामा छात्रहरूसँग शास्त्रार्थ पनि गर्दथे । उनले एक सज्जनको देवमन्दिरमा पठाशाला पनि खोले र संस्कृत पढाउन थाले । त्यस समय उनी ठट्टा, हाँसोप्रिय थिए । वैष्णवहरूलाई हाँसोमा उडाउँथे । उनको विवाह भयो तर पत्नीको चाँडै मृत्यु भए पछि उनले दोश्रो विवाह गरे । यसपछि उनको स्वभावमा परिवर्तन देखा पर्न थाल्यो । उनी कृष्णभक्तिमा पागल जस्ता भए । निमाईले अब विद्यार्थीहरूलाई व्याकरण, अलंकार र न्याय पढाउनुको साटो कृष्ण-भक्ति पढाउन थाले । विद्यार्थीहरूले हामीलाई काम लाग्ने विद्या पढाउनोस् भन्दा उनी जवाफ दिन्थे– कृष्ण-भक्ति नै सार्थक छ, अन्य सबै निरर्थक । पछि उनले पढाउने कार्य नै त्यागिदिए ।

चौबीस वर्षको उमेरमा उनले संन्यास लिए । संन्यास लिएपछि उनी जगन्नाथ धाम गए । धेरै वर्षसम्म उहीं रहे । यिनका रूपगोस्वामी र सनातन गोस्वामी नामक प्रसिद्ध चेला भए जसले गुरुका बारेमा पुस्तकहरू लेखे । यी शुरुमा वंगालका मुसलिम वादशाहका मन्त्री थिए जसमाथि चैतन्य देवको प्रभाव परी सारा वैभव त्यागेर शिष्य बनेथे ।☺

चैतन्यले जनमानसमा फैलिएको कृष्ण-भक्तिको परम्परालाई बिसौं शताब्दीमा अगाडि बढाउने कार्य प्रभु पादले गरे । उनले देशविदेशमा हरेराम, हरेकृष्ण अन्दोलन चलाए ।

☺*अभिलाष दास–संसारको महापुरुष*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौध भुवन: देवताहरूको सात उर्ध्वलोकहरू र असुरहरूका सात अधोलोक मिलाएर १४ लोक छन्। उर्ध्वलोकहरू हुन्-

१. भुर्लोक
२. भुवर्लोक
३. स्वर्लोक
४. महर्लोक
५. जनलोक
६. तपलोक
७. सत्य लोक

अधोलोक हुन्-

१. अतल
२. वितल
३. सुतल
४. तलातल
५. महातल
६. रसातल
७. पाताल

चौबीस तत्त्व : सांख्य-शास्त्रमा चौबीस तत्त्व प्रसिद्ध छन्। सृष्टिको प्रसंगमा पच्चिसौं तत्त्व पुरुष सहित चौबीस तत्त्वको चर्चा गरिन्छ। यी मध्ये ८ अपरा प्रकृति अन्तर्गत पर्छन्-

१. **अव्यक्त** (मूल प्रकृति)
२. **बुद्धि** (महतत्त्व)
३. **अहंकार** (महाभूतको कारण)
४. **पञ्च महाभूत** (पृथ्वी, जल, तेज, वायु र आकाश)।

यिनलाई अष्टधा प्रकृति *(हेर्नू वे. विश्वकोश)* या जड प्रकृति पनि भनिएको छ। सांख्य अनुसार परा प्रकृति चाहिं पुरुष हो।

चौबीस तत्त्वहरूमा १६ तत्त्वलाई विकृति भनिन्छ। जस्तो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्च तन्मात्रा- शब्द, स्पर्श, रूप, रस र गन्ध । **मन** सहित **इन्द्रिय-** ज्ञानेन्द्रिय - ५, र कर्मेन्द्रिय - ५ ।

चौबीस तत्त्वको उल्लेख गीतोपदेशमा छ-

महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥

(गीता १३।५)

यहाँ 'पञ्च इन्द्रियगोचरा' भनेको इन्द्रियका विषयहरू शब्द, स्पर्श, रूप, रस र गन्ध हुन् । 'दशैकं' शब्दबाट 'दश इन्द्रिय र एक मन' भन्ने अर्थ बोध हुन्छ ।

सांख्यको चौबीस तत्त्वका सम्बन्धमा वेदान्तको मतभेद छैन, खालि जगत् सृष्टिको कारण(प्रेरक तत्त्व)का सम्बन्धमा मात्र भेद-दृष्टि देखिन्छ । वेदान्तको उद्घोष छ- ब्रह्मबाट सम्पूर्ण प्राणीहरू उत्पन्न हुन्छन् त्यसैका आश्रयमा प्राणी बाँच्छन्, अन्त्यमा (मरेपछि) त्यसमै लय हुन्छन् । त्यस्तो ब्रह्मतत्त्वलाई जान्ने इच्छा गर्नुपर्छ *(तै.उप.भृगु वल्ली-१)*

सांख्य अनुसार पुरुषको सन्निकटताबाट प्रेरित भै प्रकृति (मूल प्रकृति) बाट सृष्टि-प्रक्रिया शुरु हुन्छ- महतत्त्व (बुद्धि), महाभूतको कारण (अहंकार) महाभूतहरूको सृष्टि भै अन्य १६ तत्त्व पनि क्रमिक रूपले उत्पत्ति भै जीव सृष्टि हुन्छ ।

चौरासी पूजाः हिन्दु जीवन पद्धति अनुसार जीवनको अन्तिम अवस्थामा गरिने धार्मिक अनुष्ठान । चौरासी वर्षको उमेरमा गरिने यस पूजामा वृद्ध कर्ताले मोक्षको कामना गर्छ । जसले चौरासी सिद्ध र एकहजार आठ चन्द्रमा एवं सर्वतोभद्र मण्डल माथि अष्टदल कमलको कर्णिकामा लक्ष्मीनारायणको पूजा गर्दछ त्यो व्यक्ति शरीर, वचन र मनद्वारा गरिएका सम्पूर्ण दोषबाट मुक्त हुन्छ ।* फेरि चौरासीको चक्करमा

** विश्वमणि अधिकारी- चौरासी पूजाको महत्व गो.प. २०६२।६।६*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्न पर्दैन ।

चौरासी पूजाका सम्बन्धमा शिवजीले आफ्ना पुत्र स्कन्ध(कुमार)लाई बताउनु भएको कुरा *रुद्रयामल* (सिद्ध भाग, व्रत खण्ड, सिद्धवत ८५ औं अध्याय) ग्रन्थमा बताइएको छ ।

च्यवन : एक प्राचीन ऋषि, भृगुपुत्र । *ऋग्वेदमा (१।११६।१०-१३* र अन्यत्र पनि) वृद्ध र बलहीन पुरुष भनेर च्यवनलाई बताइएको छ । पछि यिनलाई अश्विनिकुमार *(हेर्नू वे.विश्वकोश-१)* द्वय(आश्विनौ)ले यौवन र वल प्रदान गरे । *शतपथ ब्राह्मण*मा च्यवनको शर्याति राजाकी छोरी सुकन्यासँग विवाहको प्रसंग पाइन्छ । *पञ्चविंश ब्राह्मण (११।५।१२* र अन्यत्र पनि)का अनुसार च्यवन *सामवेद*का ऋषि हुन् । यिनै वैदिक सन्दर्भको आधारमा च्यवन ऋषि बारे पुराणहरूमा कतिपय कथाहरू पाइन्छन् ।

पौराणिक कथा अनुसार सुकन्याले जंगलमा धमिराको गोलामा दुईटा चम्किला वस्तु देखेर छेस्काले घोचेर के रहेछ जान्न खोजिन् । ती वस्तुबाट रगतको धारा बह्यो र च्यवन ऋषि धमिराको गोलाबाट प्रकट भए । जंगलमा शिकार खेल्न आएका राजा शर्यातिले छोरीको अपराधका लागि ऋषिसँग क्षमा याचना गर्दा ऋषिले 'पुत्री मेरो सेवाका लागि छाडेर जाऊ' भने । राजाले ती दुईको बिहे गरिदिए । त्यसपछि आश्विनिकुमारहरूसँग च्यवनको भेट हुँदा इन्द्रद्वारा अस्वीकृत यज्ञ-भाग अश्विनिलाई दिलाई दिने कार्य च्यवनले गर्ने, त्यसको बदलामा च्यवनको वृद्ध शरीर तरुनो बनाउने एवं फुटेको आँखा सध्ये पार्ने कार्य अश्विनिले गर्ने शर्त राखियो । शर्त मन्जुर भयो । अश्विनिकुमारहरूले एउटा कुण्ड बनाए र ऋषिलाई डुबुल्की लगाउन लगाए । आफूहरूले पनि डुबुल्की लगाए । कुण्डमा तीन जना अति सुन्दर उस्तै अनुहारका युवकहरू देखा परे । सुकन्यालाई 'आफ्ना पति चिन' भनेर बताइयो । सती नारी सुकन्याले पति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिनिन् जसलाई रूप र यौवन मात्र होइन सुन्दर आँखा पनि प्राप्त भएको थियो ।

*महाभारत*मा यिनको त्याग, तपस्या बारे रोचक कथा पाइन्छ । यिनले एक समय जलभित्र रहेर कठोर तपस्या गरे । अभिमान, क्रोध, हर्ष र शोक त्यागेर बान्ह वर्षसम्म जलभित्र रहे । यसरी रहँदा जलचरसँग यिनको मैत्रीभाव विकसित भयो । त्यसपछि गंगा र यमुनाको संगममा गएर पानीभित्र मूढो झैं रहेर बाढीको प्रकोप सहे । यसै समयमा माझीहरूले त्यहाँ जाल हाले । धेरै माछाहरू जालमा परे र महर्षि च्यवन पनि जालमा बेरिए । जाल तान्दा उनी पनि किनारमा आइपुगे । जालमा तपस्वी फसेको देखेर माझी(निषाद)हरू डराए । उनीहरूले क्षमा याचना गरे । महर्षिले भने- मैले माछाहरूसँगै रहेर मित्रता गरेकोले कि तिनको रक्षा गर किभने उनीहरूसँग प्राण त्याग गर्छु । माझीहरूले सो कुरा नहुष राजालाई निवेदन गरे । राजा सो स्थानमा आएपछि महर्षिले नहुषलाई भने- निषादहरूलाई मेरो र माछाहरूको मूल्य देऊ । नहुषले शुरुमा एक हजार असर्फी दिन खोजे । महर्षिले मानेनन् । त्यसपछि एकलाख, एक करोड असर्फीमा मूल्य चुकाउन खोजे । आफ्नो आधाराज्य पनि दिन खोजे तापनि महर्षिले भने– मेरो मूल्य सही भएन भने । मेरो उचित मूल्य देउ ब्राह्मणरूसँग सल्लाह गर । त्यही समयका गाईबाट उत्पन्न एक वनवासी मुनि राजाको सामु आए र समस्याको समाधान बताउँदै भने- धन, दौलतबाट महर्षिलाई तौलन सकिन्न भारत ब्राह्मणहरू र गाईको कुल एकै हो । गाई देऊ– **ब्राह्मणानां गवां चैव कुलमेकं द्विधाकृतम् ।** *(महा. दानधर्म पर्व अध्याय ५१।२२)* । सोही कार्य गर्दा च्यवन ऋषि खुशी भए । निषाधहरूले 'हामी उपर कृपादृष्टि रहोस्' भन्दा उनले संझाए- तिनीहरू माछाहरूसँगै स्वर्ग जानेछौं । उनले निषाधहरूले दिएको गाई पनि स्वीकार गरे र गोदानको पुण्य उनीहरूलाई प्राप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ

छाया / छाया चैतन्य : छाया पुरुष । देहादिसँग मिलेको मानिस हो कर्ता, भोक्ता, ज्ञाताभाव युक्त । उसलाई छाया चैतन्य भनिन्छ । मानिसको वास्तवस्वरूप (आत्मा) हो त्यो छायाको उत्पत्तिको कारण । त्यो प्रतिबिम्बको बिम्बस्थानीय सत्य आधारभूत स्वरूप । शरीर सापेक्ष 'म' भाव हो प्रतिबिम्ब र आत्मा हो त्यसको बिम्ब– निर्बिकार, एकरस, नित्य प्रकाश स्वरूपवस्तु । साधारण मानिसले भूलले प्रतिबिम्बलाई आफ्नो वास्तव स्वरूप भनी मान्दछ ।*

गीसको पौराणिक कथा अनुसार नार्सिसस भन्ने एक व्यक्तिले पोखरीमा पहिलोपल्ट आफ्नो रूप- सौन्दर्यको प्रतिबिम्ब देख्यो र मोहित भयो । उसले आफ्नै छाया हो पोखरीको मानिस भन्ने बर्स्यो । उसलाई अँगालो हाल्न पोखरीमा फाल हाल्यो र मऱ्यो । यसलाई मनोविज्ञानमा 'नार्सिसस ग्रन्थि' भनिन्छ । संसारी मानिसहरू नार्सिसस झैं मूढ देखिन्छन् । उनीहरू अन्त:करण विशिष्ट छाया चैतन्य या छाया शरीरलाई नै माया गर्छन् । त्यसैको पालन पोषणमा अधिकांश समय खर्च गर्छन् र बिम्बरूप साक्षी चैतन्यलाई उनीहरूले जानेकै छैनन् ।

मुमुक्षु, जिज्ञासुहरूले सत्संग, शास्त्र-अध्ययन र साधु-समागमको कारणले स्थूल र सूक्ष्म शरीरलाई छाया मानेर स्वयंप्रकाश

डा. क्षितीशचन्द्र चक्रवर्ती-आत्मप्रदर्शन-लेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सच्चिदानन्दको खोजमा लागेका हुन्छन् । व्यष्टि चेतन(आत्मा)नै बिम्ब हो । त्यसैलाई बुझ्नु पर्छ, जान्नु पर्छ । छाया पुरुषको मोहमा फस्नु मूर्खता हो । अद्वैत वेदान्तको यही मत हो ।

वस्तु या शरीरको प्रतिविम्ब जुन जमिनमा या पानीमा पर्छ छाया कहलाउँछ । समरूपता, समानता असत्य कल्पना, अन्धकार आदि अर्थ हुन्छ छाया शब्दको । छायासुत हुन् सूर्यपुत्र शनि । छाया सूर्यकी पत्नीको नाम पनि हो । आत्मा बिम्ब हो भने शरीर त्यसको प्रतिबिम्ब अथवा छाया हो । प्रकाशरूपी आत्मालाई पिठ्यूँ फर्काएर जो हिंडेको छ उसको अगाडि अगाडि छाया हिंडेको हुन्छ । अज्ञानी व्यक्तिमा देहाध्यास तीव्र हुन्छ र छायारूपी शरीरले भोग्ने दुःख, चिन्ता, रोग व्याधीबाट ऊ त्रस्त रहन्छ, दुःखी हुन्छ । जगद्गुरु शंकराचार्य जिज्ञासु एवं मुमुक्षुहरूलाई उपदेश दिन्छन्-

छाया शरीरे प्रतिबिम्बगात्रे
यत्स्वप्नदेहे हृदि कल्पिताङ्गे ।
यथात्मबुद्धिस्तब नास्ति काचि-
ज्जीवच्छरीरे च तथैवमास्तु ॥

(विवेकचूडामणि-१६५)

अर्थात् छाया, प्रतिबिम्ब, स्वप्न र मनमा कल्पित शरीरमा तिम्रो आत्मबुद्धि हुँदैन त्यसै प्रकारले जीवित शरीरमा पनि तिम्रो आत्मवृद्धि हुनुहुन्न ।

मुमुक्षुको ध्यान छायामा होइन, प्रकाशमाथि जान्छ । संसारमा प्रकाश र छायाकै खेल देखिन्छ सिनेमा झैं । ज्ञानी स्वप्नवत् या सिनेमा झैं संसारमा रमाउँदैन । उसको हृदय प्रकाशित छ, त्यहाँ छाया छैन, अन्धकार छैन । छाया, माया, अविद्याले जसलाई छुन सकेको छैन, जो सच्चिदानन्दसँग एक भएको हुन्छ त्यस्तो जीवन्मुक्त पुरुष स्वयंप्रकाश स्वरूप नै बन्छ र जगत्लाई पनि प्रकाशित गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परब्रह्म परमात्मा जो निर्गुण, निराकार हुनुहुन्छ उहाँ माया, छाया रहित हुनुहुन्छ । उहाँले जब दिव्य शरीर धारणा गर्नुहुन्छ त प्रकाश र छाया साथै रहन्छ अर्थात् उहाँ सगुण र साकार बन्नु हुन्छ । दिव्य भगवान्‌को छाया, प्रतिबिम्ब नै मन्दिर, मूर्तिहरू, तस्वीर, प्रतिमाहरू हुन् जहाँबाट भक्तिभावको उद्रेक हुन्छ । निकृष्ट प्रतीकबाट भक्तजन उत्कृष्ट निर्गुण, निराकार परमात्माको भक्ति गर्छन् । यसरी छाया-चिन्तनबाट दिव्य प्रकाशमा पुगिन्छ । *ब्रह्मसूत्र*को एक सूत्र छ– **ब्रह्मदृष्टिरूत्कर्षात्** *(४।१।५)* प्रतीकोपासना गर्दा व्यापक ब्रह्मवस्तुकै प्रतीकमा उपासना हुन्छ । उत्कृष्ट ब्रह्मवस्तुलाई निकृष्ट प्रतीकको छायाबाट भावनायुक्त भक्ति गरिन्छ । स्वामी रामकृष्ण परमहंसलाई कालीको भक्तिबाट नै ज्ञानी गुरु प्राप्त भै ब्रह्मज्ञान भएको प्रसंग यहाँ उल्लेखनीय छ ।

सूर्य भगवान्‌की जेठी पत्नी संज्ञा हुन् जो सूर्यतापले जलेर मर्नेछु भन्ने ग्रन्थि(भय)द्वारा ग्रस्त थिइन् । उनले यम र यमी(यमुना)लाई जन्म दिएर हुर्काएपछि सूर्यलाई छाडेर पृथ्वीमा भड्किन् । माइत जाँदा पिता विश्वकर्मा र उनकी पत्नीले हप्काएकोले त्यहाँ टिक्न सकिनन् । आमासँगको वियोगमा रुँदारुँदै यमी यमुना नदी बनेर हिमालयमा झरिन्- यमुनोत्री तीर्थ त्यहीं बन्यो । त्यसपछि सूर्यले छायासँग विवाह गरे जसलाई संज्ञाकी प्रकृति मानिन्छ । सूर्यको छायाबाट दुई पुत्र- सावर्णि र शनि तथा एक कन्या तपनी पैदा भए ।

छविलाल पोखरेल : वेद, उपनिषदको ज्ञानको आधारमा समानताका लागि क्रान्तिकारी कार्य गर्ने निष्काम कर्मयोगी । पं. छविलालको जन्म वि.सं. १९६१ मा धनकुटा जिल्लामा भएको थियो । संस्कृत शिक्षाको विस्तारका लागि २००७ साल अगाडिदेखि समर्पित छविलालले २०५० सालसम्म आफूले स्थापना गरेका पिण्डेश्वरी संस्कृत महाविद्यालयमा पढाए । वि.सं. २००४ मा धरानमा सर्वप्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनले श्रीराम संस्कृत पाठशाला स्थापना गरेका थिए।

आर्य समाजको हिन्दु धर्म सुधार आन्दोलन, पं. मदनमोहन मालवयि र महात्मा गान्धीका कार्यहरूबाट प्रभावित पं. पोखरेल विभिन्न जनजाति, पीडित शोषित जातिका मानिसहरूलाई वैदिक मन्त्र सुनाई धर्मप्रति आस्था जगाउने, बालिकाहरूको पनि उपनयन संस्कार गराउने जस्ता क्रान्तिकारी कार्यहरूद्वारा सबैमा एकै आत्मा रहे पनि धार्मिक रुढीवादले जातीय भेदभाव गरेको भनी विद्रोह गरे। उनको भनाइ छ– समानताको स्थापना समाजमा गर्नुपर्छ। जातीय भेदभाव ठीक होइन। नेपालमा बसोवास गर्ने मंगोल मूलका सबै जातजाति क्षेत्री हुन्। समाजमा अपहेलित मानिएका कामी, दमाई, सार्की आदि जात-जाति पनि क्षेत्री नै हुन्।

वि.सं. २०५६ फागुनमा परलोक भएका पं.छविलालका *महात्मा गान्धी, अष्टाङ्ग योग, वेदको सोमरस* र *आदर्श व्यवहार, आधुनिक दृष्टिमा वाल्मीकि रामायण* आदि १५ वटा पुस्तक प्रकाशित छन्। संस्कृतमा *कौमुदीसार* र *मुक्ताचयनम्* ग्रन्थ छापिएका छन्।

छान्दोग्य उपानिषद्: सामवेदको तलबकार ब्राह्मणमा यो उपनिषद् समाविष्ट छ। त्यसका शुरुका दुई अध्यायलाई छाडेर बाँकी भाग *छान्दोग्य उपनिषद्* भनिन्छ। यसमा शुरुका अध्यायहरूमा ॐकार उद्गीथ (ॐ) र सामको चर्चा छ। तेश्रो अध्यायमा परब्रह्म स्वरूपको व्याख्या, श्रीकृष्णको उल्लेख, त्यसपछिका अध्यायहरूमा सत्यकाम जावालको कथा, जैवलि र कैकय राजाद्वारा श्वेतकेतुलाई परमात्मा सम्बन्धी उपदेश दिएको पाइन्छ।

यस उपनिषद्को केन्द्रविन्दु हो षष्ठ अध्याय जसमा उद्दालक आरुणिद्वारा आफ्ना पुत्र श्वेतकेतुलाई ब्रह्मविद्याको ज्ञानोपदेश (नौ नौ पल्ट सम्म **तत्त्वमसि** महावाक्य उपदेश)। अर्को महत्वपूर्ण आख्यान हो रैक्वद्वारा राजा जानश्रुतिलाई ब्रह्मज्ञानोपदेश गरिएको छ। ब्रह्मज्ञानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमारद्वारा नारदको शोकनिवारण प्रसंग यस उपनिषद्को प्रसिद्ध प्रकरण हो । आठौं अध्यायमा परब्रह्म र प्रजापतिका सम्बन्मा प्रकाश पारिएको छ ।

*छान्दोग्य उपनिषद्*को शुरुमा प्राणीहरूको रस पृथ्वी हो, पृथ्वीको रस जल, जलको रस औषधिहरू, औषधिहरूको रस पुरुष, पुरुषको रस वाक् हो, वाक्को रस ऋक्, ऋक्को रस साम, सामको रस उद्गीथ हो र यो उद्गीथ (ॐ) रसहरूमा रसतम हो भनिएको छ । आफ्नो प्रिय नामको उच्चारण गरेको सुनेर परमात्मा खुशी हुन्छन् भन्ने यस उपनिषदका भाष्यकार शंकराचार्यको भनाइ छ ।

ॐकारोपासनाको फल बताउँदै यस उपनिषदमा बताइएको छ– देवताहरूले ॐकारोपासना गरेर अभय र अमर पद पाए । आसुरहरूको आक्रमणबाट बच्न उनीहरूले आफूलाई वैदिक छन्दद्वारा आच्छादन गरे तर असुरहरूले स्वच्छ पानीमा माछा झैं देवताहरूलाई देखे । त्यसपछि देवताहरू उद्गीथमा प्रवेश गरे र बचे ।

यस उपनिषदको चतुर्थ अध्याय तृतीय खण्डसम्म ब्रह्मवेत्ता रैक्व गाडावान्ले राजा जनश्रुतिलाई संवर्गविद्या(ब्रह्मविद्या)को उपदेश दिएको पाइन्छ । संवर्गको अर्थ हुन्छ संवर्जन- संग्रहण अर्थात् आफूमा लीन गराउन समर्थ । उपमा स्वरूप वायु र प्राणलाई संवर्ग बताइएको छ । वायुमा सबै कुरा लीन हुन्छ । त्यस्तै प्राणमा सबै इन्द्रियहरूको शक्ति लीन रहन्छ । अधिष्ठानस्वरूप ब्रह्ममा सम्पूर्ण ब्रह्माण्डको उदय र अस्त हुन्छ ।

यस उपनिषद्को षष्ठ अध्यायमा वेदान्तमा सुप्रसिद्ध प्रसंग पाइन्छ । उदालक आरुणिद्वारा शास्त्रहरूको अध्ययन गरेर आएको छोरालाई **तत्त्वमसि** महावाक्य सुनाएर ब्रह्मज्ञान गराएको प्रसंग । धेरै शास्त्रहरू गुरुकूलमा पढेर आएको हुनाले श्वेतकेतु अहंकारी भएको थियो । उसले माता-पितालाई अभिवादन पनि गरेन । पिताले छोराको अहंकार नष्ट गरी ब्रह्मज्ञानोदय गराउन सोधे- के तिमीले गुरुकुलमा यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या सिक्यौ जसलाई जानेपछि अविज्ञात विशेष रूपले ज्ञात हुन्छ ? मैले सबै विद्या जाने भन्ने अहंमाथि चोट लागेपछि श्वेतकेतुले पितालाई गुरु स्वीकार गऱ्यो र जिज्ञासु हुँदै सोध्यो- मलाई त्यो तत्त्वको उपदेश गर्नुहोस् ।

पिता बताउँछन्- माटो जानेपछि माटाका सम्पूर्ण नाम, रूपको ज्ञान हुन्छ जुन 'वाचारम्भण' मात्र हुन् (**वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम् ।** *६/१/४)* । कारणलाई जान्नुपर्छ अनि कार्यको पनि बोध हुन्छ । त्यसपछि आरुणिले ब्रह्मका बारेमा उपदेश गर्छन्– **सदेव सोम्येमदग्र आसीदेकमेवाद्वितीयम् ।** हे सौम्य ! सृष्टिको आरम्भमा एक मात्र थियो, सत् मात्र थियो । *(६/२/१)*

आफ्ना छोरा श्वेतकेतुलाई **तत्त्वमसि**को अर्थात् महावाक्यको उपदेश गरेका छन् जुन ६।८।७ मन्त्रमा यो महावाक्य शुरु हुन्छ । अध्याय ६ कै खण्ड ९, १०, ११, १२, १३, १४, १५ र १६ सम्म जम्मा ९ पटक सो महावाक्य श्रवण गराई ब्रह्मज्ञानी गुरुले शिष्यलाई ब्रह्मात्मैक्य बोध गराउन सफल हुन्छन् । देह त्याग गर्न लागेको मानिसको वाक् मनमा लीन हुन्छ, मन प्राणमा मिल्छ र प्राण तेजमा अनि तेज देवता(सूर्य)मा लीन हुन्छ भनेर संझाइएको प्रसंग *(६/८/६)* पछि उद्धालक श्वेतकेतुलाई के बताउन चाहन्छन् भने सत्यानुसंधानपूर्वक सत्लाई जसले प्राप्त गर्छ ऊ सूक्ष्मशरीर रहित हुन्छ, उसलाई देहन्तर प्राप्त हुन्छ (शांकरभाष्य) । अब उद्धालक श्वेतकेतुलाई त्यो सत् वस्तु आत्मा हो, त्यो आत्मा (ब्रह्म) नै तिमी हौ- **तत्त्वमसि** भनेर महावाक्य श्रवण गराउँछन् ।

श्वेतकेतुलाई ब्रह्मज्ञान हुन्न, फेरि संझाउनुहोस् भन्छ ऊ । त्यसपछि महको उदाहरण दिएर संझाउँछन्- महलाई आफू कुन फूल, वृक्षको रस हो बोध हुन्न त्यस्तै सत् तत्त्वको प्राप्ति भएको मनुष्यलाई ज्ञान नभएसम्म आफू सत्‌को भन्ने ज्ञान हुन्न । त्यसपछि उद्धालक शिष्यलाई उही मन्त्र दोहोऱ्याएर **तत्त्वमसि** महावाक्य पुनः सुनाउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही क्रमले ९ पल्ट सो महावाक्य श्रवण गराएपछि श्वेतकेतुलाई ब्रह्मज्ञान हुन्छ त्यसैले (उसले) फेरि संझाउनुहोस् भन्दैन । ऊ कृतार्थ बन्छ । यसरी उदालक- श्वेतकेतु प्रसंग समाप्त हुन्छ । *छान्दोग्य उपनिषद्*को सप्तमोध्यायमा भूमा विद्याको उपदेश भएको पाइन्छ । नारद सर्वशास्त्र विशारद थिए । उनले नजानेको शास्त्र कुनै थिएन । चारै वेद उनले जानेका थिए । इतिहास, पुराण, व्याकरण, गणित, नीतिशास्त्र, ज्योतिष, संगीत आदि सबै विद्यामा उनी पोख्त थिए । तर यसरी धेरै विद्या जानेर पनि किन आफूलाई शान्ति मिलेन सो कुरा उनले जानेनन् । उनी ब्रह्मज्ञानी सनत्कुमारको शरणमा गए । नारद र सनत्कुमार ब्रह्माका मानस पुत्र भएकाले दाइ-भाइको साइनो थियो । सनत्कुमारले शिष्यको परीक्षा लिँदै सोधे- तिमीले के के जानेका छौ भन । नारदले अपरा विद्या जानेको तर परा विद्या नजानेको कुरा बताएपछि सनत्कुमारले भने- तिमीले जे जति जान्यौ त्यो नाम हो, ज्ञान होइन ।

त्यसपछि सनत्कुमारले भूमा विद्याको उपदेश दिए– नामभन्दा वाक् श्रेष्ठ, वाक्भन्दा मन, मनभन्दा संकल्प श्रेष्ठ, यही क्रमले श्रेष्ठताको क्रम अगाडि बढ्दै गई सुख नै जान्न योग्य छ, सुख भूमामा छ । भूमा भनेको महान् हो, व्यापक तत्त्व हो निरतिशय सुख हो । भूमा अमृत हो तर त्यसको विपरित अल्प चाहिं मर्त्य छ ।

सनत्कुमारले अन्त्यमा भूमाको ज्ञान गर्ने विद्वान्लाई कस्तो फल मिल्छ सो पनि बताइदिनु होस् भनी सोधे । सनत्कुमारले भने– त्यस्तो विद्वान् न त मृत्युलाई देख्छ, न रोग तथा दुःख नै भोग्छ । उसले सबलाई आत्मा देख्छ र आत्मैक्य प्राप्त गर्छ ।

भाष्यकार शंकराचार्यको भनाइ छ- सनत्कुमारको आत्मज्ञानको उपदेश पाएर नारदको कषाय (समाधिको वाधा) रागद्वेष आदि विकार नष्ट भए । उनलाई भगवान् सनत्कुमारले अविद्यारूप तमबाट पार लगिदिए । परमार्थ-तत्त्वको दर्शन गराइदिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज

जगत्: 'गम्' धातुबाट जगत् बनेको छ जसको अर्थ हुन्छ जङ्गम । जाग्रत अवस्थामा देखिएको स्थूल जगत् र त्यसका पदार्थहरूलाई शास्त्रमा जगत् भनिएको छ । जगत् नाम-रूपात्मक वस्तु हो । व्यावहारिक सत्तामा यसको अनुभव हुन्छ । जगत् ईश्वरको सृष्टि भएकोले जगत्सँग परमात्माको नाम जोडिएको पाइन्छ । जस्तो- जगदीश, जगदीश्वर, जगदम्बा (देवी), जगद्पति, जगन्नाथ, जगन्निवास (विष्णुको नाम), जगत्धातृ (जगत्को सृष्टिकर्ता), जगत्योनि (विष्णुको विशेषण), जगत्साक्षी (सूर्य) आदि①

ईश्वरले सृष्टि गरेको जगत् जुन छ त्यसमा जड र चेतन दुवैको बास छ । स्रष्टा सृष्टि गरेर सृष्टिमै व्याप्त रहेको कुरा उपनिषद्मा पाइन्छ–

ईशा वास्यमिदंसर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद् धनम् ॥

(ईशावास्योपनिषद्-१)

ब्रह्माण्डमा जुन जडचेतनात्मक जगत् ईश्वरले सृष्टि गरेका छन्, त्यसमा स्रष्टा व्याप्त छन् । त्यसैले जगत्को भोग त्यागपूर्वक गर, आसक्त नहोऊ । धन, भोग्य पदार्थ कसैको होइन, उही स्रष्टाको हो । यस मन्त्रमा जुन **जगत्यां जगत्** शब्द द्वय पाइन्छन् । तिनमा पहिलोको अर्थ हो- अखिल ब्रह्माण्ड । पछिल्लो जगत्को अर्थ हो संसार ।

---

①आप्टे-सं.हि.कोश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्को सृष्टि बारे हाम्रा ऋषिहरूले गहन चिन्तन गरेका छन्। आदि सृष्टिभन्दा पहिले माया सवलित ब्रह्मको मात्र सत्ता थियो। त्यस बाहेक कुनै भूत-भौतिकात्मक जगत् थिएन। त्यस सृष्टिभन्दा पछिको प्रलयावस्थामा चाहिं भूत-भौतिकात्मक सबै जगत् अज्ञान-तमले ढाकिएको थियो। मनु महाराजका अनुसार यो सबै जगत् दुधमा मिलेको पानी झैं अज्ञानरूपको थियो। *(मनुस्मृति १/५)*

सर्वसाक्षी रूप परमेश्वरको मनमा जगत् सृष्टिको इच्छा भयो- **सोऽकामयत बहु:स्यां प्रजायेयेति**। ब्रह्मले माया शक्तिद्वारा जगत्को सृष्टि गरे। महतत्त्व, अहंकार, आकाश, वायु, तेज, जल र पृथ्वीको सृष्टि भै चराचर जगत् फैलियो। जगत्को सृष्टि कहिले भयो भन्दा जगत् अनादि हो, जसरी जीव अनादि छ। अनादिको अर्थ कहिलेदेखि सृष्टि भयो जानिनसक्नु हो।

पुराणको वर्णन अनुसार जलमा सर्वप्रथम शेषशायी विष्णु देखा परे। उनको नाभिबाट उत्पन्न कमलमा ब्रह्माजी उत्पन्न भए। ब्रह्माजीले सृष्टिको जिम्मा पाए। उनी नै आदिस्रष्टा र प्रजापति भए। वेदमा वर्णित (विष्णु) परमात्मा नानामुख, टाउको, पाऊ र नयन भएका छन्– (**विश्वतश्चक्षु, सहस्रशीर्षा** आदि वैदिक मन्त्र)। त्रिलोक व्याप्त गर्ने त्रिविक्रम रूप पनि व्यापक अर्थ-बोधक हो। परमात्माले सृष्टि गरेको जगत्मा परमात्मा व्याप्त छन्। त्यागद्वारा जगत्को भोग गरौं। ईश्वरार्पण गरौं आफूलाई यसैबाट कल्याण हुन्छ। यस किसिमको सिद्धान्तलाई सृष्टि दृष्टिवाद भनिन्छ।

अद्वैत वेदान्तको दृष्टिले हेर्दा जगत् हो जड, निर्जीव। आफूमा चैतन्यसत्ता सदा प्रकाशमान छ। जगत् आफूले आफूलाई जान्दैन। मैले जगत्लाई सत्ता नदिए जगत् निष्क्रिय, निस्सार बनिहाल्छ। अर्को कुरा जगत् मलाई जान्न सक्तैन।[!] घर जस्तो जगत् छ घरमालिक जस्तो छ

[!] *प्रा.शिवगोपाल रिसाल- सुख कहाँ छ ? (जगत् हो ख्याल ख्याल)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्य । घरमालिकले आफूलाई पनि जान्दछ र घरलाई पनि । घर जड भएकोले त्यसले आफूलाई पनि जान्दैन, घरमालिकलाई पनि चिन्दैन । वेदान्तले चेतन सत्ता, चैतन्यलाई सत्य मान्छ र जाग्रत कहालीन जगत्लाई, स्वप्न संसारलाई मिथ्या मान्छ । शास्त्रको भनाइ छ- **'ब्रह्म सत्यं जगन्मिथ्या ।'** यो दृष्टिकोण हो दृष्टिसृष्टिवाद ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले एकपटक जगत्को मिथ्यात्व बोध गरेर लेखेथे- **स्वप्न झैं जगत् एक छु फगत । सत् छ सुन्दरै सुन्दरै छ सत् ।** जस्तो स्वप्न-संसार जागेपछि मिथ्या सावित हुन्छ त्यसै ज्ञानमा जागेपछि जगत्-चिन्ताले दुःखी भएको मानिस सुखी हुन्छ । बोध हुन्छ– सत्य वस्तु त चैतन्य (आफू) मात्र रहेछ । त्यही रहेछ अति सुन्दर एवं आनन्ददायक । स्वप्न-संसार भनेको मनको वासना मात्र हो । त्यस्तै मानिसको वासनाले गर्दा जगत्लाई साँचो मान्छ, दौडधूप गर्छ । जगत्को भोगऐश्वर्य भोग्न, अर्थ कमाउन हुरुक्क मरिमेटाइ गर्छ र एकदिन मरेर जान्छ । आफूले गरेको कमाइ आफैंले लैजान पाउँदैन र दुःखी भै मर्छ । त्यसैले जगत् दुःखरूप हो भनिएको छ । जगत्को आसक्तिलाई त्यागेर आत्मज्ञान गर्दा मुक्ति मिल्छ त्यसैले असत् जगत्को आसक्ति र देहको अध्यासलाई त्यागेर मुक्त बन भनेर ब्रह्मज्ञानी अष्टावक्र मुमुक्षु राजा जनकलाई भन्छन्–

उदेति भवतो विश्वं वारिधेरिव बुद्बुदः ।
इति ज्ञात्वैकमात्मानमेवमेव लयं ब्रजा ॥

(अष्टावक्रगीता ५।२)

हे राजा ! तिमीबाटै जगत् उत्पन्न हुन्छ जसरी समुद्रबाट छाल, फिंजादि । आत्मालाई एक जानेर इच्छाहीन भै मोक्ष प्राप्त गर । यो ज्ञानोपदेशबाट के सिद्ध हुन्छ भने जो मुमुक्षु हो ऊ नै जगत्को केन्द्र हो । उसले हेरे, इच्छा गरे जगत् उत्पन्न हुन्छ । उसले आफू चैतन्य स्वरूपको बिस्तार मात्र हो जगत् भनेर जानेर इच्छारहित भै शान्त भएर बसेमा जगत् आफूमै विलय हुन्छ । प्रपञ्च यसरी शान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएपछि आफू जाग्रत, स्वप्न, सुषुप्ति भन्दा परको तुरीय स्थितिमा पुगिन्छ, जसको अर्को नाम हो मुक्तावस्था ।[▭]

लौकिक उदाहरण दिन पर्दा आद्य जगत्गुरु शंकराचार्य, सिरडीबाबादिको नाम लिन सकिन्छ । जीवन्मुक्त सद्गुरु यसै अवस्थामा रहन्छन् । विश्वगुरुसँग अभिन्नता प्राप्त यस्तो महापुरुष (सद्गुरु) उसैको प्रतिनिधि या परिवार भएर जगत्को सेवा कार्यमा लागिरहन्छ । 'देवताहरूलाई समेत यो अधिकार प्राप्त छैन, यहासम्म कि साधारण मुक्त पुरुषलाई पनि छैन' -खप्तड बाबा भन्नुहुन्छ ।

जगद्गुरु : जसको शिक्षा, चिन्तन, दर्शनलाई जगत्ले ग्रहण गरिरहेको हुन्छ तिनै जगद्गुरु कहलाउँछन् । जस्तो श्रीकृष्णको गीतोपदेश युगान्तरकारी छ । कलियुगमा जगद्गुरुहरूका पनि गुरु हुनु भएकाले कृष्ण जगद्गुरु हुनुभयो - **कृष्णं वन्दे जगद्गुरु** ।

क. **शंकराचार्य-** (ई.७८८-८२०) । यिनले अद्वैतवादी आध्यात्मिक दर्शनको सर्वप्रथम उपदेश गरे । त्यसैले यिनी आद्य जगद्गुरु कहलाएका छन् ।

ख. **निम्वाकाचार्य** (एघारौं शताब्दी)-द्वैताद्वैतवादी दर्शनका प्रतिपादक हुन् । उनको दर्शनले ईश्वर, चित् र अचित् तीन तत्त्व मान्छ । कृष्ण र राधालाई जगत्को कारण ठान्छ ।

ग. **रामानुजाचार्य-** (एघारौं शताब्दी)- यिनी भन्छन्– ईश्वर र ब्रह्ममा केही भेद छैन । ईश्वर, चित् (जीवात्मा) र अचित् (जगत्) तीनै सत्य हुन् । एउटै सत्यका अङ्ग हुन् ती, त्यसैले यिनका दर्शनलाई द्वैतवादी नमानेर द्वैतवादी-विशिष्टा भनिन्छ ।

घ. **माधवाचार्य** (ई.११९९-१३०३) द्वैतवादी दर्शनका प्रतिपादक (माधवदर्शन)- विष्णु र लक्ष्मी जगत्का कारण हुन् । सेण्य र सेवकमा भेद हुन्छ र अभेदता हुन्न ।

[▭] *ऐजन पुस्तक*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवको उत्कर्षको तीन अवस्था हुन्छ, जसमा गुरुको ठूलो भूमिका रहन्छ–

कैवल्य स्थिति– जीवले सुख-दुःख भोग्छ। सुख-दुःख भोग्दाभोग्दै थाकेर ऊ स्थायी सुखको खोजीमा लाग्छ। ऊ जिज्ञासु भएर गुरुको खोजीमा लाग्छ। मुमुक्षु भएर मुक्तिका लागि प्रयत्न गर्छ। निष्काम कर्म गर्छ, भक्तियोगमा लाग्छ र पछि ज्ञाननिष्ठ बन्छ। यी कार्यहरूबाट उसमा विवेक, ज्ञानको उदय हुन्छ। उसले बुझ्छ मायिक सत्ता जड छ, ऊ शुद्ध चेतन हो। यस अवस्थामा स्थित भएपछि जीवरूप आत्मा कर्म र माया दुवैबाट मुक्त हुन जान्छ र कैवल्य दशामा प्राप्त हुन्छ।

दिव्यभाव– साधारण दृष्टिले कैवल्य पनि मुक्ति अवस्था हो, यसमा शंका छैन। परन्तु यो पूर्ण मुक्ति होइन, किनभने अनात्मामा आत्मबोधरूप अज्ञान निवृत्त भएपछि पनि शुद्ध अज्ञान अझ पनि बाँकी नै रहन्छ। कैवल्यप्राप्त आत्मा कर्मसंस्कारको अभाववश संसार-चक्रमा त पर्दैन, परन्तु पूर्ण भागवत जीवनको अधिकारी हुँदैन, त्यस बेला ज्ञानको विकास भए तापनि त्यो यथार्थ दिव्यज्ञान हुँदैन। त्यसबेला क्रियाशक्तिको विकास हुँदैन। वास्तवमा पूर्णचैतन्य स्वरूपमा ज्ञान तथा क्रिया अभिन्न हुन्छन्। अतः महामायाको उल्लासरूप शुद्ध अज्ञानको निवृत्ति जबसम्म हुँदैन, तबसम्म जीवले कैवल्यरूप मुक्ति प्राप्त गरेता पनि दिव्य जीवनको मार्गमा पदार्पण गर्न सक्तैन। सद्गुरुको कृपा बिना पूर्णत्वको पथमा उत्मुक्त होइन्न। गुरुको कृपाद्वारा जब त्यो मार्ग प्राप्त हुन जान्छ, तब जीवको जीवभाव अर्थात् प्राकृतभाव समाप्त हुन्छ तथा दिव्य एवं अप्राकृत भावको उदय हुन्छ। दिव्य ज्ञानको उदय र विकासका साथसाथै आत्मामा अनात्म भावरूप शुद्ध अज्ञान कम हुन थाल्छ। यो अज्ञान जब पूर्णतथा उच्छिन्न हुन पुग्छ, तब जीव आफू पूर्ण एवं परमात्मा रूपमा प्राप्त हुन्छ। यो शुद्ध आत्माले **'सोऽहं'**को रूपमा आफूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्ण अनुभव गर्दछ। यही चिच्छक्तिको पूर्ण अभिव्यक्ति हो तथा परमात्मासँग जीवात्माको अभेदको प्रतिष्ठा हो। यो पूर्ण ब्राह्मी स्थिति हो।

महाकरूणा भाव– ब्रह्मी स्थिति भित्रै एउटा अभूतपूर्व उल्लास लक्षित हुन्छ जसको फलस्वरूप पूर्ण आनन्द महाकरुणाको रूपमा प्रकट हुन्छ। ब्रह्मावस्थामा सम्पूर्ण दु:खहरूको निवृत्ति तथा परमानन्दको प्राप्ति एकसाथ हुन्छ। यो पनि परिपूर्ण अवस्था होइन किनकि जुन अखण्ड सत्ता योगीको परम लक्ष्य हो त्यो सम्यक प्रकारले अझै पनि प्राप्त हुँदैन। यो तृतीय अवस्थामा द्वितीय अवस्थाको पूर्णताभित्र नै प्रथम अवस्थाको वेदना प्रतिभासित हुन्छ। यस बेला दु:खसँगको निकटताले गर्दा पूर्ववर्णित आनन्दले करुणारूप धारण गर्छ। तेस्रो अवस्था नै जगद्‌गुरुको अवस्था हो। यस अवस्थाको महापुरुष पूर्ण ब्रह्मस्वरूप भएर पनि अन्य जीवको दु:खको स्पर्शले करुणार्द्र-हृदयी हुन्छन्। सन्तानवात्सल्यमूलक आनन्दमयी माता (*दुर्गासप्तशती*मा वर्णित श्रीजगदम्बा)को जुन आद्रचित्तता छ।@ सिरडीबाबा यसका उदाहरण हुन्।

जगन्नाथः जगत्‌का स्वामी श्रीकृष्णको नाम। जगत्+नाथ– जगन्नाथ। नाथको अर्थ हो मालिक। जगन्निवास अर्थात् जगत्‌मा व्यापक रहनु भएको परमेश्वर (विष्णु) कृष्णको मूर्ति जगन्नाथ पुरीमा बलराम र सुभद्राका मूर्तिसाथ रहनु रहेकोले भक्तजनहरूका लागि (स्वदेशी या विदेशी) यस धामको महत्त्व छ। यस धामलाई (जगन्नाथ मन्दिरलाई) चार धाम मध्ये एक बताइन्छ।

जगन्नाथ मन्दिरमा इन्द्रद्युम्न नामका राजाद्वारा भैरवीचक्र स्थापना गरिएको हुँदा यहाँ छुवाछुत वा जुठोको विचार राखिँदैन।✡ असार

@ *खप्.स्वामी-ध.विज्ञान*

✡ *संस्कृत – नेपाली बृहत् शब्दकोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिनामा रथयात्रा हुन्छ र जनता अपार उत्साह, भक्तिकासाथ भाग लिन्छन् ।

जगन्नाथजीको उत्पत्ति सम्बन्धी पौराणिक कथा अनुसार सत्य युगमा पन्हु वंशका राजा इन्द्रद्युम्न अवन्ति (उज्जैन) नगरीमा राज्य गर्दथे । उनी विष्णुका परम भक्त भएकाले उनले भगवान्को मूर्ति स्थापना गर्ने इच्छा गरे । त्यस समय भगवान् नीलगिरि पर्वतमा विष्णुको नीलमाधवीधाम थियो । राजाले सो पर्वतमा नीलमाधवको मूर्ति लिन सेनालाई पठाउँदा सो मूर्ति फेला परेन ।

राजाले हार नखाई ब्राह्मणहरूलाई पुनः भगवान्को श्रीविग्रह खोज्न पठाए । विद्यापति नामका ब्रह्मणले विशेष प्रयास पछि मूर्ति रहेको स्थान पत्ता लगाए । उनले राजालाई खबर गरे । राजा आफै सेना सहित आएर सो ठाउँमा हेर्दा मूर्ति गायब पाए । राजा अति दुःखी भए । तर उनले आकाशवाणी सुने- समुद्रको किनारामा एउटा मूढा मिल्ने छ त्यसैबाट मूर्ति बनाउनू । त्यसपछि राजाले कलाकारहरूद्वारा जगन्नाथजी, सुभद्रा र बलरामका काष्ठ मूर्तिहरू बनाउन लगाएर भव्य मन्दिर निर्माण गरी स्थापना गरे ।

जड समाधि : भाव समाधि । भक्ति भावनाको कारण संसारको विस्मृति हुनु । यो बोधपूर्वक प्राप्त समाधि स्थिति होइन । रामकृष्ण परमहंसलाई निर्विकल्प समाधि लाभ हुनु अघि बारम्बार जड समाधि भइरहन्थ्यो । ब्रह्म समाजमा जाँदा उनलाई जड समाधि भएको थियो र त्यस संस्थाका सदस्यहरू चकित परेका थिए ।

जडभरतः जैन धर्मावलम्बीहरूका प्रथम तीर्थंकर ऋषभदेवका सुपुत्र भरत तेश्रो जन्ममा ब्रह्मज्ञानी जडभरत बने । *भागवत* पञ्चम स्कन्धका पञ्चम अध्यायदेखि त्रयोदश अध्यायसम्म भरत-जडभरतको प्रसंग पाइन्छ । ज्ञानले परिपूर्ण जडभरत र रहूगणको प्रसंग चाहिँ दशम अध्यायदेखि त्रयोदश अध्यायसम्ममा वर्णन भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्तका ज्ञाताहरू भरतलाई तपस्वी एवं भक्त भए पनि आसक्तिको कारणले तेश्रो जन्ममा आएर जडभरत भएपछि ज्ञान भएको तर आसक्तिहीन राजा जनकलाई चाहिँ एकै जन्ममा ज्ञान भएको प्रसंग बताएर के कुरा सिद्ध गर्छन् भने आत्मज्ञानको मार्गमा आसक्ति नै ठूलो बाधा हो। प्रतापी र प्रजावत्सल राजा भरत राजभोग गर्दा विरक्त भएर तपस्या गरी मुक्ति लाभ गर्न भनी पुलहा आश्रम (हरिहरक्षेत्र) गए। त्यहाँ गण्डकी नदी बग्दथ्यो जुन शालग्राम शिलाहरूको खानी भनी प्रसिद्ध छ। शालग्रामले ऋषिहरूका आश्रम पवित्र पारिरहेको थियो। उनले सोही क्षेत्रमा आश्रम बनाएर तपस्या गर्दै, भगवान्‌को पूजन-ध्यानमा जीवन समर्पित गरे। उनी ज्योतिर्मय परम पुरुष परमात्माको उपासना गर्दथे **परोरजः सवितुर्जातवेदो, देवस्य भर्गो मनसेदं जजान।** *(ऐजन ५।७।१४)*

प्रारब्ध भोगवशात् मृगशावकमा आसक्त भै उनले देहत्याग गरे। सिंहबाट बच्न भाग्दा गर्भिणी मृगले बच्चा पानीमा खसाली मरेको देखी यिनले मृगशावकलाई बचाएर आश्रममा लगी पाले, हुर्काए। आफूले देहत्याग गर्ने बेलामा मृगमा आसक्तिको कारण मृगयोनिमा जन्मलिए। पूर्वजन्मको शुभ-संस्कार, तपस्या, भक्तिले गर्दा सो मृगले कालञ्जर पर्वतमा पुलह र पुलस्त्य ऋषि आश्रममा रही सुकेका पात खाएर जीवन बितायो। अन्त्यमा मृगले गण्डकी नदी किनारमा शरीर त्याग गऱ्यो।

उनै भरत अङ्गिरा ब्राह्मणका कान्छी पत्नी तर्फबाट जुम्ल्याहा सन्तान (अर्को सन्तान पुत्री) भएर जन्मे। आफ्नो पूर्वजन्म परम्पराको स्मरणको कारणले गर्दा यो जन्म पनि बिग्रला भनी आशंकित रहन्थे। उही स्वजनहरूदेखि बचेर एकान्तप्रेमी बने। जसको श्रवण, स्मरण र गुणकीर्तनले सबै प्रकारको कर्मबन्धनलाई चुँडालिदिन्छन् उनी परमात्माका चरण-कमलमा हृदय अर्पण गर्दै रहन्थे। अरूले बाहिरबाट हेर्दा उही पागल, मूर्ख, बहिरो देखिन्थे। जड पदार्थ झैं बसिरहने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकोले उनको नाम जडभरत रह्यो ।

कान्छी पत्नीका पुत्र भरत जे जस्ता भए पनि पिताले यिनलाई माया गरेर व्रतबन्ध शिक्षा-दीक्षादि दिलाउन कोशिस गरे। तर यिनले विद्याध्ययनमा पटक्कै रुचि दिएनन् । पिताले व्याहृति र शिरोमन्त्र प्रणव सहित त्रिपदा गायत्री राम्ररी भन्न सक्ने तुल्याउन सकेनन् । हरेस नखाई जडभरतका पिताले शौच, वेदाध्ययन, व्रत, नियम तथा गुरु र अग्नि सेवा आदि ब्रह्मचर्याश्रमको आवश्यक नियमहरूको शिक्षा दिँदै रहे । यसैबीच उनको निधन भयो । जडभरतकी माता पुत्र र पुत्रीलाई सौताको पालनपोषणार्थ सुम्पेर सती गइन् । जेठी पत्निबाट नौ जना पुत्र भएका थिए । जडभरत कसैको गाली, अपमानको पर्वाह गर्दैनथे । उनमा स्वत:सिद्ध ज्ञानानन्द, आत्मज्ञान प्राप्त भएका कारणले उनी शीतोष्ण, मान-अपमानबाट मिल्ने सुख-दु:खमा बेपर्वाह रहन्थे । उनका अङ्ग-प्रत्यङ्ग हृष्ट-पुष्ट थिए । स्नान नगर्ने र धूलो मैलोको वास्ता नगर्ने, आँधी चल्दा पनि बाटामा हिंडिदिने, लुगा नफेर्ने- यस्ता अद्भूत अवधूतको रूपमा उनी धरतीमा विचरण गर्न थाले । उनको ब्रह्मतेज धूलोमा छोपिएको मणि झैं अप्रकट रहेको थियो । घरमा खान दिए खाने, नत्र मजदूरी गरेर पेट पाल्ने गर्दथे । सौतेनी दाजुभाइले यिनलाई हेपेर कनिका, डढेका खाना दिंदा अमृत समान मीठो मानेर खाइदिन्थे ।

एकपटक डाँकूको सरदारले पुत्रको कामना गर्दै भद्रकालीमा मनुष्यवलि दिने संकल्प गऱ्यो । उसका अनुयायीहरूले जसलाई पक्रेर राखेका थिए त्यो व्यक्ति भागेको कारणले खोज्दै हिंड्दा जडभरत फेला परे । उनलाई नै वली दिन भनेर मन्दिर भित्र लगियो । ब्रह्मभाव प्राप्त वैरहीन, प्राणहरूका सुहृद ब्राह्मणकुमारको वलि दिने जस्तो घोर कुकर्म हुन लागेको देखेर भद्रकालीको शरीरलाई अति दु:सह ब्रह्मतेजले पोल्न थाल्यो र मूर्ति फोरी भद्रकाली प्रकट हुनुभयो । उहाँले भयंकर अट्टहास गर्दै खड्गले पापीहरूको टाउका काटी, रगतपान गर्दै उन्मत्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएर गणसँगै तिनका टाउकाको भकुण्डो खेल्न थाल्नु भयो । आफ्नो बली दिँदैछन् भन्ने थाहा पाएर पनि देहाध्यास रहित भएका कारणले जडभरत व्याकुल भएका थिएनन् । भागवत, परमहंसका लागि प्राण जाने संकटको बेलामा पनि शान्तस्थिति कम आश्चर्यको कुरा होइन ।

जडभरतको जीवनमा अर्को एउटा घटनाको वर्णन पनि *भागवत*मा (पञ्चम स्कन्ध दशम-त्रयोदश अध्याय) पाइन्छ जसबाट उनमा भएको ब्रह्मज्ञान प्रकाशित हुन्छ । जडभरत र राजा रहूगणको भेट र संवाद प्रसंगमा वेदान्त ज्ञान परिपूर्ण छ । सिन्धु सौवीर देशका राजा रहूगण पालकी चढेर ज्ञान प्राप्तिका लागि महर्षि कपिलको आश्रम तर्फ जाँदै थिए । पालकी बोक्ने एकजना बिरामी परेकोले एक कहारको खोजी भयो । इक्षुमती किनारातिर रहेका जडभरतलाई राजाका सिपाहीहरूले समातेर लगी पाल्की बोक्ने काममा नियुक्त गरे । तर भूइँमा हिंडेका जीवजन्तु कुल्चेर नमरुन् भनी भूईंमा हेर्दै हिंड्दा पाल्कीको सन्तुलन हुन सकेन । राजाले सोधे- कसको गल्तीले पाल्की ढल्केको ? अरुले बताए- नयाँ कहारको गल्तीले त्यस्तो भएको । राजालाई क्रोध उठ्यो । उनले व्यङ्ग्यात्मक भाषामा जडभरतलाई हप्काउन थाले- तिमीलाई निकै थकाइ लाग्यो कि कसो ? तिम्रो शरीर पनि मोटोघाटो रहेनछ विचरा ! बूढा पनि भएछौ । जडभरतमा व्यङ्गवाणको कुनै असर परेन, उनमा देहाध्यास थिएन । हिंडाइ, बोकाइ पहिले जस्तै भएपछि राजा रहूगण ज्यादै क्रुद्ध भए । उनले भने- अब तँलाई दण्डपाणि यमराजले झैं दण्ड दिन्छ अनि तँ ठेगानमा आउनेछस् ।

अभिभान रहित जडभरत मुसुक्क हाँसे र भन्नथाले– तिमीले यस शरीरलाई दुब्लो, रोगी, बूढो भनेर व्यङ्गय गऱ्यौ । मोटो-दुब्लो, आधि-व्याधि, भोक-प्यास, भय, इच्छा, बूढौली, निद्रा, प्रेम, क्रोध, अभिमान र शोक- यी सब धर्म देहाभिमानी जीवमा रहन्छ, तर ममा यी अलिकति पनि छैनन् । तिमीमा 'म राजा हुँ, अरू सब प्रजा हुन्' भन्ने स्वामित्वको अभिमान छ । भन म तिम्रो के सेवा गरूँ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जडभरत यति बोलेर परमशान्त भए। देहात्मबुद्धिको कारण अज्ञान नष्ट भैसकेका जीवन्मुक्त ती महात्मा भोगद्वारा प्रारब्धक्षय गरिरहेका थिए। उनले फेरि पाल्की बोके। राजमद हटेका राजा पाल्कीबाट ओर्ले र अवधूतको पाउमा शिर राखेर क्षमा मागे। उनले सोधे- तपाईं दत्तात्रेय आदि अवधूतमा को हुनुहुन्छ, मलाई आफ्नो परिचय दिनुहोस्। म कपिल मुनिसँग शरणागतिका सम्बन्धमा जिज्ञासा लिएर उहाँको आश्रम तर्फ जाँदैथिएँ। तपाईं ज्ञानी कपिल त हुनुहुन्न? साधु अवज्ञारूप अपराधबाट मुक्त तुल्याउने ज्ञानोपदेश पाऊँ। जडभरतले शुरुमा अज्ञानी भएर पनि पण्डित झैं तर्क, वितर्कका कुरा गर्छौ, त्यसैले श्रेष्ठ ज्ञानीहरूमा तिम्रो गणना हुन्न भनेर हप्काए। त्यसपछि मायामय मनबाट बच, मनले नै त्रिगुणमय अधम संसारमा फसाउँछ तर गुणातीत परमोत्कृष्ट मोक्षपदका लागि तिमीले गुरु र हरिका चरणहरूको उपासनाद्वारा यसलाई मार्नु पर्छ भने।

राजाको 'कसको शरणमा पर्नु पर्छ' भन्ने जिज्ञासाको उत्तरमा जडभरतले भने-

क्षेत्रज्ञ आत्मा पुरुषः पुराणः
साक्षात्स्वयंज्योतिरजः परेशः।
नारायणो भगवान् वासुदेवः
स्वमाययाऽऽत्मन्यवधीयमान ॥

(भाग. ५।११।१३)

अर्थात् क्षेत्रज्ञ परमात्मालाई सर्वव्यापक, जगत्को आदिकारण, परिपूर्ण, अपरोक्ष, स्वयंप्रकाश, अजन्मा, ब्रह्मादिका पनि नियन्ता र आफ्नी मायाद्वारा सबैको अन्तःकरणमा रहेर जीवलाई प्रेरित गर्ने सर्वभूत आश्रय (अधिष्ठान)रूप भगवान् वासुदेव भनेर जान।

जडभरतले दीनदुःखी मानिसहरू काँधमा चढेर तिनलाई दुःखदिँदै हिंड्छौ, महापुरुषहरूको सभमा म लोकको रक्षक हुँ भन्दै ठूल-ठूला कुरा गर्छौ, यस्तो नाटक गर्न तिमीलाई शोभा दिँदैन *(ऐजन ५।१२।७)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर राजा रहूगणलाई हप्काउँदै उपदेश दिए– विरक्त पुरुषहरूको सत्संग गर। त्यहाँ ज्ञानप्राप्त गरी ज्ञान-खड्गद्वारा मर्त्यलोकको मोहलाई काट। श्रीहरिको लीला-कथा श्रवण, चर्चा गर्दा गर्दै भक्तिमा लीन बने पछि सुगमताका साथ संसार पार गर्दै भगवान् प्राप्त गर्न सकिन्छ *(ऐजन ५।१२।१६)*

ब्रह्मनिष्ठ जडभरतले उपमा अलंकारकासाथ संसाररूपी भयंकर जङ्गल (भवाटवी)मा धनको लोभले हिंडेका व्यापारीहरू जस्ता जीव समूहले पाउने 'बाउन्न घुस्सा, त्रिपन्न ठक्कर'को बिस्तृत चर्चा गर्दै विवेक-बुद्धिलाई वासनाले छोपेको मनुष्य कसरी संकटको गुफामा खस्छ, कसरी त्यस गुफामा रहेको कालरूप हात्ती, सर्पादिबाट बच्ने प्रयास गर्दा गर्दै भगवान्लाई भुल्छ भन्ने बताए। ब्रह्मज्ञानीलाई गुरु पाएर राजा रहूगणको ज्ञानचक्षु खुल्यो। उनले देहात्मबुद्धि त्यागे। जडभरत अन्तैतिर लागे।

जनक / जनकदर्शन: ब्राह्मण, आख्यान र उपनिषद्देखि लिएर *भगवद्गीता*सम्म तथा पुराणहरूमा समेत जसलाई ब्रह्मज्ञानी, विदेहराज, द्वन्दविनिमुर्क्ति राजा भनी उल्लेख भएको पाइन्छ ती हुन् जनक। निमि राजाको कुलका २२औं राजा सीरध्वज जगन्माता सीताका पिता जनक भए। 'सीर' अर्थात् हलो जोतेर धरतीबाट पृथ्वीपुत्री सीतालाई पुत्रीको रूपमा पाएकाले उनको हलैको ध्वजा थियो त्यसैले उनी सीरध्वज जनक कहलाए। निमी वैवस्वत मनु-पुत्र इक्ष्वाकुका वंशज हुन्। विभिन्न शास्त्रहरूमा वर्णित जनक एउटै नभई फरक फरक जनक हुन् भन्ने विद्वानहरूको मत छ। सत्ययुगमा पनि जनक थिए भने त्रेतायुगमा सीताका पिता जनक भए। त्यसैगरी द्वापरयुगका ज्ञानी राजा जनकसँग ब्रह्मविद्याका खातिर व्यासले आफ्ना सुपुत्र शुकदेवलाई शिष्य बनाएर पठाएका थिए भन्ने कथा पाइन्छ। जनकलाई मिथिलाका 'आत्मविद्या विशारद' 'द्वन्दमुक्त' 'योगेश्वरको कृपापात्र' भनेर प्रशंसा गरिएको छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एते वै मैथिला राजन्नात्मविद्याविशारदाः ।
योगेश्वरप्रसादेन द्वन्द्वैर्मुक्ता गृहेष्वपि ॥

(भागवत ९।१३।२७)

मिथिलका वंशमा उत्पन्न सबै राजाहरू मैथिल कहलाउँछन् । यी आत्मज्ञानी थिए, गृहस्थाश्रममा रहेर पनि दुःख-सुखादि द्वन्दबाट मुक्त थिए । उनीहरूलाई याज्ञवल्क्य, अष्टावक्र आदि योगेश्वरको आशीर्वाद र शिक्षा प्राप्त थियो ।

*भागवत*को नवम स्कन्ध त्रयोदशोऽध्यायमा राजा निमिको वंशको वर्णन पाइन्छ । वशिष्ठको श्रापबाट राजा निमिको शरीरपात भयो । देवताहरूले पुनर्जीवन दिंदा उनको चैतन्यले जीवित हुन नचाहने बताएपछि उनको उत्तराधिकारी पैदा गर्न मृत शरीरको मथन कार्य भयो । त्यस कार्यबाट एक कुमार उत्पन्न भए । जन्मेको कारणले गर्दा कुमारको नाम जनक रह्यो । मृत देहबाट पैदा भएकाले उनी विदेह कहलाए । मथनबाट उत्पन्न भएकाले मिथिल नाउँ रह्यो र उनैको राजधानी मिथिला कहलायो–

जन्मना जनकः सोऽभूद वैदेहस्तु विदेहजः ।
मिथिलो मथनाज्जातो मिथिला येन निर्मिता ॥

(ऐजन-१३।१३)

भागवत महापुराणको नवौं स्कन्ध तेऱ्हौं अध्यायमा जनकहरूको वंशावली दिइएको छ । **देवीभागवत** आदि पुराणहरूमा **जनक** शब्द र **वैदेह जनक** शब्दद्वारा बहुचर्चित राजाहरूको उल्लेख भएको पाइन्छ । *बृहदारण्यक उपनिषद्* अनुसार जनक शिष्यको रूपमा ब्रह्मनिष्ठ, श्रोत्रिय गुरु याज्ञवल्क्यसँग सत्संग गर्छन् र ज्ञान प्राप्त गर्छन् । यसरी ब्राह्मण, उपनिषद, पुराण, *रामायण, महाभारत* र तन्त्रहरूसम्ममा उल्लेख भएका जनकहरू एकै कालका एकै जनक होइनन् । इतिहासको दृष्टिले चिहाउँदा अनेक जनक मिथिलापुरका राजा भएका थिए । तर त्यो वंश परम्परामा उल्लेख भएका सबै जनक ब्रह्मज्ञानी थिए भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरामा अझ बढी शोधखोजको आवश्यकता देखिन्छ । [१]

अनिकालबाट आफ्नो राज्यलाई बचाउन राजा जनकले सुनको हलो चलाएर सीता प्राप्त गरेको, त्यसपछि वर्षा, सहकाल छाएको प्रसंग पनि राजा जनकसँग जोडिएको छ । युवती भएपछि परम सुन्दरी सीताको माग सांकास्या नगरका राजा सुधन्वाले गरे । सो मागलाई अस्वीकार गर्दा मिथिलामाथि आक्रमण गऱ्यो । सुधन्वा जनकद्वारा पराजित भै मारियो । जनकले उसको राज्य आफ्ना भाइ कुशध्वजलाई दिए । सीताको स्वयंम्भरका लागि शिवधनुष भंगको शर्त पूरा गरी श्रीरामले सीतालाई विवाह गर्नुभयो । जनककी अर्की पुत्री उर्मिलासँग लक्ष्मणको विवाह भयो । जनकका भाइ कुशध्वजका दुई पुत्रीहरू माण्डवी र श्रुतिकीर्तिसँग क्रमशः भरत र शत्रुघ्नको विवाह सम्पन्न भयो ।

*महाभारत*को वन पर्व अन्तर्गत तीर्थयात्रा पर्वको १३३ अध्यायमा अष्टावक्र र राजा जनदेव जनकको कथा पाइन्छ । अष्टावक्रका पिता जनकपुर गएका बखत उनी तरुना हुँदासम्म पिता घर नफर्केकाले अष्टावक्र माताको अनुमति लिई मामा श्वेतकेतुका साथ जनकपुर गए । जनकपुरमा पुगेर विद्वान् बन्दीलाई शास्त्रार्थमा हराए । राजा जनक जनदेवसँग पनि शास्त्रार्थ गरी आफ्ना पितालाई लिएर घर फर्के ।

*अष्टावक्रगीता*मा मुमुक्षु राजा जनक र ब्रह्मनिष्ठ गुरु अष्टावक्रका बीच सम्वाद र राजालाई ब्रह्मज्ञान लाभ भएको उल्लेख गरिएको छ । सो गीताको शुरुमा नै राजा प्रश्न सोद्धछन्–

कथं ज्ञानमवाप्नोति कथं मुक्तिर्भविष्यति ।
वैराग्यं च कथं प्राप्तमेतद्ब्रूहि मम प्रभो ॥

अर्थात् प्रभु ! कसरी ज्ञान प्राप्त गर्ने ? मुक्ति के गरी हुन्छ ?

---

[१] *डा. स्वामी प्रपन्नाचार्य-विश्वदर्शनको गुरु जनकदर्शन -'जनक' १।१, ०५७*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैराग्यको उपाय पनि बताइदिनोस् ।

अष्टावक्र उपदेश गर्छन्–हे राजा ! मुक्ति चाहन्छौ भने विषयहरूलाई विष झैं त्याग । क्षमा, सरलता, दया, सन्तोष र सत्यलाई अमृत मानेर आत्मसात गर । *(हेर्नू अष्टावक्रगीता-वेदान्त विश्वकोश-१)*

ज्ञानप्राप्तिका लागि कर्मसंन्यासको आवश्यकता छैन भनी सिंहनाद गर्ने उनै वैदिक युगपुरुष थिए राजा जनक । उनको चर्चा मुख्य रूपमा *बृहदारण्यकोपनिषद्*मा पाइन्छ भने छिटफूटरूपमा *त्रिपुरारहस्य* ज्ञानखण्ड, *देवीभागवत, श्रीमद्भागवत, महाभारत* शान्तिपर्व र *महोपनिषद्*मा पाइन्छ । यिनी याज्ञवल्क्यका समकालीन थिए । यिनी जीवनको प्रारम्भिक कालदेखि नै तत्त्वजिज्ञासु थिए भन्ने कुरा उनको दिनचर्याबाट अनुमान गर्न सकिन्छ । जनक कुनै तत्त्वदर्शी आचार्यबाट ज्ञान प्राप्त गर्न चाहन्थे, किनकि गुरु स्वयं तत्त्वदर्शी नभईकन उनले आफ्नो शिष्यलाई तत्त्वज्ञान दिन सक्दैनन् । अत: जनकले ब्रह्मसभाको आयोजना गरेर पुरस्कारको घोषणा गरे– जसले यस सभामा आफूलाई ब्रह्मविद् सिद्ध गर्दछ उसलाई म सुनले मोरेका सिंग भएका, चाँदीले मोरेका खुर भएको बाच्छो सहितका एक हजार गाईहरू दिनेछु । यो घोषणा सुनेर योगीश्वर याज्ञवल्क्यले आफ्ना शिष्यलाई गाईहरू आफ्नो गोठतिर धपाउनका लागि आदेश दिए । त्यहाँ उपस्थित विशिष्ट विद्वान्हरूले उनलाई ब्रह्मसम्बन्धी विभिन्न प्रश्नहरू गरे, ती सबै प्रश्नको उनले यथोचित उत्तर दिए ।

शास्त्रार्थमा याज्ञवल्क्य विजयी भएपछि जनकले उनलाई ठूलो सम्मानका साथ आफ्ना गुरु बनाए । याज्ञवल्क्य प्रतिदिन जनकको दरबारमा जाने गर्दथे र जनक प्रतिदिन आध्यात्मविषयक प्रश्नहरू गर्दथे ।

जनक याज्ञवल्क्यसँग सोद्धछन्– जुन समयमा न सूर्यको प्रकाश हुन्छ, न चन्द्रमाको प्रकाश हुन्छ, न आगोको प्रकाश हुन्छ, न त वाणीको प्रकाश नै हुन्छ त्यस समयमा प्राणीहरू कसको प्रकाशमा व्यवहार गर्दछन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रश्नको उत्तरमा याज्ञवल्क्य जनकलाई ब्रह्म सम्बन्धी ज्ञान दिन्छन्। याज्ञवल्क्य जनकलाई जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरूको माध्यमबाट तत्त्वज्ञान गराउँछन्। अन्तिममा याज्ञवल्क्य जनकलाई सम्बोधन गर्दै भन्दछन्– **अभयं वै जनक ! प्राप्तोऽसि** अर्थात् जनक तिमीले अभयपद वा ब्रह्मपद प्राप्त गरेका छौ। जनक भन्दछन्– हे गुरुदेव ! यहाँको उपदेशबाट मलाई तत्त्व-साक्षात्कार भयो र म अहिले अभयपदमा प्राप्त भएको छु। म हजुरप्रति ज्यादै ऋणी भएको छु। हजुरको ऋणबाट मुक्त हुनका लागि मसँग केही पनि छैन। गुरुदक्षिणाको रूपमा म यो विदेह राज्य अर्पण गर्दछु।

यस प्रकार याज्ञवल्क्यबाट ज्ञान प्राप्त गरेका जनक आफ्नो सम्पूर्ण राज्य अर्पण गर्न तयार हुन्छन्। यस प्रसङ्गबाट जनक ज्ञानको पराकाष्ठामा पुगेका थिए भन्ने कुरा स्पष्ट हुन्छ। यथार्थ ज्ञान नभएको भए यस किसिमको समर्पणभाव आउने थिएन।

त्रिपुरारहस्य ज्ञानकाण्ड (अध्याय १५, १६)को प्रसङ्गबाट पनि जनक आफ्ना समयका बेजोडका ब्रह्मज्ञानी थिए भन्ने कुरा स्पष्ट हुन्छ। कुनै समयमा वरुणका छोराले जनकसभाका सम्पूर्ण पण्डितहरूलाई पातालमा लगेका थिए। त्यसपछि अष्टावक्रले वरुणका छोरालाई शास्त्रार्थमा पराजित गरी पातालबाट जनकसभाका पण्डितहरूलाई फर्काएका थिए। त्यसपछि उनलाई म बराबरको विद्वान् अहिले यस संसारमा कोही पनि छैन भन्ने अहङ्कार चढेको थियो। उनको अहङ्कारलाई चूर्ण गर्नको लागि जनकको यज्ञकुण्डबाट स्वयं ब्रह्मज्ञान नै एउटी तापसीको रूपमा निक्लिन् र उनले अष्टावक्रलाई ब्रह्मविद्या सम्बन्धी प्रश्न गरिन्। त्यसको उत्तरमा अष्टावक्रले भने-हेर तापसी! तिमीले सोधेको पद ब्रह्मपद हो, त्यो पद इन्द्रिय र मनबुद्धिको विषय नहुनाले त्यो पद अवेद्य पद हो, त्यसको ज्ञान नभईकन मोक्ष संभव छैन।

तापसीले अहङ्ककारी अष्टावक्रको अहङ्काकार झार्नका लागि ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौका पाइन् र प्रश्न गरिन्– ए अष्टावक्र ! तिमी जस्ता ठूला ऋषि भएर पनि यस्तो किसिमको परस्पर विरोधी कुरा गर्ने हो ? एकातिर तिमी भन्दछौ, त्यो ब्रह्मपद मन, इन्द्रिय र बुद्धिको विषय नभएकोले अवेद्य हो । फेरि अर्कोतर्फ त्यसको ज्ञान नभईकन मोक्ष संभव छैन पनि भन्दछौ । यदि मैले तिमीलाई सोधेको त्यो पद सर्वथा अवेद्य हो भने त्यो पद छँदा पनि छैन र त्यसलाई म जान्दा पनि जान्दिन भन । यदि जान्दछौ भने अवेद्य हो भनी नभन । तिमी त्यो पदलाई अवेद्य पनि भन्दछौ फेरि त्यसको ज्ञानद्वारा नै मोक्ष हुन्छ भन्दछौ । यो के कुरा हो ?

यसपछि अष्टावक्र ऋषि ज्यादै लज्जित भए र उनले तापसीसँग भने– यो कुरा वस्तुत: मैले अनुभवको बलले भनेको होइन, केवल शास्त्रदृष्टिले भनेको हुँ, म यहाँको शरण पर्छु, यहाँले नै यस रहस्यको उद्‌घाटन गरिदिनुहोस् ।

त्यसपछि तापसीले त्यो पद कसरी वेद्य हो र कसरी अवेद्य हो भन्ने कुरा बताइन् । तर पनि त्यो कुरा अष्टावक्रले राम्रोसँग बुझ्न सकेनन् । त्यसपछि तापसीले भनिन्– हे मुनिपुत्र ! त्यो पद कसरी वेद्य हो र कसरी अवेद्य हो भन्ने कुरा मैले बताएँ, अब म बिदा भएर जाँदैछु । मैले एक पटक बताउँदा तिमीले यो कुरा नबुझेको हो भने जनक राजाले त्यस तत्त्वको ज्ञान गराउनेछन् । त्यो तत्त्व कि त राजा जनकले जान्दछन् कि त म जान्दछु । हामी दुई जनालाई छाडेर त्यो तत्त्वलाई कसैले पनि जान्दैन । प्राय: विद्वान्‌हरूको सभामा आत्मज्ञानसम्बन्धी प्रश्न र उत्तर भएको पनि देखिँदैन । कथञ्चित् विद्वान्‌हरूले त्यो तत्त्वलाई जान्ने प्रयास गरे तापनि तर्कको आधारमा त्यो तत्त्वलाई जान्ने कोशिस ग़र्दछन् । तर त्यो तर्कको आधारमा जानिने पद होइन । गुरुको सेवा र इष्टदेवताको अनुग्रह नभईकन त्यो तत्त्व खुल्न सक्दैन ।

तापसीको सल्लाह अनुसार अष्टावक्र ऋषि राजा जनक समक्ष ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिक्न जान्छन् र यस प्रकार प्रश्न गर्दछन्– हे विदेह राज्यका अधिपति! यहाँको यज्ञकुण्डबाट निक्लेकी तापसीले आत्मज्ञानको विषयमा मलाई जुन उपदेश गरिन् त्यो उपदेश अत्यन्त संक्षेपमा गरिएको हुनाले मैले बुझ्न सकिनँ, यदि त्यो पद अवेद्य हो भने त्यस पदलाई मैले कसरी जान्ने ?

जनक अष्टावक्रलाई यस प्रकार उपदेश गर्छन्– हे मुनि ! तापसीले तपाईंसँग सोधेको पद सर्वथा वेद्य पनि होइन र सर्वथा अवेद्य पनि होइन । यदि त्यो पद सर्वथा अवेद्य हो भने गुरुले त्यो पदलाई कसरी बताउने ? आत्मज्ञानको रहस्य गुरुद्वारा नै खुल्ने हुनाले पहिले गुरुकै शरणमा जानुपर्दछ । फेरि यो आत्मज्ञान सजिलोभन्दा सजिलो पनि छ र कठिनभन्दा कठिन पनि छ । जसले आफ्नो अन्त:करणका वृत्तिहरूलाई विषयबाट फर्काउन सकेको छैन उसका लागि आत्माको ज्ञान कठिनभन्दा कठिन हुन्छ ।

जनकको सिद्धान्त अनुसार सम्पूर्ण भास्य पदार्थहरूले रहित भएको भानशक्ति नै वास्तविक तत्त्व हो । भान र भास्यलाई द्रष्टा र दृश्य पनि भनिन्छ । आफू र आफूदेखि अतिरिक्तलाई जान्नु द्रष्टाको लक्षण हो भने आफू र आफूदेखि अतिक्तिलाई नजान्नु दृश्यको लक्षण हो । भानशक्ति तीनै कालमा रहिरहन्छ । यसैले यसलाई त्रिकालाबाध्य पनि भनिन्छ ।

त्रिपुररहस्य ज्ञानखण्ड (१६।२२-२६) मा पञ्चकोश विवेकद्वारा आत्माको असली स्वरूपको ज्ञान गराउँदै जनक अष्टावक्रलाई भन्दछन्– हे अष्टावक्र ! तपाईको असली स्वरूप यो स्थूल शरीर हुन सक्दैन किनकि यिनीहरूको उत्पत्ति र विनाश हुन्छ तर तपाईंको उत्पत्ति र विनाश हुँदैन । त्यसैगरी प्राण, मन र बुद्धि पनि तपाईंको असली स्वरूप हुन सक्दैनन् किनकि यी पदार्थहरू जड एवं क्षणक्षणमा विकारी छन् भने आत्मा चेतन एवं अविकारी छ । आत्मा जहिले पनि अहंरूपले स्फुरित हुन्छन् । पाँच कोश आत्माका असली स्वरूप हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्दैनन् । अपितु यी पाँच कोशहरूको साक्षीरूपले अवस्थित एवं अहंरूपले स्फुरित जुन तत्त्व हो त्यही नै आत्मा हो ।

जनक-सिद्धान्तअनुसार आत्मा आकाश झैं सर्वव्यापक हुनाले यो सर्वदा सबैका लागि प्राप्त छ । अतः यसलाई प्राप्त गर्नका लागि कुनै विशेष प्रयासको आवश्यकता नै छैन । अन्तःकरण दृश्य-चिन्तनतिर लागेको हुनाले आत्माको अनुभव हुन नसकेको हो । दृश्यबाट आफ्नो अन्तःकरणको वृत्ति फर्काउने बित्तिकै आत्माको अनुभव भइहाल्छ । जनक-दर्शनअनुसार दृश्यचिन्तनबाट मनलाई फर्काउनु नै मनको शुद्धि हो । यही नै आत्मज्ञानको परम साधन पनि हो । मनको शुद्धिमा जोड दिँदै जनक भन्दछन्- जबसम्म मन शुद्ध हुँदैन तबसम्म आत्माको ज्ञान हुँदैन र मन शुद्ध भएपछि आत्माको ज्ञान अवश्य हुन्छ । कर्म, उपासना आदि शास्त्रमा बताइएका सम्पूर्ण साधनहरू केवल मनःशुद्धिका लागि हुन् । अतः शुद्ध मनद्वारा आत्मवस्तुको प्राप्ति हुन्छ ।

देवीभागवत (१।१९)को अनुशीलनबाट पनि जनक आफ्ना समयका बेजोड ब्रह्मज्ञानी थिए भन्ने कुरा सिद्ध हुन्छ । एकपटक शुकदेवले आफ्ना पिता व्याससँग यो संसार कहाँबाट खडा हुन्छ भनी प्रश्न गर्नुभयो । व्यासले त्यसको उत्तरमा भन्नुभयो– यो संसार मनको संकल्पबाट खडा भएको हो, मनको संकल्पलाई बन्द गर्ने बित्तिकै यो संसाररूपी वृक्ष सुकिहाल्दछ । व्यासको यस्तो छोटो उत्तरले शुकदेवको चित्त बुझेन । यो कुरा थाहा पाएर व्यास शुकदेवलाई जनककहाँ जाऊ, उहाँले नै तिम्रो मोहलाई नष्ट गरिदिनुहुन्छ भन्नुभयो ।

पिताको आज्ञाअनुसार शुकदेव मिथिलामा जान्छन् र त्यहाँ पुगेपछि जनकको ठाँटबाट देख्दा जनकको जीवन्मुक्ततामा सन्देह हुन्छ र उहाँ जनकलाई भन्नुहुन्छ– हे राजा ! तपाईं जीवन्मुक्त हुँ भनी घोषणा गर्नुहुन्छ, यस कुरामा मलाई ठूलो संदेह छ । तपाईंलाई कहिले सेनाको, कहिले शत्रुको, अनि कहिले धनको चिन्ता छ भने तपाईं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन्मुक्त हुनुहुन्छ भनेर कसरी मान्ने ? मेरो दृष्टिमा तपाईं त ढोँगी देखिनुहुन्छ ।

यसको उत्तरमा जनक भन्छन्– हेर्नुहोस् शुकदेवजी ! म बन्धनमा परेको छैन भन्ने बुद्धि ममा हुनाले म हमेसा सुखपूर्वक भोजन गर्दछु, सुखपूर्वक शयन गर्दछु । यसप्रकार मैले संसारलाई अत्यन्त हलुका ढङ्गले सोचेको हुनाले बन्धनले ममा कुनै प्रभाव पारेको छैन । यसको विपरीत बन्धन वास्तविक हो, म बन्धनमा परेको छु भन्ने ठान्नाले तपाईं सधैं दुःखी हुनुहुन्छ । अतः म बन्धनमा परेको छु भन्ने शङ्कालाई त्यागी तपाईं हमेसाका लागि सुखी हुनुहोस् ।

मोक्षको कारण ज्ञान हो भन्ने कुरामा जनक कुनै पनि विवाद गर्दैनन् तर ज्ञानको कारण लिङ्गसंन्यास हो भन्ने कुरालाई उनी स्वीकार गर्दैनन् । *महाभारत* शान्तिपर्व (३२०।४४, ४५) मा उनी भन्दछन्- गृहस्थाश्रममा दोषदर्शन गरे संन्यास आश्रममा प्रवेश गर्नु राम्रो कुरा होइन, किनकि एउटामा दोषदर्शन गरेर अर्को वस्तुलाई समाउन खोज्नु नै त बन्धन हो । राजाको आफ्नो दरबारमा राजसी ठाँटबाँट हुन्छ भने सन्यासीहरूको आफ्नो आश्रममा पनि त कम ठाँटबाँट हुँदैन । राजाका नोकर-चाकर आदि हुन्छन् भने संन्यासीका पनि त सेवकहरू हुन्छन् ।

त्यसैले राजा र संन्यासीहरूमा के त्यस्तो अन्तर छ जसले गर्दा राजाहरू बन्धनमा परुन् अनि संन्यासीहरू मुक्त होउन् । आधिपत्य बराबर भए तापनि ज्ञानद्वारा मोक्ष हुन्छ भन्छौ भने संन्यासीहरू वेदान्तको विचारद्वारा जुन ज्ञान प्राप्त गर्दछन् त्यो ज्ञान त्यही वेदान्तविचारद्वारा गृहस्थीहरूले प्राप्त गर्न सक्दैनन् र ? अतः मोक्षको कारण ज्ञान हो, न कि संन्यास ।

जनक पदार्थहरूको त्यागमा मोक्ष र संग्रहमा बन्धन हुन्छ भन्ने कुरालाई स्वीकार गर्दैनन् । कुनै व्यक्तिसँग सांसारिक पदार्थहरूको अभाव भए तापनि उसको मनमा पदार्थप्रतिको आसक्ति गएको छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने के ऊ मुक्त हुन्छ त ? कदापि हुन सक्दैन । फेरि अर्कातर्फ कुनै व्यक्तिसँग भौतिक सुखसाधनका पदार्थहरू प्रशस्त छन् तर उसको मनमा ती पदार्थहरूको भोग गर्ने वासना छैन भने के ऊ मुक्त नहोला ? अवश्य हुन्छ ।

पदार्थभावनाको दृढता नै बन्धन हो र पदार्थप्रतिको आसक्तिको अभाव नै मोक्ष हो भन्दै जनक आफूसँग ज्ञान सिक्न आएका शुकदेवलाई *महोपनिषद्* (३९) मा भन्छन्- हे शुकदेव ! जुनदिन तपाईं विचाररूपी कुचोले आफ्नो अन्तःकरणरूपी कोठाबाट दृश्यरूपी कसिंगरलाई सर्वथा निकाल्न समर्थ हुनुहोला त्यही दिन तपाईंलाई परानिर्वाण प्राप्त हुनेछ, यसमा कुनै सन्देह छैन ।

महाभारत शान्तिपर्व (३२०/४, ५) मा भीष्मले युधिष्ठिरलाई जनकको परिचय यस प्रकार दिएका छन्- प्राचीन समयमा मिथिलामा जनक नाम गरेका राजा थिए । उनी संन्यासफलिक राजा थिए अर्थात् उनले लिङ्गसंन्यास नलिए तापनि संन्यासको फल मोक्षलाई प्राप्त गरेका थिए । उनले वेदमा, मोक्षशास्त्रमा र राजनीतिशास्त्रमा पनि प्रशस्त परिश्रम गरेका थिए । उनले आफ्ना इन्द्रियहरूलाई र मनलाई वशमा राखेका थिए र उनी निकै कुशल प्रशासक पनि थिए ।

जनक *महाभारत* शान्तिपर्व (३२०) मा सुलभा नाम गरेकी संन्यासिनीलाई भन्छन्– हे सुलभा ! जसरी हाँडीमा भुटेको बीऊ खेतमा रोपे तापनि उम्रदैन, त्यस्तै ज्ञानद्वारा मेरो अन्तःकरण पनि भुटेको बीउ जस्तै भइसकेको छ, प्रारब्धअनुसार राज्य सञ्चालन आदि व्यवहार गरे तापनि उक्त व्यवहारले मेरो मनमा कुनै प्रभाव पार्न सक्दैन । कुनै दुईवटा व्यक्तिमध्ये एउटाले मेरो दाहिने हातमा चन्दन लेप गरोस् र अर्को देब्रे हात बसिलाले ताछोस्, न चन्दन लेप गर्नेप्रति मेरो राग हुन्छ न त बसिलाले ताछ्ने व्यक्तिप्रति द्वेष हुन्छ । म सुखी छु र मैले जीवनमा प्राप्त गर्नुपर्ने कुरा प्राप्त पनि गरिसकेको छु । अर्को कुरा मेरो लागि माटोको डल्लो र सुनको डल्लो दुवै बराबर छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकारका विचारहरू राख्ने जनकको सिद्धान्त र शङ्कराचार्यको सिद्धान्तमा केही समानता देखिन्छ भने केही भिन्नता पनि देखापर्दछ । संक्षेपमा भन्नुपर्दा शाङ्कर-दर्शन र जनक-दर्शन दुवैमा ज्ञानद्वारा कैवल्य मोक्ष पाइने कुरा मानिन्छ, संसारको मिथ्यात्व स्वीकार गरिन्छ र अन्त:करणरूप उपाधिले गर्दा आत्मा नानारूपमा देखा परे तापनि वस्तुत: आत्मा एउटै हुन्छ भन्ने कुरा समान रूपमा स्वीकार गरिन्छ । शाङ्कर-दर्शन अनुसार सर्वकर्मसन्यास नगरी आत्मज्ञान उत्पन्न नै हुन सक्दैन भने जनक-दर्शन अनुसार ज्ञान प्राप्तिका लागि सर्वकर्मसंन्यास आवश्यक छैन । शाङ्कर-दर्शनअनुसार ज्ञानप्राप्तिका लागि पदार्थहरूको स्वरूपत: त्याग गर्नुपर्दछ भने जनक-दर्शन अनुसार ज्ञान प्राप्तिका लागि पदार्थहरूको स्वरूपत: त्याग भए तापनि पदार्थप्रतिको आसक्तिको त्याग भएको छैन भने जङ्गलमा गएर बसे पनि बर्मा गए कर्मसँगै भने झैं वनमा पनि कामादि वासनाले सताइ नै रहन्छन् । वर्तमान समयमा जनक-दर्शनको ज्यादै औचित्य देखा पर्दछ । बालकदेखि बूढासम्म सम्पूर्ण मनुष्यहरू ज्ञानप्राप्तिका लागि अत्यन्त लालायित देखिन्छन् । सत्सङ्गमा पनि प्राय: सबै वर्गका मानिसहरू जुटेकै हुन्छन् ।

तिनीहरूलाई शाङ्कर-दर्शन अनुसार तिमीहरूले पहिले घर छोड्नुपर्छ, त्यसपछि मात्र ज्ञान हुन्छ भन्ने हो भने घर छोड्न प्राय: कोही पनि तयार हुँदैन । यस प्रकार मानिसहरू ज्ञानप्राप्तिबाट बञ्चित हुन्छन् । परन्तु जनक-दर्शनअनुसार ज्ञानप्राप्तिका लागि घर छाड्ने या कर्म छाड्ने कुनै आवश्यकता छैन, केवल वेदान्तविचार गरे पुग्छ, सत्सङ्ग गरे पुग्छ भन्ने हो भने मनुष्यहरू ज्ञानप्राप्तिका लागि उत्साहित हुन्छन् । यस प्रकार मनुष्यहरूलाई ज्ञानमार्गमा प्रवृत्त गराउनको लागि जनक-दर्शन अत्यन्त उपयोगी देखापर्दछ ।^

^ *'जनक दर्शनम्'मा विद्यावारिधि गर्नु भएका डा.स्वामी रामानन्द गिरिको जनक दर्शन विषयक लेखमा यो प्रविष्टि अधिकांशत: आधारित छ । साभार: जनक-दर्शन १।१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनकपुर: मिथिला । वैदिक वाङ्मय, *रामायण, महाभारत, श्रीमद्भागवत (दशम स्कन्ध, ८६ औं अध्याय श्लोक १४, १६, १७, २४, २५ आदि)*मा विदेह र मिथिलाको चर्चा पाइन्छ । यस अध्यायमा श्यामसुन्दरले मिथिलाको भ्रमण गर्नु भएको, ३ हप्ता त्यहाँ राजभएको प्रसंग छ । साथै जैन र बौद्ध ग्रन्थहरूमा समेत जनकको मिथिला राज्यको चर्चा पाइन्छ । वि.सं.११५४ मा नान्यदेवले सिम्रौनगढलाई मिथिलाको राजधानी बनाएका थिए । वि.सं.१३९१ ताका कर्णाटवंशीय राजा (मिथिला राजा) हरिसिंह देवको पालामा मिथिला पूर्वमा कोशी (कोशिकी, पश्चिममा गण्डकी (सदानीरा), उत्तरमा हिमालय र दक्षिणमा गंगासम्म फैलिएको थियो । आतंककारी मुस्लिम सम्राट गयासुद्दीन तुगलकको आक्रमण भएपछि भागेर जाँदा वि.सं.१३९१ मा तीन पाटनमा उनको निधन भएको थियो । अहिलेको जनकपुर अञ्चलभन्दा मिथिला निकै विशाल थियो । वेदान्त ज्ञानको केन्द्र र विदेह राज्यको राजधानी मिथिला हो । विदेह अन्तर्गत नेपालको भूभागका साथै भारतको सीतामढी, सीताकुण्ड, तिरहुत र चम्पारणका केही भाग समेत पर्दथ्यो ।

चिनियाँ यात्री फाह्यान, वाङ हुएन चे र युवान च्वाङहरूले आ-आफ्ना यात्रा-वृत्तान्तमा तिरहुत(विदेह राज्यको एक अंग)को वयान गरेका छन् ।

मैथिली भाषाका महान् साहित्यकार विद्यापतिभन्दा अगाडि नै यस भाषा र साहित्यको प्रभाव काठमाडौं उपत्यकाका राज्यहरूमा परिसकेको थियो । मैथिल ब्राह्मणहरू शास्त्रका ज्ञाता भएकाले उनीहरूलाई मल्ल राज्य(नेपाल उपत्यकाको)ले पण्डित, पुरोहितको सम्मान दिएको थियो । उनीहरू राजोपाध्याय कहलाए ।

जप: भगवान्को नामलाई मनमनै भजिरहनु जप हो । ओठ चलाएर जप गरियो भने त्यसलाई उपांशु जप भनिन्छ । उपांशु जपभन्दा मानसिक जप हजारौं गुणा श्रेष्ठ बताइएको छ । उच्च जप अर्थात् उच्चारणपूर्वक गरिने जप उपांशु भन्दा तल्लो कोटिको हो । गायत्री *(हेर्नु गायत्री)*आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रलाई माइकबाट सुनाउनु, सुन्नु यस्तै प्रकारको जप हो *(हेर्नू- उपांशु जप-वे.विश्वकोश-१)*

*गीता*मा जपलाई यज्ञ मात्र होइन, यज्ञहरूमा श्रेष्ठ, विभूतिस्वरूप बताउनु भएको छ भगवान् श्रीकृष्णले- **यज्ञानां जपयज्ञोऽस्मि** *(१०/२५)*

'जप'को व्युत्पत्तिमूलक अर्थ यस्तो छ-

जकारो जन्मविच्छेदः पकारः पापनाशकः ।
तस्माज्जप इति प्रोक्ता जन्मपाप विनाशक ॥

(अग्नेयपुराण)

जन्म र जन्महेतु पापको नाश गर्ने भएकोले जप भनिएको हो ।

*मनुस्मृति(२/८७)*मा जपको महिमा बताइएको छ- ब्राह्मणले अन्य कर्म गरोस् या नगरोस् केवल जप गऱ्यो भने पनि पूर्ण सिद्धि पाउँछ । त्यसैले ब्राह्मण सबका मित्र (मैत्र) कहलाउँछ । *महाभारत*मा भनिएको छ-

जपस्तु सर्वधर्मेभ्यः परमो धर्म उच्यते ।
अहिंसया च भूतानां जपयज्ञः प्रवर्तते ॥

अर्थात् सबै धर्महरूमा जप सर्वश्रेष्ठ धर्म कहलाउँछ । जपयज्ञ प्राणीहरूको हिंसा विना नै सम्पन्न हुन्छ । भक्तद्वारा जपिने केही नामहरू (मन्त्रहरू) हुन्– **राम, कृष्ण, गोपाल, राधेराधे, शिव, शंकर, ॐ नमः शिवाय** (पञ्चाक्षरी मन्त्र), **ॐ नमो भगवते वासु देवाय** (दादशाक्षरमन्त्र) । रत्नाकर डाँकूले नारदद्वारा दिइएको 'राम' मन्त्रको उल्टो रूप (मरा) जपेर पनि आफ्नो उद्धार गऱ्यो । ऊ वाल्मीकि ऋषि बन्यो भन्ने कथा जगत्प्रसिद्ध छ । त्यसैगरी भक्त प्रह्लादले नारदबाट मिलेको द्वादशाक्षरी मन्त्र जपेर विष्णु भगवान्को दर्शन पाएथे । बालक प्रह्लादले भगवान्को भजन, कीर्तन र नाम-जपबाट ठूला-ठूला प्राण संकटबाट पार तरे । होलिकाले काखमा उनलाई लिई अग्नि प्रवेश गर्दा उनले 'राम' नामकै जप गरिरहे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलतः अग्निले नडढाउने वरदान पाएकी होलिका डढेर मरी तर बालक प्रह्लादलाई केही पनि भएन। उनले आश्चर्यचकित परेर कसरी बच्यौ भनेर सोध्नेहरूलाई बताए- **रामनाम जपतो कुतो भयम्।**

भगवन्नाम-जप सबै नरनारीहरूको आध्यात्मिक कल्याणको श्रेष्ठ साधन हो भन्ने कुरामा सन्त, महात्मा, ऋषि, स्वामी, भक्त सबै सहमत छन्। सकाम नाम-जपबाट विपत्ति, संकट, रोग निवारण हुन्छन् भने निष्काम भावबाट गरिएको नाम जपबाट मोक्ष प्राप्त हुन्छ। नाम-जप स्वस्थ अवस्थामा पवित्र आसनमा बसेर गरिन्छ भने अस्वस्थ अवस्थामा बिछ्यौनामा नै बसेर, अशौच अवस्थामा पनि जप गर्न सकिन्छ। जस्तो स्त्रीहरूले माला बिना रजस्वला हुँदा समेत गर्न सक्छन्। जप संख्या कममा १०८ र बढीमा जति पनि गर्न सकिन्छ। गायत्री-जप कममा २७ सम्म गर्न सकिने बताइएको छ।

काम, क्रोधको औषधि पनि नाम-जप मानिन्छ। **राम-राम, हरे कृष्ण, नमः शिवाय,** ॐ आदि भक्तिपूर्वक जप्दा काम, क्रोधबाट मुक्ति मिल्नेछ।

मानसिक जप नै ध्यान हो। जप मानसिक भयो भने त्यो ध्यान बन्छ। व्यर्थको संकल्प नष्ट भएर अन्य समस्त संकल्पहरूको अभाव या केवल एकै विचार बाँकी रहेपछि ध्यान हुन्छ। जप अथवा ध्यानको उद्देश्य विभिन्न संकल्पहरूबाट हटेर आफूलाई केवल एकै विचारमा प्रवाहित गर्नु हो। त्यसपछि त्यो विचार पनि त्यसको स्रोत– शुद्ध चैतन्य अर्थात् आत्मामा विलीन हुन्छ।

मौखिक जपमा ध्वनि हुन्छ। ध्वनि संकल्पबाट निस्कन्छ। शब्दहरूमा विचार व्यक्त गर्नु अघि विचार गर्नु नै पर्छ। संकल्पले मनको निर्माण गर्छ। त्यसकारण मौखिक जप भन्दा मानसिक जप श्रेष्ठ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यान तिम्रो वास्तविक स्वरूप हो । जपले मनलाई एकै विचारमा टिकाउन सहायता गर्छ । अन्य समस्त संकल्पहरूलाई पहिले अधीनस्थ गरिन्छ जबसम्म ती लुप्त हुँदैनन् । जब यो कार्य मानसिक हुन्छ त ध्यान कहलाउँछ । प्रयासबाट प्राप्त हुने भएकोले ध्यान भनियो । व्यर्थको संकल्पहरू रहुन्जेल प्रयास आवश्यक छ । अन्य संकल्पहरूमा रहुन्जेल एकै विचारमा स्थिर हुनका लागि तिमी ध्यान गर्छौ । बिना प्रयासबाटै ध्यान भएपछि त्यो तिम्रो वास्तविक स्वरूप बन्छ । *(महर्षिरमण– 'श्रीरमण महर्षि से वातचीत')*

जन्माद्यस्य(यत) : *ब्रह्मसूत्र*को द्वितीय सूत्र *(हेर्नू चतू:सूत्री)* । जन्मादि+अस्य+यत: यी तीन शब्द मिलेर **जन्माद्यस्य यतः** सूत्र बनेको छ । जन्मादिका सामान्य अर्थ हो- जसको जन्म आदिमा भएंको छ । विशेष अर्थमा उत्पत्ति, स्थिति र प्रलय तीनै कुराको ग्रहण हुन्छ । शंकराचार्यले यी तीनै अर्थ मानेका छन् अर्थात् जन्म, स्थिति, भंग- तीनै कुरा 'जन्मादि'को अर्थमा भेटेका छन् ।

जगत्‌को उत्पत्ति, स्थिति र प्रलय जुन निमित्त कारणबाट हुन्छ त्यो ब्रह्म या ईश्वर कहलाउँछ । यस सूत्रले यसरी ब्रह्मको तटस्थ लक्षण बारे संकेत गर्छ । 'ब्रह्मबाट जगत्‌को उत्पत्ति, स्थिति र लय भएको हो भने जगत्‌लाई सत्य मानेर व्यवहार गरे हुँदैन र' भन्ने धारणा जिज्ञासुको मनमा पैदा हुन सक्छ । यस सम्बन्धमा *वेदस्तुति*ले वेदान्त सिद्धान्त प्रतिपादन गर्दै यसरी जवाफ दिएको पाइन्छ-

सत इदमुत्थितं सदिति चेन्ननु तर्कहतं
व्यभिचरति क्व च क्व च मृषा न तथोभययुक् ।

भाग १०।८७।३६

सत् ब्रह्मबाट उत्पन्न भएको हुनाले यो संसार पनि सत् हुन्छ भन्ने कुरा तर्कसिद्ध छैन किनभने यसमा कतै व्यभिचार देखिन्छ । कहीं सत्यवस्तुबाट मिथ्या वस्तु उत्पन्न भएको देखिन्छ ।* यस श्लोकको

डा.स्वामी रामानन्द गिरि-वेदस्तुति टीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशयलाई स्पष्ट पार्ने क्रममा *भागवत*का जगत् प्रसिद्ध टीकाकार श्रीधर स्वामी भन्छन्-

उद्‌भूतं भवतः सतोऽपि भुवनं सन्नैव सर्पः स्रजः ।
कुर्वत् कार्यमपीह कूटकनकं वेदोऽपि नैवं परः ॥

अर्थात् सत्यबाट उत्पन्न भए पनि जगत् सत्य होइन, झुठो हो । माला सत्य भए पनि त्यसमा देखिने सर्प मिथ्या हो, भ्रम हो । कहिलेकाहीं नक्कली सुन चलनचल्तिमा आए झैं जगत्का मिथ्या पदार्थको व्यवहार हुन्छ ।

जह्नु/जाह्नवी: जह्नु प्रतापी राजा थिए । यिनी सुहोत्रका पुत्र हुन् । गङ्गा नदीको प्रसंगमा यिनको उल्लेख पाइन्छ । गङ्गालाई यिनले पुत्रीको रूपमा स्वीकार गरेकाले गङ्गा जाह्नवी, जह्नुकन्या, जह्नुनन्दिन कहलाइन् । भाइ-भारदार, गुरु-पुरोहित सबैले सल्लाह दिए- गङ्गालाई (जसले उत्ताउलो ढंगबाट बग्दै जाँदा ऋषिको आश्रम र अग्निकुण्ड बगाइ दिएकी थिइन् ।) छोरी सरह मानी क्षमा गरिदेउ र बाचा बाँधेर तर लगाउ । यो कुरा राजा जह्नुले माने । यसरी गङ्गा जाह्नवी कहलाइन् । राजा जह्नुले राजसूय यज्ञ गर्दा भागिरथ अघि लाएर बगेकी गङ्गाले यज्ञभूमिलाई बगाई दिइन् । रिसाएर उनले गङ्गानदीलाई पिइ दिएथे । देवता, ऋषिहरू र खासगरी भगिरथले उनको क्रोध शान्त पारे । यिनै जह्नुको वंशमा कुश जन्मे जसको राज्य कुशद्वीप कहलायो । ऋषिले कानबाट गङ्गाको प्रवाहलाई छाडिदिए भनिन्छ ।

जात : जन्मेको प्राणी । मनुष्य लगायत जति पनि सृष्टि भएका वस्तु, स्थावर, जंगम् आदि छन् जात कहलाउँछ । *शिवगीता*मा उत्पन्न भएका र उत्पन्न हुने स्थावर, जङ्गमात्मक जीव, जगत् सबै ॐमा प्रतिष्ठित छन् भनिएको छ ।

सर्वं जातं जायमानं तदोङ्कारे प्रतिष्ठितम् ।
विश्वं भूतं च भुवनं विचित्रं बहुधा तथा ॥

(१५।२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै गरी 'जात र जायमान' अर्थात् जन्मेको र भविष्यमा जन्मने संसार रुद्ररूप हो भनिएको छ । रुद्रमा जन्मेका प्राणीको नै प्राण अडेको छ, रुद्रमा नै ॐस्थित छ । शिव र ॐकार एकरूप छ *(ऐजन १५/२३)* ।

*गीता*मा जन्मेको प्राणी मर्छ, यो ध्रुव सत्य हो भनिएको छ- **जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च** *(२/२७)* । यस श्लोकांशमा मरेको जन्मन्छ भन्ने भाव अज्ञानी पुरुषका लागि हो, ज्ञानीका लागि होइन । परमात्माको अवतरणको रूपमा धराधाममा जन्म लिएका राम, कृष्णले पनि शरीर त्याग गर्नु परेकाले जो 'जात' हो त्यसलाई मृत्यु प्राप्त हुन्छ ।

आद्यजगद्गुरु शंकराचार्य आफू(आत्मवस्तु)को जन्म-मृत्यु छैन । त्यो प्राण, चित्त होइन, त्यसैले त्यसमा भोकप्यास, शोक, मोह छैन । कर्ता पनि नभएकोले त्यसमा बन्धन र मोक्ष पनि छैन भन्छन्–

नाहं जातो जन्ममृत्यु कुतो मे नाहं प्राणः क्षुत्पिपासे कुते मे ।
नाहं चित्तं शोक मोहौ कुतो मे नाहं कर्ताबन्धमोक्षौ कुतो मे ॥

(आत्मपञ्चक-६)

जातवेद : जातवेधा । यसको अर्थ हो अग्नि, सूर्य, परमात्मा, ब्रह्म । जन्मने वित्तिकै जानिने । आगोको झिल्काले पनि पोल्छ र जात जनाउँछ ।

निरुक्त अनुसार यसका विभिन्न अर्थ छन्–

क.**जातानिर्वेद**– उत्पन्न भएको सबैलाई जान्ने परमात्मा ।

ख.**जातानि एवं सर्वविदु**– जन्मेका सबै प्राणीहरूले जान्दछन् ।

ग.**जाते जाते विद्यत**– जन्मने बित्तिकै जानिने ।

घ.**जात विज्ञ अजातविज्ञ**– प्रकट भएपछि जानिने, नत्र नजानिने ।

यसरी जातवेदको अर्थ अग्निदेखि लिएर परमात्मासम्म हुन्छ । नारायणलाई पनि जातवेद भनिन्छ किनकि उहाँसँग वेदको ज्ञान छ । उहाँलाई संझाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद नै हो ।

*भागवत*मा 'जातवेदस'को उत्पत्ति सम्बन्धी प्रसंग पाइन्छ । पुरुरवाले आफू र उर्वशीलाई अरणी चिन्तन गर्दै मन्थनकाष्ठ मथे र अग्निको उत्पत्ति भयो । अग्नि पुरुरवाका पुत्र मानिन्छन् । उर्वशीलोकको कामनाद्वारा वियोग पीडित पुरुरवाले अग्नि मन्थन गरेथे । उनले अग्नि देवतालाई त्रयीविद्याद्वारा क.**आहवनीय** ख.**गार्हपत्य** ग.**दक्षिणाग्नि**- यी तीन भागमा विभक्त गरी अग्निलाई पुत्र रूपमा स्वीकार गरे । उनले त्यसपछि सर्वदेव स्वरूप इन्द्रियातीत यज्ञपति भगवान् श्रीहरिको यज्ञ गरे । उनलाई अन्त्यमा गन्धर्व-लोकको प्राप्ति भयो । *(भाग.९।१४।४४-४९)* । श्रुतिमा पनि 'जातवेदा' शब्द पाइन्छ । आहवनीय अग्नि यज्ञाग्नि हो भने दक्षिणाग्नि चिताग्नि मानिन्छ । *ऋग्वेद*मा भनिएको छ– **अग्निं वः समिधा दुवस्यत** *(६।१५।६)* हे भक्तजन ! यज्ञाग्निको समिधाद्वारा परमेश्वरको उपासना गर ।

*भागवत*मा श्रुतिको उल्लेख गर्दै जो प्रकृतिभन्दा पर छन् र संकल्पद्वारा जगत्को सृष्टि गर्छन् उनै ज्योतिर्मय परम पुरुषलाई सूर्यमा दर्शन गर्दै जातवेद भनिएको छ– **परोरजःसवितुर्जातवेदो देवस्य भर्गो मनसेदं जजान ।**

जाग्रतः जागरुक । जो जागेको छ ऊ जाग्रत हो । जागरण अवस्थामा रहने । जागत अवस्थाको मनको सृष्टि जाग्रत संसार हो । वेदान्तले जाग्रत, स्वप्न, सुषुप्ति र तुरीय-यसरी चित्तको अवस्था बताएको छ । तीन अवस्था बताइँदा जाग्रत पहिलो हो । जाग्रतमा पूर्ण अज्ञान रहन्छ । सुषुप्तिमा पूर्ण बोध रहन्छ । सुषुप्ति, स्वप्न र जाग्रत (जागृति) आत्माको समिप उठ्ने वृत्तिहरू हुन् । भान भए पनि नभए पनि वृत्ति उठिरहन्छन् । बैलगाडीमा जोतिएको बैल (गोरु) गाडीमा जोतिएको गोरुले गाडी खिचेर लैजान्छ, थाकेपछि रोकिन्छ, र हिंड्न नसकेपछि उसलाई फुकाइन्छ (आराम गर्न) । यात्री चाहिँ गाडीमा सुतिरहन्छ । ज्ञानको अवस्था भनेको यात्रीको झैं हो । ज्ञानी आफ्नो स्वरूपमा रहन्छ तर जाग्रत, स्वप्न, सुषुप्ति र समाधि एक पछि अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घुमिरहन्छन् ।

*रामगीता*मा भगवान् राम भाइ लक्ष्मणलाई भन्नुहुन्छ– जाग्रतादि वृत्ति हुन् जुन आत्मामा आभास हुन्छन् । यी अवस्था त्रय सत्व, रज र तम गुण रूप धर्मको कारणले उत्पन्न भएका हुन् । यी तीन अवस्थाहरू एक रहँदा अर्को सँगै बस्दैन । त्यसैले यी व्यभिचारी हुन् र झुठा छन् । नित्य सत्य वस्तु भनेको परब्रह्म मात्र हो–

बुद्धेस्त्रिधा वृत्तिरपीह दृश्यते
स्वप्नादिभेदेन गुणत्रयात्मनः ।
अन्योन्यतोऽस्मिन् व्यभिचारतो मृषा
नित्ये परे ब्रह्मणि केवले शिवे ॥३२॥

गौडपादाचार्यले जाग्रत, स्वप्न र सुषुप्तिका सम्बन्धमा आफ्नो ग्रन्थ *माण्डूक्यकारिका*मा राम्ररी चर्चा गरेको पाइन्छ । जसरी स्वप्नमा मायाको कारणले गर्दा मनले अनेक पदपदार्थ सृजना गर्छ र मनैले भोग गर्छ त्यसैगरी मायाको कारणले जाग्रत पुरुष इन्द्रियहरूद्वारा विषय भोग गर्छ । अजातवादी गौडवाद त स्वप्न र जाग्रतलाई एकै स्थानमा राख्छन्, उस्तै अवस्था मान्छन् । उनी भन्छन्–

अन्यथाग्रहणतः स्वप्नो निद्रातत्त्वमजानतः ।
विपर्यासे तयोःक्षीणे तुरीयं पदमश्नुते ॥

(आगम. प्रक. १५)

व्याख्या– आफ्नो स्वरूप बोध नगरी अयथार्थ रूपलाई बोध गर्नु स्वप्न हो भने सुषुप्ति (निद्रा) तत्त्वको अज्ञान हो । तत्त्वबोध अर्थात् विपरीत ज्ञान क्षीण भएपछि तुरीय पद प्राप्त हुन्छ ।

जाग्रत तथा स्वप्न दुवै 'स्वप्न'को पारिभाषिक अर्थभित्र पर्दछन् किनभने सद्वस्तुको अयथार्थ स्वरूपमा भिन्न पुत्र-कलत्र-वित्त आदिको प्रतीर्ति लोकसिद्धि जाग्रत तथा लोकसिद्ध स्वप्न दुवैमा छन् । तत्त्वको अज्ञानरूप 'निद्रा', सुषुप्ति र मूर्च्छा आदि चित्तका मूढ दशाहरूमा पनि हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्रहण रूप दशाभित्र परेका सबै नै 'निद्रा' हुन्। यी दुवै नरहँदा परिशेष्यात् तुरीय दशामा यथार्थबोध मात्र अवशिष्ट रहन्छ।×

संसारी मानिसले जाग्रत अवस्थामा कर्ताभोक्ता भावद्वारा सञ्चालित स्थूल देह दुःखको कारण हो। यो भोगालय हो। इन्द्रियहरू बाहिरतिर प्रवृत्त हुन्छन्। स्थूल शरीरलाई अति चञ्चल मनयुक्त सूक्ष्म शरीरले दौडाउँछ। ज्ञानेन्द्रिय र कर्मेन्द्रियको भरमा जीवले जुन अवस्थामा भोग गर्छ त्यो जाग्रत हो। जाग्रत अवस्थाको अभिमानीलाई विश्व भनिन्छ, स्वप्नावस्थाको अभिमानी तैजस कहलाउँछ र सुषुप्तिको अभिमानी प्राज्ञ हो। यी तीनको समष्टि रूपको नाम क्रमशः विराट, हिरण्यगर्भ र प्राज्ञ हो।

जिज्ञासु मानिस जाग्रत अवस्थालाई महत्व दिन्छ किनकि जाग्रतमा नै उसले स्वाध्याय र सत्संग गर्छ। तर ज्ञानीजन, महात्माहरू जाग्रत जगत्लाई स्वप्नवत् मान्छन्। उनीहरू जाग्रत र स्वप्न अवस्थालाई समान मानेर सुषुप्तिको खोज गर भन्छन् किनकि सुषुप्तिमा जगत् आदि केही रहँदैन 'पूर्णबोध' रहन्छ। जाग्रतमा पूर्ण अज्ञान रहन्छ।

*कैवल्योपनिषद्*मा भनिएको छ– जाग्रतमा मायाको मोहमा फसेर पागल भएको प्राणी स्त्री आदि भोगबाट तृप्ति अनुभव गर्छ। स्वप्नावस्थामा त्यही जीव मायाद्वारा स्वप्न संसार कल्पना गरेर दुःख-सुखको अनुभव गर्छ। सुषुप्तिमा मायाको प्रपञ्च समाप्त भएपछि पनि जीव तमोगुणबाट पराजित भएर पूर्वजन्मको कर्महरुद्वारा सुख प्राप्त गर्छ। स्थूल, सूक्ष्म र कारण शरीरहरूको लय भएपछि मायाबाट मुक्ति मिल्छ र अखण्ड आनन्द प्राप्त हुन्छ। अत्यन्त सूक्ष्म, सबका आत्मा एवं निवास ब्रह्म नै नित्य तत्त्व हो। ब्रह्मबोध पछि जाग्रत, स्वप्न र सुषुप्ति अवस्थाहरू नष्ट हुन्छन् र 'त्यो ब्रह्म म नै हुँ' ज्ञान भएपछि मायाका समस्त बन्धनहरू नष्ट हुन्छन्। *(डा.भवान सिंह*

×*डा.स्वामी रामानन्द गिरि-माण्डूकोपानिषद्कारिका ने.अनु. / व्याख्या*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणा- १०८ उपनिषद्)

जीवको सात अवस्थाहरूमध्ये स्वप्न र सुषुप्ति बाहेक पाँच अवस्था जाग्रतसँग सम्बन्धित रहेका छन्–

१.वीज जाग्रत- सृष्टिको आदिमा चैतन्यको निर्मल चिन्तन, जाग्रत अवस्थाको अनुभव वीज रूप हुन्छ ।

२.जाग्रत- आदि जीवको 'म' 'मेरो' भन्ने ज्ञान । पूर्वकालको स्मृतिहीनता ।

३.महाजाग्रत- पहिलेको जन्ममा उदय भै दृढ भएको 'म', 'मेरो' भन्ने भावना ।

४.जाग्रतस्वप्न- जाग्रत अवस्थामा रहे पनि मनोराज्य (भ्रम)मा तन्मयता । दिउसै, जागा अवस्थामा स्वप्न देख्नु ।

५.स्वप्नजाग्रत- स्वप्न नै जाग्रतसमान अनुभव हुन ।

६.स्वप्न- महाजाग्रत अवस्थाभित्र रहेको जीव निदाउँदा देखेको स्वप्न जगतलाई जागेपछि असत्य मान्नु ।

७.सुषुप्ति- यी छ वटै अवस्था नरहेको तर दुःखदायी वासनायुक्त जीवको अचेतन (जड) स्थिति ।✍

वेदान्त भन्छ– सुतेको मानिस जाग्नु कुनै जागरण होइन, न वास्तविक रूपमा जाग्रतमा रहनु हो । ज्ञानको दृष्टिले जागा नभएसम्म मानिसलाई जाग्रतमा काम गरिरहेको भन्न सकिन्न । त्यसैले उपनिषद्को उद्घोष छ- **उत्तिष्ठत जाग्रत प्राप्य बरान्निबोधत ।** *(कठोपनिषद् १।३।१४)*

ब्रह्म ज्ञानी यमराज जिज्ञासु नचिकेतालाई भन्छन्- उठ, जाग, श्रेष्ठ महापुरुष सामु गएर उपदेश सुनेर ज्ञान गरिहाल । तिमी जन्मजन्मान्तरसम्म अज्ञानको निद्रामा सुतिरहेका छौ । त्यसैले प्रमादलाई त्याग (उत्तिष्ठत), परमात्माका सम्बन्धमा ज्ञान गरिहाल (जाग्रत

✍ *पं.दुर्गाप्रसाद भट्टराई- योगवाशिष्ठको विषयसार*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात परोक्ष ज्ञान गर) अनि ज्ञानवान् सामु गएर परब्रह्म परमेश्वरका सम्बन्धमा प्रश्न गरेर अपरोक्ष ज्ञान प्राप्त गर ।

*गीता*मा भगवान् श्रीकृष्ण सोही कुरा बताउनु हुन्छ–

या निशा सर्वभूतानां तस्यां जगर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥(२/६९)

अर्थ- प्राणीहरूको रात या स्वप्नावस्था ज्ञानीका लागि जागरण समय हो । ज्ञानी न सुत्छ, न सपना देख्छ ऊ सदा जागा छ । प्राणीहरूको जाग्रत अवस्थालाई ज्ञानी उपेक्षा गर्छ मानौं उसको लागि त्यो अवस्था रात हो ।

जिज्ञासा : जान्ने इच्छालाई जिज्ञासा भनिन्छ- **ज्ञातुमिच्छा जिज्ञासा** । 'ज्ञा' धातुमा 'सन्' प्रत्यय जोडेर जिज्ञासा बन्छ । सन् प्रत्यय इच्छार्थक हुन्छ । ज्ञानरूप प्रमाणद्वारा ब्रह्मको प्राप्ति इष्टतम हो । त्यसैले ब्रह्मको जिज्ञासा गर्नुपर्छ । त्यसैले *ब्रह्मसूत्र*को पहिलो सूत्र- **अथातो ब्रह्म जिज्ञासा** हो । श्रुतिले पनि ब्रह्मको पहिचानको क्रममा **जिज्ञासा गर्नु** (विजिज्ञास्व) भनेको छ- **यतो वा इमानि भूतानि जायन्ते, येन जाताति जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्ति अभिसंविशन्ति तद् विजिज्ञासस्व तद् ब्रह्म** । जसबाट प्राणीहरू जन्मन्छन्, हुर्कन्छन् र लय हुन्छन् त्यस्तो अधिष्ठानलाई जान्नुपर्छ । त्यो ब्रह्म हो ।

आत्मा नै ब्रह्म हो त्यसैले ब्रह्म अज्ञात छैन । यदि सबैको आत्मा भएकोले ब्रह्मलोक प्रसिद्ध छ भने त्यसको जिज्ञासा व्यर्थ हुनेछ । शंकराचार्य यस सम्बन्धमा भन्छन्- आत्माको सामान्य रूपमा अस्तित्व ज्ञान भए पनि त्यसको विशेष स्वरूपको विषयमा जानकारी हासिल गर्नुपर्छ । विशेष स्वरूप ज्ञान नहुनाले आत्माका सम्बन्धमा मतमतान्तर पाइन्छ । जस्तो- चार्वाक चैतन्ययुक्त शरीरलाई आत्मा मान्छन् भने कोही इन्द्रियलाई चेतन आत्मा । कोही मनलाई नै आत्मा मान्छन् । योगाचार बौद्ध क्षणिक विज्ञानलाई आत्मा मान्छन् भने माध्यमिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्ध शून्यलाई नै आत्मा ठान्छन् । अनि नैयायिकहरू आत्मा भनेको कर्ता र भोक्ता हो जो देहदेखि भिन्न छ भन्छन् । ईश्वरलाई मान्नेहरू जीवात्मादेखि भिन्न ईश्वरलाई नै सर्वशक्तिमान आत्मा स्वीकार गर्छन् । यस विषयमा विशेष विचार वा जिज्ञासा भएन भने मोक्षको प्राप्ति हुन्न त्यसैले प्रथम सूत्रले भनेको छ **अथातो ब्रह्म जिज्ञासा** । ▸ वेदान्त दर्शनले धर्म-जिज्ञासा गर्ने कि बह्म जिज्ञासा गर्ने यस सम्बन्धमा पनि प्रकाश पारेको छ । *(हेर्नू चतु:सूत्री)*

जितेन्द्रियः जसका इन्द्रियहरू वशमा छन् ऊ जितेन्द्रिय हो । जसले इन्द्रियहरूलाई छाडा छाडेको छैन, संयमित तुल्याएको छ ऊ हो जितेन्द्रिय । *गीता*मा कर्मयोगीको वर्णन गर्दै भगवान् भन्नुहुन्छ– **योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।** *(५/७)* । कर्मयोगीका इन्द्रियहरू संयमित छन्, अन्त:करण निर्मल छन् र मनोशारीरिक व्यक्तित्व सुसंयमित छ भने उसले कर्म गरे पनि कर्ममा लिप्त हुँदैन ।

मनु महाराज जितेन्द्रियको लक्षण बताउँछन् ।

श्रुत्वाचस्पृष्टा च भुक्त्वा ध्रात्वच यो नरः ।
न हृष्याति ग्लायति वा स विज्ञेयो जितेन्द्रियः ॥

(मनुस्मृति २।९८)

जीव/जीवात्मा : चिदाभास । जीव्+क् मिलेर जीव शब्द बनेको छ । अविद्यामा प्रतिबिम्बित चैतन्य (ब्रह्म) । सांसारिक विषयको भोक्ता । अविद्याको कारणले पुरुष जब कर्ता, भोक्ता संझन्छ आफूलाई, तब उसमा जीवभाव खडा हुन्छ । अविद्याले चित् वस्तुलाई जीव मात्र बनाउँदैन ऊ स्वयं जगत् बनेर जीवात्मालाई भुलाउँछ । त्यसले विषयको प्यास बढाइदिन्छ र विवेकलाई नष्ट गरिदिन्छ । अविद्याले गर्दा जीवात्मालाई जगत्को आभास हुन्छ तर आत्मज्ञानबाट यो नाश

▸ *जगदीश श्रीवास्तव- अ. वेदान्तको ता. भूमिका*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । आत्मज्ञान भनेको परम पुरुषार्थ हो जसबाट जीव शिव बन्न पुग्छ । यस स्थितिमा जटिल हृदयग्रन्थि फुक्छ, कर्म नष्ट हुन्छ-

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ॥

(मुण्डक उप. २।२।८)

जीवात्माले कर्मफल भोग्नका लागि बारम्बार शरीर धारणा गरिरहनु पर्छ । संकल्प, स्पर्श, दृष्टि, मोह, भोजन-जलपान र वृष्टि जस्ता प्रक्रियाबाट जीवको शरीरको जन्म र वृद्धि हुन्छ । जीव आफ्नो कर्मअनुसार फल भोग्न विभिन्न लोकहरूमा गमन गर्दै एक पछि अर्को क्रमले शरीरहरू बारम्बर धारण गरिरहन्छ । जन्म-मृत्युको चक्रमा घुमिरहन्छ ।

*योगवाशिष्ठ*मा गुरु वशिष्ठ श्रीरामलाई भन्छन्- हे राम ! सबै जीव वास्तवमा शिव नै हो । अविद्यारूप चित्त बहीर्मुख हुँदा जीवलाई जगत्को आभास हुन्छ । तर जब चित्त चित् शक्ति (आत्मा) तिर उन्मुख हुन्छ त जगत्-भ्रमको अन्त्य भै जीवले परमशान्ति पाउँछ *(निर्वाण प्रकरण पुरुष, प्रकृति विचार)* । आत्मामा प्रमाद भएको अवस्थामा पुरुष जीव बन्छ र दुःखी हुन्छ । जीवको परमरूप ब्रह्म हो । सूक्ष्म र स्थूल देह जन्मन्छ र कालान्तरमा नष्ट हुन्छ । जन्मने, बढ्ने, नष्ट हुने शरीर आत्मामा कल्पित हो- डोरीमा सर्प कल्पित भए झैं ।

सृष्टिको आरम्भमा आदिजीवको सृष्टि भयो, जसलाई वेदान्तमा हिरण्यगर्भ (ब्रह्मा) भनिन्छ । यो समष्टि रूप हो । अपञ्चीकृत पञ्च महाभूतबाट सत्त्व, रज र तम गुणहरूको समष्टि, व्यष्टि रूपले उद्रेक हुँदा क्रमैले इन्द्रियहरू, पञ्च प्राण, मन, बुद्धि- यी १७ तत्त्वको सृष्टि भयो । त्यस पछि हिरण्यगर्भको इच्छाबाट पञ्च महाभूतको पञ्चीकरण भै उद्भीज, जरायुज, स्वेदज र अण्डज प्राणीहरूको सृष्टि फैलियो । जीव ब्रह्म रूपमा व्यापक, सर्वज्ञ, अकर्ता, अभोक्ता भए पनि अन्तःकरण रूप उपाधिले गर्दा अल्पज्ञ, कर्ता, भोक्ता भएको हो । त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्त:करणका साथ जीवको सम्बन्ध छुटाउने उपाय गर्नुपर्छ । ईश्वर सर्वज्ञ भएकाले नित्यमुक्त छन् । जीवात्मा अल्पज्ञ हुनाले बद्ध छ ।✓

*भागवत*मा पुरञ्जनोपाख्यान *(चतुर्थ स्कन्ध, अध्याय २५-२९ सम्म)* पाइन्छ । यसमा जीव(पुरञ्जन)ले आफ्ना साथी ईश्वर (अविज्ञात)सँगको सत्संग त्यागेर बुद्धि(स्त्री, माया)को पछि लाग्दा अनेकौं जन्म-मृत्युको चक्रमा फसेको, अनेक हण्डर, दु:ख, पराजय, अपमान भोगेको, अन्त्यमा दयावश चिरमित्र(ईश्वर)ले 'मलाई छाडेर स्त्रीको पछि लाग्दा, स्त्रीलम्पट हुँदा अनेकौं हण्डर खायौ र विदर्भकी कन्या बनेका हौ, मलाई छोडे पछि मेरा मायाले तिमीलाई सताउने नै भई' भनी आँखा खोलिदिंदा पुरञ्जनरूप जीवले मुक्ति पाएको प्रसंगले कुसंगतमा फसेको जीवको नियतिलाई छर्लङ्ग पारेको छ । अविद्याबद्ध जीवले आफ्नो कर्मको फल भोग्छ । कर्मफल भोग्न बारम्बार जन्म-मृत्युको दु:खमा फसिरहन्छ । पुण्य कर्मको आधिक्यले गर्दा उसले स्वर्गको सुख पनि पाउँछ तर पुण्यको क्षय (समाप्ति) पछि रजोगुण सम्बन्धी शेष कर्म-संस्कार भोग्न ऊ पुन: मर्त्यलोकमा फर्कन्छ ।

मुमुक्षुमा 'जीव कसरी मुक्त हुन्छ ?' भन्ने जिज्ञासा उठ्नु स्वाभाविक छ । ब्रह्मज्ञान नै संसारको जन्म-मृत्युको बन्धनबाट मुक्त हुने उपाय हो । यस ज्ञान(पराविद्या)ले परब्रह्म, परमात्माको साक्षात्कार गराउँदै जीवात्मालाई बारम्बार जन्म, मृत्यु, बुढौली, रोग र तापत्रयबाट मुक्त तुल्याउँछ । वेदान्त-दर्शन भन्छ- मुमुक्षु ब्रह्म नै थियो, छ तर अज्ञान, स्वरूप-ज्ञानको विस्मृतिले गर्दा जीव भयो । देहाध्यासले गर्दा उसले आफूलाई नाम-रूपयुक्त मानिस ठान्यो । भोगवासनाले गर्दा भेद, खण्ड गर्‍यो उसले । भोगवासना र भेदवासना हटाउन सके जीव शिव बन्छ । उसले क्षेत्रज्ञ भाव अर्थात् शरीरमा पसेको ज्ञाता म हुँ भन्ने भावलाई पनि त्यागेर 'म शुद्ध चैतन्य हुँ' भनेर बुझ्नु पर्छ । शुरुमा साक्षीचैतन्य भावमा टिकिरहे पछि उसलाई ब्रह्म-भाव प्राप्त

✓ *पं.हरिनाथ ढुङ्गेल-वेदान्त विचारसार*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । तन्त्रशास्त्रमा जीव र शिवको स्पष्ट परिभाषा गरिएको छ । यिनको भेद बताइएको छ-

शरीर कञ्चुकितः शिवो जीवो निष्कञ्चुकः परः शिवः ।

(परशुराम कल्पसूत्र)

अविद्या, कला, राग, काल तथा नियति- यी पाँच तत्त्व नै पुरुषका पञ्च कञ्चुक हुन् । मायावृत शिव नै जीव हो र मायापाश मुक्त सदाशिव कहलाउँछ- **पाशबद्धा स्तथा जीवः पाशमुक्त सदाशिवः ।**

अथवा- **पाशबद्धः पशु प्रोक्तः**
पाशमुक्तः सदाशिवः ।
तस्मात् पाशहरो योऽत्र
स गुरुर्नित्य उच्चते ॥

(मेरुतन्त्र)

पाशवद्ध पुरुष नै जीव हो, पाशमुक्त त सदाशिव भैहाले । पाशहरण गर्ने व्यक्ति नित्य गुरु हुन् । पासो आठ प्रकारका छन्- १.घृणा २.शंका ३.भय ४.लज्जा ५.जुगुप्सा (घृणा) ६.कुल ७.शील ८.जाति ।

जीवको तीन स्वरूप हुन्छ-

क. **शुद्ध चिदात्मा (ब्रह्म) जीवो ब्रह्मैव नापरः ।** यो जीवको परम स्वरूप हो । यो शान्त, निर्मल, तुरीयातीत पद हो । श्रुति माताको भनाइ छ- **प्रपञ्चोपशमं शान्तं शिवमद्वैत चतुर्थ मन्यते स आत्मा स विज्ञेयः ।** *(माण्डू.उप.मन्त्र- ७)*

अर्थात् जसमा प्रपञ्चको सर्वथा अभाव छ त्यो आत्मतत्त्व शान्त, कल्याणमय, अद्वैत छ । परब्रह्मको यो चौथो पाऊ हो । यस्तो शुद्ध चिदात्मा जान्नयोग्य छ । ब्रह्मज्ञानी या जीवन्मुक्तको स्वरूप यही हो ।

ख. **अन्तवाहक स्वरूप-** शुद्ध चिदात्मामा स्फूरण हुँदा अन्तवाहक शरीर बन्छ । यो दिव्य स्वरूप हो । पुण्यात्माको भौतिक रूप नष्ट हुँदा यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप प्राप्त हुन्छ । *योगवाशिष्ठ* अनुसार ईश्वर पनि अन्तवाहक शरीर छाडेर जीव बन्छन् । अनि कर्मको बन्धनमा रहन्छन् ।

ग. **भौतिक रूप**– पञ्च तत्त्वहरूले बनेको भौतिक देह । रोगी, निरोगी, राम्रो, नराम्रो, यो जातको, ऊ जातको आदि निम्नस्तरीय बन्धनद्वारा भौतिक रूपमा यो जकडिएको छ । भौतिक स्तरबाट नउठेका मानिसहरू शरीरको ऐश-आराममा सुखी र यसको कष्टमा दुःखी भएर रहन्छन् । संसारका पदार्थहरूमा भौतिक प्राणी आसक्त हुन्छन्, मोहित रहन्छन् ।

शुद्ध चिदात्मा अज्ञानी मानिसहरू, संसारी भोगपरायण पुरुषहरूको भन्दा विपरित स्थितिमा रहन्छन् । ज्ञानीहरू जीव र शिवलाई एकै मान्छन् । सबै कार्य गरेर पनि ती विषयमा लिप्त हुँदैनन् । तिनमा भोगवासना रहँदैन ।

मुख्य रूपबाट जीवलाई तीन प्रकारबाट विभक्त गरिन्छ । क. बद्ध ख. मध्यम ग. मुक्त । बद्ध जीव भगवान्देखि टाडा पुऱ्याउने मार्गमा लागेको हुन्छ ।[*] मध्यम खालको जीव चाहिँ आफ्ना दुर्वलताबाट बच्ने प्रयास गर्छ । शास्त्र, सज्जनको संगतमा रमाउँछ । भगवान्को भरोसा गर्छ र उहाँको कृपा पाएर मुक्त हुन्छ । मुक्त व्यक्ति त्यो हो जसले आफूलाई मुक्त भनेर स्वीकार गरेको छ । गुरुको शरणमा परेको मुमुक्षुलाई शास्त्रको उपदेश दिंदै अधिकारी भएपछि महावाक्य सुनाउँछन् (गुरु)– **तत् त्वमसि** । गुरुको वचनमा पूर्ण विश्वास राख्ने शिष्यले अहो ! म त ब्रह्म पो रहेछु, सुखदुःख आदि द्वन्द्वमा फसेको संसारी जीव होइन रहेछु, म ब्रह्म नै रहेछु भन्ने पक्का निश्चय गर्छ **(अहं ब्रह्मास्मि)** । ऊ मुक्त बन्छ । *छान्दोग्य उपनिषद्*मा ब्रह्मज्ञानी पिता उद्दालक आरुणी आफ्ना पुत्र श्वेतकेतुलाई ९ पल्टसम्म **तत्त्वमसि** महावाक्य सुनाउँछन् । श्वेतकेतुको अज्ञान नष्ट हुन्छ र ऊ जीवन्मुक्त बन्छ ।

---

[*] *(श्रीरामकृष्णदेवकी वाणी*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवलाई यसरी दुई प्रकारले पनि विभक्त गर्न सकिन्छ–

क.साधारण प्राकृत जीवः आवरण दोषले गर्दा तिनले भगवान्‌को ऐश्वर्य देख्न, बुझ्न सक्तैनन् । यो आवरण जन्मजन्मान्तर रहिरहन्छ ।

ख.प्रेमी परिकरि जीव– कौशल्या, यशोदा, उद्धव उदाहरण हुन् । यिनमा अज्ञान कसरी रह्यो ? यो भगवान्‌को लीलाको चमत्कार हो । यसमा झिनो आवरण छ जुन भगवान्‌ले चाहनुभयो भने तुरुन्तै हटाइदिनु हुन्छ ।

चिदाभास या १७ तत्त्वयुक्त सूक्ष्मशरीर जसमा आत्माको प्रकाश परेको हुन्छ त्यसैलाई जीव भनिन्छ । जीवमा कर्ता, भोक्ता भाव प्रवल हुन्छ । गर्ने, गराउने प्रकृति हो या परमात्मा हो भनेर आफूलाई शुद्धचैतन्य रूपी सूर्य ठान्न नसकेर ऊ ब्रह्म बन्न नसकेको हो । सदासुख रूप शिव बन्न नसकेर जीव भएर दुःख भोग्न परेको हो । अन्तःकरणको मलिनताले ग्रस्त छ ऊ । उसको बुद्धि उल्टो छ । ऐनाको अगाडि राखिएको पुस्तकको अक्षर उल्टो देखिन्छ । जीवमा चित्‌को प्रकाश त छ तर मलिन अन्तःकरणले गर्दा प्रकाश मलिन देखिन गयो, बढी उज्यालो छाएन । उल्टो व्याट्री हालेर बाल्दा टर्च बल्दैन ।

भेंडाभावयुक्त सिंहको बच्चाको उपमा जीवमा मिल्छ । डमरु सिंह नै हो तर भेंडा बनेर भेडासँग चरिरहेको हुन्छ । गुरु भेट्टाए पछि सिंह नै बन्छ । पानी शीतल नै छ तर आगाको धर्म पस्दा तातो भयो । चित् नै चित्त भएको हो । ससारभरिका चिन्ताटण्टाले त्यो दुःखी भयो (**जीवो ब्रह्मैव नापर**) ।

जीवन्मुक्ति : मोक्ष । आवागमन चक्रबाट जीवात्माको मुक्ति । मनोनाश, वासनाक्षय र तत्त्व-साक्षात्कार भएको व्यक्तिलाई मुक्तात्मा भनिन्छ । आत्मज्ञानद्वारा अविद्या नष्ट हुनु नै मोक्ष हो । मुक्ति सामान्यतया दुई प्रकारको हुन्छ- क. जीवन्मुक्ति ख. विदेहमुक्ति । अविद्याले असत्य संसारलाई सत्य झैं देखाउँछ, असत् वस्तुलाई प्रत्यक्ष रूपमा आभास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउँछ । सर्प-भ्रम निर्मूल भइसकेपछि पनि भय, कम्पन पूर्णरूपमा निर्मूल हुन बाँकी भए झैं तत्त्व-साक्षात्कार भएपछि पनि प्रारब्ध कर्म-भोग बाँकी रहेकोले क्षीण मोहको स्थिति नै जीवन्मुक्तिको अवस्था हो भनेर खप्तडबाबाले *धर्मविज्ञान*-४ मा लेखेका छन् । फूलको टोकरीबाट फूल देवतालाई चढाए पछि पनि फूलको वासना बाँकी रहे झैं जीवन रहेसम्म जीवन्मुक्तमा अविद्याको लेश शेष रहन्छ । प्रारब्ध-भोग सकिएपछि अविशिष्ट अविद्याको लेश र तत्प्रयुक्त शरीर पनि नष्ट हुन्छ । खप्तडबाबा विदेहमुक्तिका सम्बन्धमा भन्छन्- "अविद्या अथवा मायाको लेशको सर्वत्रोभावेन निवृत्ति हुनु नै विदेहमुक्ति अथवा अद्वैत भावको प्राप्ति हो । यो नै मानव जीवनको चरम तथा परम लक्ष्य हो ।" *योगवाशिष्ठ* अनुसार ब्रह्मर्षि वशिष्ठले श्रीरामलाई को को ज्ञानी अर्थात् जीवन्मुक्त भए बताएका छन् । आत्मपदमा मग्न भएर पनि राज्यकार्य गर्ने गृहस्थ जनक, राजा दिलिप, राजा अज तथा राजा मान्धाता जीवन्मुक्त थिए । महादानी राजा वलि पातालको शासन गरे पनि जीवन्मुक्त थिए । इन्द्र, प्रह्लाद ज्ञानी थिए । विष्णुले सधैं असुरहरूलाई मारे । अग्निले सधैं यज्ञका आहुतिहरूको भोग गरे । देवता सदा चन्द्रमाका किरणबाट अमृत पाउँछन् । बृहस्पतिले स्त्रीका लागि चन्द्रमासँग युद्ध गरे । शुक्राचार्यले सदा दैत्यहरूको हितमा कार्य गरे । ब्रह्मा सधैं सृष्टि बढाउन उद्यत देखिन्छन् । शिवका आधा शरीर स्त्रीको छ । गौरी सधैं मोतीका माला लगाउँछिन् । कार्तिकेयले दैत्यहरूसँग युद्ध गरे । नारद सदा जगत्का कुराहरूको सूचना दिँदै रहन्छन् । विश्वामित्र यज्ञादि गर्दै रहन्छन् । सूर्य सधैं घुमिरहन्छन् । यी सबै राजा, देवता, दैत्य अनेक प्रकारका कार्य गर्दै रहन्छन् तापनि यी जीवन्मुक्त हुन् । आफ्ना कार्यहरू उनीहरू राग या द्वेषको भावनाले गर्दैनथे ; वास्तवमा उनीहरूमा ती मनोविकार नै छैनन् ।

जीवन्मुक्तमा शरीरको अध्यास छैन, त्यसको आभास मात्र छ । ऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वत्र परमात्माको दर्शन गर्छ। सदा अद्वैत स्थितिमा जीवन्मुक्त रहन्छ। उसमा क्रोध आउँछ, जान्छ तर त्यो भित्र छैन। ज्ञानीको क्रोध पानीको दाग झैं हुन्छ। ज्ञानी पुरुषको मित्र भनेको विचार हो। उसको स्त्री मुदिता अर्थात् सदा प्रसन्नता हो। मुदिताका सहेली द्वय छन्- करुणा र दया। जीवन्मुक्तको द्वारपाल समता हो। उसको परिवारका सदस्यहरू विवेक, धैर्य र धर्म हुन्।

विदेहमुक्तको शरीर रहँदैन किनकि प्रारब्ध-भोग समाप्त भयो र ज्ञानोदय पनि भयो। उसमा लेशाविद्या रहँदैन तर जीवन्मुक्तमा अविद्याको लेश रहन्छ र बाँकी प्रारब्ध भोग भोग्छ। अज्ञानी झैं दु:खी-सुखी हुँदैन मुक्त पुरुष।

जैमिनि : *पूर्वमीमांसासूत्र*का रचयिता तथा मीमांसा दर्शनका संस्थापक। यी *ब्रह्मसूत्र*का रचयिता, *भागवत, महाभारत* लगायत पुराणहरूका स्रष्टा तथा वेदहरूलाई विभाग गर्ने वेदव्यासका समकालीन थिए। पुराणहरूमा जैमिनिलाई व्यासका शिष्य बताइएको छ। *ब्रह्मसूत्र*मा जैमिनिको मतको उल्लेख गरिएको पाइन्छ। जस्तो-

क.साक्षादप्यविरोधं जैमिनिः *(१।२।२८)*

ख.सम्पत्तेरिति जैमिनिस्तथा हि दर्शयति *(१।२।३१)*

पहिलो सूत्रको अर्थ हो-जैमिनिले समेत 'वैश्वानर' शब्द साक्षात् परब्रह्म वाचक मान्नुमा आपत्ति (विरोध) छैन भनेर *ब्रह्मसूत्र*को भनाइमा समर्थन जनाएका छन्। पछिल्लो सूत्रको अर्थ छ- जैमिनिले पनि परब्रह्म परमेश्वर अनन्त ऐश्वर्यसम्पन्न छन्, यसो भन्नुमा विरोध छैन, श्रुतिसम्मत छ भनेका छन्। अर्को सूत्र हेरौं-

ग.ब्राह्मेण जैमिनिरूपन्यासादिभ्यः (४।४।५)

जैमिनि आचार्यका अनुसार मुक्त अवस्थामा जीवले ब्रह्मको आनन्द आदि गुण धारण गर्छ। यस भनाइबाट थाहा हुन्छ- मीमांसाकार ईश्वर मान्छन् र उनको सच्चिदानन्द स्वरूपमा विश्वास गर्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*पूर्वमीमांसासूत्र*मा वादरायणको नामोल्लेख यसरी गरिएको छ- **वादरायणस्यानपेबूत्वात्** ।*(१।१।५)* अर्थात् व्यासको मतमा धर्ममा स्वत:प्रमाण छ ।

यस *मीमांसासूत्र*को पहिलो सूत्र छ- **अथातो धर्म जिज्ञासा** । मीमांसा दर्शनले धर्ममा जोड दिएको छ । धर्म के हो ? दोश्रो सूत्र भन्छ- विधानमा आएको कार्यलाई धर्म भनिन्छ । मीमांसा कर्मकाण्डद्वारा नै मोक्ष प्राप्त हुने कुरामा विश्वास गर्दछ । यस मतमा मनुष्य जगत्मा आएपछि अभ्युदय (सांसारिक उन्नति) तथा निश्रेयस(मोक्ष)को चाहना गर्छ भने उसले वैदिक आदेशको पालना गर्नुपर्छ ।

जोसमणि-सम्प्रदाय : वेदान्त-दर्शनबाट प्रभावित सम्प्रदाय जसको स्थापना शशिधर मिरासिनीले गरे । शशिधरको यस सम्प्रदायमा प्रचलित नाम जोसमणि हो । यस समाज(सम्प्रदायको पर्यायका रूपमा समाज शब्द पनि चलेको छ)मा दीक्षित शिष्यले **सोऽहम् हंस:** अजपा मन्त्र जप्छ । यो अद्वैत मन्त्र हो ।

जोसमणि दर्शन अरू दर्शनभन्दा केही भिन्न छ तर अद्वैत-दर्शनसँग केही मिल्छ । गुफामा बसेर गुरुमन्त्र जप्नु, ध्यान लगाउनु, ध्यानबाट समाधिमा उक्लनु र समाधिबाट साक्षात्कार अनि केवलीभावमा पुग्नु चरम उपलब्धि हो । यही नै यस सम्प्रदायको कैवल्यमोक्ष हो । यस सम्प्रदायको उत्कृष्ट ग्रन्थ हो *कैवल्योपनिषद्*। यो *कैवल्योपनिषद्* महामुनि जोसमणिको आफ्नै रचना हो । परन्तु वेदान्तको *कैवल्योपनिषद्*सँग तुलना गर्दा दुवै उपनिषद्हरूले आत्मज्ञान र ब्रह्मज्ञानकै चर्चा गरेका छन् । यस *कैवल्योपनिषद्*मा जोसमणि स्वयंले शिष्यहरूलाई उपदेश गरेका छन् भने वैदिक *कैवल्योपनिषद्*मा आश्वलायन आदि ऋषिबाट आत्मज्ञान र कैवल्यस्वरूपको प्रतिपादन गरिएको छ । अन्तर केवल यति छ- योगको साथमा समाधिस्थ भएर केवलीभाव प्राप्त गर्नु नै *कैवल्योपनिषद्*को दार्शनिकता हो । जीवभावबाट आत्मानन्द, ब्रह्मानन्द, सच्चिदानन्द सबै भएर अन्तिममा **केवलस्य**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाव कैवल्यम अर्थात् केवल स्वरूप मात्रको अवस्थितिलाई कैवल्य भनेको हो ।[1]

जोसमणि-सम्प्रदाय दार्शनिक शशिधरको कृति *वैराग्यम्बर* ग्रन्थका पाँच उपदेशमा आधारित पाइन्छ । ती उपदेश निम्न छन्–

क. **तत्त्वमसि**– वेदका चार महावाक्यमध्ये यो एक हो । यो महावाक्य *सामवेद* अन्तर्गत *छान्दोग्य उपनिषद्(६।८।७-१६)*मा पाइन्छ ।

ख. आत्मज्ञान पछि ब्रह्मज्ञान हुन्छ ।

ग. ब्रह्मसाक्षात्कारका लागि मायाको आवरण हटाउनु पर्छ ।

घ. जीव मायाको अधीनमा छ, स्वतन्त्र पनि हुनसक्छ । समाधि र त्यसको उपलब्धिका लागि प्रयास आवश्यक छ ।

ङ. हठयोगको अभ्यास अनिवार्य छ । निर्वेद बुद्धिको विकास गर्दै भोगरहितता, क्रोधहीनता, निष्कामावस्था र अन्त्यमा नारायण ब्रह्ममा लीन हुने पुरुषार्थ गर्नुपर्छ ।

भारतीय भूमिमा नवौं-दशौं शताब्दीदेखिका सिद्ध र नाथपन्थीहरूले आ-आफ्नो सम्प्रदाय वा दर्शनको प्रचारका लागि कवितालेखनको सहारा लिएका थिए । त्यसैगरी जोसमणि परम्पराका शशिधरदेखि ज्ञानदिलदास समेतले नेपालमा ज्ञान-प्रचारका लागि काव्यलेखनको आश्रय लिए ।☙

जोसमणि सम्प्रदायका प्रवर्तक शशिधरदास(महामुनि जोसमणि) वि.सं. १७७० मा अर्घाखाँची जिल्लाको अर्घावामरूकमा जन्मेका थिए । यिनी संस्कृतका विद्वान् हुनुका साथै वेदान्त ज्ञानका जिज्ञासु एवं मुमुक्षु थिए । यिनले भारतको गुजरात जुनागढको गिरिनारको भुरेबाबालाई गुरु बनाएका थिए । यी दुवै गुरु-शिष्यले पौडी गडवालमा आएर क्योंकालेश्वरमा मुनि सम्प्रदायको स्थापना गरे । शशिधरले पनि

[1] *डा. स्वामी प्रपन्नाचार्य-मिल्केका झिल्का*

☙ *नेपाली साहित्यकोश–ने.रा.प्र.प्र.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो नाम पछि मुनि जोडेका थिए । शशिधर मुनिका गुरु भुरेबाबाको असली नाम ज्योतिमणिदास मुनि हो । शशिधर मुनिले आफ्ना गुरुको नामबाट मुनि सम्प्रदाय चलाएको देखिन्छ । ...उनले पौडीको मठमा मुनि सम्प्रदाय चलाए भने नेपाल पसेपछि जोसमणि-सम्प्रदाय चलाएको देखिन्छ । पौडीमा उनी ब्रह्मचारी थिए भने नेपालमा पस्दा गृहस्थ बने । शशिधर मुनिले भुरेबाबाबाट अलौकिक सिद्धि प्राप्त गरेका थिए ।♥

गडवालमा एक दशक रहँदा शशिधरले मुनि सम्प्रदाय सञ्चालन र मठ स्थापना मात्र गरेनन्, गढवाली साहित्यका आदिकवि पनि बने । नेपाल फर्केपछि बिहे गरे, छोरा जन्मेपछि आमा-छोरालाई छाडी रेसुङ्गामा रहेर आत्मचिन्तन गर्न थाले । नेपालको एकीकरण गर्ने राजा पृथ्वीनारायण शाह, उनका नाति प्रतापसिंह शाह, पनाति रणबहादुर शाहलाई प्रभावित पार्ने र भारदारहरूलाई शिष्य बनाउने कार्य उनले गरे । फलतः जोसमणि सम्प्रदाय काठमाडौं पूर्व हुर्क्यो, बढ्यो । यो सम्प्रदायको प्रचार नेपाल बाहिर प्रवासमा समेत हुनपर्न गयो । शशिधरले संस्कृत भाषामा *योगात्मबोध, हंसात्मबोध, पञ्चमाश्रमबोध, चित्प्रभाकाश,* साधुक्कडी भाषामा भजनहरू, *योगशास्त्र, वाणोपनिषद्, तत्त्वगीता* (नेपालीमा अनूदित)*अजपगीता* आदि पुस्तकहरू लेखे । यिनी काठमाडौं चाबहिल मित्रपार्क क्षेत्रमा सत्यधर्म नामको कुटी बनाएर केही काल रहेका थिए । पृथ्वीनारायणको निधनपछि रेसुङ्गामै फर्के । उहीं उनको १०२ वर्षको उमेरमा वि.सं.१९०६ मा निधन भयो । ■

शशिधरको सिद्धान्त र सिद्धिबाट राजा पृथ्वीनारायण शाह प्रभावित भएका थिए । फलतः उनका भारदारहरू पनि जोसमणि सम्प्रदायमा दीक्षित भएर जोसमणि स्वामी बन्न थाले । यस कार्यका लागि

♥ *डा.स्वामी प्रपन्नाचार्य-मिल्केका झिल्का*

■ *जनकलाल शर्मा- जोसमनि सन्त परम्परा र साहित्य*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातपातको भेद थिएन। सर्वप्रथम मोक्षमण्डल, त्यसपछि भूमण्डल, शक्तिमण्डलहरू जोसमणि स्वामी बने। त्यसपछि अद्वितीय चिन्तनका रूपमा धीरमण्डल देखा परे। त्यसपछि भक्तिमण्डल, दिलमय, कनकमणि जोसमणि स्वामी बने। राजा रणबहादुर शाह यस दार्शनिक सिद्धान्तबाट प्रभावित भै स्वामी निर्वाणानन्द बने। उनी पितामहलाई प्रभावित पार्ने शशिधरसँग सत्संग गर्न चाबहिलको सत्यधर्म कुटीमा जाने गर्थे। यिनले कहिले राजा हुने, कहिले स्वामी हुने अनौठा ताल देखाए। नेपालको पहिलो प्रधानमन्त्री भीमसेन थापाको कान्छो भाइ रणवीर सिंह थापा स्वामी अभयानन्द बने। यिनले १३ वर्षको उमेरमा स्वामी जोसमणिसँग १२ वर्षसम्म योगाभ्यास सिकेथे। वि.सं. १८७९ मा यी सेनाको नोकरी त्यागी आध्यात्मिक साधनामा तल्लीन रहे। वि.सं. १९१२ मा काशीमा यिनले जलसमाधि लिए। यिनको जीवन *कल्याण(सन्त अङ्क)*मा समेत छापिएको छ)।♜

स्वामी यदुकानन्द रेसुङ्गा महाप्रभु कहलाए। श्यामदास, सद्ब्रह्मदिलदास, अगमदिलदास, नारायणदास, ज्ञानदिलदास *(हेर्नू ज्ञानदिलदास)* रामदास आदि जोसमणि स्वामी बने। यस सम्प्रदायमा शक्तिमाया योगमायाको योगदान बिर्सिनसक्नु छ। शक्तिमाताको पुस्तक *संगीत लहरी* वि.सं. २०२५ सालमा प्रकाशित भयो। वैधव्यको पीडा र समाजको उपेक्षाले गर्दा शान्तिको खोजमा यिनी तीर्थयात्रामा भारततिर लागिन्। यिनी चैतन्य महाप्रभुको दर्शनबाट प्रभावित भै भक्ति र ज्ञानका डुबेर बाँकी जीवन बिताउने अठोट गरी आफ्नो माइती गाउँ अरुण किनारको मझुवा व्यासीमा वि.सं.१९६६ तिर आश्रम बनाएर बसिन्। यिनका चेलाचेलीहरूको संख्या बढ्दै गयो। मुलुकको राजनैतिक र सामाजिक परिस्थिति प्रति विद्रोहिणी कवयित्रीको रूपमा यिनले आफ्ना कविताहरूद्वारा आफूलाई चिनाइन्। पछि यिनले आफ्ना चेलाचेलीहरूका साथ अरुण नदीमा हेलिएर देहत्याग गरिन्–

♜ *हेर्नू–वेदान्त विश्वकोश-१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्माको चिन्तन गर्दै ।

ज्ञः ज्ञ (ज्ञा+क) विज्ञ, बुद्धिमान् । जान्ने अर्थमा प्रयुक्त हुन्छ ।

शास्त्रज्ञ- शास्त्र जान्ने ।

सर्वज्ञ- सबै कुरा जान्ने

मर्मज्ञ- अरूको दु:ख पीडा जानेर काम गर्ने ।

दु:ख जान्ने दु:खज्ञ, सुख जान्ने सुखज्ञ हो । प्राज्ञ- **प्रकर्षेण जानाति इति** । महावाक्य **प्रज्ञानं ब्रह्म**को अर्थ हुन्छ–अपरोक्ष ज्ञान, उत्कृष्ट ज्ञान जुन हो त्यो ब्रह्म हो ।

ज्ञाता: जान्ने व्यक्ति, ज्ञ । वेदान्तमा त्रिपुटीयुक्त ज्ञाता र त्रिपुटी रहित ज्ञाता या ज्ञानस्वरूप नै भएको- दुई थरि बताइन्छ । पहिलो ज्ञाता, ज्ञान र ज्ञेय समेतले गर्दा त्रिपुटीयुक्त हो । पछिल्लो त्रिपुटी रहित छ । वास्तविक ज्ञाता जुन हो उसमा द्वैत छैन । जुन ज्ञाता विष्णु, शिव र ब्रह्मामा छ त्यही मुमुक्षुमा पनि छ । जान्नु मात्र ज्ञाताको स्वभाव हो- ऊ राग, द्वेष रहित छ । चैतन्यको स्वभाव जान्नु हो । राम्रो र नराम्रो भावले गर्दा जीवभाव खडा भएको हो । मुमुक्षुले, जिज्ञासुले 'म आत्मालाई जान्दिन' जब भन्छ त उसले आत्माको अज्ञानलाई जानेको सिद्ध हुन्छ अर्थात् ऊ ज्ञाता हो जसले जान्दिन भन्ने कुरा स्वीकार गऱ्यो । सुकरात मानिसहरूलाई चैरास्तामा रोकेर यस्तो उपदेश गर्दथे-म केही पनि जान्दिन भन्ने कुरा म जान्दछु । तर तिमीहरू आफूलाई अज्ञान भएको कुरा पनि जान्दैनौ । ती पश्चिमी वेदान्तीले ज्ञानमा टिकेर आफूलाई ज्ञाता बताए । उनी उन्नत एथेन्स सहरका भोगविलासी मानिसहरूका गतिविधिहरूलाई साक्षी रूपमा हेर्दथे र चौरास्तामा उभिएर युवकहरूलाई 'तिमीहरूको भौतिक सुख र ज्ञान कामलाग्दो छैन, दु:खदायी छ । आध्यात्मिक ज्ञानतिर लाग त्यहाँ स्थायी सुख छ' भनेर गुरुले झैं उपदेश दिन्थे ।

ज्ञान : ज+ञ को सम्बन्धबाट 'ज्ञ' बन्छ । ज्ञानको अर्थ जानकारी, बोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । त्यसको अर्थ विद्या पनि हुन्छ । **बुद्धिर्ज्ञानेन शुद्धयति** *(मनु. ५।१०९)* । यसको अर्थ हो ज्ञानबाट नै बुद्धिको शुद्धि हुन्छ । ज्ञान पारमार्थिक हो, भौतिक होइन भन्ने जनाउन आत्मज्ञान या ब्रह्मज्ञान भनिन्छ । भगवान् श्रीकृष्ण *भगवत*मा उद्धवलाई आत्मज्ञानको उपदेश दिदै भन्नुहुन्छ- आत्मा र अनात्माको विवेक गर्नु ज्ञान हो । विवेक साधन हो जसले गर्दा अनात्मालाई छाडेर आत्मतत्त्व प्रति निष्ठा बढ्दै जान्छ । ज्ञानोदयका लागि हृदयलाई शुद्ध पार्नु पर्छ जुन कार्य निगम (वेदादि शास्त्र) र तपबाट अनि प्रत्यक्ष, अनुभूति, अनुमानादि प्रमाणहरूको आधारमा गहन चिन्तनबाट मनका दोष हटेपछि सम्भव हुन्छ । सृष्टिको आदि, मध्य र अन्त्यमा समेत रहने जुन आत्मतत्त्व हो एवं कालको पनि हेतु हो त्यसलाई आत्मसात गर । *(भाग. ११।२८।१८)* अहंकार रहिरहेसम्म ज्ञान नहुने भएकोले ज्ञान खड्गले अहंकारलाई काट ताकि अहंकार र त्यसका कार्यहरू काम, क्रोधादि समेत नष्ट हुन् । त्यो खड्गमा उपासना र निष्काम कर्मको धार लगाउनु पर्छ भनेर भगवान्ले ज्ञानोपदेश दिनुभएको छ *(ऐजन ११।२८।१७)* ।

वेदान्त-ज्ञानको चर्चाको क्रममा पश्चिमी दार्शनिकहरू मध्ये यूनानी महात्मा सुकरात विशेष उल्लेखनीय छन् । ज्ञान असीम छ, अथाह छ त्यसलाई बुद्धिपूर्वक जान्न सकिन्न, आत्मज्ञान अनुभूतिको विषय हो भन्ने धारणा भएका सुकरातलाई साक्षी-बोध भएको थियो । त्यसैले उनी भन्छन्- म केही जान्दिन भन्ने कुरा मलाई बोध भएको छ तर तिमीहरूलाई त आफ्नो अज्ञानका सम्बन्धमा समेत ज्ञान छैन । सुकरात आत्मा र जीवात्माका सम्बन्धमा भन्छन्- आत्मा अमर छ, जीवात्माको पुनर्जीवन हुन्छ र वासनाले गर्दा उसले जन्मान्तरसम्म कर्मफल भोगिरहन्छ । उनी ज्ञानलाई नै धर्म र अज्ञानलाई अधर्म मान्छन् । सुकरातले आफैँले पुस्तक लेखेनन् तर यिनका शिष्यहरूले गुरुका विचार वारे लेखेका छन् । उनका शिष्य मध्ये प्लेटो र जेनोफन प्रमुख थिए जसले गुरुको ज्ञानोपदेशका सम्बन्धमा लेखेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् ।

यसै समयमा डायोजेनिस जस्ता त्यागी महात्मा भए जसले सिकन्दर महान्द्वारा धन, दौलत, महल, सेवकको प्रलोभन देखाइँदा 'घाम नछेक गइ हाल' भनेर फट्कारेर पठाए । जुन आत्मज्ञानको आनन्दमा पौडिरहन्थे उनी त्यसका तुलनामा संसारभरका धन दौलतलाई तुच्छ मान्थे । *छान्दोग्य उपनिषद*मा ब्रह्मज्ञानी रैक्व गाडावान्ले धन दौलत लिएर ब्रह्मज्ञान सुन्न आएका राजालाई 'शुद्र' मानेथे । रैक्वको मूर्तरूप झैं लाग्छ डायोजेनिस ।

पश्चिममा माध्यमिक कालमा स्पिनोजा, लाइवनिज, हेगेल आदि ठूला दार्शनिक भए भने आधुनिक कालमा काण्ट, वर्गसाँहरू पनि भए जसका दर्शन ज्ञानका अन्वेषकहरूका लागि उपयोगी हुनेछ । अन्य दार्शनिकहरू इमर्सन, थेरो, कीर्केगार्ड, शोपेनहावर उल्लेखनीय छन् । कीकेगार्ड बाहेक अरू वेदान्त दर्शनबाट प्रभावित देखिन्छन् । कीकेगार्ड अस्तित्ववादी दर्शनका जनक मानिन्छन् । स्पिनोजा (सन् १६३२-७६) ज्ञानलाई यसरी वर्गीकरण गर्छन्-

क. **निम्न ज्ञान**-इन्द्रियजन्य बुद्धिको प्रधानता भएको ज्ञान ।

ख. **मध्यम ज्ञान**- तार्किक एवं संगतिपूर्ण चिन्तनयुक्त ज्ञान ।

ग. **उत्तम ज्ञान**- दार्शनिकहरू र सन्तहरूमा पाइने आत्मज्ञान, सत्यको ज्ञान ।

स्पिनोजा आफ्नो ग्रन्थ *इथिक्स*मा ज्ञानको स्रोत ईश्वरीय सत्तालाई मान्छन् । उनी जगत्को कारण ईश्वर हो र कार्यकारण भावबाट जगत्को सृष्टि हुन्छ भन्ने मान्छन् । यस धारणामा कालको कुनै स्थान छैन, न जीवलाई कुनै प्रकारको स्वतन्त्रता नै छ । सबै कुरा ईश्वरद्वारा सञ्चालित हुन्छ । स्पिनोजाका लागि ज्ञान भनेको स्रष्टा र सृष्टिलाई बुझ्नु हो, त्यस सम्बन्धी वास्तविकतालाई सन्तुष्ट बुद्धिद्वारा चिन्तन गर्नु हो । जर्मन मनोवैज्ञानिक थियोडर लिप्स (१८५१-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९१४) वस्तुहरूको ज्ञान र 'स्व' ज्ञान भनेर ज्ञानको वर्गीकरण गर्छन् र भन्छन्- व्यक्तिले त्यही सीमासम्म अन्य वस्तुहरू र व्यक्तिहरूका सम्बन्धमा ज्ञान गर्न सक्छ, जुन सीमासम्म उनले 'स्व'लाई जान्दछ ।

अर्का दार्शनिक लाइबनिजले जीव-जगत् सबै ईश्वरद्वारा शासित छ र यस शासनमा मानिस स्वतन्त्र छैन भन्ने ज्ञानको (स्पिनोजाको) सट्टा जीव स्वभाव र संभावनाको विकासमा स्वतन्त्र छ यद्यपि उसको अस्तित्व र सामञ्जस्यको हेतु चाहिँ ईश्वर हो भन्ने दर्शन प्रतिपादन गरे । उनले डिमेक्राइटसद्वारा प्रतिपादित जगत् जड परमाणुद्वारा निर्मित छ भन्ने भनाइमा परिवर्तन गरी चिद्विन्दुबाट जीव र जगत् बनेको छ भनेर चेतन-परमाणुवादको सिद्धान्त प्रतिपादन गरे । चिद्विन्दुको कारण ईश्वर हो ।

अर्का पश्चिमी दार्शनिक काण्टले जगत्लाई दुई प्रकारको माने- प्रकृति-जगत् र पारमार्थिक जगत् । प्रकृति-जगत्मा कार्य-कारणभावको अखण्ड साम्राज्य छ तापनि नैतिक जगत्मा बुद्धिमूलक स्वतन्त्रता छ । प्रकृति-जगत् अतात्त्विक छ जुन परमार्थ जगत्को विवर्त मात्र हो । प्रकृति-जगत्मा रहेर ज्ञान गर्न सकिन्न (ज्ञान भनेको वस्तु तत्त्वलाई जान्नु हो) । नैतिक जीवनबाट नै पारमार्थिक जगत्मा प्रवेश गर्न सकिन्छ । नैतिक जीवन यापन गर्दै हामी आत्मा, ईश्वर, अमरता आदि सत्यका विविध पक्षसँग परिचित हुन सक्छौं ।

आधुनिक पश्चिमी दार्शनिक बर्गसाँका अनुसार प्राणशक्ति नै सृष्टिको कारण हो । उनी सृजनात्मक विकास *(क्रिएटिभ इभोलुसन)* शीर्षक पुस्तकमा लेख्छन्- विश्वको चरम तत्त्व हो प्राणशक्ति जुन सृजनात्मक छ । विश्व ब्रह्माण्ड यही प्राणशक्तिको प्रवाह मात्र हो । यो स्वतन्त्र छ, अरू कुनै नियमले बाँधिएको छैन । प्राणशक्ति कार्यकारण भावबाट प्रेरित भएर चल्ने पनि होइन । यो अविच्छिन्न भावबाट बदलिरहन्छ र यसले सृष्टिलाई अगाडि बढाइरहन्छ ।

ज्ञान विषयक चर्चाको क्रममा शांकर वेदान्त र वाशिष्ठ वेदान्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेख आवश्यक छ । शंकराचार्यका अनुसार जगत्का सबै प्रवृत्तिहरूको लक्ष्य आत्मज्ञान हो । उनी *ब्रह्मसूत्रभाष्य*मा लेख्छन्- मानव-जगत्देखि लिएर वनस्पति-जगत्सम्म क्रमशः ब्रह्मको ज्ञानादि शक्तिको अभिव्यक्ति कम हुँदै जान्छ र मनुष्यदेखि हिरण्यगर्भसम्म ज्ञानादिको अभिव्यक्ति बढ्दै जान्छ । शंकराचार्यको विचारमा ब्रह्मज्ञान प्राप्ति नै चरम प्राप्ति हो । त्यसबाट मिल्ने सुख निरतिशय सुख हो । आफू ब्रह्म हो, जीव होइन भन्ने अपरोक्षानुभूति सबभन्दा ठूलो ज्ञान हो । यो प्राप्ति, सुख र ज्ञानको अधिष्ठान ब्रह्म नै हो ।

यल्लाभान्नापरो लाभो यत्सुखान्नापरं सुखम् ।
यज्ज्ञानान्नापरं ज्ञानं तद् ब्रह्मेत्यव धारयेत् ॥

(आत्मबोध-५४)

यी अद्वैतवादी आचार्य अनुसार आत्मा र अनात्माको विवेचना जसले गर्छ या दृश्यदेखि भिन्न द्रष्टा आफू हो ठान्छ, कर्ता-भोक्ता भावबाट उठेर जसले आफूलाई साक्षी मान्छ उही ज्ञानको अधिकारी हो । सारा वस्तु, प्रपञ्चको अधिष्ठान स्वरूप सच्चिदानन्दघनको अनुभव गर्नुलाई शंकर ज्ञान र भक्ति मान्छन् अनि भेददृष्टि, द्वैतदृष्टिलाई अज्ञान ठान्छन् । उनी भन्छन्– आफ्नो सत्, चित्, आनन्द एवं अद्वैत स्वरूपको अनुसन्धान नै वास्तविक भक्ति हो- **स्वस्वरूपानुसन्धानं भक्तिरित्यभिधीयते** *(विवेकचूडामणि-३२)* । श्रवण, मनन र निदिध्यासन ज्ञानको साक्षात् साधन हुन् । ज्ञानको भोक (जिज्ञासा) सबैलाई हुँदैन । चार साधन सम्पन्न भएपछि ब्रह्मज्ञानको जिज्ञासा हुन्छ । ती साधन विवेक, वैराग्य, शमादि षट् सम्पत्ति र मुमुक्षता हुन् । यी दैवी सम्पत्तिसम्पन्न, चित्त शुद्ध भएको मुमुक्षुलाई ब्रह्मज्ञान हुन्छ ।

योगवाशिष्ठ वासना नष्ट गर्ने तथा आफू आत्मा हो भन्ने दृढतायुक्त विचारलाई ज्ञान मान्छ । ज्ञान भनेको दुःखको औषधि हो । वास्तविक दुःख जन्म-मृत्युको चक्र चलिरहनु हो । आत्मज्ञान कुनै वरदानबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिल्ने र यसको अभाव श्रापबाट हुने होइन । यो वारम्बार अभ्यास गर्दा प्राप्त हुन्छ । ज्ञान भएपछि द्वैत भाव नष्ट हुन्छ । जाग्रत र स्वप्नका बीच भेद रहँदैन । जागेपछि स्वप्न-भ्रम सिद्ध हुन्छ त्यस्तै ज्ञान भएपछि जगत्-भ्रम निराकरण हुन्छ । यस्तो व्यक्तिले सर्वत्र आत्म-दर्शन गर्छ ।♒

जगत् ज्ञान र ज्ञेयमा विभाजित छ । ज्ञान स्वत:सिद्ध छ, स्वयंप्रकाश छ । तर ज्ञेय त्यस्तो छैन । त्यो ज्ञानको सत्ता बिना रहन सक्तैन । ऐनामा प्रतिबिम्बित छाया जस्तै ज्ञानमा नै ज्ञेय सारा जगत् भासिरहेको छ । ज्ञान देश र कालद्वारा परिच्छिन्न छैन ।#

ज्ञान (विज्ञान) क्रमिक रूपले उदय हुने कुरा होइन । यो एकैचोटि, अकस्मात घट्ने घटना हो । यस सम्बन्धमा रमण महर्षिसँग विधर्भ नाउँका प्रकाण्ड विद्वानले प्रश्न गर्दा महर्षिले दिएको उत्तर उल्लेखनीय छ । विधर्भले प्रश्न गरेका थिए– के ज्ञान प्राप्ति क्रमिक रूपले प्रतिदिन अलिअलि गर्दै हुँदै जाने हो कि या एकैपटक सूर्य समान पूर्णरूपमा प्रकाशित हुने हो ? ब्रह्मनिष्ठ रमणले उत्तर दिए– आध्यात्मिक ज्ञान भन्ने कुरा अलि अलि गरेर क्रमैसँग प्राप्त हुने कुरा होइन । अभ्यासको परिपाकबाट एकैपटक पूर्णरूपले यो भास्दछ । अभ्यास कालमा वृत्ति भित्र-बाहिर भैरहन्छ । ज्ञानोदय भनेको वृत्तिको अनच्यूत स्थित अवस्था हो । एकपटक सिद्ध भएको ज्ञान फेरि कहिल्यै पराजित हुँदैन । ♦

ज्ञान भनेको अभय पद, मोक्ष पदको कारण हो जुन अभेद चिन्तनबाट प्राप्त हुन्छ । *मैत्रेय उपनिषद्* तथा *स्कन्दोपनिषद्*मा भनिएको छ–

अभेद दर्शनं ज्ञानं ध्यानं निर्विषयं मन: ।

स्नानं मनोमलत्याग: शौचमिन्द्रिय निग्रह: ॥

♒ *नि.प्रकरण/उत्तरार्ध*

बदरीनाथ भट्टराई अनु.-विद्यागीता

♦ *नरेन्द्रनाथ भट्टराई–रमणगीता सार संक्षेप*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान भनेको अभेद दर्शन हो । मन विषयहीन भएमा ध्यान हुन्छ । मनका मलहरू, दोषहरूलाई हटाउनु नै स्नान हो । इन्द्रिय निग्रह नै शौच-शुद्धि हो ।

ज्ञानकाण्ड: वेदको आत्मज्ञान ब्रह्मज्ञान विषयक भाग । यस भागलाई वेदान्त पनि भनिन्छ । वेदमा जम्मा एक लाख मन्त्रहरू छन् जसमा ८० हजार मन्त्र कर्मकाण्डसँग सम्बन्धित र १६ हजार उपासनासँग सम्बन्धित बताइएको छ । यी ४ हजार मन्त्रहरूको भागलाई ज्ञानकाण्ड भनिन्छ ।

ज्ञानदिलदास : उपाध्याय लामिछाने ब्राह्मण । न्वारान नाम श्रीकृष्ण लामिछाने । पूर्वज राजा राम शाहका दरवारिया सल्लाहकार । यिनी श्यामदिल दास(भगीरथ गुरुङ)का शिष्य हुन् । इलाम र पाँचथर बीच रवि बजारमा वि.सं.१८८० मा जन्मे । देहत्याग वि.सं. १९४० सिक्किम गेलिडधाममा भएको थियो । यिनले जातपातको आलोचना गर्दै सबै जातका मानिसलाई शिष्य बनाए जसरी भारतका स्वामी रामानन्दले सार्की, कुम्हाले, जाट आदि सबैलाई शिष्य बनाएथे ।

ज्ञाननिष्ठ: वेदान्त ज्ञानमा जसको निष्ठा छ । यस जन्ममा या पूर्वजन्ममा कर्म, भक्ति साधन सम्पन्न भैसकेको साधक, मुमुक्षु ज्ञान प्राप्तिमा समर्पित भएर लाग्छ । ऊ शास्त्रको अध्ययन गर्छ, सत्संग गर्छ र गुरुको शरणमा पर्छ । यस्तो मुमुक्षु, जिज्ञासुलाई ज्ञाननिष्ठ भनिएको छ । *गीता*मा **निष्ठा ज्ञानस्य या परा** *(१८।५०)* भन्ने पदहरू प्रयोग भएको पाइन्छ । नैष्कर्म्यसिद्धि(ब्राह्मी स्थिति)मा पुगेको व्यक्तिले आफूलाई ब्रह्म भनी जान्दछ । त्यस्तै सर्वश्रेष्ठ ज्ञाननिष्ठका सम्बन्धमा श्रीकृष्ण अर्जुनलाई बताउनु हुन्छ - कर्मयोगद्वारा साधकको चित्तको शुद्धि हुन्छ । विवेकको उदय भएको उसले इन्द्रिय संयम गर्छ । ऊ वैरागी बन्छ, एकान्तमा रमाउँछ र मन-वाणी शरीरलाई संयमित पारेको मिताहारी त्यो व्यक्ति निरन्तर ध्यानयोग-परायण हुन्छ । अहंकार, हठ, घमण्ड, काम, क्रोध, परिग्रहलाई त्यागेर ममतारहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको ज्ञाननिष्ठले ब्रह्म पद पाउन योग्य बन्छ। *(१८।५१-५३ सम्मको सारांश)* ।

श्लोक ५० को व्याख्या क्रममा शंकराचार्य भन्छन्- **आत्मज्ञाननिष्ठा विवेकिनां सुप्रसिद्धा ।** विवेकी पुरुषमा आत्मज्ञाननिष्ठा सुप्रसिद्ध छ। भाष्यकार शंकरको तर्क छ– ज्ञाता अत्यन्त प्रसिद्ध छ त्यसैले ज्ञानका लागि यत्न कर्तव्य होइन तर अनात्मबुद्धि निवृत्तिका लागि नै प्रयत्न गर्नुपर्छ। ब्रह्ममा अविद्याको आरोपलाई निराकरण गर्नु मात्र कर्तव्य हो। प्रयत्न कर्तव्य होइन किनकि ब्रह्म त अत्यन्त प्रसिद्ध नै छ। *(श्रीमद्भगवद्गीता-शांकरभाष्य)*

*योगवाशिष्ठ*मा ज्ञानप्राप्तिका साधनको रूपमा योगलाई लिइएको छ। योगको दुई रूप देखिन्छ –

क. **ब्रह्मभाव** (ज्ञानयोग/ज्ञानमार्ग)

ख. **प्राणनिरोध** (योगमार्ग)

ब्रह्मनिष्ठले भावना गर्छ– समस्त विश्व ब्रह्मबाट नै व्याप्त छ। उसैबाट उत्पत्ति भएको र अन्त्यमा उसैमा लय हुनेछ। 'म', 'तिमी' भाव त्यागेपछि 'एकआत्म' नै देख्न थाल्छ। राग-द्वेषादि शान्त हुन्छन्।

स्वामी विवेकानन्दले एक ब्रह्मनिष्ठको प्रसंग उल्लेख गरेका छन् जो दिनरात गाउँने गर्दथ्यो–ममा न संशय छ, न भय। मृत्युले मलाई छुनै सक्तैन। कहाँ छन् मेरा माता-पिता ? म अजन्मा हुँ। कहाँ छन् र मेरा शत्रु ? म त सच्चिदानन्द स्वरूप पो हुँ। **सोऽहम् सोऽहम्।**

स्वामी भन्छन् (शिष्यहरूलाई)- सबै दु:खहरूको यही एक अमोघ उपाय हो। यही अमृतले मृत्युलाई जित्छ। हामी पनि गाऔं– **सोऽहम् सोऽहम्**। यसरी गाउँदा शरीरले जतिसुकै विद्रोह गरोस्, मन लड्नका लागि जत्ति नै निहुँ खोजोस्, पर्वाह नगरौं। घना अन्धकारमा, छटपटीमा समेत एक पल्ट, दुई पल्ट, तीन पल्ट र सधैं यही गाऔं। प्रकाश मृदुताकासाथ आउँछ, बिस्तार बिस्तार आउँछ। आवश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउँछ ।

जो ज्ञाननिष्ठ छ उसले शास्त्रमा विश्वास गर्छ, ईश्वरमा भक्ति र गुरुमा श्रद्धा राख्छ । जब शास्त्रकृपा, ईश्वरकृपा र गुरुकृपा प्राप्त हुन्छ त उसलाई ज्ञान हुन्छ । ज्ञाननिष्ठा पर्वतको चुचूरा हो जहाँ पुग्न तलबाट क्रमैले उक्लन शुरु गर्नु पर्छ । 'ज्ञाननिष्ठाका लागि भक्तिनिष्ठा आवश्यक छ । भक्तिनिष्ठाका लागि कर्मनिष्ठा त्यत्तिकै आवश्यक छ । कर्मनिष्ठाका लागि कर्ममा श्रद्धा, विश्वास आदिको अपरिहार्य अपेक्षा गरिएको छ ।'⌘

ज्ञानयोगः ज्ञान र योग दुई शब्द मिलेर ज्ञानयोग बनेको छ । योगको अर्थ हुन्छ जोड, मिलान, चित्तवृत्तिलाई ईश्वर, आत्मादिमा मिलाउने या अडाउने क्रिया । आध्यात्मिक ज्ञानद्वारा ब्रह्म या परमात्मासँग जोडिने क्रियाको अर्थमा ज्ञानयोग शब्द प्रयोग गरिन्छ । वैदिक मन्त्र छ– **ऋते ज्ञानान्नमुक्तिः** । ज्ञान विना मुक्ति हुन्न । मुक्तिको मार्ग ज्ञान नै हो । परमात्मासँग नजोडिएको या ईश्वरकृपा बिनाको ज्ञानबाट मुक्ति त टाडै रहन्छ, शोक पनि हट्दैन । त्यसैले ज्ञान योगको आवश्यकता बताइएको हो । योगीले योगद्वारा जुन पूर्णसिद्धि पाउँछ त्यस सिद्धिले ज्ञानकै प्राप्ति गराउँछ । ज्ञानको प्राप्ति बिनाको योग अपूरो रहन्छ ।

ज्ञान, वेदान्त, उपनिषद् समानार्थी शब्द हुन् । यी शब्दहरूले तत्त्वज्ञानलाई नै लखाउँछन् । ज्ञानयज्ञ या ज्ञानयोगले साधकलाई साक्षात्कार गराउँछ । भगवान् श्रीकृष्ण ज्ञानोपदेश पाएर अर्जुनलाई ब्रह्म-साक्षात्कार भएथ्यो । उनले भगवान् प्रति कृतज्ञता ज्ञापन गर्दै भने–

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥

(१८।७३)

⌘*प्रा.शिवगोपाल रिसाल-ज्ञान नै मोक्षको साक्षात् साधन हो-लेख*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे अच्युत ! तपाईको कृपाबाट मोहान्धकार नष्ट भयो तत्त्व विषयक स्मृति मिल्यो । मेरा मनका शंकाको समाधान भएको छ । म तपाईंको उपदेश अनुसार चल्नेछु । यसरी अर्जुनको जगदाकार या विषयाकार वृत्ति नष्ट भएर ब्रह्माकार वृत्तिको उदय भयो । ब्रह्मसंस्थितिमा उनी पुगे । *गीता*को ज्ञानयोगद्वारा नै यस्तो परमपुरुषार्थ संभव भयो । *गीता*को प्रथम षट्कको नाम हो कर्मयोग । द्वितीय षट्कको नाम भक्तियोग हो र तृतीय षट्कलाई ज्ञानयोग भनिन्छ । *गीता*का १-६ अध्याय, ७-१२ अध्याय र १३-१८ अध्यायको नाम क्रमंशः कर्मयोग, भक्तियोग र ज्ञानयोग भनिएको हो । कर्मयोग ज्ञानयोगको चुचुरामा पुग्ने आधारशिखर हो । यसबाट चित्तशुद्ध हुन्छ । भक्तियोगले ब्रह्माकार वृत्तिको उदय गराउँछ र ज्ञानयोगबाट ब्रह्मसाक्षात्कार हुन्छ । श्रीकृष्ण ज्ञानयोगको फल यसरी बताउनु हुन्छ-

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥

(१८।५४)

ब्रह्मरूप भैसकेको, प्रसन्नचित्त ज्ञानयोगीले न वस्तुको चाहना गर्छ, न नष्ट भएको विषयको शोक गर्छ । ऊ सम्पूर्ण प्राणीहरूमा समता पाउँछ र मेरो पराभक्ति अर्थात् ज्ञानस्वरूपता लाभ गर्छ ।

स्वामी विवेकान्दको एक पुस्तकको नाम *ज्ञानयोग* हो । स्वामीजीद्वारा पाश्चात्य जगत्मा दिइएको वेदान्तपरक व्याख्यानहरूको संग्रह हो यो । 'आत्माः यसको बन्धन र मुक्ति' शीर्षक एक व्याख्यानमा स्वामीको भनाइ छ- अद्वैत-दर्शन अनुसार विश्वमा केवल एकै वस्तु सत्य छ, त्यो हो ब्रह्म । ब्रह्मेतर समस्त वस्तुहरू मिथ्या हुन् । मायाको योगद्वारा ब्रह्मले ती वस्तुहरू बनाएको र व्यक्त गरेको हो । ब्रह्मको पुनः प्राप्ति नै हाम्रो उद्देश्य हो । मायाबाट हामी मुक्त हुन सक्यौं भने हामीले आफ्नो सही स्वरूपलाई जान्न सक्नेछौं । प्रत्येक व्यक्ति तीन वस्तुबाट बनेको छ– क.आत्मा ख.देह ग.मन । शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको बाहिरी आवरण हो र मन भित्री आवरण । ... मनुष्य ब्रह्मको सबभन्दा नजिक छ । जीवनको संग्रामको अर्थ पुन: आत्मा ब्रह्ममा मिलोस् भन्ने हो ।

ज्ञान/योगमार्ग: ज्ञानमार्ग र योगमार्गमा विभेद पाइन्छ यद्यपि गन्तव्य दुवैको मोक्ष हो । यस अघि दुवै मार्गका लागि चित्त शुद्धिको दरकार पर्छ ।

ब्रह्मनिष्ठ वशिष्ठ *योगवाशिष्ठ*मा भन्छन्– **द्वौ क्रमौ चित्तनाशस्य योगो ज्ञानं च राघव ।** अर्थात् हे राघव ! चित्तनाश गर्नका लागि दुई मार्ग छन् योग र ज्ञान ।

ज्ञानमार्ग

१. चित्त झुठो बुझ्ने ।
२. ज्ञानको अभ्यास गर्ने ।
३. आफू र ईश्वरमा अभेद दृष्टि राख्ने ।
४. बुझ्नुमा जोड दिने ।
५. ज्ञान समाधिमा बस्ने ।
६. विहंगम मार्ग ।
७. विचार मार्ग ।
८. शरीर मनलाई मिथ्या मानेर अगाडि बढ्ने ।

ज्ञान भन्छ– मन झुठो मानेर प्राणको निरोध (राजयोग) गर्नुपर्छ । चित्त डेरीमा सर्पको भ्रम झैं छ । ज्ञान गर र भयबाट मुक्त बन ।

योगमार्ग

१. चित्त तह लगाउने ।
२. योगको अभ्यास गर्ने ।
३. आफूदेखि ईश्वर भिन्न ठान्ने ।
४. गर्नुमा जोड दिने ।
५. निर्विकल्प समाधिस्थ ।
६. पिपीलिका मार्ग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. साधनमार्ग

८. शरीर, मनलाई सत्य मानेर अगाडि बढ्ने ।

योग भन्छ– योग बिना ज्ञान(वेदान्त ज्ञान) सम्भव छैन । प्राणायामपूर्वक मन निरोध (हठ योग) गर्नुपर्छ ।

ज्ञानवाशिष्ठ : *योगवाशिष्ठ*को अर्को नाम । *वाशिष्ठ रामायण* पनि भनिन्छ । वाल्मीकिकृत यस विशाल ग्रन्थमा योग साधनामा भन्दा ज्ञानयोगमा जोड दिइएकोले *ज्ञानवाशिष्ठ* भनिएको हो । श्रीरामलाई शिष्यको रूपमा पाएर ब्रह्मज्ञानी वशिष्ठले ज्ञानोपदेश दिएपछि निर्वाण प्रकरण (पूर्वार्ध)मा रामलाई ब्रह्मज्ञान हुन्छ । श्रीराम आफ्नो हृदयको उद्‌गार व्यक्त गर्नुहुन्छ-

सम्यग्ज्ञान विलासेन वासनाविलयोदये ।
जीवन्मुक्त पदे ब्रह्मन्नूनं विश्रान्तवानहम् ॥

(१३।१)

हे ब्रह्मज्ञानी गुरु ! तत्त्वज्ञानको महिमाले मेरा वासनाहरूलाई नष्ट गरेको छ र मैले जीवन्मुक्ति पदमा राम्ररी विश्राम पाएको छु ।

जो विरक्त छ उसलाई नै ज्ञानको उपदेशमा रुचि हुन्छ त्यसैले ३२ हजार श्लोकको *योगवाशिष्ठ* वैराग्य प्रकरणबाट शुरु भएको छ । त्यसपछि मुमुक्षु व्यवहार, उत्पत्ति, स्थिति, उपशम र निर्वाण प्रकरणहरू गरी छ प्रकरण यसमा पाइन्छन् ।

तीर्थयात्राबाट फर्केपछि श्रीराममा तीव्र वैराग्य भयो । सांसारिक भोग, राज्य, माता-पिता सबैबाट विरक्त भएका रामलाई ज्ञानोपदेश दिएर उहाँको मनलाई प्रशान्त पार्नुपर्छ भनेर गुरु विश्वामित्रले राजा दशरथलाई सल्लाह दिए । राजसभामा बोलाइएका रामसँग विश्वामित्रले सोधे- तिमीलाई कुन कुराले मोहित गरायो ? तिमीलाई कुन वस्तुको चाहना छ, छिटो भन । त्यसपछि रामले भन्नुभयो- समुद्रपर्यन्त सबै पृथ्वी घुमें । यसै बीचमा संसारमा मेरो आस्था हराउँदै गयो र मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनमा यस्तो विचार उठ्यो । ममा विवेक उत्पन्न भयो र मैले संसारको भोगमा केही रस देखिन । अनि यस्तो विचार गरें- संसारमा कुनै सुख छैन । प्राणीहरू खालि जन्मन्छन् र मर्छन् । सबै चराचरका व्यवहार अस्थिर छन् । सम्पत्तिले पाप र आपत्ति साथै लिएर आउँछ । मन असत् छ । हामी किन भुलेका छौं ? झुठो वस्तुले हामीलाई भुलाएको छ । राज्य र संसारका भोगहरूले मलाई के फाइदा ? म को हुँ ? किन आएँ ? जुन असत्य वस्तु छ, त्यो सत्य हुँदैन भने कसको के लाभ भएको हो ? यस्तो विचार गर्दा सबै वस्तुमा विरक्ति पैदा भयो । चिन्ता गराउने धन मलाई चाहिंदैन । स्वास्नी-छोरा-घर पनि आपत्ति जस्तै लाग्छन् । मानिसहरूको ज्ञानरूप प्रकाश हराएपछि अविचार कुहिराले ढाकेको अज्ञानरूपी रातमा अरूलाई दुःख दिने ज्यादै चलाख अनेकौं विषयरूपी चोरहरू चारैतिर विवेकरूप रत्न चोर्न मेहेनत साथ लागेका छन् । तिनीहरूलाई जित्न तत्त्वज्ञानी बाहेक अरू कसले सक्ला ?

योगवाशिष्ठ महारामायणमा ज्ञानै ज्ञान भरिएको छ । इन्द्रियहरूलाई वश गर्ने क्षमता भएको व्यक्ति वशिष्ठ कहलाउँछ । वशिष्ठ ब्रह्मका छोरा र इक्षाकुवंशका गुरु-पुरोहित हुन् । तीर्थयात्रा पछि श्रीरामलाई वैराग्य भयो । कलिलो उमेरमा वैराग्य आएको र राजपाठ छाडेर हिंड्ने उमेर र अनुभव नभएकोले वाशिष्ठले रामलाई ज्ञानामृत भरिएको उपदेश गरे ।

अद्वैत वेदान्तको यो महत्वपूर्ण ग्रन्थ हो । वाशिष्ठ वेदान्त अनुसार ब्रह्म मात्र सत्य हो, जगत् स्वप्नवत् मिथ्या हो । प्रत्येक वस्तुको अधिष्ठान ब्रह्म नै हो । जीव ब्रह्मदेखि भिन्न होइन । आत्मा, परमात्मा जे भने पनि त्यो ब्रह्म नै हो । ब्रह्मज्ञानबाट नै ब्रह्म प्राप्ति हुन्छ । जप, तप, दान, पुण्य आदिबाट आत्मज्ञान, मोक्ष प्राप्त हुन्न । पुरुषार्थ गरेर नै ब्रह्म प्राप्त हुन्छ ।

ज्ञानी: मुक्त पुरुष, जीवन्मुक्त, विदेहमुक्त । जसको अज्ञान, अविद्या हटेको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊ ज्ञानी हो । मानोनाश, वासनाक्षय र तत्त्व-साक्षात्कार भएको व्यक्ति ज्ञानी हो । मुक्त पुरुष वर्ण, धर्म, आश्रम, आचार, शास्त्र, बन्धनबाट पार भएर जगत्को संकल्पजालबाट यसरी निस्केर भाग्दछ जसरी पिंजडाबाट सिंह । ऊ कुनै वस्तुको बन्धनमा पर्दैन, सधैं तृप्त र असक्त भई सम्राट झैं रहन्छ । आत्मामा रमाउने भएकोले उसलाई आत्माराम, कामनाहरू सबै पूर्ण भएकाले पूर्णकाम भनिन्छ । ऊ सदा सुखी, सदा शान्त रहन्छ । ऊ सधैं जागा रहन्छ । ऊ बालक झैं देखिन्छ– निर्दोष, कामना-वासनाहीन एवं चेहराबाट आनन्द प्रस्फुटित भैरहेको । जगत्लाई स्वप्नवत् मान्छ । ऊ उदासीन देखिन्छ । जीवन्मुक्त महाकर्ता, महाभोक्ता र महाज्ञाता हो ।

ज्ञानीले पनि अज्ञानीले झैं कर्म गरेको देखिन्छ तर दुईको कर्म गराइमा ठूलो भेद रहन्छ । ज्ञानी अनासक्त भएर कर्म गर्छ । अज्ञानी आसक्त भएर कर्म गर्छ अनि कर्मफल रूप दुःख-सुख भोग्छ । ज्ञानीको कर्म भुटेको बीज झैं हो । अज्ञानीले कर्म गरे पनि नगरे पनि ऊ बन्धनमा नै पर्छ । जस्तो शास्त्रको भनाइ छ-

प्रवृत्तिरपि धीरस्य निवृत्ति फलभागिनि ।
निवृत्तिरपि मूढस्य प्रवृत्ति फलभागिनि ॥

मूढ पुरुष अर्थात् अज्ञानीले निवृत्ति मार्गमा लागे पनि आन्तरिक रूपमा प्रवृत्त हुन्छ र बन्धनमा पर्छ । तर ज्ञानीले कर्म गरे पनि (प्रवृत्त जस्तो देखिए पनि) वासना रहित भएकोले कर्मबन्धनमा पर्दैन ।

ज्ञानीको इन्द्रियले कर्म गर्दा दुःख-सुख भोगे झैं देखिन्छ तर स्वरूपतः ऊ निर्विकार नै रहन्छ । जस्तो- जल चल्दा सूर्यको प्रतिबिम्ब चलेको देखिन्छ तर सूर्य चलेको हुन्न । त्यस्तै ज्ञानीमा विक्षेप छैन, ऊ सधैं शान्त रहन्छ ।✍ *योगवाशिष्ठ* निर्वाण प्रकरण (उत्तरार्ध)मा ज्ञानी, जीवन्मुक्तका बारेमा, विशद चर्चा पाइन्छ । *गीता*मा बताइएको स्थित-प्रज्ञ ज्ञानी हो । ऊ ज्ञानी मात्र होइन विज्ञानी पनि हो । देहेन्द्रिय,

✍ *सं.योगवाशिष्ठ-अनु.प्रा.विष्णुप्रसाद न्यौपाने*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय, जगत् प्रति अहंता-ममता हुँदा आत्मामा पर्दा लाग्छ । चित्तमा दु:ख तापादिले आक्रमण गर्छन् । त्यसैले ज्ञान(आत्मानुभूति)का लागि यी दुई अवरोधलाई पार गर्नु पर्छ । नत्र तिनको प्रहारबाट साधक त्यही प्रपञ्चमा खस्छ जहाँबाट उसले यात्रा आरम्भ गरेको थियो । अहंको त्यागबाट आत्मानुभूति अनि पराशान्ति प्राप्त हुन्छ । *योगवाशिष्ठ* ग्रन्थमा उल्लेखित चूडालाका कथा अनुसार देवी चूडालाले आफ्ना पति राजा शिविध्वजलाई कुम्भमुनिको रूपमा यही शिक्षा दिइन् ।

अहंता, ममताबाट साधक पार भएको कसरी थाहा हुन्छ ? चित्तमा भय, आशङ्का र तृष्णाले जब छाडिदिन्छन् अनि ती बाधाबाट मुक्ति मिलेको बोध हुन्छ । चूडालाको उपदेशलाई गम्भिरतापूर्वक लिएपछि शिखिध्वज आफ्नो लक्षमा पुगे । उनलाई आत्मज्ञान भयो र आत्मानन्द प्राप्त भयो । त्यसपछि उनी राजधानी फर्के र राजकाज चलाउन थाले ज्ञानीको रूपमा ।

ज्ञानीलाई बोध हुन्छ–आत्मा आफूमा अन्तर्निहित मूलस्रोत हो । जगत्को उदय र अस्त मनबाट हुन्छ । जसको उदय र अस्त हुन्छ त्यो आत्मा होइन । आत्मा भिन्न वस्तु हो । यसले मनलाई उत्पन्न गर्छ, जीवित राख्छ र विलीन गरिदिन्छ ।

महर्षि रमण भन्नुहुन्छ– सिनेमामा पर्दा मुख्य कुरा हो किनकि पर्दामा नै चित्र, दृश्य, अभिनेता आदि देखिन्छन् । त्यस्तै हो आत्मा । आत्मामा नै जगत् देखिन्छ । आत्मा अधिष्ठान हो ।[१] दत्तात्रेय आत्मा बारे भन्छन्– जहाँ जाग्रत, स्वप्न, सुषुप्ति तीन अवस्था र तुरीय समेत छैन त्यहाँ केवल आत्मालाई म पाउँछु । धर्म र अधर्मको प्रश्नै उठ्दैन । न त्यहाँ बद्ध र मुक्त व्यवहारकै कुनै अर्थ छ । *(अवधूतगीता १/७३)* ।

ब्रह्मादेखि अनेकौं देवदेवीहरू आ-आफ्नो इच्छा अनुसार चल्छन् । तर

[१] *म.र.से वातचीत*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानी नै इच्छा र अनिच्छादेखि मुक्त हुन्छ । ज्ञानी जनक भन्छन्– ज्ञानीले के पाउने र के छाड्ने भन्ने कुरा विवेकद्वारा नै छुट्याउँछ । ज्ञानी महाकर्ता हो ।

आत्मज्ञानी निर्भय हुन्छ किनकि उसले सर्वत्र आत्मै देख्छ, द्वैत देख्दैन । बाघ, भालुलाई समेत आत्मवत् देख्ने, आत्मीय देख्ने भएकाले ती हिंस्रक जन्तु पनि ज्ञानीको आश्रममा पालेको कुकुर, बिराला झैं अहिंसक भएर रहन्छन् । रमण महर्षि, शिवपुरीबाबा, खप्तडबाबाका जीवनमा यस्ता घटना घटेका छन् । जो मानिस मनमोहक केटीलाई देख्दा कामातुर हुँदैन, मृत्युलाई देखेर विव्हल पनि हुँदैन, जुनसुकै अवस्थामा पनि शान्त रहन्छ, सुख-दुःख, सम्पत्ति-विपत्ति, छोरा-छोरी जो जे पाउँदा पनि, नपाउँदा पनि सबै अवस्थामा समदर्शी हुन्छ, यस्ता महापुरुष नै ज्ञानी हुन्छ । *(अष्टावक्रगीता)*

आत्मा जानेको मानिसले (आत्मज्ञानीले) संसार रूपी सागर तरेर यही जन्ममा ब्रह्मानन्द पाउँछ । 'आत्मज्ञानीले शोक गर्न पर्दैन, दुःखबाट पार पाउँछ' भन्ने कुरा शास्त्रले बताएको छ । शंकराचार्य भन्छन्–

तनुं त्यजतु वा काश्यां, श्वपचस्य गृहेऽथवा ।
ज्ञानसम्प्राप्तिसमये, मुक्तोऽसौ विगताशयः ॥

ज्ञानीको वासना क्षय भैसकेको हुँदा ऊ काशीमा मरोस् चाण्डालको घरमा ऊ मुक्त नै हुन्छ । यो कुरा स्मृतिमा पनि छ । (*तत्त्वबोध* को उपान्त श्लोक) त्यसैगरी *तत्त्वबोध*मा ज्ञानीलाई कमलको पातमा रहेको पानी झैं निर्लिप्त रहन्छ, उसको सम्बन्ध छैन भनेर बताइएको छ ।

ज्ञानीको लक्षण: त्यस महाभाग्यवान् पुरुषले नाङ्गो बसोस् या लुगा लगाओस्, उसले मृग छाला बेरोस् वा चैतन्य बेरेर बसोस् केही फरक पर्दैन । ज्ञानीहरू बालक झैं या पागल झैं हुन्छन् वा पिशाचादि झैं निर्भय, स्वेच्छानुकूल भएर रहन रुचाउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानीले इच्छानुसार अन्न ग्रहण गर्छन् । मनमानी रूप धारण गरी एक्लै विचरण गर्छन् । उनी सर्वात्म भावले, आफ्नो दशामा सन्तुष्ट भएर रहन्छन् ।

ब्रह्मवेत्ता कहीं मूढ जस्तो, कहीं विद्वान् र कहीं राजा-महाराजाको जस्तो ठाँट सम्पन्न देखिन्छन् । कहीं ती भ्रान्त झैं, कहीं बिल्कुलै शान्त र कहीं अजिङ्गर झैं निश्चल भएर रहन्छन् । ती कहिले सम्मानित हुन्छन्, कहिले अपमानित हुन्छन् । ज्ञानीजन सदाकाल परमानन्दमा रहन्छन् र अपरिचित रूपमा विचरण गर्छन् ।

निर्धन भए पनि ज्ञानी सन्तुष्ट हुन्छन् । असहाय भए पनि अति वलशाली हुन्छन् । उनी सदा तृप्त हुन्छन् । नखाए पनि कामना, वासना छैन । विषमता देखिए पनि उनी समदर्शी हुन्छन् ।

ज्ञानी सबै कार्य गरेर पनि अकर्ता हुन् । नाना प्रकारको विषय भोगेर पनि अभोक्ता छन् । शरीरधारी भएर पनि उनी अशरीरी हुन् । परिच्छिन्न भएर पनि सर्वव्यापी छन् । *(विवेकचूडामणि-५४१-५४५ सम्म)* ।

ज्ञानीभक्तः निष्काम भावले निर्गुण निराकार परमात्माको अद्वैत रूपमा जसले भक्ति गर्छ ऊ ज्ञानीभक्त हो । शुरुमा भक्तले मूर्तिपूजामा श्रद्धा गरोस् तर कालान्तरमा उसले निर्गुण, निराकार, सर्वव्यापक, हृदयवासी परमात्मालाई जानेपछि ऊ ज्ञानीभक्त बन्दछ । स्वामी शिवानन्दको भनाइ छ– मूर्तिपूजामा वर्तमान निष्ठाले कालान्तरमा पराभक्तिको स्वरूप लिनेछ, उसले त्यस ईश्वरको भक्ति गर्नेछ जसको नाम-रूप छैन (दिव्योपदेश)

श्रीकृष्णले *गीता (७।१६)* मा चार प्रकारका भक्तको वर्णन गर्नु भएको छ जस्तो–

क.आर्त–संकट निवारणार्थ भक्ति गर्ने ।

ख.अर्थार्थी–सांसारिक पदार्थ चाहने भक्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग.जिज्ञासु-परमात्माको रूप जान्न चाहने भक्त ।

घ.ज्ञानी-अद्वैत परमात्मालाई अपरोक्ष रूपमा जानेर कैवल्य मुक्ति चाहने भक्त ।

चार प्रकारका भक्तहरूमा ज्ञानीभक्त अर्थात् भगवत्तत्त्ववेत्ता मुमुक्षु (शंकरभाष्य अनुसार) श्रेष्ठ छ भन्ने उल्लेख गर्दै भगवान् भन्नुहुन्छ– उसले नित्य-निरन्तर एकभक्ति *(हेर्नू एकभक्ति)* अर्थात् अनन्य भक्ति गर्न जानेको हुन्छ । यस्तो ज्ञानीभक्त (मुमुक्षु भक्त) मेरो अत्यन्त प्यारो हो किनकि ऊ मेरो आत्मा नै हो– **(ज्ञानी त्वात्मैव मे मतम् ।७।१८)**

ज्ञानीभक्तको विशेषता बताउँदै श्रीकृष्ण भन्नुहुन्छ–

बहुनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥ *(७।१९)*

शुभ-संस्कारले गर्दा पुण्यलाभ भै ज्ञानीभक्तले मेरो उपासना गर्छ । उसले सर्वात्मरूप म परमात्मालाई 'सबै वासुदेव रूप नै हो' भनेर जान्दछ । यस्तो पराभक्ति गर्ने महात्मा दुर्लभ हुन्छन् । सम्पूर्ण जगत् आत्मस्वरूप वासुदेव नै हो भन्ने ज्ञान ज्ञानीभक्त बाहेक अरूलाई हुन्न ।

भक्त भनेको त्यो साधक हो जसले भगवत्तत्त्वलाई बुझेको हुन्छ । उसले आफूलाई संसारको पक्षमा होइन भगवान्‌को पक्षमा राखेको छ- **भागे भक्ति** । भगवान्‌कै लागि म छु भनेर भगवान्‌मा आफूलाई भाग लगाएको हुन्छ उसले । उसको चित्तवृत्ति भगवदाकार भएको छ ।

शंकराचार्यले *प्रश्नोत्तरी*मा 'ज्ञान' के हो भन्ने प्रश्नको जवाफमा भनेका छन्–

ज्ञानं किमेकं शिवमद्वितीयम् ।

अर्थात्- अद्वितीय शिवदेखि अभिन्न आफू र जगत्‌लाई मान्नु नै ज्ञान हो । समस्त प्राणीलाई आफूमा र आत्मालाई भगवान्‌मा देखेपछि उसको दृष्टि हुन्छ- **वासुदेवः सर्वम्** । भगवान् र आफूलाई भेददृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्ने भक्त होला तर ऊ ज्ञानी भक्त होइन । भगवान्लाई ज्ञानीभक्त मन पर्छ त्यसैले त *गीता*मा भनिएको छ–

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।

प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥

(गीता ७।१७)

'तेषां'को अर्थ हो- चार प्रकारका भक्त जुन यस अघि बताइएको छ–

आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥ *(७।१६)*

भगवान् श्रीकृष्ण भन्नुहुन्छ- आर्त, जिज्ञासु, अर्थार्थी र ज्ञानी । यी चार प्रकारका भक्त मध्ये ज्ञानी श्रेष्ठ हो । त्यसको कारण के भने ज्ञानी निष्काम भक्त भएको कारणले गर्दा उसले सधैं ममा चित्त लगाइरहन्छ अर्थात् भगवदाकार वृत्ति हुन्छ उसमा । अर्को कुरा, उसले अन्तर्यामी रूपमा रहेको मेरो भक्ति गरिरहन्छ, ऊ एकभक्तियुक्त छ । त्यसैले म उसलाई प्रिय मान्छु । उसका लागि पनि म प्यारो छु ।

ज्ञानीको विशेषता बताउँदै श्रीकृष्ण फेरि भन्नुहुन्छ- समाहित चित्तयुक्त (सदा समाधिमा रहने) ज्ञानी सर्वोत्तम गति अर्थात् अधिष्ठान स्वरूप ममा नै आश्रित भएर रहन्छ । *(ऐजन ७।१८)*

अत्यन्त महत्वपूर्ण काम छाडेर समाधिमा रहँदा ज्ञानीभक्तको काम आफैंले सम्बन्धित रूप लिएर भगवान्ले नै गरिदिनु भएको प्रसंग नरसि मेहता जस्ता भक्तको जीवनीबाट बोध हुन्छ ।

नामदेवलाई निर्जन जंगलमा शिवमन्दिरमा रहने ज्ञानी गुरु समिप जाऊ भनेर पठाउनु भयो भगवान्ले । नामदेवले शिवलिङ्गमा खुट्टा टेकाएर पल्टिरहेका वृद्ध व्यक्तिलाई देखे । शुरुमा उपेक्षाको भाव पनि व्यक्त गरे । बिसोवाले 'मेरो खुट्टा त्यस भूईंमा राखिदेउ जहाँ शिवलिङ्ग छैन' भन्दा नामदेवले खुट्टा समाएर पार्थिव शिवलिङ्ग नभएको ठाउँमा राख्न गुरुको शरीरलाई घुमाउन थाले (घडीको सुई घुमे झैं) । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहाँ खुट्टा बिसायो, त्यहीं शिवलिङ्ग उत्पत्ति भएको आश्चर्यजनक घटनाले उनको आँखा खोलिदियो। उनी गुरुको पाऊ परे र ब्रह्मज्ञान दिनोस् भने। यसरी बिसोवाद्वारा नामदेवलाई ज्ञान प्राप्त भएको प्रसंग ती भक्तको जीवनी पढ्दा ज्ञान हुन्छ।

बिना गुरु ज्ञान प्राप्त हुन्न। आन्तरिक गुरु हुन् अन्तर्यामी भगवान् जो साधकभित्र गुप्त रूपले रहेका छन्। उनको प्रकाशबाटै साधक भित्रको अन्धकार नष्ट हुन्छ। त्यसपछि उपदेशक गुरु मिल्छ। साधकहरूको हृदयभित्र भागवत् चैतन्य, उनको ज्योति, शक्ति, शुचिता र आनन्द बर्साउने गुरु श्रेष्ठ हुन्।✿

ज्ञानेन्द्रिय: ज्ञानका साधनरूप इन्द्रियहरू। दस इन्द्रियहरूमा पाँच ज्ञानेन्द्रिय छन् र पाँच कर्मेन्द्रिय। ज्ञानेन्द्रियहरूमा चार इन्द्रिय टाउकामा नै छन् र एक-त्वगिन्द्रिय शरीर भर छ। ज्ञानेन्द्रियहरूले श्रव्य-दृश्य आदि वस्तु बारे ज्ञान हासिल गराउँछन्।

ज्ञानेन्द्रिय, तिनको विषय र इन्द्रियका अधिष्ठातृ देवताहरू यस प्रकारका छन्–

श्रोत्रेन्द्रिय	शब्द	दिक्पाल
त्वगिन्द्रिय	स्पर्श	वायु
चक्षुरिन्द्रिय	रूप	सूर्य
रसनेन्द्रिय	रस	वरुण
घ्राणेन्द्रिय	गन्ध	अश्विनिकुमार

शब्द, स्पर्श, रूप र गन्धलाई पञ्चगुण पनि भनिन्छ। यी पाँच गुणहरूमा संसारी मानिसहरू मोहित भएर दगुरिरहेका छन्। यी इन्द्रियका विषयहरूले सत्त्वगुणी मानिसलाई कम तर रजोगुणी र तमोगुणीलाई बढी आकर्षित गराई भोगपरायण बनाउँछन्। तत्त्ववेत्ता (ज्ञानी) चाहिँ गुण र कर्मदेखि आफूलाई भिन्न संझेर गुणहरूको तमासा हेरिरहन्छ साक्षी बनेर तर आफू फस्दैन भनेर श्रीकृष्णले

✿ *श्रीअरविन्द-साधनाका चार सहायक*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*गीता*मा अर्जुनलाई बताउनु भएको छ–

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा नसज्जते ॥ *(३/२८)*

ज्ञानेश्वरः ज्ञानदेव । यिनको जन्म १२७५ ई.मा महाराष्ट्रमा भएको थियो । पुना सहरदेखि केही टाडा इन्द्रायणी नदीको किनारामा आलन्दी नाउँको गाउँ छ । त्यहाँ सिद्धेश्वर मन्दिर छ । सोही गाउँमा विट्ठल पन्त र रुक्मिणी बाईबाट ज्ञानेश्वरको जन्म भएको हो । ज्ञानेश्वरका ठूलो दाजुको नाम निवृत्तिनाथ हो । ज्ञानेश्वरका एक भाइ सोपान र बहिनी मुक्ता भए । पिता विट्ठल पन्तले सन्तान हुनु अगावै विवाहिता पत्नीलाई छोडेर काशीमा श्रीपादस्वामीबाट संन्यास लिएका थिए । गुरुले पूर्ण वैराग्य नभै संन्यास लिएको तथा घरपरिवारलाई विचल्लीमा पारेको कुरा आलन्दी भ्रमणका समयमा पत्ता लगाए । उनले काशी फर्केपछि विट्ठललाई बोलाएर हप्काए र गृहस्थ-धर्म पूरा गरेर मात्र आश्रममा आउनू भन्ने आदेश दिए । शिष्यले गुरुको आज्ञा शिरोपर गरी १२ वर्षपछि घर आए । त्यसपछि उनका ४ जना सन्तान भए जसलाई त्यस समयको कट्टर समाजले 'संन्यासीका सन्तान' भनेर घृणाको दृष्टिले हेर्न थाल्यो । विट्ठलले आफ्ना पुत्रहरूलाई वेद-उपनिषद्, शास्त्रहरूको शिक्षा दिने कार्य गरे । व्रतवन्ध संस्कारका लागि सामाजिक स्वीकृति आवश्यक ठानेर उनले स्थानीय कर्मकाण्डीहरूसँग निवेदन गरे । तर ब्राह्मणहरूले ब्रतबन्धको साटो प्रायश्चितको सवाल उठाए । पिता पुत्रहरूको कल्याणका लागि प्रायश्चित गर्न तयार भए । तर त्यस समयको समाज निकै कठोर थियो । संन्यास लिएर पुनः गृहस्थाश्रममा प्रवेश गर्नेको प्रायश्चित मृत्यु हो भन्ने बताइयो । विट्ठल दम्पत्ति यस कठोर दण्डबाट निकै विरक्त भए । उनीहरू तीर्थयात्रामा गएको बखत प्रयागमा जल समाधि लिए भन्ने बताइन्छ ।

आमाबाबुले घर छाडेर गएपछि निवृत्ति, ज्ञानेश्वरहरूले हृदयहीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजसँग दयाको भीख मागे । भीख मागेर पनि उनीहरूलाई गुजारा गर्न कठिनाइ भएथ्यो । तथाकथित पण्डितहरूसँग उनीहरू शास्त्रार्थ गर्न तयार भए तर उनीहरूलाई शुद्धिपत्र मिलेन । ज्ञानेश्वरले पण्डितहरूसँग तर्क गरे- वेद, उपनिषद् र अन्य शास्त्रहरूको ज्ञानले अन्त:करणलाई शुद्ध पारेको छँदैछ, अब तपाईंहरू हामीबाट किन अरू शुद्धि तथा प्रायश्चित खोज्नु हुन्छ ? एक पण्डितले भने- तिमीहरू यहाँ चरिरहेको भैंसी हौ, भैंसी गाई बन्न सक्छ ? ज्ञानेश्वरले जवाफ दिए– गाई, हात्ती, चाण्डाल, कुत्ता, सर्वज्ञ बाहुन सबैमा भगवान् देख्छन् ज्ञानीले भनी श्रीकृष्णले भन्नु भएकै छ । यस्तो ज्ञानलाई तपाईंहरू किन मान्नु हुन्न ? उनीहरूले भने- तिमी ज्ञानी हौ, समदृष्टि सम्पन्न छौ भने भैंसीलाई वेद पठाऊ न त । ज्ञानेश्वर भैसी सामु गए र स्पर्श गर्दै भने- ज्ञानका देवता तिमीमा पनि छन् । उनैको कृपा भै वेदको मन्त्रहरू यस कट्टर ब्राह्मणलाई सुनाइ देऊ ।

ज्ञानेश्वर सन्त र सिद्ध भैसकेका थिए । उनले आदेश दिने वित्तिकै भैंसीको मुखबाट वेदका मन्त्रहरूको उच्चारण हुन थाल्यो । दर्शक सबै चकित भए । कट्टर ब्रह्मणहरू पराजित भए । यस चमत्कारको खबर जिल्लाभर फैलियो । समाजले उनीहरूलाई साधु-सन्त भनेर स्वीकार गऱ्यो । पण्डितहरूले पछुताउ गर्दै उनीहरूलाई शुद्धिपत्र दिए । यसरी ज्ञानेश्वर लगायत दाजुभाइ, बहिनीको कष्ट दूर भयो । शुद्धिपत्रमा उनीहरूलाई विवाह गर्न निषेध गरिएको थियो ।

सन्त ज्ञानेश्वरको जीवनी-*(विश्वनाथ मुखर्जी- भारतके महान् योगी १-२)* मा यस अघि भएको एउटा घटनाको उल्लेख गरिएको छ । मातापिताका साथ ज्ञानेश्वर समेत कुनै मन्दिरमा पूजा गरेर फर्किरहेका थिए । बाटामा जंगल थियो । जंगल हुँदै घर फर्कन लाग्दा बाघ गर्जेको आवाज सुनेर उनीहरूले भागदौड गर्दै ज्यान जोगाए । तर निवृत्तिनाथ जंगलमै हराए । माता-पिता लगायत सबैले बाघले खायो कि भनेर शोकमा दिन बिताइरहेका थिए । आठौं दिनमा निवृत्ति टुप्लुक्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आइपुगे । उनले आफूले अनुभव गरेको रोमाञ्चकारी घटना बताए । बाघको गर्जनबाट तर्सेर भाग्दा उनी अर्कै दिशा तर्फ दौडे । त्यसरी दौड्दा उनी गुफा नजिक पुगे । गुफामै ज्यान जोगाउँछु भनेर भित्र पसे । त्यहाँ उनले ठूला सिद्ध भेटे । गहिनीनाथ नाउँका महात्माले निवृत्तिलाई हठ योग सिकाउनुका साथै मन्त्र-दान गरे । केही समय पछि निवृत्तिले ज्ञानेश्वरलाई दीक्षा दिए र ज्ञानेश्वरबाट सोपान र मुक्ताले दीक्षा लिए ।

सन्त ज्ञानेश्वरले मसानमा लगेको सच्चिदानन्द नाउँको मृत व्यक्तिकी पत्नीको करुण रोदनबाट पग्लेर सत्चित आनन्दको मृत्यु हुँदैन भनेर व्यूँताइ दिएको प्रसंग पनि पाइन्छ । उही सच्चिदानन्दले पछि ज्ञानेश्वरको चेला बनेर गुरुको सेवा गर्‍यो । ज्ञानेश्वरको ९०० श्लोकहरू युक्त *ज्ञानेश्वरी* पुस्तक (गीताभाष्य)लाई उनै शिष्यले लिपिवद्ध गरेको बताइन्छ । आफ्ना गुरु निवृत्तिनाथको आज्ञा शिरोपर गरेर ज्ञानेश्वरले *ज्ञानेश्वरी गीता* जस्तो प्रसिद्ध पुस्तक लेखेका थिए । यो पुस्तक ज्ञानेश्वरले १५ वर्षका उमेरमा सन् १२९० मा पूरा गरेथे । गुरुकृपाबाट आफूले लेखेको ग्रन्थमा ज्ञानेश्वरले ठाउँ ठाउँमा गुरु-महिमा बारे वर्णन गरेका छन् (हेर्नू १२औं र १४औं अध्याय) । ज्ञानेश्वरकी बहिनी मुक्ताबाई उच्चस्तरकी साध्वी थिइन् । शुरुमा बिसोवा चाटीले मुक्ता र उनका दाजुहरूको विरुद्ध खडा भएर दुःख दिएथे । मुक्ताले आफूहरूलाई कुनै व्यक्तिले दुःख दिएको होइन, बिट्ठल भगवान्ले परीक्षा लिनु भएको मानिन् । मुक्ताको सहनशीलता र उदारता देखेर बिसोवाले पछुताउ गरे । उनी मुक्ताबाईको पाऊ परे । निवृत्तिनाथको आज्ञा अनुसार मुक्ताले बिसोवालाई दीक्षा दिइन् । बिसोवा योग साधनाको शिखरमा पुगे र प्रसिद्ध सन्त बने । उनको नाउँ रह्यो बिसोवा खेचर । बिसोवाबाट पछि नामदेवले दीक्षा लिएका थिए । भगवद्साक्षात्कार गरेका नामदेवले बिसोवाबाट ज्ञान हासिल गरेपछि उनमा ज्ञानोदय भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिगत रूपमा सैयौँ वर्षसम्म योगसाधना गरेर प्रकट भएका चाङ्गदेवको अहंकारलाई सन्त ज्ञानेश्वरले नष्ट गरे। चाङ्गदेव बाघको सवारी गर्दथे र यसमा उनलाई घमण्ड थियो। ज्ञानेश्वर आफ्ना दाजुभाइ बसेको पर्खाललाई नै विमान झैं उडाएर चाङ्गदेवलाई भेटन गएपछि ती अहंकारी योगीको अहंकार नष्ट भयो। उनले आफूभन्दा श्रेष्ठ ज्ञानेश्वर हुन् भन्ने स्वीकार गरे। आलन्दीको सिद्धेश्वर मन्दिर नजिकको एक गुफामा ज्ञानेश्वरले सन् १२९६-२५ अक्टुवरमा स्थल समाधि लिए। अनेकौं साधु-सन्तहरू र भक्तजनले ज्ञानमूर्ति ज्ञानेश्वरले देहत्याग गर्ने समय आएको देखेर त्यहाँ दु:खी भएर हेर्न आए तर ज्ञानेश्वरले खुशी हुँदै स्थल समाधि लिए। गुफाको द्वारलाई निवृत्तिनाथले ठूलो ढुङ्गाले ढाकिदिए। ज्ञानदेवले समाधि लिएको देखेर नामदेवले सहन सकेनन्। उनी पछारिएर बेहोस भए। नामदेवले त्यस भव्य घटनाका सम्बन्धमा लेखेका छन्- मैले आफ्नै जीवन उडेर विलीन भएको अनुभव गरें। ज्ञानेश्वर अनुभवका, ज्ञानका सागर थिए। उनी आध्यात्मिक गुह्य सत्य थिए। उनले मानवतालाई कर्म-अकर्मको शिक्षा दिए। उनको यशोगाथाले त्रैलोक्य देदीप्यमान भएको छ। ज्ञानदेव समाधिमा लीन भए र ब्रह्मसँग तदाकार भए।

त्यस घटनाको एक वर्षपछि निवृत्तिनाथ र उनका भाइ, बहिनी (शिष्य, शिष्या)ले पनि समाधि लिए।

ज्ञानेश्वरी: मराठीका आदिकवि सन्त ज्ञानेश्वरले वि.सं. १३४७ मा मराठीमा लेखेको *भगवद्गीता*को व्याख्यात्मक टीका। यो टीका ९०० श्लोकमा लेखिएको छ। वर्तमान कालमा पनि *ज्ञानेश्वरी*को महाराष्ट्रका घर-घरमा पाठ हुन्छ। यस ग्रन्थमा ती सन्तले जन्मजात कोही उच-नीच हुँदैन, प्रत्येक व्यक्ति ज्ञान, भक्तिको मार्गमा हिंडेर यसै जन्ममा ईश्वर प्राप्त गरी मोक्षको अधिकारी बन्न सक्छ भन्ने सिद्धान्त प्रतिपादन गरेका छन्। उनले *गीता*लाई 'सर्वश्रेष्ठ' बताएका छन्।

ज्ञानेश्वरले *गीता*को अर्थबोध गराउन अनेकौं उपमाहरू प्रस्तुत गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । पाठकहरू उपमा र अलङ्कारको आनन्द त पाउँछन् तर मूल विषयका बारेमा उनीहरू अलमलमा पर्छन् ।# *ज्ञानेश्वरी*मा उनले वेदान्त शास्त्रका उपमाहरू बढी प्रयोग गर्दै मायावाद र अद्वैतवादको अति सूक्ष्म प्रतिपादन गरेका छन् । पूर्ववर्ती वेदान्तीहरूले प्रयोग गरे झैं ज्ञानका सूक्ष्म कुरा बुझाउन ज्ञानदेवले रज्जु-सर्प, अग्नि-काठ, आकाश-बादल, महाकाश-घटाकाश, सुवर्ण-गहना, ऐना-प्रतिबिम्ब, रजत-सिपी, नून र पानी, भुटेको बीज, बत्ती र प्रकाश, चन्दन र सुगन्ध आदिको अनेकौं उपमाहरूको प्रयोग गरेका छन् । ग्रन्थको शुरुमा मंगलाचरण गर्दै सन्तले आत्मदेवको स्मरण गरेका छन्–

ॐ नमोजी आद्या वेदप्रतिपाद्या ।
जय जय स्वयंवेद्या आत्मरूप ॥

गीता नवौं अध्याय तृतीय श्लोकमा *गीता*को ब्रह्मज्ञान गूहय छ र श्रद्धाहीन व्यक्तिले दिन दिनै पाठ गरोस् अर्थबोध गर्न सक्तैन, उसले भगवान्लाई पाउन सक्तैन तथा मृत्यु संसारबाट पार पाउन सक्तैन भनी भगवान्ले भन्नुभएको छ । यसको व्याख्याको क्रममा सन्त ज्ञानेश्वरले अति सुन्दर उपमा प्रयोग गरेका छन्– कमल पुष्प र भ्यागुता एकै तलाउमा रहन्छन् । कमलको मधुर परागको सेवन बाहिरबाट आएको भ्रमरले गर्दछ तर भ्यागुताको भाग्यमा त्यही हिलो लेखिएको छ ।

*ज्ञानेश्वरी*मा वेदान्तको महिमा बताइएको छ– वेदान्त सिद्धान्तलाई राम्ररी नजानेसम्म मेरो वास्तविक रहस्य अर्थात् मलाई तत्त्वतः कसैले जान्न सक्तैन । अनुमान, तर्कबाट तात्त्विक ज्ञान मिल्दैन । ब्रह्मका सम्बन्धमा भनिएको छ– ब्रह्म आकाशभन्दा पनि व्यापक छ, प्रकृतिदेखि पर पल्लो किनारमा छ । यसमा सम-विषमको भेद रहँदैन, आकार-प्रकार लोप हुन्छ, जीवात्माको सत्ता पनि समाप्त हुन्छ । ब्रह्ममा द्वैतभाव छैन ।

#*श्रीभारतीय योगी– ज्ञानेश्वरी (हिन्दी अनुवादः भूमिका)*।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

*गीता*का सम्बन्धमा ज्ञानेश्वर भन्छन्– *गीता* व्यासजीको ज्ञान रूपी हातद्वारा निकालिएको नवनीत (नौनी) हो । *गीता* ज्ञानामृत भरिएको अर्को भागिरथी गंगा हो। यो आनन्दरूपी चन्द्रमाको सत्रौं कला हो । विस्ताररूपी क्षीर सागर मथन गरेर निकालिएकी नौनी लक्ष्मी *(१५।२० को व्याख्या)* हुनुहुन्छ । *ज्ञानेश्वरी*को अन्त्यतिर *गीता*शास्त्रको महिमा, माहात्म्य बताइएको छ। यसको श्रवण, मननबाट मोक्ष मिल्ने जनाइएको छ । *ज्ञानेश्वरी*को षष्ठ अध्याय र चतुर्दश अध्यायको शुरुमा लामो भूमिकाका साथ गुरुभक्तिको चर्चा एवं गुरुकृपा प्रति कृतज्ञता ज्ञापन गरेका छन् सन्तले । ज्ञानेश्वरका गुरु निवृत्तिनाथको आज्ञा अनुसार उनले *ज्ञानेश्वरी* लेखेका थिए। महाराष्ट्रका अर्का सन्त एकनाथले वि.सं.१६४१ मा *ज्ञानेश्वरी गीता*को शुद्धि गर्दै प्रकाशित गराएका हुन् ।

ज्ञेयः अवश्य जान्न योग्य तत्त्व। संसारका पद-पदार्थ, शास्त्रहरू आदि जान्नयोग्य होलान् तर यी ज्ञेय होइनन् अर्थात् अवश्य जान्न योग्य चाहिं होइनन् । *गीता*मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ-

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥ *(१३।१२)*

अर्थात् जुन ज्ञेय तत्त्व हो सो बारे म तिमीलाई बताउँछु। त्यो ज्ञेयलाई जानेपछि मनुष्य अमर बन्छ, अमृत पान गर्छ । ज्ञेय अनादि र परम् ब्रह्म हो। उसलाई न सत् भन्न सकिन्छ, न असत् अर्थात् त्यो सत् र असत्देखि पर छ ।

ज्ञेय परब्रह्म परमात्मा तत्त्व हो जसको ज्ञान गरेपछि अरू केही जान्न बाँकी रहँदैन । तर त्यसलाई नजानेर अरू सबै विद्या, वस्तु जाने पनि अज्ञान, मोह नष्ट नभएको कारणले यस्तो ज्ञाता ज्ञानी कहलाउँदैन। रामकृष्ण परमहंस भन्छन्- साधना चाहिन्छ, केवल शास्त्र रटेर हुन्न । मैले विद्यासागर(ईश्वरचन्द्र)लाई चिनेको छु। उनी खूब पढे-लेखेका मानिस हुन्। तर आफू भित्रको ज्ञान छैन उनमा। ....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरको आनन्दको स्वाद उनले पाएनन्, केवल पढ्नुबाट के हुन्छ ?" *(रामकृष्ण वचनामृत)*

ज्ञेय वस्तुको ज्ञानबाट अमृत-तत्त्वको प्राप्ति हुन्छ । अमृत-तत्त्व भनेको मुक्ति हो । ज्ञानी जन्म-मृत्युको चक्रबाट मुक्त हुन्छ । ब्रह्मलाई जानेपछि ऊ ब्रह्म बन्छ । नदीको गन्तव्य भनेको समुद्र हो जहाँ पुगेपछि नदी नाम र रूप छाडेर समुद्र नै बन्छ । त्यस्तै मनुष्यको परम कर्तव्य हो- यस्तो कुरा जान्नु जसलाई जानेपछि ऊ त्यही बन्छ- **ब्रह्म वेद ब्रह्मैव भवति** । *(मुण्डक उप. ३।२।९)* ज्ञान मार्गमा लागेको ज्ञाताले ज्ञेय वस्तुलाई जानेपछि ज्ञानस्वरूप, आनन्दस्वरूप बन्छ । ऊ ब्रह्मसँग एक बन्छ, ऊ अद्वैत भइहाल्छ । ऊ पहिले पनि अद्वैत वस्तु थियो, अविद्याले गर्दा द्वैत या अनेकतामा अलमलियो, दुःख-सुख, हर्ष-विस्मातको द्वन्द्वमा फस्यो । गुरुकृपा, आत्मकृपाबाट जब उसले अज्ञान नष्ट गर्‍यो त अद्वैत स्थिति उसलाई प्राप्त भैहाल्यो । ऊ कृतकृत्य भयो ।

*छान्दोग्य उपनिषद्*को सप्तमोऽध्यायमा वेदादिशास्त्र, तन्त्र, योग आदि सबै कुराको ज्ञाता नारदको दुःख, शोक निवृत्त भएन त उनी ब्रह्मज्ञानी सनत्कुमार समिप गए । यी दुवै ब्रह्माजीका मानस पुत्र हुन् । सनत्कुमारले आफ्ना जिज्ञासु भाइ नारदलाई नाम, रूप जानेर शोक जाँदैन भनेर अनेक उपदेश दिदै अन्त्यमा भूमा विद्याको उपदेश गरे । उनले भने– तिम्रो लागि अरू वस्तुहरू ज्ञेय होइनन्, भूमा (ब्रह्मवस्तु) ज्ञेय हो, त्यसैको ज्ञान गराउन आवश्यक छ– **यो वै भूमा तत्सुखं नाल्पे सुखमस्ति भूमैव सुखं भूमा त्वेव विजिज्ञासितव्य इति** । *(२३ औं खण्ड)* अर्थात् भूमा नै सुख हो, अल्पमा सुख छैन । सुख भनेको भूमा नै हो । भूमाकै विशेष रूपले जिज्ञासा गर्नुपर्छ । ज्ञेय यही हो । भूमा भनेको आत्मा हो । यसलाई विशेष रूपले जान्ने व्यक्ति आत्मरत, आत्मक्रीड, आत्ममिथुन र आत्मानन्द हुन्छ भनिएको छ । आत्मा नै ज्ञातव्य हो, जगत्का पद-पदार्थ ज्ञातव्य होइनन् । ती अज्ञानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणले गर्दा खडा भएका हुन् । अज्ञानको अवस्थामा ज्ञाता, ज्ञान र ज्ञेय त्रिपुटी खडा हुन्छ तर ज्ञानको स्थितिमा त्रिपुटी छैन, अद्वैत ज्ञानस्वरूप मात्र छ । *योगतत्त्वोपनिषद्*मा भनिएको छ–

अज्ञानादेव संसारो ज्ञानदेव विमुच्यते ।
ज्ञानस्वरूपामैवादौ ज्ञानंज्ञेयैक साधनम् ॥

ज्योति : तेज, उज्यालो वत्ती, प्रकाश ज्योतिका प्रकार-क. **भौतिक ज्योति–** अग्नि, सूर्य, चन्द्र, नक्षत्र ज्योतिहरू । बुद्धि, मन आदि । ख. **ज्ञानज्योति–** बुद्धिका संशय कुतर्कादि अन्धकारलाई नष्ट गर्ने । श्रुति, स्मृति, पुराणहरूका ज्ञानले जिज्ञासुका अज्ञान, नजान्नुपनलाई हटाउँछ । ज्ञाननिष्ठ मन पनि ज्योति हो । ग. **पारमार्थिक ज्योति–** ब्रह्मज्ञान नै हो । भौतिकादि सबै ज्योतिहरूको पनि ज्योति अर्थात् महाज्योति ब्रह्म नै हो । *गीता*मा भनिएको छ–

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं, ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥
(१३।१७)

अर्थात् ब्रह्म ज्योतिहरूको पनि ज्योति महाज्योति हो । यो तत्त्वलाई मायातीत **(तमसःपरम)** बताइन्छ । ब्रह्म किंवा परमात्मा नै ज्ञेय हो, बोधस्वरूप (ज्ञान) हो र तत्त्वज्ञानबाट प्राप्य छ । परमात्मालाई (जो सबैको हृदयमा विराजमान हुनुहुन्छ) हृदयमा साक्षात्कार गरिन्छ । भगवान् *गीता*को अर्को स्थानमा त्यही ज्योतिलाई तेजको रूपमा वर्णन गर्दै सम्पूर्ण तेज, ज्योतिको श्रोत म हुँ भन्नुहुन्छ-

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धिमामकम् ॥

अर्थात्–जुन तेज (ज्योति) सूर्यमा छ र जसबाट सम्पूर्ण जगत् प्रकाशित हुन्छ तथा जुन तेज अग्निमा छ त्यसलाई तिमी मेरै तेज जान ।

श्रुति अनुसार जाग्रत र स्वप्नमा टाडा-टाडा विचरण गर्ने वासनाहीन, मैला नभएको सफा मनमा ब्रह्माण्डमा व्याप्त एकै ज्योति जुन छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको टक पर्छ, त्यस्तो मनले शिवसंकल्प गर्न सक्छ–

यज्जाग्रतो दूर मुदैति दैवं तदु सुप्तस्य तथैवेति ।
दूरङ्गमं ज्योतिषां ज्योतिरेकं
तन्मे मनः शिवसंकल्पमस्तु ॥ *(ऋग्वेद/यजुर्वेदको मन्त्र)*

वैदिक ऋषिहरू परमात्मालाई ज्योति रूपमा पुज्दथे र अन्धकारमा निस्सासिन्थे । त्यसैले उनीहरू साधनावस्थामा ज्योतिको खोजी गर्दथे–

असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय ।

असत्‌बाट सत्य तर्फ लैजाऊ अन्धकारबाट उज्यालो तर्फ लैजाउ– यस्तो पुकार गर्दा गर्दै उनीहरू सिद्धावस्थामा पुग्दथे जहाँ पुगेपछि कतै अन्धकार छैन, जताततै ज्योति नै ज्योति । महाज्योतिरूप परमात्मालाई पाएर जसको हृदयमा ज्ञानज्योति (अखण्डदीप) बलेको हुन्छ ऊ गुफामा बसोस् या झुप्रामा त्यहाँ अज्ञान-अन्धकार कहाँ टिक्न पाउँछ र ? त्यही ज्योतिको वलले उनीहरूले जिज्ञासु, भक्तजनका हृदयका वासना, दुख-व्यथा, शंका-उपशंका, अज्ञान जस्ता गाडा अन्धकारलाई नाश गर्दै बोध-बत्ती बालिरहन्छन् ।

ज्योर्तिलिङ्ग : ज्योतिर्मय लिङ्ग । ज्योर्तिलिङ्ग शिवको निराकार स्वरूपको प्रतीक हो । ज्योतिर्लिङ्ग निश्चल, स्थिर र दृढ ज्ञानस्कन्धको प्रतीक हो ।[ध]

ज्योतिर्लिङ्ग ब्रह्म र ब्रह्माण्डको प्रतीक मानिन्छ । लिङ्ग शब्दको अर्थ हुन्छ– **लीनं गमयति इति लिङ्गम** । गूढ ब्रह्म-तत्त्वलाई प्रकाशित गर्ने लिङ्ग हो । लिङ्ग मूलतः ज्योतिरूप भएकोले ज्योतिर्लिङ्ग भनिएको हो ।

पौराणिक कथा अनुसार आफू-आफूलाई जेष्ठ-श्रेष्ठ मानेर झगडा गरिरहेका ब्रह्मा र विष्णुका सामु ज्योतिर्लिङ्ग उत्पन्न भयो र आकाशवाणी भयो– तिमीहरूले लिङ्गको टुप्पा र फेद पत्ता लगाओ । ब्रह्माजी माथि जानुभयो, विष्णु तल फेद खोज्न पाल्नुभयो । विष्णुले हार खाएर 'लिङ्गको अन्त्य फेला परेन' भन्नु भयो । तर ब्रह्माजीले

[ध]डा. रा. पाण्डेय-हि. धर्मकोश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'टाउको फेला पर्‍यो' भनी झुठो बोल्नुभयो । उहाँले साक्षी रूपमा गाई र केतकी फूल प्रस्तुत गर्नुभयो, जसले झुठो साक्षी बके। त्यसपछि शिव प्रकट हुनुभयो ज्योतिर्लिङ्ग भित्र । अनि झुठो बोलेकोमा ब्रह्माजीलाई श्राप दिनुभयो– जगत्मा तिम्रो नाममा चाडपर्व, पूजा हुने छैन । त्यही श्रापले गर्दा ब्रह्माजीको पुष्करमा बाहेक अन्यत्र मन्दिर छैन र पूजा पनि हुन्न । गाई तिर फर्केर शिवले भन्नुभयो– झुठो साक्षी बकेकाले तिम्रो मुख जुठो मानिन्छ, अरू सम्पूर्ण शरीर पवित्र भए पनि । शिवले अबदेखि केतकी फूल मलाई नचढाइयोस् भन्नुभयो । शिवबाटै ब्रह्माजी र आफ्नो सृष्टि भएको बुझ्नु भएका विष्णु भगवान्ले पञ्चाक्षर मन्त्र जप्दै, **त्र्यम्बकं यजामहे..** पाठ गर्दै शिवलाई खुशी पार्नु भयो । उहाँले वेदहरूको ज्ञान दिनुभयो र भन्नुभयो– लिङ्गको तिमीले महिमा बोध गर्‍यौ, आराधना र स्तुति गर्‍यौ । यसबाट तिम्रो दु:ख दूर भएको छ । जसले ज्योतिर्लिङ्गको पूजा-आराधना गर्छ उसको दु:खको निवारण म गर्छु ।

शिवले नै ब्रह्माजीलाई सृष्टिकर्ता र विष्णुलाई पालनकर्ताको जिम्मेवारी दिनुभयो । उहाँले ब्रह्माकी शक्ति सरस्वतीलाई बनाउनुभयो र लक्ष्मीलाई विष्णुको शक्तिको रूपमा उत्पन्न गर्नुभयो । आफ्नी पराशक्ति नै कालीको रूपमा प्रकट भै संहारको कारण बन्ने कुरा पनि बताउनु भयो । *(शिवपुराण, रुद्रसंहिता द्वितीयखण्ड)*

लिङ्ग चतुर्दशकोटि ब्रह्माण्डको भौगोलिक चिन्ह हो र जलहरी विष्णु हो । लिङ्ग सगुणोपासना हो । वेदहरूका मन्त्र **इमां रूद्राय, त्र्यम्बकं यजामेह, सहस्रशीर्षा पुरूष** आदि सगुणोपासना मन्त्र हुन् । स्थूल उपासना, सगुणोपासना नगरिकन निर्गुणोपासना हुन सक्दैन । मूलाप्रकृति सूक्ष्म लिङ्ग हो । त्यसबाट उम्रेको प्रकृति, विकृतिलाई स्थूल लिङ्ग भनेर जान्नुपर्छ । प्रकृति र विकृति रहित पुरुष जो आत्मा हो शिवको सूक्ष्मादिसूक्ष्म कारण लिङ्ग हो ।

डा. स्वामी प्रपन्नाचार्य–यसरी लगाउनु पर्छ शिवलिङ्ग शब्दको अर्थ लेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत, वनपर्व पुलस्त्य तीर्थयात्रा प्रसंगमा गण्डकी, मुक्तिक्षेत्र, माहेश्वरीधारा (त्रिशुली), कोशिकी (कोशी, वरुण), कोकामुख (बराह क्षेत्र) आदिको चर्चा पाइन्छ भने माहेश्वरपुरको उल्लेख पाइन्छ जसलाई विद्वान्‌हरूले पशुपति क्षेत्रको प्राचीन नाम हो भनेका छन् । पशुपतिनाथ केदारनाथको शिरको रूपमा पनि प्रख्यात ज्योतिर्लिङ्ग हो । यो पञ्चमुखी लिङ्ग पनि हो ।

भारतका द्वादश ज्योतिर्लिङ्गहरूका नाम यस स्तुतिमा उल्लेखित छन्–

सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम् ।
उज्जयिन्यां महाकालमोङ्कारममलेश्वरम् ॥१॥
परल्यां वैद्यनाथं च डाकिन्यां भीमशङ्करम् ।
सेतुबन्धे तु रामेशं नागेशं दारुकावने ॥२॥
वाराणस्यां तु विश्वेशं त्र्यम्बकं गौतमीतटे ।
हिमालये तु केदारं घुश्मेशं च शिवालये ॥३॥
एतानि ज्योतिर्लिङ्गानि सायं प्रातः पठेन्नरः ।
सप्तजन्मकृतं पापं स्मरणेन विनश्यति ॥४॥

झ

झः समय बिताउनु, झन् झन् ध्वनि । झम् झम् पानी पर्दाको ध्वनि । झनक्क रिसाउनु । बृहस्पति । झंझावात-यसको अर्थ हुन्छ- वर्षाका साथ आँधीबेहरी ।

झूँसीः प्रयागको पूर्व गङ्गाको बायाँ तटमा रहेको तीर्थस्थल । यहाँ चन्द्रवंशी राजा पुरुरवाको राजधानी थियो भनिन्छ । त्रिवेणी संगम नजिक दुर्गाको भग्नावेशष छ जहाँ समुद्रकूप नाउँको कुवा छ जसलाई पवित्र मानिन्छ । &

& *डा. रा. पाण्डेय-हि. धर्म कोश*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वकोश प्रकाशन २०६४ का सहयोगीहरू

अ

श्रीअनूप रिजाल	बानेश्वर
श्रीअम्बु रिजाल	बानेश्वर
श्रीअम्बिका पाण्डे	बानेश्वर
श्रीअविन/विभा अधिकारी	अमेरिका
श्रीअभिनव र आश्रय रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीआर्थक अधिकारी	अमेरिका
श्रीआर्जन अधिकारी	अमेरिका
श्रीआनन्ददेव/सुशीला भट्ट	कालिकास्थान
श्रीआनन्द/मोहिनी रिसाल	भैंसेपाटी
श्रीआस्था रिमाल	भैरवस्थान

इ

श्रीमती इन्दिरा शर्मा	पुरानो बानेश्वर

उ

श्रीउज्वल/नीलम सापकोटा	डिल्लीबजार
श्रीउध्दव/रूपा रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीउध्दव ढुङ्गाना	बानेश्वर

ऋ

श्रीऋषभदेव/सविता भट्टराई	जाउलाखेल

क

श्रीकमल/दारमित प्रधान	थापाथली
श्रीकालिकाप्रसाद/शान्ता रिमाल	बानेश्वर हाइट
श्रीकमल।विधा रिमाल अ/१	अमेरिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकिरणराज/आशा रिमाल	भैरवस्थान
श्रीकेशव/उषा रेग्मी	डिल्लीबजार
श्रीकेशव/शोभिता भट्टराई	सातदोबाटो, सुन्दरनगर
श्रीकेशरलाल/जमुना श्रेष्ठ	भैरवस्थान
श्रीकोहिनुर श्रेष्ठ	डिल्लीबजार
श्रीकृष्णगोपाल/उर्मिला रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीकृसाङ्गी सोताङ्ग	अमेरिका

ख

श्रीखुस्बु सरकार श्रेष्ठ	चाकुपाट, पाटन

ग

श्रीगोपाल/माधवी पराजुली	पुरानो बानेश्वर
श्रीगौरीनाथ/सुष्मा रिमाल	मानभवन
श्रीगंगा कार्की	धोबीघाट

घ

श्रीघनश्याम/शान्ता राजकर्णिकार	कमलपोखरी

च

श्रीचन्दन श्रेष्ठ	चाकुपाट, पाटन
श्रीचारुचन्द्र/नीलिमा शर्मा	थसिखेल(जाउलाखेल)।

ज

श्रीजगन्नाथ/अन्जु लामिछाने	बानेश्वर
श्रीजनक/उमा रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीजनार्दनप्रसाद/तारा निरौला	सिनामङ्गल
श्रीज्योति अधिकारी	कोपुण्डोल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द

श्रीदामोदरप्रसाद/महालक्ष्मी रिसाल	जाउलाखेल
श्रीदिनेशराज/माला पन्त	जाउलाखेल
श्रीदिनेश/वैदेही बराल	चाबहिल
श्रीदिवाकर/जान्हवी भट्टराई	लैनचउर
श्रीदीपक/शिवा रिमाल	भैरवस्थान
श्रीदीपक/बुनु आले	सानेपा, ललितपुर
श्रीदेवनारायण/पार्वती अर्याल	कपन
श्रीदेवेन्द्र थुम्केली	मैतीदेवी

ध

श्रीधामनाथ/प्रभा पौडेल	सिनामङ्गल
श्रीधर्मराज बराल, हाँसने	नयाँ बानेश्वर

न

श्रीनगेन्द्रनाथ/प्रभा रिमाल	कालिकास्थान
श्रीनगेन/विष्मा सोताङ	अमेरिका
श्रीनरोत्तम रिजाल	बानेश्वर
श्रीनवराज/दिवा चालिसे	विशालनगर
श्रीनारायणप्रसाद रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीनानीकाजी/भवानी बिष्ट	सानेपा
श्रीनिर्मलकुमार/अम्बिका रिमाल	कालिकास्थान
प्रा.निर्मला ढुङ्गाना	जयबागेश्वरी

प

श्रीपीताम्बरा उपाध्याय	कलंकी
पुरुषोत्तम/बेबी शर्मा	कोटेश्वर
श्रीपुरुषोत्तम/शारदा घिमिरे	झरुवाराशी, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीपूर्णानन्द/लता ओझा	नयाँ बानेश्वर
श्रीप्रभात/परिता राजभण्डारी	अमेरिका
श्रीप्रेमकुमार/बिना पौडेल	बालुवाटार
श्रीप्रह्लाद/जेनु के.सी.	जाउलाखेल
श्रीप्रेमकृष्ण/हिरण्यकुमारी पाठक	पुरानो बानेश्वर
श्रीप्रवित रिमाल(जस्टिन)	अमेरिका
श्रीप्रवेश/नवीता भण्डारी	गौशाला
श्रीप्रथा र पृथक भण्डारी	गौशाला
श्रीप्रतीक र पुज्यता राजभण्डारी	अमेरिका

ब, व

श्रीवसन्त/उषा गौतम	गोल्फुटार
श्रीमती बाबा सरकार श्रेष्ठ	ताहाचल
श्रीबद्रीप्रसाद/विमला प्याकुरेल	मैह्पी
श्रीवासुदेव/विमला अधिकारी	गोल्फुटार
श्रीविभोर/प्रणिता रिमाल	अमेरिका
श्रीविश्वनाथ/धनकुमारी आचार्य	लुभु
श्रीविश्वनाथ/मीना न्यौपाने	घट्टेकुलो
श्रीविनयराज/कविता पौडेल	बानेश्वर
डा.विपीन/शिल्पा ढकाल	बानेश्वर
श्रीविश्वराज श्रेष्ठ/किरण मास्के	भीमसेनस्थान
श्रीविन्दुमाधव/जया ~~गौतम~~ रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीविमल/मञ्जु रिमाल	कालिकास्थान
श्रीविष्णुगोपाल/प्रमिला रिसाल	जाउलाखेल
श्रीविज्ञान/सुधा पौडेल	कोपण्डोल
श्रीवीरेन्द्र/चन्द्रा प्रधान	जाउलाखेल
श्रीविमल/रोशनी रिमाल	जाउलाखेल
श्री प्रतोष/इन्दु शर्मा अ/४	डिल्लीबजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीवैकुण्ठ/रमा पराजुली	त्रिपुरेश्वर
श्रीवैकुण्ठमान/निर्मला श्रेष्ठ	देवपत्तन
श्रीब्रह्म रिमाल	भैरवस्थान

भ

श्रीमती भवानीदेवी रिजाल	बानेश्वर
श्रीभवानी/तारा निरौला	बत्तीसपुतली
श्रीभाष्करप्रसाद/नानीबाबा रिसाल	बखुण्डोल
श्रीभैरवप्रसाद/शान्ति रिमाल	भैरवस्थान

म

श्रीमदन/गौरी ढकाल	जाउलाखेल
श्रीमाधव/प्रमिला आचार्य	चक्रपथ, बागडोल
श्रीमती मीरा शर्मा	डिल्लीबजार
श्रीमुकुन्द/प्रभा ढुङ्गेल	बखुण्डोल
श्रीमंगललक्ष्मी	भीमसेनस्थान, पाटन
श्रीमुरारी/मिलन सुवेदी	सानेपा

र

रञ्जन/रञ्जु आचार्य	कालिकास्थान
श्रीमती रत्नेश्वरी श्रेष्ठ	चाकुपाट, पाटन
श्रीरमेश/सावित्री देवकोटा	चाबहिल
श्रीरमेश/विमु रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीरमेश/विभा शर्मा	जाउलाखेल, भैरवस्थान
श्रीरमेश/अमृता काफ्ले	कलंकी
श्रीरामराज ताम्राकार	दुर्गावस्ती, पाटन
श्रीरामहरि/देवकी कार्की	पौराई, रौतहट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीराजु/सरिता अर्याल	क्षेत्रपाटी
श्रीरामबाबु/अनिता अर्याल	रविभवन
श्रीराममणि/अरुणा रिसाल	झम्सीखेल
श्रीरामहरि/सेविता खड्का	जाउलाखेल
प्रा.रामकुमार/अमिता पाण्डे	जाउलाखेल
श्रीराजेन्द्र/नीता पराजुली	सीतापाइला
श्रीरामबहादुर/सरस्वती खडका	बागडोल
श्रीमती रेणु रिमाल	जाउलाखेल, भैरवस्थान

श

श्रीमती शकुन्तला के.सी.	लगनखेल
श्रीमती शारदा रिमाल	जाउलाखेल
प्रा.शारदा ढकाल	पद्मकन्या क्याम्पस
श्रीशिवगोपाल/मीना रिसाल	जाउलाखेल, शान्तिकुना
डा.शिव शर्मा	डिल्लीबजार
श्रीशिव/ज्वाला रेग्मी	बत्तीसपुतली
श्रीमती शिल्वी श्रेष्ठ	जापान
श्रीश्यामप्रसाद/कमला रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीश्यामबहादुर/वीणा श्रेष्ठ	पाटल (बैलाछें)
श्री/श्रीमती श्याम रिजाल	लोकन्थली

स

श्रीसजन रिमाल / सुजिता	अमेरिका
श्रीसजन/मीरा भट्टराई	बानेश्वर
श्रीमती सरिता रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीसन्तकुमार/इन्दिरा मल्ल	लाजिम्पाट
श्रीसच्चित/मञ्जु पन्त	महाराजगञ्ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीसंवित रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीसागर/धन कौशिक	अमेरिका
श्रीसावित्री थापा	डिल्लीबजार
श्रीसावित्री रिसाल	जाउलाखेल
श्रीसीताराम/शशि खत्री	इमाडोल
श्रीसीताराम/मिठुलक्ष्मी धिताल	नवलपरासी
श्रीसुमित शर्मा	डिल्लीबजार
श्रीसुमी शर्मा	अमेरिका
श्रीसुरेश/रेणु चालिसे	जाउलाखेल
श्रीसुरेन्द्र/माधवी नेपाल	डिल्लीबजार
श्रीसुदर्शन/कपिला रिजाल	बानेश्वर
श्रीसुलभ सहकारी संस्था	बानेश्वर
श्रीसुवर्णराम/सुवर्णलक्ष्मी जोशी	सुनाकोठी
श्रीसुदीप/प्रशंसा रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीसूर्यमान श्रेष्ठ	डिल्लीबजार

ह

श्रीहरिहर/मैयाँ पराजुली	कलंकी

*सहयोगीहरू सबैलाई प्रकाशनको तर्फबाट साधुवाद ! पुस्तकको मूल्य बढी रहे पनि उहाँहरूलाई थप रकम नलिइकन वेदान्त विश्वकोश १-१ प्रति उपलब्ध गराइनेछ ।

-प्रकाशक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट–१

जगत्मा सत्यता बुद्धि जब निर्मूल बन्दछ ।
ज्ञानको मुक्तिको द्वार खुल्छ वेदान्त भन्दछ ॥

- प्रा. शिवगोपाल रिसाल (' म को हुँ ?'बाट)

विश्वकोश प्रकाशन–१

(स्थापना २०६१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- संस्थागत रूपमा भएका वेदान्तपरक प्रकाशनहरू, प्रवचनहरू, स्वाध्याय आदिबाट ममाथि परेको प्रभाव र हरिद्वार तीर्थ-यात्रामा उठेको संकल्प (पुस्तकको भूमिकामा उल्लेख भएको)ले मलाई 'वेदान्त विश्वकोश' लेख्ने आँट दियो र ५ वर्षको तपस्या पछि पहिलो भाग प्रकाशित भएको छ। दोस्रो भागको काम पनि शुरु भैसकेको छ (जुन ३ वर्ष पछि प्रकाशित भएको छ।

- यसका अतिरिक्त भारतको एक घटना पढेर म निकै प्रभावित भएँ र सबैको सहयोग बटुली विश्वकोश प्रकाशन संस्था स्थापना गर्ने आँट गरें। भारतका एक किसानका सुपुत्र बाबा कैलाशनाथ त्यागी सन् १९५५ मा ६५ वर्षको उमेरमा संन्यास ग्रहण गरी काशी गए। तर उनलाई काशीमा पनि शान्ति मिलेन। आफ्नो जन्मस्थल सारङ जिल्ला बडागाउँमा महादेवीको मन्दिर बनाउने इच्छा भयो। त्यसका लागि जनताबाट एक/एक पैसा संकलन गरी सन् १९५७ मा देवीको मन्दिर निर्माण गरे। केही युवकहरूले उनको कार्यको सराहना गर्नुको साटो आलोचना गर्दै 'स्कूल बनाएको भए हुन्थ्यो, बाबाले पैसा खेर फाले' भनेको सुनेपछि उनले सन् १९६६ मा २/२ पैसा संकलन गरी २०० विद्यार्थीहरूले विभिन्न उद्योग सम्बन्धी शिक्षा हासिल गर्न सक्ने स्कूल खोले।

- धन संकलन गर्न उनले धेरै प्रान्तहरूको यात्रा गर्नु पर्‍यो। अनुदान, उपकारका ती योजना पूरा गरेपछि उनलाई अपार आनन्द भयो। यसै प्रसंगबाट र गान्धीले जनकल्याण कार्यका लागि जनताबाट १/१ पैसा दान/अनुदान उठाउने गरेको घटनाबाट प्रभावित भई यस लेखकद्वारा पनि प्रतिदिन १/१ रुपैयाँ गरी वार्षिक रु. ३६५।- दान/अनुदान संकलन गरी यो विश्वकोश र यसका अन्य भागहरू प्रकाशित गर्दै जानका लागि विश्वकोश प्रकाशन स्थापना गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-२

वेदान्त विश्वकोश
(स्वरवर्ण मात्र)

साहित्य, समालोचन र पत्रकारिताका क्षेत्रमा सुपरिचत नाम वासु रिमाल 'यात्री' केही वर्षयता वेदान्त दर्शनतर्फ आकृष्ट देखिनुभएको छ । वेदान्त चर्चा, वेदान्त अध्ययन र सत्सङ्गलाई नै वर्तमान कालखण्डको प्रमुख ध्येय ठान्नु थाल्नुभएका यात्रीको यो साधना स्वान्तसुखाय मात्र नभएर वेदान्त दर्शनलाई सुबोध्य ढङ्गमा सर्वसाधारणसम्म पुऱ्याउने बहुजनहिताय उद्देश्यबाट समेत प्रेरित रहेछ भन्ने प्रमाण उहाँको सङ्कलन, सम्पादन र लेखनमा भर्खरै प्रकाशित कृति वेदान्त विश्वकोषले दिएको छ । यो विश्वकोष विद्वान् लेखकको एक्लो प्रयास, योजना र सम्पादनको प्रतिफल प्रकाशनमा आएको एउटा महत्वपूर्ण उपलब्धि हो । यस ग्रन्थमा अकारादिक्रमले वेदान्तमा प्रयुक्त शब्दहरूमध्ये स्वरवर्णमा पर्ने शब्दहरू सङ्कलन गरी तिनका अर्थ दिएका छन् । जसअन्तर्गत अदेखि अंसम्मका ३५० शब्दले यस प्रविष्टि पाएका छन् । प्रविष्ट शब्दमध्ये अमा सबैभन्दा बढी (१९६), अंमा सबैभन्दा कम (२) रहेका छन् । भूमिका, मूल खण्ड र प्रविष्टि सङ्केत तथा सहयोगी सूची गरी लगभग साढे चारसय पृष्ठको यो पहिलो खण्ड लेखकले आफ्नै बलबुतामा सहृदयी सहयोगीहरूको सहयोगले पाठकसमक्ष ल्याएका हुन् । कवर्ग र चवर्गका वर्णहरूको अर्को संयुक्त खण्ड अर्थात् दोस्रो भागको तयारीमा लेखक लागिसकेको जानकारी मिलेको छ । यो बृहद्कार्य समाप्त गरेरै छाड्ने लेखकको सङ्कल्प स्पष्ट अनुभव गर्न सकिन्छ । तसर्थ यस काममा सघाउनु अरूको पनि कर्तव्य हो भन्नु अन्यथा नहोला ।

वेदान्तका विद्वान् प्रा.शिवगोपाल रिसालले आफ्नो भूमिकामा भन्नु भएजस्तै कोषमा ती शब्दहरू वेदान्तका विभिन्न ग्रन्थहरूमा कुन अर्थमा कसरी प्रयोग भएका छन् तिनको समेत अध्ययन गरी वेदान्तपरक अर्थको निरूपण गरेर त्यही अर्थका रूपमा समावेश गरिएका छन् । प्रवृष्टिमा परेका शब्द चयन, मूलप्रवृष्टिसँग सामीप्य राख्ने अन्य शब्दहरू र ती शब्दले दिने वेदान्तपरक सामान्य, विशेष अर्थआदिले यात्रीको प्रतिभा र परिश्रमको परिचय दिएको कुरा भूमिका लेखकले पनि स्वीकार्नु भएको छ, यो नै लेखकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैभन्दा सफलता मान्नुपर्छ ।

विज्ञहरूको समूह र पर्याप्त लगानीमा नेपाल प्रज्ञा प्रतिष्ठान वा विश्व हिन्दु परिषद्जस्ता संस्थागत निकायहरूबाट सम्पन्न गरिनुपर्ने यो बृहत्कार्य निश्चय नै एकै व्यक्तिको श्रम र सामर्थ्यबाट हतपति आँटन नसकिने प्रयास हो । यो कष्टसाध्य प्रयासस्वरूप यात्रीजीले पहिलो खण्ड प्रकाशनमा ल्याउनु भएको छ र उहाँबाट अरू खण्डको पनि अपेक्षा गरिएको छ । वेदको तत्त्व, मर्म र सारका रूपमासमेत परिचित वेदान्तजस्तो गहन विषय र यसमा प्रयुक्त शब्द र तिनका गूढार्थहरू संस्कृत भाषामा राम्रै दखल भएका मानिसलाई समेत दुरुह ठान्ने हुँदा यिनका अर्थ बुझ्न सामान्य कोषबाट मात्रै पूर्णसहयोग नमिल्न सक्छ । यसर्थ वेदान्तका शब्दहरूमा सन्निहित गहन अर्थ बुझ्न प्रस्तुत विश्वकोषले राम्रै सघाउने विश्वास गरिएको छ ।

सामान्यतया शब्दकोषले शब्दको व्युत्पत्ति, अर्थ र पर्यायबारे जानकारी दिएर आफ्नो उद्देश्य पूरा गर्छ भने विश्वकोषबाट त्योभन्दा थप अपेक्षा गरिन्छ । कुनै पनि विषयको विश्वकोषले त्यस विषय र शब्दका बारे ऐतिहासिक क्रममा वस्तुपरक तरिकाले चर्चा, व्याख्या र परिचय दिएको पाइन्छ । यो मूलत: वेदान्त दर्शनसँग सम्बन्धित शब्दहरूको सामान्य, विशेष र पारिभाषिक अर्थ बुझाउने भएकोले विश्वकोषको प्रचलित मान्यता र परिभाषा अनुरूप छ छैन, आफैंमा पूर्ण छ छैन भन्ने निर्क्योल सम्बन्धित क्षेत्रका विद्वान्हरूले गर्ने विषय हो । तर वेदान्त विश्वकोषले धेरै जिज्ञासा निम्त्याएको छ, गर्नुपर्ने अनुसन्धानको द्वार खोलेको छ र जिज्ञासु पाठकहरूलाई उल्लेख्य स्रोत, सामग्रीतिर आकर्षित गरेर अझ गहिरिएर खोज गर्न र वेदान्तसम्बन्धी गहिरो अध्ययन-अनुसन्धान गर्न हुटहुटी दिलाएको छ भन्ने विद्वान् शिवगोपाल रिसालको धारणा भने सोह्रै आना सही थाप्न सकिन्छ । यो ग्रन्थ निश्चय नै प्रारम्भ मात्र हो, अकारादि क्रममा व्यञ्जन वर्णहरूको प्रवृष्टि गर्ने काम सम्पन्न भएपछि मात्रै यसले पूर्णता पाउने निश्चित छ । यो काममा धर्म, दर्शन र वैदिक साहित्यको उन्नयनमा लागिपरेको दावी गर्ने संघसंस्था र व्यक्तिहरूले सघाउने उदारता देखाए भने निश्चय नै लेखकको यो महान् सङ्कल्प पूरा हुन असम्भव छैन ।

(२०६१ असोज १६ गते शनिवार, गोरखापत्र) विजय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-३

मन्तव्य (वेदान्त विश्वकोश-१ बाट)

श्रवण गर्ने संस्कार भएता पनि शब्दमा रहेका अर्थले अप्ठ्यारो पारेको हुन्छ । त्यस्ता संस्कारित जिज्ञासुहरूको जिज्ञासालाई ध्यानमा राखी **वेदान्त विश्वकोश** लेखिएको पाइन्छ । यस पुस्तकको पाण्डुलिपि (कम्प्युटरबाट छापिएको) हेरें, पढें । हरिहर संन्यास आश्रमको पीठाधीशको पदमा आसिन भएकाले अति व्यस्त समयमा पाण्डुलिपि हेर्न सकें । अन्य कुनै पुस्तकमाथि मन्तव्य दिंदा यसरी हेर्न फुर्सद नमिलेको अवस्थामा यो पुस्तक वेदान्त जस्तो रुचिकर विषयमा लेखिएकोले पढ्न अति रुचि लाग्यो । परमात्माको कृपाले यो छिटो प्रकाशित हुनेछ । अध्ययनार्थीहरूले आशातीत लाभ उठाउने छन् । यो अमूल्य ग्रन्थ तयार पार्ने लेखक साधुवादका पात्र छन् ।

- स्वामी ज्ञानानन्द सरस्वती

हरिहर संन्यास आश्रम देवघाट

परिशिष्ट-४ (वेदान्त विश्वकोश-१ भूमिकाबाट)

'वेदान्त विश्वकोश'ले अब भविष्यमा आउने यस्ता कोशहरूको अगुवाइ गर्नेछ, बाटो देखाउने छ, नवीन इतिहासको निर्माण गर्ने छ अर्थात् यस क्षेत्रका अनुसन्धाता कोशकारहरूलाई निमन्त्रित गर्नेछ भनी आशावादी बनौं । 'यात्री'ज्यूको यसबाट शुभारम्भ भएको यो यात्रा व्यञ्जन वर्णमा पुगेर पूर्ण होओस् । **'अ'कारबाट आरम्भ भएको प्राण वायु 'ह'कारमा पुगेर टुंगियोस–अर्थात् 'अहं' –'सोऽहं', 'शिवोऽहं' अहं ब्रह्मास्मि'**–लाई आतमसात् गर्न सकोस् । कोशले कोशातीतमा पुऱ्याओस् । यही शुभकामना र परमात्मा परब्रह्मका पाउमा प्रार्थना गर्छु ।

प्रा.शिवगोपाल रिसाल

'शिव-मन्दिर'शान्तिकुना, जाउलाखेल

ललितपुर-५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट–५

विश्वकोश प्रकाशन परियोजना

(क) यो परियोजना वेदान्त विश्वकोश प्रकाशन २०६१का साथ शुरु भएको हो। यही योजनाको फलस्वरूप विश्वकोशको दोस्रो भाग छापिन सकेको हो।

(ख) दानपुण्यबाट बढी लाभान्वित गराउन श्रीमान्/श्रीमतीले युगल या एक्कल रूपमा सहयोग गरेका छन् र छोराछोरीका नाममा पनि रकम जम्मा गराएका छन्। यसबाट शुभ-संस्कार बन्न जान्छ नै।

(ग) दाता, सहयोगी सबैको नाम, ठेगाना पुस्तकमा छापिने गरेको छ। यस्ता दातालाई पुस्तकको मूल्य बढी रहे पनि थप रकम नलिइकन वेदान्त विश्वकोश उपलब्ध गराइएको छ।

(घ) यो विश्वकोश सनातन चिन्तन, वैदिक संस्कृति, सभ्यता, अद्वैतका सगुण-साकार एवं निर्गुण निरकार परमातमा अद्वैतवाद वेदान्तका साथै पौराणिक, धार्मिक विषयहरू बारेमा प्रकाश पारिएकोले पाठकहरू-बालबालिकाहरूदेखि युवा, वृद्ध सबैमा आफ्नो सनातन धर्म, संस्कृति, अनुरूप संस्कार तथा ज्ञान बढ्दै गई पुण्यलाभ हुँदै जानु स्वभाविक छ।

(ङ) वेदान्त विश्वकोशको पहिलो भाग प्रकाशन पछि अन्य भागहरू पनि लेख्ने र छाप्ने कार्यलाई अगाडि बढाउन नै परियोजनाको जन्म भएको हो।

Acc 2828 / 28284

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकेत-सूची

आप्टे-सं.हि.कोश		वामन शिवराम आप्टेको संस्कृत-हिन्दी कोश
डा.जगदीश डा.ज.श्रीवास्तव		अ.वेदान्तकी तार्किक भूमिका- डा.जगदीश सहाय श्रीवास्तवकृत अद्वैत वेदान्तकी तार्किक भूमिका
डा.रा.पाण्डेय डा.पाण्डेय	हि.धर्मकोश	डा.राजबली पाण्डेकृत हिन्दू धर्मकोश
भागवत		महर्षि वेदव्यास प्रणीत श्रीमद्भागवत महापुराणम्
महा.शान्ति		ऐजन प्रणीत महाभारत शान्ति पर्व
वे.विश्वकोश-१		स्वयं लेखककृत वेदान्त विश्वकोश प्रथम भाग
गीता		श्रीमद्भगवद्गीता
डा.दी.घिमिरे	गीता त.प्रकाश	डा.दीर्घराज घिमिरेकृत श्रीमद्भगवद्गीता तत्त्वप्रकाश
स्वामी रामसुख	गीता सा.संजीवनी	स्वामी रामसुख दासकृत श्रीमद्भगवद्-गीता साधक संजीवनी हिन्दी-टीका
सं.ने.बृ.शब्दकोश		संस्कृत-नेपाली बृहत् शब्दकोश प्रकाशक: महेन्द्र संस्कृत विश्वविद्यालय
बृह.उप.		बृहदारण्यक उपनिषद्
योगचूडामणि उप. (वसन्तकुमार-उप.प्रसंग-२)		योगचूडामणि उपनिषद् (वसन्तकुमार शर्म्मा नेपालकृत उपनिषद् प्रसंग-भाग-२
प्रा.रिसाल,भूमिका वे.विश्वकोश-१		प्रा.शिवगोपाल रिसालद्वारा लिखित वेदान्त विश्वकोश भाग-१ को भूमिका
र.म.बातचीत म.रमण बातचीत		श्रीरमण महर्षि से बातचीत-पुस्तक अनुवादक-श्रीदिनेशचन्द्र शर्मा
चा.नीति-दर्पण		चाणक्य नीति-दर्पण
सुरेन्द्र प्र.पौडयाल	गायत्री मन्त्रको भाव	सुरेन्द्रप्रसाद पौडयालको गायत्री मन्त्रको भाव साथमा परमात्मा तत्त्वज्ञानको क ख ग घ (पुस्तक)
विष्णु न्यौपाने प्रा.विष्णु प्र.न्यौपाने	संक्षिप्त योगवाशिष्ठ	प्राध्यापक विष्णुप्रसाद न्यौपाने (अनुवादक) संक्षिप्त योगवाशिष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(हंसवाहिनी माताको चिन्तन गर्दै
बनाइएको कला – शारदा)

वासुदेव

वाह्य प्रपंचतिर छैन कदापि चैन
सुर्ता कवै हृदयमा बुधले लिंदैन
देखिन्छ यो जगत सूर्य भई अँधेरो
वर्सन्छ शान्ति मनमा नफुरे म मेरो !

– प्र.श्यामप्रसाद पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संक्षिप्त जीवनी

नाम-थर : बासु रिमाल 'यात्री'
जन्म : १९९७ साल असोज
जन्मस्थान : बरेबा, बारा, नारायणी अञ्चल
शैक्षिक योग्यता : एम.ए. (नेपाली)
अनुभव : प्राध्यापन, पत्रकारिता, साहित्यिक लेखन र आध्यात्मिकता

प्रकाशित कृतिहरू

क. विश्वका महान् व्यक्तिहरू (जीवनी-संग्रह, २०२६ साल)
ख. केही साहित्यिक चिन्तन (समालोचना-संग्रह, २०३५)
ग. मायाकी मूर्ति (उपन्यासिका, २०३१)
घ. नेपाली साहित्यको इतिहास र इटालेली साहित्यको इतिहास
ङ. जनआन्दोलन पछिका नेपाली कविता (२०५४)
च. केही प्रश्न ? केही समाधान (संयुक्त लेखन २०५८)
छ. ॐ नमः शिवाय (पुस्तिका)
ज. वेदान्त विश्वकोश - १
झ. वेदान्त विश्वकोश - २

सम्पादन

क. अट्ठाइस कथा (कथा-संग्रह २०३९)
ख. बालक (बाल-पत्रिका २०२२-२०२९)
ग. विदेह (द्वैमासिक/संस्थापक सम्पादक २०२९-२०४०)
घ. साक्षात्कार, सत्संग (आध्यात्मिक पत्रिकाहरू)
ङ. क.दी. केही आँखा, केही परिभाषा (२०५५)

सामाजिक गतिविधि

१. अध्ययनगृह पुस्तकालयको अध्यक्ष (२०१७-२०२२)
२. नेपाल बाल साहित्य समाजको संस्थापक सदस्य
३. सिद्धिचरण काव्य प्रतिष्ठानका पूर्व कार्यकारिणी सदस्य
४. सत्संग परिवार जाउलाखेलको कार्यकारिणी सदस्य (२०५६-

भ्रमण

भारत, बंगलादेश, चीन, फ्रान्स, स्वीटजरल्याण्ड, जर्मनी, बेल्जियम र बेलायत

स्थायी ठेगाना

२०/३३५, भैरवस्थान, जाउलाखेल, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu